# सामाजिक अध्ययन

## खुला विद्यालय कक्षा ९ र १० सरह

स्वाध्याय सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# सामाजिक अध्ययन

(खुला विद्यालय कक्षा ९ र १० सरह)

स्वाध्याय सामग्री

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०८०

## भूमिका

खुला विद्यालय शिक्षा कार्यक्रमले शिक्षाको पहुँच विस्तारका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । खुला शिक्षा पद्धतिको मुख्य उद्देश्य आर्थिक, सामाजिक, भौगोलिक तथा अन्य कारणबाट विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका तथा विद्यालय उमेर कटिसकेका व्यक्तिहरूलाई शिक्षाको मूल धारमा ल्याउने रहेको छ । विद्यालय शिक्षाको पाठ्यक्रममा आधारित भएर विभिन्न विषयका सामग्रीहरू विकास गरी सार्वजनिकीकरण गरिएको छ । परिवर्तित पाठ्यक्रमानुसार माध्यमिक तह (कक्षा ९ र १० सरह) को समकक्षता हुने गरी पाँचओटा अनिवार्य विषयका स्वाध्याय सामग्रीहरू विकास गरिएको छ ।

औपचारिक शिक्षा कक्षा ९ र १० का अनिवार्य विषयहरूमध्ये **'सामाजिक अध्ययन'** विषयको पाठ्यक्रमको आधारमा खुला विद्यालयतर्फको एक बर्से माध्यमिक शिक्षाका लागि यो स्वाध्याय सामग्री विकास गरिएको छ । कक्षा ८ पास गरेका व्यक्तिहरूले दुई वर्षसम्मको स्वाध्ययनपछि कक्षा १० को परीक्षामा सहभागी हुन सक्ने प्रावधान भएकाले सामग्रीमा कक्षा ९ र १० का सक्षमतालाई समेट्ने गरी विषयवस्तुहरूलाई समेत समावेश गरिएको छ । सामग्रीमा विद्यार्थीहरूले आफैँले पढेर सिक्नका लागि सरल र व्यावहारिक विषयवस्तु तथा सिकारुमैत्री क्रियाकलापहरू यथासम्भव समावेश गरिएका छन् । यो सामग्री पाठ्यपुस्तकको सट्टामा नभई परिपूरक पाठ्यसामग्रीका रूपमा रहेको छ ।

यस स्वाध्याय सामग्रीको लेखन माधवप्रसाद दाहाल र गोविन्दप्रसाद भण्डारीबाट भएको हो । सामग्री विकास कार्यको संयोजन केन्द्रका उपमहानिर्देशक रुद्रप्रसाद अधिकारी, निर्देशक सविता दङ्गाल र शाखा अधिकृत भीमादेवी कोइरालाबाट भएको हो भने भाषा सम्पादन डा. गणेशप्रसाद भट्टराई, विषयवस्तु सम्पादन हेमराज खतिवडा तथा चित्र र लेआउट डिजाइन जयराम कुइँकेलबाट भएको हो । सामग्रीको विकास कार्यमा संलग्न सबैलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्दछ । सामग्रीलाई अझै परिष्कृत पार्नका लागि प्राप्त हुने रचनात्मक सुझाव तथा प्रतिक्रियाका लागि केन्द्र सदैव स्वागत गर्दछ ।

महानिर्देशक

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## विषयसूची


| एकाइ/पाठ | विषय | पृष्ठसङ्ख्या |
|---|---|---|
| *एकाइ १* | *हामी र हाम्रो समाज* | *१* |
| पाठ १ | सामाजिकीकरण | २ |
| पाठ २ | पहिचान र विविधता | ६ |
| पाठ ३ | हाम्रा राष्ट्रिय गौरव | ११ |
| *एकाइ २* | *विकास र विकासका पूर्वाधार* | *१७* |
| पाठ १ | मानव विकास | १८ |
| पाठ २ | दिगो विकास | २३ |
| पाठ ३ | राष्ट्रिय गौरवका आयोजना | २८ |
| पाठ ४ | क्षेत्रीय विकास र सङ्घीयताको अवधारणा | ४७ |
| पाठ ५ | नेपालका प्रदेश | ५२ |
| *एकाइ ३* | *हाम्रा सामाजिक मूल्य र मान्यता* | *६७* |
| पाठ १ | हाम्रा सम्पदा | ६७ |
| पाठ २ | नेपालका लोकगीत | ७६ |
| पाठ ३ | नेपालको लोक बाजा | ८१ |
| पाठ ४ | नेपालको लोक तथा शास्त्रीय नृत्य | ८८ |
| पाठ ५ | हाम्रा राष्ट्रिय दिवस | ९५ |
| पाठ ६ | अन्तर्राष्ट्रिय व्यक्तित्व | १०१ |
| पाठ ७ | विश्वबन्धुत्व र मानवता | १०८ |
| पाठ ८ | ज्येष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व | ११३ |
| *एकाइ ४* | *सामाजिक समस्या र समाधान* | *११९* |
| पाठ १ | सामाजिक समस्याको पहिचान | १२० |
| पाठ २ | यौन विकृति र विसङ्गति | १२५ |
| पाठ ३ | घरेलु हिंसा र छुवाछुत | १२९ |
| पाठ ४ | सामाजिक समस्या पहिचान र समस्याा समाधानका सिप | १३४ |
| पाठ ५ | भ्रष्टाचार | १३८ |
| पाठ ६ | प्रथाजनित अन्धविश्वास (घुम्टो, छाउपडी, दाइजो, तिलक आदि) | १४४ |
| पाठ ७ | सामाजिक सुधारमा अन्तर्राष्ट्रिय संस्थाले निर्वाह गरेको भूमिका | १४८ |
| *एकाइ ५* | *निर्वाचन प्रक्रिया र नागरिकको भूमिका* | *१५२* |
| पाठ १ | शक्ति सन्तुलन र नियन्त्रण | १५३ |

| | | |
|---|---|---|
| पाठ २ | व्यवस्थापिका | १५८ |
| पाठ ३ | कार्यपालिका | १६९ |
| पाठ ४ | न्यायपालिका | १७७ |
| पाठ ५ | शक्ति सन्तुलन र नियन्त्रण : नेपाल सन्दर्भ | १८८ |
| पाठ ६ | राजनीतिक दल : लोकतन्त्रका आधार | १९३ |
| पाठ ७ | निर्वाचन : लोकतन्त्रको मेरुदण्ड | १९८ |
| पाठ ८ | मानव अधिकार | २०३ |
| पाठ ९ | मानव अधिकार संरक्षणमा सङ्घसंस्थाको भूमिका | २०७ |
| पाठ १० | उपभोक्ता अधिकार | २११ |
| *एकाइ ६* | *हाम्रो पृथ्वी* | *२१४* |
| पाठ १ | हावापानी र मौसम | २१५ |
| पाठ २ | हावापानीको क्षेत्र | २२३ |
| पाठ ३ | समशीतोष्ण प्रदेश | २३७ |
| पाठ ४ | शीत प्रदेश | २५२ |
| पाठ ५ | उत्तर अमेरिका | २६१ |
| पाठ ६ | दक्षिण अमेरिका | २७० |
| पाठ ७ | अफ्रिका महादेश | २७७ |
| पाठ ८ | उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपाल | २८६ |
| पाठ ९ | भूकम्प | २९० |
| पाठ १० | नक्सा कार्य | २९४ |
| *एकाइ ७* | *हाम्रो विगत* | *३००* |
| पाठ १ | वि. सं. २००७ सालको क्रान्ति र दिल्ली सम्झौता | ३०२ |
| पाठ २ | प्रजातान्त्रिक गतिविधिका एक दशक (२००७-०१७) | ३०९ |
| पाठ ३ | प्रजातन्त्रको अन्त्य र दलहरूमाथि प्रतिबन्ध | ३१७ |
| पाठ ४ | वि. सं. २०१७ देखि २०४६ सम्म राजनीतिक घटनाक्रम | ३२१ |
| पाठ ५ | पञ्चायती व्यवस्थाको उदय र अन्त्यका कारण | ३३० |
| पाठ ६ | २०४६ पछिका घटनाक्रम | ३३२ |
| पाठ ७ | २०६२/०६३ पछिका राजनीतिक घटनाक्रम | ३३७ |
| पाठ ८ | २०६२/०६३ जनआन्दोलन पछिको आर्थिक सामाजिक प्रभाव | ३४४ |
| पाठ ९ | प्रथम विश्वयुद्ध र कारण | ३४७ |
| पाठ १० | प्रथम विश्वयुद्धका परिणाम | ३५३ |
| पाठ ११ | द्वितीय विश्वयुद्ध | ३५७ |
| पाठ १२ | दोस्रो विश्वयुद्धको परिणाम र नेपालको भूमिका | ३६४ |

| | | |
|---|---|---|
| पाठ १३ | ऐतिहासिक स्थलको खोजी, पहिचान, संरक्षण र संवर्द्धन | ३६९ |
| *एकाइ ८* | ***आर्थिक क्रियाकलाप*** | ***३७३*** |
| पाठ १ | योजना | ३७३ |
| पाठ २ | पर्यटन उद्योग | ३७९ |
| पाठ ३ | जलस्रोत : आर्थिक सम्बृद्धिको आधार | ३८६ |
| पाठ ४ | वैदेशिक रोजगारी | ३९० |
| पाठ ५ | वित्तीय साक्षरता | ४०१ |
| पाठ ६ | नेपालमा वित्तीय प्रणाली र अवधारणा | ४०२ |
| पाठ ७ | सहकारी | ४०८ |
| पाठ ८ | बिमा | ४१३ |
| पाठ ९ | राजस्व र कर | ४१८ |
| *एकाइ ९* | ***हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग*** | ***४२३*** |
| पाठ १ | नेपालको परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्त | ४२७ |
| पाठ २ | संयुक्त राष्ट्रसङ्घ र यसका अङ्ग | ४३२ |
| पाठ ३ | संयुक्त राष्ट्रसङ्घको विशिष्टीकरण संस्था | ४३४ |
| पाठ ४ | संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका | ४४१ |
| पाठ ५ | नेपालमा संयुक्त राष्ट्रसङ्घका गतिविधि | ४४४ |
| पाठ ६ | समसामयिक घटना र तिनको असर | ४४८ |
| पाठ ७ | विश्वव्यापीकरण र स्थानीयकरण | ४५२ |
| पाठ ८ | सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जाल | ४५८ |
| *एकाइ १०* | ***जनसङ्ख्या र यसको व्यवस्थापन*** | ***४६२*** |
| पाठ १ | नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर | ४६३ |
| पाठ २ | नेपालको जनसङ्ख्याको बनोट | ४६७ |
| पाठ ३ | जनसङ्ख्याको वितरण | ४७४ |
| पाठ ४ | पारिवारिक योजना र गुणस्तरीय जीवन | ४८० |
| पाठ ५ | जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध | ४८५ |
| पाठ ६ | समुदाय र स्वास्थ्य सेवा | ४८८ |

*एकाइ १*

# हामी र हाम्रो समाज

## १. परिचय

हामी समुदायमा बस्छौँ । समुदायमा विभिन्न जातजाति धर्म संस्कृतिका मानिसहरूले बसोबास गरेका हुन्छन् । हामी समुदायको सदस्यका नाताले सबैसँग मिलेर बस्नुपर्ने हुन्छ । समुदायमा विभिन्न प्रकारका विकासात्मक कार्य भइरहेका हुन्छन् । ती कार्यबारेमा चासो राख्नु, बुझ्नु र त्यसमा सहभागी हुनु हामी सबै नागरिकको कर्तव्य हो । हामीले हाम्रो विकासको प्रक्रिया बुझेका छौँ भने मात्र हामी विकासमा अघि बढ्न सक्छौँ । देशको सामाजिक, आर्थिक, प्राविधिक आदि क्षेत्रको विकासका लागि मानवीय स्रोतको विकास हुन अपरिहार्य छ । प्राकृतिक स्रोत र साधनको महत्त्व बुझेर त्यसलाई उचित रूपमा प्रयोग गर्न र मानिसहरूका हितमा लगाउन मानिसको बुद्धि र मिहिनेतको आवश्यकता हुन्छ । कल्पनाशील, विचारवान्, सिपयुक्त र मिहिनेती मानिसहरूविना दिगो विकास सम्भव छैन । जुन देशमा शारीरिक वा मानसिक रूपबाट सक्षम, सबल र कुशल मानवीय साधन उपलब्ध हुन्छ त्यस देशमा उत्पादनशील क्रियाकलापको विकास र विस्तार हुन गई आर्थिक विकास हुन्छ ।

## २. उद्देश्य : यस एकाइको अन्त्यमा तपाईं निम्नलिखित कार्य गर्न सक्षम हुनुहुने छ :

(क) समाज विकासको धारणासँग परिचित हुन

(ख) समाजको प्रकार र असल समाजका तत्त्वहरू उल्लेख गर्न

(ग) सामाजिकीकरणको अवधारणा बताउन

(घ) सामाजिकीकरणको अवधारणालाई व्यवहारमा प्रदर्शन गर्न

(ङ) हाम्रो विविधताको पहिचान गर्न

(च) विविधताको उपयोग गर्न र त्यसको संरक्षण गर्न

(छ) नेपाली भएकामा गौरव गर्न

पाठ १

# सामाजिकीकरण

## सामाजिकीकरणको अवधारणा

सामाजिकीकरण सिक्ने प्रक्रिया हो, जसअन्तर्गत जन्मदेखि मृत्युसम्म मानिसले व्यक्ति, समाज, समुदायबाट सिकिरहेको हुन्छ । व्यक्ति जन्म हुँदा सामाजिक प्राणी हुँदैन तर सामाजिक सांस्कृतिक प्रक्रियाको सम्पर्कबाट मात्र सामाजिक प्राणी हुन्छ । सिक्ने क्षमता, भाषा, संस्कृति आदिको माध्यमबाट व्यक्तिले सिकिरहेको हुन्छ । यही प्रक्रियाबाट व्यक्तिको सामाजिकीकरण हुन्छ । त्यसैले यो प्रक्रियामा परिवार, विद्यालय, साथीभाई, सङ्घ संस्था, सांस्कृतिक मूल्य मान्यताबाट हामीले सिकिरहेका हुन्छौँ ।

मानिस जुन समाजमा बसेर सिकिरहन्छ, यही सिकाइले उसलाई योग्य नागरिक बनाउँछ । उसले सामाजिक संस्कार, सांस्कृतिक गतिविधि र बानी बेहोरा सिक्छ र सोहीअनुसार व्यवहार गर्छ । हरेक मानिसले आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्दै जान्छ । बालबालिकाले यही प्रक्रियाबाट सामाजिक मूल्य, मान्यता, आर्दर्श र विश्वास सिक्छन् । अन्ततोगत्वा मानवको व्यक्तित्व विकासमा सघाउ
पुग्छ ।

## सामाजिकीकरणका विशेषता

(१) सामाजिकीकरण सिक्ने प्रक्रिया हो ।

(२) जुनसुकै उमेर समूह पनि यस प्रक्रियामा संलग्न हुन्छन् ।

(३) यो सांस्कृतिक हस्तान्तरणको प्रक्रिया हो ।

(४) समाज र समयअनुसार फरक फरक हुन्छ ।

(५) यो प्रक्रियाले व्यक्ति जैविक अवस्थाबाट सामाजिक बन्छ ।

(६) यो सर्वव्यापी प्रक्रिया हो ।

(७) यसमा विभिन्न निकाय संलग्न हुन्छन् ।

सामाजिकीकरण माध्यम/निकाय

सामाजिक सांस्कृतिक व्यवहार सिक्ने विभिन्न माध्यम छन्, जसलाई सामाजिकीकरणका निकाय पनि भनिन्छ ।

सामाजिकीकरणका प्राथमिक र द्वितिय माध्यम वा निाय हुन्छन् । प्राथमिक (अनौपचारिक) निकायअन्तर्गत घरपरिवार, साथीभाइ, छरछिमेकी, नाता समूह औपचारिक/ अनौपचारिक भेटघाट जात्रा, विद्यालय,चाडपर्व र मेला पर्छन् ।

(क) घर परिवार : घरपरिवार व्यक्तिका लागि पहिलो पाठशाला मानिन्छ । व्यक्तिले परिवारबाट नै भाषा, मूल्य, संस्कार, सम्मान, नाता सम्बन्ध जस्ता सामाजिक गुण सिक्छ र अभ्यास गर्छ । जसको कारण ऊ समाजमा सजिलै घुलमिल भएर एउटा सदस्यको रूपमा आफूलाई स्थापित गर्न सफल हुन्छ ।

(ख) विद्यालय : विद्यालय सामाजिकीकरणको अर्को महत्त्वपूर्ण माध्यम हो । जहाँ समुदायका बालबालिका अध्ययन गर्छन् । विद्यालयमा विद्यार्थीबिच एकआपसमा परिचित हुने, असल बानीको निर्माण गर्ने अवसर प्राप्त हुने तथा शिक्षकबाट प्राप्त ज्ञानले सामाजिकीकरणमा सहयोग पुग्छ ।

(ग) दौँतरी समूह : समान उमेर र तहका साथीलाई दौँतरी भनिन्छ । विद्यालय आवतजावत गर्दा खेलकुद तथा मनोरञ्जनका कार्य गर्दा दौँतरी समूहबिच सहजै घुलमिल हुनाले सामाजिक व्यवहारको आदान प्रदान हुन्छ । यसरी सहयोग, सहकार्य, मेलमिलापको अभ्यास हुने हुनाले दौँतरी समूहलाई सामाजिकीकरणको एक माध्यम मानिन्छ ।

द्वितीय (औपचारिक) माध्यमअन्तर्गत छिमेकी, स्थानीय सङ्घसंस्था, सहकारी, सञ्चारका साधन, मेलापर्व, महोत्सव, हाटबजार आदि व्यक्तिलाई सामाजिकीकरण गर्न मद्दत पुऱ्याउने माध्यम वा निकाय हुन् । यस्ता माध्यम वा निकायबाट सामाजिक परम्परा, रीतिरिवाज, मूल्यमान्यता, सहयोग, सम्मानलगायतका व्यवहार सिक्दै समाजमा घुलमिल हुन सकिन्छ ।

सामाजिकीकरणका तत्त्व : सामाजिकीकरण प्रक्रियामा मुख्य गरी तीनओटा तत्त्वको भूमिका हुन्छ :

(क) भाषा : भाषा संचारको सबै भन्दा महत्त्वपूर्ण साधन हो । अरूलाई बुझ्ने र भावना आदान प्रदान गर्ने मुख्य माध्यम हो । भाषाको माध्यमबाट नै सामाजिकीकरण प्रक्रियालाई अघि बढाउन सकिन्छ ।

(ख) सामाजिक अन्तरक्रिया : दुईभन्दा बढी व्यक्तिबिच हुने क्रियाकलाप नै अन्तरक्रिया हो । सामाजिक अन्तरक्रियाले सामाजिकीकरणको प्रक्रियालाई सघाउँ पुऱ्याउँछ ।

(ग) प्रेम, स्नेह र सहयोग : प्रेमपूर्ण व्यवहार र वातावरणमा एकअर्काको भावना विचार निर्धक्क साथ राख्न सक्छन् । घृणा र अविश्वासले सामाजिकीकरणलाई अघि बढाउन सक्तैन । एकापासमा विश्वास, माया र विश्वासले मात्र यस प्रक्रियालाई अघि बढाउन सकिन्छ ।

## सामाजिकीकरणको महत्त्व

(क) सबै उमेर समूहका मानिसले सामाजिक व्यवहार, मूल्य मान्यता सिक्छन् ।

(ख) व्यक्तित्व विकासमा सघाउँछ ।

(ग) जीवनपद्धतिको तरिकालाई सरल र सहज बनाउँछ ।

(घ) समाजमा बाँच्ने सिपको विकास हुन्छ ।

(ङ) मानिसले सामाजिक भावनायुक्त बनाउँछन् ।

(च) समाजलाई अनुशासित बनाउँछ ।

## सामाजिकीकरणका व्यावहारिक अभ्यास

*राम पूर्वी नेपालको लिम्बु समुदायको प्रतिनिधित्व गर्छन् । तर उनी लामो समयसम्म काठमाडौँमा बसेका हुनाले आफ्नो संस्कृतिको सम्बन्धमा खासै थाहा थिएन । त्यसैले विद्यालय बिदा भएको समयमा आफन्तसँग भेटघाटका लागि जाने गर्छन् । यसरी जाँदा के कस्ता सामग्री लाने तथा कसलाई कस्तो व्यवहार भन्ने कुरा पनि थाहा हुने रहेछ । अहिले त उनी कतै जाने कुरा आउँदा सबैभन्दा पहिला जान तयार हुन्छन् । उनले सार्वजनिक ठाउँमा कस्तो बोल्नेदेखि कस्ता तरिकाले ढोगभेट गर्ने भन्ने पनि सिकिसकेका छन् ।*

## अभ्यास

१. सामाजिकीकरण भन्नाले के बुझिन्छ ?

२. घरबाट बच्चाहरूले कस्तो सामाजिक व्यवहार सिक्छन् ? कुनै दुईओटा उल्लेख गर्नुहोस् ।

३. समुदायबाट हामी कसरी सामाजिकीकरण हुन्छौँ ? एक वाक्यमा लेख्नुहोस् ।

४. सामाजिकीकरणको अवधारणा चर्चा गर्नुहोस् ।

५. सामाजिकीकरणका निकायको चर्चा गर्नुहोस् ।

६. सामाजिकीकरणको महत्त्व के छ ? लेख्नुहोस् ।

७. सामाजिकीकरणका तत्त्वले कसरी सामाजिकीकरणमा सहयोग पुर्‍याउँछन् ? लेख्नुहोस् ।

८. सामाजिकीकरण प्रक्रियामा परिवार र साथीभाइको योगदान चर्चा गर्नुहोस् ।

९. एउटा मान्छे कसरी जैविक अवस्थाबाट सामाजिक प्राणी हुन्छ ? व्याख्या गर्नुहोस् ।

१०. सामाजिकीकरणका प्राथमिक निकाय र द्वितीय निकायबिच भिन्नता छुट्याउनुहोस् ।

११. तपाइँले सामाजिकीकरणका लागि गरेका व्यावहारिक अभ्यास उल्लेख गर्नुहोस् ।

*सामुदायिक कार्य*

आफ्नो समुदायको भ्रमण गरेर सामाजिकीकरणको प्रक्रियाबारे अवलोकन गर्नुहोस् र प्राप्त तथ्याङ्कका बारेमा साथीलाई सुनाउनुहोस् ।

पाठ २

# पहिचान र विविधता

## पहिचानको अर्थ

पहिचान भन्नाले कोही पनि व्यक्ति वा कुनै पनि समाज, राष्ट्रलाई चिनाउने एक विशिष्ट अवस्था वा परिचय  हो । एउटा व्यक्ति समुदाय वा राष्ट्र अर्को व्यक्ति, समुदाय वा राष्ट्र भन्दा फरक हुन्छ । पहिचानले व्यक्ति वा समुदायको अस्तित्व तथा विश्वासलाई प्रस्ट पार्छ । यसकारण पनि पहिचान भन्ने बित्तिकै कुनै छुट्टै अस्तित्व वा व्यक्ति वा समुदायको परिचय हो भन्ने बुझिन्छ । प्रत्येक व्यक्तिको आफ्नो छुट्टै व्यक्तिगत, जातीय, भाषिक, लैङ्गिक, धार्मिक, क्षेत्रीय आदि परिचय निर्माण भएको हुन्छ । यिनै उल्लिखित विशेषताका कारण नै उसको अस्तित्व सम्भव भएको हुन्छ । हामी समुदायको सदस्यका रूपमा रहने हुनाले हाम्रो सामूहिक पहिचान पनि निर्माण भएको हुन्छ । हामी सबै एक निश्चित राष्ट्रका नागरिक भएका कारण निर्माण भएको हाम्रो राष्ट्रिय पहिचान नेपाली हो । पहिचानले हाम्रा विशिष्टता वा विशेषता संरक्षण गर्न ठुलो सहयोग गर्छ । यसले हाम्रा सामाजिक, धार्मिक, जातीय, भाषिक तथा सांस्कृतिक विशेषताको संरक्षण गर्छ ।

हाम्रो देशमा केही अद्बितीय विशेषता छन् जसले  हाम्रो देशलाई अरूदेश भन्दा फरक बनाएको छ । यस्ता अद्बितीय विशेषतालाई हामी हाम्रो शान वा पहिचानको रूपमा लिन्छौँ र गर्व महसुस गर्छौं । यस्ता अद्बितीय विशेषताले हामीलाई हाम्रो देशप्रति गर्व मात्र गराएको छैन । विश्वमा परिचित पनि बनाएको छ ।

नेपाल दक्षिण एसियामा अवस्थित भूपरिवेष्टित राज्य हो । यसको अक्षांशीय अवस्थितिमा ४ डिग्रीको मात्र भिन्नता छ तर भौगोलिक अवस्थामा विविधता देख्न सकिन्छ । भौगोलिक आधारमा नेपाललाई हिमाल, पहाड, तराईमा विभाजन गर्न सकिन्छ । हिमालय क्षेत्रलाई पनि बाहिरी हिमाली क्षेत्र, मुख्य हिमाली क्षेत्र र भोट उपत्यकामा विभाजन गर्न सकिन्छ । यसै गरी पहाडी प्रदेशलाई पनि महाभारत श्रेणी, मध्य भूमि र चुरे क्षेत्र गरी तीन भागमा विभाजन गर्न सकिन्छ । तराई क्षेत्र पनि भावर प्रदेश, भित्री मधेस र मुख्य मधेसमा विभाजित छ । संसारको सबैभन्दा अग्लो पर्वत सगरमाथा हाम्रै देशमा छ । यहाँ करिब ६,००० ओटा नदी नाला छन् । कोसी, गण्डकी र कर्णाली नदीले हाम्रो देशलाई जल सम्पदामा धनी बनाएका छन् । यो विविधता हाम्रो पहिचान हो ।

### जातीय पहिचान

अनेकतामा एकता नेपालको पहिचान हो । वि. सं. २०८८ को जनगणनाअनुसार नेपालमा १४२ जातजाति बसोबास गर्छन् । छओटा जातजातिको जनसङ्ख्या १० लाखभन्दा बढी छ । त्यसैले विभिन्न जातजातिको पहिचानलाई कायम राखेर एकताबद्ध हुनुपर्छ । जसले सबल राष्ट्र निर्माणमा सहयोग पुग्छ । यो नै सबै नेपालीको दायित्व पनि हो । हामीले प्रत्येक जाति जनजातिको भाषा, सांस्कृति, लिपि, संरक्षण गर्दै राष्ट्रिय एकता कायम गर्न जोड दिनुपर्छ । जुन आजको आवश्यकता पनि हो । ती जातिका आफ्नै जातीय पहिचान, परम्परा छन् । जसले नेपालको चिनारी दिएको छ ।

### भाषिक पहिचान (भाषिक, धार्मिक र जातीय तथ्याङ्क)

नेपाल भाषिक रूपमा विविधतापूर्ण छ र नेपालमा धेरै भाषा बोलिन्छन् । भाषिक विविधता नेपालको एक महत्त्वपूर्ण पहिचान हो । संविधानले देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने भनेको छ । नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई कामकाजको भाषा निर्धारण गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ । नेपालमा सिरिजङ्घा, देवनागरी र रञ्जना जस्ता लिपिले भाषिक पहिचान प्रवर्धन गर्न सहयोग पुऱ्याएका छन् । नेपालमा नेपाली मातृभाषा बोल्नेको सङ्ख्या ४४.८६% जति छ । यसै गरी मातृभाषा रूपमा प्रचलित भाषा लिम्बू, तामाङ, नेवार, भोजपुरी, मैथिली, राजवंशी आदि हुन् । नेपालमा बोलिने यी भाषा हाम्रा विशिष्ट पहिचान हुन् । यी भाषाभाषी नेपालका लागि पहिचान हुन् ।

### धार्मिक पहिचान

नेपाल बहु धार्मिक मुलुक हो । नेपाली समाजमा धार्मिक सहिष्णुताको थुप्रै उदाहरणहरू पाउन सकिन्छ । विभिन्न धर्म मान्ने मानिस एउटै समाजमा बस्ने, एक अर्काका धार्मिक गतिविधिमा सहभागी हुने जस्ता उदाहरणहरू हाम्रो समाजमा पाइन्छन् । एउटा धर्म मान्ने मानिस अरू धर्मप्रति सकारात्मक धारणा राख्छन् । धार्मिक हिंसा छैन । यसले हाम्रो एकतामा बल पुगेको छ । नेपाललाई संविधानले नै धर्म निरपेक्ष राज्यको रूपमा परिभाषित गरेको छ ।

### लैङ्गिक पहिचान



जैविकरूपमा छोरा वा छोरी भनेर छुट्याइन्छ वा छुटिन्छ भने त्यसलाई लिङ्ग भनिन्छ । लैङ्गिक पहिचान भनेको समाजले व्यक्तिलाई दिने भूमिका वा स्थिति हो । समाजले महिला, पुरुष वा तेस्रो लिङ्गी भनेर दिने भूमिका फरक

फरक हुन्छ । हिन्दु समाजमा नारीलाई उच्च स्थान दिइएको हुन्छ । लक्ष्मी, सरस्वती, दुर्गा आदि देवीहरूलाई धन, विद्या र शक्तिका रूपमा पूजा गरिन्छ । यसै गरी छोरीलाई देवीको रूपमा मान्ने प्रचलन हिन्दु समाजमा यथावत् छ । यसरी नै अरू धर्म, सम्प्रदायले पनि लैङ्गिकता पहिचानको रूपमा स्थापित भएको पाइन्छ । लैङ्गिक अपसङ्ख्यकलाई (LGBTIQ: Lesbian, Gay, Bisexual, Transgender, Intersexual and Questioning) लैङ्गिक पहिचानअन्तर्गत पर्छन् । नेपालको जनगणना २०७८ को प्रतिवेदनअनुसार नेपालमा कुल जनसङ्ख्या २,९१,६४,५७८ छ । पुरुषको सङ्ख्या १,४२,५३,५५१ अर्थात ४८.९८% छ । महिलाको सङ्ख्या १,४९,११,०२७ अर्थात ५१.०२% रहेको छ । यो जनगणनाले कुल जनसङ्ख्यामध्ये अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) को जनसङ्ख्या २,९२८ देखिएको छ । जुन कुल जनसङ्ख्याको ००.१% हुन्छ ।

### सांस्कृतिक पहिचान

नेपाललाई बहुसांस्कृतिक मुलुकको रूपमा चिनिन्छ । यहाँ धेरै जातजाति बसोबास गर्छन् र उनीहरूको आआफ्नै सांस्कृतिक परम्परा छ । यसै गरी यी जातजातिले साझा सांस्कृतिक गतिविधि विकास गरेको पाइन्छ । भौगोलिक वातावरणअनुसार पनि संस्कृतिको विकास भएको पाइन्छ ।

नेपाली समाजमा बहुलतामा आधारित छ । एउटै समाजमा पनि विभिन्न जातजातिका मानिस बस्छन् । यी जातजातिबिच आपसी, सदभाव र एकता कायम रहेको पाइन्छ । काठमाडौँ उपत्यकाको नेवार संस्कृति, कर्णाली प्रदेशको खस संस्कृति र मिथिला क्षेत्रको मिथिला संस्कृतिलाई उदाहरणका रूपमा लिन सकिन्छ । सहरीकरणले हाम्रो समाजलाई मिश्रित समाज बनाएको छ । हाम्रो समाजमा सामाजिक मूल्य, मान्यता, दृष्टिकोण घुलमिल भएर आफ्नै किसिमको सांस्कृतिक वातावरण सिर्जना भएको पाइन्छ । परिणामत: सामाजिक एकतामा बल पुगेको छ र यो पनि हाम्रो पहिचान हो ।

### अपाङ्गताको पहिचान

व्यक्तिको शारीरिक तथा मानसिक प्रणालीमा असामान्य अवस्था सिर्जना भई पूर्ण रूपमा नियमित कार्य गर्न नसक्ने अवस्थालाई अपाङ्गता भनिन्छ । अपाङ्ग व्यक्तिले पनि देश बिकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४अनुसार अशक्तताको गम्भीरताका आधारमा अपाङ्गतालाई शारीरिक, दृष्टिसम्बन्धी, सुनाइसम्बन्धी, श्रवण दृष्टिविहीन, स्वर र बोलाइसम्बन्धी, मानसिक वा मनोसामाजिक, बौद्धिक, अनुवंशीय रक्तस्राव (हेमोफिलिया)सम्बन्धी, अटिज्मसम्बन्धी र बहुअपाङ्गतामा वर्गीकरण गरिएको छ । अशक्तताको

गम्भीरताका आधारमा अपाङ्गतालाई पनि पूर्ण अशक्त, अति अशक्त, मध्यम र सामान्य गरी चार प्रकारमा बिभाजन गरिएको छ । राष्ट्रिय जनगणनामा २०७८ बाट प्राप्त नतिजाअनुसार कुल जनसङ्ख्याको २.२ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । अपाङ्गता भएका व्यक्तिमध्ये पुरुष ५४.२ प्रतिशत र महिला ४५.८ प्रतिशत छन् । २०६८ को जनगणनामा कुल जनसङ्ख्याको १.९४ प्रतिशत व्यक्तिमा कुनै एक वा एकभन्दा बढी प्रकारको अपाङ्गता रहेको थियो ।

## विविधतामा एकता

*(अन्नपूर्ण पोस्टमा छापिएको सम्पादकीयको सम्पादित अंशको अध्ययन गरी तपाईँको समुदायमा रहेको सामाजिक विविधता बिच भएको एकताको बारेमा एक सम्पादकीय)*

नेपाल विभिन्न जाति, भाषा र संस्कृतिमा धनी छ । हरेक जातजातिअनुसार फरक फरक चाडपर्व छन् । सबैले आआफ्नैआफ्नै विशेषता बोकेका छन् । हिमाल, पहाड र तराई मिलेर बनेकाले ठाउँअनुसार फरक संस्कार र संस्कृति हुन्छन् । यसले नेपाललाई विश्वमा फरक रूपमा चिनाएको पनि छ । त्यसैले नेपाललाई बहुजाति, बहुभाषी, बहुसांस्कृतिक, बहुधार्मिक र बहुभौगोगिक विशेषता भएको देश भनेर चिनिन्छ । आआफ्नै मौलिक संस्कृति र चाडपर्व भएकाले प्राय: बाह्रै महिना पर्व छुट्दैनन् । यो विविधताभित्र नेपाली एकता प्रतिविम्बित छ । त्यसैले साहित्यकार दुर्गालाल श्रेष्ठले आफ्नै शब्दमा लेखेका छन् 'सय थरी बाजा एउटै ताल, सय थरी नै होस् जाति र जात, नाच्छौँ यसरी एकै साथ ।'

हिन्दु, बौद्ध, किरात, मुस्लिमलगायत सबै धर्म मान्नेहरूका आआफ्नै विशेषताका चाडपर्व र संस्कार संकृति छन् । तर सबै चाडपर्वका विशेषता भनेको एउटै हो । सबैको कल्याण गर्नु, सहयोग गर्नु, मित्रताको भावना राख्नु, शिष्ट आचरण, सभ्यता, सद्भाव, सेवा, सहकार्य, सुख शान्ति कायम राख्नु यसको विशेषताभित्र पर्छ । चाडपर्वले मानिसमा रौनक र हर्षोल्लास ल्याउँछ । त्यसैले स्वच्छ समाजका लागि चाडपर्वको महत्त्वपूर्ण भूमिका हुन्छ । चाडपर्व मनाउनु भनेको आफ्नै पहिचान देखाउनु पनि हो । अझै नेपालमा आफ्नै संस्कार र संस्कृतिलाई जोगाउँर यस्ता सद्भाव कायम राख्नमा आदिवासी जनजातिको भूमिका महत्त्वपूर्ण मानिन्छ । अतिथिलाई सत्कार गर्ने नेपालका आदिवासी जनजातिको संस्कृतिबाट स्वदेशी मात्र होइन, विदेशीसमेत प्रभावित छन् । यसले उनीहरूप्रति गरिने सम्मानलाई मात्रै नभई नेपाललाई हेर्ने विश्वको दृष्टिकोण अझै उच्च बनाएको छ ।

नेपालको संविधानले नेपालको विविधतालाई समेटने मार्ग प्रशस्त गरेको छ । संविधानको प्रस्तावनामै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता खोजिएको छ । यस्तो एकताले सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण गर्छ । त्यसैले नेपाल भौगोलिकरूपमा

सानो भएता पनि यो विशिष्ट पहिचान भएको एक स्वाधीन राष्ट्र हो । परापूर्वकालदेखि चलेको संस्कार संस्कृति रक्षा गर्दै यसको सम्मान गर्नु सबैको दायित्व हो । तर, पछिल्लो समयमा आफ्नै पहिचान जोगाउन पनि आदिवासी जनजातिले आन्दोलन गर्नुपरेको तितो अथार्थ छ । नेपालमा १४२ जातजाति र १२४ भाषा रहेको एक तथ्याङ्कले देखाएको छ । बदलिँदो परिवेशसँगै आदिवासी समुदाय प्रभावित भएको पाइन्छ ।

## अभ्यास

१. पहिचान भनेको के हो ?

२. लैङ्गिक पहिचान भनेको के हो ?

३. बहुभाषिक मुलुक भनेको के हो ?

४. नेपाल बहुभाषिक बहु धार्मिक मुलुक हो, पुष्टि गर्नुहोस् ।

५. जातीय विविधता नेपालको चिनारी कसरी ?

६. धार्मिक विविधता भएर पनि सहिष्णुता छ, कसरी ? लेख्नुहोस् ।

७. सांस्कृतिक पहिचानको महत्त्व लेख्नुहोस् ।

८. राष्ट्रिय गौरवका वस्तुहरूको सूची बनाई समूहगत छलफल गर्नुहोस् र विवरण दिनुहोस् ।

९. हाम्रा पहिचानमा जातीय पहिचानको भूमिका लेख्नुहोस् ।

### सामुदायिक कार्य

तपाईंको समुदायमा बसोबास गर्ने मानिसहरूको जात, धर्म, संस्कृति, भाषा बोल्ने मानिसहरू खोजी गरी प्रतिवेदन तयार गर्नुहोस् ।

पाठ ३

# हाम्रा राष्ट्रिय गौरव

राष्ट्रिय गौरव भन्नाले त्यस्ता विषय जसले गर्दा हामी विश्वमा शिर ठाडो गर्न सक्छौँ । हाम्रो समुदाय, समाज र देशमा यस्ता गौरव गर्न लायक थुप्रै वस्तु सम्पदा छन् ।

## बहुसांस्कृतिकता

बहुसांकृतिकता नेपालको महत्त्वपूर्ण परिचय हो । यसको शाब्दिक अर्थ बहु भनेको धेरै र सांस्कृतिकता भनेको संस्कृति तथा परम्परा भन्ने हुन्छ । नेपालमा जातिगत, धार्मिक तथा भौगोलिक विविधता भएकाले स्वाभाविक रूपमा संस्कृतिमा पनि यसले विविधताको सिर्जना गर्छ । नेपालमा विविध जातजातिको बसोबास भएका कारण उनिहरूका आआफ्नै भाषा र संस्कृति छन् । नेपालमा हिन्दु, बौद्ध, मुस्लिम, किरातलगायत सबै धर्मका आआफ्नै सांस्कृतिक विशेषताका छन् । नेपाल हिमाल, पहाड र तराई मिलेर बनेको एक भौगोलिक विविधता भएको देश हो यसकारण पनि क्षेत्रअनुसार चाडपर्व मनाउने तथा संस्कृतिको अनुसरण गर्ने गरिन्छ । नेपालमा हरेक जातजातिअनुसार पनि फरक फरक सांस्कृतिक मान्यता रहेका छन् । तराईमा छठ, पहाडमा दसैं र तिहार, हिमालमा ल्होसार जस्ता पर्व मनाउने गरिन्छ । नेपालमा हरेक जातजातिअनुसार पनि फरक फरक चाडपर्व रहेका छन् । कृष्ण जन्माष्टमी, बुद्ध पूर्णिमा, क्रिसमस डे, कृषिमा आधारित न्वागी र उद्योगमा आधारित विश्वकर्मा पूजा पनि नेपालमा मनाउने चाडपर्व हुन् । त्यसैले नेपालमा मनाइने चाडपर्व र संस्कृतिले आफ्नै मौलिकता र विशेषता बोकेका छन् ।

## वीरता

नेपालीलाई वीर गोरखाली भनी विश्वभर चिनिन्छ । नेपाल अङ्ग्रेज युद्धको समयमा वीर गोर्खाली भिमसेन थापा, अमरसिंह थापा, बलभद्र कुँवर, भक्ति थापालगायतले देखाएको साहस र वीरताले हालसम्म पनि नेपाललाई वीर गोर्खालीको देश भनेर चिनाएको छ । विश्वमा एकल आधिपत्य कायम गरेको साथै अत्याधुनिक हातहतियारबाट सुसज्जित अङ्ग्रेज सेनाहरूका विरुद्ध खुकुरी, खुँडा, तरवार, भाला, ढुङ्गाको प्रयोग गरी युद्ध लडेका थिए । प्रथम विश्वयुद्ध तथा दोस्रो विश्वयुद्धमा नेपाली बेलायतको तर्फबाट पुद्धमा सहभागि थिए । नेपालीहरूले युद्धमा अतुलनीयबहादुरी तथा साहस प्रदर्शन गरेबापत ब्रिटिस सरकारले नेपालीलाई 'भिक्टोरिया क्रस' र 'मिलिटरी क्रस' जस्ता


**पदकदद्वारा विभूषित गरिएको थियो । नेपालीहरूले युद्धमा देखाएको साहस, पराक्रम,बहादुरी र रणकौशल विश्वमा 'वीर गोरखाली' भनी परिचित छन् ।**

## लुम्बिनी



लुम्बिनी गौतम बुद्धको पवित्र जन्मस्थल हो । २५६२ वर्ष पहिला सुन्दर र पवित्र बगैँचामा माता मायादेवीको कोखबाट शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्म भएको थियो । यस भूमि अहिले संसारभरिका बौद्धमार्गीलगायत शान्तिप्रेमी सबै मानिसहरू बिच विश्व शान्तिको मुहानका रूपमा प्रसिद्ध छ । सन् १९९७ देखि यो स्थल विश्व सम्पदा सूचीमा समेत सूचीकृत गरिएको छ । धार्मिक महत्त्व तथा ऐतिहासिक महत्त्व बोकेको विश्वभरका बौद्ध धर्मावलम्बीका लागि लुम्बिनी अत्यन्त महत्त्वपूर्ण तीर्थस्थल हो । प्रसिद्ध सौर्य सौर्य सम्राट् अशोकले इ.पु. २४९ मा लुम्बिनीको तीर्थ यात्रा गरेका थिए । उनले यहाँ शाक्यमुनि बुद्ध जन्मनुभएको थियो भन्ने शिलालेखसहितको ढुङ्गाको स्तम्भ खडा गरे । लुम्बिनीमा विभिन्न गुम्बा, विहार तथा मन्दिर रहेको छन् । मायादेवी मन्दिर, अशोक स्तम्भ, नेपाली बौद्ध स्तूप, विश्व शान्ति स्तूप, धर्म स्वामी महाराज बौद्ध विहार, लुम्बिनी सङ्ग्रहालय मुख्य आकर्षण हुन् ।


## राष्ट्रिय झन्डा



**प्रत्येक देशको पहिचान त्यस देशको झन्डाले प्रदर्शन गर्छ । त्यसैले प्रत्येक राष्ट्रले आआफ्नै प्रकारका झन्डा प्रचलनमा ल्याएको पाइन्छ । सबैभन्दा पहिला सेनाले झन्डाको प्रयोग गरेको जन विश्वास छ । संसारको सबैभन्दा पुरानो झन्डा डेनमार्कको मानिन्छ । बलिदानी, शान्ति र समृद्धि जनाउने हाम्रो देशको झन्डा संसारकै अद्वितीय मानिन्छ । यो त्रिभूजाकार छ र माथिल्लो भागमा आठ कुने खुर्पे चन्द्र र तल्लो भागमा १२ कुने सूर्य राखिएको छ । हाम्रो राष्ट्रिय झन्डाको भुइँ सिम्रिक रङ, किनारामा गाढा निलो रङ छ । खुर्पे चन्द्रमा र सूर्यको सेतो आकार अङ्कित गरिएको छ । हाम्रो झन्डामा प्रयोग भएका रङ र आकारको आफ्नै अर्थ छन् । झन्डाको**

निलो किनाराले शान्ति र एकता, सिम्रिक रङ्ले हाम्रा पुर्खाको बहादुरीलाई सङ्केत गर्छ । सूर्य र चन्द्रमाले हाम्रो देश सूर्य चन्द्र रहुन्जेल रहिरहने सङ्केत गर्छ । यसै गरी दुईओटा त्रिकोणले हिन्दु र बुद्ध धर्मको सङ्केत गर्छ । यो झन्डा २०१९ साल पुस १ गतेबाट आधिकारिक रूपमा प्रयोगमा आएको हो ।

### राष्ट्रिय गान




राष्ट्रभक्तिले ओतप्रोत भएको गीत जसले इतिहास, सभ्यता र संस्कृति आदिको व्याख्या गर्छ भने त्यो नै राष्ट्रिय गान हो । यस्तो गान राज्यले अनुमोदन गरेको हुन्छ । राष्ट्रिय गानले देशको गौरव र सम्मान बढाउँछ । राष्ट्रिय चाडपर्व वा अन्य समयमा कार्यक्रमको सुरुआत नै राष्ट्रिय गानबाट गरिन्छ । राष्ट्रमा भएको राजनीतिक परिवर्तनअनुसार राष्ट्र गानमा सापेक्ष परिवर्तन हुने गरेको पाइन्छ । वि. सं. २०६३ जेठ ४ गतेको प्रतिनिधि सभाको बैठकले प्रचलनमा रहेको राष्ट्रिय गानलाई खारेजी गर्ने प्रस्ताव गरेको थियो । पछि खुला प्रतिस्पर्धाद्वारा प्रदिप कुमार राईको रचनालाई छनोट गर्‍यो । उक्त गान वि. सं. २०६५ साउन १८ गते बाट लागु गरियो । उक्त राष्ट्रिय गानमा सङ्गीत अम्बर गुरुङले दिएका हुन् । उक्त गीतले समावेशिता तथा नेपालको विविधतालाई सम्मान गरेको छ । विविधतामा एकताको सन्देश दिएर राष्ट्रिय एकता प्रवर्धन गर्ने भूमिका निर्वाह गरेको छ । राष्ट्रिय गान बज्दा उठेर सम्मान गर्ने गरिन्छ ।

## जानकी मन्दिर



जानकी मन्दिर मधेस प्रदेशको राजधानी जनकपुरमा पर्छ । यो मन्दिर नेपालकै सबैभन्दा ठुलो र मुगल शैलीमा निर्मित मन्दिर हो । यो मन्दिर राजस्थानी वास्तुकलाको उत्कृष्ट नमुना मानिन्छ । जानकी मन्दिरको पछिल्लो भागमा जनकको मन्दिर छ । उत्तर पूर्वी प्रवेश द्वारको माथिपट्टि दुईओटा सिंहका मूर्ति छन् । यी मूर्ति ढुङ्गाबाट बनेका हुन् ।

जनकपुरको जानकी मन्दिर टिकमगढकी महारानी वृषभानु कुमारीले निर्माण गर्न लगाएकी हुन् । हिन्दु र मुस्लिम कलाको संयोजनबाट निर्मित यो मन्दिर कलाकृतिको उत्कृष्ट नमुना हो । त्यसैले यहाँको कलाकृतिको अवलोकन गर्न ठुलो सङ्ख्यामा विदेशी पर्यटकहरू पनि यहाँ घुम्न आउँछन् । मैथिली संस्कृति तथा साहित्यको दृष्टिकोणले जनकपुर महत्त्वपूर्ण छ ।

अहिलेको जानकी मन्दिर वि. सं. १९६७ तिर बनेको हो । उक्त मन्दिरको प्राणप्रतिष्ठा भने १९६७ माघ २८ गते गरिएको थियो । मन्दिर करिब ४,८६० वर्गफिट क्षेत्रफलमा फैलिएको छ । ५० फिट अग्लो छ । चारैतिर बुर्जा र गुम्बज निकालिएका छन् । यो मन्दिर निर्माण गर्न नौ लाख खर्च भएको हुनाले यसलाई नौलखा मन्दिर पनि भन्ने गरिन्छ । उक्त मन्दिरको नजिकै राम मन्दिर छ । यसको साथै मन्दिरको वरिपरि लक्ष्मण मन्दिर र एउटा मस्जिद पनि छ । उक्त मन्दिर मुसलमान कलाकारद्वारा निर्मित हुनाले निर्माणक्रममा प्रार्थना गर्न मस्जिद बनाइएको हो । यसैले यो मन्दिर कलाकृति मात्र हैन धार्मिक सहिष्णुताको पनि एउटा उत्कृष्ट उदाहरण मान्न सकिन्छ ।

## पशुपतिनाथ



पशुपतिनाथको मन्दिर हिन्दुहरूका लागि महत्पूर्ण धार्मिक स्थल हो । काठमाडौँको बागमती नदीको किनारमा रहेको यो मन्दिर हिन्दु धर्मावलम्बीको मुख्य धार्मिक स्थल हो । यस क्षेत्रमा पशुपतिनाथ बाहेक थुप्रै मठ मन्दिर छन् । कलाकौशलले युक्त यस स्थानलाई सन् १९७२ मा युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ । गोपालराज वंशावलीमा लिच्छवि राजा सुपुष्पले सुनको छानो हालेको उल्लेख गरिएको छ । यस क्षेत्रमा वनकाली, गुह्येश्वरी, किरातेश्वर, जयवागेश्वरी जस्ता मन्दिर छन् ।

पशुपतिनाथको मन्दिर कलाकृतिको दृष्टिकोणले महत्त्वपूर्ण छ । यसको छानो धातुको छ । ढोकाहरू चाँदीका पाताबाट बनेका छन् । तोरण, टुँडाल र गजुरहरू आकर्षक गरी निर्मित छन् । यस क्षेत्रमा करिब ४९२ ओटा मन्दिर, १४४ स्तूप र १,००० शिवलिङ्ग छन् । यसैले पशुपतिनाथको मन्दिर हाम्रो राष्ट्रिय गौरवको उत्कृष्ट नमुना मान्न सकिन्छ ।

## सगरमाथा



सगरमाथा संसारको सबैभन्दा अग्लो चुचुरो हो । यसलाई अङ्ग्रेजीमा माउण्ट एभरेस्ट भनिन्छ भने विदेशीले पन्ध्रौँ चुली अर्थात् XV पनि भन्ने गर्छन् । यो महालङ्गुर पर्वत श्रेणीअन्तर्गत पर्छ । यसको उचाइ ८८४८.८६ मि. वा २९,०३१.७ फिट छ । संसारमा ८,००० मि. अग्ला १४ओटा पर्वतमध्ये आठओटा पर्वत नेपालमा मात्र छन् । रोयल जोग्राफिकल सोसाइटीका ब्रिटिस सर्भेयर सरजर्ज एभरेस्टको नाममा

यसलाई सन् १९२१ मा माउन्ट एभरेस्ट नाम राखियो । वि. सं. २०१३ मा इतिहास शिरोमणि बाबुराम आचार्यले सगरमाथा नाम राखिदिए । यस शिखरको पहिलो सफल आरोहण तेन्जिङ शेर्पा र एडमन्ड हिलारीले सन् १९५३ मे २९ (वि. सं. २०१० जेठ १६ गते) गरे । उत्तरी र दक्षिणी ध्रुवमा जस्तै कठोर जीवनशैली हुनाले माइकल कर्जले यसलाई तेस्रो ध्रुव भनेका छन् ।

सगरमाथा आरोहण एउटा प्रतिष्ठाको विषय मानिन्छ । बी. बी. सी.विश्व सेवाले जीवनमा गर्नुपर्ने पचासओटा काममध्ये एउटा सगरमाथा आरोहण पनि हो भनी सूचीकृत गरेको छ । त्यसैले हरेक वर्ष सगरमाथा आरोहण गर्न र हेर्न आउने पर्यटकको सङ्ख्या बढिरहेको छ । जसले गर्दा हामीलाई आर्थिक विकासमा पनि सहयोग पुगेको छ । त्यसैले सगरमाथा हाम्रो गौरव पनि हो र पहिचान पनि हो ।

## अभ्यास

१. राष्ट्रिय गौरव भनेको के हो ?

२. राष्ट्रिय गौरवका कुनै दुईओटा महत्त्व लेख्नुहोस् ।

३. सगरमाथालाई किन पन्ध्रौँ चुली भनिएको हो ?

५. राष्ट्रिय गौरवका कुरामध्ये तपाईंलाई मन पर्नेको विवरण दिनुहोस् ।

६. राष्ट्रिय झन्डालाई किन राष्ट्रिय गौरवको विषय मानिन्छ ? हाम्रो राष्ट्रिय झन्डाको विशेषता लेख्नुहोस् ।

७. राष्ट्रिय गानले राष्ट्रिय एकतालाई कसरी सम्बोधन गरेको छ ?

८. सगरमाथा किन हाम्रो राष्ट्रिय गौरव हो ?

९. राष्ट्रिय गौरवभित्र के के कुरा समावेश गर्न सकिन्छ ? सूची बनाउनुहोस् ।

१०. सगरमाथाले नेपाललाई कसरी विश्वमा चिनाएको छ ?

११. तपाईंको समुदायमा रहेका कुनै सम्पदालाई नेपालका गौरव मान्नुपर्ने कारण लेख्नुहोस् ।

### सामुदायिक कार्य

संविधानमा राष्ट्रिय झन्डा बनाउने तरिका दिएको छ । रङ्गीन कागज प्रयोग गरी संविधानले दिएको सुझावअनुसार राष्ट्रिय झन्डा बनाउनुहोस् ।

# विकास र विकासका पूर्वाधार

## परिचय

विकास निरन्तर चलिरहने प्रक्रिया हो । मानव जीवनमा आउने सकारात्मक परिवर्तनलाई विकास भनिन्छ । मानवको दैनिक जीवनस्तर गुणस्तरीय बन्दै गएपछि मानवले विकसित हुन थालेको महसुस गर्न थाल्छ । मानिसलाई बाँच्नका लागि गास, बास र कपास आवश्यक पर्छ र यिनीहरूलाई आधारभूत तत्त्व मानिन्छ । जब मानवलाई आधारभूत तत्त्वको आवश्यकता पूरा भएपछि मिठो र पोसिलो खानेकुरा, मौसमअनुसारका राम्रा राम्रा लुगा, राम्रो बासस्थान, सरसफाइ, मनोरञ्जन, आराम, शिक्षा, स्वस्थ्य सुविधालगायतका आवश्यकताको बारेमा सोच्न थाल्छ । त्यसबाट पनि माथि उठेपछि उसले आफूलाई सन्तुष्टि हुने कुरा, आनन्द लाग्ने कुरा, थोरै काम गरेर धेरै आम्दानी हुने उपाय, मान सम्मान र प्रतिष्ठा पनि खोज्न थाल्छ । यसरी विकास उन्नति र प्रगतिसँग जोडिने हुनाले गतिशील प्रक्रिया हो । यो कहिले पनि रोकिँदैन । विकासले गर्दा नै मानिसले नयाँ नयाँ आविष्कार गर्न थाल्छ । विज्ञान र प्रविधिको विकास गरेर आफूलाई व्यस्त राख्न खोजिरहेको हुन्छ । मानवको यस्ता विकासको प्रक्रिया अघि बढाउन सबैभन्दा पहिले ऊ बसेको स्थान वा देशमा केही नभई नहुने विकासका कार्य हुनुपर्छ, जसलाई विकासका पूर्वाधार भनिन्छ । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, विद्युत्, खानेपानी जस्ता पूर्वाधार निर्माण भएपछि मात्र अन्य विकास सम्भव हुन्छ । यस्ता पूर्वाधारले कृषि, उद्योग, पर्यटन र व्यापारको विकास गरी मानवको आर्थिक अवस्थालाई मजबुत बनाइदिन्छ । जसको परिणामस्वरूप मानव विकासमा अघि बढ्न सम्भव हुन्छ ।

## सक्षमता

यस एकाइको अन्त्यमा तपाईंले निम्नलिखित सक्षमता हासिल गर्नुहुने छ :

(क) मानव विकास सूचकाङ्कको अवधारणा बताउन र नेपालको स्थितिलाई अन्य सार्क राष्ट्रहरूसँग तुलना गर्न

(ख) दिगो विकासको अवधारणा र भएका प्रयास बताउन एवम् व्यक्तिले गर्न सक्ने योगदानको चर्चा गर्न

(ग) नेपालमा विकासको सङ्घीय र प्रादेशिक अवधारणा र कार्य क्षेत्र प्रस्तुत गर्न

(घ) नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको परिचय र उपलब्धि उल्लेख गर्न

पाठ १

# मानव विकास

मानव विकासलाई आर्थिक प्रगतिको आधारबाहेक मानवीय अवस्थामा आएको सुधारको आधारमा मूल्याङ्कन गरिनुपर्छ । शिक्षा स्वास्थ्य, खाद्यान्न, सिप, आवास, स्वतन्त्रता, अवसर आदिको विकास हुनु नै मानव विकास हो । गुणस्तरीय जीवनलाई मानव विकास भनिन्छ । मानवको आय, औसत आयु र शिक्षा जस्ता परिसूचकमा आएको गुणात्मक र सकारात्मक परिवर्तनलाई मानव विकास भनिन्छ ।

## मानव विकास सूचकाङ्क

मानव जीवनमा गुणात्मक परिवर्तन ल्याउने विभिन्न पक्षहरूलाई मानव विकास सूचकाङ्क भनिन्छ । यो औसत आयु, शिक्षा र आय सूचकाङ्कलाई प्रयोग गरेर गणना गरिन्छ । त्यसैले कुनै पनि देशको आर्थिक, सामाजिक, शैक्षिक विकास वा प्रगतिको अवस्था देखाउने सूचकलाई मानव विकास सूचकाङ्क भनिन्छ । मानव विकास सूचकाङ्क गुणस्तरीय जीवन देखाउने महत्त्वपूर्ण सूचक हो । मानव विकासका सामान्यतया तीनओटा आयामलाई जोड दिन्छ । ती आयामहरू औसत वा अपेक्षित आयु, ज्ञान र गुणस्तरीय जीवन हुन् । अर्को शब्दमा भन्दा मानव विकास सूचकाङ्क औसत आयु, शिक्षा रप्रतिव्यक्ति आयको आधारमा गणना गरिन्छ ।

यो अवधारणाको विकास पाकिस्तानी अर्थशास्त्री मेहबुब उल हक र भारतीय अर्थशास्त्री अमर्त्य सेनले विकास गरेका हुन् । सन् १९९० मा विकास भएको यस अवधारणालाई संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) ले मानव विकास प्रतिवेदनमा प्रयोग गर्दै आएको छ । त्यसैले मानव विकास सूचकाङ्कको मुख्य आयामलाई यसरी उल्लेख गर्न सकिन्छ :

१. लामो र स्वस्थ्य जीवन (औसत आयु)

२. ज्ञान : यसअन्तर्गत विद्यालय पठनपाठनको औसत शैक्षिक वर्ष (२५ वर्ष वा त्यसभन्दा बढी उमेरको मानिसले विद्यालयमा बिताएको वर्ष) र विद्यालय पठनपाठनको अपेक्षित वर्ष ( शैक्षिक संलग्नता वर्ष)

३. सभ्य जीवन स्तर (प्रति व्यक्ति कुल राष्ट्रिय आय) कतिपय देशहरूले यी सूचकबाहेक गरिबी, शिक्षा, स्वास्थ्य, जातीयस्तर, लैङ्गिक सूचक आदि १० ओटा सूचकको आधारमा गणना गर्ने गरेको पाइन्छ ।

मानव विकास सूचकाङ्क गणनाका निम्नलिखित उद्देश्य हुन्छन् :

१. मानव विकासको अवस्था थाहा पाउन

२. विभिन्न देशबिचको मानव विकासको अवस्था तुलना गर्न

३. देशभित्र पनि मानव विकासको अवस्था तुलना गर्न

४. मानव विकाससँग सम्बन्धित राष्ट्रिय नीति र रणनीति तयार पार्न

५. मानव विकासमा सरकारले गरेका गतिविधि लेखाजोखा गर्न

### मानव विकास सूचकाङ्कको गणना

मानव विकासको गणना पहिला सामान्य विधि प्रयोग गरेर गरिन्थ्यो तर सन् २०१० मा यसलाई संशोधन गरेर पहिलाको तुलनामा बढी वैज्ञानिक बनाइएको छ । मानव विकास सूचकाङ्कको मान ० र १ को बिचमा पर्छ । युनडिपी (UNDP) ले चारओटा समूहमा विभाजन गरेर मानव विकास सूचकाङ्कको प्रतिवेदन सार्वजनिक गर्छ । ती समूह यसप्रकार छन् :

| विकास अवस्था | मानव विकास सूचकाङ्क |
|---|---|
| अति उच्च मानव विकास | ०.८०० भन्दा माथि |
| उच्च मानव विकास | ०.७०० - ०.७९९ |
| मध्यम मानव विकास | ०.५५० - ०.६९९ |
| न्यून मानव विकास | ०.५५० भन्दा कम |

मानव विकास सूचकाङ्क गणनाका लागि न्यूनतम र अधिकतम मानहरूको प्रयोग गरिन्छ ।

नेपालको मानव विकास सूचकाङ्कको अवस्था

मानव विकास प्रतिवेदन २०२१/२०२२अनुसार सार्क मुलुकहरूको मानवविकास सूचकाङ्कको सार्क अवस्थालाई निम्नानुसार अङ्कन गरिएको छ :

## दक्षिण एसियाली राष्ट्रहरूको मानव विकास सूचकाङ्क

## (Human Development Index of South Asian Nations)

| क्रम | देश | अङ्क | क्रम | देश | अङ्क |
|---|---|---|---|---|---|
| ७३ | श्रीलङ्का | ०.७८२ | १३२ | भारत | ०.६३३ |
| ९० | मालदिभ्स | ०.७४७ | १४३ | नेपाल | ०.६०२ |
| १२७ | भुटान | ०.६६६ | १६१ | पाकिस्तान | ०.५४४ |
| १२९ | बङ्गलादेश | ०.६६१ | १८० | अफगानिस्तान | ०.४७८ |

नेपालको मानव विकास सूचकाङ्कको अवस्था बिस्तारै सुधार हुँदै गएको छ । सन् २०१२ मा नेपाल १५७ औँ स्थानमा र मानव विकास सूचकाङ्क ०.४६३ थियो । सन् २०१४ मा नेपाल १४६ औँ स्थानमा र मानव विकास सूचकाङ्क ०.५४३ थियो । सन् २०१६ को मानव विकास प्रतिवेदनअनुसार नेपाल १४४ औँ स्थानमा र मानव विकास सूचकाङ्क ०.५५८ थियो । सन् २०१७ मा नेपाल १४८ औँ स्थानमा र मानव विकास सूचकाङ्क ०.५६६ थियो । सन् २०१८ मा नेपाल १४९ औँ स्थानमा र मानव विकास सूचकाङ्क ०.५७४ थियो । सन् २०१९ मा नेपाल १४७ औँ स्थानमा र मानव विकास सूचकाङ्क ०.५७९ थियो । सन् २०२० मा नेपाल १४२ औँ स्थानमा थियो भने नेपालको मानव विकास सूचकाङ्क ०.६०२ थियो । सन् २०२१ मा नेपाल १४४ औँ स्थानमा र मानव विकास सूचकाङ्क ०.६०४ थियो । त्यसै गरी सन् २०२२ मा नेपाल १४३ औँ स्थानमा र मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ । यसरी हेर्दा समग्रमा नेपालको मानव विकासको अवस्थामा सुधार भएको देखिन्छ । जसका निम्नलिखित कारण निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- स्वास्थ्य सुविधाको विस्तार
- शिक्षाको विकासमा जोड
- कृषिमा भएको आधुनिकीकरण
- उद्योग र कलकारखानाको विकास र विस्तार
- पर्यटन उद्योगको विकास

- स्थानीय स्रोत र साधनको उपयोग
- रोजगारीका अवसरहरूमा वृद्धि
- वैदेशिक रोजगारीका कारणप्रतिव्यक्ति आयमा भएको वृद्धि

दक्षिण एसियाली राष्ट्रहरूको मूलभूतरूपमा विकासशील राष्ट्रहरूमा समेटिएका छन् । यसकारण पनि दक्षिण एसियाली राष्ट्रहरूको मानव विकास सूचकाङ्कको कमजोर देखिन्छ । दक्षिण एसियाली राष्ट्रहरूमा श्रीलङ्का मानव विकास सूचकाङ्कको शीर्ष स्थानमा छ । विश्वको ७३ औं स्थानमा रहेको श्रीलङ्का दक्षिण एसियाली राष्ट्रहरूमा प्रथम स्थानमा छ । कृषिमा आधारित अर्थव्यवस्था, सामाजिक तथा सांस्कृतिक पछौटेपन, औद्योगिक विकासको कमी जस्ता कुराहरूले दक्षिण एसियाको मानव विकास सूचकाङ्क कमजोर रहेको प्रस्ट पार्छ ।

यसै गरी दक्षिण एसियाको मानव विकास सूचकाङ्कमा अफगानिस्तान सबैभन्दा कमजोर देखिन्छ । विश्व मानव सूचकाङ्कमा १८० स्थानमा रहेको यो देश दक्षिण एसियाको आठौं स्थानमा छ । विश्व मानव सूचकाङ्कको १४३ स्थानमा रहेको नेपाल दक्षिण एसियाको छैटौं स्थानमा छ जसको मानव विकास सूचकाङ्क ०.६०२  छ । निम्नलिखित कुरामा ध्यान दिन सकेमा  नेपालको मानव विकास सूचकाङ्क वृद्धि गर्न सकिन्छ :

१. वैज्ञानिक, प्राविधिक र सिपमूलक शिक्षामा जोड

२. जनताको औसत आयुको अवस्था सुधार गर्न पोषण, सरसफाइ र सर्वसुलभ स्वास्थ्य सेवा र सुविधाको विकास

३. जनतालाई रोजगारमूलक, स्वरोजगारमूलक आयआर्जनका कार्यक्रमसँग आबद्धता

३. लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा नै स्थापित गर्ने रणनीति निर्माण

४. जनचेतनाको स्थितिमा समयानुकूल वृद्धि गर्ने

५. मानव अधिकार, स्वतन्त्र न्याय प्रणाली, समावेशीकरण, सुशासन र जनसहभागितामा वृद्धि

## अभ्यास

१. नेपालको मानव विकास अवस्थामा सुधार गर्ने उपायहरू लेख्नुहोस् ।

२. मानव विकास सूचकाङ्क मापनको प्रक्रिया उल्लेख गर्नुहोस् ।

३. मानव विकास मापनका तीनओटा आयाम के हुन् ? कसरी गणना गरिन्छ ?

४. नेपालको स्थान १४२ औँ छ । यसलाई सुधार गर्ने उपाय बताउनुहोस् ।

५. पाठमा दिइएको आधारमा नेपालको मानव विकास सूचकाङ्क गणना गर्नुहोस् ।

### परियोजना कार्य

मानव विकास सूचकाङ्कको पछिल्लो प्रतिवेदन खोजेर सूचना सङ्कलन गरी छलफल गर्नुहोस् ।

पाठ २

# दिगो विकास

## अवधारणा

दिगो विकास विकासको नयाँ अवधारणा हो । यसले मानव, प्रकृति र विकासबिचको त्रिपक्षीय सम्बन्ध चर्चा गर्छ । प्राकृतिक स्रोत, साधन, जनसङ्ख्या र विकासका गतिविधिहरूबिचको उचित एवम् सन्तुलित तालमेललाई नै दिगो विकास भनिन्छ ।

सन् १९७२ जुन ५-६ तारिखसम्म स्विडेनको राजधानी स्टकहोममा संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । यो संयुक्त राष्ट्रसङ्घको वातावरणीय मुद्दासँग सम्बन्धित पहिलो र महत्त्वपूर्ण सम्मेलन थियो । यो सम्मेलनलाई संयुक्त राष्ट्रसङ्घले मानवको वातावरणसँगको पहिलो सम्मेलन भनेको थियो । उक्त सम्मेलनमा विश्वका नेताहरू र वातावरण विज्ञहरूको सहभागिता थियो । सन् १९७५ मा स्टकहोम सम्मेलनको सिफारिसमा संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमको रूपमा नयाँ अन्तर्राष्ट्रिय सङ्गठन स्थापना गरिएको थियो । संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९८३ मा उक्त प्रस्ताव पारित गऱ्यो । वातावरण र विकाससम्बन्धी उच्च आयोगको स्थापना भयो । सन् १९८३ मा नर्वेकी प्रधानमन्त्री ग्रो हारलेम ब्रुन्ट्डल्यान्डलाई उक्त आयोगको अध्यक्षमा नियुक्त गरियो । त्यसैले उक्त आयोगलाई ब्रुन्ट्डल्यान्ड आयोग भन्ने गरिन्छ । यो आयोगलाई "परिवर्तनका लागि विश्वव्यापी मुद्दा" तयार गर्न निर्देशन दिइएको थियो । सन् १९८७ मा उक्त आयोगले "हाम्रो साझा भविष्य" भन्ने प्रतिवेदन बुझायो । त्यहीँ प्रतिवेदनले भविष्यका पिँढीका आवश्यकतासँग सम्झौता नगरी वर्तमान पिँढीको आवश्यकता परिपूर्ति गर्नु नै दिगो विकास हो भनेर दिगो विकासलाई परिभाषित गऱ्यो । यस आयोगले तीनओटा विषयलाई महत्त्व दिएको थियो । यो अवधारणा प्रारम्भमा दिगो विकाससँग मात्र सम्बन्धित भए पनि पछिल्लो समयमा राजनीतिक, आर्थिक, सामाजिक, नैतिक, मानवीय र सांस्कृतिक पक्षसँग जोडिएर व्याख्या गर्न थालियो । नेपालले पनि आठौँ योजनाबाट दिगो विकासको अवधारणालाई अघि सारेको पाइन्छ ।

नेपालको सन्दर्भमा दिगो विकासको लक्ष्य गरिबी निवारण तथा तिनीहरूको आर्थिक सामाजिक, राजनीतिक, सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा अवसर उपलब्ध गराउने प्रक्रियाको रूपमा परिभाषित गरेको छ । त्यसैले दिगो विकास र वातावरण विकासबिचमा सन्तुलन कायम गर्ने,

पृथ्वीले धान्न सक्ने र निरन्तर फाइदा प्राप्त हुने विकासको रूपमा बुझ्नुपर्छ । एउटा क्षेत्रको विकासले अर्को क्षेत्रको वातावरणलाई नकारात्मक प्रभाव पार्नु हुँदैन । विद्यमान सन्दर्भमा भने संविधान मौलिक हक, राज्यका निर्देशक सिद्धान्त आवधिक योजनामार्फत दिगो विकासको धारणालाई आत्मसात गरिएको पाइन्छ ।

### दिगो विकासका आवश्यकता

(क) भविष्यमुखी विकास गतिविधि सञ्चालन गर्न

(ख) स्रोत र साधनको विवेकपूर्ण परिचालन गर्न

(ग) टिकाउ हुने विकासमा जोड दिन

(घ) प्राकृतिक स्रोतको वातावरण मैत्री प्रयोग गर्न

(ङ) सन्तुलित र समावेशी विकास सुनिश्चित गर्न

(च) मानवीय विकास दिगो र भर पर्दो बनाउन

### दिगो विकासका लक्ष्य

(क) गरिबी निवारणमा सहयोग गर्ने

(ख) प्रभावकारी रूपमा वातावरण संरक्षण गर्ने

(ग) सामाजिक सद्भाव कायम गर्ने (अशक्त, अपाङ्ग, महिला)

(घ) उच्च, दिगो र स्थिर आर्थिक वृद्धिदर हासिल गर्ने

(ङ) मानवीय विकास र प्रगति गर्ने

### दिगो विकासका आयाम

दिगो विकास बहुआयामिक अवधारण हो । यो विकासको सामाजिक सांस्कृतिक राजनीतिक आर्थिक पक्षसँग सम्बन्धित छ । दिगो विकासका आयामहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

(क) सामाजिक तथा सांस्कृतिक आयाम : यो संस्कृतिको संरक्षण, संवर्द्धन र नयाँ पुस्तामा हस्तान्तरणसँग सम्बन्धित छ । समतूलक समाज निर्माण गर्ने तथा सामाजिक स्रोत साधनको अवसरमा समान पहुँच जस्ता पक्ष पर्छन् ।

(ख) आर्थिक आयाम : यसअन्तर्गत दिगो र उच्च अर्थिक वृद्धि दर पर्छ । यसबाहेक आर्थिक स्रोत साधनको उचित वितरण तथा स्थानीय स्रोतमा आधारित विकास अनयोजना गरिबी निवारणलाई जोड दिएको छ ।

(ग) वातावरणीय आयाम : वातावरणीय आयामअन्तर्गत प्राकृतिक प्रक्रियामा सन्तुलन कायम गर्ने, प्राकृतिक स्रोत साधन तथा सम्पदाको सदुपयोग र संरक्षण गर्ने विषय पर्छन् । जैविक विविधताको संरक्षण गर्ने, फोहोरमैलाको उचित व्यवस्थापन र प्रदूषण नियन्त्रण, वैकल्पिक ऊर्जाको प्रयोग पनि वातावरणीय पक्षमा पर्छन् ।

(घ) शासकीय आयाम : शासकीय आयामअन्तर्गत विकासका लागि सक्षम सम्यन्त्र, प्रभावकारी सम्बन्ध र लोकतान्त्रिक शासन प्रणाली पर्छ । यसबाहेक समावेशी र समानुपातिक शासन सञ्चालन प्रणाली र कानुनको शासनका कुरा पनि शासकीय पक्षमा पर्छन् ।

यसबाहेक मानवीय आयाम, प्राविधिक आयाम, नैतिक आयाम तथा व्यस्थापकीय आयामहरू पनि हुन्छन् ।

## नेपालमा दिगो विकासका लागि भएका प्रयास

नेपालको सन्दर्भमा दिगो विकासको अवधारणा थालनी वातावरण संरक्षण तथा वनजङ्गल संरक्षण गर्ने उद्देश्यले अगाडि ल्याइएको थियो । नीतिगत रूपमा छैटौँ पञ्चवर्षीय आयोजनाबाट दिगो विकासको अवधारणा अगाडि आएको पाइन्छ । सन् १९८२ मा महेन्द्र प्रकृति संरक्षण कोषको स्थापना भयो । उक्त कोषले विकास र वातावरणबिचको सम्बन्ध प्रभावकारी बनाउन प्रयत्न गऱ्यो । तत्कालीन नेपाल सरकारले वातावरणीय नीति तथा कार्ययोजना जारी गरे पनि आठौँ पञ्चवर्षीय योजनाबाट दिगो विकासको औपचारिक प्रयोगको सुरुवात भयो । उक्त पञ्चवर्षीय योजनाको प्रमुख उद्देश्यमध्ये एउटा उद्देश्य दिगो विकास हासिल गर्ने थियो । नवौँ र दसौँ पञ्चवर्षीय योजनामा समेत दिगो विकासको अवधारणालाई प्राथमिकता दिइएको थियो । यसैक्रममा दिगो विकासको अवधारणालाई कार्यान्वयन गर्न विभिन्न नीतिगत कार्यक्रम तयार पारियो । गरिबी निवारण, रोजगारी सिर्जना, सांस्कृतिक सम्पदाको संरक्षण पिछडिएको वर्ग र क्षेत्रमा विशेष कार्यक्रम सञ्चालनमा जोड दिएको पाइन्छ । वातावरण संरक्षण परिषद्, जनसङ्ख्या तथा वातावरण मन्त्रालय र विभिन्न मन्त्रालयहरूले दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन

गरेको पाइन्छ । यसबाहेक ओजोन तहलाई नष्ट गर्ने पदार्थको उपयोग नियन्त्रण नियमावली तथा नेपालको संविधनमा स्वच्छ वातावरणमा बाँच्न पाउने जस्ताहक समावेश  गरिएको छ ।

### नेपालमा दिगो विकासको अवधारणा कार्यान्वयनमा देखा परेका समस्या र चुनौती :

नेपालमा दिगो विकासका अवधारणाका बारेमा चर्चा हुन थालेको लामै समय  भइसकेको छ । तर पनि दिगो विकासको अवधारणाको कार्यान्वयन भने त्यति राम्रो  वा प्रभावकारी देखिएको छैन । नेपालमा दिगो विकासको अवधारणा कार्यान्वयनमा देखा परेका समस्या र चुनौती यसप्रकार छन् :

(क) गरिबी

(ख) अशिक्षा

(ग) चेतनाको कमी

(घ) भ्रष्टाचार

(ङ) राजनीतिक अस्थिरता र राजनीतिक हस्तक्षेप

## अभ्यास

१. दिगो विकास भनेको के हो ?

२. दिगो विकासका आयाम के के हुन् ?

३. पहिलो पटक दिगो विकासको अवधारणा कार्यान्वयनका लागि कहिले र कुन आयोगले सिफारिस गऱ्यो ?

४. दिगो विकासको अवधारणा कार्यान्वयन गर्दा के कुरामा ध्यान दिनुपर्ला ?

५ दिगो विकासको कार्यान्वयनबाट प्राप्त हुने फाइदा लेख्नुहोस् ।

६. दिगो विकासका उद्देश्य लेख्नुहोस् ।

७. दिगो विकासको अवधारणाअनुसार योजना सञ्चालन गर्दा के के कुरामा ध्यान दिनुपर्छ ? चर्चा गर्नुहोस् ।

८. दिगो विकासको आवश्यकता समावेश गरी संवादको नमुना तयार पार्नुहोस् ।

९. नेपालको सन्दर्भमा दिगो विकासका मुख्य चुनौती बुँदागत रूपमा लेख्नुहोस् ।

१०. "अव्यवस्थित विकास विनाश नै हो ।" कसरी ? प्रस्ट पार्नुहोस् ।

११. तपाईँको समुदायमा सञ्चालित कुनै आयोजना छनोट गर्नुहोस् र दिगो विकासको अवधारणाअनुसार कार्यान्वयनका लागि एउटा ढाँचा तयार पार्नुहोस् ।

## लेखन सिप

**प्रश्न नं ११ का लागि निम्नअनुसार योजना बनाउन सकिन्छ :**

आयोजनाको नाम : गाउँपालिका भवनदेखि गढीगाउँसम्म जाने मोटरबाटो निर्माण आयोजना

स्थान : चौबिसे गाउँपालिका

उद्देश्य : गाउँपालिका भवनदेखि गढीगाउँसम्म जाने मोटरबाटोको ट्र्याक खोल्ने

जनसहभागिताको अवस्था : गढीगाउँका ७६ घरधुरीबाट दैनिक एक जनाको दरले ४० दिनसम्म श्रमदान गर्ने

अनुमानित लागत : १५ लाख रुपियाँ

आयोजनाको अवधि : ३ महिना

लाभान्वित हुने मानिसको सङ्ख्या : डाँडागाउँका ७६ घरधुरी र सुरुङ्गी र कुरुलेका २५० घरधुरी गरी जम्मा ३२६ घरधुरीका करिब १८०० जनता लाभान्वित हुने

वातावरणको क्षति नगर्न गरिने अपनाइने विकल्प

(क) कम रुख बिरुवा काट्ने

(ख) जमिन कम भत्काउन सडक घुमाएर निर्माण गर्ने

(ग) स्थानीय सबै जनताको सहमतिमा निर्माण कार्य गर्ने

(घ) पहिरो जाने जोखिम भएको ठाउँमा ढुङ्गाको जाली भर्ने

पाठ ३

# राष्ट्रिय गौरवका आयोजना

## परिचय

व्यवस्थित विकास कार्यक्रमले मात्र तीव्र, सन्तुलित र समानुपातिक विकास सम्भव हुन्छ । तसर्थ निश्चित समयमा सम्पन्न गर्ने गरी निश्चित स्रोत र साधनको प्रयोग गरेर व्यवस्थित तरिकाले लक्ष्यसहित सञ्चालित कार्यक्रमलाई नै विकास आयोजना भनिन्छ । विकास आयोजना सम्पन्न हुने अवधि, लक्ष्य, स्रोत र साधनको निश्चितता हुनुपर्छ । यस्ता आयोजना लक्ष्य, लगानी, अपेक्षित परिणाम तथा प्रभावित क्षेत्रको आधारमा साना ठुला दुवै हुन सक्छन् । यिनैमध्ये राष्ट्रिय स्तर, प्रदेश स्तर वा स्थानीय स्तरमा सञ्चालित हुन्छन् । राष्ट्रिय पहिचान झल्काउने र सङ्घीय सरकारको प्राथमिकतामा परेका आयोजनालाई राष्ट्रिय गौरवका आयोजना भनिन्छ । यस्ता आयोजनामा स्रोत साधन बढी लाग्छ र ठुलो क्षेत्रका जनतालाई सुविधा उपलब्ध गराउन सक्छन् ।

नेपाल सरकारले हालसम्म २४ ओटा आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरी कार्यान्वयनमा ल्याएको छ । यी आयोजना कार्यान्वयनका विभिन्न चरणमा रहेका छन् । राष्ट्रिय योजना आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि सम्बद्ध आयोजना तथा मन्त्रालयबाट प्राप्त विवरणका आधारमा राष्ट्रिय गौरवका आयोजनाले हासिल गरेका भौतिक तथा वित्तीय प्रगति, मुख्य उपलब्धि, विद्यमान समस्या र समाधानका लागि भएका प्रयासलगायतका विषय समेटेर पुस्तिका प्रकाशन गर्दै आएको छ । राष्ट्रिय गौरवका आयोजनाको घोषणा नेपाल सरकार (मन्त्रिपरिषद्को) निर्णयअनुसार गर्ने गरिएको छ । सर्वप्रथम, आ.व. २०६८/६९ मा १७ ओटा आयोजनालाई राष्ट्रिय गौरवका आयोजना घोषणा गरिएको थियो । आ.व.२०७०/७१ मा चार, २०७५/७६ मा एक, २०७६/७७ मा एक र २०७७/७८ मा एक आयोजना थपिएसँगै राष्ट्रिय गौरवका आयोजनाको सङ्ख्या चौबिस पुगेको हो । राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने मापदण्डका आधार निम्नबमोजिम छन् :

१. मुलुकको आर्थिक, सामाजिक रूपान्तरण गर्न सघाउ पुऱ्याउने रणनीतिक महत्त्वका आयोजना (जस्तैः खानेपानी, रेलमार्ग, विमानस्थल, जलविद्युत्, सिँचाइ, वन तथा पर्यटन सम्बद्ध भौतिक पूर्वाधार )

२. वित्तीय र प्राविधिक रूपमा चुनौतीपूर्ण ठुला आयोजना

## ३. सांस्कृतिक महत्त्वका आयोजना

राष्ट्रिय गौरवका आयोजनाका किसिम हाल कायम भएका चौबिसओटा राष्ट्रिय गौरवका आयोजनालाई विषय/क्षेत्रका आधारमा वर्गीकरण गरिएको छ ।

**विषय/क्षेत्रका आधारमा राष्ट्रिय गौरवका आयोजनाको वर्गीकरण**

| विषय/ क्षेत्र | आयोजना सङ्ख्या |
| --- | --- |
| राजमार्ग | ६ |
| रेलमार्ग | १ |
| सिँचाइ | ६ |
| जलविद्युत् | ४ |
| विमानस्थल | ३ |
| धार्मिक तथा सांस्कृतिक सम्पदा | २ |
| खानेपानी | १ |
| वन  क्षेत्र संरक्षण | १ |

राष्ट्रिय गौरवका प्रत्येक आयोजनाको आयोजनागत रूपमा विशिष्ट उद्देश्य रहेका छन् । राष्ट्रिय गौरवका आयोजनाको उद्देश्य समृद्ध नेपालको निर्माणमा योगदान दिने नै हो । यसबाहेक आयोजनाको क्षेत्रगत रूपमा देहायबमोजिम प्रमुख उद्देश्य रहेको देखिन्छ :

(क) सिँचाइ सुविधामार्फत् कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने

(ख) यातायात पूर्वाधारको विकासमार्फत् सघन अन्तरआबद्धता बढाउने

(ग) उच्च क्षमताका, ठुला र जलायशयुक्त आयोजनाबाट जलविद्युत् उत्पादन गरी ऊर्जाको स्वदेशी मागलाई पूर्ति गर्दै अन्तरदेशीय व्यापार गर्ने

(घ) सांस्कृतिक सम्पदालाई मुख्य पर्यटकीय गन्तव्यहरूको रूपमा विकास गर्ने

(ङ) शुद्ध खानेपानीको आपूर्तिलाई सहज बनाउने

(च) चुरे क्षेत्रको संरक्षणमार्फत् जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै जैविक विविधताको व्यवस्थापन तथा पर्यावरणीय सन्तुलनमा टेवा पुऱ्याउने

## १. सिक्टा सिँचाइ आयोजना

सन् १९७५ मा यु.एन.डी.पी. र एसियाली विकास बैङ्कको सहयोगमा यस आयोजनाको पूर्व सम्भाव्यता अध्ययन जर्मन परामर्शदातृ फर्म Lahmeyer International GmbH ले वि.सं. २०३६ (सन् १९८०) मा तयार गरेको थियो । यो सिँचाइ आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित छ । बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी उक्त जिल्लाका हालका राप्तीपश्चिम रहेका छओटा गाउँपालिका, कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिका र राप्ती पूर्वतर्फ रहेको राजकुलो सिँचाइ योजनासमेतबाट गरी यस आयोजनाबाट कुल ४२,७६६ हेक्टर कृषि योग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ ।

आयोजना अवधि : सुरु अवधि आ.व. २०६२/६३

आयोजनाको लागत : रू.१२ अर्ब ८० करोड, संशोधित अनुमान रु २५ अर्ब २ करोड रहेको

बजेटको स्रोत : नेपाल सरकार

### प्रमुख क्रियाकलाप


(क) मूल नहर तथा शाखा नहर निर्माण गर्ने

(ख) सिञ्चित क्षेत्र विकास तथा बिस्तार गर्ने

(ग) नदी नियन्त्रण तथा जलमापन केन्द्र स्थापना गर्ने

(घ) नहर सञ्चालन तथा सिँचाइ प्रणाली व्यवस्थापन गर्ने

## २. बबई सिँचाइ आयोजना



बर्दिया जिल्लाको करिब ३६,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ बबई सिँचाइ आयोजनाअन्तर्गत विभिन्न

क्रियाकलाप सञ्चालनमा छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास संस्था (IDA) को संलग्नतामा वि.सं.२०२४ देखि अध्ययन थालनी गरेको र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको आर्थिक सहयोगमा सम्पन्न भएको यस आयोजनाको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनमा बबई नदीभन्दा पूर्वमा करिब १९,००० हेक्टर तथा पश्चिममा २१,००० हेक्टर जमिनलाई सिँचाइ योग्य भनी निर्धारण गरिएको थियो । यस आयोजनाको प्रथम चरणअन्तर्गत राजमार्गमा पुलसहितको बाँध (Weir Cum Bridge) निर्माण कार्य वि.सं. २०४९ मा सम्पन्न गरिएको साथै ५.५ कि.मि. लामो मूल नहरको सुरुको खण्ड वि.सं.२०५० मा सम्पन्न गरी परम्परागत रूपमा किसानद्वारा सञ्चालित बुढी कुलो, मझरा कुलो, राजकुलो र धधवार कुलोमार्फत करिब ४,००० हेक्टर क्षेत्रमा सिँचाइ पुर्‍याउँदै आएको छ ।

आयोजनाको लक्ष्य बर्दिया जिल्लाको ३६००० हेक्टर (पूर्वमा करिब २१,००० हेक्टर तथा पश्चिममा १५,००० हेक्टर) कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुर्‍याउने

आयोजना अवधि : सुरु अवधि आ.व. २०४५/४६

### ३. रानी जमरा कुलरिया सिँचाइ आयोजना

रानी जमरा कुलरिया आयोजनाबाट कृषकहरूद्वारा व्यवस्थित र सञ्चालन रानी, जमरा र कुलरिया सिँचाइ प्रणालीको १४,३०० हेक्टर, नयाँ सिञ्चित क्षेत्र विकासअन्तर्गत लम्की विस्तारको ६००० हेक्टर तथा पथरैया नदीदेखि कान्द्रा नदीसम्मको १८,००० हेक्टर गरी कुलजम्मा ३८,३०० हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सेवा उपलब्ध गराउने उद्देश्य रहेको छ । रानी जमरा कुलरिया सिँचाइ प्रणाली नेपालको सुदूर पश्चिम प्रदेश, कैलाली जिल्लामा अवस्थित कृषकहरूबाट निर्माण गरी व्यवस्थापन समेत गरिएको सबैभन्दा ठुलो सिँचाइ प्रणाली हो । यस प्रणालीको पानीको स्रोत कर्णाली नदीको पश्चिमी भँगालो झरही नाला रहेको छ । यस प्रणालीको निर्माण करिब एक सय वर्षअगाडि थारु समुदायको अथक प्रयासबाट भएको हो । यस प्रणालीको दक्षिणी भागमा सिँचाइ गर्न रानी सिँचाइ प्रणाली, मध्य भागमा जमरा सिँचाइ प्रणाली र उत्तरी भागमा कुलरिया सिँचाइ प्रणाली व्यवस्था भएको देखिन्छ । यी प्रणालीहरूको व्यवस्थापन आआफ्नो प्रणालीको जलउपभोक्ता संस्था ( कुलो संस्था) रहेको र यी तीनै प्रणालीको संयुक्त व्यस्थापन तथा समन्वयका लागि रानी जमरा कुलरिया जल उपभोक्ता संस्था रहेको छ ।

आयोजनाको लक्ष्य

मूल नहर :		५२ किलोमिटर

शाखा नहर :		१२५ किलोमिटर

प्रशाखा नहर :		७०० किलोमिटर

३८,३०० हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सेवा उपलब्ध गराउने

४.७१ मेगावाट विद्युत् उत्पादन भई निर्मित सिँचाइ पूर्वाधारको नियमित मर्मत सम्भारसमेत हुने

आयोजनाको अवधि : आ.व २०६७/६८

## ४. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुर्खेत जिल्लाको भेरीगङ्गा नगरपालिकाको चिप्लेस्थित भेरी नदीको पानीलाई बबई नदीमा पथान्तरण गरी बबई नदीको सिञ्चित क्षेत्रलाई वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउनुको साथै जलविद्युत् उत्पादन गर्ने मुख्य लक्ष्य राखी पहिलो बहुउद्देश्यीय आयोजना "भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना" को रूपमा आयोजना कार्यालय वीरेन्द्रनगर, सुर्खेतमा स्थापना भएको थियो ।

आयोजनाको लक्ष्य

आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप पानीबाट बर्दिया र बाँके जिल्लाका करिब ५१,००० हेक्टर भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुने छ ।

आयोजना अवधि : सुरु अवधि आ.व. २०७१/७२

## ५. बुढीगण्डकी जलविद्युत् आयोजना

प्रस्तावित बुढीगण्डकी जलविद्युत् आयोजना बागमती प्रदेश र गण्डकी प्रदेशको सीमा भएर बग्ने बुढीगण्डकी उपत्यकामा अवस्थित छ । यस आयोजनाले धादिङ जिल्लातर्फ साविकका १३ गाविस र गोरखा जिल्लातर्फ साविकका १४ गाविससमेत गरी २७ गाविस प्रभावित हुने छन् । यस आयोजनामा लगानी अभिवृद्धि गरी मुलुकको उच्च दिगो विकास हासिल गर्ने रणनीति ग्रहण गर्दै धादिङ र गोरखा जिल्लामा निर्माण हुने १२०० मे.वा. क्षमताको

जलाशययुक्त राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको छ। यस आयोजनाको बाँध स्थल त्रिशूली र बुढीगण्डकी नदीको दोभान बेनीघाटबाट करिब दुई किलोमिटर उत्तरतर्फ र बाँधको उचाइ २६३ मि. हुने छ । यस आयोजनाको निर्माणपश्चात् मुलुकको आर्थिक सामाजिक रूपान्तरणका लागि आवश्यक विद्युतीय ऊर्जा उपलब्ध गराई नेपालको समृद्धिका लागि योगदान पुग्ने छ। आयोजना निर्माणको सर्वत्र मुख्य चुनौतीको रूपमा देखा परेको जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति वितरण, पुनर्वास तथा पुनर्स्थापनाका कार्य गरी आयोजना निर्माणको सहज वातवरण तयार गर्न यस एकाइका कार्य केन्द्रित रहेका छन्।

आयोजनाको लक्ष्य

१,२०० मेगावाट क्षमताको जलाशययुक्त जलविद्युत् आयोजना निर्माण भई वार्षिक ३,३८३ गिगावाट घण्टा विद्युत् उत्पादन हुने

आयोजना सुरु : आ.व. २०६९/७०

## ६. महाकाली सिँचाइ

आयोजना महाकाली सिँचाइ आयोजनालाई नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७८।०८।३० मा निर्णय गरी राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति गरेको हो । यस सिँचाइ आयोजना कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा अवस्थित छ भने यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ। सन् १९९६ मा नेपाल र भारतबिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरूप नेपालले टनकपुर ब्यारेजबाट हिउँदमा ३०० क्युसेक र गर्मी याममा १००० क्युसेक पानी पाउने व्यवस्था रहेको छ।

आयोजनाको लक्ष्य : यस आयोजनाको मुख्य लक्ष्य सतह सिँचाइबाट २८,२२५ हेक्टर र भूमिगत सिँचाइ बाट ५,२६५ हेक्टर गरी जम्मा ३३,४९० हेक्टर (ब्रह्म देव, मालाखेती, दोधारा चाँदनी, त्रिभुवन बस्ती) जमिनमा सिँचाइ सुविधा पुऱ्याउने रहेको छ।

आयोजना सुरु : सुरु आ.व.२०६३/६४

## ७. सुनकोसी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

बागमती सिँचाइ आयोजनाबाट सिँचाइ भइरहेको रौतहट र सर्लाही जिल्लाको ४५,६०० हेक्टर जमिन समेत बागमती सिँचाइ योजनाको सिञ्चित क्षेत्र बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा जिल्लाहरूको जम्मा १,२२,००० हेक्टर जमिनमा वर्षैभरि भर पर्दो सिँचाइ सेवा उपलव्ध गराउनु यस आयोजनाको मुख्य उद्देश्य भएको साथै ३१.०७ मेगावाट विद्युत् उत्पादन गर्ने सहायक उद्देश्य रहेको छ । जसअन्तर्गत सिन्धुली जिल्लाको खुर्कोट बजारबाट २ कि.मि. माथि र सुनकोसी, तामाकोसी दोभानबाट करिब ९५० मि. तल सुनकोसी नदीमा ब्यारेज निमार्णका साथै इन्टेक, डिसेन्डर तथा १३.३ कि.मि. टनेलबाट ६७ क्युमेक्स (६७ घन मिटर प्रतिसेकेन्ड) पानी मरिन खोलाको बायाँ किनारमा निर्माण हुने पावरहाउसमा खसालिने छ ।

आयोजनाको लक्ष्य : बागमती सिँचाइ योजनाको सिञ्चित क्षेत्रसहित बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा जिल्लाहरूको समेत गरी जम्मा १,२२,००० हेक्टर जमिनमा भर पर्दो सिँचाइ सुविधा पुऱ्याउनुका साथै ३१.०७ मेगावाट विद्युत् उत्पादन गर्ने

आयोजना सुरु : आ.व. २०७४/०७५

## ८. विद्युत् प्रसारण आयोजना

नेपाल सरकार र अमेरिकी सरकारी निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसन (Millennium Challenge Corporation) बिच नेपालमा ऊर्जा र यातायात क्षेत्रका पूर्वाधार विकासका लागि MCC ले ५०० मिलियन अमेरिकी डलर अनुदान सहायता उपलब्ध गराउनेसम्बन्धी सम्झौता (Compact Agreement) सेप्टेम्बर १४, २०१७ मा भएअनुरूप सोको कार्यान्वयनका लागि विकास समिति ऐनअन्तर्गत मिलेनियम च्यालेन्ज एकाउन्ट नेपालको गठन भएको छ । सम्झौताअनुसार विशेष गरी अन्तर्देशीय विद्युत् प्रसारण लाइन निर्माण र विकासमा अमेरिकाले करिब रू. ६० अर्ब नेपाली रुपियाँ अनुदान दिने जसमध्ये केही रकम सडक मर्मत र अन्य विषयमा खर्च हुने छ । सम्झौताअनुसार नेपाल सरकारले पनि पूर्वाधार विकासमा करिब रू. १५ अर्ब रुपियाँ लगानी गर्ने प्रावधान रहेको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ आश्विन ५ शुक्रबार बसेको बैठकले सरकारले अमेरिकाको मिलेनियन च्यालेन्ज कर्पोरेसनको सहयोगका दुई आयोजनालाई राष्ट्रिय

गौरवका आयोजना घोषणा गऱ्यो । अमेरिकी सहयोगमा निर्माण गर्न लागिएका काठमाडौँको लप्सीफेदीदेखि धादिङको गल्छी रातमाटे प्रसारण लाइन र दमौली-भरतपुर-बुटवल प्रसारण लाइन निर्माण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा सूचीकृत गर्ने निर्णय गरिएको हो ।

आयोजनाको लक्ष्य : २८९ किलोमिटर आन्तरिक (४०० के.भी.) तथा २३ किलोमिटर अन्तरदेशीय (न्यु-बुटवल-सुनौली) प्रसारण लाइन र तीनओटा सब-स्टेसन निर्माण गर्ने

आयोजना सुरु : आयोजना कार्यान्वयनको चरण पाँच वर्षको हुने

## ९. पश्चिम सेती जलविद्युत् परियोजना

नियमित र भर पर्दो रूपमा विद्युत् उत्पादन र वितरण गरी आन्तरिक मागको पूर्ति तथा विद्युत् व्यापार विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागि आयोजनाको तल्लो तटीय क्षेत्रमा रहेको एस. आर. ६ समेतलाई समावेश गरी जलाशययुक्त पशचिम सेती तथा एस. आर. ६ जलविद्युत् आयोजनाबाट १,२०० मेगावाट विद्युत् उत्पादन क्षमता रहेको यो आयोजना राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको छ ।

अवस्थिति : सुदूरपश्चिम प्रदेश स्थित डोटी, बैतडी, डडेल्धुरा र बझाङ जिल्ला

आयोजनाको लक्ष्य : सेती नदीमा १,२०० मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गर्ने

आयोजना सुरु : आयोजना सुरु वर्ष : आ.व.२०६७/६८

## १०. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना



करिब ६० वर्षको आन्तरिक विमानस्थल सञ्चालनको इतिहास बोकेको गौतमबुद्ध विमानस्थल १५०० मि. लम्बाइ र ३० मि. चौडाइको धावनमार्गलाई स्तरोन्नति गरी ICAO Code B र C का जहाजहरू जस्तै ATR 72 –500, CRJ–700 उडान अवतरण गर्ने ३००० मि. लम्बाइ ३० मि. चौडाइ धावनमार्गसहित अन्तर्राष्ट्रिय टर्मिनल भवन बनाउने लक्ष्य लिई २०७१/७२ मा सुरु भएको आयोजना हो । यस विमानस्थल UNESCO को विश्व सम्पदा सूचीमा समावेश भगवान् गौतम बुद्धको जन्मभूमि लुम्बिनीबाट करिब २४ कि.मि.को दुरीमा भएकाले पनि यस विमानस्थलको महत्त्व छ। यसैअनुरूप नेपाल सरकारले एसियाली विकास बैङ्कको सहयोग तथा आफ्नो स्रोतबाट यस विमानस्थलको स्तरोन्नति कार्य गरी भगवान् गौतम बुद्धको जन्मभूमि विश्वभर चिनाउने प्रयास गरेको छ। विश्वका बौद्ध धर्मावलम्बीहरू एवम् अन्य पर्यटकहरूलाई लुम्बिनी भ्रमणमा प्रत्यक्ष सहयोग पुग्ने, धार्मिक पर्यटनको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्न सहयोग पुग्ने, हवाई पर्यटक एवम् यात्रुहरूलाई सहयोग पुऱ्याउने, रोजगारी सिर्जना गर्ने, देशको वैकल्पिक विमानस्थलको रूपमासमेत भौगोलिक सहजताका कारण यस विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा स्तरोन्नति गर्ने कार्य अगाडि बढाइएको हो ।

आयोजनाको लक्ष्य : देशमा रहेको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलको हवाई चाप कम गर्ने गरी अन्तर्राष्ट्रिय पर्यटनको सङ्ख्या बढाई पर्यटन प्रवर्धनमा सहयोग गरी देशको आर्थिक विकास गर्ने

आयोजनाको सुरु अवधि : आ.व. २०७१/०७२

यो आयोजना यही आर्थिक वर्षबाट कार्य सम्पन्न भएर सञ्चालनमा आएको छ।

### ११. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

यो आयोजना कास्की जिल्लास्थित पोखरा महानगरपालिकामा विगत ४० वर्षदेखि अधिग्रहण गरिएको जग्गामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन उद्योगको प्रवर्धन गर्ने यस आयोजनाको लक्ष्य रहेको छ। सन् २०११ मा आयोजना सुरु भए तापनि नेपाल सरकार र चीन सरकारबिच ऋण सम्झौता भएको मितिबाट चार वर्षभित्र सम्पन्न हुने अनुमान गरिएको थियो । सन् २०११ मा आयोजना सुरु भए तापनि नेपाल सरकार र चीन सरकारबिच २०१७ मार्चमा ऋण सम्झौता भएका थियो ।

आयोजना  सुरु अवधि : आ.व. २०७४/७५

यो आयोजना यही आर्थिक वर्षबाट कार्य सम्पन्न भएर सञ्चालनमा आएको छ ।

## १२. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समक्ष विस्तृत सम्भाव्यता अध्ययनको अन्तिमप्रतिवेदन पनि पेस गर्‍यो । उक्त प्रतिवेदनबमोजिम दुईओटा धावनमार्गसहितको एयरपोर्ट सिटीको समेत सम्भाव्यता अध्ययन गरी ६५४ करोड अमेरिकी डलर (नेपाली रुपियाँ करिब ७०० अर्ब) खर्च लाग्ने अनुमान गरिएको थियो ।

आयोजनाको लक्ष्य : बारा जिल्लाको निजगढमा सुविधासम्पन्न 4F स्तरको वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने

आयोजना  सुरु अवधि :  आ.व.२०७१/७२

## १३. रेल, मेट्रो रेल तथा मोनोरेल विकास आयोजना (पूर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजना)

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराई क्षेत्रमा वातावरण मैत्री यातायातको रूपमा रेलमार्गको विकास गरी स्वदेशमै उत्पादित जलविद्युत्‌द्वारा रेल सेवा सञ्चालन गर्ने तथा किफायती यातायातको माध्यमको रूपमा रेल सेवा सञ्चालन गरी सामान ढुवानी तथा यात्रु ओसारपसारमा लाग्ने खर्चमा उल्लेख्य बचत गर्नेलगायतका उद्देश्यले यो आयोजनाको स्थापना गरिएको हो ।

आयोजनाको लक्ष्य : पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराईको क्षेत्रमा रेलमार्ग निर्माण एवम सञ्चालनमार्फत् दिगो, सुरक्षित, किफायती र वातावरणमैत्री यातायातको पहुँच प्रदान गर्ने

आयोजना अवधि : सुरु अवधि २०६५/६६

## १४. हुलाकी राजमार्ग

हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गतको सम्पूर्ण सडक सञ्जालको कुल लम्बाइ १७९२.४२ कि.मि. रहेको छ जसमध्ये पूर्वदेखि पश्चिमतर्फको लम्बाइ ९७५ कि.मि. रहेको छ । उत्तरदेखि दक्षिण जोडिने सहायक सडकहरूको लम्बाइ ८१७.४२ कि.मि. रहेको छ । यसमा

थप तीनओटा सडकहरू (लम्बाइ करिब ६५ कि.मि) समावेश भएको हुँदा उत्तरदेखि दक्षिण जोडिने सहायक सडकहरूको कुल लम्बाइ ८८२.४२ कि.मि. रहेको छ ।

आयोजनाको लक्ष्य : १५३ कि.मि. सडक कालो पत्रे गर्ने तथा ६०ओटा पुल निर्माण सम्पन्न गर्ने  आयोजनाको अवधि : सुरु अवधि आ.व. २०६६/६७

## १५. पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना

राष्ट्रिय यातायात नीति २०५८ मा पूर्व पश्चिम राजमार्गको विकल्पको रूपमा नेपालको मध्य पहाड हुँदै पूर्वदेखि पश्चिमसम्म सडक निर्माण गर्ने उल्लेख भएको, सोहीबमोजिम नेपाल सरकारबाट पुष्पलाल (मध्यपहाडी) राजमार्ग नामकरण गरी ०६४/६५ बाट आयोजना कार्यान्वयन सुरु भएको हो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५/११/२६ को निर्णयबाट पुष्पलाल राजमार्गको रेखाङ्कन स्वीकृत भएको हो । मध्य पहाडका २६ जिल्लाहरूका २१५ बस्तीहरू जोड्दै निर्माण हुने यस सडकबाट मध्यपहाडमा बसोबास गर्ने करिब एक करोड जनता यस आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने छन् । आयोजनालाई आ.व. ०६७/६८ देखि दुई खण्डमा विभाजन गरी मध्यपहाडी पूर्व खण्ड (करिब ७२१ कि.मि) र मध्यपहाडी पश्चिम खण्ड (करिब ११५८ कि.मि) गरी दुईओटा आयोजनाबाट निर्माण कार्य भइरहेकामा आ.व. २०७५/७६ देखि पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय र निर्देशनालयअन्तर्गत पाँचओटा योजना कार्यालय (पाँचथर, काभ्रे, गोरखा, पर्वत, दैलेख) बाट निर्माण कार्य भइरहेको छ । आ.व.२०६९/७० मा नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरी प्राथमिकता साथ कार्यान्वयन भइरहेको छ ।

आयोजनाको लक्ष्य : पूर्वको पाँचथर जिल्लाको चियो भन्ज्याङदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाटसम्म डबल लेन स्तरमा कालोपत्रे सहितको सडक निर्माण गर्ने

आयोजनाको अवधि : सुरु अवधि आ.व. २०६४/६५

## १६. उत्तर दक्षिण (कोसी कोरिडोर) आयोजना

उत्तर दक्षिण (कोसी) सडक योजना नामबाट परिचित यस योजना खाँदबारीदेखि किमाथाङ्का खण्डसम्म पर्छ । सङ्खुवासभा जिल्लाको सदरमुकाम खाँदबारीबाट उत्तरतर्फको चिनियाँ नाकाले किमाथाङ्कालाई जोड्छ । जम्मा १६२ कि.मि. लम्बाइ रहेको यस योजनामा १४८ कि.मि. सडकको ट्र्याक खोलिसकिएको, १४ कि.मि. ट्र्याक खोल्न बाँकी रहेको र सो

काम नेपाली सेनाले गरिरहेको छ । यातायात सञ्चालन ७७ कि.मि. गोलबजारसम्म रहेको र Gravel Standard 55 कि.मि. रहेका छ ।

आ.व.२०६९/७० मा नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरी प्राथमिकता साथ कार्यान्वयन भइरहेको छ ।

आयोजनाको अवधि : सुरु अवधि आ.व. २०६४/६५ देखि यो यस योजना सुरुभए पनि आ.व. २०६५/६६ बाट सुरु भई २०७९/८० सम्म सक्ने लक्ष्य राखिएकामा समयमानै सम्पन्न नहुने देखिन्छ । किमाथाङ्का नाकासँग पूर्वी नेपाललाई जोड्ने यस योजना (सडक) बाट आयात, निर्यात व्यापारमा वृद्धि भई अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अनुमान गर्न सकिन्छ । यस सडक योजना मार्ग हुँदै बहुचर्चित अरुण तेस्रो, माथिल्लो अरुण, तल्लो अरुण विद्युत् गृहसम्म जान आउन सकिन्छ । पावर हाउससम्मका पहुँच मार्ग यसै योजनासँग जोडिएका छन् ।

आयोजनाको लक्ष्य : कोसी प्रदेशअन्तर्गत भारतसँगको सिमाना जोगबनीदेखि चिनसम्मको सिमाना किमाथाङ्का सडक त्रिदेशीय (चीन, नेपाल र भारत) व्यापारिक मार्गको रूपमा सञ्चालन भई आर्थिक क्रियाकलाप बढाई राष्ट्रकै आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्ने, यस क्षेत्रमा उत्पादित कृषिजन्य पदार्थलाई सजिलै बजारसम्म पहुँच गराई अन्य आर्थिक क्रियाकलाप बढाई राष्ट्रको उन्नतिको लक्ष्य हासिल गर्ने

आयोजनाको अवधि : सुरु अवधि आ.व. २०६५/६६

## १७. उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) आयोजना

यस आयोजनाले नवलपरासी जिल्लाको गैँडाकोटदेखि गुल्मीको रिडी, बाग्लुङको मालढुङ्गा, म्याग्दीको बेनी र मुस्ताङको जोमसोम हुँदै उत्तरी सिमाना कोरला नाकासम्म सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । यो आयोजना सम्पन्न भएपछि गैँडाकोटदेखि कोरला नाकासम्मको ४४५ कि.मि. मध्ये गैँडाकोट-राम्दी-मालढुङ्गा सडक २४५ कि.मि. सडक निर्माणबाट कालिगण्डकी तटीय क्षेत्रमा आवागमनको सुविधा पुगेको हुने छ । यस आयोजना दुईओटा योजनामा विभाजन गरी निर्माण भइरहेको छ । पहिलो आयोजनाअन्तर्गत गैँडाकोट-राम्दी-मालढुङ्गा सडक योजना पर्छ । प्रारम्भ बिन्दु नवलपरासीको गैँडाकोट र

समाप्ति बिन्दु पर्वतको मालढुङ्गा भएको यस योजनाको जम्मा लम्बाइ २४५ कि.मि. रहेको र यसमध्ये २४४ कि.मि. ट्र्याक खुलेको छ । यो सडकखण्ड नवलपरासी, पाल्पा, गुल्मी, बाग्लुङ, पर्वत र स्याङ्जा जिल्ला छुने गरी निर्माण हुने छ । कालीगण्डकी कोरिडोरको बेनी जोमसोम सडकखण्ड दोस्रो योजनाअन्तर्गत पर्छ । प्रारम्भ बिन्दु पर्वतको मालढुङ्गा र समाप्ति बिन्दु मुस्ताङको कोरला भएको यस योजनाको जम्मा लम्बाइ १८६ कि.मि. रहेको र यसमध्ये सम्पूर्ण ट्र्याक खुलेको छ । यस सडक खण्डले पर्वत, म्याग्दी र मुस्ताङ जिल्ला छोएर निर्माण हुने छ ।

आयोजनाको (गैंडाकोट-राम्दी-मालढुङ्गा सडक योजना) लक्ष्य: कालीगण्डकी नदीको तटबाट दक्षिण गैंडाकोटदेखि उत्तर बागलुङ मालढुङ्गासम्म सडक निर्माण गर्ने कार्य गर्ने छ ।

आयोजनाको अवधि : २०६६/६७

## १८. उत्तर दक्षिण (कर्णाली कोरिडोर) आयोजना

उत्तर दक्षिण (कर्णाली कोरिडोर) आयोजनाअन्तर्गत निर्माण हुने सडक कालिकोट जिल्लाको कर्णाली राजमार्गअन्तर्गतको खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म रहेको छ । यसको लम्बाइ २६८ कि.मि. रहेको छ । यसमध्य २५९.५ कि.मि. ट्र्याक निर्माण भइसकेको छ र बाँकी ८.५ कि.मि. ट्र्याक निर्माण गर्ने काम नेपाली सेनाले गरिरहेको छ ।

आयोजनाको लक्ष्य : कालिकोट जिल्लाको खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म पक्की सडक निर्माण गरी कालिकोट, बाजुरा र हुम्ला जिल्लालाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने साथै उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिका लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्धन हुने, स्थानीय कृषि तथा जडीबुटी उत्पादन बजारसम्म पुऱ्याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने अपेक्षा गरिएको छ ।

आयोजना सुरु : आ.व.२०६५/६६

## १९. काठमाडौं-तराई/मधेस द्रुतमार्ग आयोजना

काठमाडौं-तराई-मधेस द्रुतमार्ग आयोजना राजधानी काठमाडौंलाई तराई-मधेससँग स्तरीय सडक (Asian Highway Standard Primary Class A) ले छोटो दुरीमा जोड्ने रणनीतिक महत्त्वको देशकै पहिलो द्रुतमार्ग हो । यस द्रुतमार्गले छोटो दुरीमा राजधानी काठमाडौंलाई

तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ गतेको निर्णयबाट नेपाली सेनालाई निर्माण व्यवस्थापनको जिम्मेवारी प्राप्त भएको यो आयोजना भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ गते नेपाली सेनालाई आयोजना हस्तान्तरण भएको हो ।

आयोजनाको लक्ष्य : राजधानी काठमाडौँलाई तराई-मधेससँग Asian Highway Design Standard (Primary Class A) स्तरको सडकले जोड्ने

आयोजनाको अवधि : सुरु आ.व.२०७४

## २०. मेलम्ची खानेपानी आयोजना

काठमाडौं उपत्यकाका करिब ३० लाख जनसङ्ख्यालाई दैनिक ५१ करोड लिटर खानेपानी उपलब्ध गराउने लक्ष्य रहेको यो आयोजनाले पहिलो चरणमा सिन्धुपाल्चोकको मेलम्चीबाट नदी डाइभर्सन गरी २६ कि.मि. सुरुङमार्फत् दैनिक १७ करोड लिटर पानी पथान्तरण गर्ने र दोस्रो चरणको कार्यक्रमअन्तर्गत याङ्ग्री र लार्के नदीबाट दैनिक थप १७/१७ करोड लिटर ( थप ३४ करोड लिटर) समेत गरी जम्मा ५१ करोड लिटर पानी वितरण गर्नका लागि थप दुईओटा सुरुङ मार्ग निर्माण गरी प्रथम चरणअन्तर्गत निर्माण भएको २६ कि.मि. लामो सुरुङमार्फत् काठमाडौं उपत्यकामा वितरण गर्ने साथै ३४ करोड लिटरको पानी प्रशोधन केन्द्र निर्माण गरिने लक्ष्य रहेको आयोजना हो ।

आयोजनको लक्ष्य: मेलम्ची याङ्ग्री तथा लार्के नदी डाइभर्सन गरी काठमाडौं उपत्यकामा जम्मा ५१ करोड लिटर खानेपानी उपलब्ध गराउने

आयोजनाको अवधि : पहिलो चरण आ.व. २०५५/५६ मा सुरु भई आ.व. २०७०/७१ मा सम्पन्न गर्ने लक्ष्य

## २१. पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अन्तर्गत अविच्छिन्न उत्तराधिकारवाला सङ्गठित संस्थाको रूपमा काठमाडौँको पशुपतिनाथ मन्दिर क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्यापर्यटनको नमुना क्षेत्र तथा हिन्दुहरूको अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा थप व्यवस्थित

गर्ने उद्देश्यले आ.व. २०७०/७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयन भइरहेको छ ।

आयोजनाको लक्ष्य : हिन्दुहरूको अन्तर्राष्ट्रिय तीर्थस्थल बनाउनुका साथै यस क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्यापर्यटनको नमुना क्षेत्रको रूपमा विकास गर्ने

आयोजनाको सुरुवात वर्ष : आ.व. २०७०/७१

## २२. लुम्बिनी विकास कोष



भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनी तथा भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरूपमा सम्बन्ध रहन गएको तिलौराकोट (प्रचीन कपिलवस्तु), गोटीहवा, निग्लिहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु), देवदह (रूपन्देही), रामग्राम (नवलपरासी) पुरातात्त्विक क्षेत्रको अन्वेषण, उत्खनन, संरक्षण तथा विकास गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ द्वारा लुम्बिनी विकास कोष गठन भएको हो । ऐनले निर्दिष्ट गरेअनुरूप कोषले कार्य सम्पादन गरिरहेको छ । लुम्बिनीको व्यवस्थित रूपमा विकास गर्न संयुक्त राष्ट्र सङ्घको सहयोगमा सन् १९७८ मा लुम्बिनी गुरुयोजना नेपाल सरकारबाट स्वीकृत भएको हो । सन् १९९५ मा सम्पन्न गर्ने लक्ष्य लिएकामा लक्षित रकम अभावका कारण लुम्बिनी गुरुयोजना पूर्णरूपमा सम्पन्न हुन सकेको छैन । आ.व. २०७०/७१ देखि नेपाल सरकारले लुम्बिनी गुरुयोजना निर्माण कार्यलाई राष्ट्रिय गौरवका आयोजनामा समावेश गरी प्राथमिकतामा राखेको छ । तत्पश्चात् गुरुयोजनाका केही महत्त्वपूर्ण क्रियाकलाप नेपाल सरकारको लगानीमा सम्पन्न भएका छन् ।

आयोजनाको लक्ष्य

(क) सन् १९७८ मा निर्मित लुम्बिनी गुरुयोजना पूरा गर्ने

(ख) लुम्बिनी विकास कोषअन्तर्गत रहेका भगवान् बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरूपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचीन कपिलवस्तु), गोटीहवा,

निग्लिहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु) देवदह रामग्राम ( नवलपरासी) क्षेत्रको अन्वेषण पुरातात्त्विक, उत्खनन, संरक्षण तथा योजनाबद्ध विकास गर्ने

आयोजनाको अवधि : आयोजना सुरु अवधि सन् १९७७

## २३. राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम



चुरे अथवा शिवालिक भनेर चिनिने भौगोलिक क्षेत्र नेपालको हिमालय पर्वत शृङ्खलाको महाभारतदेखि दक्षिणी भागमा पूर्वपश्चिम भई फैलिएर रहेको होचो र कमलो पहाड हो । यो पहाड करिब चार करोड वर्ष पहिले ग्रेगर थुप्रिएर Main Frontal Thrust (MFT) र Main Boundary Thrust (MBT) (भौगर्भिक दरारहरूको) बिचमा बनेको भूभाग हो । चुरे क्षेत्र पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा (सुस्ता पूर्व नवलपरासी समेत) फैलिएको छ । चुरेको भूपरिधि प्राकृतिक र पारिस्थितिकीय प्रणालीअनुरूप विशेष अन्यभन्दा फरक छ। चुरेको भूबनोट, माटोको प्रकृति, जैविक विविधतामा ह्रास र छोटो अवधिको सघन वर्षा आदि कारणले, अति संवेदनशील छ। चुरे क्षेत्र भूबनोटको हिसाबले कमलो भएकाले मानवीय तथा भौगर्भिक कारणले पनि पहिरो तथा भूक्षय हुने गर्छ । जनसङ्ख्याको चाप, अवैज्ञानिक खेतीपाती, खुला अतिचरिचरण/छाडा पशुपालन, अव्यवस्थित बसोबासले गर्दा वन विनाश र प्राकृतिक स्रोतको दोहन अत्यधिक हुँदा त्यसको नकारात्मक परिणाम वा प्रतिकूल असर चुरे, दूनलगायत समग्र तराई क्षेत्रमा परिरहेको छ। चौथो पञ्चवर्षीय योजनादेखि चौधौ यो योजना, वन विकास गुरुयोजना, राष्ट्रिय चुरे संरक्षण रणनीति, नेपाल वातावरणीय नीति तथा कार्ययोजना, दीर्घकालीन कृषि योजनाले चुरेक्षेत्रको संवेदनशीलताको संरक्षण र वातावरणीय सेवा एवम् भूमिगत जलपुनर्भरण आदिमा पुऱ्याउने योगदानलाई दृष्टिगत गर्दै कार्यक्रम कार्यान्वयनमा विशेष जोड दिएको छ। आ.व. २०६७/०६८ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सुरुवात गर्दै आएकामा चुरेका समस्या वा विकासका सवाल बहुसरोकावालासँग सम्बन्धित सबै विषयगत र सबै सरोकारवालासँगको समन्वय र सहकार्य आवश्यक देखिएकाले एकीकृत

कार्यक्रम कार्यान्वयन नीति जरुरी देखियो । यसलाई महसुस गरी Multidisciplinary Team रहने संरचनासहित नेपाल सरकारले २०७१ असार २ गते राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति गठन गरेको हो र आ.व. २०७१/७२ मा राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यक्रम सञ्चालन हुँदै आएको छ । विगत वर्षहरूमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम साविकका साझेदार निकायका विभिन्न विषयगत कार्यलयबाट गरिएको थियो भने आ.व. २०७५/७६ मा सम्बन्धित स्थानीय तह र प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट कार्यक्रम कार्यान्वयन गरिएको थियो । आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएबमोजिम चुरे क्षेत्रलाई समेट्ने गरी पाँचओटा कार्यक्रम कार्यान्वयन एकाइमार्फत् कार्य सञ्चालन हुने गरी नेपाल सरकार ( मन्त्रिपरिषद्)को मिति २०७६/०४/०६ को निर्णयअनुसार स्थापना भएका समितिअन्तर्गतका पाँचओटा कार्यक्रम कार्यान्वयन एकाइबाट कार्यक्रम कार्यान्वयन भइरहेको छ ।

आयोजनाको लक्ष्य

चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दिगो व्यवस्थापन, पारिस्थितिकीय सेवाको संवर्द्धनद्वारा गरिबी न्यूनीकरण एवम् समृद्ध नेपालको राष्ट्रिय लक्ष्यमा टेवा पुऱ्याउने

आयोजना अवधि : २० वर्ष

## राष्ट्रिय गौरवको आयोजनाको प्रभाव

राष्ट्रिय गौरवको आयोजनाहरूलाई राष्ट्रका महत्त्वपूर्ण आयोजना मात्र मानिँदैन तिनले नेपालका विकासमा पार्ने प्रभावलाई पनि ध्यान दिनुपर्छ । त्यसैले यहाँ हामी यस्ता आयोजनाको प्रभावको सङ्क्षेपमा चर्चा गर्छौं ।

(क) विकासको पूर्वाधारको विकासमन योगदान पुग्छ ।

(ख) स्थानीय स्रोत साधनको उपयोग हुन्छ ।

(ग) स्थानीय उत्पादनको बजार विस्तार हुन्छ ।

(घ) रोजगारीका अवसर उपलबध हुन्छन् ।

(ङ) उद्योग कलकारखनाको विकासमा योगदान पुग्छ ।

## अभ्यास

१. विकास भनेको के हो ?

२. राष्ट्रिय गौरवका आयोजना भन्नाले के बुझिन्छ ?

३. परियोजनाका पूर्वाधार के हुन् ?

४. कतिओटा परियोजनालाई राष्ट्रिय गौरवका आयोजना मानिएको छ ?

५. निश्चित समयमा नै राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्न के गर्नुपर्ला ?

६ तल दिइएका परियोजनाका विस्तृत विवरण www.npc.gov.np बाट खोजेर लेख्नुहोस् :

(क) भेरी बबई सिँचाइ आयोजना

(ख) निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

(ग) हुलाकी मार्ग

(घ) पशुपति क्षेत्र विकास कोष

(ङ) मेलम्ची खानेपानी आयोजना

७. राष्ट्रिय गौरवको आयोजनाको प्रगतिबारे माथि दिइएको वेबसाइटबाट खोजी गरेर लेख्नुहोस् ।

८ विकास आयोजनाको महत्त्व लेख्नुहोस् ।

९ नेपालमा सञ्चालित आयोजनाहरू समयमा नै सम्पन्न नहुनाका कारण र समाधानका उपाय लेख्नुहोस् ।

१० राष्ट्रिय गौरवका आयोजनामा राष्ट्रको मात्र लगानी प्रयोग गर्नु ठिक हो । यस भनाइप्रति तपाईँको आफ्नो धारणा लेख्नुहोस् ।

११. मध्य पहाडी लोक मार्ग पूरा भएपछि स्थानीयले प्राप्त गर्ने फाइदाको सूची बनाउनुहोस् ।

१२. राष्ट्रिय गौरवका आयोजनाहरूको सकारात्मक पक्ष चर्चा गर्नुहोस् ।

१३. समुदाय वा विद्यालयमा सञ्चालन सरसफाइ, फोहोर व्यवस्थापन जस्ता पक्षसँग सम्बन्धित परियोजना छनोट गरेर परियोजनाको कार्यान्वयन प्रक्रिया उल्लेख गर्नुहोस् ।

लेखन सिप

प्रश्न नं १४. को लेखन सिप लागि निम्नानुसार परियोजनाको नमुना तयार पार्नुहोस् :

(क) आयोजनाको नाम : विद्यालय सरसफाइ आयोजना

(ख) उद्देश्य : विद्यालयलाई स्वच्छ र सुन्दर बनाउने

(ग) आवश्यक सामग्री : हसिया, कुचो, डस्टबिन, कोदालो

(घ) सञ्चालन गरिने मिति : पुसको पहिलो हप्ता

(ङ) आवश्यक जनशक्ति : विद्यालयका शिक्षक, विद्यार्थी र कर्मचारी

(च) अनुमानित लागत : रु. पाँच हजार (खाजा र औजार खरिद )

पाठ ४

# क्षेत्रीय विकास र सङ्घीयताको अवधारणा

## विकासको अवधारणा

विकास भनेको सकारात्मक र प्रगतिशील अवधारणा हो । विकासको मुख्य लक्ष्य नै मानिसको जीवनस्तरमा सुधार गर्नु हो । विकासले मानिसको आर्थिक र सामाजिक प्रगतिलाई सङ्केत गर्छ । यसले देशको समग्र विकासमा सहयोग पुऱ्याउँछ । विकास मानवीय आवश्यकताको सन्तुष्टिसँग सम्बन्धित छ । यसले मानिसको सन्तुष्टिलाई वृद्धि गर्छ । मानवीय स्रोतले विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ र यसले विकासलाई निश्चित दिशा प्रदान गर्छ । विकासका लागि मानवीय र प्राकृतिक स्रोतहरू आवश्यक पर्छ । नदी, पर्वत, जङ्गल, खनिज आदि प्राकृतिक स्रोत हुन् भने दक्ष जनशक्ति, प्रविधि र तालिम आदि मानवीय स्रोत र साधन हुन् । विकासले विभिन्न आयामले सहरी, ग्रामीण, समुदाय, आर्थिक विकास, वातावरण संरक्षण, जलवायु परिवर्तन, प्रशासकीय सुधारलाई सङ्केत गर्छ । व्यवस्थित र वातावरण मैत्री विकासले मानवीय आवश्यकता र वातावरण संरक्षणमा सहयोग गर्छ । यसले मानिसको आधारभूत आवश्यकता पूरा गर्छ र नागरिक अधिकार प्राप्तिमा सहयोग पुग्छ । यसका साथै व्यक्तिगत, सामाजिक र आर्थिक विकासमा योगदान पुऱ्याउँछ । त्यसैले देशको उन्नति र प्रगतिका लागि विकास गतिविधि सञ्चालित भएका हुन्छन् ।

विकासको आवश्यकता

(क) मानिसका आवश्यकता पूरा गरी मानवीय जीवनलाई सहज र समृद्ध बनाउन

(ख) आत्म निर्भरमा र सक्षमता वृद्धि गर्न

(ग) आर्थिक र सामाजिक रूपान्तरण सुनिश्चित गर्न

(घ) परम्परागत सोचमा परिवर्तन ल्याउन

## क्षेत्रीय विकासको अवधारणा

देशलाई विभिन्न प्रशासनिक एकाइमा विभाजन गरेर विकास गतिविधि अघि बढाउने प्रक्रियालाई क्षेत्रीय विकास भनिन्छ । देशको विकासलाई सन्तुलित र समानुपातिक रूपमा अघि बढाउने उद्देश्यले गरिएको विभाजन क्षेत्रीय विभाजन हो । क्षेत्रीय विकास देशको प्रशासनिक गतिविधिसँग सम्बन्धित छ । क्षेत्रीय विकासको मुख्य उद्देश्य सेवालाई सहज र तीव्र गतिमा अघि बढाउनु पनि हो । तीव्र, सन्तुलित र चौतर्फी विकासका लागि क्षेत्रीय विकासको अवधारणा अघि बढाइएको हो । यही अवधारणालाई अघि बढाउन नेपाललाई वि. सं. २०२९ मा चार विकास क्षेत्र र वि. सं. २०३७

मा पाँच विकास क्षेत्रमा विभाजन गरियो । उक्त विभाजन लम्बवत् थियो र तीनैओटा भौगोलिक क्षेत्रलाई समेटिएको थियो । भौगोलिक स्वरूपको आधारमा नेपाललाई हिमाल, पहाड र तराई क्षेत्रमा विभाजन गर्न सकिन्छ । भौगोलिक कठिनाइको कारणले पहाडी र हिमाली क्षेत्रमा विकास आयोजना सञ्चालन गर्न गाह्रो हुन्छ । समथर जमिन हुनाले तराई क्षेत्रमा विकास आयोजना सञ्चालन गर्न सहज हुन्छ । वि. सं. २०१८ वैशाख १ गते नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । वि. सं. २०७२ पछि नेपालमा ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तह छन् ।

## सङ्घीयता

सङ्घीयता ल्याटिन भाषाको फेडउस (Foedus) शब्दबाट आएको हो । जसको अर्थ सङ्घ र सम्झौता भनिन्छ । त्यसैले सङ्घीयता भनेको केन्द्रीय सरकार, प्रादेशिक सरकार तथा स्थानीय सरकारबिच सहमतिको आधारमा राज्यशक्ति बाँडफाँट तथा साझेदारीमा राज्य सञ्चालन गर्ने शासन व्यवस्था हो । विश्वका २८ ओटा देशहरूले सङ्घीय प्रणाली अपनाएका छन् । विश्वमा तीन प्रकारको सङ्घीयताको प्रयोग भएको देखिन्छ । मिश्रित सङ्घीयता जसमा केन्द्र शक्तिशाली हुन्छ । यस्तो सङ्घीयता जर्मन र स्विट्जरल्यान्डमा प्रचलन रहेको छ । दोस्रो केन्द्रको मातहत सञ्चालित सङ्घीयता, यस्तै सङ्घीयताको अभ्यास भारतमा भएको पाइन्छ । तेस्रो सङ्घीयताको अवधारणामा प्रदेश शक्तिशाली हुने सङ्घीयता हो । यस्तो सङ्घीयताको अभ्यास क्यानडामा गरिएको छ । यसरी निष्कर्षमा देशलाई विभिन्न प्रान्त वा प्रदेशमा विभाजन गरी गरिने शासन व्यवस्थालाई नै सङ्घीयता भनिन्छ ।

सङ्घीय शासन प्रणालीका निम्नलिखित विशषेता उल्लेख गर्न सकिन्छ :

१. राज्य शक्तिको प्रयोग दुई वा बढी तहमा हुने
२. सरकारका तहहरूबिच सार्वभौमसत्ताको साझेदारी हुने
३. प्रत्येक तहका सरकार नागरिकप्रति उत्तरदायी हुने
४. तहगत शासन प्रणालीको आधारमा संविधानमा उल्लेख हुने
५ .तहगत सरकारका अधिकार तोकिएबमोजिम हुने
६. विवाद समाधानको निश्चित संयन्त्र हुने

नेपालले लामो समयसम्म एकात्मक शासन व्यवस्था अभ्यास गर्‍यो । यस्तो शासन प्रणालीमा स्थानीय निकायलाई केन्द्रले नियन्त्रणमा राखेको हुन्छ । तर एकात्मक शासन व्यवस्थामा जन अपेक्षाअनुसार विकास हुन सकेन । त्यसैले यो प्रणालीअन्तर्गत सबै मानिसहरूले राज्यको मूल

धारमा समावेश गरिएन । समावेशी भावना विकास गर्न सङ्घीय प्रणालीको सुरुवात भयो । स्रोत, साधनको प्रभावकारी उपयोग र आर्थिक, सामाजिक, धार्मिक विभेद कम गर्न नेपाललाई सङ्घीय प्रणालीमा रूपान्तरण गरियो । वि. सं. २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रूपमा घोषणा गरियो । सङ्घीयताको अवधारणाअनुसार, नेपाललाई सातओटा स्वायत्त प्रदेशमा विभाजन गरियो । अहिले केन्द्रमा सङ्घीय सरकारबिच प्रदेश स्तरमा प्रादेशिक सरकार निर्माण भएको छ । त्यसैले नेपालको सङ्घीयता तीन तहमा आधारित छ : सङ्घ, प्रदेश र स्थानीय तह । यसरी स्थानीय स्रोत साधनको प्रभावकारी उपयोग गरी जन सहभागिता अभिवृद्धि गर्नु सहयोग पुऱ्याउँछ ।

नेपालमा पहिचान र क्षमताको आधारमा सङ्घीय प्रणालीको अवधारणा अघि सारिएको छ । संविधानले नै सङ्घ, प्रदेश र स्थानीय तहमा निम्नानुसारको अधिकारको बाँडफाँट गरेको छ ।

| सङ्घको अधिकार सूची (३५) | प्रदेशको अधिकार सूची (२१) | स्थानीय तहको अधिकार सूची (२२) |
|---|---|---|
| १. राष्ट्रिय एकता र अखण्डताको संरक्षण | १. प्रदेश निजामती सेवा र अरू सरकारी सेवा | १. स्थानीय स्तरका विकास आयोजना र परियोजना |
| २. रक्षा र सेवासम्बन्धी | २. प्रदेश स्तरको जलविद्युत् सिँचाइ, खानेपानी, परिवहन | २. आधारभूत र माध्यामिक शिक्षा |
| ३. केन्द्रीय योजना, केन्द्रीय बैङ्क वित्तीय नीति, भौदिक नीति, वैदेशिक नीति | ३. प्रदेश विश्वविद्यालय उच्च शिक्षा, सङ्ग्रहालय र पुस्तकालय | ३. आधारभूत स्वास्थ्य र सरसफाइ |
| ४. परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्र सङ्घ | ४. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग | ४. नगर प्रहरी, सरकारी संस्था र एफ. एम. सञ्चालक |
| ५. केन्द्रीय स्तरका ठुला | ५. भूमि व्यवस्थापन | ५. स्थानीय कर (सम्पत्ति कर, घर |

| | | |
|---|---|---|
| विद्युत् आयोजना, सिँचाइ आदि | जग्गाको अभिलेख | बहालकर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर) भूमिकर विज्ञापन कर आदि |
| ६. राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोक मार्ग व्यवस्थापन | ६. प्रदेश सभा र प्रदेश मन्त्रिपरिषद् | ६. स्थानीय सडक, सिँचाइ, ग्रामीण सडक, कृषि सडक आदि |

## सङ्घीयताका राम्रा पक्ष

कुनै पनि राजनीतिक व्यवस्था पूर्ण हुँदैन । प्रत्येक राजनीतिक व्यवस्थाका आआफ्नै प्रकारका गुण र दोष हुन्छन् । सङ्घीय प्रणालीका केही राम्रा पक्ष छन् भने केही कमजोर पक्ष छन् ।

राम्रा पक्ष

१. राज्य र जनताबाट सम्बन्ध कायम हुने
२. द्वन्द्व व्यवस्थापन स्थानीय स्तरमा नै हुने
३. स्रोत र साधनको अधिकतम उपयोग
४. केन्द्रीय सरकार विघटन भए पनि विकासमा बाधा नपर्ने
५. केन्द्रप्रतिको निर्भरता कम हुने
६. सरकारी गतिविधिमा स्थानीय जनसहभागिता बढ्ने
७. विकास निर्माण तीव्र हुने
८. स्थानीय भाषा, लिपि, संस्कृति आदिको संरक्षण हुने
९. जनसङ्ख्याको सन्तुलित विवरणमा सहयोग पुग्ने

सङ्घीय प्रणालीका चुनौती

१. स्रोत र साधनमा समानुपातिक विवरण भएमा समानुपातिक विकासमा बाधा पर्ने र प्रदेशहरूबिच असमझदारी बढ्ने
२. प्राकृतिक स्रोत र साधनको उपयोगलाई लिएर प्रदेशहरूबिच द्वन्द्व हुन सक्ने
३. खर्चिलो प्रणाली हुनाले विकास निर्माणमा बजेट अभाव हुन सक्ने

४. अधिकारका बाँडफाँटमा केन्द्र र प्रदेशबिच असमझदारी हुन सक्ने

५. प्रदेशले छुट्टिन वा छुट्टै राज्यको माग गरेमा राष्ट्रिय अखण्डता कमजोर हुने

६. सबै सांस्कृतिक समूहलाई समान पहिचान दिन गाह्रो हुने

## अभ्यास

१. विकासको अवधारणाको परिभाषा दिनुहोस् ।

२. सङ्घीयता भनेको के हो ?

३. एकात्मक शासक व्यवस्था र सङ्घीय शासन व्यवस्थाको भिन्नता देखाउनुहोस् ।

४. सङ्घीय लोकतान्त्रिक गणतन्त्र भनेको के हो ?

५. नेपालको संविधानअनुसार तीन तहको सरकार भनेको के हो ?

६ विकासका विभिन्न पक्षलाई चार्टमा प्रस्तुत गर्नुहोस् ।

७ क्षेत्रीय विकासको अवधारणाका उद्देश्य लेख्नुहोस् ।

८ नेपालमा सङ्घीयताको किन आवश्यकता पर्‍यो होला ?

९ सङ्घीय प्रणालीका सकारात्मक पक्ष उल्लेख गर्नुहोस् ।

१०. सङ्घीयताका नकारात्मक पक्ष पनि धेरै छन्, कसरी ?

११. केन्द्रीय, प्रदेश र स्थानीय निकायले सङ्घीयतालाई सफल बनाउन के गर्नुपर्ला ?

१२. “सङ्घीय प्रणालीमा जनता र राज्यबिच सुसम्बन्ध हुन्छ” यो भनाइलाई पुष्टि गर्नुहोस् ।

१३. सङ्घीय प्रणाली भएका अन्य देशहरूका राम्रा पक्ष र नराम्रा पक्ष इन्टरनेटको सहायताले खोजी गरेर प्रतिवेदन तयार पार्नुहोस् ।

१४. नेपाललाई सङ्घीयतामा विभाजन गर्ने आधार के के हुन् ? तपाईँ बसेको स्थानको स्थानीय नेतालाई भेटी लेख्नुहोस् ।

१५. सङ्घीय अवधारणाअनुसार शासन गर्दा के कस्ता जटिलता आउँछन्, लेख्नुहोस् ।

पाठ ५

# नेपालका प्रदेश

वर्तमान संविधानले नेपाललाई सङ्घीय गणतान्त्रिक मुलुक घोषणा गऱ्यो । सङ्घीय प्रणालीअन्तर्गत सातओटा प्रदेश रहने व्यवस्था छ । यी प्रदेशको विवरण यसप्रकार छ :

कोसी प्रदेश

| कोसी प्रदेश | |
|---|---|
| क्षेत्रफल | १७.६ %(२५,९०५ वर्ग कि. मि.) |
| जनसङ्ख्या | १७.०१% (४९,६१,४१२) |
| जिल्लाको सङ्ख्या र नाम | १४ (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, तेह्रथुम, भोजपुर, सङ्खुवासभा, सोलुखुम्बु, ओखलढुङ्गा, |
| स्थानीय तह | १३७ (गाउँपालिका: ८८, नगरपालिका: ४६, उप-महानगरपालिका: २, महानगरपालिका: १) |
| प्रदेश राजधानी | विराटनगर |

कोसी प्रदेशको नक्सा



भौगोलिक अवस्था

१. पूर्वी भागमा अवस्थित (हिमाल, पहाड र तराई तिनैओटा क्षेत्रमा फैलिएको)

२. क्षेत्रफल २५,९०५ वर्ग कि. मि. (१७.०१%) र जनसङ्ख्या ४९,६१,४१२

३. प्राकृतिक रूपमा उत्तरतिर हिमाली क्षेत्र, चिसो हावापानी, भिरालो जमिन, कोणधारी बनस्पति पाइने

४. मुख्य हिमालहरूमा कञ्चनजङ्घा, सगरमाथा, चोयु, ल्होत्से आदि

५. मध्य भागमा पहाडी प्रदेश, मध्यम हावापानी, भिरालो जमिन, नदी बेँसी र उपत्यका/पतझर वनस्पति

६. दक्षिण भागमा तराई प्रदेश, समथर जमिन, मलिलो माटो, उष्ण हावापानी र सदावहार वनस्पति

७. यो प्रदेशमा ग्रीष्ममा वर्षा हुने

८. यहाँ ह्यात्रुङ, नमस्ते, पोकली, टोड्के जस्ता झरना पर्छन् ।

९. सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कोसी टप्पु वन्यजन्तु आरक्ष तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र पर्छन् ।

सामाजिक सांस्कृतिक अवस्था

१. शेर्पा, लिम्बू, राई, क्षेत्री, बाहुन, लेप्चा, धिमाल, राजवंशी बस्ने

२. हिन्दु धर्म मान्नेले दसैँ, तिहार, छठ, होली, बुद्ध धर्म मान्नेले ल्होसार, बुद्ध जयन्ती, इस्लाम धर्म मान्नेले इद, बकर इद, इसाईहरूले क्रिस्मस मनाउने

३. उत्तरतर्फ बस्नेले बाक्ला उनीका लुगा र अन्य ठाउँमा आआफ्नै संस्कृतिअनुसारको वेशभूषा

४. बराहक्षेत्र, पाथिरा, दन्तकाली, हलेसी महादेव मुख्य धार्मिक क्षेत्र

५. नेपाली र मैथिली तथा विभिन्न जातिहरूले बोलिने भाषा

६. साक्षरता दर उच्च

आर्थिक क्रियाकलाप र विकास

१. मानिसहरू कृषि, उद्योग व्यापार, पर्यटन, पशुपालनमा संलग्न छन् ।

२. मुख्य खाद्यान्न बालीमा धान, मकै, गहुँ, कोदो र नगदेबालीमा चिया, सुर्ती, सनपाट, उखु आदि उत्पादन हुन्छ ।

३. यस प्रदेशमा चिनी, जुट, कपडा, चिया उद्योग प्रशस्त छन् ।

४. इलाम, भेडेटार, तिनजुरे मिल्के, राजारानी, सगरमाथा, नाम्चे बजार, सुनसरीको ताल तलैया, अरुण उपत्यका जस्ता पर्यटकीय स्थलहरू प्रशस्त छन् ।

५. राई, लिम्बू, भारतीय तथा बेलायती सेनामा र शेर्पाहरू पर्वतारोहणमा संलग्न भएको पाइन्छ ।

६. बिराटनगर, इटहरी, धरान, धनकुटा, फिदिम, गाईघाट, भद्रपुर, बिर्तामोड आदि मुख्य व्यापारिक केन्द्र हुन् ।

७. मेची राजमार्ग, कोसी राजमार्ग, बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पूर्वाञ्चल विश्वविद्यालय जस्ता पूर्वाधार पनि छन् ।

## मधेस प्रदेश

| मधेस प्रदेश | |
|---|---|
| क्षेत्रफल | ६.५६ (९,६६१ वर्ग कि. मि.) |
| जनसङ्ख्या | २०.९७% (६१,१४,६०० वि. सं. २०७८ को जनगणनाअनुसार) |
| जिल्लाको सङ्ख्या र नाम | ८ (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट) |
| स्थानीय तह | १३६ (गाउँपालिका: ५९, नगरपालिका: ७३, उप-महानगरपालिका: ३, महानगरपालिका: १) |
| प्रदेश राजधानी | जनकपुर |

## मधेस प्रदेशको नक्सा




### भौगोलिक अवस्था

१. मध्य तराईमा अवस्थित

२. पर्सादेखि सप्तरीसम्म समथर जमिनमा फैलिएको

३. क्षेत्रफल ९,६६१ वर्ग कि. मि. र जनसङ्ख्या ६१,१४,६००

४. अधिकांश भित्री मधेस र मुख्य तराई क्षेत्र

५. माटो मलिलो, उष्ण हावापानी र ग्रीष्ममा प्रशस्त वर्षा हुने

६. यो प्रदेशको उत्तरमा घना चारकोसे जङ्गल र चुरे पर्वत श्रेणी

### सामाजिक सांस्कृतिक वातावरण

१. मधेसी समुदायको बाहुल्य (यादव, थारु, मुस्लिम, दलित)

२. मैथली, भोजपुरी, नेपाली र बज्जिका मुख्य भाषा

३. मुख्य धार्मिक स्थलहरूमा गढीमाई, जनकपुर, छिन्नमस्ता

### आर्थिक गतिविधि र विकास

१. धेरै उद्योग कलकारखाना अवस्थित

२. पूर्वपश्चिम राजमार्ग र हुलाकी मार्गले यातायात सेवा प्रदान

३. औद्योगिक उत्पादन, मत्स्य पालन, कृषिले कुल ग्रार्हस्थ उत्पादनमा योगदान

४. वैदेशिक रोजगारी, उद्योग र उच्च कृषि उत्पादन हुनाले प्रतिव्यक्ति आय धेरै

५. वीरगञ्ज, जनकपुर, सिमरा, हरिवन, चन्द्रनिगाहपुर, लाहान, राजविराज मुख्य वाणिज्य केन्द्र

६. कृषि, पशुपालन, पर्यटन, सेवा, वाणिज्य व्यापार मुख्य आर्थिक गतिविधि

७. कोसी टप्पु वन्यजन्तु र पर्सा राष्ट्रिय निकुञ्ज यहीँ पर्ने

## बागमती प्रदेश

| बागमती प्रदेश | |
|---|---|
| क्षेत्रफल | १३.७९% (२०,३०० वर्ग कि. मि.) |
| जनसङ्ख्या | .२०.९७%(६११६८६६) वि.सं. २०७८ को जनगणनाअनुसार) |
| जिल्लाको सङ्ख्या र नाम | १३ (दोलखा, रामेछाप, सिन्धुली, रसुवा, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, काठमाडौँ, ललितपुर, भक्तपुर, मकवानपुर र चितवन) |
| स्थानीय तह | ११९ (गाउँपालिका: ७४, नगरपालिका: ४१, उपमहानगरपालिका: १, महानगरपालिका: ३) |
| प्रदेश राजधानी | हेटौँडा |

### बागमती प्रदेशको नक्सा



भौगोलिक अवस्था

१. अधिकांश भाग हिमाली तथा पहाडी प्रदेशमा

२. काठमाडौँ, बनेपा, पाँचखाल उपत्यकालगायतका स्थानहरू यहीँ अवस्थित

३. क्षेत्रफल २०,३०० वर्ग कि. मि. र जनसङ्ख्या ६१,१६,८६६

४. गौरीशङ्कर, गणेश, लाङटाङ, जुगल मुख्य हिमाल

५. त्रिशूली, भोटेकोसी, बागमती मुख्य नदी

६. अधिकांश भाग पहाडी प्रदेशमा पर्ने हुनाले समशीतोष्ण हावापानी पाइने

७. उष्ण सदावहार, पतझर र घाँसे भूमि पाइने

८. वर्षा विशेष गरेर ग्रीष्ममा

सामाजिक सांस्कृतिक वातावरण

१. विभिन्न जातजातिका मानिसहरूको बसोबास

२. भोटे, शेर्पा, तामाङ, जिरेल, मगर, चेपाङ, बाहुन, क्षेत्री, थारु र नेवार

३. विभिन्न जातजातिको सांस्कृतिक एकता भएको

४. शिवपुरी, लाङटाङ, चितवन राष्ट्रिय निकुञ्ज र गोसाइकुण्ड, पलाञ्चोक भगवती, पशुपतिनाथ, दक्षिणकाली, स्वयम्भू, बौद्धनाथ जस्ता महत्त्वपूर्ण धार्मिक स्थल

आर्थिक गतिविधि र विकास

१. पूर्वाधारको प्रर्याप्त विकास भएको

२. कृषि, उद्योग, व्यापार, पर्यटन मुख्य आर्थिक क्रियाकलाप

३. बालाजु, पाटन, भक्तपुर औद्योगिक क्षेत्र र नारायणगढ, हेटौँडा, काठमाडौँ, बनेपा, त्रिशूली मुख्य वाणिज्य केन्द्र

४. शिक्षा, स्वास्थ्य, बिजुली, खानेपानी र यातायातको सुविधा

## गण्डकी प्रदेश

| गण्डकी प्रदेश | |
|---|---|
| क्षेत्रफल | १४.६१% (२१,५०४ वर्ग कि. मि.) |
| जनसङ्ख्या | ८.४६% (२४,६६,४२७ वि. सं. २०७८ को जनगणनाअनुसार) |
| जिल्लाको सङ्ख्या र नाम | ११ (गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी, बाग्लुङ र नवलपरासी पूर्व) |
| स्थानीय तह | ८५ (गाउँपालिका : ५८, नगरपालिका : २६, उपमहानगरपालिका: ०, महानगरपालिका : १) |
| प्रदेश राजधानी | पोखरा |

## गण्डकी प्रदेशको नक्सा



भौगोलिक अवस्था

१. यो प्रदेशको अधिकांश भाग हिमाली र पहाडी क्षेत्रमा पर्छ ।

२. यस प्रदेशको क्षेत्रफल २१,५०४ वर्ग कि. मि.

३. मनाङ, मुस्ताङ, हिमाली प्रदेशमा र पोखरा उपत्यकालगायतका ठाउँहरू पहाडी प्रदेशमा पर्छन् ।

४. सेती, काली गण्डकी, मर्स्याङ्दी मुख्य नदी

५. धवलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु मुख्य हिमाल

६. तिलिचो, रूपा, फेवा, बेगनास मुख्य ताल

७. प्रशस्त पानी पर्छ र हिमाली भेकमा ठन्डा तथा पहाडी भेकमा समशीतोष्ण प्रकारको हावापानी पाइने

८. कोणधारी, पतझर र अल्पाइन घाँसे भूमि पाइने

सामाजिक र सांस्कृतिक वातावरण

१. जनघनत्व कम छ ।

२. मगर, गुरुङ, बाहुन, क्षेत्री, दुरा, थकाली मुख्य जातजाति

३. पोखरा विश्वविद्यालयलगायत शैक्षिक संस्था

४. मुक्तिनाथ, गलेश्वर, बागलुङ, कालिका, मनकामना, मौलाकालिका, तालबाराही, ढोरवाराही मुख्य धार्मिक स्थल यहाँ अवस्थित छन् ।

आर्थिक गतिविधि र विकास

१. पर्यटन विकासको प्रर्याप्त सम्भावना छ ।

२. पोखरा, गोरखा, बन्दीपुर, मुस्ताङ, मनाङ मुख्य पर्यटकीय केन्द्रहरू हुन् ।

३. यहाँ जलविद्युत् उत्पादनको सम्भावना पनि धेरै छ ।

४. कालिगण्डकी, मर्स्याङ्दी मुख्य जलविद्युत् आयोजना हुन् ।

५. वैदेशिक रोजगारी, कृषि, सेवा, पर्यटन मुख्य आर्थिक क्रियाकलाप हुन् ।

६. हिमाली क्षेत्रमा स्याउ र पहाडी प्रदेशमा सुन्तला उत्पादनका लागि प्रसिद्ध छ ।

७. कृषि योग्य जमिन कम छ ।

८. सडक सञ्जाल तथा केबलकार तथा हवाई यातायातको राम्रो विकास भएको

## लुम्बिनी प्रदेश

| लुम्बिनी प्रदेश | |
|---|---|
| क्षेत्रफल | १५.१४% (२२,२८८ वर्ग कि. मि.) |
| जनसङ्ख्या | १७.५६% (५१,२२,०७८ वि. सं. २०७८ को जनगणनाअनुसार) |
| जिल्लाको सङ्ख्या र नाम | १२ (नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम पूर्व, रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया) |
| स्थानीय तह | १०९ (गाउँपालिका : ७३, नगरपालिका : ३२, उपमहानगरपालिका : ४, महानगरपालिका : ०) |
| प्रदेश राजधानी | दाङ, देउखुरी उपत्यका |

## लुम्बिनी प्रदेशको नक्सा




**भौगोलिक अवस्था**

१. यो प्रदेशअन्तर्गत उच्च पहाडी भागको सिस्ने हिमाल क्षेत्र पर्छ ।

२. धेरै भाग तराई प्रदेश र पहाडी प्रदेशमा पर्छ ।

३.	क्षेत्रफल २२,२८८ वर्ग कि. मि. छ ।

४.	यस प्रदेशमा प्रशस्त खेती योग्य जमिन छ ।

५.	तिनाउ, राप्ती, बबई मुख्य नदी हुन् ।

६.	ग्रीष्ममा गर्मी र हिउँदमा शीत लहरले गर्दा ठन्डा हुन्छ ।

७.	यहाँ समशीतोष्ण तथा उष्ण  प्रकारको हावापानी पाइन्छ ।

८.	सत्यवती, बाह्रकुने र जगदीशपुर ताल पर्छन् ।

९.	उष्ण सदावहार र पतझर वनस्पति पाइन्छ ।

१०.	दाङ, देउखुरी, रामपुर, माडी जस्ता उपत्यका यहाँ पर्छन् ।

सामाजिक र सांस्कृतिक वातावरण

१.	जातीय विविधता छ ।

२.	मगर, बाहुन, क्षेत्री, थारु, मुसलमान जातिको बसोबास पाइन्छ ।

३.	दक्षिणी भागमा मधेसी समुदायको घनाबस्ती पाइन्छ ।

४.	यहाँको जमिन खेतीका लागि प्रयोग गरिएको छ ।

५.	लुम्बिनी, वागीश्वरी, ठाकुरद्वारा, स्वर्गद्वारी, ऋषिकेश, रिडी आदि मुख्य धार्मिक स्थल हुन् ।

आर्थिक गतिविधि र विकास

१.	यस क्षेत्रमा कृषि विकासको प्रशस्त सम्भावना छ ।

२.	सिक्टा, बबई, वाणगङ्गा, तिनाउ सिँचाइ आयोजना यहीँ प्रदेशमा पर्छन् ।

३.	तराई क्षेत्रमा चिनी, चाउचाउ तथा मदिरासँग सम्बन्धित उद्योग छन् ।

४.	पहाडी क्षेत्रमा साना तथा घरेलु उद्योग छन् ।

५.	पाल्पाको ढाका र करुवा प्रसिद्ध छ ।

६.	यहाँका मुख्य पर्यटकीय स्थलहरूमा पाल्पा तानसेन, वागीश्वरी, बर्दिया राष्ट्रिय निकुञ्ज, लुम्बिनी, तिलौराकोट, स्वर्गद्वारी आदि हुन् ।

७.	नेपाल संस्कृत विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्व विद्यालय यही प्रदेशमा पर्छन् ।

८.	झिमरुक जलविद्युत् परियोजना महत्त्वपूर्ण आयोजना हो ।

९. कृषि, पर्यटन, वाणिज्य व्यापार, वैदेशिक रोजगारी मुख्य आर्थिक क्रियाकलाप हुन् ।

१०. बुटवल, भैरहवा, घोराही, तुल्सीपुर, तानसेन, नेपालगन्ज, गुलेरिया, सन्धिखर्क मुख्य व्यापारिक केन्द्र हुन् ।

## कर्णाली प्रदेश

| कर्णाली प्रदेश | |
|---|---|
| क्षेत्रफल | १९.०१% (२७,९८४ वर्ग कि. मि.) |
| जनसङ्ख्या | ५.७९% (१६,८८,४१२) वि. सं. २०७८ को जनगणनाअनुसार) |
| जिल्लाको सङ्ख्या र नाम | १० (रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख र सुर्खेत) |
| स्थानीय तह | ७९ (गाउँपालिका : ५४, नगरपालिका : २५, उपमहानगरपालिका : ०, महानगरपालिका : ०) |
| प्रदेश राजधानी | वीरेन्द्रनगर |

## कर्णाली प्रदेशको नक्सा



भौगोलिक अवस्था

१. पहाडी र हिमाली प्रदेशमा अवस्थित छ ।

२. क्षेत्रफल २७,९८४ वर्ग कि. मि. छ ।

३. यहाँको हावापानी सुखा र चिसो छ ।

४. तिला, सानी भेरी, ठुली भेरी, हुम्लाकर्णाली, मुगु कर्णाली मुख्य नदी हुन् ।

५. यहाँको मुख्य हिमाल कान्जिरोवा र पतरासी हुन् ।

६. रारा ताल र फोक्सुन्डो ताल यही पर्छ ।

७. यहाँ सबैभन्दा धेरै चरन क्षेत्र छ ।

८. तल्लो भागमा पतझर र कोणधारी तथा माथिल्लो भागमा घाँसे भूमि पाइन्छ ।

सामाजिक र सांस्कृतिक वातावरण

१. क्षेत्री, बाहुन, ठकुरी र दलित जातजाति पाइन्छन् ।

२. क्राँक्रे विहार, शेगुम्बा, चन्दननाथ, देउती बजै मुख्य धार्मिक स्थल हुन् ।

आर्थिक गतिविधि र विकास

१. जलविद्युत् उत्पादनको ठुलो सम्भावना छ ।

२. यहाँ पाइने घाँसे भूमि पशुपालनका लागि उपयुक्त छ ।

३. यही भागमा प्रशस्तमात्रामा जडीबुटी पाइन्छ ।

४. यार्सागुम्बा सङ्कलन, स्याउ उत्पादन र पशुपालन मुख्य आर्थिक क्रियाकलाप हुन् ।

५. जङ्गलबाट विभिन्न वस्तुको उत्पादन हुन्छ ।

६. रत्न राजमार्ग, कर्णाली राजमार्ग, छिन्चु जाजरकोट सडक मुख्य सडक यातायातका सञ्जाल हुन् ।

७. जुम्ला, सल्लीबजार, दुल्लु, वीरेन्द्रनगर, छिन्चु आदि मुख्य व्यापारिक केन्द्र हुन् ।

८. यहाँ प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थल हुनाले पर्यटन उद्योगको पनि उत्तिकै सम्भावना छ ।

## सुदूरपश्चिम प्रदेश

| सुदूरपश्चिम प्रदेश | |
|---|---|
| क्षेत्रफल | १३.२७% (१९,५३९ वर्ग कि. मि.) |
| जनसङ्ख्या | ९.२४ (२६,९४,७८३) वि. सं. २०७८ को जनगणनाअनुसार) |
| जिल्लाको सङ्ख्या र नाम | ९ (बाजुरा, बझाङ, डोटी, कैलाली, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर) |
| स्थानीय तह | ८८ (गाउँपालिका : ५४, नगरपालिका : ३३, उपमहानगरपालिका : १, महानगरपालिका : ०) |
| प्रदेश राजधानी | धनगढी, गोदावरी |

## सुदूरपश्चिम प्रदेशको नक्सा




**भौगोलिक अवस्था**

१. नेपालशे तराई प्रदेश मलिलो माटोद्वारा निर्मित छ र उब्जनशील पनि छ ।

२. यहाँ उष्ण, समशितोष्ण र चिसो हावापानी पाइन्छ ।

३. बढीगंगा, सेती, महाकालि यहाँका मख्य नदि हुन् ।

४. यहाँका मुख्य हिमाल अपि र सैपाल हुन् ।

५. खप्टड राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज यहि पर्छन् ।

सामाजिक र सांस्कृतिक वातावरण

१. बाहुन, क्षेत्री, ठकुरी, दलित, थारु मुख्य बासिन्दा हुन् ।

२. बडिमालिका, उग्रतारा, शैलेश्वरी आदि यहाँका मुख्य धार्मिक स्थल हुन् ।

३. यो प्रदेश संस्कृतिको दृष्टिकोणले धनी छ ।

४. गौरा पर्व र देउडा नाच यहाँका मुख्य सांस्कृतिक गतिविधि हुन् ।

५. अधिकांश मानिस विभिन्न सामाजिक समस्या र हलिया देउकी, छाउपडी जस्ता कुप्रथाबाट ग्रस्त छन् ।

६. विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले यस्ता समस्या समाधानमा कार्यरत छन् ।

आर्थिक गतिविधि र विकास

१. यो प्रदेशमा खाद्यबाली प्रशस्त उत्पादन हुन्छ ।

२. मुख्य खाद्यबाली धान, गहुँ, कोदो, मकै र नगदेबालीमा कपास, तेलहन आदि उत्पादन हुन्छ ।

३. टनकपुर परियोजना र पञ्चेश्वर बहुउद्देश्यीय आयोजना मुख्य आयोजना हुन् ।

४. पश्चिम सेती राष्ट्रिय गौरवको आयोजना पनि यहीँ सञ्चालित हुन गइरहेको छ ।

५. शुक्लाफाँट र खप्तड राष्ट्रिय निकुञ्ज पर्यटकको मुख्य आकर्षण हुन् ।

६. डडेल्धुरा, साँफेबगर, टीकापुर, अत्तरिया, सिलगढी, धनगढी, भीमदत्त नगर आदि यस प्रदेशका मुख्य व्यापारिक केन्द्र हुन् ।

७. तराई क्षेत्रमा सडक यातायातको राम्रो विकास भएको छ ।

८. यहाँबाट सडकमार्गबाट भारत जान पनि सहज छ ।

९. कृषि, सेवा, व्यापार, पर्यटन, वैदेशिक रोजगारी आदि यहाँको मुख्य आर्थिक क्रियाकलाप हो ।

१०. रोजगारीका लागि ठुलो सङ्ख्यामा मानिसहरू भारत जाने गर्छन् ।

## अभ्यास

१. कृषि योग्य जमिन कुन प्रदेशमा बढी छ ? यसले विकासमा कसरी योगदान पुऱ्याउँछ ?

२. कुन प्रदेशको अधिकांश भूभाग हिमाली प्रदेशमा पर्छ ?

३. कुन प्रदेशमा चरन भूमि कम छ ?

४. कम जङ्गल भएको प्रदेश कुन हो ? यसको विकल्प के हुन सक्छ ?

५. तपाईँ बस्ने प्रदेशको दुईओटा भौतिक स्वरूपको विशेषता लेख्नुहोस् ।

६. कुन प्रदेशमा कम उद्योग छन् ? विकासका अरू सम्भावना चर्चा गर्नुहोस् ।

७. कर्णाली प्रदेशका मुख्य चुनौती र समाधानका उपाय लेख्नुहोस् ।

८. मधेस प्रदेश र सुदूरपश्चिम प्रदेशबिच तुलना गर्नुहोस् ।

९. "जनसङ्ख्या विकासका लागि वरदान हो" भन्ने शीर्षकमा लेख तयार पार्नुहोस् ।

१०. नेपालको नक्सा बनाई स ात प्रदेश देखाउनुहोस् ।

११. तपाईँ बस्ने प्रदेशका मानिसको अवस्था सुधार गर्न कस्ता विकास परियोजना सञ्चालन गर्न सकिन्छ ? आफ्नो विचार लेख्नुहोस् ।

*एकाइ ३*

# हाम्रा सामाजिक मूल्य र मान्यता

पाठ १

## हाम्रा सम्पदा

पुरातात्त्विक महत्त्वका वस्तु विभिन्न जनजाति तथा उनीहरूका कला संस्कृति, इतिहास, अलौकिक प्राकृतिक संरचना वा विशिष्ट प्राकृतिक एवम् भौगोलिक विशेषतालाई सम्पदा भनिन्छ । तसर्थ कुनै पनि राष्ट्रको निश्चित भूगोलभित्रका यस्ता मौलिक विशिष्टता भएका प्राकृतिक, कृत्रिम वा मिश्रित सार्वजानिक महत्त्वका वस्तुलाई राष्ट्रिय सम्पदा भनिन्छ । कुनै निश्चित सम्प्रदाय, समूहको निजी स्वामित्वमा नभएका देशका सबै नागरिकको साझा स्वामित्वमा रहेका सम्पत्तिलाई राष्ट्रिय सम्पदा भनिन्छ । यसअन्तर्गत वेशभूषा, लोकगीत, बाजा, रीतिरिवाज, चाडपर्व, नाच, जात्रा, धार्मिक स्थल, देवालय, हिमाल, वन जङ्गल आदि पर्छन् ।

**सम्पदाको महत्त्व**

- राष्ट्र र राष्ट्रियताको आधार
- हाम्रो अन्तर्राष्ट्रिय पहिचान र गौरव
- पर्यटन उद्योगको  पूर्वाधार
- रोजगारी तथा विदेशी मुद्राको स्रोत
- अध्ययन अनुसन्धानको विषयवस्तु

कुनै पनि राष्ट्र निर्माणमा यिनै सम्पदाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । हाम्रो वरिपरिको भूगोल र त्यसमा रहेका कला, संस्कृति, परम्परा, इतिहास, भाषा, लिपि आदि राष्ट्रको पहिचान हुन् । यस्ता राष्ट्रिय सम्पदामा सबै नागरिकको बराबरी हक अधिकार हुन्छ । त्यसैले सम्पदाहरूको संरक्षण गर्ने हामी सबैको जिम्मेवारी र कर्तव्य पनि हो । विगतमा हाम्रा पुर्खाहरूबाट संरक्षित सम्पदा, वर्तमान हुँदै भविष्यका पिँढीमा सुरक्षित हस्तान्तरित हुने अपेक्षा गर्छ । सम्पदाको संरक्षण आवश्यक छ । अधिकांश सम्पदाहरूले प्राचीनता,मौलिकता, प्राकृतिक, आर्थिक सामाजिक मूल्य  धारण गरेका हुन्छन् । तथापि केही आधुनिक सार्वजानिक महत्त्वका सिर्जना र डिजिटल सम्पदाको अवधारणा पनि विकसित भएका छन् । तिनीहरू हाल नयाँ भए तापनि कालान्तरमा प्राचीनता र मौलिकता ग्रहण गर्ने नै हुँदा तिनीहरूलाई पनि सम्पदाको कोटीमा राख्ने गरिएको पाइन्छ ।

सम्पदाको प्रकृति वा विशेषता : सम्पदा मूर्त सम्पदा, अमूर्त सम्पदा तथा मिश्रित प्रकृतिका हुन्छन् ।

मूर्त सम्पदा : वस्तुत: अधिकांश भाषा, साहित्य, रीतिरिवाज, चाडपर्व, परम्परागत शिल्पकारिता जस्ता सम्पदा यसअन्तर्गत पर्छन् । गढी, दरबार, धार्मिक स्थल, प्राकृतिक ंरचना ।

अमूर्त सम्पदा : निकै लामो समयसम्म अस्तित्वमा रहने प्राकृतिक संरचना, भौगोलिक विशेषता, धार्मिक आस्था, इतिहास, कला, संस्कृति, साहित्य, लिपि आदिको अलावा मरेर पनि जिउँदै रहने विशिष्ट मानव आदि ।

सम्पदाको प्रकार : नेपालको राष्ट्रिय सम्पदालाई तीन भागमा वर्गीकरण गरिएको छ ।

| प्राकृतिक वा भौगोलिक | सांस्कृतिक तथा धार्मिक |
|---|---|
| हिमाल पहाड, जङ्गल, ताल, झरना, जीवजन्तु, जैविक विविधता एवम् भौगोलिक विशेषतायुक्त विशिष्ट स्थानलाई प्राकृतिक सम्पदा भनिन्छ । | मूर्त अर्थात् भवन, मन्दिर, पुस्तक, स्मारक, शिलापत्र तथा अमूर्त अर्थात् लोक सङ्गीत, रीतिरिवाज, वेशभूषा, परम्परा, भाषा, लिपि, साहित्य, कला, ज्ञान आदि संस्कृतिसँग सम्बन्धित सम्पदालाई सांस्कृतिक सम्पदा भनिन्छ । धार्मिक आस्था, मूल्यमान्यता, एवम् गतिविधिसँग सम्बन्धित सम्पदाहरूलाई धार्मिक सम्पदा भनिन्छ । |

**विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदा**

सन् १९९७: गौतम बुद्धको जन्मस्थान, लुम्बिनी

सन् १९८४: चितवन राष्ट्रिय निकुञ्ज

सन् १९७९: सगरमाथा राष्ट्रिय निकुञ्ज तथा काठमाडौं उपत्यका (काठमाडौं, पाटन र भक्तपुरका धार्मिक, ऐतिहासिक कला र सांस्कृतिहरु)

(हाल सम्म ६७ राष्ट्रका सांस्कृतिक धार्मिक र ऐतिहासिक महत्वका ८३२, प्राकृतिक महत्त्वका २०६ र मिश्रित गरी जम्मा १,०७३ क्षेत्रहरु विश्व सम्पदा सूचीमा सूचीकृत भएका छन् ।)

संयुक्त राष्ट्रसङ्घको युनेस्कोले सन् १९७२ को नोभेम्बर १६ तारिखमा विश्वका सांस्कृतिक प्राकृतिक महत्त्वका स्थान वा सम्पदाहरूलाई सूचीकरण गर्ने निर्णय गरेको थियो । सोहीअनुरूप विश्वका १६७ राष्ट्र वा भौगोलिक क्षेत्रका सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका ८३२, प्राकृतिक महत्त्वका २०६ र मिश्रित महत्त्वका ३५ सम्पदाहरूलाई विश्वसम्पदा सूचीमा राखिएको छ । सिर्जनशील प्रतिभाको साथसाथै प्रविधि, वास्तुकला, मूर्तिकला एवम् मानवीय मूल्यको जनाउने हुनुपर्ने हुनुपर्छ । सांस्कृतिक सभ्यताको प्रमाणबाहेक मानव र वातावरणबिचको प्रयोगको उदाहरण प्रस्तुत गरेको, सर्वोत्कृष्ट प्राकृतिक घटना वा सौन्दर्यको क्षेत्रसहित पर्यावरणीय र जैविक प्रक्रियासँग सम्बन्धित पृथ्वीको ऐतिहासिक विकासका चरण तथा दुर्लभ प्रजाति, जैविक विविधता आदि संरक्षित प्राकृतिक सम्पदाका स्वरूपमा भएको हुनुपर्छ ।

विश्व सम्पदा सूची (UNESCO World Heritage Site) मा सूचीकृत नेपालका निम्नलिखित चार स्थानलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ ।

१. काठमाडौँ उपत्यकाका धार्मिक, ऐतिहासिक, सांस्कृतिक महत्त्वका निम्न स्थान (सन् १९७९ र २००६)

(क) वसन्तपुर दरबार क्षेत्र र मरु गणेश

(ख) पाटन दरबार क्षेत्र

(ग) भक्तपुर दरबार क्षेत्र

(घ) चाँगुनारायण मन्दिर

(ङ) पशुपतिनाथ

(च) स्वयम्भुनाथ

(छ) बौद्धनाथ

२. सगरमाथा राष्ट्रिय निकुञ्ज (विश्वको सर्वोच्च शिखर हुनाले )-सन् १९९७

३. चितवन राष्ट्रिय निकुञ्ज (गैंडा,बाघ, गोही संरक्षणका लागि )- सन् १९८४

४. लुम्बिनी (भगवान् बुद्धको जन्मस्थल)-सन् १९९७

१. काठमाडौँ उपत्यकाका धार्मिक, ऐतिहासिक, सांस्कृतिक महत्त्वका निम्नलिखित स्थान

(क) वसन्तपुर दरबार क्षेत्र र मरु गणेश : वसन्तपुर दरबार क्षेत्र र मरु गणेश मल्लकालीन वास्तुकलाको उत्कृष्ट नमुना मानिन्छ । यस क्षेत्रको नाम प्रताप मल्लले स्थापना गरेको हनुमानको मूर्तिको नामबाट हनुमान ढोका रहन गएको हो । यसअन्तर्गत वसन्तपुर दरबार, तलेजु भवानीको मन्दिर, कुमारी घर, काष्ठमण्डप, ठुलो घण्टा, नगरा, कालभैरवको मूर्ति र सङ्ग्रहालय समेत रहेका छन् । यस क्षेत्रलाई १९७९ मा विश्व सम्पदा सूचीमा समावेश गरिएको हो ।



(ख) पाटन दरबार क्षेत्र : ललितपुर जिल्लाको मध्यकालीन पाटन दरबार क्षेत्र पनि सन् १९७९मा विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो । यहाँ मल्लकालीन वास्तुकला, मूर्तिकलाका अनुपम उदाहरण कृष्ण मन्दिर, जगतनारायण मन्दिर, विश्वनाथ मन्दिर, रातो मच्छेन्द्रनाथ, राजा योग नरेन्द्र मल्लको मूर्तिलगायत महत्त्वपूर्ण सम्पदा यस क्षेत्रभित्र पर्छन् ।



(ग) भक्तपुर दरबार क्षेत्र : भक्तपुर जिल्ला स्थिति मल्लकालीन ऐतिहासिक सहर भक्तपुर हो । भक्तपुर दरबार क्षेत्र सन् १९७९ मा विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो । उपत्यकाका दुवै सहरहरूमा जस्तै यहाँ पनि अनुपम वास्तुकला र मूर्तिकलाहरू रहेका छन् । प्यागोडा शैलीको न्यातपोल मन्दिर, पचपन्न झ्याले दरबार, दत्तात्रेय मन्दिर, तौमडी टोल, स्वर्णद्वार, सङ्ग्रहालय आदि प्रमुख छन् । यसबाहेक यहाँ ९९ पोखरी, ९९ चोक पनि थिए तर तिनीहरू अतिक्रमणको चपेटामा परे ।



(घ) पशुपति क्षेत्र : बागमती नदी किनारमा रहेको पशुपति नाथ मन्दिर विश्वभरिकै हिन्दु धर्मावलम्बीहरूको प्रमुख तीर्थस्थल हो । गुह्येश्वरी मन्दिर, जयबागेश्वरी, गौरीघाट, श्लेषमान्तक वन, देउपाटन, पिङ्गलास्थान जस्ता प्राचीन ऐतिहासिक तथा सांस्कृतिक धरोहरलाई यस क्षेत्रले समेटेको छ । यस क्षेत्रमा विभिन्न मन्दिर, सत्तल, चैत्य, देवालयको अलावा थुप्रै प्राचीन शिवलिङ्ग स्थापित गरिएका छन् । पशुपति क्षेत्र विकास कोष स्थापना गरी यस क्षेत्रको संरक्षणमा टेवा पुऱ्याइएको छ ।



(ङ) चाँगु नारायण मन्दिर : हिन्दुहरूको प्रसिद्ध धार्मिकस्थल रूपमा चाँगुनारायणलाई मानिन्छ । यो लिच्छविकालीन धरोहर सन् १९७९ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो । प्यागोडा शैलीमा निर्मित यो मन्दिर लिच्छवि राजा हरिदत्त बर्माले इ.पू. ३२३ मा निर्माण गरेको भनिएता पनि प्रमाणको अभाव देखिन्छ । तर अर्का लिच्छवि राजा मानदेवले वि.सं. ५२१ मा सो मन्दिरमा गरुडको मूर्ति स्थापना गरी शिलालेख स्थापना गरेका थिए । नेपालको प्रामाणिक इतिहास यिनै राजा मानदेवको पालाबाट सुरु भएको मानिन्छ । गरुडासन विष्णु, पृथ्वीमा जीवन उत्पत्ति दर्साउने ढुङ्गे मूर्ति, पूर्ण रूपमा कालिगढी सम्पन्न भइनसकेको हात्तीको ढुङ्गे मूर्ति र मन्दिर परिसरमा रहेका अन्य मठमन्दिर र कलाकृतिले यस क्षेत्रको आकर्षण बढाएको छ ।



(च) स्वयम्भुनाथ स्तूप : काठमाडौँ उपत्यका स्थापनाको इतिहास बोकेको स्वयम्भुनाथ स्तूप सन् १९७९मा विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो । बौद्धमार्गीहरूको प्रमुख धार्मिक तीर्थस्थलको रूपमा रहेको यो स्तूपलाई महाचैत्य पनि भनिन्छ । यस स्तूप परिसरमा अजिमालगायतका अन्य मन्दिरहरू पनि छन् । यहाँको मञ्जुश्री मन्दिरलाई हिन्दु तथा बौद्धमार्गीले नै दर्शन गर्छन् । त्यसैले स्वयम्भुनाथ क्षेत्रलाई धार्मिक सहिष्णुताको अनुपम उदाहरणको रूपमा लिइन्छ ।



(छ) बौद्धनाथ महाचैत्य : काठमाडौँस्थित बौद्धनाथ महाचैत्य सन् १९७९मा विश्व सम्पदा सूचीमा सूचीकृत भएको थियो । धार्मिक र सांस्कृतिक पर्यटनको रूपमा ख्याति कमाएको बौद्धनाथ महाचैत्य पाँचौँ शताब्दीमा निर्माण गरिएको



मानिन्छ । सबैभन्दा ठुलो गोलाइ भएको यो स्तूप परिसरमा प्रशस्त बौद्ध विहार छन् । यो बौद्ध धर्मावलम्बीको अर्को प्रमुख धार्मिक तीर्थस्थल पनि हो ।

२. सगरमाथा राष्ट्रिय निकुञ्ज



विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको यस क्षेत्रलाई सन १९७९मा विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो । सोलुखुम्बु जिल्लाको यस निकुञ्जले करिब ११४८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ भने चोयु, नुप्त्से, पुमोरी, ल्होत्से, अमादब्लम जस्ता हिमशिखर रहेका छन् । यहाँ डाँफे, कस्तूरी, हिम चितुवा, न्याउरी मुसा, भालु जस्ता जीवजन्तु पाइन्छन् भने भोजपत्र, गुराँस, धुपीजस्ता वनस्पति पाइन्छन् । पर्यटकीय एवम् भौगर्भिक अध्ययन अनुसन्धानका लागि यस क्षेत्रलाई निकै महत्त्वपूर्ण मानिन्छ ।

३. चितवन राष्ट्रिय निकुञ्ज



बागमती प्रदेश, चितवन जिल्लामा पर्ने चितवन राष्ट्रिय निकुञ्ज सन् १९८४मा विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो । यसले करिब ९५२.६३ वर्ग कि.मि. वा ३६७.८१ वर्ग माइल क्षेत्रफल ओगटेको छ । मुख्यतया विश्वमा दुर्लभ मानिने एक सिङे गैँडा पाइन्छ भने घडियाल गोही, सालक, पाटेबाघ, धनेशलगायत विविध जीवजन्तु र पशपक्षी पाइन्छन् । थारु जातिको आगोसहितको लठ्ठी नाच पनि यहाँको प्रमुख आकर्षण मानिन्छ ।

४. लुम्बिनी



नेपालको लुम्बिनी प्रदेशको रूपन्देही जिल्लामा अवस्थित भगवान् बुद्धको (२५५० वर्ष अघि) जन्मथलो लुम्बिनीलाई सन् १९९७ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरेको हो । एसियाका तारा, विश्व शान्तिका प्रवर्तक मानिने

भगवान् बुद्धको जन्म नेपालमा भएको हो । इ.पु. २४९ मा मौर्य सम्राट् अशोकले स्थापित गरेका अशोक स्तम्भ तथा चिनियाँ यात्रीहरूले गरेको यात्रा वर्णन र पछिल्लो चरणमा प्राप्त शिलालेखअनुसार भगवान् बुद्ध नेपालको लुम्बिनीमै जन्मेको मानिन्छ । यहाँ भगवान् बुद्धसम्बन्धी सङ्ग्रहालय, पुस्तकालय, मायादेवीको मन्दिर, पुष्करिणी पोखरी, आकर्षणको केन्द्र मानिन्छन् । त्यस्तै थाइल्यान्ड, जापान, जर्मनी, बर्मा (म्यानमार) श्रीलङ्का, चीन आदि अनेकन् देशले आफ्नै शैलीका चैत्य एवम् विहार बनाएका छन् । बौद्ध धर्मावलम्बीहरूको प्रमुख तीर्थस्थलको रूपमा पनि लुम्बिनी प्रसिद्ध छ ।

नेपालमा थुप्रै प्राकृतिक तथा सांस्कृतिक सम्पदा छन् । तीमध्ये केही सम्पदा यसप्रकार तालिकामा देखाउन सकिन्छ :

| | | | |
|---|---|---|---|
| ताप्लेजुङको पाथीभरा | साँखुको बज्रजोगिनी मन्दिर | मुस्ताङको लोमाङथाङ दरबार,<br>मुक्तिनाथ मन्दिर | बर्दियाको राष्ट्रिय निकुन्ज निकञ्ज |
| रसुवाको गोसाइकुण्ड | ललितपुरको खोकना | पोखराको ताल बाराही, बिन्ध्यवासिनी | प्युठानको स्वर्गद्वारी |
| पनौती | कीर्तिपुरको प्राचीन बस्ती | नवलपरासीको रामग्राम | दैलेखको मूर्ति मन्दिर |
| नुवाकोटको दरबार क्षेत्र | गोरखा दरबार | गुल्मीको रेसुङ्गा क्षेत्र | क्राँके विहार र देउती बजै |
| सिम्रौनगढ | तानसेन | कपिलवस्तुको तिलौराकोट | जुम्लाको सिँजा उपत्यका |

सम्पदा संरक्षणका चुनौती र सम्पदा संरक्षणका उपाय

| सम्पदा संरक्षणका चुनौती | सम्पदा संरक्षणका उपाय |
|---|---|
| सम्पदासम्बन्धी जनचेतनाको अभाव | सम्पदा शिक्षाको प्रवाह प्रदान गर्ने |
| सम्पदासम्बन्धी कानुनको कार्यान्वयन प्रभावकारी हुन नसकेको | सम्पदाजन्य क्षेत्रमा नियमित सचेतनामूलक कार्यक्रमको सञ्चालन गर्नुपर्ने |

| | |
|---|---|
| चोरी तथा अवैध निकासी पैठारी | सम्पदा क्षेत्रको अतिक्रमण नियन्त्रण गर्नुपर्ने |
| स्थानीयको अतिक्रमण | स्थानीय युवा सहभागिताको परिचालन |
| सम्पदा संरक्षणमा स्थानीयको सहभागिता न्यून रहेको | सम्पदा क्षेत्रमा मनोरञ्जनात्मक कार्यक्रमको बन्द गर्ने |
| सरोकारवाला, नागरिक समाज आदिको कमजोर भूमिका | विभिन्न सञ्चार माध्यमहरूमा सम्बन्धित सम्पदाको विशेषतासहित व्यापक प्रचार प्रसार गर्ने |
| सम्पदाको दोहन एवम् अतिक्रमण भएको | सुशासन कायम गर्ने |

## अभ्यास

१. सम्पदा भन्नाले के बुझ्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

२. तपाईंको क्षेत्रमा उपलब्ध भौगोलिक, ऐतिहासिक र सांस्कृतिक सम्पदाको एक एकओटा उदाहरण लेख्नुहोस् ।

३. सम्पदा संरक्षणको जिम्मेवारी किन हामी सबैको हो ।

४. सम्पदाको परिचय दिँदै सम्पदा संरक्षण गर्दाका कुनै चारओटा फायदा उल्लेख गर्नुहोस् ।

५. हाम्रा सम्पदा हाम्रा पहिचान र गौरव हो । किन ? कुनै चारओटा कारण उल्लेख गर्नुहोस् ।

६. नेपालका राष्ट्रिय सम्पदाहरूको संरक्षण गर्न तपाईंले दिने कुनै चारओटा सुझाव लेख्नुहोस् ।

७. नेपालमा सम्पदाहरूको चुनौती र त्यसको संरक्षणका उपाय समेटेर सम्पादकलाई चिठी लेख्नुहोस् ।

८. विश्व सम्पदाका सूचीमा परेका सम्पदाको संरक्षण गर्न के के गर्नुपर्ला ? त्यस्ता पक्षलाई समेट्दै राष्ट्रिय पत्रिकामा प्रकाशनका लागि उपयुक्त हुने एक समाचारको नमुना तयार गर्नुहोस् ।

९. नेपालको सम्पदा संरक्षणका लागि प्रवचन कार्यक्रम वा वक्तृत्वकलाका लागि तयार पारिएको लेख तयार गर्नुहोस् गर्नुहोस् ।

## लेखन सिप

**प्रश्न नं ८ को उत्तर लेख्दा यसरी लेख्न सकिन्छ :**

### विश्व सम्पदाको सूचीमा परेका सम्पदाहरूको संरक्षण

गोरखापत्र संवाददाता

चैत्र १६, पाटन (ललितपुर)

ललितपुर दरबार क्षेत्रमा सम्पदा संरक्षण सम्बन्धमा आयोजित कार्यक्रममा विभिन्न वक्ताहरूले आआफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभयो । युनेस्को नेपाल शाखा तथा नेपाल सरकारद्वारा संयुक्तरूपमा सो कार्यक्रम गरिएको थियो ।

युनेस्कोले कुनै पनि देशमा रहेका प्राकृतिक तथा सांस्कृतिक दृष्टिकोणले ऐतिहासिक रहेका सम्पदालाई विश्व सम्पदा सूचीमा राख्ने नीतिअनुरूप नेपालका दशओटा स्थान पनि विश्व सम्पदाको सूचीमा परेका छन् । तिनीहरूको संरक्षण गरी हाल रहेको महत्त्व अझ बढाउनु आजको आवश्यकता हो । यस्ता सम्पदाहरूको संरक्षणका लागि सरकार र स्थानीय समुदायको सहभागितामा संवर्धन गर्न जरुरी हुन्छ । ऐतिहासिक कला र संस्कृतिको जगेर्ना गर्ने, सरसफाइमा ध्यान दिने, उक्त स्थानको सुरक्षामा ध्यान दिने, पर्यटक स्थलको रूपमा विकास गर्ने, सेवा र सुविधामा वृद्धि गर्ने, विभिन्न माध्यमबाट व्यापक रूपमा प्रचार प्रसार गरी ऐतिहासिक महत्त्वबारेमा सबैलाई जानकारी गराउने, संरक्षणका लागि स्थानीय समुदायलाई सहभागिता गराउने कार्यमा प्राथमिकता दिने जस्ता कार्य गर्न सकेमा विश्व सम्पदाको संरक्षणमा सहयोग पुग्छ । यसबाट पर्यटकीय स्थलको रूपमा विकास भई देशले वैदेशिक मुद्रासमेत आर्जन गर्न सक्छ । तसर्थ सबै पक्षले सम्पदाको संरक्षण र विकासमा जोड दिनु आजको खाँचो भएको छ । सबै वक्ताले सम्पदाको संरक्षणको खाँचो र आवश्यकताबारे आफ्नो विचार राख्नुभएको थियो ।

सभापतिको आसनमा रहनुभएका वरिष्ठ संस्कृतिविद् हरेराम जोशीले यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्दै समापन गर्नु थियो । विभिन्न विद्यालयका विद्यार्थीले सांस्कृतिक कार्यक्रम र नाटक प्रस्तुत गरेर रोचक बनाएका थिए ।

पाठ २

# नेपालका लोकगीत

नेपालमा जातीय विविधताको साथसाथै सामाजिक सांस्कृतिक विविधता पाइन्छ । त्यसैले हामी कला र संस्कृतिमा धनी छौं । विभिन्न जातजाति एवम् समुदायको आआफ्नै लोकगीत र सङ्गीतको विविधतायुक्त अस्तित्व पाइन्छ । यिनै विविधताको कारण नेपाल र नेपालीको विशिष्ट पहिचान र गौरवको रूपमा स्थापित हाम्रा लोक सङ्गीत हाम्रा अमूल्य सम्पत्ति हुन् ।

**लोक गीत (सम्पदा) को महत्त्व**

- राष्ट्र निर्माणको आधार तथा राष्ट्रियताको प्रवर्धन
- समुदाय तथा राष्ट्रको पहिचान तथा गौरव
- सास्कृतिक विविधताको प्रवर्धन एवं संवर्धन
- पर्यटन उद्योग तथा विदेशी मुद्राको स्रोत
- सामाजिक सास्कृतिक सभ्यताको धरोहर
- सामाजिक परिवेशमा दुख, पिडा, खुसी, हाँसो साझा गर्दै एकताको सूत्रमा बाधिन

## लोक सङ्गीत

खास भौगोलिक क्षेत्र तथा जातजातिले निश्चित समयमा गाइने गीतलाई लोकगीत भनिन्छ । तत्कालीन परिस्थितिअनुसार स्थानीयहरूले स्वत: स्फूर्त रूपममा गाउने हुँदा यसका लागि कुनै पनि निश्चित सङ्गीत आवश्यक पर्दैन । यसको आफ्नै मौलिक धुन तथा लय हुन्छ । लोक सङ्गीतमा कुनै पनि आयातित वा विद्युतीय साङ्गीतिक वाद्यवादनको प्रयोग हुँदैन । यसमा स्थानीय धुन र बाजाको प्रयोग हुन्छ । लोकसङ्गीतले तत्कालीन सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक परिवेशको चित्रण गर्ने हुनाले वास्तविकतामा आधारित हुने गर्छ । तत्कालीन देश, काल, परिस्थितिका साथसाथै त्यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक एवम् प्राकृतिक घटनाक्रमको वर्णन पनि लोकगीतमार्फत गरिएको हुन्छ । लोक सङ्गीतलाई इतिहासको महत्त्वपूर्ण स्रोत पनि मानिन्छ ।

लोक सङ्गीत विभिन्न चाडपर्व, जात्रामात्रा, मेलापात रापाइँ, यात्रा, गोठाला, डाँडाकाँडा, भन्ज्याङ चौतारीहरूमा गुनगुनाउने प्रचलनबाट विकास भएको हुन्छ । त्यसले लोकगीतमा तत्कालीन समाजले भोगेका समस्याहरू, प्रवासको व्यथा र युद्धका गाथाहरूलाई समेत समेटेको हुन्छ । तिहारको देउसी भैलो, फागु पुर्णिमाको होरी, धान रोपाइँको बेलामा गाइने असारे गीत, उँधौली

उभौलीका साकेला र सिल्लीलाई उदाहरणको रूपमा लिन सकिन्छ । यो बाहेक तामाङ सेलो, मगरको कौरा, थारुको सकियापैया, काठमाडौँ उपत्यकाको नेवारी धुन, सुदूर पश्चिमको देउडा, पूर्वको हाक्पारे, पश्चिमको गन्धर्व गीत जस्ता अनगिन्ती लोक सङ्गीत नेपाली समाजसँग सम्बन्धित छन् । देवाली, गुठी, रोधिघर जस्ता सामाजिक सङ्गठनहरूले लोक सङ्गीतको परम्परालाई निरन्तरता दिइराखेका छन् । त्यस्तै विभिन्न धार्मिक पर्वहरूमा प्रचलित भजन तथा कीर्तनहरूले लोक सङ्गीतको संवर्धनमा टेवा पुऱ्याएको छन् । यसबाहेक गाउँघरतिर युवायुवती माझ प्रचलित लोक दोहोरीको लोकप्रियताले लोक सङ्गीतको महत्त्वलाई पस्त पार्छ ।

यसको बाबजुद, नेपालका लोकगीतहरू पनि क्रमिक रूपमा व्यावसायिकता तर्फ ढल्कँदै गएको देखिन्छ । केही लोकप्रिय नेपाली लोकगीतका उदाहरण निम्नानुसार छन् :

| | |
|---|---|
| देउडा गीत<br>क्षेत्र : सुदूर पश्चिम<br>अवसर : विभिन्न चाडपर्व | राई झुमा झुमा क्या मस्क्या कि छन् हो, राई झुमा<br>(चौबन्दी ढाकाको चोलो, छिट्को फरियाकी) २<br>पातली घर कहाँ हो तम्सो बैस भरियाकी, म त राई झुमा...मस्क्या. |
| गन्धर्व गीत<br>क्षेत्र : पश्चिम<br>अवसर : विभिन्न अवसर | हे बरै (२), दशी धारापु नरोए आमा, बाचि पठाम्ला तस्बिरै खिचेर<br>कस्तो लेख्यो नि भावीले कर्म लिला छैमल हजुर<br>हे बरै, बाबैले सोध्लान् नि खोइ छोरा भन्लान् रण जित्दै छन् भन्दिनु.. |
| गीत<br>क्षेत्र : मध्य नेपाल<br>जनजाति : नेवार<br>अवसर : विभिन्न अवसर | राजामती कुमती जि के वास पिरती, हाय बाबा राजामती चा<br>राजामती मबिला धासा, कसि वाने तेला बुवा<br>हाय बिइयू राजामती चा<br>सन धासा कुली कुली, मिखा धासा बाँला बाँला बाँला.. |

| | |
|---|---|
| पुर्बेली लोकगीत<br>क्षेत्र : पूर्वी नेपाल<br>अवसर : मेलापात, घाँस दाउरा आदि | हिमचुलीको हिउँको पानी, गोगनपातले पिउँला हजुर<br>यति राम्रो ढल्के जोबन तिमीलाई नै दिउँला हजुर |
| तमाङ सेलो<br>जनजाति : तामाङ समुदाय अवसर : विभिन्न अवसर | घोर्की स्याउरी ग्यालमरी,<br>गेड्ला टुक्रा साप्ररी, गेङ् टुक्राता स्याउरी से<br>ढुइके लाजी च्यागो |
| पालम गीत<br>क्षेत्र : पूर्वी पहाड<br>जनजाति : लिम्बु<br>अवसर : विभिन्न अवसर | सिङ्घाओ थुङ्बे कक्मा फाग<br>मिन्छाङ्गेन आनी याम्मी साग<br>इक्सागेन खाम्बेक आधेखेल्ले<br>थिक्नम्दात सारक आबोखेल्ले |
| तीज गीत<br>समुदाय : हिन्दु महिला<br>अवसर: तीज पर्व | तीजको बेलामा सबै जान्छन् माइत,<br>आफ्नो माइती मुग्लान पारी छैन साइत<br>यो रमाइलो बेलामा जान पर्‍यो मेलामा,<br>मै छोरीको आँसु खस्यो दैला ठेलामा |
| होरी गीत<br>क्षेत्र : पूर्वी तराई, मिथिला क्षेत्र<br>अवसर : होली पर्व (राम सीताको चरित्रमा आधारित) | मिथिलामे राम खेलत होरी मिथिलामे ।<br>किनका के हाथ कनक पिचकारी ।<br>किनका के हाथ अबिर झोरी । मिथिलामे<br>रामजीके हाथ कनक पिचकारी, सीयाजीके हाथ अबिर झोरी .. |

हिजो आज युवा पिँढीमा लोकगीतप्रति त्यति धेरै चासो नभएको पाइन्छ । यसरी लोकगीतप्रति वितृष्णा बढ्नुका कारण यसप्रकार उल्लेख गर्न सकिन्छ

(क) युवा वर्गलगायत सबैलाई लोकगीतको महत्त्वबारे बुझाउन नसक्नु

(ख) विद्युतीय सञ्चार माध्यमबाट लोकगीतको प्रसारण स्थानीय तहमा मात्रै सीमित हुनु

(ग) लोकगीतको विकासमा स्थानीय तथा राष्ट्रिय निकायको भूमिका प्रभावकारी नहुनु

(घ) युवाहरूमा आयातीत सङ्गीतप्रतिको आकर्षण बढी हुनु

| | |
|---|---|
| प्रतिस्पर्धाका लागि लोक सङ्गीत कार्यक्रम आयोजना | लोकगीत संरक्षण एवम् प्रवधर्नका उपाय |
| सांस्कृतिक अतिक्रमण | हस्तक्षेप तथा सांस्कृतिक अतिक्रमणको नियन्त्रण |
| गरिबी तथा अध्ययन अनुसन्धानको अभाव | स्पष्ट नीतिनियम तथा त्यसको अवलम्बन |
| स्थानीय सहभागिताको अभाव | स्थानीयहरूको सक्रिय सहभागिता |
| स्पष्ट नीति नियम र कानुन अवलम्बनको अभाव | गरिबी उन्मूलन तथा अध्ययन अन्वेषणमा सक्रियता |
| प्रचार प्रसारको अभाव | विभिन्न सञ्चार माध्यममार्फत व्यापक प्रचार प्रसार |
| कलाकारलाई अभिप्रेरणाको अभाव | लोकगीतका स्रष्टाहरूलाई उचित सम्मान पुरस्कारको व्यवस्था गरी अभिप्रेरणा प्रदान गर्ने |
| स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरमाप्रतिस्पर्धाको अभाव | स्थानीय तहमा विद्यालयदेखि राष्ट्रिय स्तरसम्मको प्रतिस्पर्धालाई व्यवस्थित गर्ने |

## अभ्यास

१. लोकगीत भनेको के हो ?

२. देउडा गीतको परिचय एक वाक्यमा दिनुहोस् ।

३. लोकगीतलाई किन सम्पदा मानिन्छ ?

४. लोक गितको परिचय दिँदै यसका महत्त्व बुँदागत गर्नुहोस् ।

५. लोकगीतलाई किन इतिहासको स्रोतको रूपमा लिइन्छ ? यसका विशेषता बुँदागत गर्नुहोस् ।

६. लोकगीतहरू कसरी जन्मन्छन् ? लोकगीतले भोगिरहेका चुनौती के के हुन् ?

७. युवाहरूलाई लोकगीतप्रति आकर्षित गराउने कुनै चारओटा सुझाव उल्लेख गर्नुहोस् ।

८. विद्यालयको सांस्कृतिक कार्यक्रममा तपाईं विदेशी सङ्गीतलाई वा नेपाली लोकगीतलाई प्राथमिकता दिनुहुन्छ ? किन ? कारण उल्लेख गर्नुहोस् ।

९. तपाईंलाई लोकगीत मन पर्ने कारण खुलाउँदै एउटा लोकगीतको भाका लेख्नुहोस् ।

१०. तपाईंको क्षेत्र तथा समुदायमा प्रचलित लोकगीतहरू सङ्ग्रह गरी उक्त लोकगीत गाइने क्षेत्र, गाइने अवसर र गाउने समुदाय समेत तालिकामा उल्लेख गर्नुहोसी प्रस्तुत गर्नुहोस् ।

| लोकगीतको नाम र बोल | गाइने क्षेत्र | गाउने समय | गाउने समुदाय |
|---|---|---|---|
| | | | |

११. लोकगीत हाम्रो धड्कन हो, मौलिक पहिचान हो र हाम्रो अस्तित्वको आधार हो । यस भनाइलाई समर्थन गर्दै दुई साथीबिच हुने संवादको नमुना प्रस्तुत गर्नुहोस् ।

सामुदायिक कार्य : तपाईंको क्षेत्र वा समुदायमा लोप हुने अवस्थामा रहेका लोकगीतहरूको खोजी गरी त्यसको प्रचार प्रसार तथा संरक्षणमा देखिएका चुनौती र त्यसको संरक्षण गर्ने उपाय प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# नेपालको लोक बाजा

लोक शब्दले कुनै खास क्षेत्र र त्यहाँ बसोवास गर्ने जनजाति वा मानिसलाई बुझाउँछ । ती जनजातिले गाउने गीतलाई लोकगीत भनिन्छ । त्यस्ता लोकगीत गाउँदा आवश्यक पर्ने साङ्गीतिक धुनका लागि बजाइने वाद्ययन्त्रलाई लोक बाजा भनिन्छ । सारङ्गी, मादल, बाँसुरी, मुरली आदि लोक बाजा हुन् । नेपाल सांस्कृतिक विविधताले ओतप्रोत हुनुको पछाडि लोकबाजाहरूमा देखिने विविधताको प्रमुख भूमिका रहेको छ । हरेक क्षेत्रका जातजतिले आआफ्नो संस्कार, संस्कृति र परम्परालाई लोक बाजा वा गीतमार्फत प्रस्तुत गरिरहेका हुन्छन् । सामान्यतया लोकबाजा स्थानीय स्तरमा उपलब्ध प्राकृतिक र जैविक सामग्रीबाट तयार पारिन्छन् । त्यस्ता बाजाले उत्पन्न गर्ने धुनको आधारमा लोकगीतको भाका निर्धारण हुन्छ । विशुद्ध लोकगीत गाउँदा छिमेकी समुदायको समेत बाजाको प्रयोग गरिँदैन । सबै समुदायले आआफ्नो लोक बाजा मेला, पर्व, जात्रा, धार्मिक कार्यक्रम आदिको अवसरमा बजाउने गर्छन् । जस्तै धिमे बाजाले नेवार समुदायको प्रतिनिधित्व गर्छ भने सारङ्गीले गन्धर्व समुदायको, यलम्बरले किरात समुदायको तथा पहाडी ब्राह्मण क्षेत्री समुदायलाई पञ्चै बाजालेप्रतिनिधित्व गरेको देखिन्छ । पन्चैबाजा त अहिले हरेक समुदायले विशेष गरी विवाहको अवसरमा प्रयोग गरेको देखिन्छ । यी बाजाहरू आआफ्नो समुदायको पहिचान र गौरव हुन् । समग्रमा राष्ट्रको गौरव र पहिचान हो । त्यसैले यी लोक बाजा हाम्रा सम्पदा हुन् ।

बाजा विभिन्न प्रकारका हुन्छन् । कतिपय बाजा मुखले फुकेर बजाइने, भने कतिपय औँला वा तारद्वारा बजाइन्छ । औँलाले थिचेर बजाइने, तारलाई रेटेर बजाइने, गजाको सहायताले बजाइने, हात र औँलाले ठोकेर बजाइने खालका बाजा पनि पाइन्छन् । वाद्य यन्त्रहरूलाई मुख्यत तीन भागमा विभाजन गर्न सकिन्छ ।

(क) तारजन्य वाद्यवादन : सारङ्गी, एकतारे आदि

(ख) हावाजन्य वाद्यवादन : मुरली, बाँसुरी, पुङ्गी आदि

(ग) तालजन्य वाद्यवादन : मादल, ढोलक, डम्फु, खैँजडी आदि

नेपालका केही प्रमुख लोकबाजा निम्नानुसार छन् :

| बाजा | बनोट तथा विवरण | चित्र |
|---|---|---|
| पन्चै बाजा : | सहनाई, नरसिंङ्गा, झ्याली, ट्याम्को र दमाहा (नगरा) को सामूहिक रूपलाई पन्चैबाजा भनिन्छ । |  |
| नरसिङ्गा : तामाबाट निर्मित नरसिङ्गा तल र माथि गरेर दुई खण्ड हुन्छन् । मुखले फुकेर बजाइने यो बाजा अर्धचन्द्राकार स्वरूपको हुन्छ र अन्य बाजाको तुलनामा यो अलि ठुलो हुन्छ । | | |
| सहनाई : यो मुरली जस्तै प्वालहरू भएको मुखले फुकेर औंलाको सहायताले बजाइने बाजा हो । | |  |
| झ्याली : काँस धातुबाट बनाइने यो बाजा दुई भाग एक अर्कालाई जुधाएर बजाइन्छ । यसलाई ठाउँअनुसार कुर्मा वा झ्याम्टा पनि भन्ने गरिन्छ । | |  |
| ट्याम्को : विशेष तामाबाट बनेको हुन्छ र तयसलाई छालाले मोरिन्छ । दुईओटा लट्ठी जस्तो गजाले हिर्काएर बजाउने गरिन्छ । | |  |
| दमाहा (नगरा) : यो तामा वा पित्तलबाट बनेका हुन्छ । यसलाई छालाले मोररे गजोले हिर्काएर धुन सिर्जना गरिन्छ । | |  |

मादल : मगर जातिले सर्वप्रथम प्रचलनमा ल्याएको मानिए तापनि यो सबै समुदायले बजाउने लोकप्रिय बाजा हो । एकातिर अलि सानो र



अर्कोतिर अलि ठुलो खुला मुख भएको काठको ढुङ्ग्रालाई छालाले मोरिन्छ । दुईतिरको भागलाई ताल भनिन्छ र त्यसमा खरी लगाउँपछि मादल तयार हुन्छ । दुवैतिरको खरी भएको भागमा हातले हिर्काएर धुन निकालिन्छ ।



सारङ्गी : खिर्राको काठबाट बनाइने यो बाजाको तल्लो खाली मुखलाई छालाले मोरिन्छ र माथिल्लो मुखलाई खुला नै छोडिन्छ । योभन्दा पनि माथिको भाग चौडाइमा सानो र लम्बाइ अलि लामो राखेर त्यसमा चारओटा तार जोडिन्छ । उक्त तारलाई घोडाको जगरबाट बनाइएको धनुले तलपट्टि रेटेर माथि औँलाले थिचेर वा चालेर निकै राम्रो धुन निकालिन्छ । यो बाजा गन्धर्वजातिले बढी प्रयोग गरे तापनि अरु जातजातिले पनि उत्तिकै मन पराउँछन् ।

बाँसुरी : यो सानो व्यास भएको बाँस वा निगाँलोबाट बनाइन्छ । बासुरीको टुप्पो पट्टि बनाइएको प्वालमा मुखले फुकेर तल पट्टि बनाइएका साना साना प्वालमा औँला चाल्दै कर्णप्रिय धुन निकालिन्छ ।





मुरली : मुरलीलाई ओठले च्यापेर बाँसुरीमा जस्तै तलपट्टिका प्वालहरूमा औँला चाल्दै बजाइन्छ ।



खैजडी : यो काठबाट बनेको हुन्छ । यसलाई गोहोरो वा मृगको छालाले मोरिन्छ । यसलाई एउटा हातले समाएर अर्को हातले बजाइन्छ । धार्मिक अवसरमा भजन किर्तन गाउँदा यस्तो बाजा प्रयोग गरिन्छ ।

पुँगी (बिन) : नरिवलको गट्टामा बाँस जोडेर यो बाजा बनाइन्छ । मुरली जस्तै मुखले फुकेर सर्प नचाउने सपेराले बजाउने गर्छन् ।



टुङ्ना : गुराँसको काठमा भेडाको छालाले मोरेर त्यसमा सारङ्गीमा जस्तै चारओटा तार जोडेपछि तयार हुने यो हिमाली क्षेत्रको निकै लोकप्रिय बाजा हो ।



यलम्बर : किरात समुदायको यो बाजा करिब दुई अढाइ फिट लामो भालु बाँसबाट बनाइन्छ । यसमा दुईओटा तार जडान गरिन्छ र माथिपट्टि बाँसुरीमा झैँ एउटा प्वाल





पारिएको हुन्छ। तार लाई औँलाले चलाएर माथिको प्वाललाई पनि औँलाले बन्द र खोल्दै गरी धुन निकालिन्छ।



एकतारे : डाडुको आकारलाई छालाले मोरेर एउटा मात्र तार जडान गरी औँला र नङ्को सहायताले बजाइने यो बाजा प्राय: साधु सन्तहरूले प्रयोग गर्छन्



उर्नी : धिमाल जातिको कुल पूजा र अन्य धार्मिक गतिविधिमा बजाइने यो बाजा नरिवलको गट्टामा छालाले मोरेर त्यसमा एकतारेको जस्तै लामो काठको डन्डीमा तार जोडेर सारङ्गी जस्तै रेटेर बनाइन्छ।



ढोल, ढोलक : मादल जस्तै तर अलि ठुलो प्रकारको यो बाजालाई एकातिर हातले बजाइन्छ भने अर्को तर्फ गजाले पिटेर बजाइन्छ।



ढ्याङ्ग्रो : प्राय: धामी झाँक्रीले प्रयोग गर्ने यो बाजामा गोलो काठको घेरामा बाख्राको छालाले मोरेर बनाइन्छ र गजोले पिटेर बजाउने गरिन्छ। यसलाई तामाङ तथा शेर्पा जातिले पनि अपनाएको पाइन्छ।



हुट्को : डमरु जस्तै तर अलिक ठुलो हुन्छ। यो बाजा सुदूर पश्चिम प्रदेशमा खप्तड मेलको समयमा विशेष रूपले प्रयोग गरिन्छ।

बिनायो : मालिङो बाँसलाई खिपेर बनाइने बिनायो बाजा मुखले फुकेर छेउमा जोडिएको धागो वा तार झड्काल्दै बजाइन्छ। यो किराती समुदायमा प्रचलित बाजा हो।

मुर्चुङ्गा : बिनायो जस्तै आवाज निस्कने मुर्चुङ्गा तामा वा फलामको सानो व्यासयुक्त पाइप वा डन्डीबाट बनाइन्छ। यसको लाम्चो पट्टिको भागलाई मुखमा च्यापेर बजाइन्छ।

डम्पु : तामाङ समुदायमा लोकप्रिय यो बाजा खैँजडी जस्तै देखिन्छ । तर यसको एकापट्टि मात्रै छालाले मोरिएको हुन्छ भने अर्को पट्टिका भागलाई हातले समाउन प्रयोग गरिन्छ ।



डफली : खैँजडी र डम्फु जस्तै यो बाजाको पनि एकातिर मात्र छालाले मोरिएको हुन्छ । यो बाजा मध्य र पश्चिम तराईमा निकै प्रचलित छ ।



फास्मुक : यो बाजा लिम्बु जातिमा प्रचलित छ । तीनओटा बाँसका टुक्रा जोडेर यसलाई बनाइन्छ ।

डाङ्मेन : काठमा आठओटा तार जोडेर बनाइएको यो बाजा शेर्पा जातिमा प्रचलित छ ।

काकुवयन : नेवारी समुदायमा प्रचलित बाँसुरी जस्तै देखिने यो बाजा बाँसबाट बनाइन्छ ।



अरबाजो : यो गन्धर्व जातिको परम्परागत बाजा हो । यसको टुप्पामा राखिने मानव आकृतिलाई आदि गुरुको रूपमा सम्मान गरिन्छ । अरबाजोलाई भाले र सारङ्गीलाई पोथी बाजा मानिन्छ ।



पुङ : मुखले फुकेर बजाइने यो बाजा कुसुन्डा जातिमा प्रचलित छ ।

शृङ्गीनाथ : यो पनि मुखले फुकेर बजाइने बाजा हो । जोगीले फेरी लगाउनका लागि बजाउने यो बाजा कृष्णसारको सिङबाट बनाइएको हुन्छ ।

कहालबाजा : मुखले फुकेर बजाउने यो बाजा दुई मिटर जति लामो तामाको पाताबाट बनाइएको हुन्छ । नुवाकोटको भैरवी र गोरखाको गोरखकालीमा पूजा गर्दा यो बाजा बजाइन्छ ।





शङ्ख : समुन्द्रमा पाइने शङ्खे किरा (सिपी)को हाड जस्तै कडा खोलबाट प्राकृतिक रूपमै तयार भएको शङ्ख हिन्दु समुदायले पूजा पाठ तथा मृत शरीरलाई घाटसम्म लैजाँदा बजाउने गरिन्छ ।

नौमती बाजा : यो पन्चैबाजाको बृहत् रूप हो । पन्चैबाजामा अन्य चार बाजाहरू थपेर नौ जनाले एकैचोटी सुरताल मिलाएर बजाइने हुँदा यसलाई नौमती बाजा भनिएको हो ।

लोक बाजा संवर्धनमा देखा परेका चुनौती र लोकबाजाको संरक्षण गर्ने उपाय

| लोक बाजा संवर्धनमा देखा परेका चुनौती | लोकबाजाको संरक्षण गर्ने उपाय |
|---|---|
| सांस्कृतिक अतिक्रमण विदेशी बाजाको प्रभाव | हस्तक्षेप तथा सांस्कृतिक अतिक्रमणको नियन्त्रण |
| शिक्षा र जनचेतनाको अभाव | लोक संस्कृतिको महत्त्व सम्बन्धमा व्यापक शिक्षा र जनचेतनाको प्रवाह |
| प्रचार प्रसारको अभाव | विभिन्न सन्चार माध्यममार्फत व्यापक प्रचार प्रसार तथा त्यसको अध्ययन तथा अन्वेशण गर्ने |
| प्रतिस्पर्धा एवम् कलाकारलाई अभिप्रेरणाको अभाव | स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरका स्वस्थ प्रतिस्पर्धाका नियमित आयोजना गर्ने |
| न्यून उत्पादन | उत्पादनम वृद्धि गर्दै सबैखाले गीतमा यस्ता बाजाहरूको प्रयोगलाई प्राथमिकता दिने |

## अभ्यास

१. लोक बाजा भन्नाले के बुकि न्छ ?

२. आरबाजो र सारङ्गीका कुनै दुई प्रमुख भिन्नता उल्लेख गर्नुहोस् ।

३. लोक बाजामध्ये तपाईंलाई मन पर्ने बाजा कुन हो ? किन ? एक वाक्यमा लेख्नुहोस् ।

४ लोक बाजाको परिचय दिँदै यसको महत्त्व उल्लेख गर्नुहोस् ।

५. कतिपय लोकबाजाहरू लोपोन्मुख अवस्थामा छन्, किन ? यसका संरक्षणका उपाय बुँदागत गर्नुहोस् ।

६.	तपाइँको समुदायमा प्रचलित बाजाको सूची बनाई तिनीहरू कुन कुन अवसरमा कुन जातिले बजाउँछन् ? तल दिइएजस्तै गरी तालिकामा देखाउनुहोस् :

| बाजाको नाम | बजाउने समय | जाति |
|---|---|---|
| | | |

७.	दिइएको जस्तै तालिकामा पाठमा दिइएका लोक बाजाको वर्गीकरण गर्नुहोस् :

| तारमा स्पर्श गरेर बजाइने | रेटेर बजाइने बाजा | औँला चालेर फुकेर बजाइने | औँला नचाली फुकेर बजाइने | छालाले मोरेका खरी लगाएका | छालाले मोरेका खरी नलगाएका |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

८.	पन्चैबाजा पहिले ग्रामीण भेगमा मात्र सीमित थियो भने अहिले सहरी क्षेत्रमा पनि उत्तिकै लोकप्रिय हुँदै आइरहेको छ । किन होला ?

९.	लोकबाजाको महत्त्व उल्लेख गर्दै त्यसको संरक्षणको लागि नेपाल सरकार, पर्यटन तथा संस्कृति मन्त्रालयलाई लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

पाठ ४

# नेपालको लोक तथा शास्त्रीय नृत्य



शरीरका विभिन्न अङ्गको हाउभाउ वा त्यसलाई चलायमान बनाई त्यसको संयोजनबाट भाव व्यक्त गरिने कलालाई नृत्य भनिन्छ । नृत्यको गीत र सङ्गीतसँग निकै नजिकको सम्बन्ध रहेको हुन्छ । आजभोलि अनगिन्ती नृत्यका शैलीहरू बजारमा देखिन्छन् । यसमध्ये हाम्रो पहिचान र गौरवको धरोहरको रूपमा लोक तथा शास्त्रीय नृत्य प्रमुख रूपमा रहेका छन् । यहाँ लोक नृत्य तथा शास्त्रीय नृत्यको बारेमा चर्चा गरिएको छ ।

लोक नृत्य : सुख दुःख र समाजका वास्तविक विषयलाई समेटिएको लोक भाकामा आधारित नृत्यलाई लोक नृत्य भनिन्छ । यस्तो नाच निश्चित समुदायसँग सम्बन्धित मात्र हुँदैनन् जाति र बाजासँग पनि सम्बन्ध हुन्छ । जस्तै : धान नाच लिम्बू समुदाय, मारुनी नाच मगर समुदाय । यस्ता नृत्य प्रस्तुत गर्न सजिलो हुन्छ ।

विभिन्न समुदायहरूको आआफ्नै छुट्टै किसिमका नाच हुन्छन् । यीनै पृथक एवम् विशिष्ट नृत्यशैलीका कारण समाजमा त्यो खास समुदायको पहिचान कायम भएको हुन्छ । तसर्थ लोक नृत्य हरेक समुदायका पहिचान र गौरव हुन् हुन् । समग्रममा राष्ट्रको गौरव र पहिचान हो । त्यसैलै लोक नृत्यहरू राष्ट्रका सम्पदा हुन् । यिनीहरूको संरक्षण गर्नु हामी सबैको कर्तब्य हो ।

शास्त्रीय नृत्य : देवी देवताको चरित्रमा आधारित भएर प्रस्तुत गरिने नाचलाई शास्त्रीय नृत्य भनिन्छ । चर्या पञ्चबुद्ध, देवी नाच यसका उदाहरण हुन् । यस्ता नाचमा शारीरका विभिन्न भागको गतिशीलताको आधारमा नाच प्रस्तुत गरिन्छ । यस्तो नाच प्राचीन समयमा अभ्यास हुँदै आएको पाइन्छ । यस्ता नाचहरू प्रायः हिन्दु र बुद्ध धर्मसँग सम्बन्धित भएको पाइन्छ । नृत्य प्रस्तुत गर्नका लागि विशेष पहिरन आवश्यक पर्छ । हरेक प्रकारको नृत्यको हाउभाउलाई शास्त्रीय नृत्यले समेटेको हुन्छ । तर शास्त्रीय नृत्यको हाउभाउलाई अन्य नृत्यले समेट्न सक्दैनन् । शास्त्रीय नृत्य

खास सिद्धान्तमा आधारित हुने हुँदा नृत्यका लागि विशेष प्रशिक्षणको आवश्यकता पर्छ । मन्जुश्री नाच, भैरव नाच, ताण्डव नृत्य आदि । प्राचीनता र विशिष्टताको कारण शास्त्रीय नृत्यहरू पनि हाम्रा सम्पदा हुन् । हाम्रा पहिचान र गौरव हुन् । शास्त्रीय नृत्य र लोक नृत्यबिचको भिन्नता यसप्रकार देखाउन सकिन्छ ।

| लोक नृत्य | शास्त्रीय नृत्य |
| --- | --- |
| लोक बाजा र गीतसँग अन्तरसम्बन्ध रहेको हुन्छ । | नृत्यको विशिष्ट सिद्धान्तमा आधारित हुन्छ । |
| लोक बाजाको धुन र गीतको बोललाई जीवन्तता लोकगीतले प्रदान गर्छ । | खास नृत्यका लागि शरीरका अङ्गको हाउभाउ भिन्न भिन्न हुन्छ । |
| विभिन्न समुदायको नृत्यको प्रकृति भिन्न हुन्छ | हरेक प्रहर (समय)का लागि भिन्न भिन्न नृत्य शैली प्रयोग गरिन्छ । |
| परिवेशमा आधारित हुन्छ । | शास्त्रीय सरम्परामा आधारित हुन्छ । |
| लोक लयमा आधारित हुन्छ । | प्राचीनकाल देखि प्रचलनमा रहेको हुन्छ । |
| नृत्यका लागि कुनै खास प्रशिक्षण लिनुपर्दैन । | विशेष प्रशिक्षण लिनुपर्छ । |

लोक तथा शास्त्रीय नृत्यको महत्त्व

(क) यसले मौलिक संस्कृति र परम्परालाई जनाउँछ ।

(ख) यसले हाम्रो मौलिक कला र संस्कृतिको संरक्षण गर्न सहयोग पुग्छ ।

(ग) पर्यटन प्रवर्धन गर्न सघाउ पुग्छ ।

(घ) सामाजिकीकरण र सामाजिक सम्बन्ध विकासमा सहयोग पुग्छ ।

(ङ) व्यक्तिका कला र सिपको विकासमा सहयोग पुग्छ ।

(च) शारीरिक र मानसिक थकानबाट मुक्त गराउँछ ।

नेपालमा प्रचलित लोक तथा शास्त्रीय नृत्य



धान नाच : लिम्बु समुदायमा प्रचलित यो नाच बालीनालीको काम सकिएपछि नाचिन्छ । युवा युवती सामूहिक रूपमा सवाल जवाफ गर्दै नाच्ने यो नाचमा पालम (पालङ्मा) गीत गाइन्छ ।



चन्डी नाच : यो नाच भूमि (धरती माता) पुजनसँग सम्बन्धित छ । राई (चाम्लिङ राई) समुदायले यसलाई साकेलासिली भन्छन् । प्रत्येक घरबाट कम्तीमा एक जनाकोप्रतिनिधित्व हुने गरी फूलपाती लिएर नाच स्थलको बिचमा स्याउलासहितको लिङ्गो गाडी वरिपरि गोल घेरामा मानिस घुम्दै घुम्दै नाच्छन् । उँधौली र उँभौलीमा पनि यसप्रकारको नाच नाच्ने गरिन्छ ।



घाटु नाच : मुख्यतः मगर, गुरुङ र दुरा जातिमा प्रचलित यो नाच हरेक वर्षको वसन्त पञ्चमीका दिन सुरु भई वैशाख पूर्णिमाको दिन अन्त्य हुन्छ । वसन्त पञ्चमीका दिनम कुमारी केटीहरूलाई नुवाइधुवाइ गरी शुद्ध पारी घरमा लगेर राखिन्छ र भाकल गराएर उनीहरूको आत्मामा देवता चढाइन्छ ।  यसपछि नाच सुरु हुन्छ । यसरी नाच्ने केटीहरूलाई घाटुली भनिन्छ भने मादल र तालीको तालमा नाच नाच्ने गरिन्छ ।



चौलो नाच : कार्तिक शुक्ल पक्षमा स्थानीय लाहा देवताको पूजा गर्ने क्रममा यो नाच सुदूर पश्चिम (डडेल्धुरा) नेपालको पहाडी क्षेत्रहरूमा नाचिन्छ ।

कौरा नाच : मगर समुदायमा प्रचलित यो नाच मुख्यतः गण्डकी र लुम्बिनी प्रदेशमा प्रचलित छ ।

माडिखोले नाच : कर्णाली र लुम्बिनी प्रदेशमा यो नाच निकै प्रचलित छ ।

मुन्धुम नाच : मुन्धुम लिम्बु (किरात) हरूको धार्मिक ग्रन्थको रूपमा प्रसिद्ध छ । यसैमा आधारित भई फेदाङ्माले यो नाच प्रस्तुत गर्छन् ।

होप्चा नाच : धनकुटा जिल्लाको आठपहरिया राईहरूमा यो नाच प्रचलित छ ।



चर्या नाच : मन्जुश्रीका शिष्य शान्तिका र चार्यले यो शास्त्रीय नाच सुरु गरेको मान्यता छ । शास्त्रीय नाचमा खास भगवान्को जस्तै अभिनय गर्नुपर्छ भने यसका लागि खास प्रकारको पहिरन, वेशभूषा र आभूषणहरूको आवश्यकता पर्छ ।

चरित्र नृत्य : नेपालको तराई भेगमा प्रचलित यो नाच प्राचीन कथामा आधारित भएको हुन्छ । कथाका विषयवस्तुलाई नाचको माध्यमबाट प्रस्तुत गरिन्छ ।

हनुमान नृत्य : हनुमानको रूप धारण गरेर पौराणिक कथामा आधारित भई नाचिने यो नाच विशेष गरी बागलुङ, स्याङ्जा आदि क्षेत्रहरूमा बहुप्रचलित छ ।

पञ्चबुद्ध नाच : यो बुद्ध धर्ममा आधारित परम्परागत नाच हो ।

भैरव नाच : भैरव देवताको मुकुन्डो लगाउँर त्यसैअनुरूप वेशभूषा र आभूषणसहित अभिनय गर्दै यो नाच नाचिन्छ ।



सोरठी नाच : राजा सिंह र रानी हेमतीको कथामा आधारित यो नाचमा रानीका सौताहरूले गरेको षड्यन्त्रसँगको वर्णन गरिने गरिन्छ । यो परम्परागत नाच प्रमुख रूपमा  गुरुङ र मगर समुदायमा प्रचलित छ ।

हुर्रा नाच : यो नाच विशेषत: पूर्वी नेपालको पाँचथर र धनकुटा क्षेत्रका मगर समुदायमा प्रचलित छ । कार्तिक कृष्ण पक्ष (औसी) देखि कार्तिक शुक्ल पूर्णिमा सम्म हुर्रा गाउँदै यो नाच  नाचिन्छ ।



देउडा नाच : देउडा नाच सुदूर पश्चिम नेपालमा अति प्रचलित नाच हो । मानिसहरू एक अर्काको हात समाई, गोलघेरा बनाई देउडा गीत गाउँदै यो नाच नाचिन्छ । प्रचार प्रसारको कारणले यसको प्रभाव अहिले सम्पूर्ण नेपालभरि नै परेको देखिन्छ ।




मारुनी नाच : पुरुषले महिलाको भेष धारण गरी नाचिने यो नाच नेपालको पहाडी क्षेत्रका मगर समुदायमा बहुप्रचलित नाच हो । यो नाचको उद्‌गम भएको थलो चाहिँ म्याग्दी जिल्लाको खिखघार भन्ने ठाउँ हो ।

तरबारे नाच : यो नाच थारु समुदायमा प्रचलित तन्त्रमा आधारित नाच हो । हातमा तरवार लिई शिरमा आगो राखी शैदको रूपमा यो नाच नाचिन्छ ।

ख्याली नाच : ऐतिहासिक र पौराणिक कथालाई गीतिलयमा ढालेर गीत गाउँदै नाचिने यो लोकनृत्य सबै क्षेत्रका जनजातिबिच लोकप्रिय छ ।

सिंगारु नाच : यो नाच नाच्दा पुरुषहरू महिलाको भेष धारण गर्छन् । डोल्पा, सल्यान, रुकुम, जाजरकोट आदि जिल्लामा दसैँ, तिहारलगायतका अन्य  चाडपर्वमा पनि यो नाच नाचिन्छ ।

सँगिनी नाच : ब्राह्मण छेत्री समाज, खास गरी पूर्वी नेपालको पहाडी समुदायका महिलाहरू भेला भई सत्यनारायणको पूजा, तीज, स्वस्थानी व्रत आदि जस्ता धार्मिक अवसरमा यो नाच नाचिन्छ ।

रुद्रायणी नाच : नेवारी भाषामा यो नाचलाई सिकाली प्याँख भनिन्छ । धार्मिक र तान्त्रिक विधिमा आधारित भई ललिपुरको खोकनामा नवदुर्गाको अवसरमा यो नाच नाचिन्छ ।

सलहेस नाच : पूर्वी नेपालको दुसार र मुसहर जातिले आफ्नै इष्ट देवता सहेसको पूजा गर्दा यो नाच नाचिन्छ ।

सखिया नाच : थारुहरूमा प्रचलित यो नाच माघी पर्वको अवसरमा नाचिन्छ ।

पुलुकसी नाच : पुलकसी नाच हात्तीको प्रतिकात्मक नाच पनि हो । काठमाडौँ उपत्यकाको ज्यापू समुदायमा प्रचलित यो नाच इन्द्रजात्राको अवसरमा काठमाडौँको किलागलमा प्रस्तुत गर्ने गरिन्छ ।

झिझिया नृत्य : प्वाल पारिएको घैँटामा बत्तीहरू बाली टाउकामा राखेर नाचिने यो नाच मैथिली समुदायमा प्रचलित छ ।

सराई नाच : पश्चिम नेपालको गुल्मी, अर्घाखाँची, पाल्पा आदि क्षेत्रमा दसैँको अवसरमा खुँडा, खुकुरी, तरवार जस्ता हातहतियार सहित नाच्ने गरिन्छ ।

वालन नाच : भगवान् रामकृष्णसँग सम्बन्धित यो नाच  विभिन्न चाडपर्वको बेलामा नाचिन्छ ।

झर्रा नाच : समूहमा बाँसको कप्टेरो लिएर त्यसलाई एक आपसमा ठोक्काएर खास लय र तालमा यो नाच नाचिन्छ ।

जटजटिन नाच : भगवान इन्द्रलाई खुसी पार्न नाचिने यो नाच पूर्वी नेपालको तराईका जिल्लामा प्रचलित छ । पुरुषले जाट र महिलाले जाटिनको रूप धारण गरी यो नाच नाचिन्छ ।

लोक तथा शास्त्रीय नृत्यको संरक्षणमा देखिएका चुनौती

१. सांस्कृतिक अतिक्रमण तथा आयातीत नृत्यको प्रचुरता

२. समुदायहरूमा आफ्नै पहिचान र गौरव सम्बन्धमा देखिएको अज्ञान

३. प्रचार प्रसार तथा अध्ययन अन्वेषणको अभाव

४. स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरका स्वस्थ प्रतिस्पर्धाको अभाव

५. कलाकारलाई अभिप्रेरणा, पुरस्कार एवम् सम्मानको अभाव

नेपाल लोक नाचमा धनी छ । तर यस्ता नाचहरू लोप हुने अवस्थामा पुगेका छन् । त्यसैले समयमा नै यस्ता नाचहरूको संरक्षणका लागि पहल गर्नुपर्ने देखिन्छ । यस्ता नाचहरूको संरक्षणका लागि निम्नलिखित उपाय अपनाउन सकिन्छ :

१. युवापुस्तालाई लोक नाचप्रति आकर्षण बढाउन महत्त्व बुझाउने

२. विद्यालय र कलेज तहको पाठ्यक्रममा यस्ता विषयहरू समावेश गर्ने

३. लोक नाचसँग सम्बन्धित प्रतिस्पर्धात्मक कार्यक्रम आयोजना गर्ने

४. विद्युतीय मिडियाबाट यस्ता गतिविधिहरू महत्त्वको साथ प्रसारण गर्ने

## अभ्यास

१. तपाईँलाई मन पर्ने लोक र शास्त्रीय नृत्यको एक एकओटा उदाहरण लेख्नुहोस् ।

२. धान नाच कुन समुदायसँग सम्बन्धित छ ?

३. सोरठी नाच कस्तो नाच हो ?

४. सिँगारु नाच र मारुनी नाचको एउटा प्रमुख भिन्नता उल्लेख गर्नुहोस् ।

५. लोक तथा शास्त्रीय नृत्य भनेको के हो ? उदाहरणसहित लेख्नुहोस् ।

६. लोक तथा शास्त्रीय नृत्यका विशेषतालाई तालिकामा प्रस्तुत गनुहोस् ।

६. लोक नृत्य हाम्रा पहिचानका धरोहर हुन् । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

७. लोक नृत्यको संरक्षणका लागि सम्बन्धित निकायलाई दिन सकिने कुनै चारओटा प्रभावकारी सुझाव लेख्नुहोस् ।

८. हाम्रा कतिपय लोक तथा शास्त्रीय नृत्यहरू लोपोन्मुख अवस्थामा पुगेको कारणहरू उल्लेख गर्दै त्यसको संरक्षण र संवर्धनका लागि गर्न के के उपाय गर्न सकिन्छ ? वर्णन गर्नुहोस् ।

९. तपाईंको समुदाय तथा क्षेत्रमा प्रचलित लोक तथा शास्त्रीय नृत्यको सूची तयार पार्नुहोस् ।

१०. तपाईंको समुदाय वा क्षेत्रमा प्रचलित नृत्यको बारेमा निम्नानुसारको तालिकामा देखाउनुहोस् :

| लोक नृत्य | क्षेत्र | समुदाय | अवसर | कैफियत |
|---|---|---|---|---|
| पुलकसी नाच | काठमाडौँ | नेवार, ज्यापू | इन्द्र जात्रा | हात्तीको प्रतिक |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पाठ ५

# हाम्रा राष्ट्रिय दिवस

विगतमा घटेका महत्त्वपूर्ण घटनाहरूसँग सम्बन्धित दिनलाई राष्ट्रिय दिवस भनिन्छ । यस्ता दिवस देशभरि नै मनाइन्छ । त्यसैले यस्ता दिवसलाई राष्ट्रिय चाडको रूपमा मानिन्छ । विगतका यस्ता दिन वा घटनालाई नेपाल सरकारले राष्ट्रिय दिवस घोषणा गरेको छ । यस्ता दिवसलाई दिवसको रूपमा मात्र लिन हुँदैन । यस्ता दिवसले हामीलाई समाज र राष्ट्रका लागि केही गर्ने प्रेरणा पनि प्रदान गर्छन् ।

राष्ट्रिय दिवसको महत्त्व

(क) राष्ट्रिय दिवसले हाम्रो पहिचान जोगाउन मद्दत गर्छ ।

(ख) देशमा घटेका महत्वपूर्ण घटना र घटनाको परिर्वतन स्मरण गराउँछ ।

(ग) राष्ट्रको गौरव बढाउन सहयोग गर्छ ।

(घ) महत्त्वपूर्ण घटना र परिर्वतनको रक्षा गर्न प्रेरणा प्रदान गर्छ ।

(ङ) विगतको योगदान बोध गराउन सहयोग गर्छ ।

(छ) शासकीय सुधारमा सहयोग पुग्छ ।

(झ) महत्त्वपूर्ण विषयमा सर्वसाधारणलाई चेतना र जागरण गराउँछ ।

नेपालमा हाल प्रचलनमा रहेका राष्ट्रिय दिवसहरू निम्नानुसार छन् :



सहिद दिवस : नागरिक हक अधिकार र राष्ट्रिय स्वतन्त्रताका लागि जीवन बलिदान गर्ने व्यक्तित्वलाई सहिद भनिन्छ । राणा शासन विरुद्धमा स्वतन्त्रताको लडाइँ लड्दै आफू मरेर पनि मुलुकलाई स्वतन्त्र बनाउने दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभद्र माथेमा, गङ्गालाल श्रेष्ठहरू सहिद हुन् । उनीहरूलाई १०४ वर्ष सम्म चलेको जहानियाँ राणा शासनले वि.सं.१९९७ माघ १० गतेदेखि माघ १६ गतेसम्मको अवधिमा विभिन्न स्थानमा हत्या गरेको थियो । त्यसैले उक्त दिनलाई सहिद सप्ताहको रूपमा मनाइन्छ भने उनीहरूको देशप्रतिको

बलिदानलाई सम्मान गर्दै नेपालमा हरेक वर्ष माघ १६ गते सहिद दिवस मनाइन्छ । उक्त दिनपछि शहादत प्राप्त गरेका सहिदलाई  पनि यही सहिद दिवसकै दिन सम्झने गरिन्छ । काठमाडौँको सहिद ढोका निर्माण गरिएको छ भने हेटौँडा, छिन्ताङ, सुखानी, टिम्मुरबोटे आदि स्थानहरूमा पनि सहिदको सम्मानमा सहिद स्मारक र पार्क बनाइएका छन् । कतिपय विद्यालय, क्याम्पस, अस्पताल, सडक आदिहरू पनि सहिदको नाममा नामकरण गरेर स्थापना गरिएको छ ।



संविधान दिवस : सहिदको बलिदान र नागरिकका सङ्घर्षले नागरिक हितअनुकूलको संविधानको निर्माण गरिएको हुन्छ । लोकतन्त्रमा जनभावानालाई संविधानले आत्मसात गरेको हुन्छ । संविधान जनहितकारी हुनुपर्छ । तसर्थ यिनै विशेषता समेटिएर संविधान जारी गरिएको दिनलाई महत्त्वपूर्ण राष्ट्रिय दिवसको रूपमा मनाइने गरिन्छ ।  नेपालको वर्तमान संविधान वि.सं.०७२ असोज ३ गते घोषणा गरिएको हो । त्यसैले हरेक वर्षको असोज ३ गतेलाई संविधान दिवसको रूपमा मनाइन्छ । यो संविधानले नेपाललाई सङ्घीय गणतन्त्रमा रूपान्तरण गर्दै राज्यको पुर्नसंरचना गरियो । स्थानीय तहलाई शक्ति सम्पन्न बनाएको छ भने नागरिकका मौलिक हक अधिकारको व्यवस्था गरेको छ ।



प्रजातन्त्र दिवस : हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस मनाइन्छ । नेपालमा वि.सं. २००७ सालको क्रान्तिले दिल्ली सम्झौतामार्फत २००७ साल फागुन ७ गते जहानियाँ राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापना भएको घोषणा गरेको थियो । प्रजातन्त्रमा जनताका लागि जनता (जनप्रतिनिधिमार्फत) ले नै जनतामाथि शासन गर्छन्  (To the people, for the people by the people- Abraha M Lincoln) । राणाहरूको ओठे बोलीको कानुनको विरुद्धमा प्रजातन्त्रको स्थापनालाई निकै ठुलो उपलब्धि थियो । त्यसैले नागरिक स्वतन्त्रता एवम् राज्य व्यवस्थाको सन्दर्भमा प्रजातन्त्र दिवसको निकै ठुलो महत्त्व रहेको छ ।

गणतन्त्र दिवस : हरेक वर्षको ज्येष्ठ १५ गतेका दिन गणतन्त्र दिवस मनाउने गरिन्छ । वि.सं. २०६२/०६३ सालको आन्दोलनमार्फत पहिलो संविधान सभा (०६४ चैत्र २८को चुनावमार्फत) को पहिलो बैठक (वि.सं.०६५ जेठ १५) ले




नेपालबाट राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना गराएको थियो । राजतन्त्रमा राजाकै जेठा छोराहरू राजा वा राज्य प्रमुख हुन्थे भने गणतन्त्रमा जनताका छोरा छोरी पनि राज्य प्रमुख हुन पाउने प्रावधान ०७२ को संविधानमा सुरक्षित गरिएको छ । त्यसैले यिनै उपलब्धिलाई सम्मान गर्न गणतन्त्र दिवस मनाइन्छ ।

नारी दिवस : विश्वभरि मार्च ८ मा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने गरिन्छ । महिला अधिकार, महिला सशक्तीकरण र लैङ्गिक समानता आदि सवालमा छलफल गरिन्छ ।




नेपाललगायतका संसारका विभिन्न राष्ट्रहरूमा विभिन्न क्रियाकलाप सञ्चालन गरेर नारी दिवस मनाउने गरिन्छ ।

यही तत्थ्यलाई मध्यनजर गर्दै संयुक्त राष्ट्र सङ्घले पनि सन् १९७७ पछि आफ्नै महासभामार्फत महिला अधिकार र शान्तिसम्बन्धी प्रस्तावलाई अनुमोदन गर्‍यो । मार्च ८ तारिखका दिन महिलाहरूले ठुलो सङ्घर्षपश्चात् महिला अधिकार प्राप्त गरेको हुनाले नारी दिवस मनाइन्छ । यो दिन महिला कर्मचारीलाई सार्वजानिक बिदा दिइन्छ भने महिला हक अधिकारका सम्बन्धमा विभिन्न कार्यक्रमको आयोजना गरिन्छ ।

मजदुर दिवस : मजदुर दिवस हरेक वर्षको मे महिनाको १ तारिखका दिन मनाइन्छ । नेपालमा मजदुर दिवसलाई राष्ट्रिय दिवसको रूपमा भने २०६२/ ०६३ सालको दोस्रो आन्दोलनपछि मात्र मनाउन थालिएको हो । श्रमजीवीको हकहितलाई संरक्षण गर्ने सन्दर्भमा यो दिनलाई अन्तर्राष्ट्रिय मजदुर दिवसको रूपमा मनाइन्छ । त्यसैले नेपालमा पनि मजदुरलाई सम्मान गर्न यो दिवस मनाइएको हो । यो दिनमा ट्रेड युनियनको र्‍याली, प्रवचन कार्यक्रम आदि जस्ता गतिविधिहरू हुने गर्छन् ।




बाल दिवस : हरेक वर्षको १४ सेप्टेम्बर बाल दिवस मनाइन्छ । संयुक्त राष्ट्र सङ्घको महासभाले जारी (२० नोभेम्बर १९८९) गरेको महासन्धिलाई नेपालले (१४ सेप्टेम्बर १९९०) मा हस्ताक्षर गरेपछि सोही दिनलाई बाल दिवसको रूपमा मनाउने गरिन्छ । तथापि बाल दिवस संयुक्त राष्ट्र सङ्घको महासभाले पारित गरेको दिनभन्दा पनि पहिला देखि (भाद्र ४) नै नेपालमा मनाउने चलन थियो । बाल दिवसका दिन बाल अधिकारका लागि र्‍याली, प्रभातफेरी, खेलकुद, प्रवचन आदि कार्यक्रम सञ्चालन गरिन्छ ।



## राष्ट्रिय दिवस मनाउने तरिका र योजना तयारी

राष्ट्रिय दिवस वास्तवमै हाम्रो देशका गहना हुन् । राष्ट्रिय दिवस नितान्त राष्ट्रिय हित वा विश्व बन्धुत्वलाई आत्मसात गर्ने स्वरूपको हुनुपर्छ । राष्ट्रिय दिवसका आफ्नै मौलिक महत्त्व हुने हुँदा यसको गरिमामा आँच आउने किसिमका कुनै पनि गतिविधि स्वभावत: निन्दनीय हुन्छन् । राष्ट्र, राष्ट्रियता र देश प्रेम तथा नागरिकका विभिन्न वर्गको यथोचित सम्मानको अनुपम उदाहरणको रूपमा राष्ट्रिय दिवसलाई लिने गरिन्छ । तसर्थ राष्ट्रिय दिवस सही ढङ्गले मनाउनुपर्छ किनकि यो हाम्रो स्वाभिमान र आत्म सम्मानसँग जोडिएको हुन्छ ।

| राष्ट्रिय दिवससँग सम्बन्धित चुनौती | राष्ट्रिय दिवस मनाउने उपाय |
|---|---|
| राष्ट्रिय दिवस कोठे दिवसको रूपमा रूपान्तरण हुँदै जानु | हरेक टोल, गाउँ, सहर तथा विद्यालयहरूमा राष्ट्रिय दिवस आयोजक समितिको गठन गर्ने |
| राष्ट्रिय दिवस राजनीतिक रङमा रङ्गिँदै जानु | समितिको तत्त्वावधानमा आर्थिक तथा सामाजिक व्यवस्थापन गर्दै सहभागिता जुटाउने |
| राष्ट्रिय दिवस छुट्टीको अर्थमा व्यक्तिगत मनोरञ्जनात्मक विषयमा केन्द्रित हुनु | प्लेकार्ड, ब्यानर, पम्पेलेट आदि सहित न्यूनतम टोल वा वडाको प्रभातकालीन फेरी अर्थात् र्‍याली गर्ने |
| राष्ट्रिय दिवसको सन्दर्भमा नियामक निकाय उदासिन रहनु | दिवससँग सम्बन्धित सान्दर्भिक तथा मौलिक प्रकारका सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने |
| सञ्चार माध्यम तथा प्रचार प्रसारका सन्जालहरू औपचारिकतामा मात्रै सीमित रहनु | कार्यक्रममा सहभागीहरूले दिवसको महत्त्व झल्किने वेशभूषा लगाउने |

## अभ्यास

१. संविधान दिवस भनेको के हो ?

२. कसलाई सहिद भनिन्छ ?

३. बाल दिवसको कुनै दुईओटा महत्त्व उल्लेख गर्नुहोस् ।

४. मजदुर दिवसको सम्बन्धमा तपाईंको विचार एक वाक्यमा उल्लेख गर्नुहोस् ।

५. राष्ट्रिय दिवसको परिचय दिँदै यसको महत्त्व बुँदागत गर्नुहोस् ।

६. नारी दिवसको दिनमा नारीको सहभागिता कम हुनाको कारण उल्लेख गर्दै समाचारको नमुना तयार पार्नुहोस् ।

७. गणतन्त्र दिवसको महत्त्वमाथि प्रकाश पार्नुहोस् ।

८. हाल राष्ट्रिय दिवस मनाउने तरिकाप्रति तपाइँको कस्तो विचार सम्बन्धमा लेख तयार पार्नुहोस् ।

९. नेपालमा मनाइने राष्ट्रिय दिवसहरूको सूची, मिति तथा विशेष विशेषता देखनुहोस् ।

१०. बाल दिवस वा प्रजातन्त्र दिवस मनाउने कार्यक्रम तालिका तयार पार्नुहोस् ।

११. राष्ट्रिय दिवस मनाउने परम्पराअन्तर्गत सहिद दिवस वा नारी दिवस मनाउने योजना तयार गर्नुहोस् ।

पाठ ६

# अन्तर्राष्ट्रिय व्यक्तित्व

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न विषयहरूमा ख्याति कमाएका व्यक्तित्वलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व भनिन्छ । यस्ता व्यक्तित्वले नि:स्वार्थ भावले सेवा गरेका हुन्छन् । यिनीहरूका क्रियाकलाप अधिकांशत: परोपकारमा आधारित हुन्छन् । यिनीहरूले शान्तिसहितको परिवर्तन अर्थात् विकासलाई आत्मसात गरेका हुन्छन् । यिनीहरूले गर्ने कामको विषय पुरानो नै भए पनि कार्यशैली, घटना परिघटना एवम् परिणामहरू तत्कालिन समय र वस्तु परिस्थतिअनुसार अद्वितीय हुन्छ । यिनीहरूका काम कार्बाही र गतिविधिहरू विश्वलाई नै प्रेरणा दिन सक्ने खालका हुन्छन् । यस्ता व्यक्तित्वले आफ्नै लक्ष्य र उद्देश्यका लागि ज्यानको बलिदान दिनसम्म पनि पछि हट्दैनन् । जस्तै नेल्सन मन्डेलाले श्वेत र अश्वेत वर्गबिचको भेदलाई समानताको परिधिभित्र ल्याउन सफल भए भने आतङ्कवाद तथा महिला शिक्षाको मौलिक अधिकारका लागि मलाला युसुफजाईले ज्यानको बाजी लगाउन पनि पछि परिनन् ।

## नेल्सन मन्डेला



- नेल्सन मन्डेला दक्षिण अफ्रिकाका प्रथम अश्वेत राष्ट्रपति (१० मे १९९४ देखि १४ जुन १९९९सम्म) हुन् ।
- राष्ट्रपति हुनुभन्दा पहिले यिनी दक्षिण अफ्रिकामा काला जातिमाथि गोरा जातिले गर्ने विभेदको विरुद्धमा आन्दोलनरत थिए ।
- यिनै रङ्गभेद विरुद्धको आन्दोलनको क्रममा यिनीलाई २७ वर्षसम्म रबिन द्वीपमा कैद गरिएको थियो । जहाँ उनले कोइला खानीमा कठिन श्रम गर्नुपरेको थियो ।
- सन् १९९० श्वेत सरकारसँग भएको एउटा सम्झौताअन्तर्गत उनले रङ्गभेद रहितको नयाँ दक्षिण अफ्रिका बनाए ।

- ➢ यिनलाई दक्षिण अफ्रिकालगायत सम्पूर्ण विश्वमा रङ्भेद विरोधीको प्रतिकको रूपमा चिनिन्छ ।
- ➢ यिनको जन्मदिनलाई संयुक्त राष्ट्र सङ्घले नेल्सन मन्डेला अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने गर्छ ।

नेल्सन मन्डेला, पिता न्कोसी हेनरी गेडला म्फाकेनिस्वा (मन्डेला) र माता (त्तिस्चियन मेथोडिस्ट) नोन्काफी नोसकेनी (तेस्रो पत्नी) को कोख बाट सन् १९१८ जुलाई १८ तारिखका दिन जन्मेका थिए । थियो । नेल्सन मन्डेला १२ वर्ष (सन् १९३०) को हुँदा उनको पिताको देहान्त भएको थियो ।

दक्षिण अफ्रिका विश्व विद्यालयबाट बी.ए.(स्नातक तह) सम्मको  तथा एल्.एल्बी (कानुन शास्त्र) को पढाइ पूरा गरे ।

सन् १९४१ ताका जोहानेसबर्ग पुगेका मन्डेलाले खानी सुरक्षा अधिकारीको  उनको भेट स्टेट एजेन्ट वाल्टर सिसुलु र वाल्टर एल्बरटाइनसँग भयो । उनीहरूबाट मन्डेला राजनीतिक रूपमा निकै प्रभावित भएका थिए । यसपछि उनको भेट लाजर सिडेल्स्कीसँग भयो ।  पुरानो जागिर छोडेर वकिलको फर्ममा क्लर्कको काम गर्न थाले । यहींबाट उनले आफ्नै लेखहरू प्रकाशन गर्न थाले । यसरी यहींबाट बिस्तारै उनको सक्रियता राजनीतिमा बढ्दै गयो । त्यसैले उनी सन १९४२ देखि राजनीतिमा प्रवेश गरे ।

सन् १९४४ मा अफ्रिकी नेशनल काँग्रेसमा सामेल भएर यीनले ए. एन. सी. युवा लिग गठन गर्न सहयोग पुऱ्याए । उनी सन् १९४७ मा  सो सङ्गठनको सचिवमा नियुक्त भए । सन् १९६१ मा मन्डेला र उनका केही सहयोगीलाई देशद्रोहको आरोप लाग्यो । अदालतमा मुद्दा चल्यो । तर यसमा उनलाई निर्दोष  सावित गरेपछि २९ मार्च १९६१ मा मन्डेलासहित अन्य २८ जनाले राजद्रोहको मुद्दामा सफाइ पाए ।  राजद्रोहको मुद्दामा सफाई पाएकै दिन उनी भूमिगत भए र २९, ३० र ३१ मार्चका लागि राष्ट्रव्यापी हडतालको योजनाको तयारीमा लागे । तर  राज्य सुरक्षाको व्यापक परिचालनको कारण हडताल कार्यक्रम फिर्ता लिइयो । उनलाई सङ्गठनले १९६१ जुन महिनामा सशस्त्र सङ्घर्षको नेतृत्व गर्न भन्दै उमखोन्टे वसिज्वे  नामक सशस्त्र सङ्गठन पनि गठन गर्न मद्दत गऱ्यो । अन्त्यमा मन्डेलाले यो सशस्त्र सङ्गठनको नेतृत्व गर्दै १६ डिसेम्बर १९६१ मा शृङ्खलाबद्ध विष्फोट गराएर रङ्गभेद विरुद्धको भिषण आन्दोलनको सुरुवात गरे ।

उनी स्थानीय प्रिटोरिया जेलमा थुनिए । सन् १९६३ मे २७ का दिन उनलाई रोबेन टापुमा सरुवा गरियो । यता प्रहरीले जोहानेसबर्गमा रहेको ए. एन. सी. को गोप्य अड्डाहरूमा छापा मार्‍यो । मन्डेलाका धेरै साथीहरूलाई गिरफ्तार गर्‍यो । मन्डेलाका आमाको सन् १९६८ र जेठो छोराको सन् १९६९मा मृत्यु भएको थियो भने उनीहरूको अन्तिम संस्कारमा उनलाई सहभागी हुन दिइएन । सन् १९८२ मार्च ३१ मा उनलाई केप टाउनको पोल्समुर जेलमा स्थानान्तरण गरिएको थियो । उनको प्रोस्टेन्ट ग्रन्थीको शल्यक्रिया गरेर सन् १९८५ मा पुनः जेलमै फर्काइएको थियो । उनले अन्ततः रङ्गभेदी सरकार र ए. एन. सी. बिचको अन्तिम बैठकको बारेमा वार्ता सुरु गरे ।

सन् १९८८ अगष्ट १२ मा उनलाई अस्पताल लगियो । उनी क्षयरोगबाट पनि ग्रस्त हुँदै गएका थिए । दुईओटा अस्पतालमा तीन महिना बिताएपछि उनलाई ७ डिसेम्बर १९८८ मा पार्ल नजिकैको भिक्टर भर्सटर जेलको एउटा घरमा सारिएको थियो जहाँ उनले अरु १४ महिना जेल जीवन बिताए । उनलाई श्वेत सरकारले उनको जेल जीवनमा तीनचोटि ससर्त रिहाइको प्रस्ताव गरे तापनि उनले कुनै पनि स्वीकार गरेनन् । उनका आन्दोलनका सबै साथीहरू जेलबाट रिहा भइसकेको चार महिनापछि अन्त्यमा उनलाई पनि ११ फेब्रुवरी १९९० का दिन रिहा गरियो ।

रिहा भएपछि उनले ए. एन. सी. का अध्यक्ष ओलिभर ताम्बे जो बिरामी थिए उनलाई प्रतिस्थापन गर्दै उनी अध्यक्षमा चुनिए । यसपछि उनले श्वेत अल्पसङ्ख्यकको शासन अन्त्य गर्न आधिकारिक वार्तामा दत्तचित्त भएर लागे । यही प्रयासका लागि उनलाई र राष्ट्रपति एफ. डब्ल्यु. डेक्लेर्कलाई सन् १९९३ मा संयुक्त रूपमा नोबेल शान्ति पुरस्कार प्रदान गरियो । उनले जीवनमा पहिलो पटक २७ अप्रिल १९९४ मा मतदान गरे ।

सन् १९९४ मे १० का दिन उनी दक्षिण अफ्रिकाको पहिलो लोकतान्त्रिक रूपमा निर्वाचित राष्ट्रपति भए । एक कार्यकाल समाप्त भएपछि उनले सन १९९९मा पद त्याग गरे । उनले १९९५ मा स्थापित नेल्सन मन्डेला बालकोषमा चाहिँ काम गरिरहे । उनले नेल्सन मन्डेला फाउन्डेसन र मन्डेला रोडस फाउन्डेसन स्थापना गरे ।

नेल्सन मन्डेलाको योगदान

१. काम नगरेसम्म कुनै पनि कुरा असम्भव नै लाग्छ ।

२. गर्वको कुरा कहिल्यै नलड्नु होइन तर पटक पटक लडेर उठ्नु हो ।

३. विश्वलाई परिवर्तन गर्ने ठुलो हतियार शिक्षा हो ।

४. तपाइँ कुनै व्यक्तिसँग कुरा गर्दा मातृभाषामा कुरा गर्नुहोस् ।

५. मानिसलाई जन्मदेखि नै रङ, परिस्थिति र उसको धर्मप्रति घृणा हुँदैन ।

६. तपाइँले गर्ने सानो या ठुलो कामले कुनै फरक पार्दैन ।

७. कुनै पनि देश बिगार्नु छ भने शिक्षामा प्रहार गरिन्छ ।

नेल्सन मन्डेलाले लोकतन्त्र र शिक्षाप्रति आफ्नै समर्पणमा कहिल्यै डगमगाएनन् । भयानक उत्तेजनाको बावजुद उनले नस्लवादलाई नस्लवादले जवाफ फर्काएनन् । उनी शान्तप्रिय थिए । उनको जीवन उत्पीडित र वञ्चित र उत्पीडन र वञ्चितताको विरोध गर्ने सबैका लागि प्रेरणा हो । उनलाई दक्षिण अफ्रिकी जनताहरू राष्ट्रपिताको अलावा राष्ट्रिय मुक्तिदाता र उद्धारकर्ताको रूपमा मान्छन् । दक्षिण अफ्रिकामा सबैले उनलाई मदीबा (सम्मान सूचक शब्द) भनेर आदर गर्छन् । मन्डेलालाई विश्वको विभिन्न देश र संस्थाहरूबाट २५० भन्दा धेरै सम्मान र पुरस्कारहरू प्रदान गरिएको छ । उनले ५ डिसेम्बर, २०१३ का दिन मृत्युवरण गरे ।

## मलाला युसुफजाई




म डर भन्दा बलियो छु । (I am stronger than fear)- मलाला युसुफजाई मलाला युसुफजाईलाई बाल अधिकारकर्मीको रूपमा चिनिन्छ । सत्र वर्षको उमेरमै नोबेल शान्ति पुरस्कार जित्ने प्रथम महिला पनि हुन् ।

मलाला युसुफजाईको जन्म १२ जुलाई १९९७ मा स्वात उपत्यकाको सबैभन्दा ठुलो सहर मिङ्गोरामा भएको थियो । यो पाकिस्तानको खैबर पख्तुनखवा प्रान्तमा पर्छ । उनी पिता जियउद्दिन र माता टोर पेकाई युसुफजाईकी छोरी हुन् ।

उनको विरोधको शैली अलि फरक प्रकारको थियो । उनले विरोधका लागि एघारै वर्षको उमेरमा कलम चलाइन् । सन् २००९ मा उनले 'गुल मकइ' छद्म नाम धारण गरेर उर्दु भाषामा बिबिसीका लागि डायरी लेख्न थालिन् । ब्लगमा उनले 'म डराउँछु' शीर्षक राखेर सुन्दर स्वात उपत्यकामा पूर्ण रूपमा फैलिएको युद्धको आतङ्क र तालिबानका कारण स्कुल जान डर लाग्ने कुरा उल्लेख गरेकी थिइन् । त्यस्तै बिबिसीलाई पठाउने डायरीमा पनि तालिबानको अत्याचार, कुकृत्यसहित आफ्नै दुःख दर्द र वेदना लेख्ने गर्थिन् । मलालाले जबदेखि ब्लग र मिडियामा

तालिबानको अत्याचारको बारेमा लेख्न सुरु गरिन् तबदेखि नै उनलाई तालिबानले धम्की दिन सुरु गरिसकेको थियो । उनले डायरीमा लेखेको केही हरफ मर्मस्पर्शी छन् । 'आज हाम्रो विद्यालयको अन्तिम दिन हो । त्यसैले हामीले विद्यालयमा निकैबेरसम्म खेल्यौँ । मलाई आशा छ कि विद्यालय एकदिन अवश्य खुल्ने छ । तर घर फर्किँदा मैले विद्यालय भवनलाई यसरी हेरेँ कि सायद म अब कहिल्यै पनि यहाँ आउन पाउँदिनँ होला ।' त्यस्तै उनले एकचोटि पाकिस्तान टेलिभिजमा भनेकी थिइन् "तालिबानले मेरो शिक्षाको आधारभूत अधिकार कसरी खोस्यो ?" यसरी मलाला तालिबानको रणनीतिको कट्टर आलोचक बनिन् ।

यसै क्रममा तालिवानको कब्जाबाट मिङ्गोरालगायत स्वात उपत्यकालाई स्वतन्त्र पार्न पाकिस्तान सरकारले सेना परिचालनको निर्णय गऱ्यो । सुरक्षाका लागि मलाला र उनको परिवार सयौँ माइल टाढा जानुपरेको थियो । यसरी मलाला आन्तरिक रूपमा विस्थापित व्यक्ति (आई. डी. पी.) भएकी थिइन् । केही हप्ता पनि उनी फेरि पुरानै ठाउँमा फर्किन र आफ्नै विद्यालय जान पाउने अधिकारका लागि सार्वजनिक अभियान जारी राखिन् । उनको आवाज बुलन्द हुँदै गयो । अर्को तीन वर्षको अवधिमा उनी र उनका पिता पाकिस्तानी केटीहरूलाई निःशुल्क गुणस्तरीय शिक्षामा पहुँच दिने आफ्नै सङ्कल्पका लागि पाकिस्तानभरि चिनिन थाले ।

यस्तै सक्रियताको कारण सन् २०११ मा अन्तर्राष्ट्रिय बाल शान्ति पुरस्कारका लागि उनको नाम पनि समावेश गरियो । तर उनले यो पुरस्कार प्राप्त गर्न भने सकिनन् । तर त्यही वर्ष उनलाई पाकिस्तानको राष्ट्रिय युवा शान्ति पुरस्कार प्रदान गरियो । यसको बाबजुद स्वात उपत्यकामा परिवर्तन ल्याउने उनको अभियानलाई सबैले समर्थन गरेका भने थिएनन् ।

सन् २०१२ अक्टोबर ९ का दिन मलाला स्कुल बसमा घर फर्किँदै गर्दा तालिबानका दुई सदस्यले बस रोकेर उनलाई तीन चोटी गोली हाने । तीन गोलीमध्ये एउटा गोली उनको टाउकाबाट बाहिर निस्केर काँधमा लागेको थियो । उनलाई तुरुन्तै पेसावरको सैनिक अस्पतालमा लगियो भने चार दिनपछि इङ्ल्यान्डको बर्मिङ्घम अस्पतालमा सघन हेरचाहका लागि एयरलिफ्ट गरियो । मलालालाई कोमाबाट बाहिर निकालियो । तर पनि उनको अनुहारको बायाँ भागको पक्षघात ठिक गर्न, अनुहारका स्नायु एवम् कोषिकाहरूको मरर्मत गर्ने जस्ता धेरै शल्यक्रिया गर्नुपर्ने थियो । यसको बाबजुद उनको मस्तिष्कमा कुनै गम्भीर क्षति नभएकाले सन् २०१३ को मार्च महिनादेखि बर्मिङ्घम विद्यालय जान सक्ने भइन् ।

मलालाको अविश्वसनीय सफलतम उपचारपछि उनलाई विश्वव्यापी समर्थन प्राप्त भयो । सन् २०१३ जुलाई १२ का दिन आफ्नै १६ औँ जजन्मदिनको अवसरमा न्युयोर्कको भ्रमण गर्दै संयुक्त राष्ट्र सङ्घमा पनि भाषण गरिन् । यसपछि उनले ‘आई एम मलाला : द गर्ल हु स्टुड अप फर एजुकेसन एन्ड वाज सट बाई द तालिबान’ शीर्षकमा आफ्नै पहिलो आत्मकथानक पुस्तक प्रकाशन गरिन् ।

उनको कामको प्रशंसा गर्दै युरोपेली संसद्ले सन् २०१३ अक्टोबर १० का दिन उनलाई विचारको स्वतन्त्रताका लागिप्रतिष्ठित सखारोभ पुरस्कार प्रदान गर्‍यो । त्यस्तै उनले मेक्सिकोको समानता पुरस्कार २०१३, संयुक्त राष्ट्रको मानव अधिकार सम्मान २०१३ प्राप्त गरिन् भने भारतीय समाजसेवी तथा बाल अधिकारकर्मी कैलाश सत्यार्थीसँगै संयुक्त रूपमा सन् २०१४ मा नोबेल शान्ति पुरस्कार पनि प्राप्त गरिन् ।

सन् २०१४मा आफ्नै पितासँग सहस्थापना गरेको मलाला कोषअन्तर्गत सिरियाली शरणार्थीलाई भेट्न जोर्डन, युवा महिला विद्यार्थीहरूलाई भेट्न केन्याको भ्रमण गरिन् । आफ्नै १७ औँ जन्म दिवसको दिन उनी नाइजेरियामा थिइन् । त्यहाँ उनले बोको हराम (आतङ्कवादी सङ्गठन) ले अपहरण गरेका महिलाको समर्थनमा आवाज उठाइन् ।

आज मलाला कोष एउटा संस्था बनेको छ जसले शिक्षामार्फत केटीहरूलाई आफ्नै क्षमता हासिल गर्न र आफ्नै देशमा आत्मविश्वासी र बलियो नेता बन्न सशक्त बनाउँछ । मलाला कोषले छओटा देशहरूमा शिक्षा परियोजनालाई अनुदान दिइराखेको छ । यसले अन्तर्राष्ट्रिय नेताहरूसँग काम गर्दै स्थानीय साझेदारहरूसँग भूमि (शासन सत्ता) सम्बन्धमा नयाँ तथा परिष्कृत समाधानहरूमा लगानी गर्न  र सबै केटीहरूलाई गुणस्तरीय माध्यमिक शिक्षाका लागि विश्वव्यापी रूपमा वकालत गर्छ ।

## अभ्यास

१. नेल्सन मन्डेलाको जन्म कहिले भएको थियो ?

२. मलाला युसुफजाई को हुन् ?

३. नेल्सन मन्डेला र मलाला युसुफजाईबिच देखिने कुनै दुई भिन्नता उल्लेख गर्नुहोस् ।

४. नेपालको कुनै दुई अन्तर्राष्ट्रिय व्यक्तित्वको नाम लेख्नुहोस् ।

५. नेल्सन मन्डेलाले किन रङ्भेद विरोधी आन्दोलन चलाए ?

७. मलालालाई गोली प्रहार गर्नुभन्दा अघि उनको अभियानले यथोचित समर्थन नपाउनुको कारण के थियो होला ?

८. नेल्सन मन्डेला र मलाला युसुफजाईको जीवनी पढेर तपाईँले पाएको प्रेरणा उल्लेख गर्नुहोस् ।

पाठ ७

# विश्वबन्धुत्व र मानवता



बन्धु शब्दले आफन्त, मित्र, दाजुभाइ सहयोगी वा शुभचिन्तकहरूलाई बुझाउँछ । तसर्थ विश्व बन्धुत्व, विश्वभरिका जनजाति, भाषाभाषी, संस्कार, परम्परा, संस्कृति आदि सहितका ठुला साना वा बलिया कमजोर राष्ट्रहरूबिच भ्रातृत्वको भावना विकसित गरी प्रगति पथमा अगाडि बढ्न प्रेरित गर्ने महत्त्वपूर्ण दृष्टिकोण हो । मानवहरूबिच एक अर्काप्रति सहानुभूति, सहयोग, समानुभूति, करुणा, दया, माया, प्रेम भाव, आत्मीयताअनुरूपको पारस्परिक व्यवहारलाई मानवता भनिन्छ। विश्वका सबै मानिस र देशमा विश्व बन्धुत्व र मानवताको भावना विकास भएमा सबैजना सुख, शान्ति तथा सम्वृद्ध भएर बाँच्न पाउँछन्।

विश्व बन्धुत्व किन आवश्यक छ ?

संसारमा कुनै पनि व्यक्ति वा राष्ट्र संपूर्ण रूपमा आत्मनिर्भर हुँदैनन्। उनीहरूलाई कुनै पनि बेला कुनै पनि विषयमा सहयोगको आवश्यकता परि नै रहेको हुन्छ।

१. एक आपसमा सहयोग आदान प्रदान गर्न

२. आफूसँग नभएको वस्तु प्राप्त गर्न र बढी भएको वस्तु निर्यात गर्न

३. ज्ञान विज्ञान, प्रविधिलगायत संस्कृतिको आदान प्रदान गर्न

४. एकताको सूत्रमा बाँधिएर सहअस्तित्वको सम्मान गर्न

५. द्वन्द्व, सङ्घर्ष र युद्ध जस्ता कुराहरूलाई नियन्त्रण गर्न

६. शान्ति स्थापना गर्दै विकासको गतिलाई तीव्र पार्न

पृथ्वी हामी मानवलगायत सम्पूर्ण जीवात्माहरूको घर हो । यहाँ जाति, भाषा, धर्म, संस्कृति, परम्परा आदिका कारण व्यापक विविधता पाइन्छ । यिनै विविधतामा आधारित भएर विभिन्न राष्ट्रहरूको जन्म भएको छ । यो विविधता एकातिर रङ्गीन फूलबारी जस्तै राम्रो देखिन्छ भने अर्कोतर्फ आत्मसम्मान, स्वाधिनता, स्वाभिमान, सार्वभौमसत्ता, रीाष्ट्रियता आदिको सवालमा

राष्ट्रहरू संवेदनशील पनि भएको पाइन्छ । तथापि त्यस्ता संवेदनशीलताको तात्पर्य अर्थात् विवादको समाधान युद्धमा खोज्नु नितान्त सङ्कुचित मानसिकता हो । त्यसैले उनीहरू सधैं एक अर्काबिच शङ्का उपशङ्का, अविश्वास, रिस, इर्स्या, घृणा, बदलाको भावनामा बसिरहेका हुन्छन् । अन्त्यमा युद्धमा होमिन्छन् ।

घरपरिवारका कुनै एक सदस्यको अज्ञान वा मूर्खताको कारण घरमा अशान्ति पैदा हुन सक्छ, । फलत: घरका सबैले अनावश्यक क्षति बेहोर्नुपर्ने हुन्छ । त्यसरी नै विश्वमा कुनै एक समुदाय वा देशको राजनीतिक जिद्दीका कारण विश्वको शान्ति खलबलिन सक्छ । शान्तिको अभावमा विश्वको विकासको गतिमा बाधा उत्पन्न हुन्छ । विश्वमा द्वन्द्व बढेर सङ्घर्ष र युद्धको स्थिति आउन सक्छ । यस्तो अवस्थामा ठुलो जनधन, पुल, बाँध, बाटो, कलकारखाना जस्ता संरचनाहरूको व्यापक क्षति हुन्छ । यसपछि त्यसको पुनर्संरचना गर्न ठुलो धनराशी र समय लाग्छ । नयाँ निर्माण गर्नुपर्ने बेलामा पुरानो कुरालाई मरम्मत गरेर बस्नुपर्ने बाध्यता हुन्छ ।

> **विश्ववन्धुत्वको महत्त्व**
>
> - विश्ववन्धुत्वको अवधारणाले विश्वका विविध सम्प्रदाय, धर्म, जात, भाषा, पेसा, लिङ्ग आदिमा एकता निर्माण गर्छ ।
> - एकता मार्फत अस्तित्वमा रहेका सबै प्राणी, धर्म, संकृति, परम्पराहरुको यथोचित सम्मान कायम गर्न सकिन्छ
> - एकताले सङ्घर्ष र युद्धको विपरित शान्ति व्यवस्थापन गर्न मद्दत गर्छ ।
> - शान्तिपूर्ण अवस्थामा मात्र ढाँचागत आर्थिक विकासको तुलनामा आध्यात्मिक एव प्राकृतिक विकासकार्य सम्भव हुन्छ ।
> - आध्यात्मिक र प्राकृतिक विकासले मात्र वास्तविक सुख, शान्ति र समृद्धि प्रदान गर्न सक्दछ ।

संसार अहिले सूचना र प्रविधिको कारण सानो विश्वग्राममा रूपान्तरण भइसकेको छ । विकासक्रम, जीवनयापनका आवश्यकता, ज्ञानविज्ञानको साटासाट, रोजगारीको खोजी, व्यापार व्यवसाय तथा शान्त र समृद्ध जीवनको अभिलाषा जस्ता कारणले गर्दा संसारभरिका मानिसहरूमा व्यापक बसाइँसराइको क्रम बढिरहेको छ । यो प्रक्रियाले विश्वको विशुद्ध विविधतामा अर्को मिश्रित आयाम थपिदिएको छ । फलस्वरूप सामाजिक सांस्कृतिक तहमा दुई भिन्न व्यक्ति, सम्प्रदाय, धर्म, जाति, भाषा, पेसा आदि एक आपसमा घुलमिल हुने क्रम बढ्दो छ । यस प्रक्रियाले बहुलबादलाई स्वीकार गर्दै सम्भावित सामाजिक

द्वन्द्वको न्यूनीकरण गर्न सघाउ पुगेको छ । यसरी सामाजिक सांस्कृतिक तहमा एक आपसमा बन्धुत्व, भ्रातृत्व, मानवताको भाव विकास गर्दै सामाजिक सांस्कृतिक स्तरमा प्रेमपूर्वक जीवनयापन गर्ने क्रम पनि बढ्दो छ । विश्वबन्धुत्वको भावना बढ्दै जानुका कारण यसप्रकार उल्लेख गर्न सकिन्छ :

१. अन्तरजातीय विवाह प्रचलनमार्फत सांस्कृतिक आदान प्रदान हुनु

२. भिन्न धर्म,संस्कृतिलाई आत्मसात गर्दै धार्मिक एवम् सांस्कृतिक सहिष्णुतामा वृद्धि

३. आगलागी, भूकम्प, खडेरी, बाढी पहिरो आदिको बेलामा अन्तर्राष्ट्रिय सहानुभूति, समानुभूति, सहयोग आदि प्राप्त हुनु

४. विभिन्न सङ्घ संस्था तथा राष्ट्रिय योजना परियोजनाअन्तर्गत अध्ययन अनुसन्धानका लागि छात्रवृत्ति कार्यक्रम प्राप्त हुनु

५. व्यापार व्यवसाय रोजगारी जस्ता क्षेत्रहरूमा पनि राष्ट्रिय स्तरमै सम्झौता हुनु

एक्काइसौँ शताब्दीमा चलिरहेको विश्व भ्रातृत्वको यो प्रक्रियालाई हाम्रो पूर्वीय ज्ञान एवम् दर्शनले निकै पहिले नै पहिचान गरिसकेको थियो । यस अवधारणालाई 'वसुधैव कुटुम्बकम्' भनिन्छ । अर्थात् संसारका सबै प्राणीहरू एकअर्का (जीवात्मा जाति, आस्था, संस्कार, परम्परा आदि) सँग अन्तरसम्बन्धित, छन् भने अन्ततः तिनीहरू एक आपसमा अन्तरघुलित हुँदै सद्भाव, प्रेम, सहयोग, सहानुभूति, करुणा, दया आदिका साथसाथै मानवता, भ्रातृत्व एवम् बन्धुत्वलाई प्रवर्धन गर्छन् । शान्ति र विकासका लागि यो सिद्धान्तको अर्को विकल्प छैन । हामी सबैको आश्रय स्थल अर्थात् विश्वको यथोचित प्रगतिका लागि 'वसुधैव कुटुम्बकम्' को अवधारणालाई आत्मसात गर्नु नै पर्ने हुन्छ । अन्यथा विश्व विनाश अवश्यम्भावी छ ।

यद्यपि एउटा निश्चित भूगोल भित्रका मानिस, समुदाय, जात, धर्म, संस्कृति, परम्परा, इतिहास आदिले एउटा राष्ट्रलाई जन्म दिएको हुन्छ । तर पनि राष्ट्रभन्दा जात, समुदाय र धर्म ठुलो हुँदैन । त्यस्तै विभिन्न राष्ट्र मिलेर विश्वको निर्माण भएकाले एउटा राष्ट्रको स्वार्थ, समग्र विश्वको अस्तित्वभन्दा ठुलो हुन सक्दैन । त्यसैले विश्वमा संयुक्त राष्ट्र सङ्घको स्थापना गरिएको हो । त्यस्तै गुटबन्दी र युद्धमा सहभागी नहुने भनेरप्रतिज्ञा गर्ने असंलग्न राष्ट्रहरूको सङ्गठन (Nonalignment Movement-NAM) समेत स्थापना भएको छ । नेपाल पनि त्यसको एउटा सदस्य हो । यसबाहेक यिनै शान्तिका सिद्धान्तहरूलाई प्रवर्धन गर्नका लागि दक्षिण एसियामा सार्क

(SAARC), पूर्वी एसियामा आसियान (AASIAN), युरोपमा युरोपियन युनियन (EU) र दोस्रो विश्वयुद्धभन्दा अगाडि उपनिवेशितामा जकडिएका कमनवेल्थ (Common Wealth Nations) राष्ट्रहरूको सङ्गठन समेत स्थापना भएको छ ।

| विश्व बन्धुत्वका बाधा | विश्वबन्धुत्व कायम गर्ने उपाय |
|---|---|
| अज्ञान, शान्तिको महत्त्व बुझ्न नसक्नु | आध्यात्मिक एवम् वैदिक ज्ञानको प्रचार प्रसार |
| विभेदकारी नीति एवम् व्यवहार | वर्ग र वर्णविहीन समाज तथा समान व्यवहार |
| रिस, इर्स्या, घमन्ड र बदलाको भावना तथा प्रेम,दया, माया समानुभूतिको अभाव | रिस, ईर्ष्या, घमन्ड आदि शक्ति हुन्, यसको सकारात्मक उपलब्धिका लागि प्रयोग गर्ने |
| अस्वस्थ आर्थिकप्रतिस्पर्धा, गरिबी | स्वस्थप्रतिस्पर्धा तथा गरिबीको निवारण |
| सामाजिक सांस्कृतिक अभिमान, आडम्बर आदि | सामाजिक सांस्कृतिक सहिष्णुताको निर्माण |
| राजनीतिक एवम् कुटनीतिक कुटिलता | विश्ववन्धुत्व कायम राख्ने उपाय |
| हस्तक्षेप, भ्रष्टाचार एवम् दण्डहीनता | लोकतन्त्र, कानुनी राज्य र सुशासनको अबलम्बन |
| आतङ्कवाद तथा  लोभ लालच | हतियार र आतङ्कवादको नियन्त्रण |
| फुटाउ र राज गर भन्ने नीति | 'वसुधैव कुटुम्बकम्' को सिद्धान्तलाई अबलम्बन गर्ने |

सकारात्मक द्वन्द्वले निर्माण गर्छ भने नकारात्मक द्वन्द्वले विनाश गर्छ । सकारात्मक द्वन्द्वमा संवादको अवसर प्राप्त हुन्छ । संवादले द्वन्द्वको निराकरण गरी द्दन्द्वरत पक्षहरू बिच एउटा सम्झौताको बिन्दु पत्ता लगाइदिन्छ । दुवै पक्षहरूले सो सम्झौताको पालना गरेसम्म द्वन्द्व हुँदैन र शान्ति कायम हुन्छ । यसका लागि बन्धुत्वको भावना, मानवताको भावना, सहिष्णुताको भावना आदि आवश्यक पर्छ जुन आध्यात्मिकता, योग तथा आत्माको शुद्धताबाट मात्र सम्भव छ । फलस्वरूप एक अर्काप्रति भाइचाराको भावना जागृत गर्दै दया, माया, प्रेम, सहिष्णुता जस्ता तत्त्वहरूमा वृद्धि गर्न सकिन्छ । यसरी शान्ति स्थापना गर्दै क्रमिकरूपमा विकास गर्दै जान सकिन्छ ।

## अभ्यास

१. विश्वबन्धुत्व भनेको के हो ?

२. विश्वग्राम भन्नाले के बुझ्नुहुन्छ ?

३. 'वसुधैव कुटुम्बकम्'को अर्थ एक वाक्यमा लेख्नुहोस् ।

४. वर्तमान विश्व परिवेशमा विश्वबन्धुत्वको महत्त्वमाथि प्रकाश पार्नुहोस् ।

५. विश्वबन्धुत्वका चुनौतीहरूको बारेमा संक्षेपमा वर्णन गर्नुहोस् ।

६. विश्वबन्धुत्वको प्रवर्धन गर्ने उपायको सूची तयार पार्नुहोस् ।

७. अहिले संसार युद्ध तथा आतङ्कवादले ग्रस्त देखिन्छ । यसका कारण तथा समाधानका उपाय उल्लेख गर्नुहोस् ।

८. विश्व बन्धुत्वको आवश्यकता र महत्त्व दर्साउँदै विदेशमा बस्ने साथीलाई पत्र लेख्नुहोस् ।

९. विश्व बन्धुत्व जागृत गर्ने खालका सम्बन्धमा आकर्षक नारा तयार पार्नुहोस् ।

पाठ ८

# ज्येष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व

ज्येष्ठ नागरिक ऐन २०६३ अनुसार ६० वर्षभन्दा माथिका नागरिकलाई ज्येष्ठ नागरिक भनिन्छ । विश्वमा करिब १३.५ प्रतिशत मानिसहरू ६० वर्षभन्दा माथिका छन् । नेपालमा वि.सं. २०७८ को तथ्याङ्कअनुसार १०.२१ प्रतिशत अर्थात् २९,७७,३१८ ज्येष्ठ नागरिकको सङ्ख्या रहेको छ । जसको न्यूनतम गाँस, बास र कपासको सम्बन्धमा कुनै साहारा नभएका व्यक्तिलाई असहाय भनिन्छ । तिनीहरू प्राय: अनाथ वा टुहुरा हुन्छन् । असहाय शब्दले शारीरिक रूपमा अशक्त र कुनै सहारा नभएका वृद्धवृद्धा वा व्यक्तिलाई पनि सङ्केत गर्छ । अपाङ्गता भन्नाले कुनै पनि व्यक्तिमा निहित, फरक ढङ्गले सबल हुन सक्ने क्षमतालाई बुझाउँछ ।

ज्येष्ठ नागरिकका विशेषता

हाम्रा हजुरबुबा र हजुरआमालाई विचार गर्दा ज्येष्ठ नागरिकहरू स्वभावत: शारीरिक रूपमा अशक्त हुन्छन् । उनीहरूको आँखा र दाँत कमजोर हुँदै जाने हुन्छ । कतिपय त विभिन्न रोगका कारण अस्वस्थ पनि हुन्छन् । कतिपय ज्येष्ठ नागरिकहरू आफैँले सामान्य स्याहार सुसार गर्न सक्दैनन् । नुवाइधुवाइ गर्न पनि अन्य परिवारका सदस्यको सहारा लिनुपर्छ । उनीहरूका परिवारमा कसैले सल्लाह नमागे पनि सलाह दिइराख्ने, राम्रो नराम्रो तथा गर्न हुने नहुने कामहरूको बारेमा परिवारका सदस्यहरूलाई सम्झाइ रहने बानी हुन्छ । नाति नातिना तथा बालबालिकालाई असाध्यै माया गर्ने र उनीहरूसँगै प्राय: हाँस्ने बोल्ने, खेल्ने बानी हुन्छ । प्राय: वृद्ध वृद्धाहरू सामाजिक सांस्कृतिक मूल्यमान्यताप्रति अति संवेदनशील हुने हुँदा कसैले त्यस्ता मूल्य मान्यताको अवहेलना गर्दा चित्त दुखाउने, असन्तुष्ट हुने र कतिपय अवस्थामा त चिढचिढापनको सिकार हुन पुगेको पनि देखिन्छ ।

ज्येष्ठ नागरिकको भूमिका एवम् महत्त्व

१. ज्येष्ठ नागरिकहरू सर्वप्रथम आदरणीय हुन्छन्, उनीहरूलाई सबैले सदा आदर र सम्मान गर्नुपर्छ । किनभने उनीहरू ज्ञान तथा अनुभवका भण्डार हुन् । संस्कार र संस्कृतिका खानी हुन् ।

२. हामीजस्ता बालबालिकाहरूको अभिभावक हुन् । हाम्रो लवाइखवाइ, शिक्षा दीक्षा, स्वास्थ्यलगायत के गर्ने के नगर्ने जस्ता आदर्श सामाजिकीकरणका चरणहरूमा उहाँहरूको भूमिका निकै महत्त्वपूर्ण हुने गर्छ ।

३.	प्रत्यक्ष वा अप्रत्यक्षरूपमा समाज निर्माणको कार्यमा पनि सहभागिता रहेको हुन्छ ।

ज्येष्ठ नागरिकले भोग्नुपरेका समस्या

ज्येष्ठ नागरिक वा वृद्धवृद्धाहरू शारीरिक रूपमा अशक्त र सामाजिक मूल्यमान्यताको सम्बन्धमा संवेदनशील हुने कारणले उहाँहरूले विभिन्न समस्याहरू भोग्नुपरिरहेको छ । यसबाहेक पश्चिमी जीवनशैलीको नक्कल गरिँदा एकल परिवारको समस्या बढ्दै गएकाले पनि वृद्धवृद्धाहरू समस्यामा पर्ने गरेका छन् । आफ्नै काम र स्याहार सुसार गर्न नसक्ने, एकाङ्कीपनको सिकार हुने, चिडचिडापनको सिकार हुने समस्या आउँछ । व्यक्तिगत रूपमा आर्थिक समस्या हुने, नातागोता, आफन्त, साथीभाइ आदिसँग भौतिक सम्पर्क कम हुँदै जाने, आफ्नै विविध मनोभावनाहरू अरुसँग व्यक्त गर्न नपाउने अवस्था कायम हुन्छ ।




परनिर्भरता बढ्दै जाने हुनाले सन्तानहरूले समय नदिने जस्ता समस्या देखिन्छ । यिनै समस्यालाई उहाँहरूका सन्तानहरूले बोझ सम्झेर दुर्व्यवहार र अपहेलना गर्दा उनीहरूमा मानसिक तनाव बढ्दै जान्छ । वृद्धवृद्धाहरूलाई घरबाटै निकालिदिने तथा कतिपयलाई वृद्धाश्रममा छोडिदिएको पनि देखिन्छ । वृद्धवृद्धाहरू सन्तानको त्यस्तो व्यवहारबाट पीडित भएर आफैँ वृद्धाश्रममा बस्न गएको पनि पाइएको छ । परिवारजनको असहयोगका कारण कतिपय वृद्धवृद्धाहरू राज्यले प्रदान गरेको आर्थिक सामाजिक सुविधाहरू पनि उपभोग गर्न पाइरहेका छैनन् ।

वृद्धवृद्धाको हेरचाह

वृद्धवृद्धाको हेरचाह गर्नु हामी सबैको नैतिक कर्तव्य हो । सन्तान तथा परिवारजनहरूको मुख्य कर्तव्य नै हो । वृद्धवृद्धाहरूलाई अपहेलना गर्नु हुँदैन । उहाँहरूको चित्त दुखाउनु हुँदैन । उहाँहरूलाई समय दिनुपर्छ । उहाँहरूको मनोभावना बुझ्ने प्रयास गर्नुपर्छ । उहाँहरूको लाउने, खाने तथा घुमफिर गर्ने जस्ता कुराहरूमा परिवारजनले सधैँ चासो राख्नुपर्छ । यदि उहाँहरू अस्वस्थ भएमा परिवारजन अझै गम्भीर हुनुपर्छ । वृद्धवृद्धाको हेरचाहका लागि निम्नलिखित अभ्यास गर्न सकिन्छ :

१.	सर्वप्रथम वृद्धवृद्धाहरूसँग कुनै न कुनै परिवारका सदस्य साथमा रहने

२. उहाँहरूको मनोभावना बुझ्ने प्रयास गर्ने र सोहीअनुसार काम गर्ने

३. उहाँहरूको कुरा अस्वीकार गर्दा सम्मान र आदरसहित तर्क दिने

४. ठिक समयमा औषधी सेवन गराउने

५. समय, दिन र बार मिलाएर औषधी राख्ने भाँडा वा बट्टा बनाउने

६. वृद्धवृद्धाहरूको दैनिकरूपमा आवश्यक पर्ने सरसामग्रीहरूलाई सधैँ उपयुक्त स्थानमा राखिदिने

७. उहाँहरूको सफाइमा (नुवाइधुवाइ, कोरीबाटी आदि) विशेष ध्यान दिने

८. आफू साथसाथै लागेर सामान्य व्यायाम, साँझ बिहान हलुका हिँडाइ तथा योगध्यान जस्ता कुराहरूका लागि अभिप्रेरित गर्ने

९. बुढाबुढीलाई आजको युगको कुरा के थाहा हुन्छ र भनेर उनीहरूलाई हिनताबोधको सिकार हुन नदिने

१०. उहाँहरूसँग कुनै पनि विशेष शारीरिक श्रमयुक्त काम नहुने हुँदा करेसाबारी वा बगैँचामा हलुका ढङ्गले हलचल गर्न सघाउ पुऱ्याउने

११. टेलिभिजन, मोबाइल, सङ्गीतको साथसाथै पत्रपत्रिका आदि जे अनुकूल पर्छ त्यसको व्यवस्था गरिदिने

१२. उहाँहरू समय बिताउन कोठामा नै खेल्न सकिने खेलहरू खेल्नका लागि साथ दिने

१३. उहाँहरू आय आर्जन गर्न नसक्ने हुँदा गच्छेअनुसार पैसा वा उपहारहरू (जुत्ता, मोजा, टोपी, गलबन्दी, खास्टो, धोती, शृङ्गार सामग्री आदि) समय समयामा दिने

१४ .गच्छेअनुसार तीर्थ व्रत, धार्मिक गतिविधि जस्ता कार्यक्रम आयोजना गर्न

१५. आफ्नै सांस्कृतिक संस्कारअनुसार जन्मदिन, विवाहको दिन, चौरासी पूजा आदि (गच्छेअनुसार) गरिदिने

ज्येष्ठ नागरिक तथा अपाङ्गहरूको सम्बन्धमा सरकारले गरेको व्यवस्था

१. सरकारले ज्येष्ठ नागरिक, वृद्धवृद्धा, अशक्त, अपाङ्ग तथा असहायहरूको हकहितको सम्बन्धमा वि.सं. २०७२ को संविधानमा मौलिक हकको रूपमै विशेष व्यवस्था गरेको छ ।

२. ज्येष्ठ नागरिक ऐन २०६३ र ज्येष्ठ नागरिक नियमावली २०६३ पनि पारित गरेको छ।

३. राज्यका नीतिहरूमा ज्येष्ठ नागरिकसम्बन्धी व्यवस्था गरिएको छ।

४. वृद्ध भत्ताको व्यवस्था

५. ज्येष्ठ नागरिकसम्बन्धी ऐनले हरेक परिवारजनले आफ्नै आर्थिक हैसियतअनुसार वृद्धवृद्धाको पालन पोषण तथा हेरचाह गर्नुपर्ने व्यवस्था गरेको छ।

६. वृद्धवृद्धाले सन्तानहरूलाई अंश सहित छुट्टिएर बस्न दिएको मन्जुरीको अवस्थामा बाहेक उनीहरूले चाहेको सन्तानसँग बस्न पाउने र सो सन्तानले पालन पोषण गर्नुपर्ने अधिकार सुरक्षित गरिएको छ।

७. कसैले पनि वृद्धवृद्धालाई परिवारबाट अलग्गै राख्ने वा राख्नका लागि बाध्य पार्न नहुने व्यवस्था ऐनमा गरिएको छ।

८. वृद्धवृद्धा आश्रित भएको सन्तान यदि आर्थिक दुरावस्थामा छ भने अन्य परिवारको सदस्यहरू जो अंश लिएर छुट्टै बसेता पनि उनीहरूले पालनपोषण गनुपर्ने व्यवस्था ऐनमा गरिएको छ।

९. ज्येष्ठ नागरिकको चल अचल सम्पत्ति प्रयोग, उपयोग वा भोगचलन गर्ने परिवारको सदस्य, नातेदार वा हकवालाले निज ज्येष्ठनागरिकलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ।

१०. ज्येष्ठ नागरिक ऐनको दफा २४ मा स्पष्ट रूपमा “नेपाल सरकारले ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिकहरूलाई तोकिएको आधारमा वर्गीकरण गरी तोकिएबमोजिम भत्ता वा सुविधा उपलब्ध गराउन सक्ने छ” भनी उल्लेख गर्नुहोसे्को छ।

ज्येष्ठ नागरिकप्रतिको नैतिक एवम् सामाजिक कर्तव्य

१. ज्येष्ठ नागरिक तथा हरूलाई परेको बेलामा सेवा तथा उनीहरूलाई सहयोग गर्नु

२. बाटो काट्न, उठ्न बस्नलगायत मठमन्दिर, विभिन्न कार्यालय,व्यापारिक भवनहरूका भऱ्याङहरूमा सहारा दिने

३. सार्वजानिक यातायातमा आफू उठेर भए पनि उहाँहरूलाई बस्न सिट छोडिदिनु

४. ज्येष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्गहरूलाई लाइनमा पर्खिने अवस्था आउन नदिने

५. पालो कुर्ने ठाउँमा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने

६. ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवामा छुट र नि:शुल्क उपचार

७. यातायात सेवामा ५० प्रतिशत भाडा छुटको पनि व्यवस्था गरेको छ ।

८. सबै ज्येष्ठ नागरिकले अनिवार्य रूपमा बैङ्कमा खाता खोल्नुपर्ने भने स्थानीय निकायले नियम पनि बनाएको छ । बैङ्क खाता नहुने ज्येष्ठ नागरिकले वृद्धभत्ता पाउनबाट वञ्चित हुनुपर्छ ।

## अभ्यास

१. ज्येष्ठ नागरिकको परिचय दिनुहोस् ।

२. अपाङ्गतालाई भिन्न ढङ्गले सबल व्यक्ति भनेर किन भनेको होला ?

३ ज्येष्ठ नागरिकलाई आदर सम्मान गर्न सकिने कुनै दुई तरिका उल्लेख गर्नुहोस् ।

४. ज्येष्ठ नागरिकको परिचय दिँदै उनीहरूको महत्त्व बुँदागत गर्नुहोस् ।

५. ज्येष्ठ नागरिकले भोग्नुपरेका समस्या के कस्ता छन् ? उल्लेख गर्नुहोस् ।

६. ज्येष्ठ नागरिकलाई कसरी हेरचाह गर्न सकिन्छ ?

७. 'ज्येष्ठ नागरिकमा ज्ञान र अनुभवको भण्डार रहेको हुन्छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

८. ज्येष्ठ नागरिकसम्बन्धी के के कानुनी व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।

९. तपाईंको टोल छिमेकमा भएका ज्येष्ठ नागरिक, अशक्त, असहाय तथा अपाङ्गहरूको सूची तालिकाबद्ध गरी प्रस्तुत गर्नुहोस् ।

| ज्येष्ठ नागरिक तथा वृद्धवृद्धा | अशक्त तथा असहाय | भिन्न ढङ्गले सबल व्यक्ति | कैफियत |
|---|---|---|---|
| ........जना | ........जना | ........जना | |

१०. तपाइँको टोल छिमेकमा भएका ज्येष्ठ नागरिक, अशक्त, असहाय तथा अपाङ्गहरूले घर परिवार तथा समाजमा निर्वाह गर्न भूमिकाका बारेमा लेख्नुहोस् ।

११. सरकारले ज्येष्ठ नागरिकको सम्बन्धमा ऐनमा गरेको व्यवस्था सम्बन्धमा दुई साथीहरूबिच हुने संवाद तयार पार्नुहोस् ।

### लेखन सिप

'ज्येष्ठ नागरिकमा ज्ञान र अनुभवको भण्डार रहेको हुन्छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् । यो प्रश्नको उत्तर निम्नानुसार लेख्नुहोस् :

ज्येष्ठ नागरिक ऐन २०६३ अनुसार ६० वर्षभन्दा माथिका नागरिकलाई ज्येष्ठ नागरिक भनिन्छ ।

ज्येष्ठ नागरिकहरूले आफ्नो जीवनमा थुप्रै उतार चढाव भोगिसक्नुभएको हुन्छ । अनुभवले नै व्यक्तिलाई परिपक्व बनाउँछ । आफूले भोगेका, अनुभव गरेका, देखेका कुरा बढी यथार्थ र सत्य हुन्छन् । ज्येष्ठ नागरिक हाम्रो समाज निर्माणकर्ता मात्र नभई सामाजिक तथा सांस्कृतिक ज्ञान, मूल्य मान्यता र परम्पराका धरोहर हुनुहुन्छ । त्यसैले ज्येष्ठ नागरिकमा ज्ञान र अनुभवको भण्डार हुन्छ । हामीले ज्येष्ठ नागरिकमा रहेका ज्ञान र अनुभवको भण्डारलाई सदुपयोग गर्न सक्नुपर्छ । त्यसैले हामीले उहाँहरूलाई सम्मान गर्नुपर्छ ।

# सामाजिक समस्या र समाधान

१. परिचय

हामी बस्ने समाजलाई हेर्दा विविध खालका क्रियाकलाप हुने गर्छन् । मूल्य, मान्यता, परम्परा, अन्ध विश्वास र आधुनिकताका आधारमा मानव समाजले व्यवहार गर्ने गर्छ । त्यस्ता केही व्यवहार समाजका लागि सकारात्मक खालका हुन्छन् । केही व्यवहार समुदायको विकासका लागि नकारात्मक प्रभाव पार्ने हुन्छन् । यसरी मानव समाजमा प्रचलनमा रहेका विकृत वा नकारात्मक प्रभाव पार्ने व्यवहारलाई सामाजिक समस्या भनिन्छ । सामाजिक समस्याले गर्दा मानव समाजमा नकारात्मक असर पर्न गई समाजको विकासमा अवरोध सिर्जना हुन्छ । यस्ता व्यवहारले गर्दा मानव समाज तथा सभ्यताको विकासमा बाधा उत्पन्न हुन्छ ।

२. उद्देश्य यस एकाइको अध्ययनपछि तपाईँले निम्नलिखित कार्य गर्न सक्षमता प्राप्त गर्नु हुने छ :

(क) सामाजिक समस्याहरूको पहिचान गर्न

(ख) मानव बेचविखन, यौन विकृति र विसङ्गति, घरेलु हिंसा, भ्रष्टाचार तथा केही प्रथाजनित अन्धविश्वास (घुम्टो, छाउपडी, दाइजो/तिलक) आदिको पहिचान गर्न

(ग) सामाजिक समस्या पहिचान गरी समस्या समाधानका विकल्पहरूको छनोट, विकल्पहरूको विश्लेषण, सही विकल्पको छनोट तथा कार्यान्वयन गर्न

(घ) सामाजिक सुधारमा अन्तर्राष्ट्रिय संस्थाहरू युनिसेफ, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष, आइएलओ तथा ट्रान्सपरेन्सीले निर्वाह गरेको भूमिका उल्लेख गर्न

पाठ १

# सामाजिक समस्याको पहिचान

कानुन तथा सामाजिक मूल्य मान्यताको विपरीत समाजमा नकारात्मक असर पार्ने भ्रष्टाचार, मानव तस्करी आदिलाई सामाजिक समस्या भनिन्छ । हाम्रो समाजमा प्रचलित प्रथाजन्य सामाजिक गतिविधि समयसापेक्ष हुन नसक्दा विकृतिको रूपमा देखा पर्छन् । यसले पनि समाजमा नकारात्मक असर पुऱ्याउँछ । दाइजो, छाउपडी, घुम्टो प्रथालाई विकृतिको उदाहरणको रूपमा लिन सकिन्छ । सामाजिक समस्या र विकृति विभिन्न जाति, भाषा, वर्ग, क्षेत्र, धर्म आदिका आधारमा समाजमा देखा परेका हुन्छन् । यस्ता सामाजिक समस्या र विकृतिले पीडितको व्यक्तिगत तथा मौलिक अधिकारको हनन गर्छन् ।






**सामाजिक समस्या तथा विकृतिका कारण**

सामाजिक समस्या तथा विकृतिका कारण निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(क) गरिबी तथा बेरोजगारी

(ख) अशिक्षा

(ग) सामाजिक विभेद

(घ) अज्ञान

(ङ) परम्परागत सोचाइ

सामाजिक समस्या तथा विकृतिका असर

सामाजिक समस्या तथा विकृतिका असरलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(क) समाजमा अशान्ति हुने

(ख) समाजको विकासमा नकारात्मक प्रभाव पार्ने

(ग) सामाजिक सांस्कृतिक मूल्य मान्यतामा नकारात्मक असर पर्ने

(घ) समाजमा विभिन्न कुरीति र अपराधहरू वृद्धि हुने

(ङ) समाजको उन्नति, प्रगति एवम्  विकासमा बाधा पुग्ने

मानव बेचबिखन

समाजमा केही राम्रा सांस्कृतिक गतिविधि र केही नराम्रा सांस्कृतिक पक्ष छन् । त्यस्ता नराम्रो सामाजिक न्याय विकास र समृद्धिमा हानि पुऱ्याउने गतिविधिलाई सामाजिक समस्या भनिन्छ । यसरी समाजको उन्नति, प्रगति, गतिशीलता, सुधार, परिवर्तनको पक्षमा प्रत्यक्ष बाधाको रूपमा समाजमा विद्यमान मूल्य, मान्यता, संस्कार परम्परा, संस्कृति, प्रथा आदिलाई विकृति भनिन्छ । तिनका कारण समाजमा सिर्जना हुने समस्यालाई सामाजिक समस्या भनिन्छ । गरिबी, अशिक्षा, बेरोजगारी, भ्रष्टाचार, लैङ्गिक विभेद यसका उदाहरण हुन् ।

मानव बेचबिखन भन्नाले श्रमशोषण, वेश्यावृत्ति तथा मानिसको अङ्ग झिक्ने गतिविधि हो । यो ठुलो अपराध हो र मानव अधिकारको उल्लङ्घन पनि हो । दलालहरूले प्रत्येक वर्ष ठुलो सङ्ख्यामा मानिसहरू विशेष गरी महिला, बालबालिकालाई बेच्ने गरेको तथ्याङ्क छ । कतिपय देशभित्र नै कतिपय देशभन्दा बाहिर पनि ओसार पोसार गर्ने गरेको पाइन्छ । संसारका धेरै देश यो समस्याबाट पीडित छन् । पछिल्लो तथ्याङ्कअनुसार स्थलमाग तथा हवाई मार्गको  प्रयोग गरी नेपाली महिलालाई अफ्रिका तथा अन्य देशहरूमा लग्ने गरेको पाइएको छ । यसरी हेर्दा मानव बेचबिखन श्रम शोषण, यौन शोषण, बाल मजदुरी, सर्कस, होटलमा नर्तकीको रूपमा धर्म सन्तान र अन्य गलत कामका लागि  मानव बेचबिखन हुने गरेको छ भन्न सकिन्छ  ।

मानव बेचबिखन यिन्त्रण ऐन २०६४ ले मानव बेचबिखनलाई जटिल आपराधिक गतिविधिको रूपमा परिभाषित गरेको छ। यस्तो मुद्दा सरकारवादी हुने र फौजदारी अभियोग मानिन्छ। मानव बेचबिखनको कसुर प्रमाणित भएमा कसुरअनुसार कैद र जरिवानाको व्यवस्था छ । उक्त ऐनअनुसार मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र २ लाख जरिवाना, वेृश्यावृत्तिमा लगाउने कसुरअनुसार १०-१५ वर्ष कैद र ५०,०००-१,००,००० सम्म जरिवानाको व्यवस्था छ। यसै गरी अङ्ग झिक्नेलाई १० वर्ष कैद र दुई लाखदेखि पाँच लाखसम्म जरिवाना छ । यसै गरी वेश्यावृत्तिमा लगाउने, विदेश लैजाने, देशभित्रै एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई पनि जरिवानाको व्यवस्था उक्त ऐनले गरेको छ। यद्यपि कानुनी व्यवस्था भए पनि पीडितले उपचार पाउन नसकेको गुनासो सुन्ने गरेको पाइन्छ।

चेलीबेटी बेचबिखन

महिलाहरूलाई यौन व्यवसाय र अन्य कामका लागि गरिने ओसारपसारलाई चेलीबेटी बेचबिखन भनिन्छ। यसमा दलालले राम्रो जागिर, सुन्दर जीवन र रोजगारीका राम्रा अवसर देखाएर लोभ लालचमा पार्छन् र बेचबिखन गर्छन् । चेतनाको अभाव, अशिक्षा, गरिबी, घरेलु हिंसा जस्ता कारणले गर्दा महिला बेचिने मुख्य कारण हुन्। विगतमा महिला बेचबिखन भारत केन्द्रित थियो भने अहिले स्वरूप परिवर्तन भएको छ। भारतबाहेक अन्य देशमा पनि महिला तथा बालबालिकाको ओसारपसार हुँदै आइरहेका छ। दलालहरूले अफ्रिका, युरोप र उत्तर अमेरिकासम्म आफ्नो सञ्जाल विस्तार गरेको पाइन्छ।

चेलीबेटी बेचबिखन विरुद्ध विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू कार्यरत छन् । माइती नेपाल, दिदी बहिनी, शक्ति समूह, नेपाल प्रहरी, महिला तथा बालबालिका मन्त्रालय आदि महिला बेचबिखन विरुद्ध कार्यरत छन् । यी संस्थाहरूले चेलीबेटी बेचबिखन विरुद्ध महत्त्वपूर्ण योगदान दिएका छन्। यी सङ्घसंस्थाहरूका साथै स्थानीय निकायको सहयोगमा भारतमा हुने ओसारपसार नियन्त्रणको प्रयास हुँदै आएको छ। सीमा क्षेत्रमा यी सङ्घसंस्थाहरूले गरेको निगरानीले चेलीबेटी बेचबिखनमा कमी आएको हो । चेलीबेटी बेचबिखन कार्य गैरकानुनीमात्र नभई आपराधिक गतिविधि पनि हो । त्यसैले यसलाई नियन्त्रण गर्न साज्य तथा अन्य निकायहरूले महत्त्वपूर्ण योगदान दिँदै आएका छन् । चेलीबेटी बेचबिखन समस्या नियन्त्रण गर्नलाई निम्नलिखित उपाय अपनाउन सकिन्छ :

१. महिलाहरू आफैँ सचेत हुनुपर्छ।

२. अभिभावकले आफ्नै छोरीहरूको प्रशस्त ख्याल गर्नुपर्छ ।

३. सुरक्षा निकास चनाखो भई सिमा क्षेत्रमा हुने गतिविधिको निगरानी गर्नुपर्छ ।

४. यस्ता कार्यमा संलग्नहरूलाई कडा सजाय दिनुपर्छ ।

५. समुदाय, प्रहरी र सङ्घसंस्थाहरू मिलेर यस्तो समस्या विरुद्ध लड्नुपर्छ ।

६. शिक्षा र सार्वजनिक सचेतना वृद्धि गर्नुपर्छ ।

बालबालिका बेचबिखन

बालबालिकाको अवैध ओसारपसार जस्ता गतिविधिलाई बालबालिका बेचबिखन भनिन्छ । बालबालिकालाई नशालु तथा बेहोस पार्ने औषधी खुवाएर चोर्न तथा अन्य गलत प्रकारका गतिविधिमा संलग्न गराईन्छ । यसबाहेक जोखिमयुक्त काम, सर्कस, घरेलु कामदार, अङ्ग प्रत्यारोपण, यौन शोषण जस्ता गतिविधिमा पनि बालबालिकालाई जबरजस्ती संलग्न गराइन्छ ।

बालबालिका बेचबिखनका कारण

(क) गरिबी र अशिक्षा

(ख) पारिवारिक कलह तथा अभिभावकको लापरबाही

(ग) खुला सिमाना

(घ) साथीभाइको लहैलहैमा लाग्नु

नियन्त्रणका उपाय

१. रोजगारीको व्यवस्था गर्ने

२. शिक्षा र जनचेतनाको माध्यमबाट अभिभावकलाई बालबालिकाप्रति उत्तरदायी बनाउने

३. कडा कानुन र संजायको व्यवस्था गर्ने

४. सुरक्षा निकायलाई प्रभावकारी बनाउने

५. भ्रष्टाचार नियन्त्रण गर्ने

## अभ्यास

१. सामाजिक समस्या भनेको के हो ?

२ मानव तस्करी भन्नाले के बुझ्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

३ चेलीबेटी तथा बालबालिका बेचबिखन बिच कुनै दुई भिन्नता देखाउनुहोस् ।

४. नेपालको सन्दर्भमा सामाजिक समस्याका प्रमुख स्रोतहरूको बारेमा बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

५. मानव तस्करीलाई किन जटिल समस्या मानिन्छ ? यसका कारण तथा असर बुँदागत गर्नुहोस् ।

६. मानव बेचबिखन विभिन्न सङ्घसंस्था लागि परेका छन् । तर पनि तिनिहरूको प्रभावकारी नियन्त्रण गर्न सकिएको छैन । किन होला ? त्यस्ता सङ्घ संस्थाहरूको गतिविधिलाई अझै प्रभावकारी बनाउन उनीहरूलाई दिन सकिने कुनै चारओटा सुझाव उल्लेख गर्नुहोस् ।

७. तपाईंको समुदायमा कस्ता प्रकृतिका सामाजिक समस्या देखा परेका छन् । समुदायका सदस्यहरूसँग सोधेर कारण, असर तथा समाधानका उपाय उल्लेख गरिएको लेख तयार पार्नुहोस् ।


८. तपाईंको टोल, छिमेक तथा समुदायमा देखापरेका सामाजिक समस्याहरूको सूची बनाई त्यसका कारण, असर तथा नियन्त्रणका उपाय लेख्नुहोस् ।

९. सामाजिक समस्या, चेलिबेटी बेचबिखन, बालबालिका बेचबिखन, मानव अङ्ग तस्करीको विरुद्ध आकर्षक नारा तयार पार्नुहोस् ।

१०. चेलीबेटी बेचबिखन, बालबालिका बेचबिखन तथा मानव अङ्ग तस्करीका कारण, असर तथा नियन्त्रणका उपाय समावेश गरी स्थानीय तहको प्रमुख वा अध्यक्षलाई चिठी लेख्नुहोस् ।

पाठ २

# यौन विकृति र विसङ्गति



यौन विकृति र विसङ्गतिले वेश्यावृत्ति तथा यौनजन्य गैरकानुनी धन्दा एवम् सामाजिक मूल्यमान्यताभन्दा बाहिरका गतिविधिलाई बुझाउँछ । यसअन्तर्गत विवाहअघि राखिने यौन सम्बन्धलाई जनाउँछ । यसै गरी विवाहपश्चात् श्रीमान् वा श्रीमतीले उनीहरूबाहेकका व्यक्तिहरूसँग राखेको यौन सम्बन्धलाई बुझाउँछ । यस्ता गतिविधिले यौन बलात्कार जस्तो जघन्य अपराधलाई जन्म दिने गर्छ । यौन विकृति र विसङ्गतिका कारण अन्य धेरै सामाजिक समस्या र अपराध सिर्जना हुने गर्छन् । त्यसैले यस गतिविधिलाई सामाजिक विकृति र विसङ्गति मानिन्छ । इच्छा विपरीतका यौन सम्बन्धलाई पश्चिमी मुलुकहरूमा अझै पनि बलात्कार मानिन्छन् । बलात्कार प्रमाणित भएमा त्यहाँ पनि दोषीलाई कानुनअनुसार कारबाही हुन्छ ।यौन विकृति तथा विसङ्गतिले सामान्यतया देहव्यापार, वेश्यावृत्ति वा अप्राकृतिक यौन सम्बन्धलाई सङ्केत गर्छ । पुरुष वा महिलाका यौन इच्छाअनुसार मूल्य तिरेर गरिने व्यवहार वा व्यवसायलाई वेश्यावृत्ति भनिन्छ । यौन विसंङ्गतिले कानुन तथा सामाजिक मूल्यमान्यता विपरित हुने अप्राकृतिक मैथुन, यौन प्रयास र यौन सम्पर्कलाई बुझाउँछ । सृष्टिलाई निरन्तरता दिन प्रकृतिले निर्दिष्ट गरेको यौन अनुशासनबाहेकका सबै यौनजन्य गतिविधिहरू अपराध हुन् ।

### यौन विकृतिकाअन्तर्गत निम्न कुरा पर्छन् :

अति कामुकता : यसप्रकारको यौन विकृति भएको मानिसले जुनसुकै समयमा पनि यौन इच्छा राख्ने गर्छ । यदि यस्ता व्यक्तिले सुन्दर विपरीत लिङ्गी देखेमा स्वाभाविक यौन इच्छा राख्ने गर्छ । जस्तोसुकै परिस्थितिमा पनि सधैँ त्यस्तो व्यक्तिको दिमागमा यौन बास गरेको जस्तो मनस्थिति बनाउने गर्छ । जसका कारण यस्ता मानिसहरू कुनै पनि वेला असुरक्षित यौन सम्बन्ध राख्न सक्छन् । यौन रोगको सिकार हुन सक्ने सम्भावना पनि रहन्छ ।

पीडा वा दुःख दिई गरिने सेक्स : यस्तो प्रकारको यौन रोगबाट ग्रस्त व्यक्तिले (स्त्री वा पुरुष) आफ्नो यौन साथिलाई पीडा, दु :ख, कष्ट पुऱ्याई यौन सुख वा सन्तुष्टिको अनुभूति गर्छ ।

आफैँलाई पीडा वा दुःख दिएर गरिने सेक्स : यो यौन विकृतिले ग्रसित मानिस आफैँलाई पीडा, कष्ट दिएर आनन्द आएको अनुभूति गर्छ । यस्तो यौन विकृत्ति भएका मानिस यौन उत्तेजना विकास भएको समयमा आफैँलाई पीडा दिएर आनन्द लिने गर्छन् ।

यौन दृश्य हेरेर यौन सुख : यौन विकृतिबाट ग्रसित व्यक्तिले अरुको यौन सम्बन्ध हेरेर पनि सन्तुष्टि प्राप्त गर्न सक्छन् । यो पनि एक प्रकारको यौन विकृत्ति नै हो ।

यौन इच्छा : यसप्रकारको यौन विकृति प्रायः स्त्री वा पुरुष दुवैमा पाइन्छ । यस रोगबाट ग्रस्त स्त्री वा पुरुष आफ्नो यौन उत्तेजना विकास भएपछि हस्तमैथुन गरेर भए पनि आफ्ना चाहनालाई सन्तुष्टि गर्ने गर्छन् ।

अश्लील बोली : यो यौन विकृतिले ग्रस्त मानिस सधैँ अश्लील शब्द बोल्न मन पराउँछन् । यस्तो प्रकारका रोगीहरू हरेक काम कुरामा अश्लील बोलेरै सन्तुष्टि प्राप्त गर्छन् ।

यौन विकृत्तिका कारण तथा समाधान विभिन्न कारणले यौनविकृति उत्पन्न हुन्छ । तनावपूर्ण जीवन, यौनसम्बन्धी अज्ञान, डर, चिन्ता, उदासीनता, मद्यपान, धूमपान, दीर्घरोग, यौनसम्बन्धी नराम्रो सोच, अश्लील गतिविधिमा संलग्न हुनु, वेश्यावृत्ति गर्नु जस्ता कारणले यौन विकृति उत्पन्न हुन्छ । यौनविकृति भएमा उसमा यौन असक्षमता हुने, यौन अङ्ग विकृत हुने, यौन सन्तुष्टि प्राप्त नहुने, यौन दुर्बलता पैदा हुने वा यौनसम्बन्धी बढी जागरुक हुने आदि समस्या आउन सक्छ । विकृत यौन मानसिकताका कारणले यौन विसङ्गति फैलिने गर्छ । यौन विसङ्गतिले यौन अपराध निम्त्याउन सक्छ । समाजमा यौन हिंसा बढ्न सक्छ । यौन सन्तुष्टिका लागि वेश्यालय जाने वा असुरक्षित यौन सम्पर्क राख्ने गर्नाले यौनरोग सर्न सक्छ, अनिच्छित गर्भाधारण हुन सक्छ भने यौन अपराध पनि हुन्छ । त्यसैले यौनविकृति र विसङ्गतिबाट बच्न अनुशासित जीवन बिताउने, सकारात्मक सोच राख्ने, अश्लील चलचित्र वा गतिविधिमा संलग्न नहुने, यौन उत्तेजना बढाउने औषधीको प्रयोग नगर्ने, र मद्यपान र धूमपान जस्ता लतबाट टाढै बस्ने गर्नुपर्छ ।

यौन विकृति तथा विसङ्गतिका असर

१. घर परिवारमा कलह तथा झैँझगडा लगायत परिवार नै विखण्डन हुने

२. विभिन्न रोगहरूको पिडित हुने

३. समाजमा अपमानित हुनुपर्ने

४. विभिन्न सामाजिक समस्याहरूलाई उतपन्न हुने

५. जनशक्तिमा अभाव हुने

६. समाजमा अशान्ति सिर्जना भई विकास प्रक्रिया अवरुद्ध हुने

यौन विकृति तथा विसङ्गति नियन्त्रणका उपाय

१. गरिबी नियन्त्रण गर्दै उचित रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ ।

२. शिक्षा तथा जनचेतनालाई प्रभावकारी बनाउनुपर्छ ।

३. कानुनको प्रभावकारी कार्यान्वन गर्नुपर्छ ।

४. नागरिक समाजलाई सक्रिय बनाउनुपर्छ ।

वेश्यावृत्ति

वेश्या भन्नाले ती महिलाहरू हुन् जसले आफ्नै विवाहित वैध लोग्नेबाहेक अन्य पुरुषसँग यौन सम्पर्क वा अत्तिरिक्त शारीरिक सन्तुष्टिका लागि मूल्य लिएर आफ्नै शरीर अर्पण गर्छिन् । यद्यपि वेश्या शब्दले महिलालाई जनाएता पनि मूल्य तिरेर महिला वा पुरुषले यौन तृष्णा मेट्ने गतिविधि वेश्यावृत्ति हो ।

नेपालमा वेश्यावृत्तिका कारणमध्ये निम्नलिखित प्रमुख छन् :

१. पीडितहरूमा रोजगारीको अभाव, गरिबी तथा विलासी जीवनको महत्त्वाकाङ्क्षा

२. राजनीतिक उपेक्षाको अलावा स्रोत, साधन तथा अवसरमा पहुँचको अभाव

३. भ्रष्टाचार, सुशासन तथा कानुनको प्रभावकारी अवलम्बनको अभाव

४. शिक्षा, जनचेतना तथा सचेतनाको अभाव

५. हस्तक्षेप तथा सामाजिक सांस्कृतिक अतिक्रमण

६. कमजोर नागरिक समाज, न्यायिक विसङ्गति तथ असमान न्यायिक प्रणाली

७. खुला सिमान तथा दलालहरूको बिगबिगि

८. फितलो कानुन, कानुनको अभाव तथा भएका कानुनको प्रभावकारी अवलम्बनको अभाव

## अभ्यास

१. वेश्यावृत्तिको परिचय दिँदै नेपालमा यसका कुनै चार कारण बुँदागत गर्नुहोस् ।

२. वेश्यावृत्तिले कसरी र के कस्ता विसङ्गति समाजमा ल्याउन मद्दत गर्छ ?

३. वेश्यावृत्तिले निम्त्याउने असर उल्लेख गर्दै यसका समाधानका उपाय बुँदागत गर्नुहोस् ।

४. 'चेलीबेटी बेचबिखन, बालबालिका बेचबिखन र बाध्यात्मक वेश्यावृत्तिका लागि कारक बनेका दलालहरू घोर अपराधी हुन् भने यस्ता जघन्य अपराधहरू गरिबी, अशिक्षा र यौन विसङ्गतिका उपज पनि हुन् ।' तार्किक विचारसहित यसका समाधानका उपाय बुँदागत गर्नुहोस् ।

५. तपाईंको समुदायमा देखिने यौन विकृति र विसङ्गतिको सूची बनाएर त्यसका कारण असर तथा समाधानका उपायलाई सामुदायिक पुस्तकालयको भित्ते पत्रिकामा प्रकाशन गर्नुहोस् ।

६. यौन विकृति तथा विसङ्गतिले व्यक्ति तथा समुदायलाई पार्ने विविध असर र त्यसको नियन्त्रणको सम्बन्धमा साथीहरूसँग छलफल गरी प्राप्त निष्कर्ष कापीमा सार्नुहोस ।

७ वेश्यावृत्तिको कारण असर र समाधानको उपाय समेटी दुई साथीबिच भएको संवादको नमुना तयार पार्नुहोस् ।

पाठ ३

# घरेलु हिंसा र छुवाछुत

## (Domestic Violence and Untouchability)



महिलाविरुद्ध हुने विभिन्न प्रकारका हिंसाहरूमध्ये घरेलु हिंसा एक प्रमुख हिंसा मानिन्छ । महिला हिंसा भन्नाले महिलाहरू माथि परिवार, समुदाय वा समाजले गर्ने शारीरिक, यौनिक वा मानसिक दुर्व्यवहार हो । यस्तो दुर्व्यवहार यदि परिवारकै सदस्यहरूबाट वा परिवासभित्र नै हुन्छ भने त्यसलाई घरेलु हिंसा भनिन्छ । आनीबानी, बोलीबचन, मर्यादा, हक, पहुँच आदिमा परिवारका सदस्यहरू माथि हुने कुटपिट, नकारात्मक व्यवहार वा यस्तै गतिविधिलाई महिला हिंसा भनिन्छ । यस्ता हिंसा हुनुमा गरिबी, दाइजो, पितृसत्तात्मक सोच, अवैध सम्बन्ध, सम्पत्ति लेनदेनका भूमिका खेलेको पाइन्छ । महिला हिंसाका घटना ग्रामीण क्षेत्र तथा सहरी दुवै क्षेत्रमा पनि पाइन्छन् । यसरी हेर्दा अहिले घरेलु हिंसा जटिल समस्याको रूपमा विकसित हुँदै गइरहेको पाइन्छ । नेपाली समाजमा घरेलु हिंसा व्यक्तिगत वा घरायसी मामिलाको विषय हो भन्ने परम्परागत सोचाइ विद्यमान छ । यसरी हेर्दा शारीरिक, मानसिक, यौनिक र आर्थिक क्षति कसैलाई नजिकको व्यक्तिबाट पुऱ्याउनुलाई घरेलु हिंसा भनिन्छ । घरेलु हिंसाले कुनै घरेलु सम्बन्ध भएको व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने वा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।

### घरेलु हिंसाका प्रकार

शारीरिक यातना : यसअन्तर्गत कुटपिट गर्न, गैरकानुनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाब वा अन्य पदाथको माध्यमबाट शरीरमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पारिदिने जस्ता कार्य पर्छ ।

मानसिक यातना : डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुठा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव गर्ने, रूप रङ, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा

अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने आत्महत्या गर्ने दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्नेसम्म

**यौनजन्य यातना :** यौनजन्य प्रकृतिको दुर्व्यवहार अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुर्‍याउने जस्ता कुनै पनि कार्य पर्छ ।

**आर्थिक यातना :** आर्थिक यातना भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत साधन पहुँच वा प्रयोगमा वञ्चित गर्न कार्य तथा दाइजो माग गर्ने दाइजो ल्याउन दबाब दिने वा दाइजो नल्याएको कारणबाट घृणा, हेला वा तिरस्कारसमेतलाई जनाउँछ । परम्परागत कुरीतिलाई अझै पालना गर्नु, पितृसत्तात्मक सामाजिक संरचना, गरिबी, अशिक्षा, जनचेतनाको कमी, महिलाहरूलाई आफ्नो हक अधिकारको बारेमा जानकारी नहुनु, महिलाहरूले आफूमाथि भएको हिंसाको विरुद्ध आवाज नउठाउनु, समाजमा बदनामी हुन्छ भन्ने डरले घरेलु हिंसाका घटना बाहिर नआउनु, जसले गर्दा हिंसा गर्ने मानिसलाई उत्साहित पार्नु, दमहिलाले आफूले आफैलाई कमजोर ठान्नु, समाजले महिलालाई समानताको नजरले हेर्न नसक्नु, कानुनमा समानताको अधिकार लेखिए पनि व्यवहारमा लागु हुन नसक्नु, महिलाको सामाजिकीकरणको प्रक्रियामा उसलाई कमजोर पार्नु, जन्मेदेखि छोरा र छोरीलाई फरक किसिमले व्यवहार गर्नु, शिक्षादिक्षा दिनु, समानताका पक्षमा बनेका कानुनको कडाइका साथ पालना नहुनु, महिला हिंसाविरुद्ध महिलाहरू नै एकजुट हुन नसक्नु, देउकी, झुमा, बाधा प्रथा, छुवाछुत, लैङ्गिक विभेद हुनु घरेलु हिंसाका कारण हुन ।

| घरेलु हिंसाका कारण | घरेलु हिंसाका असर | घरेलु हिंसा नियन्त्रणका उपाय |
|---|---|---|
| अशिक्षा, अज्ञानता तथा सचेतनाको अभाव | तनाव, विचलन, डर जस्ता समस्या देखिने | घर परिवारमा शिक्षा तथा चेतनाको अभिवृद्धि |
| सांस्कृतिक अतिक्रमण | आत्मविश्वास, तथा उत्साहमा कमी | घर परिवारको मूल्यमान्यता, सामाजिक सांस्कृतिक मूल्यमान्यताको सम्मान गर्ने |
| गरिबी तथा बेरोजगारी | हीनभावनाको सिकार तथा घरायसी झमेला | राज्यले गरिबी निवारण गर्दै विविध रोजगारीका अवसरहरू सिर्जना गर्ने |
| महत्त्वाकाङ्क्षा तथा बाहिरी व्यक्तिसँगको | लागु पदार्थ तथा मादक पदार्थ सेवनको लत | घरपरिवारमा पारिवारिक अनुशासन कायम गर्ने तथा लैङ्गिक विभेदको अन्त्य |

| | | |
|---|---|---|
| तुलना | | गर्दै पारिवारिक प्रेममा वृद्धि गर्ने |
| असमझदारी एवम् एक अर्काप्रति अविश्वास | पारिवारिक एवम् सामुदायिकप्रतिष्ठामा आँच | महत्त्वपूर्ण पारिवारिक निर्णय निर्माण प्रक्रियामा परिवारका सबैको सहभागितालाई महत्त्व दिने |
| स्वेच्छाचारिताको दुष्प्रयास | आत्महत्याको भावना प्रबल हुँदै जाने | योग, ध्यानमार्फत आत्मबल वृद्धि गर्ने, उदास, हतास र निराश नहुने |

## छुवाछुत (Untouchability)

जाति, वर्ण, पेसा, धर्मका आधारमा गरिने व्यक्तिगत वा सामाजिक विभेद, अपमान, बहिष्करण आदिलाई छुवाछुत भनिन्छ । नेपालको सन्दर्भमा छुवाछुतको समस्या संस्कृतिमा आधारित रहेर कुप्रथाको रूपमा विकसित भएको पाइन्छ । त्यसैले महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेका छन्, "मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन ।" सरकारले छुवाछुत नियन्त्रण गर्न जातीय विभेद र छुवाछुत ऐन २०६८ जारी गरेको छ । छुवाछुतको विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) तत्कालीन सामाजिक व्यवस्थाको प्रमुख आधार भए तापनि वर्तमानमा समयसापेक्ष परिमार्जन हुन नसकी सामाजिक कुरीतिको रूपमा विकसित हुँदै आएको कुप्रथा

(ख) तथाकथित तल्ला र माथिल्ला जाति बिचको सामाजिक एवम् धार्मिक द्वन्द्व

(ग) जाति पेसा, वर्ण धर्म आदिको नाममा व्यक्ति विशेष तथा समुदाय माथि गरिने विभेद

(घ) पीडित पक्ष सामाजिक बहिष्करणमा पर्ने र विविध सामाजिक सांस्कृतिक क्रियाकलाप आदिमा संलग्न नगराइने

(ङ) विविध स्रोत, साधन र अवसरहरू उपर पहुच नपुग्ने

| छुवाछुतका कारण | असर | छुवाछुतका नियन्त्रणका उपाय |
|---|---|---|
| अशिक्षा, अज्ञान तथा सचेतनाको अभाव | व्यक्ति समुदाय र सम्प्रदाय बिच तनाव, रिस, घृणा, ईर्ष्या जस्ता समस्या देखिने | शिक्षा तथा चेतनाको अभिवृद्धि गर्दै स्रोत, साधन र अवसरमाथि समान पहुँचको व्यवस्था सुनिश्चित गर्ने |
| सामाजिक सांस्कृतिक | हीनभावना, वर्ग भेद तथा | सामाजिक सांस्कृतिक मूल्यमान्यताको |

| | | |
|---|---|---|
| विभेद | आत्मसम्मानको अलावा सामुदायिक दुरी बढ्ने | अलावा मानवता तथा नैतिक मूल्यहरूको सम्मान गर्ने |
| गरिबी तथा बेरोजगारी | आत्मविश्वास, तथा उत्साहमा कमी | राज्यले गरिबी निवारण गर्दै विविध रोजगारीका अवसर सिर्जना गर्ने |
| ऐनकानुनहरूको फितलो कार्यान्वयन, भ्रष्टाचार | लागु पदार्थ तथा मादक पदार्थ सेवनको लत तथा सामाजिक शान्तिमा खलल | सामुदायिक तथ समाजिय अनुशासन कायम गर्ने तथा ऐन कानुनको प्रभावकारी अवलम्बन गर्ने |
| एकताको अभाव तथा कमजोर नागरिक समाज | व्यक्तिगत तथा सामुदायिक प्रतिष्ठामा आँच आउने तथा द्वन्द्वको सम्भावना प्रबल | नगरिक समाजलाई सबल बनाउदै सामाजिक सांस्कृतिक सहभागिता र एकतालाई महत्त्व दिने |
| सहयोग, सहकार्य एवम् सहकारिताको अभाव | सामाजिक सद्भाव, आपसी सहयोग सहकार्य कमजोर हुने | समाजमा आपसी सहयोग र सहकार्यको अलावा भाइचाराको वातावरण निर्माण |

## अभ्यास

१. महिला हिंसा तथा पुरुष हिंसाबिच एक वाक्यमा भिन्नता देखाउनुहोस् ।

२. पुरुष प्रधान समाज भन्नाले के बुझ्नुहुन्छ ?

३. छुवाछुत भनेको के हो ?

४. घरेलु हिंसा भनेको के हो ? यसले समाजमा पार्ने नकारात्मक असरलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

५. छुवाछुत भनेको के हो ? यसले समग्र राष्ट्र विकासको प्रक्रियालाई कसरी अवरोध पुऱ्याउँछ ?

६. छुवाछुतको समस्याको विरुद्ध जनचेतना जगाउने पर्चा वा पम्पलेट तयार पार्नुहोस् ।

७. आफ्नै टोल छिमेकको अवलोकन गरी त्यहाँ हुने घरेलु हिंसाका उदाहरण सङ्कलन गरी त्यसको कारण, असर तथा समाधानका उपाय समेटी तयार पारिएको विवरण साथीलाई देखाउनुहोस् ।

८. आफ्नै टोल छिमेकको अवलोकन गरी छुवाछुतको सम्बन्धमा त्यो समुदायको विचार तथा चाहना बुझ्न सोध्न सकिने प्रश्नावलीको नमुना तयार पार्नुहोस् ।

९. तपाईंको समुदायमा देखा परेका कुरीति तथा खराब प्रचलनको सूची बनाई त्यसका कारण, असर तथा समाधानका उपाय लेख्नुहोस् ।

१०. घरेलु हिंसा र छुवाछुत विरुद्धमा जनचेतना बढाउन सकिने नारा लेखेर राख्नुहोस् ।

११. घरेलु हिंसा र अर्कोले छुवाछुत नियन्त्रण सम्बन्धमा स्थानीय पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् ।

### लेखन सिप

**प्रश्न नं ६ को उत्तर यसरी तयार गर्नुहोस् :**

*अनुरोध ! अनुरोध ! अनुरोध !*

*एक्काइसौँ शताब्दीमा पनि मानिस मानिसबिच छुवाछुतको व्यवहारले हाम्रो समाजलाई धेरै पछाडि पारेको छ । हाम्रो गाउँ, समुदाय र राष्ट्रको विकासमा यस्ता व्यवहारले सहयोग गर्दैन । छुवाछुतको व्यवहारले समाजमा द्वन्द्व सिर्जना हुन्छ । जसले गर्दा समग्र समाजलाई असर गर्ने भएकाले हामी सबै मिली छुवाछुत विरुद्ध सबै समुदायसँग हातेमालो अगाडि बढ्नुपर्छ । दलितले बनाएका सामग्री हामीले प्रयोग गर्न हुने तर उनीहरूलाई घरभित्र आउन नदिने, छोएको नखानेजस्ता व्यवहार आजको समयमा कल्पना पनि गर्न नसकिने भएकाले हामी सबैले यस्ता व्यवहार गर्नेलाई सामाजिक रूपमा बहिस्कार गरौँ । मानव मानवबिचमा कुनै भेदभाव नरहेको कुरा सबैलाई जानकारी गराऔँ । यसबाट नै मानव अधिकारको छुवाछुतविरुद्धको अभियानलाई संरक्षण र विकास गर्न सकिन्छ ।*

पाठ ४

# सामाजिक समस्या पहिचान र समस्याा समाधानका सिप

> रामको कमजोर पढाइको कारण उनलाई यसपाली कक्षा १० दोहो-याउनुपर्ने भएको थियो । उनलाई पढ्ने काम बोझ जस्तो लाग्छ । उनी गृहकार्य गर्ने प्रयास गर्दैनन् । उनी मोबाइल वा कम्प्युटरमा राति अबेर सम्म निरर्थक समय बिताउँछन् । बिहान समयमा उठ्न सक्दैनन् । परिवारको अन्य सदस्यहरुको दिनचर्याको समय तालिका प्राय: उनको कारणले बिग्रने गर्थ्यो । अब त घरका सदस्यहरुले उनलाई सम्झाउन पनि छोडिसकेका छन् ।

प्रचलित कानुन तथा आदर्श सामाजिक मूल्यमान्यताको उल्लङ्घन गरी समाजामा मानिसहरूले गर्ने थुप्रै गैरकानुनी कार्य गर्छन् । सेवाग्राहीका हक अधिकारलाई हनन गर्ने वा सार्वजानिक स्रोत साधनको दोहन गर्ने गतिविधि पनि समाजमा हुन्छन् । यस्ता गतिविधिले समाजमा नकारात्मक स्थिति सिर्जना गरी विकास कार्यलाई अवरुद्ध हुन्छ । त्यस्ता गतिविधिहरू जस्तै भ्रष्टाचार,मानव बेचबिखन आदिलाई सामाजिक समस्या भनिन्छ । त्यस्तै समाजमा गहिरिएर जरा गाडिसकेका समाजलाई दिग्भ्रमित पार्ने, व्यक्तिको व्यक्तिगत, मौलिक तथा मानव अधिकार हनन गरी अशान्ति फैल्याउने र समाजको विकास प्रक्रियालाई अवरुद्ध पार्ने प्रथाजनित छुवाछुत, छाउपडी, दाइजो आदिलाई सामाजिक कुरीति वा विकृति भनेर भनिन्छ । यस्ता समस्याहरूको समाधानकालागि हामीलाई विशेष सिप वा दक्षता चाहिन्छ । यस्तै सिपहरूलाई निम्नबमोजिम प्रस्तुत गर्न सकिन्छ :

१. समस्याको प्रकृति वा समस्या

सामाजिक समस्या वा विकृति समाधान गर्ने सिप विकास गर्नका लागि सर्वप्रथम समस्याको प्रकृति वा समस्याको बारेमा थाहा हुनुपर्छ । समस्याको प्रकृतिअनुसार समाधानका विकल्प सिर्जना हुन्छन् । समाधान नभएका कुनै पनि समस्या संसारमा छैनन् ।

(क) समस्याको पहिचान : पढ्न मन नलाग्ने

(ख) पढ्न मन नलाग्ने कारण : तल्लो तहका कक्षामा ध्यान नदिइएको, अल्छी बानी, मोबाइल र कम्प्युटरमा समय दिएको, राति अबेर सम्म नसुत्ने र बिहान ढिलो उठ्ने आदि

(ग) यसका असर : कक्षामा पढाइको सम्बन्धमा साथीभाई भन्दा तल्लो दर्जाको भइने, हिन भावनाको सिकार भइने, आत्मविश्वास हराउदै जाने, रिस उठने, साथीभाइसँग झैँझगडा हुन सक्ने, सहानुभूति र दयामायाको आषा लाग्ने इत्यादि

(घ) समस्या समाधानका वैकल्पिक उपायको खोजी : (तलको तालिका अध्ययन गर्ने)

| विकल्प | फाइदा | बेफाइदा |
|---|---|---|
| पढ्नै छोडिदिने | - पढ्ने बोझ हट्ने<br>- प्रशस्त खाली समय हुने हुँदा इच्छा लागेका सबै काम गर्न पाइने | - जीवनका लागि आवश्यक ज्ञान सिप र अनुभवबाट वञ्चित भइने<br>- साथीभाइसँगको सरसङ्गत छुट्ने<br>- परिवार तथा आफन्तजनको अगाडि शिर झुकाउनुपर्ने<br>- समाजमा नकारात्मक प्रभाव पर्ने<br>- ज्ञान, सिप र क्षमताको अभावमा रोजगारीबाट वञ्चित हुनुपर्ने आदि |
| असफल हुँदै कक्षा दोहोऱ्याउने | - अलिअलि भए पनि ज्ञान, सिप, अनुभव बटुल्न पाइने<br>- पढ्दै छु भनेर कठिनताका साथ सामाजिक प्रतिष्ठा बचाउन सकिने | - जीवनका लागि आवश्यक ज्ञान, सिप र अनुभव यथार्थमा बटुल्न नसकिने<br>- भविष्यमा प्रतिष्ठित रोजगारीमा जान नसकिने<br>- गरिबीको कारण हिनताबोधको सिकार हुने<br>- नेतृत्वदायी भूमिकाको अभावमा निर्णय क्षमता प्रभावित हुने<br>- समय, स्रोत, साधन आदिको |

| | | |
|---|---|---|
| | | नोक्सानमात्र हुने |
| दत्तचित्त भएर पढ्ने | - असफलता नै सफलताको साँचो हो भन्ने कुरा प्रमाणित गर्न सकिने<br>- जीवनका लागि आवश्यक ज्ञान, सिप र अनुभव यथार्थमा बटुल्न सकिने<br>- भविष्यमा प्रतिष्ठित रोजगारीमा जान सकिने<br>- सामाजिक प्रतिष्ठाको साथसाथै राष्ट्रिय सम्मानको पनि अवसर रहने<br>- अन्तर्राष्ट्रिय छात्रवृत्तिको अवसर पाइने<br>- नेतृत्वदायी गुण अभिवृद्धि हुने हुँदा निर्णय क्षमता परिस्कृत हुने<br>- सुन्दर तथा उज्वल भविष्यको सशपना साकार हुने<br>- समाज र देशलाई कुनै नौलो योगदान पनि गर्न सकिने आदि<br>- स्तरीय साथी सङ्गति पनि पाइने | - राति अबेर सम्म मोबाइल वा कम्प्युटरमा अनावश्यक तथा अनुपलब्धिक काममा समय व्यतित गर्न नपाइने<br>- बिहान ढिलो उठेर परिवारका अन्य सदस्यहरूको नित्यकर्म लगायत रोजगारीका समय तालिका बिगार्न नपाइने<br>- साथीभाइहरूसँग अनावश्यक गफ गरेर समय व्यतित गर्न नपाइने |

(ङ) उत्तम विकल्पको पहिचान : उपलब्ध विकल्पहरूको विश्लेषण गरेपछि कुन विकल्प उत्तम भनेर पहिचान गर्ने

(च) निष्कर्ष वा उत्तम विकल्प : दत्तचित्त भएर पढ्ने किनभने यसमा बेफाइदा भन्दा धेरै फाइदा छन् ।

(छ) छनोट गरिएको विकल्पको कार्यान्वयन : पढ्न थाल्ने जसले गर्दा परीक्षाफलमा सुधार आएको

## अभ्यास

१. तपाईँले आफ्नै सम्बन्धमा पहिचान गरेका कुनै चारओटा समस्याहरूको सूची बनाउनुहोस् ।

२. बाल विवाह र बालश्रमबिच एक वाक्यमा भिन्नता छुट्याउनुहोस् ।

३. विद्युतीय कुलतका कुनै दुई गम्भीर असर लेख्नुहोस् ।

४. साइबर अपराध भनेको के हो ? कुनै चार उदाहरण बुँदागत गर्नुहोस् ।

५. सामाजिक समस्या समाधानमा स्थानीय निकायलाई दिन सकिने सुझाव बुँदागत गर्नुहोस् ।

६. तपाईँको मिल्ने साथीले तपाईँलाई लागु पदार्थ सेवन गर्न दबाब दिए तपाईँले त्यसको कसरी प्रतिवाद गर्नुहुन्छ ? समस्या समाधानका चरणसहित व्याख्या गर्नुहोस् ।


पाठ ५

# भ्रष्टाचार (Corruption)

भ्रष्ट र आचारण शब्द मिलेर भ्रष्टाचार बन्छ । भ्रष्ट शब्दले खराब तथा आचारण शब्दले बानी बेहोरालाई बुझाउँछ । तसर्थ भ्रष्टाचार भन्नाले खराब बानी भनेर बुझिन्छ । व्यापक अर्थमा भ्रष्टाचार भन्नाले व्यक्तिगत फाइदाका लागि प्रचलित कानुनको उल्लङ्घन वा दुरुपयोग गर्नु हो । भ्रष्टाचार नीतिगत, संस्थागत वा व्यक्तिगत जस्तो पनि हुन सक्छ । भ्रष्टाचारलाई श्वेत अपराध पनि भनिन्छ । भ्रष्टाचार नितान्त गैरकानुनी कार्य हो । घुस लिनु, कर छल्नु, सेवाग्राहीलाई ठिक समयमा गुणात्मक सेवा उपलब्ध नगराउनु, संविधानले दिएको पद र शक्ति आफ्नै वा व्यक्ति विशेषका लागि दुरुपयोग गर्नु आदि भ्रष्टाचारका उदाहरण हुन् ।

भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार कुनै पनि राष्ट्रसेवकले

घुस लिनुदिनु, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा दिनु, दान दातव्य चन्दा वा उपहार लिनु, कमिशन लिनु, राजस्व चुहावट गर्नु, गैरकानुनी लाभ वा हानि पुऱ्याउने बद्नियतले काम गर्नु, लिखतको गलत अनुवाद गर्नु, सरकारी कागजात सच्याउनु, सरकारी वा सार्वजानिक संस्थाको कागजातको नोक्सान गर्नु ,प्रश्नपत्रको गोपनियता भङ्ग गर्नु वा परिक्षाको परिणामा फेरबदल गर्नु, गैरकानुनी व्यापार व्यावसाय गर्नु, नपाएको ओहदा पाएँ भन्नु , झुट्टा विवरण दिनु, सार्वजानिक सम्पत्तिको हानी नोक्सानी गर्नु, गैरकानुनी दवाव दिनु, गलत प्रतिवेदन दिनु, गैरकानुनी रुपमा सम्पत्ति आर्जन गर्नु, उद्योग गर्नु, मतियार हुनु, सङ्गठित संस्थाबाट भएको कसुरमा मूख्य मतियार भई काम गर्नु आदिलाई भ्रष्ट्राचार भनिन्छ ।



| भ्रष्टाचारको कारण | भ्रष्टाचारका असर | भ्रष्टाचार नियन्त्रणका उपाय |
|---|---|---|
| अशिक्षा र जनचेतनाको अभाव | सामाजिक, आर्थिक तथा राजनीतिक सङ्कट र | भ्रष्टाचारीलाई सामाजिक तथा राजनीतिक बहिष्कार |
| हस्तक्षेप | सेवाग्रहीका असन्तुष्टिका कारण द्वन्द्व सिर्जना | कानुनी राज्य, सुशासनका लागि राजनीतिकप्रतिबद्धता |
| कमजोर  कानुन र कार्यान्वयन | कानुनको आडमा गलत काम हुने | सबै क्षेत्रमा पारदर्शितामा जोड |
| नैतिकता, इमान्दारी र मिहिनेतको अभाव | आर्थिक अव्यवस्था, मुद्रास्फीतिको समस्या | नागरिक समाजले भ्रष्टाचार विरुद्धमा आवाज उठाउने |
| फजुल खर्च, तडक भडक, तथाकथित ठालुपन | धनी र गरिबको खाडल झन् गहिरो हुने तथा गरिबी दुष्चक्रमा फस्ने | कर्मचारीहरूको तलबमान समय सापेक्ष बनाउने |
| महङ्गाइ तथा न्यून तलब | जवाफदेहीमा ह्रास आउँदै राजनीतिक गतिविधिलाई वैद्यता प्रदान | आयातीत विलासिताका वस्तुको प्रयोग तथा विलासी जीवनशैली त्यागने |
| महत्त्वाकाङ्क्षा | विभिन्न आपाराधिक र सामाजिक समस्या निम्त्याउँछ। | सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरूका कामलाई प्रभावकारी बनाउने |
| अस्वस्थप्रतिस्पर्धा तथा कम गुणस्तरका बस्तुको उत्पादन | समाजमा नकारात्मक असर पर्छ। | भ्रष्टाचार विरुद्ध शिक्षा तथा जनचेतनाको  व्यापक प्रचार प्रसार गर्ने |
| कानुनी राज्य र सुशासनको अभाव | अशान्ति सिर्जना गरी विकास प्रक्रियालाई अवरुद्ध पार्छ। | कठोर कानुन तथा त्यसको प्रभावकारी अवलम्बन गर्ने |

## नेपालमा भ्रष्टाचार नियन्त्रणको व्यवस्था र प्रयास

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि लामो समयदेखि थुप्रै प्रयास भएको पाइन्छ । भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक अङ्गको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अन्य नियमावलीमार्फत भ्रष्टाचार नियन्त्रण गरिन्छ । वि.सं. २०५९ श्रावण २७ गते स्थापना गरिएको राष्ट्रिय सतर्कता केन्द्रले पनि प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेर सुशासन कायम तथा सार्वजानिक संस्थाहरूको ढिलासुस्तीलाई न्यूनीकरण गर्ने कार्य गर्छ । भ्रष्टाचार नियन्त्रणका लागि सम्पत्ति शुद्धीकरण ऐन, २०६३ र सम्पत्ति शुद्धीकरण नियमावली २०६४ जारी गरिएका छन् । नेपालले भ्रष्टाचारसम्बन्धी महासन्धिमा सन् २००३मा हस्ताक्षर गरेको थियो भने यसलाई संसद्ले सन् २०११ मा अनुमोदन गऱ्यो । विद्यालय स्तरमा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अध्ययन अध्यापन गराइराखिएको छ । भ्रष्टाचार सम्बन्धमा उजुरी दिने व्यक्तिलाई प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ । आम सञ्चारका माध्यमले पनि समाचार, लेखरचना आदिमार्फत भ्रष्टाचार विरुद्ध आवाज उठाइरहेका छन् । विभिन्न गैरसरकारी संस्थाहरूले पनि पारदर्शिता, सुशासनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरी भ्रष्टाचारको विरुद्ध काम गरिरहेका छन् ।

### ट्रान्सपेरेन्सी इन्टरनेसनल (Transparency International)

भ्रष्टाचार विश्वव्यापी रूपमा फैलिएको एक प्रकारको सामाजिक समस्या हो । यो विकासशील र अल्पविकसित राष्ट्रहरूमा ठुलो समसयाको रूपमा देखा परेको छ । जसले गर्दा ती देशहरूको आर्थिक, सामाजिक एवम् सांस्कृतिक उन्नति तथा प्रगतिमा बाधा उत्पन्न भएको छ ।

भ्रष्टाचार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय स्तरमा पनि विभिन्न प्रयास भएका छन् । संयुक्त राष्ट्रसङ्घीय महासन्धि, अन्तर्राष्ट्रिय स्तरमा हुने भ्रष्टाचार नियन्त्रणका लागि विश्व बैङ्क, एसियाली विकास बैङ्क, ट्रान्सपरेन्सी इन्टरनेसनललगायतका विभिन्न निकायले काम गरिरहेका छन् । भ्रष्टाचार विरुद्ध महत्वपूणै काम गरीरहेको संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (Transparency International) पनि हो । जसले सन् २००४ देखि प्रत्येक वर्ष विश्वका अधिकांश राष्ट्रहरूको भ्रष्टाचारको अवस्थासम्बन्धी जानकारी गराउन भ्रष्टाचार सूचकाङ्क (Corruption perception index) प्रकाशन गर्दै आएको छ ।

ट्रान्सपेरेन्सी इन्टरनेसनल भ्रष्टााचार सम्बन्धमा सचेत गराउने एउटा अन्तर्राष्ट्रिय संस्था हो । यसको मुख्य कार्यालय बर्लिन, जर्मनीमा छ । यसको शाखा कार्यलयको रूपमा ट्रान्सपेरेन्सी इन्टरनेसनल, युके (बेलायत) रहेको छ । यो सूचकाङ्कबाट संसारभरका मुलुकहरूमा हुने भ्रष्टाचारको दर थाहा हुन्छ भने विश्वमा कम तथा बढी भ्रष्टाचार हुने मुलुकको अङ्कसहितको सूची हामीलाई प्राप्त हुन्छ । सूचकाङ्क ० देखि १०० सम्मको बिचमा हुन्छ भने ० नजिकको अङ्कले बढी भ्रष्टाचार र १०० नजिको सङ्ख्याले कम भ्रष्टाचार हुने मुलुकलाई सङ्केत गर्छ । नेपाल विश्वमा धेरै भ्रष्टाचार प्रभावी मुलुकको सूचीमा रहेको देखिन्छ ।

यस संस्थाले संन् २०२२ मा प्रकाशित गरेको १८० ओटा राष्ट्रहरूको भ्रष्टाचार सूचकाङ्कको तथ्याङ्कअनुसार नेपाल ११७ औं स्थानमा पर्छ । यो सूचकाङ्कले नेपाल विश्वमा अति भ्रष्टाचार प्रभावी देशहरूको सूचीमा पर्छ भन्ने बुझाउँछ । केही देशहरूको भ्रष्टाचार सूचकाङ्क (Corruption perception Index) यसप्रकार रहेको छ :

| देश | श्रेणी | | देश | श्रेणी |
|---|---|---|---|---|
| डेनमार्क | १ | | भुटान | २५ |
| नर्वे | ४ | | भारत | ८५ |
| संयुक्त राज्य अमेरीका | २७ | | मालदिभ्स | ८५ |
| चीन | ६६ | | श्रीलङ्का | १०२ |
| घाना | ७३ | | नेपाल | ११७ |
| हाइटी | १६४ | | पाकिस्थान | १४० |
| दक्षिण सुडान | १८० | | अफगानिस्तान | १७४ |

*स्रोत : ट्रान्सपरेन्सी इन्टरनेसनलकोप्रतिवेदन २०२२*

माथिको तथ्याङ्कको अध्ययन गर्दा विश्वका अविकसित र विकासशील राष्ट्रहरूमा भ्रष्टाचार व्यापक रूपमा रहेको देखाउँछ ।. यी राष्ट्रहरूको प्रमुख समस्या भ्रष्टाचार हो । नेपाल पनि एक विकासशील राष्ट्र हो र यहाँ भ्रष्टाचार एक प्रमुख समस्याको रूपमा रहेको छ । माथिको तथ्याङ्कले डेनमार्क, नर्वे कम भ्रष्टाचार हुने मुलुक मानिन्छन् भने अफ्रिका तथा एसियाका देशहरूमा भ्रष्टाचार बढी धएको देखाउँछ । दक्षिण एसियालाई हेर्ने हो भने अफगानिस्तान,

पाकिस्तानपछि नेपाल रहेको देखाउँछ । भुटान तथा भारतको अवस्था भने राम्रो रहेको तथ्याङ्कले देखाउँछ ।

## अभ्यास

१. नेपाल भ्रष्टाचार सूचकाङ्कको आधारमा विश्व र दक्षिण एसियामा कति औँ श्रेणीमा छ ?

२ स्रोत साधनको गैरकानुनी प्रयोग भन्नाले के बुझ्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

३ भ्रष्टाचार किन अल्पविकसित वा अविकसित मुलुकमा प्राय: बढी हुन्छ ? कुनै दुई कारण लेख्नुहोस् ।

४. भ्रष्टाचार भनेको के हो ? कुनै चार प्रमुख भ्रष्टाचारका कारण बुँदागत गर्नुहोस् ।

५. सार्वजानिक स्रोतसाधनको दोहन भनेको के हो ? यसका कुनै चार प्रमुख असर बुँदागत गर्नुहोस् ।

६. सरकार, संवैधानिक आयोग तथा विभिन्न प्रयासको बावजुद पनि भ्रष्टाचारको न्यूनीकरण हुन सकिरहेको छैन । किन ? यस्ता सङ्घ संस्थालाई दिन सकिने प्रभावकारी सुझाव बुँदागत गर्नुहोस् ।

७. सामाजिक समस्या समाधानमा तपाईंको स्थानीय स्तरमा काम गरिरहेको कुनै एउटा संस्थाको गतिविधि समेटी संवादको नमुना तयार पार्नुहोस् ।

७. भ्रष्टाचारले के कस्ता गतिविधिलाई बुझाउँछ ? वर्णन गर्नुहोस् ।

८. विविध प्रयासको अलावा अख्तियार दुरुपयोग आयोगको उपस्थितिमा पनि नेपालमा भ्रष्टाचार बढीरहेको छ । किन ? वर्णन गर्नुहोस् ।

९ भ्रष्टाचारको विरुद्धमा जनचेतनाका लागि एउटा पोस्टर (चित्र) तयार गर्नुहोस् ।

## लेखन सिप

प्रश्न नं ७ का लागि आफ्नो समुदायमा कार्यरत कुनै एउटा संस्थाको विषयमा देख्न सकिन्छ । यहाँ नमुनाको रूपमा स्काउटको गतिविधि समावेश गरिएको संवादको नमुना प्रस्तुत गरिएको छ ।

कविता : नमस्कार, सर !

हरि सर : नमस्कार । आजको छलफल स्काउटको महत्त्वसम्बन्धी हैन ?

कविता : हो सर । नेपाल स्काउटले केकस्ता कार्य गर्दै आएको छ । त्यसबारेमा प्रस्ट पारिदिनुहोस् न ।

चौधरी : राम्रो जिज्ञासा राख्यौ । हुन त विश्वभरमा नै स्काउटका क्रियाकलाप उस्तै खालका हुन्छन् । तर पनि देशअनुसार केही क्रियाकलाप फरक पनि हुने गर्छन् । नेपाल स्काउटले सामुदायिक विकासमा जोड दिएको पाइन्छ ।

कविता : सामुदायिक विकास भन्नाले कस्तो कार्य हो सर ?

हरि सर : सामुदायिक विकासअन्तर्गत खानेपानीको व्यवस्था, साक्षरता कार्यक्रम सञ्चालन, सरसफाइ, वृक्षरोपण, मत्स्यपालन तथा सौर्य चुलो जस्ता कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

कविता : सर, सिलाइ बुनाइजस्ता तालिम प्रदान गर्ने कार्य पनि गरेको छ हैन ?

हरि सर : हो । त्यसै गरी विभिन्न मेला र पर्वहरूमा स्वयम्सेवकको रूपमा कार्य गर्ने स्काउटहरूलाई तालिम दिने जस्ता कार्य पनि नेपाल स्काउटले गर्दै आएको छ ।

कविता : यिनै कार्यले गर्दा नै स्काउटको महत्त्व बढेको हो सर ।

हरि सर : हो, वास्तवमा स्काउटले अझै अन्य कार्य पनि गर्न सक्छ । यो स्वयम्सेवी गैरराजनीतिक संस्था भएकाले सबै जातजाति र भाषाभाषीलाई एकै ठाउँमा समेट्न सक्छ । यसले गर्दा यसको महत्त्व बढिसकेको छ ।

पाठ ६

# प्रथाजनित अन्धविश्वास

कुनै समयमा समाजको उन्नति तथा प्रगतिका लागि समाजले विकास गरेका गतिविधि समाज परिवर्तनसँगै निरन्तर रूपमा चलिरहे । यस्ता प्रचलनमध्ये कति गतिविधिमा समयमा आएको परिवर्तनअनुसार परिवर्तन आयो भने कतिपय प्रचलन यथावत् रूपमा चलिरहे । यसरी प्राचीन समाजले राज्य तथा समाजको व्यवस्थापनका लागि विकसित प्रचलनले समस्या सिर्जना गरे । यिनै प्रचलनलाई प्रथाजनित अन्धविश्वास भनिन्छ । भाग्य वा परम्परागत रूपमा अवैज्ञानिक कुरालाई आधार मानेर वा आँखा चिम्लिएर विश्वास गर्नुलाई नै अन्धविश्वास भनिन्छ । वास्तवमा अन्धविश्वास सामाजिक विकृति हो । यसले हाम्रो धर्म, संस्कृति र समाजमा नकारात्मक असर पार्छ । धर्म, संस्कृति र रीतिरिवाजका नाममा समाजमा नकारात्मक भ्रम रहेको पाइन्छ । यहि आधारमा मानिसहरूलाई भ्रमित तुल्याउने र यस्ता प्रचलनलाई मान्न बाध्य बनाउने जस्ता काम हुँदै आएको छ । अन्धविश्वासका कारण समाजमा आपराधिक घटना घट्ने गरेको उदाहरण प्रशस्त पाइन्छ । उदाहरणका रूपमा मानव तथा पशुवली, महिलाहरू हिंसा, दाइजो प्रथा, बोक्सी, धामी झाँक्रीमाथिको विश्वास, छाउपडी तथा घुम्टो प्रथालाई लिन सकिन्छ । अशिक्षाको सहज पहुँचको अभाव छ, जनचेतनाको कमीले गर्दा यस्ता घटनाहरू घटिरहेको हुन्छ । अन्धविश्वासले आधुनिक विज्ञान र प्रविधिमा भन्दा पनि अलौकिक शक्तिमा निर्भर हुन प्रेरित गर्छ । जसले हाम्रो समाजमा नराम्रो असर पारिरहेको छ । समाजमा अन्धविश्वास रहेसम्म समाजको आधुनिकीकरण, विकास, परिवर्तन र समृद्धिमा बाधा पुऱ्याउँछ ।

## घुम्टो प्रथा

महिलाले आफ्नै शिर तथा अधिकांश अनुहारलाई आफूभन्दा ठुला मान्यजन, पराई मानिसको अगाडि धोती, सारी वा शलले ढाक्ने प्रचलनलाई घुम्टो प्रथा भनिन्छ । अर्थात् तराईका केही समुदायमा विवाहित महिलाले मान्यजन र पुरुषहरूको अगाडि जाँदा आफ्नो अनुहार छोप्नुपर्ने प्रचलनलाई घुम्टो प्रथा भनिन्छ । यो प्रथा मान्ने समुदायमा सामाजिक संस्कार र आफूभन्दा ठुलाबडाको आर्दर र सम्मानको रूपमा लिने गरिन्छ । त्यसैले यो प्रथा सामाजिक समस्या र गलत प्रथा होइन भनेर तर्क गरिन्छ ।यो अन्धविश्वासी रूढिवादी प्रथाका कारण महिलाको व्यक्तित्व विकासमा बाधा पुगेको छ । यो लैङ्गिक विभेदको अवस्था हो । यो प्रथाले महिलाहरूको हक, अधिकार र स्वतन्त्रताको हनन गर्छ । विवाहपश्चात् महिला घुम्टो ओडेर बस्नुपर्दा शिक्षा, स्वास्थ्य,

रोजगारी आदिको अवसरबाट वञ्चित हुनुपर्छ। त्यसैले महिला आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा पछाडि परेका छन्।

### छाउपडी प्रथा

नेपालमा केही क्षेत्रमा विशेष प्रकारका प्रथा अभ्यास गरिरहेको पाइन्छ। त्यस्तै अभ्यासमध्येको एउटा प्रचलनमा महिलालाई महिनावारीको समयमा छाउगोठमा राख्ने चलन छ। यही प्रचलनलाई छाउपडी प्रथा भनिन्छ। यस्तो प्रथा नेपालका कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका कुनै कुनै ठाउँमा प्रचलित छ। यो महिला हिंसा वृद्धि हुने अमानवीय प्रथाजन्य अन्धविश्वास हो। छाउगोठमा बसेको बेला जङ्गली जनावर, सर्प, बिच्छीको टोकाइ, यौन शोषण जस्ता कारणले महिला असुरक्षित हुन्छन् भने ज्यान नै जाखिममा पर्न सक्छ। महिलाको मौलिक तथा मानव अधिकारको हनन हुन्छ ।

### दाइजो वा तिलक प्रथा

विवाहको बेलामा बेहुली पक्षले बेहुला पक्षलाई राजीखुसी, सहमति, दबाब वा अन्य कुनै कारणले प्रदान गरिने नगद, जिन्सी वा अन्य सामग्रीलाई दाइजो वा तिलक भनिन्छ। बेहुला पक्षले दाइजो वा तिलक माग गरे पछि बेहुली पक्षले त्यसको परिपूर्ति गर्न नसके पछि विवाह नै रद्द हुन्छ । यदि विवाह भए पनि बेहुलीलाई शारिरिक, मानसिक यातनाको सिकार हुन्छिन् । कतिपय अवस्थामा त बेहुली वा बुहारीको मृत्यु सम्म हुने गरेका घटना पनि छन्। यो महिला हिंसा वृद्धि गराउने अमानवीय प्रथा हो। यस्ता प्रथाले महिलाको व्यक्तिगत, मौलिक तथा मानव अधिकार हुन्छ।

पाठमा उल्लिखित प्रथाजन्य अन्धविश्वासका समान विशेषता

| प्रथाजन्य अन्धविश्वासका समान विशेषता | विभिन्न प्रथाका नकारात्मक असर |
|---|---|
| सबै प्रथाले महिलालाई विभेद गरेको | महिला स्वतन्त्रतामा नकारात्मक प्रभाव। |
| पुरुष प्रधान समाजको आधिपत्य रहेका | महिलाको चौतफी व्यक्तित्व विकासमा बाधा |
| लैङ्गिक तथा महिला हिंसाको उदाहरण | महिला निरास, हतास एवम् हिन भावनाको सिकार हुने, आत्मविश्वास |

| | |
|---|---|
| | गुम्दै जाने |
| परिवारकै अभिभावक तथा समग्र समाज अन्धविश्वासमा परेर यस्तो काममा संलग्न हुने | महिलाहरूमा असन्तुष्टि पैदा हुन सक्ने र परिवारिक द्वन्द्व, कलह, सङ्घर्षको अवस्था आउने |
| पीडित उपर व्यभिचार, यौन शोषण तथा मृत्युसम्मको अवस्था रहेको देखिन्छ । | शान्तिको अभावका कारण पारिवारिक उन्नति, प्रगतिमा अवरोध, गरिबीमा वृद्धि |

प्रथाजन्य अन्धविश्वासको नियन्त्रण एवम् समस्या समाधानका उपाय

१. व्यापक शिक्षा र जनचेतनाको प्रवाह पर्छ । समाज व्यवस्थापन गरेर संविधान र ऐन कानुनसम्बन्धी वयवस्था समाजलाई बुझाउनुपर्छ ।

२. प्रभावकारी कानुनको निर्माण गरी त्यसको कार्यान्वयनमा जोड दिनुपर्छ ।

३. विकासका पूर्वाधार निर्माण गरी विविध रोजगारीका अवसर उपलब्ध गराउनुपर्छ ।

४. महिला सङ्गठन, नागरिक समाज, गैरसरकारी संस्थाहरू, स्थानीय शिक्षित युवाहरूको पहलमा यसको यस्ता प्रथा विरुद्ध कार्यक्रम आयोजना गर्नुपर्छ ।

५. यस्ता प्रथाहरूबाट पीडित महिलाहरूको व्यक्तिगत, मानव तथा मौलिक अधिकारहरूको संरक्षण गर्नुपर्छ ।

## अभ्यास

१. सामाजिक विकृति वा प्रथाजन्य अन्धविश्वास भन्नाले के बुझ्नुहुन्छ ? यसका कुनै चार प्रमुख असर बुँदागत गर्नुहोस् ।

२. प्रथाजन्य अन्धविश्वास वा सामाजिक विकृतिले विकास प्रक्रियालाई कसरी अवरुद्ध पार्छ ?

३. छाउपडी प्रथाको परिचय दिँदै यसलाई व्यवस्थापन गर्ने उपाय चर्चा गर्नुहोस् ।

४. दाइजो लिनु र दिनु सामाजिक अपराध हो । किन ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

५.	अन्धविश्वास सामाजिक कुप्रथा हो भनेर  अभिभावकलाई तपाईँले कसरी सम्झाउनुहुन्छ ? तपाईँका सुझाव बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

६	तपाईँको समुदायमा प्रचलित प्रथाजन्य अन्धविश्वास अर्थात् सामाजिक विकृतिको सूची तयार गरी त्यसका कारण, असर र समाधानका उपाय उललेख गर्नुहोस् ।

६	सामाजिक समस्या तथा विकृति समाधानका लागि व्यक्ति, समुदाय र राज्यले निर्वाह गर्न भूमिकालाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

| सामाजिक समस्या तथ प्रथाजन्य अन्धविश्वासको नियन्त्रण | | |
|---|---|---|
| व्यक्तिले निर्वाह गर्न  भूमिका | समुदायले निर्वाह गर्न  भूमिका | राज्यले निर्वाह गर्न  भूमिका |
| | | |

पाठ ७

# सामाजिक सुधारमा अन्तर्राष्ट्रिय संस्थाले निर्वाह गरेको भूमिका

दुई वा दुईभन्दा धेरै व्यक्ति मिलेर साझा उद्देश्यका लागि हातेमालो गर्छन् भने त्यसलाई सङ्घ, संस्था वा सङ्गठन भनिन्छ । यस्ता सङ्घ संस्थाहरू विभिन्न उद्देश्य लिएर स्थापित भएका हुन्छन् । सामान्यतया मानव हित, लोक कल्याण, समाज सेवा, हक अधिकारको संरक्षणलगायत स्रोत, साधन तथा सम्पदाको संरक्षण, अन्धविश्वास र कुप्रथाको विरुद्ध आदिमा यस्ता सङ्गठनहरू सक्रिय भएका हुन्छन् । देशभित्र नै स्थापना भएका सङ्घ संस्थाहरूलाई राष्ट्रिय सङ्घ संस्था भनिन्छ । सामाजिक समस्या समाधानमा नेपालमा माइती नेपाल, परोपकार, बाल मन्दिर जस्ता सङ्घसंस्थाहरू कार्यरत छन् । एकभन्दा बढी देशहरूमा कार्यरत सङ्घ संस्थाहरूलाई अन्तर्राष्ट्रिय सङ्घ संस्था भनिन्छ । सामाजिक समस्या समाधानमा रेडक्रस, स्काउट, युनिसेफ, आइएलओ, ट्रान्सपेरेन्सी इन्टरनेसनलले महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् ।

सरकारको एक्लो प्रयासबाट मात्र यस्ता समस्या समाधान गर्न सकिँदैन । जसका लागि प्रशस्त समय, स्रोत र साधन आवश्यक पर्छ । त्यसैले सरकार पुग्न नसक्ने ठाउँमा यस्ता अन्तर्राष्ट्रिय सङ्घसंस्था सजिलैसँग पुग्न सक्छन् । फलस्वरूप समस्या समाधानमा सघाउ पुग्छ । सामाजिक समस्याको सुधारमा संलगन केही महत्त्वपूर्ण अन्तर्राष्ट्रिय स्तरका सङ्घ संस्थाको योगदानलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

## युनिसेफ (United Nations Children Fund- UNICEF)

(क) संयुक्त राष्ट्र सङ्घीय बाल कोष (युनिसेफ)को स्थापना ११ डिसेम्बर, १९४६ मा संयुक्त राष्ट्र सङ्घको महासभाले गरेको थियो ।

(ख) युनिसेफ सन् १९५३मा संयुक्त राष्ट्र सङ्घको स्थायी सदस्या बनेको थियो

(ग) युनिसेफको आपुर्ति विभाग कोपनहेगन, डेनमार्कमा छ ।

(घ) नेपालमा युनिसेफ सुरुमा (१९६४)दिल्लीबाट, सन्१९६८मा युनिसेफका दुईजनाप्रतिनिधि नेपालमै बसेर र अन्त्यमा सन् १९७२ देखि पूर्णरूपमा कार्यालय स्थापना गरेर विगत ५० वर्षदेखि सञ्चालित छ ।

(ङ) यसले सरकार तथा गैरसरकारी संस्थासँग समन्वय गर्दै बालबालिकाको हित र त्यसको सम्बन्धमा आवश्यक पूर्वाधार तयार गर्न वातावरण बनाउने, तत् सम्बन्धमा वकालत गर्ने, नीति निर्माण, संवाद र तालिम प्रदान गर्छ ।

(च) यसको सुरुको उद्देश्य द्वितीय विश्वयुद्धले थलिएका राष्ट्रहरूका बालबालिकाका लागि खाद्य पदार्थ र स्वास्थ्य सेवा उपलब्ध गराउनु रहेको थियो ।

(छ) सन् १९६५मा युनिसेफको कार्यलाई सम्मान गर्दै नोबेल शान्ति पुरकार पनि प्रदान गरिएको थियो ।

नेपालमा युनिसेफको योगदान
- बालबालिकाको चौतर्फि विकास तथा आधारभूत शिक्षा
- लैङ्गिक समानता (महिला शिक्षा सहित)
- बाल शोषण, बालहिंसाबाट बालबालिकाको संरक्षण
- बालश्रम तथा बाल अधिकारको लागि वैधानिक संघर्ष
- महिला सशक्तीकरण
- एचआइभी एड्ससँग जुधिरहेका बालबालिकाका लागि सेवा
- सामाजिक मूल्य मान्यता र कुरितिका विषयलाई सम्बोधन

नेपालमा युनिसेफको लक्षित कार्यक्रम (२०१८-२०२२)

(क) बालबालिका तथा युवाहरूको क्षमता अभिवृद्धिका लागि केन्द्र, प्रदेश तथा स्थानीय तहले लगानी गर्न नियमित रूपमा दबाब सिर्जना गर्छ ।

(ख) दिगो विकासको सम्बन्धमा नवीकरण गरिएको नेपालकोप्रतिबद्धतालाई समर्थन गरेको छ ।

(ग) स्वास्थ, पौष्टिक आहार, बालसंरक्षण, शिक्षा, पिउने पानी, स्वास्थ र सरसफाइको अलावा सामाजिक सुरक्षामा पहल गर्छ ।

(घ) नवजात शिशु तथा बाल विकास (किशोरावस्था, अपाङ्गता, लैगिकता आदि) मा योगदान पुऱ्याएको छ ।

## संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (United Nations Population Fund- UNFPA)

संयुक्त राष्ट्र सङ्घीय जनसंङ्ख्या कोषको स्थापना सन् १९६९ मा भएको थियो भने यसको मुख्य कार्यालय अमेरिकाको न्युयोर्कमा छ । सन् १९७१ देखि यसले नेपालमा सहयोग गर्दै आइरहेको छ । यो विश्वव्यापी रूपमा प्रजनन तथा मातृ स्वास्थ्यको क्षेत्रमा सक्रिय

संस्था हो । नेपालमा यसले विशेषत: स्वास्थ्य क्षेत्र, लैङ्गिक हिंसा, घर परिवार तथा जनगणनाका क्षेत्रमा सहयोग गर्छ ।  यसले महिलालाई असर गर्ने सामाजिक सांस्कृतिक मूल्यमान्यता एवम् लैङ्गिक विभेद विरुद्ध वकालत गर्न मन्च पनि खडा गरेको छ । यसको सहयोगमा समुदायले सामाजिक कुरीतिबाहेक वालविवाह र जबरजस्ती विवाहको विरुद्ध घोषणापत्र जारी गरेको छ । सन् २०२१ मा यसले नेपालमा यौन तथा प्रजनन स्वास्थ्य, युवा (महिला र पुरुष) सशक्तीकरण, लैङ्गिक समानता र सशक्तीकरण, जनसङ्ख्या तथा विकासमा जस्ता कार्यक्रमलाई प्रमुखता दिएको थियो ।

### अन्तर्राष्ट्रिय श्रम सङ्गठन (International Labor Organization-ILO)

अन्तर्राष्ट्रिय श्रम सङ्गठन संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्टीकृत संस्था हो  । यसको स्थापना सन् १९१९ मा भएको हो । यसको मुख्यालय जेनेभा, स्विट्जरल्यान्डमा छ । विश्वमा अहिले यसको सदस्य राष्ट्रको सङ्ख्या १८७ पुगेको छ । नेपाल पनि यसको सदस्य राष्ट्र (सन् १९६६) हो । यसले श्रम तथा श्रमिकहरूको काम गर्ने स्थान (ठाउँ तथा वातावरण) सम्बन्धमा उठ्ने मुद्दा र उनीहरूको अधिकार सम्बन्धमा आवाज उठाउने, वकालत गर्ने, नीति नियम बनाउने काम गर्छ । विश्वव्यापी रूपमा दिगो आर्थिक विकासका लागि श्रमिकले राम्रो वा उत्पादनशील काम गर्न पाउनुपर्छ, श्रमको मूल्य बराबर आम्दानी भएको हुनुपर्छ । श्रम तथा श्रमिकको अधिकारको सम्मान भएको हुनुपर्छ । श्रमिकको सामाजिक सुरक्षाको प्रत्याभूति भएको हुनुपर्छ भन्ने मान्यता अन्तर्राष्ट्रिय श्रम सङ्गठनले राख्छ । नेपालको सन्दर्भमा रोजगारी प्रवर्धन गर्ने, गरिबी निवारण गर्ने, औद्योगिक सम्बन्ध सुधार गर्ने, श्रम प्रशासन लागु गर्ने, बालश्रम र बँधुवा श्रमिकलाई स्वतन्त्र बनाउने, श्रमिकको कार्य स्थलको सुधार गर्ने जस्ता गतिविधि सञ्चालन गरिरहेको छ । १९६९ मा यसको कामलाई सम्मान गर्दै नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो ।

## अभ्यास

१. युनिसेफको स्थापना कहिले भयो ?

२. अन्तर्राष्ट्रिय श्रम सङ्गठन कस्तो प्रकारको संस्था हो ?

३ सङ्गठनको परिचय दिँदै विभिन्न सङ्घसंस्थाका स्थापनाका कारण उल्लेख गर्नुहोस् ।

४ युनिसेफको परिचय दिँदै यसले नेपालमा सामाजिक समस्या समाधान गर्न खेलेको कुनै चार भूमिका बुँदागत गर्नुहोस् ।

५ आइएलओले कसरी नेपालमा सामाजिक समस्या र विकृति नियन्त्रण गर्न सघाउ पुऱ्याएको छ ?

६. विभिन्न सङ्घसंस्थाले सामाजिक समस्याका पक्षमा काम गरे पनि नेपालमा सामाजिक समस्या र विकृति अस्तित्वमा रहिरहेका छन् । किन ? कारण खोजी गरेर यस्ता सङ्घसंस्थाको कार्यलाई अझै प्रभावकारी बनाउन दिन सकिने सुझाव उल्लेख गर्नुहोस् ।


७. तपाईँको समुदायमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सूचीसहित तिनिहरूको परिचय, उद्देश्य र नेपालमा गरेका योगदानहरूको तालिका प्रस्तुत गर्नुहोस् ।

८. अन्तर्राष्ट्रिय सङ्घ संस्थाले कसरी सामाजिक समस्या र विकृति नियन्त्रणमा सहयोग पुऱ्याउँछ भन्ने बारेमा खोजी गरेर प्राप्त निष्कर्ष लेख्नुहोस् ।

*एकाइ ५*

# निर्वाचन प्रक्रिया र नगरिकको भूमिका

- निर्वाचन प्रक्रिया र निर्वाचनमा नागरिकले निर्वाह गर्नुपर्ने भूमिका बताउन
- मानव अधिकारको अवधारणा बताउन र सचेत रहन
- मानव अधिकारको संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था/निकायको भूमिकासँग परिचित हुन
- उपभोक्ता अधिकारसम्बन्धी अवधारणा बताउन र सचेत रहन



पाठ १

# शक्ति सन्तुलन र नियन्त्रण

(व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका)

## अवधारणा

संविधान देशको शासन व्यवस्थाको खाका कोर्ने राजनीतिक तथा कानुनी दस्तावेज हो । संविधानले शासनप्रणाली निर्धारण गर्छ । त्यस्तो शासनप्रणाली सञ्चालन गर्न राज्यका अङ्गको सिर्जना गर्छ । ती अङ्गको काम, कर्तव्य र अधिकार परिभाषित गर्छ । संविधान कुनै पनि देशको राजनीतिक, आर्थिक, समाजिक र कानुनी पक्षको आधार हो । संविधानले सरकारको संरचना, शासन सञ्चालन गर्ने विधि, प्रक्रिया निश्चित गर्छ । राज्यका अङ्गको कार्य विभाजन गर्छ । काम र कर्तव्य परिभाषित गर्छ । संविधानले राज्यका अङ्गको अधिकारमा सीमा लगाइदिन्छ । नागरिकका अधिकार प्रत्याभूति गर्छ । भनिन्छ, संविधान सरकारका लागि वडापत्र हो, नागरिकका लागि अधिकार पत्र हो । सङ्क्षेपमा संविधान राज्यको आधारभूत कानुन हो, राज्य सञ्चालनको मार्गदर्शन एवम् राज्यको अनुशासनकोप्रतिबिम्ब हो । राज्यका प्रमुख अङ्ग र निकायको काम, कर्तव्य र अधिकारको निर्धारक हो । राज्यका सबै संयन्त्रको अधिकारको स्रोत हो ।

राज्यको शासन सञ्चालन गर्ने संयन्त्रलाई सरकार भनिन्छ जसले शासन सत्तालाई पनि बुझाउँछ । सरकारलाई सामान्य अर्थमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र अन्य सरकारी संयन्त्रलाई समेत बुझाउँछ । सरकारको गठन, सञ्चालन, काम, कर्तव्य, अधिकार सम्बन्धित मुलुकको संविधानमा व्यवस्था गरिएको हुन्छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका शासन व्यवस्था सञ्चालनका लागि, मानव स्वतन्त्रताको रक्षा र राज्यको निरङ्कुशताको अन्त्यका लागि व्यवस्था गरिएका राज्यका प्रमुख अङ्ग हुन् । यी अङ्गको आआफ्नो जिम्मेवारी, भूमिका तथा शासन व्यवस्था सञ्चालनका लागि आवश्यक पर्ने अख्तियारी यी अङ्गहरूमा संवैधानिक रूपमा समुचित विभाजन गरिएको हुन्छ । सरकारको स्वेच्छाकारिताको नियन्त्रण गर्दै नागरिकको अधिकारको संरक्षण गर्ने राजनीतिक शास्त्रको महत्त्वपूर्ण औजार शक्ति पृथकीकरण हो ।

वास्तवमा मध्यकाल भन्नाले नेपालको सन्दर्भमा 'मल्ल काल'को रूपमा अध्ययन गर्ने

**शक्ति पृथकीकरण : शब्द चित्रमा**

- राज्यका प्रमुख तीन अङ्गहरू कानुन बनाउने (व्यवस्थापिका), कानुनको कार्यान्वयन गर्ने (कार्यपालिका), कानुनको व्याख्या/न्याय सम्पादन गर्ने (न्यायपालिका) यी तीन प्रमुख कार्य स्वतन्त्ररूपमा अलग अलग संयन्त्रबाट हुनुपर्ने, कार्यसम्पादनमा एक अर्काले हस्तक्षेप गर्न नपाउने गरी काम, कर्तव्य र अधिकार पृथक गर्ने सिद्धान्त शक्ति पृथकीकरण हो ।

- शक्ति पृथकीकरणको व्याख्याता फ्रान्सका दार्शनिक Baran de Mantesquieu हुन् । उनले आफ्नो पुस्तक The Spirit of law (1748 A.D.) मा शक्ति पृथकीकरण सिद्धान्त व्याख्या गरेका छन् ।

- राज्यको शक्ति वा सार्वभौमसत्ता (Sovereignty) लाई नटुक्र्याई राज्यका अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीच कार्य विभाजन गरेर ती अङ्गहरू मार्फत राज्य सञ्चालन गर्ने पद्धति नै शक्ति पृथकीरण हो ।

*मन्टेस्क्युका अनुसार -*

- एउटै व्यक्ति सरकारका तीन अङ्गमध्ये एकभन्दा बढीमा संलग्न हुनुहुँदैन । उदाहरणका लागि मन्त्रीहरू संसद्को सदस्य हुनुहुँदैन ।

- सरकारको एउटा अङ्गले अर्को अङ्गको काम कारबाहीमा नियन्त्रण वा हस्तक्षेप गर्नुहुँदैन ।

- सरकारको एउटा अङ्गले अर्को अङ्गको काम गर्नुहुँदैन । उदाहरणको लागि मन्त्रीहरू विधायकीको अधिकार प्रयोग गर्नुहुँदैन । संक्षेपमा, शक्ति पृथकीकरणको सिद्धान्त राज्यमा प्रमुख अङ्गहरूमा फरक-फरक व्यक्तिहरू क्रियाशील हुनुपर्ने मान्यतामा आधारित छ । एउटा अङ्गले अर्को अङ्गमा हस्तक्षेप गर्नु नहुने मान्यतामा आधारित छ ।

- शक्ति पृथकीकरणको सिद्धान्तबाट प्रभावित पहिलो मुलुक संयुक्त अधिराज्य अमिेरिका हो । अमेरिकाको संविधानको पहिलो धाराले नै सरकारका तीन अङ्गहरूको अधिकार प्रष्ट पारेको छ ।

मन्टेस्क्युले प्रवर्धन गरेको शक्ति पृथकीकरण गर्ने अवधारणा त ल्यायो तर व्यहारिकरूपमा कार्यान्वयन गर्न जटिल देखियो । पूर्ण शक्ति पृथकीकरणले स्वतन्त्रताका नाममा कुनै अङ्गमा स्वेच्छाकारिता, निरङ्कुशता र प्रभावहीनता बढ्न गई राज्यका अङ्गबिचको सम्बन्ध नै समाप्त

हुने खतरा हुन सक्छ । उदाहरणका लागि जनमतको नाममा व्यवस्थापिकाले स्वेच्छाकारी ढङ्ले कानुन निर्माण गर्दा नागरिक कै स्तन्त्रता हनन् हुनसक्छ । तसर्थ प्रजातान्त्रिक शासन व्यवस्था भएको मुलुकमा सरकारका अङ्गबिच आपसी सम्बन्ध, समन्वय, सहयोग, अन्तरनिर्भरता हुनु नै शक्ति सन्तुलन हो । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिच द्वन्द्वको सिर्जना हुन नदिन, आपसी समन्वय र अन्तरनिर्भता कायम गर्न संविधानमा नै शक्ति पृथकीकरणका साथ शक्ति सन्तुलनको सिद्धान्त स्थापित गरिएको हुन्छ ।

**शक्ति सन्तुलन र नियन्त्रण : शब्दचित्र**

- सरकारका अङ्गहरूमा बढ्न सक्ने निरङ्कुशता, स्वेच्छाकारितालाई नियन्त्रण गर्नु नै शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त हो ।
- शक्ति सन्तुलन र नियन्त्रणका व्याख्याता अमेरिकी विद्वान् जोन एडम्स हुन् ।
- शक्ति सन्तुलन र नियन्त्रणको मान्यतामा सरकारका अङ्गहरूको अधिकारको संवैधानिक रूपमा स्पष्ट व्याख्या हुन्छ । अधिकारको वितरण/व्याख्या गर्ने बित्तिकै एक अर्काको अधिकारमा सीमा लगाउने अभ्यास हुन्छ ।
- शक्ति सन्तुलन र नियन्त्रण शक्ति पृथकीकरणको विरुद्ध नभई परिपूरक सिद्धान्त/मान्यता हो ।
- शक्ति सन्तुलन र नियन्त्रणको मूलमर्म सरकारका सबै अङ्गहरूले संवैधानिक समिाभित्र रही आआफ्नो अधिकार, कर्तव्य निभाउनुपर्छ भन्ने हो ।

शक्ति पृथकीकरण र शक्ति सन्तुलन र नियन्त्रणसम्बन्धी व्यवस्था सम्बन्धित मुलुकको संविधानमा नै निर्दिष्ट गरिएको हुन्छ । विभिन्न शासन प्रणालीमा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको अवस्था फरक फरक रहन्छ । राष्ट्रपतीय शासन प्रणालीमा तुलनात्मकरूपमा शक्ति पृथकीकरणको अवस्था बढी हुन्छ भने संसदीय शासन प्रणालीमा शक्ति सन्तुलन र नियन्त्रणको अवस्था बढी हुन्छ । उदाहरणका लागि संसदीय शासन प्रणालीमा कार्यपालिका (सरकार) को गठन संसदको बहुमतबाट गरिने, प्रधानमन्त्रीले संसद् विघटन गर्न पाउने, न्यायाधीशहरूलाई निश्चित आधारमा महाअभियोग लगाउन सक्ने जस्ता कार्य शक्ति सन्तुलन र नियन्त्रणका उदाहरण हुन् ।

राज्यका अङ्गबिचमा निश्चित कार्य विभाजन हुनुपर्छ । ती अङ्गबिचमा कार्यात्मक सहयोग र नियन्त्रण हुनुपर्छ । संसदीय शासन प्रणालीको मान्यताअनुरूप नेपालको संविधानले कार्यपालिका, व्यवस्थापिका र कार्यपालिका बिचमा शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्त अङ्गीकार गरेको छ ।

## अभ्यास

१. शक्ति पृथकीकरण भनेको के हो ?

२. शक्ति सन्तुलन तथा नियन्त्रण र शक्ति पृथकीकरणबिचको भिन्नता एक वाक्यमा प्रस्ट पार्नुहोस् ।

३. शक्ति पृथकीकरणको कमजोर पक्ष उल्लेख गर्नुहोस् ।

४. संसदीय शासन प्रणालीमा शक्ति सन्तुलन र नियन्त्रणको सान्दर्भिकता बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

### लेखन सिप

संसदीय शासन प्रणालीमा शक्ति सन्तुलन र नियन्त्रणको सान्दर्भिकता बुँदागत रूपमा उल्लेख गर्नुहोस् :

राज्य शक्तिको प्रयोग गर्ने तरिका वा प्रक्रियालाई शासन भनिन्छ । शासन सञ्चालन गर्न राज्यले विभिन्न व्यवस्था वा प्रणाली अपनाएको हुन्छ । यस्ता शासन व्यवस्थाहरूमध्ये संसदीय शासन प्रणाली एक हो ।

जनताको प्रतिनिधिको प्रत्यक्ष सहभागितामा चल्ने शासन पद्धति नै संसदीय शासन व्यवस्था/प्रणाली हो । संसदीय शासन प्रणालीमा नागकिसँग प्रत्यक्ष सरोकार राख्ने, जनताकै निर्वाचित भएर गएकाप्रतिनिधिको सर्वोच्च संस्था संसद्बाट सरकारको गठन भएको हुन्छ । तसर्थ नागरिकको प्रतिनिधिमूलक संस्था (व्यवस्थापिका), उक्त संस्थामार्फत् गठन हुने निकाय ( कार्यपालिका) तथा नागरिकको स्वतन्त्रताको संरक्षण गर्ने निकाय (न्यायपालिका) बिच समन्वय, सहकार्य होस्, नागरिकले आवधिकरूपमा बालिग मताधिकारको प्रयोग गरी शासन व्यवस्थामा आमूल परिवर्तन ल्याउन सक्छन् । एकपटक मत दिएपछि सधैं पीडित हुनु नपरोस् । राज्यका अङ्गमा स्वेच्छाकारिता, निरङ्कुशता नहोस् भन्ने उद्देश्यले संसदीय शासन प्रणालीमा शक्ति नियन्त्रण र सन्तुलनको प्रयोग अलिक बढी नै हुन्छ । साथै, संसदीय शासन प्रणालीमा यसको सान्दर्भिकता यसरी बुझ्न सकिन्छ :

- संसदीय शासन प्रणालीमा संवैधानिक रूपमा राज्य शक्तिको बाँडफाँट हुने भएकाले राज्यका एकाइबिच अधिकारको सीमा निर्धारण हुन्छ । यसले सरकार निरङ्कुश, स्वेच्छाकारी एवम् अराजक हुन सक्दैन ।

- शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्त राज्यका अङ्गले आफ्नो अधिकार चरम उपयोग गरेपछि मात्र निगरानी गर्ने नभई सुरुदेखि नै सहकार्य, समन्वय एवम् आवश्यकताअनुसार निगरानी गर्ने भएकाले राज्यका अङ्गबिच द्वन्द्व अवस्था सिर्जना हुँदैन । यसले गर्दा कानुनी राज्य स्थापना गर्न मद्दत पुग्छ, सुशासन कायम हुन्छ ।

- संसदीय शासन प्रणालीमा नागरिकको प्रतिनिधिमूलक निकाय व्यवस्थापिकाले कानुन (ऐन) निर्माण गर्छ । तथापि, जनमतको नाममा जथाभावी कानुन निर्माण नहोस्, यसको वैधता परीक्षण होस्, यसको प्रभावको व्याख्या होस् । नागरिकको स्वतन्त्रताको प्रत्याभूति होस् भनि संविधान/कानुनको व्याख्याताको रूपमा न्यायपालिका रहन्छ । यसले गर्दा नागरिक अधिकारको संरक्षण हुन्छ ।

- संसदीय प्रणालीमा सरकार (कार्यपालिका)को गठन व्यवस्थापिकाबाट हुने भएकाले सरकार संसद्प्रति जवाफदेही हुन्छ । कार्यपालिका र व्यवस्थापिकाबिच कानुन निर्माण र कार्यान्वयनमा अन्तरसम्बन्ध स्थापित हुन्छ । यसप्रकार, संसदीय शासन प्रणालीमा शक्ति सन्तुलन र नियन्त्रणको बढी प्रयोग हुन्छ, सान्दर्भिक छ ।

पाठ २

# व्यवस्थापिका



## विषय प्रवेश

राज्य सञ्चालनका प्रमुख अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका हुन् । प्रजातान्त्रिक शासन प्रणालीमा सरकारका अङ्गमध्ये व्यवस्थापिका अझ महत्त्वपूर्ण अङ्को रूपमा हेरिन्छ । प्रजातान्त्रिक शासन प्रणालीमा नागरिक सार्वभौम हुन्छन् । व्यवस्थापिका नागरिकबाट प्रत्यक्ष वा अप्रत्यक्ष निर्वाचित जनप्रतिनिधिको संस्था हो । प्रजातान्त्रिक शासन प्रणाली भनेको कानुनी राज्य पनि हो । प्रजातान्त्रिक शासन प्रणालीमा कानुनी सर्वोच्चता हुनुपर्छ भन्ने मान्यता राखिन्छ । व्यवस्थापिका जनमतको आधारमा कानुन र्निमाण गर्ने सर्वोच्च निकाय हो । व्यवस्थापिकाको स्विकृतबाट मात्र कानुनका अन्य स्रोतहरू नियमावली, निर्देशिका, आदेश आदि जारी गरिन्छन् ।

संसदीय शासन प्रणालीमा सरकारको गठन, सरकारको आयु, सरकारका काम कावरवाहीको सूक्ष्म निगरानी गर्ने र सरकारलाई जनताप्रति जवाफदेही एवम् संवेदनशील तुल्याउने संवैधानिक र नैतिक दायित्व व्यवस्थापिकामा निहित रहन्छ । व्यवस्थापिकालाई संसद् पनि भनिन्छ ।

### व्यवस्थापिकाको ऐतिहासिक अभ्युदय

- व्यवस्थापिका/संसद् अङ्ग्रेजी शब्द 'Parliament' को नेपाली रूपान्तरण हो ।
- 'Parliament' शब्द फ्रेन्च भाषाको 'Parler' बाट आएको हो जसको अर्थ छलफल गर्ने स्थान हो ।

- बेलायतमा बाह्रौं शताब्दीमा अर्थात् सन् १२६५ Simon de Montford मा बोलाइएको King of Common को संस्थापक मानिन्छ । यद्यपि सन् ९३० मा स्थापना भएको आइसल्यान्डको Alpingi नामक संसद् विश्वको हालसम्मको सबैभन्दा पुरानो संसद् मानिन्छ । औपचारिक एवम् आधुनिक संसदीय व्यवस्थाको थालनी बेलायतबाट भएको हो ।
- १४औं शताब्दीमा बेलायतमा धार्मिक प्रतिनिधिहरू र सर्वसाधारण छुट्टाछुट्टै कोठामा बसेर छलफल गर्न थालेका र त्यसलाई House भन्ने गरिएको र त्यस बखतदेखि नै द्विसदनात्मक संसदको अवधारणा विकास भएको मानिन्छ ।
- व्यवस्थापिका/संसदलाई विभिन्न नामबाट सम्बोधन गरिन्छ । जस्तै : चीनमा पिपुल्स कङ्ग्रेस, अमेरिकामा कङ्ग्रेस, जापानमा 'डायट' आदि ।

सङ्क्षेपमा संसदीय शासन प्रणाली भएका मुलुकमा संसद्ले आधारभूत रूपमा देशका लागि कानुन निर्माण गर्ने वा आवश्यकताअनुसार परिमार्जन गर्ने गर्छ । सरकारको व्यवहार, कामकारबाही र प्रभावको निगरानी गर्छ र कार्यपालिकाको जिम्मेवारी, जवाफदेही सुनिश्चित गर्छ । राष्ट्रिय र जनसरोकारका सवालमा जनआवाजको प्रतिनिधित्व गर्छ ।

नेपालमा संसद/व्यवस्थापिकाको उद्भव : ऐतिहासिक पृष्ठभूमि

तपाईंलाई नेपालमा संसद्/व्यवस्थापिकाको विकासक्रम सम्बन्धमा अध्ययन खोजिनिती गर्ने उत्सुकता भयो । तपाईंले नेपालको संसदको Website गर्दा यस्ता जानकारी पाउन हुन्छ :

| संविधान | विधायिकी (संसदीय) व्यवस्था |
|---|---|
| नेपाल सरकार वैधानिक कानुन, २००४ | श्री ३ महाराज, राष्ट्रसभा र भारदारी सभाबाट नेपालको व्यवस्थापिका गठन हुने<br>• तल्लो सभा (राष्ट्र सभा) र<br>• माथिल्लो सभा (भारदारी सभा) गरी द्विसदनात्मक विधायिकी (संसद्) को व्यवस्था<br>• राष्ट्र सभा ६०-७० जना, भारदारी सभा २०-३० जनाको हुने |
| नेपालको अन्तरिम शासन विधान, २००७ | • प्रजातन्त्रको उदयपछि जारी भएको यो संविधानले संविधान सभाको निर्वाचनमार्फत संविधान जारी गर्ने भनि उल्लिखित थियो । संसद्को स्पष्ट ढाँचा थिएन पछि संविधान संशोधन गरेर सल्लाहकार सभाको गठन गरिएको थियो । |

### नेपाल अधिराज्यको संविधान, २०१५

राजा महेन्द्रबाट संविधान सभाको निर्वाचनको सट्टा संसदको निर्वाचन गर्ने उद्देश्यले नेपाल अधिराज्यको संविधान, २०१५ जारी भएको थियो । यस संविधानले दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको थियो । 'श्री ५ र महासभा तथाप्रतिनिधि सभा' नामक संसदको व्यवस्था रहेको थियो । माथिल्लो सभा महासभामा ३६ जना र तल्लो सदन प्रतिनिधि सभामा १०९ सदस्य हुने व्यवस्था थियो । संसदीय व्यवस्थामा यो पहिलो निर्वाचित व्यवस्थापिका थियो ।

### नेपालको संविधान, २०१९

बहुदलीय व्यवस्थामाथिप्रतिबन्ध लगाउँपछि राजा महेन्द्रले नेपालमा पञ्चायती व्यवस्था लागू गरे । पञ्चायती व्यवस्थाअनुरूपको नेपालको संविधान, २०१९ जारी भयो । यो संविधानले एक सदनात्मक संसदको रूपमा 'राष्ट्रिय पञ्चायत' को व्यवस्था गरियो । संविधानको तेस्रो संशोधनपश्चात् यसको १४० सदस्य बताइयो जसमध्ये ११२ जना निर्वाचित र २८ जना मनोनीत हुने व्यवस्था गरियो । राष्ट्रिय पञ्चायतको निर्वाचनमा राजनीतिक दलहरूलाई भाग लिन निषेध गरिएकाले राष्ट्रिय पञ्चायतको हैसियत परामर्शदात्री मात्र थियो । यो संविधानको अस्तित्त्व रहुन्जेल कुनै संसदीय अभ्यास भएन ।

### नेपाल अधिराज्यको संविधान, २०४७

वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् जारी भएको विधिवत् रूपमा संसदीय शासन प्रणालीको सुरुवात भएको हो । यस संविधानले संसदीय शासन व्यवस्थालाई अपरिवर्तनीय रूपमा राखेको थियो । वि.सं. २०४७ सालको सविधानबमोजिम श्री ५ ले प्रतिनिध सभा (२०५) तथा राष्ट्रिय सभा (६०) लाई द्विसदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको थियो ।

### नेपालको अन्तरिम संविधान, २०६३

दोस्रो जनआन्दोलनबाट प्रतिनिधि सभाको पुनर्स्थापना भयो । नेपालको अन्तरिम, २०६३ ले ३३० सदस्यीय एक सदनात्मक रूपान्तरित व्यवस्थापिका संसद्को परिकल्पना गऱ्यो । नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संविधान सभा (६०१) निर्वाचन भयो । निर्वाचित संविधान सभाले नै व्यवस्थापिका संसद्को कामकारबाही निर्वाह गरेको पाइन्छ ।

## नेपालको संविधान

### सङ्घीय संसद्

तपाईंले सङ्घीय संसद्को website मा खोजेर नेपालको संविधानको भाग- ८ अध्ययन गर्नुभयो भने सङ्घीय संसद्का सम्बन्धमा यस्तो जानकारी पाउनुहुन्छ :

प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका हुने छ जसलाई सङ्घीय संसद् भनिन्छ ।

**प्रतिनिधिसभा गठन प्रक्रिया**

(क) नेपाललाई भूगोल र जनसङ्ख्याको आधारमा एकसय पैंसट्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने एकसय पैंसट्ठी सदस्य

(ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने एकसय दश सदस्य

समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने छ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलन समेत ध्यान दिनुपर्ने छ ।

*(स्रोत : नेपालको संविधान, भाग- ८, धारा ८३, ८४ (१) र (२))*

'प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक सङ्घीय व्यवस्थापिका हुने छ

समानुपातिक निर्वाचन प्रणालीमा भूगोल र प्रादेशिक सन्तुलन मिलाउनुका साथै महिला कम्तिमा ५० प्रतिशत हुनुपर्ने र पिछडिएको क्षेत्र कम्तिमा ४३ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नुपर्छ । यसप्रकार, नेपालमा हाल प्रयोग गरिएको निर्वाचन प्रणालीले समावेशिताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

प्रतिनिधि सभा सङ्घीय संसदको तल्लो सदन हो । जनताद्वारा प्रत्यक्ष निर्वाचित रूपमा निर्वाचित प्रतिनिधिहरूको महत्त्वपूर्ण संस्था हो । प्रतिनिधि सभा नागरिकको सार्वभौमसत्ताको प्रयोग हुने महत्त्वपूर्ण निकाय हो ।

### प्रतिनिधि सभाका विशेषता

- बालिग मताधिकार र आवधिक निर्वाचनको माध्यमबाट प्रतिनिधिको चयन हुने
- जनताको लोकप्रिय मत (Popular Vote) मा आधारित
- कानुन बनाउने र राज्यकोषलाई नियन्त्रण गर्ने विषयमा विशेष प्राथमिकता
- सरकार उपर विश्वासको मत र अविश्वासको प्रस्ताव तथा संवैधानिक पदाधिकारीउपर महाअभियोग लगाउन सक्ने विशेष जिम्मेवारी
- सरकारका काम कारबाहीको नियमित अनुगमन गर्ने जिम्मेवारी

नेपालको संविधानबमोजिम अगावै विघटन भएकोमा बाहेकप्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने छ ।

### राष्ट्रिय सभा

सामान्यत: सङ्घीय तथा संसदीय शासन प्रणाली अवलम्बन गरेका मुलुकहरूमा दुई सदनात्मक व्यवस्था हुनु सामान्य मान्यता हो ।

सङ्घीय शासन प्रणाली अवलम्बन गरेको नेपालमा दुई सदनहरू रहेका छन् । माथिल्लो सदनको रूपमा रहेको राष्ट्रिय सभालाई Second Chamber पनि भनिन्छ । प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व गर्न, व्यवस्थापकीय शक्ति सन्तुलन गर्न, कार्य कौशलता र प्रभावकारिताको सन्तुलन सम्बोधन गर्न नेपालको संविधानमा राष्ट्रिय सभाको व्यवस्था गरिएको छ ।

सीमान्तकृत, लोपोन्मुख समुदायको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रिय सभा अपरिहार्य छ । साथै विज्ञताको उपयोग गर्न, सङ्घीय तहहरूबिच समन्वय गर्ने संस्थाको रूपमा, जनताको स्थायी प्रतिनिधिमूलक संस्थाको रूपमा अभिभावकत्वको मान्यता प्रदान गर्न समेत राष्ट्रिय सभाको आवश्यकता अपरिहार्य छ ।

नेपालमा राष्ट्रिय सभा

- राष्ट्रिय सभा एक स्थायी सदन मानिन्छ ।
- प्रदेश सभा सदस्य, स्थानीय तह (नगर र गाउँपालिका)का प्रमुख उपप्रमुख रहेको निर्वाचन मण्डलद्वारा मतभार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एकजना

दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जनासहित निर्वाचित छपन्न जना रहने व्यवस्था गरिएको छ ।

- नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत एक जना महिला सहित तीन जना रहने छन् ।
- राष्ट्रिय सभाका सदस्यहरूको पदावधि ६ वर्षको हुने छ । राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने छ ।

नेपालको संविधानबमोजिम देहायको योग्यता भएको व्यक्ति सङ्घीय संसद्को सदस्य हुन योग्य हुने छ :

- नेपालको नागरिक
- प्रतिनिधि सभाको लागि पच्चिस वर्ष र राष्ट्रिय सभाका लागि पैंतीस वर्ष पूरा भएको
- नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको
- कुनै सङ्घीय कानुनले अयोग्य नभएको
- कुनै लाभको पदमा बहाल नरहेको

नोट : 'लाभको पद' भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पदलाई समेत बुझाउँछ ।

संसदीय शासन प्रणालीमा संसदका काम कारबाहीलाई प्रभावकारी बनाउन, सरकारलाई संसदप्रति जवाफदेही, उत्तरदायी बनाउन, सरकारबाट भए गरेका गतिविधि उपर अनुगमन र मूल्याङ्कन गर्न विभिन्न विषयगत समितिहरू गठन गरिएका हुन्छन् । उदाहरणका लागि हालप्रतिनिधि सभामा दशओटा र राष्ट्रिय सभामा चारओटा विषयगत समिति रहेका छन् । सङ्घीय संसद्का समितिमार्फत् सरकार र संवैधानिक निकाय उपर संसदीय निगरानी राख्छ । संसदीय निगरानी सरकारका अन्य अङ्गसँग शक्ति नियन्त्रण र सन्तुलनको कडी हो ।

### राष्ट्रिय सभाका विशेषता

- स्थायी प्रकृतिको सदन
- समावेशी र समानुपातिक प्रतिनिधिको व्यवस्था
- परिपक्व सदन र राष्ट्रिय हितमा केन्द्रित रहने अपेक्षा
- सबै प्रदेशबाट प्रतिनिधित्वमा समानता

- सङ्घ, प्रदेश र स्थानीयतहको अन्तरसम्बन्धलाई व्यवहारमा उतार्ने निकाय ।

नेपाल सङ्घीय शासन प्रणाली अवलम्बन गरेसँगै प्रत्येक प्रदेशमा एक सदनात्मक प्रदेश व्यवस्थापिका (नेपालको संविधानको भाग-१४) र प्रत्येक स्थानीय तहमा स्थानीय व्यवस्थापिका र नेपालको संविधानको भाग-१८ रहने संवैधानिक प्रावधान छ । प्रदेश व्यवस्थापिकालाई प्रदेश सभा भनिन्छ । प्रत्येक प्रदेश सभा सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्या हुन आउने सदस्य, यसरी निर्वाचित हुने सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सङ्ख्या प्रदेश सभामा सदस्य रहने छन् ।

उदाहरणका लागि कर्णाली प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने संख्या १२ छ । कर्णाली प्रदेश सभामा FPTP बाट २४ र समानुपातिक प्रणालीबाट १६ जना गरी कर्णाली प्रदेश सभामा ४० सदस्य रहेको छ ।

## व्यवस्थापिका/सङ्घीय संसद्का कार्य

व्यवस्थापिकाले संविधानको अधीनमा रही ऐन, कानुन निर्माण गर्छ । त्यस्तै व्यवस्थापिकाले सरकारका काम कारबाहीको निगरानी र नियन्त्रण पनि व्यवस्थापिकाको प्रमुख काम हो ।

(क) ऐन कानुन निर्माण गर्नु

व्यवस्थापिकाको प्रमुख कार्य कानुन (ऐन) निर्माण गर्नु हो । सरकारले सदनमा प्रस्तुत गर्नुहोस् तथा सदस्य आफैँले मस्यौदा गरी पेस गरेका विधेयक अध्ययन गरी पारित गर्नु व्यवस्थापिकाको प्रमुख कार्य हो । नेपालको सन्दर्भमा, सङ्घीय संसद्ले संविधान प्रस्तावनाकोप्रतिकूल हुने गरी कानुन बनाउँदैन । सङ्घीय संसद्ले नेपालको संविधानको अनुसूची-५ को सङ्घको अधिकारका सूचीका विषयमा कानुन बनाउने अधिकार सङ्घीय संसद्लाई छ । त्यस्तै प्रदेश सभाले अनुसूची ६ मा उल्लिखित विषयमा, स्थानीय तहले अनुसूची ८ मा उल्लेख भएका अधिकारका विषयमा कानुन बनाउने अधिकार छ । सङ्घ, प्रदेश र स्थानीय तहका व्यवस्थापिकाले अनुसूची- ९ मा उल्लेख भएका साझा अधिकारले दिएको परिधिमा रहेर कानुन निर्माण गर्छ ।

कानुनको मस्यौदा तयार पार्दा संवैधानिक व्यवस्था, प्रचलित कानुनको मर्म, देशको ऐतिहासिक, राजनीतिक, धार्मिक, सांस्कृतिक मूल्य मान्यता,प्रतिपादित कानुनी सिद्धान्त, अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई समेत मनन गरिनुपर्छ ।

(ख) आर्थिक नियन्त्रणसम्बन्धी कार्य

सरकारले आफ्नो नीति र कार्यक्रम कार्यान्वयन गर्न नागरिकबाट कर उठाउँछ । विभिन्न स्रोतबाट रकम संकलन गर्छ । यसरी रकम संकलन गर्ने कार्य सरकारले स्वेच्छाकारी रूपले गर्न हुँदैन । त्यस सम्बन्धमा संसदको सहमति प्राप्त गरेको हुनुपर्छ । सरकारले संसदले बनाएको कानुन बिना कर लगाउन, ऋण लिन, रकम विनियोजन गर्न वा खर्च गर्नु हुँदैन भन्ने मान्यता संसदीय शासन प्रणालीमा स्थापित छ । अर्को शब्दमा सरकारले संसदमा प्रस्तुत गर्ने वार्षिक आय/व्ययको विवरण (बजेट) संसदबाट पारित/स्वीकृत भएपछि मात्र कार्यान्वयन गर्न सक्छ । सरकारका अन्य आर्थिक नीति, आर्थिक व्यवस्थापनमा व्यवस्थापिका/संसदको निगरानी एवम् नियन्त्रण रहेको हुन्छ ।

(ग) सरकारमाथि निगरानी **(oversight)** सम्बन्धी कार्य

संसदीय शासन प्रणालीमा संसद र संसदीय समितिहरूले सरकार, मन्त्रालय एवम् सरकारी निकायको काम कारबाहीको अध्ययन, अनुसन्धान, अनुगमन, सुपरीवेक्षण, परीक्षण, मूल्याङ्कन गर्छन् ।

संसदको बैठकमा सांसदहरूले सार्वजनिक महत्व एवम् जनचासोका विषयमा सरकारको जवाफदेहिता क्षेत्रका विषयमा सरकारको धारणा माग गर्छन् । प्रश्नोत्तर, शून्य समय, विशेष समय एवम् जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव तथा संकल्प प्रस्ताव दर्ता मार्फत संसदले सरकारलाई संसद एवम् नागरिक प्रति जवाफदेही एवम् उत्तरदायी बनाउँछ । संसदीय निगरानी सरकारलाई अप्ठ्यारो पारेको नभई सरकारको काम कारबाही, सेवा प्रवाहलाई प्रभावकारी बनाउनु हो । सरकारी निकायबाट भएका र हुनसक्ने कमजोरीलाई सुधार गरी सुशासनयुक्त शासन सञ्चालनमा सहयोग पुऱ्याउनु हो । शक्ति सन्तुलन र नियन्त्रणको मान्यतालाई व्यावहारिक बनाउनुपनि हो ।

(घ) संविधान संशोधनसम्बन्धी कार्य

संविधान निर्माण र संविधानको संशोधन भिन्न विषय हुन् । संविधानको मौलिक स्वरूप नष्ट नगरी वा संविधानका अपरिवर्तनीय विषयको सीमामा रही संविधानका प्रावधानहरूमा संशोधन गर्नु संविधानको संशोधन हो । संवैधानिक सर्वोच्चता लिखित संविधानको आधारभूत विशेषता हो । संवैधानिक सर्वोच्चता भएको मुलुकमा संविधानलाई मूल कानुन मानिन्छ । संविधान गतिशील दस्तावेज हो । मुलुकको आर्थिक, सामाजिक परिवर्तन एवम् राजनीतिक रूपान्तरणका लागि समयानुकूल संविधानमा संशोधन हुनुपर्छ । संविधानको संशोधन लोकतान्त्रिक मूल्य-मान्यता हो ।

नेपालको संविधानको धारा २७४ मा संविधान संशोधनसम्बन्धी व्यवस्था गरिएको छ । नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न नसकिने व्यवस्था गरी यो संविधानले संविधानको आधारभूत संरचनालाई आत्मसात गरेको पाइन्छ ।

सङ्घीय संसदका दुवै सदनमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तिमा दुई तिहाइ बहुमतबाट पारित संविधान संशोधन विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि संविधान संशोधन हुने व्यवस्था गरिएको छ । यो संविधानले प्रदेशको सीमा वा प्रदेशको कार्यक्षेत्रसँग सम्बन्धित विषयका संविधान संशोधन गर्दा प्रदेश सभामा पठाउनुपर्ने व्यवस्था गरेको छ ।

संसदीय प्रणाली अवलम्बन गरेको हाम्रो देशमा प्रधानमन्त्री चयन, संसदमा विश्वासको मत र अविश्वासको प्रस्तावलाई संसद (प्रतिनिधि सभा) को निर्णयबाट टुङ्ग्याउनु पनि संसदको कार्य हो । राष्ट्रपति, उपराष्ट्रपति, सर्वोच्च अदालतका प्रधान न्यायाधीश/न्यायाधीश, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्धको महाअभियोग लगाउन सक्ने तथा संसद (प्रतिनिधि सभा)को दुई तिहाइ सदस्य सङ्ख्याले पारित गरी पदमुक्त गर्न सक्ने कार्य पनि संसद्को हो ।

संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने पदाधिकारीहरूको नियुक्ति, राजदूतको नियुक्ति हुनुभन्दा अघि संसदीय सुनुवाइ गर्ने काम संसदको कार्यक्षेत्रमा पर्छ । त्यस्तै, नेपाल

सरकार पक्ष भएका सन्धी/सम्झौताको अनुमोदन, स्वीकृति, समर्थन गर्ने, सङ्कटकालीन अवस्थाको अनुमोदन गर्ने जस्ता कार्य व्यवस्थापिकाको कार्यक्षेत्रमा पर्छन् ।

सङ्क्षेपमा, संसदीय व्यवस्थामा, व्यवस्थापिका सुशासनयुक्त उत्तरदायी, जवाफदेही सरकार एवम् कानुनी शासनको आधार तय गर्ने राज्यको महत्त्वपूर्ण अङ्ग हो ।

## अभ्यास

१. व्यवस्थापिकाको सङ्क्षिप्त परिचय दिनुहोस् ।

२. नेपालमा संसदीय प्रणालीको पृष्ठभूमि उल्लेख गर्नुहोस् ।

३. नेपालको सङ्घीय संसद् समावेशीकरणको अनुकरणीय अङ हो, कसरी ? प्रष्ट पार्नुहोस् ।

४. संसदीय निगरानीले संसदको भूमिकालाई अझ प्रभावकारी बनाउँछ । उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

५. नेपालको संसद्ले कानुन निर्माण गर्दा, के कस्ता विषयमा विचार गर्नुपर्ला ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

६. संसदीय शासन प्रणालीमा माथिल्लो सदन राष्ट्रिय सभाको सान्दर्भिकता सम्बन्धमा एक सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

### लेखनसिप (सम्पादकीय)

- सम्पादकीय खासगरी दैनिक पत्र पत्रिकाको विचार पृष्ठसँगै पत्रिकाको सम्पादकको विचार हो ।
- सम्पादकीय लेख्दा मूलत : तीन अनुच्छेदमा लेखिन्छ । पहिलो अनुच्छेदमा 'विषयवस्तुको परिचय', दोस्रो 'विषय/प्रश्नले मागेको विषयवस्तु', अन्तिम अनुच्छेदमा 'लेखकीय विचार/निष्कर्ष/भनाई' समेटिनु पर्छ ।

## सम्पादकीयको नमुना

प्रश्न :- ६ को उत्तर

*सम्पादकीय*

### राष्ट्रिय सभा : परिपक्वताको नमूना

संसदीय शासन व्यवस्थामा जनता स्वयम्बाट शासित हुन्छन् भन्ने मान्यता छ । अर्थात् जनता सार्वभौम हुन्छन् । आफ्ना जनप्रतिनिधिमार्फत् शासित हुन्छन् । संसद निर्वाचित जनप्रतिनिधिको थलो हो । संसदीय शासन प्रणालीमा दुई सदनात्मक व्यवस्थापिकाको प्रावधान राखिएको हुन्छ । संसदमा माथिल्लो सदन (नेपालको सन्दर्भमा राष्ट्रिय सभा) संसदीय गतिविधिलाई प्रभावकारी बनाउन व्यवस्था गरिएको हुन्छ ।

राष्ट्रिय सभा स्थायी प्रकृतिको सदन हो । प्रतिनिधि सभा विघटन भएको बेला समेत संसदीय गतिविधलाई नियमित गर्न राष्ट्रिय सभा अपरिहार्य छ । नेपालको सन्दर्भमा, प्रादेशिक सन्तुलन कायम गर्दै सङ्घ र प्रदेशबिच समन्वयकारी भूमिका निर्वाह गर्छ - राष्ट्रिय सभाले । विज्ञताको उपयोग गर्न, समावेशीकरणको सिद्धान्तलाई कार्यान्वयन, प्रतिनिधि सभाबाट भएका काम कारबाहीलार्य आवश्यकता अनुसार सच्याउन समेत राष्ट्रिय सभा सान्दर्भिक छ ।

नेपालको संविधान तथा संसदीय नियमावलीको कतिपय प्रावधानले राष्ट्रिय सभाको सान्दर्भिकतालाई खुम्च्याएको छ । प्रतिनिधिको छनोटमा राष्ट्रिय सभाको मर्मलाई समेत बेवास्ता गरिएको पाइन्छ । यसले गर्दा राष्ट्रिय सभा कतै प्रतिनिधि सभाको सामान्य शाखा पो हो कि ? जस्तो भएको छ

राष्ट्रिय सभालाई शक्ति सन्तुलन र नियन्त्रणको आधारको रूपमा क्रियाशील बनाइनुपर्छ । संविधान र अन्तर्राष्ट्रिय मान्यताका आधारमा प्रतिनिधिको छनोट गरिनुपर्छ ।

पाठ ३

# कार्यपालिका (Executive)



## परिचय

कार्यपालिका, परम्परागत रूपले बुझ्दा, व्यवस्थापिकाले बनाएको कानुन कार्यान्वयन गर्ने अङ्ग हो । राज्यको इच्छा, शासन गर्ने अख्तियारी (कार्यकारी अधिकार) प्रयोग गर्ने अङ कार्यपालिका हो । सीमित रूपले अर्थ्याउँदा, कार्यपालिका केवल मन्त्रिपरिषद्/मन्त्रिमण्डल मात्र बुझ्ने गरिन्छ ।

आधुनिककालमा राज्यको भूमिका जति व्यापक हुँदै गएको छ, त्यति नै कार्यपालिकाको अवधारणा व्यापक हुँदै छ, भूमिका बढ्दो छ । व्यापक अर्थमा, कार्यपालिका कानुन बनाउने, सार्वजनिक सेवा प्रभावकारी रूपमा वितरण गर्नु, नागरिक हक, अधिकार संरक्षण गर्नु, शान्ति सुव्यवस्था कायम गर्नु लगायतका सार्वजनिक सरोकारका विषयको व्यवस्थापनमा संलग्न सबै निकाय कार्यपालिकाका स्वरूप हुन् । कार्यपालिका नै राज्य वा सरकारको पर्यायवाची भइसकेको जस्तो छ । संवैधानिक रूपमा, व्यवस्थापिका तथा न्यायपालिका जति शक्तिशाली हुन्छन् व्यवहारिक रूपमा कार्यपालिका बढी शक्तिशाली हुन्छ । व्यवस्थापिकाले निर्माण गरेको कानुन, न्यायपालिकाले गरेको न्यायिक व्याख्याको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, नागरिकसँग प्रत्यक्ष सम्पर्क हुने राज्यको अङ्ग कार्यपालिका नै हो । यसर्थ, आजको परिवेशमा, न्यायपालिकाबाट भएका कमजोरीप्रति नागरिकको असन्तुष्टि होस् वा व्यवस्थापिकाले निर्माण गरेको कानुनी विरुद्धको आवाज होस् यी सबै असन्तुष्टि कार्यपालिकाको विरुद्ध भएको बुझिन्छ, मानिन्छ । कार्यपालिका कार्यकारी अधिकार प्रयोग गर्ने राज्यको अङ्ग हो । कार्यकारी अधिकार प्रयोगको निधो शासकीय स्वरूप/पद्धतिमा भर पर्छ ।

विश्वमा विभिन्न शासन पद्धतिहरू जस्तै : राष्ट्रपतीय, संसदीय, राजतन्त्रात्मक, सैनिक शासन पद्धति आदि प्रचलनमा छन् ।

संसदीय शासन पद्धतिमा जनताले संसदको निर्वाचन गर्छन् । संसद्मा बहुमत प्राप्त व्यक्ति प्रधान-मन्त्रीमा नियुक्त हुन्छन् । प्रधानमन्त्रीले संसद्का सदस्यहरू मध्येबाट मन्त्रिपरिषद् गठन गर्छन् । प्रधानमन्त्री र मन्त्रीहरू सामूहिक तथा व्यक्तिगत रूपमा संसदप्रति उत्तरदायी हुन्छन् । नेपालमा संवैधानिक विकासक्रममा विभिन्न शासन पद्धतिको अभ्यास गरिएको छ । नेपालको वर्तमान संविधानले संसदीय शासन प्रणालीलाई अंगिकार गरेको छ । नेपालको संविधानअनुसार - कार्यकारी अधिकार मन्त्रिपरिषदमा निहित छ । नेपालको कार्यकारी कार्य नेपाल सरकारको नाममा हुन्छ । नेपालको संविधानअनुसार सङ्घीय, प्रदेश र स्थानीय कार्यपालिका गरी तीन तहको कार्यपालिका रहने व्यवस्था रहेको छ ।

*__सङ्घीय कार्यपालिकाको गठन__*

*७६. मन्त्रिपरिषद्को गठन : (१) राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने छ ।*

*(२) उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने छ ।*

*(३) प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ ।*

*(४) उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले तीस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्ने छ ।*

*(५) उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने छ ।*

*(६) उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्ने छ ।*

*(७) उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महीनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने छ ।*

*(८) यस संविधानबमोजिम भएको प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले पैंतिस दिनभित्र यस धारा बमोजिम प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नु पर्नेछ ।*

*(९) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा पच्चिस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने छ । स्पष्टीकरण : यस भागको प्रयोजनका लागि "मन्त्री" भन्नाले उपप्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री सम्झनुपर्छ ।*

*(१०) प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा सङ्घीय संसदप्रति उत्तरदायी हुने छन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र सङ्घीय संसद्प्रति उत्तरदायी हुनेछन् ।*

**स्रोत : नेपालको संविधान**

***<u>प्रदेश कार्यपालिकाको गठन प्रक्रिया</u>***

*१६८. प्रदेश मन्त्रिपरिषद्को गठन : (१) प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने छ र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुने छ ।*

*(२) उपधारा (१) बमोजिम प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने छ ।*

*(३) प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तिस दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने छ ।*

*(४) उपधारा (२) वा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले त्यसरी नियुक्त भएको तिस दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने छ ।*

*(५) उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने छ ।*

*(६) उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्ने छ ।*

*(७) उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गरी छ महीनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्ने छ ।*

*(८) यस संविधानबमोजिम भएको प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा मुख्यमन्त्रीको पद रिक्त भएको मितिले पैँतिस दिनभित्र यस धारा बमोजिम मुख्यमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने छ ।*

*(९) प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको बिस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने छ । स्पष्टीकरण : यस भागको प्रयोजनका लागि "मन्त्री" भन्नाले मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री सम्झनुपर्छ ।*

*(१०) मुख्यमन्त्री र मन्त्री सामूहिक रूपमा प्रदेश सभाप्रति उत्तरदायी हुने छन् र मन्त्रीहरू आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा मुख्यमन्त्री र प्रदेश सभाप्रति उत्तरदायी हुने छन् ।*

## कार्यपालिकाका कार्य

कार्यपालिकाको भूमिका/कार्य दिनप्रतिदिन बढ्दो छ । परम्परागतरूपमा व्यवस्थापिकाले निर्माण गरेको कानुन कार्यान्वयन गर्ने कार्यमा मात्रै कार्यपालिका सीमित छैन । कार्यपालिकाको कार्यक्षेत्र, भूमिका शासन पद्धतिको स्वरूपले पनि निर्धारण गर्छ । संसदीय शासन पद्धति अँगालेका हाम्रो जस्तो देशमा कार्यपालिकाका प्रमुख कार्य यसरी बुझ्न सकिन्छ :

(क) प्रशासनिक कार्य

कार्यपालिकाको प्रमुख कार्य देशमा शान्ति सुव्यवस्था राख्नु हो । राज्य सञ्चालनसम्बन्धी नीति तयार पार्नु, कार्यपालिकाअन्तर्गतका मन्त्रालय, विभाग, कार्यालय बिच समन्वय गर्नु, कार्यपालिकाको अधिकार क्षेत्रमा पर्छ । सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन विभिन्न

आदेश, निर्देशन जारी गर्ने कार्य गर्न सक्छ । त्यस्तै सेवा प्रवाह गर्ने सम्बन्धमा, आवश्यकताअनुसार विभिन्न एकाइ गठन गर्ने, खारेजी गर्ने अधिकार कार्यपालिकामा रहन्छ ।

(ख) विधायनसम्बन्धी कार्य **(Legislative Function)**

सामान्यतया : कानुन बनाउने कार्य संसद वा व्यवस्थापिकाको हो भन्ने बुझिन्छ । तर कार्यपालिकाले संसद्ले बनाएको कानुन अधीनस्थ विधायन (Delegated Legislation) अन्तर्गत विभिन्न नियमावली बनाउँछ, निर्देशिका बनाउँछ । संसद्को बैठक नबसेको अवस्थामा सरकारले अत्यावश्यक ठानेको कानुन जारी गर्न सक्छ जसलाई अध्यादेश भनिन्छ ।

व्यवस्थापिकाले नै कानुन बनाउने कार्यमा कार्यपालिकाको महत्त्वपूर्ण भूमिका रहन्छ । संसद्मा प्रस्तुत हुने धेरैजसो विधेयक (कानुनको प्रारम्भिक मस्यौदा) सरकारी विधेयकका रूपमा पेस हुन्छन् । संविधानमा व्यवस्था भएबमोजिम अर्थ, नेपाल प्रहरी वा सशस्त्र प्रहरी र नेपाली सेनासम्बन्धी विधेयकको रूपमा मात्रै पेस हुन्छन् ।

(ग) आर्थिक कार्य

सिद्धान्त कर उठाउने, ऋण लिने, रकम विनियोजन गर्ने र व्ययको कार्यविधि व्यवस्थित गर्ने गरी कानुन बनाउने कार्य व्यवस्थापिकाको हो । यी उल्लिखित विषयसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र संसद्मा प्रस्तुत हुने भएकाले मुलुकको आर्थिक प्रशासन, कारोबार सञ्चालन वा रेखदेख कार्यपालिकाबाट हुन्छ । वार्षिक बजेट तयार गरी व्यवस्थापिकाबाट अनुमोदन गराएर कार्यान्वयन गर्ने कार्य कार्यपालिकाबाट नै हुन्छ । राष्ट्रिय ढुकुटी (सञ्चित कोष) कार्यपालिकाको व्यवस्थापपनमा रहन्छ ।

(घ) न्यायिक कार्य

न्याय सम्पादनसम्बन्धी कार्य शक्ति पृथकीकरण र सन्तुलनको मान्यता आत्मसात गरेको मुलुकमा न्यायपालिकाको हो । तथापि नेपालको संविधानमा उल्लेख भएबमोजिम कार्यपालिका (मन्त्रिपरिषद्) को सिफारिसमा राष्ट्रपतिले कुनै पनि अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा पदाधिकारीले गरेको सजाय कानुनबमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने छ ।

(ङ) कुटनीतिक कार्य

परराष्ट्र नीति (विदेश नीति)को निर्धारण गर्नु, कार्यान्वयन गर्नु कार्यपालिकाको महत्त्वपूर्ण कार्य हो । कार्यपालिकाले विभिन्न राष्ट्रहरू, अन्तर्राष्ट्रिय निकायहरूसँग द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध स्थापित गर्ने कार्य गर्छ । राजदूत, महावाणिज्यदूतहरूको नियुक्ति, राष्ट्रसङ्घलगायतका अन्य निकायबाट आयोजित सभा, सम्मेलनमा सहभागिता जनाउनु पनि कार्यपालिकाको महत्त्वपूर्ण कार्य हो । अन्तर्राष्ट्रिय सभा, सम्मेलनबाट पारित सन्धि, सम्झौताको कार्यान्वयन पनि सरकारको कार्यक्षेत्रमा पर्छ ।

पछिल्लो समयमा, कार्यपालिकाको भूमिका, कार्यक्षेत्र परम्परागत कार्यको अतिरिक्त सामाजिक न्याय र क्षेत्रीय सन्तुलन कायम गर्न, पिछडिएका वर्ग, दलित वर्ग, अशक्त, अपाङ्को संरक्षण एवम् सशक्तीकरण गर्ने कार्यमा संलग्न हुनुपर्ने आवाज उठेको छ । त्यस्तै सरकारी निकाय तथा निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाउने, सेवा प्रवाह प्रभावकारी बनाउने कार्यमा समेत कार्यपालिकाको भूमिका अपेक्षित छ । आजको कार्यपालिका राष्ट्रिय स्वार्थको संवर्धन गर्ने हुनुपर्छ । कार्यपालिकाका कार्य प्रभावकारी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी हुनुपर्छ ।

## अभ्यास

१. कार्यपालिकाको अर्थ प्रस्ट पार्नुहोस् ।

२. नेपाालको शासन पद्धतिमा कार्यकारी अधिकारको कार्यान्वयन सम्बन्धमा सङ्क्षेपमा उल्लेख गर्नुहोस् ।

३. नेपालको संविधानबमोजिम मन्त्रिपरिषद् गठनसम्बन्धी विशिष्ट (Distinctive) विशेषताहरू उल्लेख गर्नुहोस् ।

४. कार्यपालिका (सरकार)का कार्य परम्परागतभन्दा समन्वयकारी प्रवर्धनात्मक हुनुपर्छ भन्ने मान्यता बढ्दो छ । पुष्टि गर्नुहोस् ।

## लेखन सिप (लामो उत्तर आउने प्रश्न)

### नमुना उत्तर

**कार्यपालिका (सरकार)का कार्यहरू परम्परागतभन्दा समन्वयकारी, प्रवर्धनात्मक हुनुपर्छ भन्ने भनाइ पुष्टि गर्नुहोस् ।**

कार्यपालिका, सामान्य बुझाइमा, संविधानबमोजिमको कार्यकारी अधिकार प्रयोग गर्ने राज्यको अङ्ग हो । व्यवस्थापिकाले निर्माण गरेको कानुनको कार्यान्वयन शान्ति सुव्यवस्था कायम गर्नु, सार्वजनिक प्रवाह गर्नु जस्ता कार्य कार्यपालिकाको महत्त्वपूर्ण कार्य हुन् । कार्यपालिकाले यी परम्परागत कार्य गरिरहँदा आफ्नो मात्र हस्तक्षेपकारी, निर्देशनात्मक, आदेशात्मक भूमिका निर्वाह गर्नु हुँदैन भन्ने मान्यता बढ्दो छ । लोक कल्याणकारी राज्यको नाममा कार्यपालिका (सरकार) को भूमिका उल्लिखित परम्परागत मान्यतामा मात्र सीमित रहेन । सूचना प्रविधिको विकास, विश्वव्यापीकरण, नेपालको संविधानले अवलम्बन गरेको राज्यको निर्देशक सिद्धान्त र राज्यका नीतिले पनि कार्यपालिकाको भूमिका समन्वयकारी, प्रवर्धनात्मक हुनुपर्छ भन्ने मान्यता स्थापित गरेको छ । आवधिक योजनाहरूमा समेत कार्यपालिका (सरकार) को भूमिका परम्परागतभन्दा नयाँ अवधारणामा हुनुपर्ने उल्लेख भएको पाइन्छ । आजको सन्दर्भमा कार्यपालिकाको भूमिका/कार्यक्षेत्र राष्ट्रिय नीति नियम बनाउने, वित्तीय नियमको पालना भए नभएको अनुगमन मूल्याङ्कन गर्नुपर्छ । कार्यपालिका राष्ट्रिय स्वार्थ संवर्धन हुने गरी शान्ति सुरक्षा कायम गर्ने, मानव अधिकार तथा न्याय व्यवस्थाको प्रत्याभूति गर्नुपर्छ । देशको परराष्ट्र सम्बन्ध राष्ट्रिय हित अनुकूल पर्छ ।

सार्वजनिक सेवाको प्रभावकारी वितरणमा सरकारी, गैरसरकारी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने, जनउत्तरदायी एकाइ/निकायको रूपमा स्थापित गर्ने कार्यमा कार्यपालिका संलग्न हुनुपर्छ । कार्यपालिकाको कार्य सहजकर्ताको रूपमा हुनुपर्छ ।

कार्यपालिका गरिबी निवारण, दुर्गम क्षेत्रको विकास, सामाजिक न्याय क्षेत्रीय सन्तुलन कायम कसरी गर्न सकिन्छ भन्नेमा आफ्नो भूमिका बढाउनुपर्छ । आर्थिक, सामाजिक, राजनीतिक रूपमा पिछडिएका समुदायको उत्थान, मूल प्रवाहीकरण, सशक्तीकरणका लागि कार्यपालिका संरक्षणात्मक भूमिकामा रहनुपर्छ । कार्यपालिका स्तरयुक्त जनशक्ति तयार पार्न, भौतिक पूर्वाधारको विकासमा निजी क्षेत्रको सहभागिता हुने वातावरण सिर्जना गर्न संलग्न हुनुपर्छ । स्थानीय निकायलाई स्रोत साधनको परिचालन गर्न, स्थानीय स्तरका योजनाको प्रभावकारी कार्यान्वयनमा सक्षम तुल्याउन,

दिगो विकासका लक्ष्य प्राप्तिमा व्यवस्थापन गर्ने, अभिप्रेरित गर्ने कार्यमा कार्यपालिकाको भूमिका अपरिहार्य छ ।

निष्कर्षमा आजको कार्यपालिका (सरकार) सामाजिक सुरक्षा र विकास, पिछडिएको वर्गको संरक्षण गर्ने हुनुपर्छ । नागरिकको सहभागिता बढाउने, दक्ष, प्रभावकारी इमान्दार, पारदर्शी, उत्तरदायी र सहयात्रीको भूमिकामा हुनुपर्छ भन्ने मान्यता बढेको छ ।

पाठ ४

# न्यायपालिका




## परिचय

राज्य (सरकार)का तीन अङ्गमध्ये व्यवस्थापिकाले कानुन बनाउने, कार्यपालिकाले व्यवस्थापिकाले बनाएका कानुनहरू लागु गर्ने गर्छ । त्यस्ता कानुन नमान्नेलाई दण्ड दिने, न्याय सम्पादन गर्ने, कानुनको व्याख्या गर्ने, संविधानको संरक्षण गर्ने अङ्ग न्यायपालिका हो । सरकारलाई निरङ्कुश हुनबाट नियन्त्रण गर्ने, संविधानको अतिक्रमण हुनबाट जोगाउने, नागरिकको स्वतन्त्रता र मौलिक हकहरूको संरक्षण गर्ने र कानुनी राज्यको संरक्षक नै न्यायपालिका हो । राजनीतिक व्यवस्थाको मुख्य उद्देश्य नागरिकको अधिकार र हितको रक्षा गर्नु हो, सभ्य समाजको परिकल्पना हो । कानुनको प्रभावकारी कार्यान्वयनबाट सभ्य समाजको निर्माण हुन्छ । तसर्थ, कानुन मानव हितको रक्षा गर्न असक्षम भयो, त्यसको स्वविवेकीय र अनियन्त्रित प्रयोग भयो भने कानुन निरर्थक हुन्छ, राज्यमा अराजकता हुन्छ । कानुन मानव हित संरक्षण गर्ने रूपमा प्रयोग भएको छ छैन वा कार्यान्वयन गरेको मिलेको छ छैन भनी व्याख्या, परिक्षण गर्ने राज्यको निकाय न्यायपालिका हो । न्यायपालिकाले कानुनको व्याख्या मात्रै गर्दैन कानुनको परीक्षण गर्छ । अत: अहिले न्यायपालिका प्रजातन्त्रको आधार स्तम्भ, मौलिक हकको संरक्षक, संविधानको अभिभावक आदि विशेषणबाट

विभूषित छ । न्याय समापादनका लागि व्यवस्था भएका अदालतहरूको संरचनालाई न्यायपालिका भनिन्छ ।

नेपालको न्यायपालिकाको तह

नेपालमा देहायबमोजिमका अदालत रहने छन् :

## सर्वोच्च अदालत

सर्वोच्च अदालत नेपालको न्यायपालिकाको सबैभन्दा माथिल्लो तह हो । सर्वोच्च अदालतलाई अभिलेख अदालत पनि भनिन्छ ।

१२८. सर्वोच्च अदालत

(१) नेपालमा एक सर्वोच्च अदालत हुनेछ ।

(२) सर्वोच्च अदालत अभिलेख अदालत हुने छ । यस संविधानमा अन्यथा व्यवस्था भएकामा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने छन् । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने छ ।

सर्वोच्च अदालतले आफ्नो र आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासन वा व्यवस्थापनसम्बन्धी विषयमा निरीक्षण, सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन सक्ने छ ।

(४) मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालन गर्नुपर्ने छ । सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने छ ।

१२९. नेपालको प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यता

(१) सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त ६४ बढीमा २० जना न्यायाधीश रहने छन् ।

(२) संवैधानिक परिषदको सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुनेछ ।

(३) सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधान न्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुने छ ।

(४) प्रधान न्यायाधीशको पदावधि छ वर्षको हुने छ ।

(५) कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि

प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविदको रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ । स्पष्टीकरण : यो संविधान लागु हुनुभन्दा पहिले पुनरावेदन अदालतमा मुख्य न्यायाधीश वा न्यायाधीश भई काम गरेको अवधिलाई यो उपधाराको प्रयोजनका लागि उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको हैसियतमा काम गरेको अवधि मानिने छ ।

(६) प्रधान न्यायाधीशको पद रिक्त भएमा वा कुनै कारणले प्रधान न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा वा बिदा बसेको वा नेपालबाहिर गएको कारणले प्रधान न्यायाधीश सर्वोच्च अदालतमा उपस्थित नहुने अवस्था भएमा सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायममुकायम प्रधान न्यायाधीश भई काम गर्ने छ ।

*स्रोत : नेपालको संविधान*

### अभिलेख अदालतका विशेषता

मुलुकको सर्वोच्च तहको अदालतलाई अभिलेख अदालत मान्ने विश्वभरकै मान्य वा स्थापित परम्परा हो । अभिलेख अदालत भन्नासाथ त्यसका निर्णय तथा काम कारबाही लामो समयसम्म राखिने हुन्छ । अभिलेख अदालतका विशेषता

- अभिलेख अदालतबाट भएका आदेश वा प्रमाणित लिखतहरू राज्यका सबै अदालत, कार्यालय, व्यक्ति वा निकायलाई बाध्यकारी हुन्छ ।
- अभिलेख अदालतलाई अदालतको अपहेलना सम्बन्धमा कारबाही र दण्ड गर्ने अधिकार हुन्छ ।
- अभिलेख अदालतबाट भएका फैसला वा निर्णय लामो समयसम्म सुरक्षित राखिन्छन् ।
- अभिलेख अदालतबाट भएका लिखतको प्रमाणिकता वा वैधानिकता सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइँदैन ।
- अभिलेख अदालतलाई असाधारण अधिकार क्षेत्र प्राप्त हुन्छ ।

उच्च अदालत : प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने छ ।

१४०. उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता

(१) प्रधान न्यायाधीशले न्याय परिषदको सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति गर्ने छ ।

(२) कानुनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दश वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा दश वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको नेपाली ६९ नागरिक उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिने छ ।

(३) उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्ति गर्दा उपधारा (२) बमोजिम योग्यता पुगेका व्यक्तिहरूमध्येबाट जिल्ला न्यायाधीशको हकमा निजले वार्षिक रूपमा फैसला गरेको मुद्दाको अनुपात र माथिल्लो अदालतमा अन्तिम निर्णय हुँदा मुद्दा सदर, बदर वा उल्टी भएको मूल्याङ्कनको आधारमा, न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको व्यक्तिको हकमा ज्येष्ठता, योग्यता र कार्यसम्पादनको स्तरको मूल्याङ्कनको आधारमा र अन्यको हकमा वरिष्ठता, व्यावसायिक निरन्तरता, इमानदारी, पेसागत आचरण र न्याय र कानुनको क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन गरी नियुक्ति गरिने छ ।

(४) मुख्य न्यायाधीशको पद रिक्त भएमा वा अरु कुनै कारणले मुख्य न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएको वा बिदा बसेको वा प्रदेश बाहिर गएको कारणले मुख्य न्यायाधीश उच्च अदालतमा उपस्थित हुन सक्ने अवस्था नरहेमा उच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायममुकायम मुख्य न्यायाधीश भई काम गर्ने छ ।

*स्रोत : नेपालको संविधान*

## जिल्ला अदालत

नेपालमा सबै जिल्लामा एक/एक जिल्ला अदालत रहने छन् । जिल्ला अदालतका न्यायाधीशको नियुक्त न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने छ ।

१४८. जिल्ला अदालत

(१) प्रत्येक जिल्लामा एक जिल्ला अदालत हुने छ ।

(२) प्रदेश कानुनबमोजिम स्थापित स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहतमा रहने छन् । जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको

निरीक्षण एवम् सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने छ ।

१४९. जिल्ला अदालतको न्यायाधीशको नियुक्ति, योग्यता तथा पारिश्रमिक र सेवाका अन्य सर्त

(१) जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशबाट हुने छ ।

(२) जिल्ला अदालतमा रिक्त न्यायाधीशको पद देहायबमोजिम पूर्ति गरिने छ :-

(क) रिक्त पदमध्ये बिस प्रतिशत पदमा कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतहरू मध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारमा

(ख) रिक्त पदमध्ये चालिस प्रतिशत पदमा कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतहरूमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाको आधारमा,

(ग) रिक्त पदमध्ये बाँकी चालीस प्रतिशत पदमा कानुनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेका, कानुनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित पदमा कम्तीमा आठ वर्ष काम गरेका वा कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तीमा आठ वर्ष काम गरेका नेपाली नागरिकमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाको आधारमा

(३) उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिमको योग्यता भएका व्यक्तिहरूमध्येबाट सङ्घीय कानुनबमोजिम न्याय सेवा आयोगले लिखित र मौखिक प्रतियोगितात्मक परीक्षा लिई योग्यताक्रमबमोजिम जिल्ला न्यायाधीशमा नियुक्तिका लागि न्याय परिषद्लाई सिफारिस गर्ने छ ।

(४) जिल्ला अदालतको न्यायाधीशको पारिश्रमिक र सेवाका अन्य शर्त सङ्घीय कानुन बमोजिम हुनेछ ।

(५) जिल्ला अदालतको न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक र सेवाका अन्य शर्त परिवर्तन गरिने छैन । तर चरम आर्थिक विश्रृङ्खलताका कारण सङ्कटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागु हुने छैन ।

(६) देहायको कुनै अवस्थामा जिल्ला अदालतको न्यायाधीशको पद रिक्त हुने छ :

(क) निजले प्रधान न्यायाधीश समक्ष लिखित राजीनामा दिएमा

(ख) निजको उमेर त्रिसट्ठी वर्ष पूरा भएमा

(ग) निजको कार्यक्षमताको अभाव, खराब आचरण, इमानदारीपूर्वक आफ्नो कर्तव्यको पालन नगरेको, बदनियतपूर्वक कामकारबाही गरेको वा निजले पालन गर्नुपर्ने आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको आधारमा न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशले पदमुक्त गरेमा

(घ) निज शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशले

पदमुक्त गरेमा

(ङ) निजले नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा

(च) निजको मृत्यु भएमा

(७) उपधारा (६) को खण्ड (ग) बमोजिम पदमुक्त गर्नु अघि आरोप लागेको जिल्ला न्यायाधीशलाई आफ्नो सफाइ पेस गर्न मनासिब मौका दिनुपर्ने छ। त्यसरी कारबाही प्रारम्भ भएको जिल्ला न्यायाधीशले कारबाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न पाउने छैन।

(८) पदमुक्त भएको जिल्ला न्यायाधीशले पदमा रहँदा गरेको कसुरमा सङ्घीय कानुनबमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

### स्वतन्त्र र सक्षम न्यायपालिका : लोकतन्त्रको आधार

स्वतन्त्र र सक्षम न्यायपालिका लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो। स्वतन्त्र र सक्षम न्यायपालिकाले कुनै पनि प्रकारको हस्तक्षेपलाई अस्वीकार छ। न्यायिक स्वतन्त्रताको वास्तविक अर्थ न्यायिक कार्यमा सरकार र सरकारअन्तर्गतका निकाय, पदाधिकारीद्वारा कुनै हस्तक्षेप नहुनु हो। जनताको जिउधनलगायतका नागरिक हकहितका सम्पूर्ण कुराको संरक्षण स्वतन्त्र न्यायपालिकाबाट मात्र सम्भव हुन्छ। स्वतन्त्र र सक्षम न्यायपालिकाले राज्यका अन्य निकाय र पदाधिकारीले गरेका निर्णय, काम कारबाही संविधान र कानुनको सीमामा रहे नरहेको परीक्षण गर्छ। यसले गर्दा कानुनको व्याख्या निष्पक्ष हुन्छ। न्यायपालिकाले मौलिक हक तथा संविधानको संरक्षणका लागि अभिभावकीय भूमिका निर्वाह गर्न सक्छ। राजनीतिक स्वार्थका आधारमा गरिने निर्णयको निष्पक्ष जाँच र कानुनी राज्यको प्रत्याभूति स्वतन्त्र न्यायपालिकाबाट मात्र सम्भव छ। शक्ति पृथकीकरणको सिद्धान्तलाई व्यवहारमा उतार्नका लागि न्यायिक स्वतन्त्रता आवश्यक हुन्छ।

नेपालको संविधानको प्रस्तावनामा नै स्वतन्त्र र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणाप्रति प्रतिबद्धता प्रकट गरिएको छ। त्यस्तै, संवैधानिक उपचारको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरी मौलिक हक प्रचलन गराउने जिम्मेवार न्यायपालिकालाई दिइएको छ। सबै संवैधानिक सर्वोच्चताको संरक्षण गर्ने अभिभावकीय भूमिका न्यायपालिकालाई दिइएको छ। संविधानसँग बाझिएका कानुन अमान्य र बदर गर्ने अधिकार सर्वोच्च अदालतलाई रहेको छ। संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने छ।

यसरी संविधानका अतिरिक्त न्याय प्रशासनसँग सम्बन्धित ऐन कानुनले न्यायिक स्वतन्त्रता संवर्धनका लागि थप प्रबन्ध गरेको छ।

## न्यायपालिकाका कार्य

न्यायपालिकाको प्राथमिक, परम्परागत प्रमुख कार्य न्याय सम्पादन गर्नु हो । मौलिक हकको संरक्षकको रूपमा होस् वा संविधानको अभिभावकको भूमिका निर्वाह गर्दा होस् न्यायपालिकाले न्याय सम्पादन नै गरिरहेको हुन्छ । यसका बाबजुद न्यायपालिकाका कार्यलाई देहायका शीर्षकमा चर्चा गर्न सकिन्छ :

(क) न्यायिक निरुपण गर्नु

न्यायपालिकाको प्रमुख कार्य आफूसमक्ष आएका विवादको कानुनबमोजिम तथ्यको आधारमा निर्णय गर्नु हो । अदालतका विभिन्न तहहरूले सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, रिट जारी गर्ने गर्छन् । न्यायपालिकाले आफू समक्ष आएका देवानी मुद्दा र फौजदारी मुद्दाको फैसला

गर्छन् । अन्यायमा परेका व्यक्तिले न्याय पाउन सक्छन् । अपराध नियन्त्रणमा सहयोग पुग्छ । सामान्यतया: सुरुका तहका न्यायपालिकाले सुरु मुद्दा हेर्ने अधिकार पाएका हुन्छन् । त्यसभन्दा माथिका अदालतलाई पुनरावेदन सुन्ने अधिकार प्रदान गरिएको हुन्छ ।

(ख) कानुनको व्याख्या वा नजिरप्रतिपादन गर्ने कार्य

कानुन संसद्ले र प्रत्यायोजित विधायनअन्तर्गत कार्यपालिकाले बनाउँछन् । अदालत आफैँले कानुन बनाउँदैन । तर मुद्दाको फैसलाको क्रममा कानुनको व्याख्या गरी सर्वोच्च/सक्षम न्यायपालिकाले केही सिद्धान्तप्रतिवादन गर्छ । यस सिद्धान्तलाई नजिर भनिन्छ । त्यो नजिर त्यसपछिका मुद्दाहरूमा कानुन सरह लागु हुन्छ । कानुनको रिक्ततामा, द्विविधामा, अस्पष्टतामा कानुनको व्याख्या गर्नुहोस् । सक्षम न्यायपालिकाले प्रतिपादन गरेको कानुन मात्र नजिर हुन्छ । संविधान र कानुनले अधिकार दिएको सर्वोच्च अदालतबाट जारी भएका नजिरहरू मुलुककै लागि बाध्यकारी हुन्छ । कानुनको व्याख्याद्वारा नजिरको प्रतिपादन हुने भएकाले कानुनलाई गतिशील बनाउँछ । निर्णय प्रक्रियामा एकरूपता कायम गर्छ, भएका त्रुटि सच्याउँछ । देशमा न्यायिक सक्षमता र कानुनी राज्य मापन गर्ने आधार तय गर्छ । नजिरलाई न्यायाधीश निर्मित कानुन (Judge Made law) पनि भनिन्छ । यसप्रकार सर्वोच्च अदालतले प्रतिपादन गरेको कानुनी व्याख्या/सिद्धान्त कानुन सरह मानिने भएकाले न्यायपालिकाले कानुन पनि बनाउँछ भनिन्छ ।

(ग) मौलिक हकको संरक्षकको रूपमा न्यायपालिका

मौलिक हक संविधानको घोषणा हो जसले राज्यका अङ्गलाई नागरिकप्रति उत्तरदायी बनाउँछ । मौलिक हकको प्रत्याभूतिबाट शासन व्यवस्थामा प्रजातान्त्रिक मूल्य/मान्यता समेटिन्छ । तर कतिपय अवस्थामा सरकार क्रियाकलापबाट मौलिक हक उपर प्रतिकूल असर पर्न सक्छ । त्यसैले सरकारलाई नागरिक अधिकार अतिक्रमण रोक्न, नागरिक अधिकारको संरक्षण गर्ने कार्य न्यायपालिकाले गर्छ । संविधानले प्रत्याभूत गरेका मौलिका हक अधिकार विपरीत हुने कार्य रोक्न, न्यायपालिकालाई संविधानले संरक्षकको हैसियत प्रदान गरेको हुन्छ । नेपालको संविधानले मौलिक हकको प्रचलनका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ । यस प्रयोजनका लागि पूर्ण न्यायिक उपचार प्रदान गर्ने सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध अधिकार पृच्छालगायतका उपयुक्त आदेश जारी गर्न सक्छ । यसप्रकार, न्यायपालिका मौलिक हकको संरक्षक हो ।

(घ) संविधानको अभिभावकीय कार्य

संवैधानिक सर्वोच्चता लिखित संविधानको मूल चरित्र हो । कार्यपालिका व्यवस्थापिकाबाट कतिपय अवस्थामा संविधान मर्म, भावना विपरीत कार्य हुन सक्छन् । यस्ता कार्य न्यायपालिका खास गरी सर्वोच्च अदालतको आदेशबाट बदर भएका छन् । सर्वोच्च अदालतको आदेशबमोजिम कानुन तर्जुमा भएका छन् । संविधानसँग बाँझिएका कानुन बदर गर्ने, मौलिक हक अधिकारको प्रचलनमा आदेशले संवैधानिक मूल्य मान्यता अभिवृद्धि गर्ने महत्त्वपूर्ण कार्य न्यायपालिका (सर्वोच्च अदालत)बाट भएको छ । राज्यका निर्देशक सिद्धान्तअनुरूपको सामाजिक, सांस्कृतिका, रूपान्तरणका लागि भएका न्यायपालिकाको आदेशले संविधानको मूल मर्मलाई जीवन्त तुल्याएको छ । न्यायपालिकाका आदेश, नजिर, यथार्थमा, संवैधानिक सर्वोच्चताका लागि, कानुनी राज्य स्थापनाका लागि भएका छन् । निष्कर्षमा, स्वतन्त्र र सक्षम न्यायपालिका संविधानको अभिभावकीय हैसियतमा रहेको छ ।

## अभ्यास

१. 'स्वतन्त्र र सक्षम न्यायपालिका' अवधारणा प्रस्ट पार्नुहोस् ।

२. नेपालको संविधानले सर्वोच्च अदालतलाई किन 'अभिलेख अदालत' मानेको छ ? पुष्टि गर्नुहोस् ।

३. यदि तपाईंको साथी जिल्ला अदालतको न्यायाधीश बन्न चाहनुहुन्छ भने उहाँले कस्तो मापदण्ड/योग्यता पूरा गर्नुपर्छ ? उहाँलाई सल्लाह/सुझाव दिनुहोस् ।

४. देवानी मुद्दा र फौजदारी मुद्दामा के कस्ता भिन्नता छन् ? उल्लेख गर्नुहोस् ।

५. नेपालको संविधानले स्वतन्त्र सक्षम न्यायपालिकाको अवधारणा अवलम्बन गरेको छ, कसरी ? संवैधानिक व्यवस्थाका आधारमा पुष्टि गर्नुहोस् ।

६. 'संवैधानिक सर्वोच्चताको विकासमा सर्वोच्च अदालतको योगदान' शीर्षकमा दुई साथी बिचको संवादमा प्रस्ट पार्नुहोस् ।

### लेखन सिप (संवाद लेखन)

- संवाद दुई व्यक्ति/पात्रबिचको कुराकानी, छलफल हो ।
- संवाद लेखनमा दुई पात्रहरूमध्ये एक पात्रले उल्लिखित विषयमा जिज्ञासा राख्ने, केही अनभिज्ञता राख्ने वा फरक विचार राख्दै जाने अनि अर्को पात्रले उक्त पात्रलाई विषयवस्तु प्रस्ट्याउने, आश्वस्त तुल्याउने र निचोडमा दुवै मात्र उल्लिखित विषयमा सहमत हुने छलफल/कुराकानी हो ।
- संवाद लेखन गर्दा प्रश्नले अपेक्षाको विषयमा उल्लिखित प्रक्रियालाई आधार मानेर लेखन कार्य गर्न सकिन्छ ।
- संवाद लेखनमा पात्रको अवस्थालाई पृष्ठभूमिको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

सर्वोच्च अदालत : संवैधानिक सर्वोच्चताको आधारशिला

(अष्टमाया र निङ्मा विद्यालयबाट घर फर्कँदै छन् । आज उनीहरूले 'सामाजिक अध्ययन' मा न्यायपालिकाका कार्य पढेछन् । अष्टमायालाई न्यायपालिकाका कार्य सम्बन्धमा अलिक स्पष्टता नभएको यिनीहरूको संवादबाट प्रस्ट हुन्थ्यो । तपाईं पनि उनीहरूको पढ्ने कि ?)

अष्टमाया : निङ्मा, आज हामीले न्यायपालिकाका कार्य पढ्यौँ । संविधानले राज्यका सबै अङ्गको अधिकार, कार्य संविधानमा प्रस्ट व्याख्या गर्नुहोस् । फेरि, न्यायपालिका खास गरी सर्वोच्च अदालतलाई किन संविधानको अभिभावक भनेर सरले भन्नुभएको ?

निङ्मा : हो, अष्टमाया हाम्रो जस्तो लिखित संविधान भएको देशमा संविधानले नै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकारको बाँडफाँट त गरेको हुन्छ । तर कहिलेकाहीँ व्यवस्थापिकाले बनाउने, कार्यपालिकाले कानुन कार्यान्वयन गर्ने क्रममा संविधानको भावना, मर्म विपरित भयो भने नागरिक अधिकार हनन हुन्छ, देशमा कानुनी शासन स्थापना गर्न चुनौती हुन्छ ।

अष्टमाया : ए, ए, त्यसो भए, यदि कुनै कानुन संविधानको भावना विपरीत भए नभएको हेर्ने काम न्यायपालिकाको हो भन्न खोजेकी हौ, तिमीले ?

निङ्मा : हो, संविधानको मर्म, भावना एवम् प्रावधान विपरीत नभएका सरकारका काम कारबाही, कानुन, आदेश परीक्षण मात्र गर्ने होइन न्यायपालिकाले तिनको बदर गर्न आदेश दिन्छ, संविधानअनुसार कानुन बनाउन आदेश दिन्छ ।

अष्टमाया : निङ्मा, तिमीले भनेझैँ न्यायपालिकाले आदेश दिँदैमा संवैधानिक सर्वोच्चता कायम हुने अथवा न्यायपालिका संविधानको अभिभावक मानिन्छ त ?

निङ्मा : न्यायपालिकाले दिएको आदेश पालना गर्न सरकारका सबै निकाय बाध्यकारी हुन्छन्, यदि न्यायपालिकाले कुनै कानुन बनाएर मात्र कार्यकारी अधिकार प्रयोग गर्ने आदेश भएको छ भने सम्बन्धित निकाय कानुन बनाउन बाध्य हुन्छ । यसरी, संविधानको भावना/मर्म जीवन्त राख्ने काम न्यायपालिकाबाट भएन त, अष्टमाया !

अष्टमाया : (चित्त बुझेको कुरा मुन्टो हल्लाउँदै ) हो, न्यायपालिकाले संवैधानिक सर्वोच्चता कायम गर्न विशेष योगदान गर्दो रहेछ । निङ्मा, मौलिक हकको संरक्षणमा न्यायपालिकाको भूमिका सम्बन्धमा केही भनिनौँ त !

निङ्मा : न्यायपालिका मौलिक हकको त संरक्षक नै हो । यदि तपाइँको हाम्रो मौलिक हक हनन भयो भने हामी सर्वोच्च अदालत जानुपर्छ । अदालतले विशेष आदेश वा रिट जारी गरी हाम्रो अधिकार प्रचलन उपयोग गर्न सहयोग पुऱ्याउँछ ।

अष्टमाया : संविधानले राज्यका अङ्गबिच राज्य शक्तिको बाँडफाँट गरे तापनि वास्तविक रूपमा प्रभावकारी कार्यान्वयन भए नभएको जाँच परीक्षण गर्ने, संविधानको भावना जीवित राख्ने कार्य त न्यायपालिकाबाट नै हुँदो रहेछ है !

निङ्मा : हो, तिमीले राम्रो बुझ्यौ । तिमीले सुनेकी हुनुपर्छ, सरकारले गरेका कतिपय निर्णय संविधान विपरीत हुँदा खारेज गरिदिएको छ । उदाहरणका लागि, सरकारले एकपटक कानुन नबनाई सांसदलाई विकास खर्चका नाममा रकम उपलब्ध गराईयो । अदालतले नागरिकले तिरेको कर जथाभावी खर्च गर्न नपाइने आदेश गऱ्यो । आदेशपछि सरकारले 'सांसद विकास कोष'सम्बन्धी कानुन बनायो । यसबाट No Taxation with Representatives को संवैधानिक मान्यता स्थापित भयो । सर्वोच्च अदालतका यस्ता कयौँ उदाहरण छन् जसले संवैधानिक सर्वोच्चता कायम गर्न योगदान पुऱ्याएको छ ।

अष्टमाया : धन्यवाद, निङ्मा । न्यायपालिका वास्तवमै संविधानको अभिभावक रहेछ ।

(उनीहरू आआफ्नो घरतर्फ लाग्छन् ।)

पाठ ५

# शक्ति सन्तुलन र नियन्त्रण : नेपाल सन्दर्भ

## परिचय

कानुन निर्माण गर्ने, कार्यान्वयन गर्ने र व्याख्या गर्ने कार्य सरकारका अङ्ग (व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका) बिच राज्यशक्ति बाँडफाँट गर्नुपर्ने मान्यता नै शक्ति पृथकीकरण हो । पूर्ण शक्ति पृथकीकरणले सरकारको कुनै अङ्ग निरङ्कुश नहोस्, बहुमतबाट अल्पमतको सम्मान होस् । सरकारका अङ्गबिच सहयोग र समन्वय कायम होस् भन्ने उद्देश्यले सरकारका अङ्ग सन्तुलित रूपमा अगाडि बढुन् भन्ने धारणा शक्ति सन्तुलन र नियन्त्रण हो ।

शक्ति सन्तुलन र नियन्त्रण शक्ति पृथकीकरणको विरुद्धमा होइन । सरकारका तीन अङ्गबिच समन्वय, सहकार्य, सहयोग अन्तरसम्बन्ध स्थापित गर्ने उद्देश्यले शक्ति पृथकीकरणको सहयोगी सिद्धान्तका रूपमा स्थापित मान्यता हो । शक्ति सन्तुलन र नियन्त्रणको मूलमर्म व्यवस्थापिका जनमतको नाममा, कार्यपालिका शक्तिको आडमा र न्यायपालिका कानुनको व्याख्या गर्ने नाममा निरङ्कुश र स्वेच्छाकारी बन्नु हुँदैन भन्ने हो । सरकारका सबै अङ्ग, निकायहरू संविधानको सीमाभित्र रहनुपर्छ भन्ने मान्यता हो - शक्ति सन्तुलन र नियन्त्रणको ।

शक्तिको विभाजन र नियन्त्रण शासन प्रणालीको अवस्थामा फरक फरक हुन्छ । राष्ट्रपतीय शासन प्रणालीमा शक्ति पृथकीकरणको अवस्था बढी रहन्छ भने संसदीय शासन प्रणालीमा शक्ति नियन्त्रण र सन्तुलन बढी मात्रा रहेको हुन्छ । नेपाल संसदीय शासन प्रणाली अवलम्बन गरेको मुलुक हो । नेपालको संविधानले सरकारका प्रमुख अङ्ग आआफ्नो अधिकार क्षेत्रभित्र पर्ने कार्य सम्पादन गर्न न्यूनतम स्वतन्त्र छन् अर्थात् शक्ति पृथकीकरणको दृष्टिकोणले अधिकारको विभाजन गरिएको छ । नेपालको संविधानको भाग - ७ मा

## कार्यपालिका

कार्यकारी अधिकार (धारा - ७५) मन्त्रिपरिषदमा, भाग - ८ व्यवस्थापवकीय अधिकार (धारा - १०९) सङ्घीय संसद्मा र भाग - ११ मा न्यायिक अधिकार (धारा - १२६) मा रहेको छ । उल्लिखित व्यवस्थालाई सामान्य अर्थमा शक्ति पृथकीकरणको रूपमा बुझ्न सकिन्छ । नेपाल संसदीय शासन प्रणाली अवलम्बन गरेको मुलुकले शक्ति पृथकीकरण भन्दा शक्ति सन्तुलन र नियन्त्रणसम्बन्धी व्यवस्था पर्याप्त पाउन सकिन्छ ।

(क) सङ्घीय व्यवस्था र सङ्घीय कार्यपालकाबिचको अन्तरसम्बन्ध (नियन्त्रण र सन्तुलन) :

नेपालको संविधानको धारा ७६बमोजिमप्रतिनिधि सभामा बहुमत प्राप्त सदस्य प्रधानमन्त्री हुने, संसद्का सदस्यहरूमध्येबाट मन्त्रीहरू नियुक्त हुने व्यवस्था छ । संविधानको धारा १००बमोजिम संसद्ले सरकार विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न सक्छ । सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट संसद्बाट अनुमोदन हुनुपर्ने संवैधानिक प्रावधान छ । राष्ट्रपतिबाट संसद्को अधिवेशन आह्वान र अन्त्य हुने व्यवस्था (धारा ९३) मा छ । संसद् अधिवेशन नचलेको अवस्थामा सरकारले अध्यादेश जारी गर्न सक्ने, संसद्लाई जनशक्ति, स्रोत साधनको व्यवस्थापन कार्यपालिकाबाट हुन्छ । यस्तै संवैधानिक माध्यमबाट कार्यपालिका र व्यवस्थापिकाबिच शक्ति सन्तुलन र नियन्त्रण (अन्तरसम्बन्ध) रहेको छ ।

(ख) सङ्घीय कार्यपालिका र न्यायपालिकाबिच अन्तरसम्बन्ध (नियन्त्रण र सन्तुलन)

कार्यपालिकाद्वारा गरिएको निर्णय, नियम, आदेश तथा नियमावलीको संवैधानिक परीक्षण गर्ने अधिकार संविधानको धारा १३३ ले न्यायपालिकालाई दिएको छ । सर्वोच्च अदालतले दिएको निर्देशन पालना गर्नुपर्ने संवैधानिक व्यवस्था छ । प्रधान न्यायाधीशको संवैधानिक परिषद्मा हुने न्याय परिषद र न्याय सेवा आयोगमा कार्यपालिकाका २ जना प्रतिनिधि सदस्य रहने व्यवस्था छ । न्यायपालिकालाई आवश्यक स्रोत साधन कार्यपालिकाले व्यवस्थापन गर्ने, न्यायपालिकाले निर्धारण गरेको सजाय कार्यपालिकाबाट माफी मिनाहा हुन सक्ने जस्ता विषयहरू कार्यपालिका र न्यायपालिकाको सहकार्य र समन्वयमा आधारित छन् ।

(ग) सङ्घीय व्यवस्थापिका र न्यायपालिकाबिच अन्तरसम्बन्ध (नियन्त्रण र सन्तुलन)

न्यायपालिकाले संसद्ले बनाएका कानुनहरूको संवैधानिक परीक्षण गर्ने र संविधानसँग बाझिएका अमान्य घोषणा गर्न सक्ने संवैधानिक अधिकार न्यायपालिकालाई छ । प्रधान न्यायाधीश, न्यायाधीशहरूको नियुक्त संसदीय सुनुवाइ अनुमोदनपश्चात् हुने व्यवस्था छ । संसद्ले प्रधान न्यायाधीश र अन्य न्यायाधीशको विरुद्धमा महाअभियोग लगाउन सक्ने संवैधानिक व्यवस्था छ । न्यायपालिकाको वार्षिकप्रतिवेदन संसद्मा छलफल हुने व्यवस्था छ । न्यायपालिकालाई न्याय सम्पादन गर्न आवश्यक कानुन व्यवस्थापिकाले तयार गर्छ ।

नेपाल सङ्घीय शासन प्रणाली अवलम्बन गरेको मुलुक हो । संविधानले सङ्घीय एकाइ ( सङ्घ, प्रदेश र स्थानीय) लाई विधायिकी, कार्यकारी र न्यायिक अधिकार प्रदान गरेको छ । संविधानले सङ्घीय एकाइबिचको सम्बन्ध सहअस्तित्व, सहकारिता र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था छ । नेपालको वर्तमान संविधानले क्षितिजीय अन्तरसम्बन्ध ( सरकारका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) मात्र नभई ठाडो अन्तरसम्बन्ध (सङ्घ, प्रदेश र स्थानीय तह) समेत आत्मसात गरेको छ ।

## अभ्यास

१. शक्ति पृथकीकरणका आधारभूत मान्यता उल्लेख गर्नुहोस् ।

२. शक्ति नियन्त्रण र सन्तुलनको अवधारणा प्रष्ट पार्नुहोस् ।

३. नेपालमा शक्ति पृथकीकरणको मान्यता भन्दा शक्ति सन्तुलन र नियन्त्रण पर्याप्त व्यवस्था छ, कसरी ? प्रष्ट पार्नुहोस् ।

४. नेपालको वर्तमान संविधानले शक्ति नियन्त्रण र सन्तुलनका मौलिक प्रावधान व्यवस्था गरेको छ । उदाहरणसहित पुष्टि गर्नुहोस् ।

५. नेपालको वर्तमान संविधानअनुसार न्यायपालिका र व्यवस्थापिकाबिचको अन्तरसम्बन्ध प्रस्ट पार्नुहोस् ।

लेखनसिप (सिर्जनात्मक/सिपसम्बन्धी उत्तर लेखन)

- विषयवस्तुको पृष्ठभूमि तयार पार्ने

- विषयवस्तुको मूलभूत पक्षमाथि अवधारणगत व्याख्या गर्ने
- विषयलाई तर्कपूर्ण ढङ्गले प्रमाणित गर्ने, पुष्टि गर्ने

*उदाहरणका लागि*

नेपालको वर्तमान संविधानले शक्ति नियन्त्रण र सन्तुलनका प्रावधान कसरी अभ्यास गरेको छ, कसरी ? विश्लेषण गर्नुहोस् ।

➢ संसदीय शासन प्रणालीमा खास गरी लिखित संविधान भएका मुलुकमा संवैधानिक सर्वोच्चता हुन्छ । संवैधानिक सर्वोच्चताले नागरिकलाई सार्वभौम बनाउँछ, नागरिकका हक अधिकारलाई प्रत्याभूत गरेको हुन्छ । तसर्थ नागरिकको अधिकार अतिक्रमण नहोस्, संवैधानिक सर्वोच्चता कायम होस् भनेर संविधानलाई जननी कानुन, कानुनको पनि कानुन मानिन्छ ।

नेपाल जस्तो संवैधानिक सर्वोच्चता भएका मुलुकमा सरकारका अङ्ग स्वेच्छाकारी नहुन्, नागरिकको हक अधिकार हनन् नहोस् भनेर राज्यशक्तिको बाँडफाँट, सहकार्य, समन्वय र सहयोगका आधारमा निर्धारण गरिएको हुन्छ । अर्थात् संसदीय शासन प्रणालीमा शक्ति सन्तुलन र नियन्त्रणको पर्याप्तता हुन्छ । नेपालको संविधानले सरकारका अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिच शक्ति पृथकीकरणको मान्यताका साथै शक्ति सन्तुलन र नियन्त्रणको मान्यता अवलम्बन गरिएको छ । उदाहरणका लागि : कानुन निर्माणका कार्यपालिका र व्यवस्थापिका प्रत्यक्ष वा परोक्ष सहकार्य, समन्वय भएको पाइन्छ । त्यस्तै व्यवस्थापिका र न्यायपालिकाबिच संविधानको मूल मर्म/भावनालाई जीवन्त राख्न कानुन निर्माण कार्यमा पदाधिकारीको नैतिक मूल्य/मान्यताका सम्बन्धमा तथा दुवैको स्वतन्त्रताको सम्मानका विषयमा समन्वय, अन्तरसम्बन्ध रहेको संवैधानिक दृष्टान्त छन् । संविधानले पर्याप्त शक्ति सन्तुलन र नियन्त्रणका पर्याप्त प्रावधानको व्यवस्था गरे तापनि :

- प्रधानमन्त्रीले संसद् विघटन गर्न नसक्ने
- संसद्ले दुई वर्षसम्म प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव पेस गर्न नसक्ने, एकपटक प्रस्ताव अस्वीकृत भएमा पुन: एक वर्षसम्म सोही प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव पेस गर्न नपाइने

- संवैधानिक पदाधिकारीको नियुक्तिका लागि सवैधानिक परिषद्को सिफारिसपछि संसदीय सुनुवाइ हुनुपर्ने जस्ता प्रावधान शक्ति सन्तुलन र नियन्त्रणका मौलिक हुन् । यी प्रावधानलाई  शक्ति सन्तुलन र नियन्त्रणसँग मेल नखाने भनि आलोचना पनि गरिन्छ ।

त्यस्तै, सङ्घीय शासन प्रणाली अवलम्बन गरेपछि सङ्घीयताको मान्तया अनुरूप सङ्घीय एकाइ (सङ्घ, प्रदेश र स्थानीय) हरूबिच ठाडो (Vertical) कार्यकारिणी, विधायिकी/कानुनी, वित्तीय, प्रशासनिक अन्तरसम्बन्ध सहकार्य, सहअस्तित्व, समन्वय र सहयोगको आधारमा रहेको छ ।

पाठ ६

# राजनीतिक दल : लोकतन्त्रका आधार

## परिचय

'राजनीतिक दल' समान विचारधारा, दर्शन र कार्यक्रममाप्रतिबद्ध व्यक्तिहरूको समूह हो । लोकतान्त्रिक प्रणालीमाप्रतिस्पर्धात्मक अभ्यासमार्फत नागरिकको हक अधिकार प्रत्याभूति गर्न निश्चित उद्देश्य, दर्शन, कार्यक्रम र दृष्टिकोणबाट एकीकृत भएका आफ्नो विधान, नियमबमोजिम सञ्चालन भएकाप्रतिबद्ध भएको सङ्गठन राजनीतिक दल हो । आधुनिक लाोकतन्त्रले दलीय प्रणालीलाई समाजको अभिन्न अङ्ग मानेको छ । केही अपवादबाहेक विश्वका सबै जसो मुलुकमा कुनै न कुनै किसिमको दलीय प्रणाली देखिन्छ । शानस सञ्चालनमा नागरिकको सहभागिता आधुनिक लोकतन्त्रको मूल मर्म हो । नागरिककोप्रतिनिधिको रूपम राज्य व्यवस्थामा सरिक हुन एकै किसिमका मूल्य/मान्यता र दर्शनबाट परिचालित प्रचलित कानुनको अधीनमा रही लोकतान्त्रिक संस्कारयुक्त उत्तरदायी समूह राजनीतिक दल हो ।

*नेपालको संविधान तथा प्रचलित कानुनले समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले कानुनको अधीनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न सक्ने छन् भनी उल्लेख गरिएको छ । राजनीतिक दलले जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न प्रचार प्रसार गर्न गराउन सक्ने कुरा उल्लेख भएको पाइन्छ । नेपालको प्रचलित कानुनी व्यवस्थालाई विश्लेषण गर्दा समान विचार, दर्शन र कार्यक्रममा प्रतिबद्ध नागरिकहरूले कानुनको अधिनमा रही राजनीतिक क्रियाकलाप गर्न कानुनबमोजिम दर्ता गराएको सङ्गठन 'राजनीतिक दल' हो ।*

राजनीतिक दल शासन व्यवस्था परिचालनका अवयव हुन् । राजनीतिक दलको कार्य, व्यवहार, पुऱ्याएको योगदान अनि राजनीतिक दलहरूले निभाएको उत्तरदायित्वको आधारमा लोकतान्त्रिक अभ्यासले पूर्णता पाउँछ । राजनीतिक दल वा सङ्गठनको अन्तिम उद्देश्य भनेको राज्य शक्ति प्राप्त गर्नु हो । जनताको समर्थन र सहभागितामा सत्तामा पुगी आफ्नो उद्देश्य, नीति र कार्यक्रम लागु गर्न राजनीतिक दल स्थापित भएका हुन्छन् । आधुनिक लोकतान्त्रिक प्रणालीमा मूल्य/मान्यतालाई स्थापित गर्न राजनीतिक दल जनतामा राजनीतिक जागरण ल्याउनप्रतिबद्ध हुन्छन् । यसका लागि राजनीतिक दल, राजनीतिक सञ्चार, हित, अभिव्यक्ति, नीति निर्माण कार्यान्वयन जस्ता कार्य गर्छन् । जनताका समस्याहरू सशक्त रूपमा सरकार समक्ष पुऱ्याउने,

समाजका विभिन्न समस्यालाई एकीकृत गरी समाधानका लागि प्रतिबद्ध हुन्छन् । जनताको हित र भलाइका निम्ति सरकारलाई दबाब दिने जस्ताा विविध लोककल्याणकरी कार्य आधुनिक समाजमा राजनीतिक दलहरूबाट हुने गर्छ ।

आधुनिक लोकतान्त्रिक राज्यप्रणालीमा राजनीतिक दलहरू नै जनताको अभिमत व्यक्त गर्ने निर्णायक माध्यम हुन् । राजनीतिक दलहरू जनताको समर्थन प्राप्त गरी स्थायित्व प्राप्त गर्न, उच्च नैतिकता र राजनीतिक संस्कृति प्रदर्शन गर्न प्रतिबद्ध हुन्छन् । राष्ट्रिय हितलाई प्रवर्धन गर्ने नीति, रणनीति र कार्यक्रम तय गरी जिम्मेवार राज्य शक्तिको रूपमा स्थापित हुनु राजनीतिक दलको परिचय हो ।

### राजनीतिक दल उद्भवको पृष्ठभूमि : सन्दर्भ नेपाल

जनताको हित र भलाइका निम्ति कार्य गर्न, सरकारलाई दबाब दिनेजस्ता कार्य गर्ने उद्देश्यले राजनीतिक दल स्थापित हुन्छन् । राजनीतिक दल विकासको अध्ययन गर्दा अठारौँ शताब्दीमा जनमत अभिव्यक्त गर्ने दबाब समूहको रूपमा दलहरूको विकासको प्रक्रिया अगाडि बढेको देखिन्छ । राजनीतिक अस्तित्वका हिसाबले राजनीतिक दलको उत्पत्ति र विकास अठारौँ शताब्दीमा बेलायतमा रूढिवादी दल (Conservative Parts) र उदारवादी दल (Liberal Parts) र श्रमिक दल (Labour Parts) को उदयबाट भएको मानिन्छ । नेपालको सन्दर्भमा राजनीतिक दलको इतिहास लामो छैन । राणा शासनको अन्त्यतिर प्रजातन्त्र स्थापना गर्ने उद्देश्यले वि.सं. १९९३ सालमा प्रजापरिषद्को स्थापनादेखि नै राजनीतिक सङ्गठन विभिन्न रूपमा क्रियाशील भएको पाइन्छ ।

स्वस्थ राजनीतिक अभ्यासप्रति प्रतिबद्ध र क्रियाशील राजनीतिक दलहरूका क्रियाकलापले लोकतन्त्रलाई प्रवर्धन गर्न सक्छन् । तसर्थ राजनीतिक दलहरू स्वयम्को अस्तित्त्वको संरक्षण, उनीहरूका क्रियाकलाप राष्ट्रिय सार्वभौमसत्ता र लोकतन्त्रको आधारभूत सिद्धान्तको सम्मान र संरक्षण गर्न कटिबद्ध रहुन्, राजनीतिक दलहरूबाट राष्ट्रिय हित र जनहित विपरीत कार्य नहुन् भन्ने उद्देश्यले राजनीतिक दलहरूलाई नियमित र व्यवस्थित गर्न कानुनी व्यवस्थाको आवश्यता पर्छ । नेपालको संविधान, राजनीतिक दल व्यवस्थापन गर्न बनेका प्रचलित कानुनले राजनीतिक दलको संवैधानिक जिम्मेवारी, अधिकार, कर्तव्यलाई कानुनी रूपमा किटानी गरेको छ ।

२६९ (४) उपधारा (२) बमोजिम दल दर्ताका लागि निवेदन दिँदा राजनीतिक दलले देहायका सर्त पूरा गर्नुपर्ने छ :

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ ।

(ख) राजनीतिक दलको विधानमा कम्तीमा पाँच वर्षमा एकपटक सो दलका सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुनेव्यवस्था हुनुपर्छ ।

तर विशेष परिस्थिति उत्पन्न भई पाँच वर्षभित्रमा पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसकेमा छ महिनाभित्र त्यस्तो निर्वाचन गर्न सकिने गरी राजनीतिक दलको विधानमा व्यवस्था गर्न बाधा पर्ने छैन ।

(ग) दलको सङ्घदेखि स्थानीय तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ ।

राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज

(१) धारा २६९ बमोजिम राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिने छ र स्वत: अमान्य हुने छ ।

(२) कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वत: अमान्य हुने छ ।

*स्रोत : नेपालको संविधान*

## राजनीतिक दल : नेपालको लोकतन्त्रको सुदृढीकरणका आधारशिला

राजनीतिक दलहरू आधुनिक राजनीतिक व्यवस्था अर्थात् लोकतन्त्रका प्रमुख अवयव हुन् । नेपालको राजनीतिक इतिहारमा राजनीतिक दलको महत्त्वपूर्ण भूमिका, योगदान रहेको छ । नेपाली नागरिकमा राजनीतिक जागरण ल्याउन, जनताका समस्या सशक्तरूपमा सरकार समक्ष पुऱ्याउन तथा जनमत अभिमत गर्ने माध्यमको रूपमा राजनीतिक दलहरू महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

नेपालका हरेक प्रजातान्त्रिक आन्दोलनमार्फत् नागरिकका अधिकार सुनिश्चित गर्न, प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणलीलाई संस्थागत गर्न राजनीतिक दलबिचको सहकार्य, समन्वय उदाहरणीय छ । वि.सं. २००७ मा राणा शासन अन्त्य गर्दै 'रैती'बाट 'नेपाली नागरिक' बनाउनमा नेपालका राजनीतिक दलहरूको विवशेष योगदान रहेको छ । वि.सं. २००७ देखि २०१७ को बिचको छोटो

अवधिमा प्रजातान्त्रिक अभ्यास हुन नपाउँदै प्रजातन्त्रको एक प्रकरणले अपहरण भयो । राजनीतिक दलहरू फेरि निर्दलीय पञ्चायती व्यवस्थाको विरुद्धमा तीस वर्षसम्म सङ्घर्षरत रहे । ३० वर्षको अवधिमा राजनीतिक नेता, कार्यकर्ता एवम् नगरिकले सहादत प्राप्त गरे । राजनीतिक दलहरूको सङ्घर्ष र समर्पणबाट पञ्चायती व्यवस्थाको अन्त्य भयो । बहुदलीय व्यवस्थाको पुन:स्थापना भयो । वि.सं. २०४६ को राजनीतिक परिवर्तनबाट नेपालमा नगरिकका राजनीतिक, सामाजिक, आर्थिक रूपान्तरणका आधार तयार भए । नेपाल अधिराज्यको संविधान २०४७ का केही विरोधाभासपूर्ण प्रावधान, राजनीतिक दलका केही कमजोरीका कारण राजा ज्ञानेन्द्रबाट प्रत्यक्ष शासनको अभ्यास भयो । राजनीतिक दलहरू पुन: नागरिकका अधिकारको रक्षाका लागि लोकतान्त्रिक मूल्य/मान्यताका लागि एकजुट भए । राजनीतिक दलको योगदानका कारण नेपाल वर्षौंदेखिको एकात्मक शासन प्रणालीबाट सङ्घीय शासनमा रूपान्तरण भयो । करिब २४० वर्षको राजतन्त्र अन्त्य गर्दै नेपाल गणतन्त्र राज्य भयो । संविधान सभाबाट जारी संविधानले नेपाली नागरिक सबै प्रकारका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक अधिकारको सुनिश्चितता गरेको छ । यी सबै उपलब्धिमा नेपालका राजनीतिक दलको नेतृत्व सम्भव भएको हो ।

आधुनिक लोकतान्त्रिक शासन पद्धतिको सञ्चालनमा स्वस्थ, प्रतिस्पर्धात्क र पारदर्शी किसिमले कार्य गर्नका लागि राजनीतिक दल अनिवार्य छ । सार्वभौमसत्ता सम्पन्न नागरिककोप्रतिनिधित्व गर्दै उनीहरूका इच्छा, आकाङ्क्षालाई यथार्थमा रूपान्तरण गर्न राजनीतिक दल समर्पित हुनुपर्छ । राजनीतिक दलका क्रियाकलाप बढी पारदर्शी, उत्तरदायी, उदाहरणीय, अनुकरणीय, जनमत र जनभावनाको कदर गर्ने सामाजिक संस्थाको रूपमा विकसित हुन अग्रसर हुनुपर्छ । नेपालको लोकतान्त्रिक प्रणालीलाई संस्थागत गर्न राजनीतिक दलहरूले स्वमूल्याङ्कन विधिबाट उच्च राजनीतिक संस्कार प्रदर्शन गर्नुपर्ने देखिन्छ । आर्थिक अनुशासन कायम राख्नुपर्ने, राजनीतिक दलका हरेक क्रियाकलाप, कामकारबाही जनताको नजरमा उदाहरणीय र पारदर्शी हुनुपर्ने हुन्छ ।

## अभ्यास

१. राजनीतिक दलको परिचय र विशेषता उल्लेख गर्नुहोस् ।

२. प्रजातान्त्रिक शासन प्रणालीमा राजनीतिक दलको भूमिका कस्तो हुनुपर्छ ? विश्लेषण गर्नुहोस् ।

३. नेपालको संविधानबमोजिम दल दर्तासम्बन्धी प्रावधान के कति प्रजातान्त्रिक र उपयुक्त छन्
? मूल्याङ्कन गर्नुहोस् ।

४. नेपालको प्रजातान्त्रिक आन्दोलनमा राजनीतिक दलको भूमिका समीक्षा गर्नुहोस् ।

५. तपाईँ एक राजनीतिक दलको प्रमुख भएमा देशको राजनीतिक, आर्थिक, सामाजिक समृद्धिका लागि के कस्ता योजनाहरू बनाउनु हुन्थ्यो ? आफ्ना योजना बुँदागतरूपमा प्रस्तुत गर्नुहोस् ।

६. राजनीतिक दलहरूले निर्वाचनको समयमा जारी गर्ने घोषणापत्रको आवश्यकता, सान्दर्भिकताका सम्बन्धमा आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

**लेखन सिप**

माथि उल्लिखित प्रश्न (प्रश्न- १ बाहेक) समालोचनात्मक, सिर्जनात्मक सिप लेखनमा आधारित छन् ।

- उल्लिखित प्रश्नहरूको अभ्यस गर्दा, प्रश्नको सान्दर्भिक पृष्ठभूमि तथा विषयवस्तुको मूल्याङ्कन, समीक्षा आदि पाठ दिइएको जानकारीका आधारमा प्रस्तुत गर्न सकिने छ ।
- उदाहरणको लागि -
  प्रश्न - ६ को उत्तर लेख्दा, अभ्यास गर्दा राजनीतिक दलको विचार, दर्शन, नीति, कार्यक्रम नागरिकबाट अनुमोदित हुनुपर्छ, नागरिकबाट स्वीकार्य हुनुपर्छ, राजनीतिक दल निर्वाचनमा सहभागी हुनुपर्छ भन्ने आशय समेटी पृष्ठभूमि तयार पार्ने, घोषणापत्र राजनीतिक दलको नीति कार्यक्रम आदिको प्रतिबद्धता भन्ने सन्दर्भ जोड्न सकिन्छ ।
- घोषणापत्र राजनीतिक दल र नागरिकलाई जोड्ने सेतु हो । घोषणापत्रले राजनीतिक दलका नीति कार्यक्रम के कति जनचाहनालाई सम्बोधन गर्ने छन्, व्यवस्थाप्रति राजनीतिक दलसित के समन्वय, सहकार्य वा राजनीतिक संस्कार बुझ्न मद्दत गर्ने भएकाले यिनको आवश्यकता, सान्दर्भिकता रहेको भन्ने आशय आउने गरी आफ्ना विचार प्रस्तुत गर्न सकिन्छ ।

पाठ ७

# निर्वाचन : लोकतन्त्रको मेरुदण्ड

तपाइँले आवधिक निर्वाचनको सन्दर्भमा निर्वाचन आयोगले प्रकाशन गरेको 'मतदाता शिक्षा' पुस्तिका पढ्नु भयो, अथवा निर्वाचन आयोगको Website www.election.gov.np मा निर्वाचनसम्बन्धी बारम्बार सोधिने प्रश्न (FAQ) मा निर्वाचनसम्बन्धी यस्ता जानकारी पाउनु भयो :

**निर्वाचन भनेको के हो ?**




निर्वाचन भनेको मतदाताले आफ्नो मताधिकार प्रयोग गरी प्रतिनिधि छान्ने वा निर्णय प्रक्रियामा सहभागी हुने वैधानिक प्रक्रिया हो । निर्वाचन दुई वा सोभन्दा बढी राजनीतिक दल वा उम्मेदवारबिचको प्रतिस्पर्धामा जनताको रोजाइको आधारमा प्रतिनिधि चयन गरिने प्रक्रिया हो । कुनै पनि देशको भावीनीति, योजना, कार्यक्रमसम्बन्धी निर्णयको लागि शासकीय प्रणालीको केन्द्रदेखि स्थानीय स्तरसम्म प्रतिनिधि चयन गर्ने सबैभन्दा महत्त्वपूर्ण लोकतान्त्रिक विधि नै निर्वाचन हो ।

**लोकतन्त्रमा निर्वाचन किन ?**

आवधिक निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनले राष्ट्रिय समस्याहरूको निरुपण गर्न सहयोग पुऱ्याउँछ । साथै लोकतन्त्रमा निर्वाचनको माध्यमबाट गठन भएको सरकार जनताप्रति जवाफदेही बनाउँछ । स्वतन्त्र र निष्पक्ष निर्वाचन माध्यमबाट राष्ट्रिय समस्याहरू शान्तिपूर्ण तरिकाले विवादको समाधान गर्न मद्दत गर्छ । नेपालको सन्दर्भम बालिग (१८ वर्ष उमेर पुगेका) मतदातालाई आफ्नो मत प्रकट गरी राजनीतिक निर्णयमा सहभागिता जनाउन निर्वाचन आावश्यक हुन्छ ।

समयमा निर्वाचन नहुँदा जनप्रतिनिधिमूलक संस्थाहरू जनप्रतिनिधिविहीन हुन्छन् । देशमा राजनीतिक नेतृत्वको सही ढङ्गले विकास हुन पाउँदैन । नीति निमार्णमा बाधा पुग्छ ।

स्वतन्त्र र निष्पक्ष निर्वाचन भनेको के हो ?

स्वतन्त्र र निष्पक्ष निर्वाचन लोकतन्त्रको मुटु हो । स्वतन्त्र, स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचनले मात्र जनइच्छाको सही प्रतिनिधित्व हुन्छ । स्वतन्त्र, निष्पक्ष र स्वच्छ निर्वाचन भन्नाले मतदाताले कुनै डर, त्रास, धम्की वा प्रलोभनमा नपरी निर्भीक भएर मतदान गर्न पाउने अवस्था हो । निर्वाचनका सरोकारवालाहरूले आफ्नो जिम्मेवारी निष्पक्ष रूपमा, पूर्वाग्रहरहित भएर निर्वाह गर्नु पनि स्वतन्त्र र स्वच्छ निर्वाचन हो । साथै निर्वाचनसम्बन्धी ऐन, नियम, कानुन, निर्देशन सबै दल तथा उम्मेदवारलाई समान तथा न्यायोचित हुनुपर्छ । सबै योग्य नागरिकलाई मतदाता नामावलीमा नाम दर्ता गर्ने अवसर दिइनुपर्छ । सबै राजनीतिक दल तथा उम्मेदवारले निर्भिक र सुरक्षित भई प्रचार प्रसार गर्न पाउनु स्वतन्त्र र निष्पक्ष निर्वाचनको आधार हो । त्यस्तै, सरकारी स्रोत साधनको दुरुपयोग नभएको, सबै मतदाताले स्वतन्त्र रूपमा मतदान केन्द्र जान र मतदान गर्न पाउन वातावरणले पनि स्वतन्त्र र स्वच्छ निर्वाचनको आधार तयार पार्छ ।

निर्वाचन चक्र/प्रक्रिया भन्नाले के बुझिन्छ ?

निर्वाचन चक्र/प्रक्रिया भन्नाले निर्वाचन प्रक्रियाका मुख्य मुख्य चरण र ती चरणमा गरिने क्रियाकलाप हो, जानकारी हो । निर्वाचन चुनौतीपूर्ण एवम् वृहत् व्यवस्थापकीय कार्य हो । निर्वाचन व्यवस्थापनका विधि र प्रक्रिया एक दिनमा सम्पन्न हुने कार्य होइन, यो निरन्तर चलिरहने प्रक्रिया हो । निर्वाचन चक्र/प्रक्रियामा विविध क्रियाकलाप चरणबद्धमा सम्पन्न गरिन्छन् ।

निर्वाचन प्रक्रिया/चक्रका तीन चरणभित्र गरिने क्रियाकलाप के के हुन् ?

(क) निर्वाचनको पूर्व चरण **(Pre-election Phase) :** यस चरणमा निर्वाचनका सुधारका कार्यहरू तथा रणनीतिक योजनाले निर्देश गरेका क्रियाकलापहरू प्रारम्भ गरिन्छ । निर्वाचन कानुन, सरोकारवाला सङ्घ/संस्थाको क्षमता अभिवृद्धि जस्ता क्रियाकलाप पर्छन् । नेपालको सन्दर्भम  मतदानको मिति भन्दा १२० दिन अगाडिको अविध नै निर्वाचन पूर्वको चरण हो ।

(ख) निर्वाचन अवधिको चरण **(During Election Phase) :** निर्वाचन अवधि भन्नाले निर्वाचन हुने मितिभन्दा १२० दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि बुझिन्छ । यस अवधिमा निर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन सामग्रीको

व्यवस्थापन, जनशक्तिको आङ्कलन, तालिम, मतपत्र छपाइ, ढुवानी, मतदान, मतगणना जस्ता क्रियाकलाप पर्छन् ।

(ग) **निर्वाचन पश्चातको चरण (Post Election Phase) :** यस चरणमा निर्वाचनको समग्र मूल्याङ्कन, निर्वाचनमा देखिएका कमीकमजोरी तथा कमीकमजोरी हटाउन रणनीतिक योजनाको निर्माण गरिन्छ ।

यसका अतिरिक्त मतदाता नामावली संकलन तथा प्रशोधन, तालिम, मतदाता/निर्वाचन शिक्षा कार्यक्रम निरन्तर रूपमा चलिरहने प्रक्रिया वा चक्र हुन् ।

निर्वाचन प्रक्रिया र त्यस अन्तर्गतका महत्त्वपूर्ण क्रियाकलाप :

- निर्वाचन प्रणालीको निर्धारण
- निर्वाचन कानुन, निर्देशिकाको परिमार्जन, सुधार
- निर्वाचन क्षेत्र निर्धारण
- मतदाता नामावली संकलन तथा अद्यावधिक
- मतदान केन्द्र निर्धारण
- निर्वाचन/मतदाता शिक्षा कार्यक्रम सञ्चालन
- निर्वाचन कार्यक्रम र मनोनयन/कार्यालय स्थापना
- निर्वाचन आचार संहिताको कार्यान्वयन
- निर्वाचन पर्यवेक्षण र अनुगमन
- मतदान, मतगणना, परिणाम घोषणा ।

**मतदाता नामावली के हो ? मतदाता नामावली किन चाहिन्छ ?**

योग्य मतादाताको पहिचान गरी फोटो, औँलाको छाप (Bio-metric data) र व्यक्तिगत विवरण दर्ता गरी तयार पारिएको मतदाताहरूको सूची मतदाता नामावली हो ।

स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि एक व्यक्ति एक मतको अवधारणाको पालना र सही मतदाताले मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्न तथा फोटोसहितको मतदाचा नामावलीले मतदाताको पहिचान सहज र भरपर्दो बनाउँछ । मतदाता नामावलीले योग्य मतदाताको पहिचान तयार पारी निर्वाचन प्रक्रियालाई वैधानिकता दिन्छ ।

मतदाता नामावलीमा नाम कहिले, कहाँ, कसरी दर्ता गरिन्छ ?

फोटोसहितको मतदाता नामावली दर्ता कार्य सार्वजनिक विदाका दिन बाहेक वर्षभरि गरिन्छ । मतदाता नामावलीमा नाम दर्ता सबै जिल्लाका निर्वाचन कार्यालयमा निरन्तर रूपमा दर्ता कार्य चलिरहन्छ । समय समयमा निर्वाचन आयोगले तोकेको अन्य स्थानहरूमा पनि सीमित अवधिका लागि दर्ता कार्य सञ्चालन गरिनछ ।

मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि नागरिकताको सक्कल प्रमाणपसहित स्वयं उपस्थित हुनुपर्छ । यदि नागरिकताको प्रमाणपत्रमा भएको ठेगाना र हाल बसोबास गरिरहेको फरक परेमा हाल बसिआएको ठेगानाबाट नाम दर्ता गराउन देहायका प्रमाणहरू आवश्यक पर्छ :

स्थानीय पञ्जिकाधिकारीले दिएको बसाइ सराइको प्रमाण पत्र वा घर जग्गाको प्रमाणपत्र वा विवाह गरी आएको भए विवाह दर्ताको प्रमाणपत्र वा बसोबास गरेको जनिने अन्य कागजातहरू ।

मतदाता परिचय पत्र भनेको के हो ?

फोटोसहितको अन्तिम मतदाता नामावलीमा नाम प्रकाशन भएका मतदाताहरूको पहिचानका लागि निर्वाचन आयोगले तयार पारेको परिचय पत्र मतदाता परिचय पत्र हो । मतदानका दिन मतदाताले आफ्नो प्रमाणको रूपमा उक्त परिचय पत्रि लिइ मतदान केन्द्रमा जानुपर्छ । मतदाताको परिचय/पहिचान दर्शाउने यो परिचय पत्रलाई सुरक्षित राख्नु मतदाताको कर्तव्य हो ।

## अभ्यास

(१) आवधिक निर्वाचन प्रजातन्त्रको मेरुदण्ड हो । पुष्टि गर्नुहोस् ।

(२) स्वच्छ, निष्पक्ष र स्वतन्त्र निर्वाचनका आधारहरू के के हुन् ? बुँदागत रूपमा प्रष्ट पार्नुहोस् ।

(३) निर्वाचन प्रक्रियाका प्रत्येक चरणमा नागरिकको सहभागिताको कसरी बढाउन सकिन्छ ? आफ्नो विचारहरू उल्लेख गर्नुहोस् ।

(४) 'फोटोसहितको मतदाता परिचयको औचित्य' शीर्षकमा संवाद तयार पार्नुहोस् ।

(५) मानौँ, तपाइँको छरछिमेकमा केही बालिग (१८ वर्ष पूरा भएको) हुनुहुन्छ वा केही बसाइसराइँ गरेर आउनु भएको छ । उहाँलाई बसोवास गरिएको स्थानबाट मतदाता नामावलीमा नाम  दर्ता गर्ने प्रकिया बुँदागतरूपमा उल्लेख गर्नुहोस् ।

## लेखनसिप

- उल्लिखित प्रश्नहरू छोटो वा कतिपय अवस्थामा लामो प्रश्नहरूको रूपमा आउन सक्ने सम्भावित प्रश्नहरू हुन् ।
- उल्लेखित प्रश्नको उत्तर लेख्दा सान्दर्भिकता (पृष्ठभूमि) उल्लेख गर्ने । उदाहरणका लागि - माथिका सबैजसो प्रश्नहरूमा निर्वाचनको अवधारणा उल्लेख गर्न सकिन्छ ।
- प्रजातन्त्रमा निर्वाचनको महत्त्व प्रष्ट पारेर प्रश्न - १ मा लेखन सकिन्छ ।
- निर्वाचनका चरणहरूमा नागरिकको सहभागिताका सम्बन्धमा उत्तर लेख्दा मतदाता नामावलीमा नाम दर्ता, मतदान गर्ने, निर्वाचन आचार संहिताको पालना, राजनीतिक दलको गतिविधिमा निगरानी, उम्मेदवारको विजयमा सहभागी जस्ता क्रियाकलापहरूमा नागरिकको सहभागिता सम्बन्धमा उल्लेख गर्न सकिन्छ ।
- सम्पादकीय वा संवाद लेखनमा अघिल्ला पाठको सन्दर्भ लिन सकिन्छ ।

पाठ ८

# मानव अधिकार

## अवधारणा

मानिस भएर जन्मेका कारणले विश्वको जुनसुकै मानिसलाई स्वतः प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ । यसअन्तर्गत त्यस्ता अधिकारहरू पर्दछन् जुन अधिकारहरू विश्वभरिका सबै मानिसहरूले भेदभाव विना निर्वाध प्रयोग गर्न पाउँछन् । यो अन्तर्राष्ट्रिय कानुन द्वारा सिर्जना भएको हुन्छ । तसर्थ मानवलाई न्यूनतम मानवीय मर्यादासहित हुर्किन, बाँच्न र जीवनयापन गर्नका लागि आवश्यक अधिकारको समष्टि रुपलाई नै मानव अधिकार भनिन्छ । यस्ता अधिकारको अभावमा मानवको रूपमा बाँच्न मुश्किल पर्छ । यो अधिकार धनी गरिब, काला गोरा, ठुला साना महिला पुरुष र बालक बृद्ध सबैलाई उतिकै आवश्यक हुन्छ ।

सर्व प्रथम सन् १९४८ को डिसेम्बर १० तारिखमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणा पत्र जारी भएको थियो । मानव अधिकारको उत्पत्ति पत्र जारी भएको थियो । मानव अधिकारको उत्पत्ति भने १२१५ को म्याग्नाकार्टाको आधारमा भएको मानिन्छ । यसैगरी सन् १६२८ को अवार्ड कोक को अधिकम पत्र र १६८८ को गौरवमय क्रान्तिले मानव अधिकार प्रवर्द्धन गर्न सघाउ पुर्‍यायो । १६९० मा जतेन लकले प्राकृतिक अधिकारको रूपमा जीवन स्वधीनता र सम्पत्तीको अधिकारलाई समावेश गरेका थिए । सन् १७७६ को अमेरिकी घोषणापत्रमा मानव अधिकारसम्बन्धी उल्लेख गरिएको पाईन्छ । यसरी हेर्दा मानव अधिकारलाई तीन पुस्तामा विभाजित गरेर हेर्न सकिन्छ :

१. पहिलो पुस्ता - नागरिक र राजनीतिक अधिकारमा जोड

२. दोस्रो पुस्ता - आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा जोड

३. तेस्रो पुस्ता - शान्तिपूर्वक बाँच्न पाउने अधिकारमा जोड

दोस्रो विश्वयुद्ध पछि अन्तर्राष्ट्रिय समुदायले अशान्ति हुने गतिविधि नगर्ने प्रतिवद्धता गरे । त्यसैले संयुक्त राष्ट्र सङ्घको साधारण सभाले डिसेम्बर १०, १९४८ मा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रलाई अनुमोदन गरेर जारी गर्‍यो । मानव अधिकारको अवधारणालाई अमेरिकी प्रथम महिला इलेनोर रुजवेल्टले अघि बढाएकी थिइन् । उनकै विशेष पहलकदममा यो घोषणापत्र तयार भएको थियो ।

## मानव अधिकार र मौलिक अधिकारमा भिन्नता

मौलिक हक भन्नाले नागरिकको व्यक्तित्त्व निर्माणको लागि आवश्यक पर्ने र संविधान मार्फत उपलब्ध अधिकारहरूलाई भनिन्छ । यस्ता अधिकारहरू संविधान द्वारा सुनिश्चित गरिएका हुन्छन् । यसको साथै यस्ता हक उल्लङ्घन भए संविधानअनुसार उपचार खोज्न पाईन्छ ।

| मानव अधिकार | मौलिक अधिकार |
|---|---|
| मानव अधिकार व्यापक अभिव्यक्तिमा आधारित हुन्छ । | मौलिक अधिकार सीमित अभिव्यक्तिमा आधारित हुन्छ । |
| मानव अधिकार अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सिर्जना हुन्छ । | मौलिक हकको सिर्जना देशको संविधानले गर्छ । |
| मानव अधिकार सबै व्यक्ति वा नागरिकलाई समान रूपमा प्राप्त हुन्छ । | मौलिक अधिकार देशका नागरिकलाई मात्र प्राप्त हुन्छ । |
| मानव अधिकार उल्लङ्घन भएमा कानुनी उपचार हुदैन । | मौलिक अधिकार उल्लङ्घन भएमा कानुनी उपचारको व्यवस्था हुन्छ । |
| यसको स्वरूप अन्तर्राष्ट्रिय प्रकृतिको हुन्छ । | यसको स्वरूप राष्ट्रिय प्रकृतिको हुन्छ । |

धारा १ - सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन्छन् ।

धारा २ - जाति, वर्ण, धर्म, लिङ्ग, भाषा, राजनीतिक आस्था, राष्ट्रियता, उत्पत्ति वा कुनै मर्यादाको आधारमा भेदभाव नगर्ने

धारा ३ - प्रत्येक व्यक्तिलाई जीवन स्वतन्त्रता र आत्म सुरक्षाको अधिकार हुने छ ।

धारा ४ - दासत्व वा वाधाबाट मुक्त

धारा ५ - यातना, क्रुर, अमानवीय, अपमानजनक व्यवहार वा समाजबाट स्वतन्त्रता

धारा ६ - कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता

धारा ७ - कानुनको अगाडि सबै व्यक्तिलाई समानता

धारा ८ - न्यायिक उपचार पाउने हक

धारा ९- देश निकाला, नजरबन्द वा गिरफ्तार विरुद्धको हक

धारा १० - स्वतन्त्र र निष्पक्ष न्यायालयबाट स्वच्छ सुनवाईको अधिकार

धारा ११ - दोषी प्रमाणित नभए सम्म निर्दोष अनुमान गर्नुपर्ने र प्रचलित कानुन अनुसार अपराध नठहरिने अवस्थामा सजाय नगरिने

धारा १२ - गोपनीयताको हक

धारा १३ - स्वतन्त्रतापूर्वक घुम्नपाउने र बसोबासको हक

धारा १४ - शरणलिन पाउने हक

धारा १५ - राष्ट्रियताको हक

धारा १६ - विवाह गर्ने र घरपरिवार बसाउने हक

धारा १७ - सम्पत्तिको हक

धारा १८ - धार्मिक अधिकार

धारा १९ - विचार र अभिव्यक्तिको स्वतन्त्रता

धारा २० - सङ्घसंस्था खोल्ने अधिकार

धारा २१ - सरकारमा सहभागी हुने अधिकार

धारा २२ - सामाजिक सुरक्षाको अधिकार

धारा २३ - प्रत्येक व्यक्तिलाई कामको रोजगारीको र ट्रेड युनियन गठन गर्ने अधिकार

धारा २४ - आराम र विश्रामको अधिकार

धारा २५ - प्रत्येक व्यक्तिलाई रोजगारीसम्बन्धी अधिकार

धारा २६ - शिक्षासम्बन्धी अधिकार

धारा २७ - सांस्कृतिक अधिकार

धारा २८ - प्रत्येक व्यक्तिलाई उल्लिखित अधिकार र स्वतन्त्रता प्राप्त गर्ने अधिकार

धारा २९ -    स्वतन्त्र र पूर्ण विकासका लागि समुदायको दायित्व

धारा ३० -    राज्य वा व्यक्तिगत तर्फबाट माथि उल्लेखित अधिकारको स्वतन्त्रता

### *क्रियाकलाप*

१ इलिनोर रुजवेल्टको जीवनी तयार पारेर पत्रिका, इन्टरनेटलाई स्रोतको रूपमा प्रयोग गर्नुहोस् ।

२. मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १ मा समावेश भएको कुरालाई विश्लेषण गर्नुहोस् ।

३. मानव अधिकारको सूची तयार पारेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. पत्रपत्रिकामा प्रकाशित मानव अधिकारसम्बन्धी समाचार सङ्कलन गरेर कक्षामा प्रस्तुत गर्नुहोस ।

## *अभ्यास*

१. मानव अधिकारको विश्वव्यापी घोषणापत्रको परिचय दिनुहोस् ।

२. मानव अधिकार र मौलिक अधिकारको भिन्नता छुट्याउनुहोस् ।

३. मौलिक हक राज्यले सुनिश्चित गरेका हक हुन्, कसरी ? तर्कद्वारा पुष्टि गर्नुहोस् ।

४. इलिनोर रुजवेल्टको योगदानको चर्चा गर्नुहोस् ।

पाठ ९

# मानव अधिकार संरक्षणमा सङ्घसंस्थाको भूमिका

नेपालमा मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका महत्त्वपूर्ण देखिएको छ । यस्ता सङ्घसंस्थाहरूले मानव अधिकारका प्रर्वधन तथा प्रचार प्रसारमा महत्त्वपूर्ण योगदान दिएका छन् । मानव अधिकार संरक्षणमा कार्यरत सङ्घ सस्थाको भूमिका यसप्रकार छ :

## १. राष्ट्रिय मानव अधिकार आयोग

यो संवैधानिक निकाय हो । यो आयोगको स्थापना वि. सं. २०५७ मा भएको हो । यसलाई अन्तरिम संविधान २०६३ मा संवैधानिक निकायको रूपमा स्थापित गरियो । राष्ट्रिय मानव अधिकार आयोगमा अध्यक्ष र चार जना सदस्य हुन्छन् । उनीहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट ६ वर्षका लागि हुन्छ । यसले मानव अधिकारको संरक्षण र संवर्द्धनमा कार्य गर्दै आएको छ । यो आयोगले समानता गौरव र न्यायको नारा अघि सारेको छ ।

## २. अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC)

यस आयोगको स्थापना वि. सं. २०४४ मा भएको थियो । यो संस्था मानव अधिकार र मौलिक हकको क्षेत्रमा कार्यरत छ । विशेष गरेर अनौपचारिक क्षेत्रमा संलग्न मानिसहरूको अधिकार संरक्षण यसको मुख्य उद्देश्य हो । यसले मौलिक हकको संरक्षणमा योगदान पुऱ्याएको छ । प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकारको अवस्थाबारे जानकारी गराउन यसले भूमिका खेलेको पाइन्छ ।

## एम्नेस्टी इन्टरनेसनल

यो मानव अधिकारको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्था हो । सन् १९६१ मा बेलायतको लण्डनमा स्थापना भएको यो संस्थाले मानव अधिकार उल्लङ्घनका घटनालाई रोक्न महत्त्वपूर्ण योगदान दिएको छ । यो संस्थाले मानव अधिकारबाट विमुख भएकालाई न्याय प्रदान गर्न सरकारलाई दबाब दिने गर्छ । यो संस्थाले यातना विरुद्ध पनि कार्यक्रम सञ्चालन गर्दै आएको छ । यातना विरुद्धको अभियानका लागि यो संस्थालाई सन् १९९७ को नोवेल शान्ति पुरस्कार प्रदान गरिएको थियो । मानव अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याए बापत सन् १९७८ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार पुरस्कार पनि प्रदान गरिएको थियो ।

## क्रियाकलाप

१. नेपालमा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था र तिनले गरेका कार्यहरू छलफल गर्नुहोस ।

२. मानव अधिकारसम्बन्धी कानुनी व्यवस्थाको सूची बनाउनुहोस् ।

## *अभ्यास*

१. राष्ट्रिय मानव अधिकार आयोगको संरचना र कार्यको सूची बनाउनुहोस् ।

२. मौलिक हक र मानव अधिकार संरक्षणमा आवद्ध संस्थाका गतिविधि मूल्याङ्कन गर्नुहोस् ।

३. नेपालको मानव अधिकार संरक्षणमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका उल्लेख गरी अझ प्रभावकारी बनाउने उपायहरू लेख्नुहोस् ।

४. मानव अधिकार संरक्षणका लागि भएका प्रयास लेख्नुहोस् ।

पाठ १०

# उपभोक्ता अधिकार

उपभोक्ता भन्नाले उपभोग्य वस्तु वा सेवा प्रयोग गर्ने सर्वसाधारण, व्यक्ति, समूह वा संस्थालाई जनाउँछ । उपभोग्य वस्तु वा सेवा भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुको मिश्रण गरेर बनेको स्वास्थ्यलाई हानि नोक्सानी वा नकारात्मक प्रभाव नगर्ने पदार्थ भन्ने बुझिन्छ । त्यसैले उत्पादक, प्रयोगकर्ता सबै उपभोक्ता हुन् । उपभोग्य वस्तुहरूको उत्पादनमा प्रयोग हुने रङ, स्वाद, रसायन, कच्चा पदार्थ पनि मिसाइएको हुन्छ । सेवा भन्नाले कुनै कामको निमित्त कुनै किसिमको शुल्क वाप्रतिफल लिई वा नलिई प्रदान गरिने श्रम सुविधा वा परामर्श भन्ने बुझिन्छ । सामान्यता उपभोक्ता अधिकार भनेको उपभोक्ताको संरक्षण र अधिकार हो । यो उनीहरूले उपभोग गर्ने सामान र सेवासँग सम्बन्धित छ । अर्को शब्दमा भन्दा उपभोक्ताको अधिकार भनेको गुणात्मक वा स्वास्थ्यवर्धक वस्तु वा सेवा प्रयोग गर्ने अधिकार हो जसले उपभोक्तालाई पर्न सक्ने अन्यायबाट जोगाउँछ ।

नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको अधिकारलाई मौलिक अधिकारको रूपमा स्विकारेको छ । नेपाल सरकार वाणिज्य मन्त्रालयले उपभोक्ताको अधिकारमा नौओटा अधिकारको चर्चा गरेको छ । त्यसैले उपभोक्ताले उपभोग गर्ने वस्तु तथा सेवाको अधिकारको रूपमा उपभोक्तासम्बन्धी ऐनले व्याख्या गर्नुहोस् । संयुक्त राज्य अमेरिकाले १५ मार्च १९६३ मा उपभोक्ता कानुनको सुरुवात गऱ्यो । त्यसैले प्रत्येक वर्ष १५ मार्चलाई अन्तर्राष्ट्रिय उपभोक्ता दिवसको रूपमा मनाउने गरिन्छ । संयुक्त राष्ट्रसङ्घले १६ अप्रिल १९८५ मा उपभोक्ता अधिकारसम्बन्धी निर्देशन जारी गऱ्यो । संयुक्त राष्ट्रसङ्घलाई आठओटा अधिकारलाई उपभोक्ता अधिकारको रूपमा परिभाषित गरेको छ । उपभोक्ताका लागि अन्तर्राष्ट्रिय संस्थाले निम्नलिखित कुराहरूलाई उपभोक्ता अधिकार भनी परिभाषित गरेको छ :

१. आधारभूत आवश्यकताको सन्तुष्टिको अधिकार

२. सुरक्षाको अधिकार

३. सुसूचित हुने अधिकार

४. छनोटको अधिकार

५. सुनिस्चितता पाउने अधिकार

६. क्षतिपूर्तिको अधिकार

७. उपभोक्ता शिक्षाको अधिकार

८. स्वास्थ वातावरणको अधिकार

**उपभोक्ता संरक्षण ऐन २०५४ साल वैशाख १ गते जारी गरियो । उक्त ऐनको मुख्य बुँदामा उपभोक्ता अधिकारका बारेमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :**

- धन, जन तथा स्वास्थलाई हानी गर्ने उपभोग्य वस्तु तथा सेवाहरूको बिक्री वितरणबाट संरक्षणको अधिकार
- अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनका लागि उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता आदि बारे सूचित हुने अधिकार
- प्रतिस्पर्धात्मक मूल्यमा वस्तु तथा सेवाको छनोटको अधिकार
- उपभोक्ताको हकहित संरक्षणका लागि उपयुक्त निकायबाट सुनुवाइ हुने कुरामा विश्वस्त हुने अधिकार
- अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा मर्का विरुद्ध क्षतिपूर्ति पाउने अधिकार
- उपभोक्ता शिक्षाको अधिकार

**यस्तै गरेर उपभोक्ता संरक्षण ऐनले उपभोग्य सामानहरूमा निम्न लिखित कुराहरू खुलाएर टाँस्नुपर्ने व्यवस्था गरेको छ :**

१. उत्पादकको नाम, ठेगाना तथा उद्योगको रजिस्ट्रेसन नम्बर

२. खाद्य तथा औषधी जन्य उपभोग्य वस्तु उत्पादनमा प्रयोग भएका सामग्री, परिमाण र तौल

३. गुणस्तर निर्धारण भएका वस्तुमा गुणस्तर

४. उपभोग्य वस्तुहरूको उपभोग गर्ने तरिका र उपभोगको सम्भावित असर

५. उपभोग्य वस्तुको मूल्य, ब्याच नं., उत्पादन मिति र म्याद सकिने मिति

६. विद्युतीय सामानहरू तथा मेसिनहरू भए ग्यारेन्टी र वारेन्टी मितिसहित अन्य कुराको जानकारी,

७. स्वास्थ्यलाई हानि पुऱ्याउने पदार्थ भए चेतावनी

८. प्रज्वलनशील खतरनाक तथा सजिलै टुटफुट हुने वस्तुको पूर्व सुरक्षा तथा अन्य सुरक्षासम्बन्धी सूचना

उपभोक्तालाई उपभोग्य वस्तुको वा चाहेको वस्तुको गुणस्तर हिन भएको वा आफू ठगिएको लागेमा उजुरी गर्ने अधिकार छ । अहिले अनलाइन सपिङ्गले गर्दा यस्तो ठगीका घटना यदाकदा सुन्न पाइन्छ । त्यसैले हामी गुणस्तरप्रति सचेत हुन जरुरी छ । त्यसैले उपभोक्तालाई उनीहरूले प्राप्त गरेको सेवा सुविधाबारे सूचित गर्न दिइने शिक्षालाई उपभोक्ता शिक्षा भनिन्छ। यसले के कस्तो वस्तु वा सेवा उपभोग गर्दा के हुन्छ भन्ने जानकारी प्रदान गर्छ। गुणस्तरहीन वा म्याद सकिएका सामान प्रयोग गर्दा हुन सक्ने प्रभावको बारेमा सूचित गर्न पनि उपभोक्ता शिक्षा आवश्यक छ । आफ्नै अधिकार बारे थाहा पाउन पनि उपभोक्ता शिक्षा आवश्यक पर्छ। उपभोक्ताहरूले अनुचित व्यापारिक क्रियाकलाप विरुद्ध उजुरी गर्न सक्छन् । उनीहरूले खरिद गरेका सामान कमसल पऱ्यो भने वा सेवामा त्रुटि आएमा निर्धारित मूल्यभन्दा बढी मूल्यमा बिक्री वितरण गरेको पाइएमा, धनजनको जोखिम पर्ने खालको सामग्री बेचिएमा जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा उजुरी गर्न सकिन्छ । उपभोक्ता संरक्षण मञ्चले शिक्षा मन्त्रालयसँग समन्वय गरी विद्यालयदेखि नै उपभोक्ता अधिकारसम्बन्धी पाठ्यक्रमा समावेश गरेको छ। उपभोक्ता शिक्षाको महत्त्वलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

१. यसले उपभोक्तालाई आफ्नै अधिकार र कर्तव्यबारे सचेत गराउँछ।

२. सेवा सुविधाको छनोटको अवसर प्रदान गर्छ। मानिसले सुपथ मूल्यमा गुणस्तरीय र विभिन्न थरिका वस्तुहरू छनोट गर्न सक्छन्।

३. वस्तु तथा सेवा खरिदको विषयमा बजारको बारेमा उपभोक्तालाई शिक्षा दिन्छ।

४. उपभोग्य वस्तुको गुणस्तरबारे उपभोक्तालाई थाहा हुन्छ।

५. यसले गुणस्तरहिन वस्तु तथा सेवाबारे उजुरी गर्ने तथा यस्ता वस्तुको उपयोगबाट हानी भएको भए क्षतिपूर्ति पाउने कुराको जानकारी दिन्छ।

६. सरकारले बनाएका उपभोक्तासम्बन्धी ऐन नियमबारे जानकारी प्राप्त हुन्छ ।

७. यसबाट उपभोक्तालाई अधिकतम सन्तुष्टि प्राप्त गर्न सघाउ पुग्छ ।

८. कालो बजारी नियन्त्रणमा सहयोग पुग्छ ।

९. व्यवसायीले पृष्ट पोषण पाउँछन् ।

१०. उपभोक्ता र उत्पादकबिच अन्तरक्रियामै गुणस्तरीयता कायम गर्न सघाउँ पुग्छ ।

*क्रियाकलाप*

१. उपभोक्ताको अधिकार हनन भएमा के कानुनी उपचारको व्यवस्था छ ?

२. राजनीति, महिला अधिकारकर्मी र उपभोक्ता हितसँग सम्बन्धित व्यक्तिहरूसँग उपभोक्ता अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्नुहोस् ।

३. उपभोक्तालाई सचेत गराउने कविता वा गीत रचना गर्नुहोस् ।

## अभ्यास

१. उपभोक्ता को हुन् ?

२. उपभोक्ता अधिकार भनेको के हो ?

३. सेवा भन्नाले के बुझिन्छ ?

४. उपभोक्ता अधिकारको सूची बनाउनुहोस् ।

५. उपभोक्ता अधिकार संरक्षणका लागि भएका प्रयास प्रर्याप्त छन् ? छलफल गर्नुहोस् ।

६. उपभोक्ता अधिकार संरक्षण गर्न कार्यरत संस्थाको गतिविधि उल्लेख गरी समाचारको नमुना बनाउनुहोस् ।

७. विद्यालय शिक्षामा उपभोक्ता अधिकारको उपयोगिता लेख्नुहोस् ।

८. कालोबजारीले कसरी उपभोक्ता अधिकार हनन गर्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

९. यदि तपाईँको अभिभावक बजारमा वस्तु खरिद गर्न जाँदै हुनुहुन्छ भने कस्तो सुझाव दिनुहुन्छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

१०. नेपालमा उपभोक्ता अधिकार संरक्षण गर्न भएका प्रयासहरू समावेश गरेर सम्पादकीय लेख्नुहोस् ।

११. उपभोक्ता शिक्षाको महत्त्व लेख्नुहोस् ।

## सामुदायिक कार्य

उपभोक्ता अधिकारकर्मीसँग उपभोक्ता हक, प्रयास र गर्नुपर्ने कार्य सम्बन्धमा सोधखोज गरी एक प्रतिवेदन तयार पार्नुहोस् ।

*एकाइ ६*

# हाम्रो पृथ्वी

१. परिचय

पृथ्वीको विभिन्न क्षेत्रमा पाइने हावापानी, त्यसले जनजीवन र वनस्पतिमा पार्ने प्रभाव एवम् नेपालको हावापानी र वनस्पति सम्बन्धमा अध्ययन गरिने छ । मानव तथा आर्थिक भूगोलअन्तर्गत विश्वका महादेशहरू उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिकाको बारेमा अध्ययन गर्ने छौँ । त्यसै गरी नक्सा कार्यअन्तर्गत नेपालको नक्सा कोरेर त्यसमा विभिन्न प्रकारका सङ्केतहरू भर्ने र महादेशहरूका नक्सामा विभिन्न तथ्यहरू भर्ने अभ्यास गर्ने छौँ ।

२. सिकाइ उपलब्धि

यस एकाइको अन्त्यमा तपाईँ निम्नलिखित कार्य गर्न सक्षम हुनुहुने छ :

१. हावापानीमा प्रभाव पार्ने तत्त्व, विश्वमा हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा पार्ने प्रभाव बताउन

२. उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न

३. भूकम्पको परिचय दिन र यसबाट जोगिने उपायको अभ्यास गर्न

४. नक्सा उतार्ने विभिन्न विधि/तरिकाको अभ्यास गर्न र नक्सासम्बन्धी आधुनिक व्यवहारिक प्रविधिको उपयोग गर्न

पाठ १

# हावापानी र मौसम

## परिचय

**विश्वका सबै भागमा समान हावापानी पाइँदैन । हावापानीअनुसार वनस्पति पनि फरक फरक पाइन्छ । हावापानीका प्रमुख तत्त्व तापक्रम र वर्षा हुन् । तापक्रम र वर्षाका आधारमा विश्वको हावापानी कस्तो छ भनेर वर्णन गरिन्छ । हावापानी चिसो वा तातो वा सामान्य छ भनेर भनिन्छ भने वर्षा हुन्छ कि सुक्खा भनेर पनि हेरिन्छ ।**

**विश्वका हावापानीका प्रमुख प्रदेश पृथ्वीका हावापानीका क्षेत्रलाई तीनओटा प्रमुख प्रदेशमा विभाजन गरिएको छ । उक्त प्रदेशअन्तर्गत हावापानीका बाह्रओटा क्षेत्र विश्वभर छरिएर रहेका छन् । सामान्यतया एउटै अक्षांश रेखाको आसपासमा एकै प्रकारको हावापानी पाइन्छ । वायुको स्वभाव, पर्वतको उपस्थिति, सामुद्रिक धार, वायु बहने दिशा आदिका कारणले एउटै अक्षांश रेखाभित्र परेर पनि फरक फरक ठाउँमा फरक फरक हावापानी पाइन्छ । हामी नेपालमा बस्छौँ र हामी बसेको ठाउँमा सधैँ एकैनासको हावापानी पाइँदैन । नेपालमा मात्र होइन विश्वभरि नै स्थान र समयअनुसार फरक फरक प्रकारका हावापानी पाइन्छ । अर्थात् संसारका सबै भागमा एकै प्रकारको हावापानी पाइँदैन । कहीँ धेरै जाडो, कहीँ धेरै गर्मी, कहीँ वर्षा हुन्छ त कहीँ वर्षा नै हुँदैन । यसरी हावापानीमा विविधता हुनुका पछाडि विभिन्न कुराहरूले भूमिका खेलेको हुन्छ । तर त्यसभन्दा अघि हावापानीको सामान्य जानकारीका साथै प्रभाव पार्ने तत्त्वहरूको सङ्क्षेपमा चर्चा गरिएको छ :**

### मौसम

कुनै ठाउँमा छोटो समयमा अदलबदल हुने वा परिवर्तन हुने वायुमण्डलको अवस्थालाई मौसम भनिन्छ । दिनानुदिन वायुमण्डलमा आउने परिवर्तन नै मौसम हो । जस्तै : बिहान पानी पर्दै थियो तर अहिले घाम लागेको छ । मौसमको भविष्यवाणी गर्न कठिन हुन्छ । वायुको तापक्रम, चाप र आर्द्रताको अध्ययनका आधारमा मौसमको अनुमान गर्न सकिन्छ । यसरी भोलि वा अर्को हप्ता मौसम कस्तो रहन्छ भनेर गरिने अनुमान वा भविष्यवाणीलाई मौसमको अनुमान भन्ने गरिन्छ ।

मौसमको अध्ययन तथा पूर्व अनुमान गर्ने विज्ञलाई मौसमविद् भनिन्छ । हामीले टि. भी./रेडियोमा मौसमको पूर्वानुमान गरेको देखेका/सुनेका छौँ । अहिले मौसमको पूर्वानुमान गर्न देशको विभिन्न

ठाउँमा राडारहरू राखिएको छ । राडारबाट प्राप्त सूचनाको आधारमा मौसमविद्हरूले मौसमको आकलन गरेर भविष्यवाणी गर्छन् ।

मौसमको प्रभाव चाहिँ सानो क्षेत्रमा देख्न सकिन्छ । कुनै ठाउँमा बादल लाग्दा नजिकको अर्को ठाउँमा भने घाम लाग्न सक्छ । कुनै स्थानको तापक्रम बढ्दा त्यहाँको हावा पनि तातो हुन्छ । सतहको हावा तातिएर माथि जाँदा त्यहाँ न्यून चाप सिर्जना हुन्छ । यस्तो अवस्थामा वायु वा हावा न्यून चाप भएको क्षेत्रमा जान्छ । वायुको वेग भने चापको भिन्नतामा भर पर्छ । यदि वायु जोडले बह्यो भने त्यसलाई हामी आँधी भन्छौँ ।

**हावापानी**

कुनै ठाउँमा मरुभूमि छ, कतै घाँसे भूमि छ, यस्तो हुनुको कारण के होला ? यसै गरी कतै घना जङ्गल छ कतै पतझर वनस्पति छन् । यी सबै परिणाम हावापानीले गर्दा भएको हो । हावापानी र मौसमलाई समान अर्थमा बुझ्ने गरिन्छ तर हावापानी र मौसम बिल्कुलै फरक धारणा हुन् । हावापानी भनेको कुनै पनि ठाउँको लामो समयको वायुमण्डलको अवस्था हो । अर्थात् मौसमको लामो समयको औसत अवस्थालाई हावापानी भनिन्छ । यस्तो अवस्था एक वर्ष वा लामो समयको हुन्छ । एक वर्षको अवस्थालाई आधार मान्ने हो भने हावापानीको धारणा स्पष्ट हुन्छ । नेपालकै सन्दर्भमा कुरा गर्दा नेपालभरि नै ग्रीष्ममा एउटै ऋतु अर्थात ग्रीष्म हुन्छ । चाहे त्यो ठाउँ तराई वा हिमालमा अवस्थित होस् । ग्रीष्ममा गर्मी र आर्द्र हुन्छ । हिउँदमा ठन्डा र सुक्खा हुन्छ । त्यसैले नेपालको सबै ठाउँमा हावापानीको अवस्थामा धेरथोर समानता पाइन्छ । त्यसैले हावापानी तापक्रम, ऋतु र वर्षामा भर पर्छ । कुनै पनि ठाएको हावापानी विभिन्न तत्त्वहरूले प्रभावित हुन्छ ।

**मौसम र हावापानीमा भिन्नता**

| हावापानी | मौसम |
|---|---|
| १. हावापानी अपरिवर्तनशील हुन्छ । नेपालको मौसमी हावापानी भूमध्यरेखीय हावापानीमा बदलिँदैन । | मौसम छिन छिनमा परिवर्तन हुन सक्छ । |
| २. हावापानीले ठुलो क्षेत्रलाई ओगटेको हुन्छ । | मौसमले सानो क्षेत्रलाई समेटेको हुन्छ । |

| | |
|---|---|
| ३. समयको अवधि लामो र निश्चित हुन्छ । | मौसमको अवधि छोटो र अनिश्चित हुन्छ । |
| ४. हावापानी अक्षांशमा भर पर्छ । | मौसम अक्षांशमा भर पर्दैन । |

हामीले संसारभरिको हावापानी समान खालको हुँदैन भन्ने थाहा पायौँ । हावापानी कतै आर्द्र हुन्छ, कतै शुष्क हुन्छ । भूमध्यरेखामा वर्षैभरि वर्षा हुन्छ । नेपालको पूर्वी भागमा ग्रीष्ममा बढी वर्षा हुन्छ भने हिउँदमा कम हुन्छ । पोखरामा धेरै पानी पर्छ तर मुस्ताङमा कम पानी पर्छ । यसो हुनाको मुख्य कारण हावापानीलाई प्रभाव पार्ने तत्त्वले गर्दा हो । हावापानीका तत्त्व निम्नलिखित छन् :

**१. अक्षांश**

पृथ्वीको बिचमा पर्ने गरी पूर्वदेखि पश्चिमसम्म खिचिएको काल्पनिक रेखलाई भूमध्यरेखा भनिन्छ । भूमध्यरेखालाई शून्य 0° मानेर उत्तर तथा दक्षिण तर्फ अरुरेखाहरू कल्पना गरिएको हुन्छ । त्यसरी भूमध्यरेखाभन्दा उत्तर तथा दक्षिणतिर खिचिएका काल्पनिक रेखाहरूलाई अक्षांश भनिन्छ ।

*भूमध्यरेखाबाट २३.५° उत्तरमा खिचिएको अक्षांश रेखालाई कर्कट रेखा र २३.५° दक्षिणमा खिचिएको अक्षांश रेखालाई मकर रेखा भनिन्छ । यसै गरी भूमध्य रेखाबाट ६६.५° उत्तरमा खिचिएको अक्षांश रेखालाई सुमेरू वृत र ६६.५° दक्षिणमा खिचिएको अक्षांश रेखालाई कुमेरु वृत भनिन्छ । पृथ्वीको सबैभन्दा उत्तरी विन्दुलाई उत्तरी ध्रुव तथा दक्षिणी विन्दुलाई दक्षिणी ध्रुव भनिन्छ ।*

भूमध्यरेखीय क्षेत्रमा सूर्यको किरण वर्षैभरि लम्बवत् रूपमा पर्छ । त्यसैले त्यहाँको तापक्रम उच्च हुन्छ । तर भूमध्यरेखाबाट जति जति उत्तर वा दक्षिण ध्रुवतिर गइन्छ, त्यति नै तापक्रम तापक्रम घटेर क्रमशः ठन्डा हुँदै जान्छ । ध्रुवीय क्षेत्रमा सूर्यको किरण छड्के गरी पर्छ । भूमध्यरेखीय क्षेत्रमा सूर्यको किरण सिधा पर्ने कारणले बढी तापक्रम प्राप्त हुन्छ भने छड्के किरणले ठुलो क्षेत्रलाई ताप दिनुपर्ने हुनाले कम तापक्रम दिन्छ । ध्रुवीय क्षेत्रमा पर्ने किरणले वायुमण्डलको बाक्लो तह पार गरेर आउनुपर्छ जसले गर्दा बाटोमा नै ताप घट्दै गएको हुन्छ हुन्छ । भूमध्यरेखीय क्षेत्रको वायुमण्डलमा जलवाष्प र धुलकण हुनाले तापक्रमलाई वायुमण्डलबाट बाहिर जानबाट पनि रोक्छन् तर ध्रुवीय क्षेत्रमा यस्तो अवरोध हुँदैनन् ।

श्रीलङ्कामा धेरै गर्मी र नेपालमा मध्यम खालको हावापानी हुनु अक्षांशको कारणले गर्दा हो ।

२. **उचाइ**

उचाइ हावापानीलाई प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्व हो । होचो ठाउँमा बढी गर्मी हुन्छ र अग्लो ठाउँमा बढी ठन्डा हुन्छ । लगभग १६५ मिटर बराबर १° से. को दरले तापक्रम घट्दै जान्छ । त्यसैले होचो ठाउँमा तापक्रम बढी हुन्छ र अग्लो ठाउँमा कम हुन्छ । यस्तै गरी होचो ठाउँमा हावाको घनत्व बढी हुन्छ र हावामा विभिन्न तत्त्व मिसिएका हुन्छन् । अग्लो ठाउँमा हावाको घनत्व कम हुन्छ र हावामा जलवाष्प, धुलाका कण आदि हुँदैनन् । घनत्व बढी भएको ठाएको सूर्यबाट आएको तापलाई वायुले सोस्ने तथा तजपक्रम परावर्तन हुनुबाट रोक्छ । अग्लो ठाउँमा यस्तो अवस्था हुँदैन । नेपालको तराईमा बढी गर्मी र पहाडी क्षेत्रमा कम गर्मी हुनुको कारण पनि यही नै हो ।

३. **समुद्र देखिको दुरी**

जमिन चाडै तात्छ र चाँडै सेलाउँछ तर समुद्र ढिलो तात्छ र ढिलै सेलाउँछ । त्यसैले समुद्र नजिकका ठाउँहरूको हावापानी ठिक्क प्रकारको हुन्छ । दिउँसो जब सूर्यको किरण जमिन र समुद्रमा समान रूपले पर्छ, जमिन चाँडै तात्छ तर समुद्र तात्न समय लाग्छ । यस्तो अवस्थामा जमिनमा न्यून चाप सिर्जना हुन्छ भने समुद्रमा न्यून चापको अवस्था बनेर सामुद्रिक वायु जमिन तिर बहन्छ । यही चिसो वायुले समुद्रको तटीय क्षेत्रको हावालाई तातो हुन दिँदैन । राती जमिन चाँडो सेलाउँछ तर समुद्र ढिलो सेलाउँछ । यस्ता अवस्थामा जमिनमा वायुको उच्च चाप र समुद्रमा न्यून चापको अवस्था बन्दछ । अनि जमिनबाट बहने चिसो वायु (जसलाई स्थलवायु भनिन्छ) ले तटीय भागको हावालाई तात्न दिँदैन । जसले गर्दा समुद्र नजिक मधुरो हावापानी हुन्छ । तर समुद्रदेखि टाढाका ठाउँमा सामुद्रिक वायु र स्थल वायुको प्रभाव कम पर्छ । त्यहाँ ग्रीष्म वा दिनमा बढी गर्मी र हिउँद वा राती बढी ठन्डा हुन्छ । यस्तो हावापानीलाई विषम हावापानी भनिन्छ । कलकत्तामा मधुर हावापानी र दिल्लीमा विषम हावापानी हुनुको मुख्य कारण सामुद्रिक दुरीले गर्दा हो ।

४. **समुद्री धार**

महासागरमा नियमित रूपले निश्चित दिशा भई नदी झैँ बगिरहने पानीको प्रवाहलाई सामुद्री धार भनिन्छ । यस्ता धार न्यानो वा सतही धार र चिसो वा भित्री धार गरी दुई प्रकारका हुन्छन् । सामुद्रिक धार ताप, प्रचलित वायु र वाष्पीकरणले गर्दा उत्पत्ति हुन्छन् । उत्तरी आन्ध्र महासागरीय धार न्यानो धार हो । यही धारको प्रभावले नर्वेको तटीय क्षेत्रमा धेरै जाडो हुँदैन र समुद्र किनारामा बरफ जन्म पाउँदैन । तर त्यही अक्षांशअन्तर्गत पूर्वी क्यानडामा चिसो धार बहने हुनाले हिउँदमा अत्यन्त जाडो हुन्छ र किनाराको पानी जम्छ । यसरी समुद्री धारले हावापानीमा प्रभाव पार्छ ।

### ५. पर्वतको उपस्थिति

पर्वतको उपस्थितिले पनि हावापानीमा प्रभाव पार्छ । पर्वतले न्यानो, चिसो वा सुक्खा जुनसुकै प्रकारको वायुलाई पनि रोकी दिन्छ । यसले गर्दा पहाडका दुईतर्फको हावापानीमा अन्तर आउँछ । हिमालय पर्वतले तिब्बतबाट बहने वायुलाई रोकेर नेपालको हावापानी चिसो हुनबाट बचाउँछ । बङ्गालको खाडीबाट बहने वाष्पयुक्त वायुलाई रोकेर हिमालय पर्वतको दक्षिणी ढालमा ग्रीष्ममा बढी वर्षा हुन्छ । यसै गरी पश्चिमी वायु आल्पस पर्वतको उपस्थितिले गर्दा युरोपको उत्तर पश्चिमतिर नबगेर भूमध्य सागर हुँदै पूर्व दिशातिर बहन्छ । यसो हुनुको मुख्य कारण पर्वतको उपस्थिति हो ।

### ६. वायुको स्वभाव

विश्वको विभिन्न स्थानमा स्थायीरूपमा वायुहरू एकै दिशातर्फ बहन्छन् । यस्ता वायुलाई स्थायी वायु भनिन्छ । मनसुनी वायु ग्रीष्ममा समुद्रबाट जमिनतर्फ र हिउँदमा जमिनबाट समुद्रतर्फ बहन्छ । वायु बहने बाटामा समुद्र भएमा वा समुद्रबाट आएको वायुमा त्यसले बादल पनि बोकेर आउँछ र वर्षा गराउँछ । जमिनबाट आएको वायुमा बादलको मात्रा नहुने हुनाले त्यो वायु सुक्खा हुन्छ । त्यसैले त्यसले वर्षा गराउँदैन । त्यसैले समुद्रबाट जमिनतर्फ वायु बहेको क्षेत्रमा राम्रो वर्षा हुन्छ । जमिनबाट समुद्रतर्फ वायु बहेको स्थानमा भने त्यहाँ सुक्खा हावापानी पाइन्छ ।

### ७. वनस्पति

वनस्पति भएको क्षेत्र ओसिलो हुन्छ । यसका दुई कारण हुन्छन् । वनस्पतिले श्वास प्रश्वास प्रक्रिया र खाना बनाउने क्रममा हावामा पानीको बाफ छोडिरहेको हुन्छ । जसले गर्दा वायुमण्डलको हावामा पानीका कणहरू जम्मा भएर वर्षा गराउन सहयोग गर्छ । त्यसै गरी वनस्पति भएको ठाउँमा सूर्यको किरण सिधै जमिनमा पर्न नपाउने हुनाले त्यहाँ जमिन तातेर सुक्खा हुन पाउँदैन । वातावरणमा पनि ओसिलोपना कायम भइरहन्छ । वनस्पति नभएको ठाउँमा गर्मीमा धेरै गर्मी र जाडोमा धेरै जाडो हुन्छ ।

८. माटो

माटोको प्रकारले पनि हावापानीमा असर पर्छ । कालो माटो भएको क्षेत्रको हावापानी न्यानो र सेतो माटो भएको क्षेत्रको हावापानी शीतल हुन्छ । त्यसै गरी बालौटे माटो भएको क्षेत्रमा हावापानी सुक्खा हुन्छ भने चिम्टाइलो र जैविक पदार्थ बढी भएको माटोमा कम गर्मी र सामान्य प्रकारको हावापानी पाइन्छ ।

## अभ्यास

१. मौसम भनेको के हो ?

२. हावापानी भनेको के हो ?

३. मौसम र हावापानीबिचको भिन्नता लेख्नुहोस् ।

४. हावापानीलाई प्रभाव पार्ने तत्त्वहरूको नाम लेख्नुहोस्‌ कुनै एकको बयान गर्नुहोस् ।

५. सामुद्रिक दूरताले हावापानीमा कसरी प्रभाव पार्छ ? चित्रसहित लेख्नुहोस् ।

६. महादेशको भित्री भागमा किन विषम हावापानी हुन्छ ? सचित्र प्रस्ट पार्नुहोस् ।

७. समुद्री धारले हावापानीमा कसरी प्रभाव पार्छ ?

८. जमिनको ढाल र माटाले पनि हावापानीमा कसरी प्रभाव पार्छ ?

९. नेपाल उष्ण हावापानीको क्षेत्रमा अवस्थित भए पनि तराई प्रदेश बाहेकका क्षेत्रमा ठन्डा हावापानी पाइन्छ, किन ? कारण प्रस्तुत गर्नुहोस् ।

१०. वायु सम्मुख ढालमा हावापानी ओसिलो हुन्छ । यस भनाइलाई नेपालको उदाहरण दिएर लेख्नुहोस् ।

## लेखन सिप

**प्रश्न ९ को उत्तर लेख्दा- सुरुमा परिचय लेखेर प्रश्नले मागेको कुरा प्रस्ट हुनुपर्छ, त्यसैले यहाँ एउटा नमुना उत्तर समावेश गरिएको छ :**

**कुनै पनि ठाउँको मौसमको लामो समयको औसत अवस्थालाई हावापानी भनिन्छ । नेपाल उष्ण हावापानीको क्षेत्रमा अवस्थित भए पनि तराई प्रदेश बाहेकका क्षेत्रमा ठन्डा हावापानी पाइन्छ, जसका निम्न कारणहरू उल्लेख गर्न सकिन्छ**

- होचो ठाउँमा बढी गर्मी हुन्छ र अग्लो ठाउँमा बढी ठन्डा हुन्छ ।
- लगभग १६५ मिटर बराबर करिब १° से. को दरले तापक्रम घट्दै जान्छ ।
- होचो ठाउँमा तापक्रम बढी हुन्छ र अग्लो ठाउँमा कम हुन्छ ।
- होचो ठाउँमा हावाको घनत्व बढी हुन्छ र हावामा विभिन्न तत्त्व मिसिएका हुन्छन् ।
- अग्लो ठाउँमा हावाको घनत्व कम हुन्छ र हावामा जलवाष्प, धुलोका कण आदि हुँदैनन् ।
- घनत्व बढी भएको ठाएको सूर्यबाट आएको तापलाई वायुले सोस्ने तथा तापक्रम परावर्तन हुनुबाट रोक्छ ।
- अग्लो ठाउँमा वायुको तह नै पातलो हुनाले सूर्यबाट आएको तापलाई वायुले सोस्ने तथा तापक्रम परावर्तन हुनलाई रोक्न सक्दैन ।

यसरी हामी नेपालको तराईमा बढी गर्मी र पहाडी क्षेत्रमा कम गमी महसुस गर्छौं ।

## प्रश्न नं १० को उत्तर

**वायुसम्मुख ढालमा हावापानी ओसिलो हुन्छ । नेपालको सन्दर्भको उदाहरण दिई लेख्नुहोस् ।**

(क) **वायुसम्मुख ढाल भन्नाले समुद्रतिरबाट बहने वायु ठोकिने भागालाई वायुसम्मुख ढाल भनिन्छ भने त्यसको विपरीततिरको भागलाई वायु विमुख ढाल भनिन्छ ।**

(ख) **जमिनको ढाल भनेको जमिनको अवस्थिति लाई बुझाउँछ ।**

(ग) **यदि जमिन दक्षिणतिर फर्किएको छ भने त्यहाँको हावापानी न्यानो हुन्छ भने उत्तरतिर फर्केको छ भने त्यहाँको हावापानी चिसो हुन्छ ।**

(घ) उत्तरी गोलार्धमा जमिन दक्षिणतर्फ फर्केको छ भने त्यहाँको हावापानी न्यानो तथा उत्तरतर्फ फर्केको भए हावापानी चिसो हुन्छ।

(ङ) त्यसैगरी कुनै ठाउँ समुद्रतिर फर्किएको छ भने त्यहाँ ओसिलो हुन्छ भने जमिनतर्फ फर्किएको छ भने त्यहाँको हावापानी सुक्खा हुन्छ।

(च) हिमालय पर्वतको दक्षिणतिर न्यानो हावापानी पाइनु, वर्षा प्रशस्त हुनु प्रशस्त वायुसम्मुख अवस्थितिको कारणले हो।

(च) तर उत्तरतिरको भागामा चिसो हावापानी पाइनु तथा कम वर्षा हुनाको कारण जमिनको अवस्थितिले गर्दा हो ।

यसरी वायु सम्मुख ढालको हावापानी ओसिलो हुन्छ भनेर प्रस्ट पार्न सकिन्छ।

पाठ २

# हावापानीको क्षेत्र

**परिचय**

**विश्वका सबै भागमा समान प्रकारको हावापानी पाइँदैन । हावापानीका प्रमुख तत्त्व तापक्रम र वर्षा हुन् । हावापानीअनुसार वनस्पतिका स्वरूप र विशेषता पनि पनि फरक फरक पाइन्छन् त्यसैले तापक्रम र वर्षाका आधारमा विश्वको हावापानीको अवस्थाको व्याख्या गरिन्छ ।**

**पृथ्वीका हावापानीका क्षेत्रहरूलाई तिनओटा प्रमुख प्रदेशलाई तापक्रमको आधारमा उष्ण मण्डल, समशीतोष्ण मण्डल तथा शीत मण्डलमा विभाजन गरिएको छ । यसरी नै उचाइको आधारमा पर्वतीय क्षेत्रलाई अर्को हावापानीको क्षेत्र मानिन्छ । जसअनुसार हावापानीका चारओटा क्षेत्र विश्वभर छरिएर रहेका छन् । सामान्यतया एउटै अक्षांश रेखाको आसपासमा एकै प्रकारको हावापानी पाइन्छ तर पनि वायुको स्वभाव, पर्वतको उपस्थिति, सामुद्रिक धार, वायु बहने दिशा आदिका कारणले एउटै अक्षांश रेखाभित्रको हावापानीमा विविधता पाइन्छ । वर्षा, वनस्पति, जनजीवन, तापक्रम आदि भएको विस्तृत क्षेत्रलाई हावापानीको क्षेत्र भनिन्छ ।**

१. **उष्ण मण्डल**

(क) भूमध्यरेखीय हावापानी

(ख) उष्ण तृणभूमिको हावापानी

(ग) उष्ण मरुस्थलीय हावापानी

(घ) उष्ण मौसमी हावापानी

२. **समशीतोष्ण मण्डल**

(क) भूमध्य सागरीय हावापानी

(ख) चीनिया प्रकारको हावापानी

(ग) समशीतोष्ण हावापानी

(घ) ठन्डा समशीतोष्ण मरुस्थलीय हावापानी

(ङ) सेन्ट लरेन्स वा मन्चुरिया प्रकारको हावापानी

(च) समशीतोष्ण तृणभूमिको हावापानी

(छ) जाडो समशीतोष्ण प्रदेशको हावापानी

**३. शीत मण्डल**

ठन्डा प्रदेश वा ध्रुवीय प्रकारको हावापानी

**४. पर्वतीय क्षेत्र**

**उष्ण प्रदेश**

उष्ण प्रदेश ०°-३०° अक्षांशसम्म फैलिएको छ । यसअन्तर्गत चारओटा हावापानीका प्रदेश पर्छन् । यहाँ सूर्यको किरण वर्षभरि नै सिधा पर्ने हुनाले हावापानी उष्ण हुन्छ । तापक्रम, वायु वायु चाप र वर्षाको आधारमा उष्ण प्रदेशलाई चारओटा हावापानीको प्रदेशमा विभाजन गर्न सकिन्छ :

**१. भूमध्यरेखिय हावापानीको क्षेत्र**

**(क) हावापानीको वितरण**

- **भूमध्यरेखाको ५° उत्तर र दक्षिण ५° अक्षांशभित्र यसप्रकारको हावापानी पाइने**
- **यो हावापानी अमेजन बैंसी, कङ्गो बैंसी, गिनीतट, सिङ्गापुर, मलेसिया र इन्डोनेसियाको दक्षिणी भागमा पाइने**
- **यो हावापानी अमेजन बैंसीको विस्तृत क्षेत्रमा पाइने हुनाले अमेजन प्रकारको हावापानी पनि भनिन्छ ।**

**(ख) हावापानकिो अवस्था**

- **सूर्यको किरण वर्षैभरि सिधा पर्ने हुनाले गर्मी र ओसिलो हुन्छ ।**
- **वार्षिक औसत तापक्रम २७° से. हुन्छ ।**
- **ऋतु परिवर्तन हुँदैन ।**
- **दैनिक तापान्तर ३° से. जति हुन्छ ।**

- मध्याह्नपछि मेघ गर्जनसहित मुसलधारे वर्षा हुन्छ ।
- यस्तो वर्षालाई यहाँ संवाहनिक वर्षा भनिन्छ ।
- वर्सैंभरि वर्षा हुन्छ र औसत वर्षा २०० से. मि. जति हुन्छ ।
- यो हावापानीलाई गर्मी र ओसिलो हावापानीको क्षेत्र पनि भनिन्छ ।

(ग) वनस्पति र जनावर

- यस हावापानीको क्षेत्रमा वर्षैंभरि उच्च तापक्रम र वर्षा हुने हुनाले घना सदावहार वनस्पति पाइन्छ ।
- यहाँका रूखहरू अग्ला र कडा जातका हुन्छन् ।
- रबर, एबोनी, रोजबुड, ताड, नरिवल आदि जातका रूख पाइन्छन् ।
- यहाँ पाइने रूख सुरिलो परेका र टुप्पो क्याम्म परेका हुनाले सूर्यको प्रकाश भुइँमा पर्दैन र घाँसहरू पनि उम्रिँदैनन् ।
- अमेजन नदी बेँसीमा पाइने यस्तो घना जङ्गललाई सेल्वाज भनिन्छ ।
- यहाँ विभिन्न प्रकारका उभयचर तथा सर्प, बिच्छी, भ्यागुतो तथा चिम्पान्जी, गुरिल्ला, गोही, हिप्पोपोटामस र विभिन्न चरा पाइन्छन् ।

५. आर्थिक क्रियाकलाप

- यहाँको मुख्य क्रियाकलाप कृषि हो ।
- कृषिअन्तर्गत स्थान्तरित कृषि र व्यावसायिक कृषि दुवै गरिन्छ ।
- इन्डोनेसिया, सिङ्गापुर, मलेसियामा रबर, नरिवल, उखु, मकै, धान, सुर्ती, केरा, कटहर आदि उत्पादन गरिन्छ ।
- यसबाहेक सिकार खेल्ने, माछा मार्ने, कन्दमूल र जडीबुटी सङ्कलन गर्ने काममा मानिसहरू संलग्न हुन्छन् ।

(घ) **जनजीवनमा प्रभाव**

- **यस हावापानीको क्षेत्र वर्षैभरि गर्मी र आर्द्र हुनाले मानव बसोबासका लागि अनुपयुक्त छ ।**
- **मानिसको जीवनस्तर, प्रारम्भिक प्रकारको छ । अधिकांश मनिस फिरन्ते जीवन बिताउँछन् ।**
- **लाल भारतीय (अमेजन बैँसी), पिग्मिज (कङ्गो बैँसी) र सेमाङ, साकाई, डायक (मलेसिया/इन्डोनेसियाका) आदिबासी छन् ।**
- **यस क्षेत्रमा विश्वको जनसङ्ख्याको मुस्किलले १% मानिस बसोवास गर्छन् ।**
- **हावापानीको प्रभावले मानिस अल्छी छन् ।**
- **आधुनिक सभ्यता र संस्कृतिको विकास हुन सकेको छैन ।**
- **तर मलेसिया, सिङ्गापुर, इन्डोनेसियामा भने उपयुक्त हावापानी, समुद्रको पहुँच, प्राकृतिक स्रोत र साधनको उपयोगले जीवनस्तर उच्च छ र जनघनत्व पनि धेरै छ ।**

२. **उष्ण तृण भूमिको हावापानी**

(क) **हावापानीको वितरण**

- उष्ण तृणमूमिको हावापानी भूमध्य रेखाबाट ५° देखि २०° उत्तरी तथा तथा दक्षिणी आक्षांशमा पाइन्छ ।
- यो हावापानी अस्ट्रेलियाको उत्तरी भाग, ओरिनको नदी बैँसी, सुडान, केन्या, तान्जानियामा पाइन्छ ।
- मुख्य गरी सुडानमा पाइने हुनाले सुडान प्रकारको हावापानी पनि भनिन्छ ।

(ख) **हावापानकिो अवस्था**

- यस हावापानीको क्षेत्रमा ग्रीष्म र हिउँद गरी दुईओटा ऋतु हुन्छन् ।
- ग्रीष्म आर्द्र र गर्मी तथा हिउँदमा सुक्खा र न्यानो हुन्छ । ग्रीष्म धेरै गर्मी तथा हिउँद न्यानो हुन्छ ।

- वर्षा ग्रीष्ममा हुन्छ र वर्षाको मात्रा भूमध्यरेखीय क्षेत्रतिर बढी र उष्ण मरुस्थलीय क्षेत्रतिर कम हुन्छ ।
- वार्षिक औसत वर्षा ५० से. मि. - १५० से. मि.जति हुन्छ ।

(ग) **वनस्पति र जनावर**

- प्रशस्त वर्षा नहुनाले हावापानी ठुला रूख हुर्कनका लागि अनुपयुक्त छ ।
- घाँसहरू ३ मि. - ४.५ मि. सम्म अग्ला, खस्रो डाँठ भएका र पोसिला हुन्छन् ।
- यस्तो घाँसे भूमिहरूलाई अस्ट्रेलियामा डाउन्स, ओरिनोको नदी बेँसीमा लानोस्, ब्राजिलमा क्याम्पोस, सुडानमा साभाना भनिन्छ ।
- कतै कतै छाता आकारको ठुलो फेद भएको एकिसिया र वाओवाओ जातका रूखहरू पाइन्छन् ।
- यस हावापानीको क्षेत्रमा विभिन्न सर्वहारी, शाकाहारी, मांसाहारी जनावर, चराचुरुङ्गी आदि पाइने हुनाले यसलाई संसारको चिडियाखाना भनिन्छ ।

○ यहाँ मृग, हरिण, जेब्रा, जिराफ आदि बाघ, चितुवा, हिप्पोपोटामस, गैँडा जस्ता जनावरहरूका साथै उड्न नसक्ने चराहरू अष्ट्रिच, इमु जस्ता चराहरू पनि पाइन्छन् ।

(ङ) **आर्थिक क्रियाकलाप**

- यस हावापानीको क्षेत्रमा प्रशस्त पानी नपर्ने र गर्मी हुन्छ ।
- त्यसैले यहाँ मानिसहरू कृषि तथा पशुपालन जस्ता क्रियाकलापमा संलग्न भएको पाइन्छ ।
- पानी पाइने ठाउँमा मानिसहरू कृषिमा संलग्न हुन्छन् ।
- मकै, गहुँ, तेलहन, कपास, सुर्ती, उखु मुख्य कृषि उत्पादन हुन् ।
- आदिवासीहरू मासु, छाला र शरीरका अङ्गका लागि वन्य जन्तुको सिकार गर्छन् ।

- प्रशस्त घाँसे भूमि पाइने हुनाले पशुपालन गर्ने गरिन्छ । गाई, भैंसी, भेडा, बाखा मुख्य पशुहरू हुन् ।
- वन्यजन्तुको अवलोकन गर्न, वृत्तचित्र निर्माण गर्न ठुलो सङ्ख्यामा पर्यटकहरू आउँछन् जुन अर्को महत्त्वपूर्ण आर्थिक क्रियाकलाप हो ।
- निष्कर्षमा कृषि, पशुपालन, सिकार र पर्यटनलाई मुख्य आर्थिक क्रियाकलाप मानिन्छ ।

(च) **जनजीवनमा प्रभाव**

- यस हावापानीको क्षेत्र गर्मी र सुक्खा छ । त्यसैले मानव बसोबासका लागि उपयुक्त छैन ।
- मानिसहरूको जीवनशैली आदिम प्रकारको छ ।
- मसाई, हौसा, जातिहरू फिरन्ते जीवन बिताउँछन् । आर्थिक विकासको अवस्था समान छैन ।
- यस क्षेत्रमा केही पशुपालक समूह पनि छन् जो पशुपालन र परम्परागत खेतीपाती गर्छन् ।
- जनघनत्व अत्यन्त कम छ ।
- विभिन्न वन्यजन्तु पाइने हुनाले पर्यटन, उद्योगको विस्तार हुँदै गएको छ ।
- केन्या, सुडान, जिम्बावे जस्ता देशहरूमा व्यावसायिक कृषिको सुरुवात पनि भएको छ ।

## उष्ण मरुस्थलीय हावापानी

(क) **हावापानीको वितरण**

१. यो हावापानी २०° देखि ३०° अक्षांशभित्र भूमध्य रेखाबाट उत्तर दक्षिणमा महादेशको पश्चिम भागमा पाइन्छ ।

२. यो हावापानी अफ्रिकाको सहारा, अरबको मरुभूमि, अटाकामा मरुभूमि तथा ग्रेट अस्ट्रिलियन मरुभूमिमा पाइन्छ ।

३.	अफ्रिकाको सहारा क्षेत्रको विस्तुत भूभागमा पाइने हुनाले यो हावापानीलाई सहारा प्रकारको हावापानी पनि भनिन्छ र यहाँ वर्षैभरि नै पानी पर्दैन ।

**(ख)	हावापानीको अवस्था (तापक्रम र वर्षाको अवस्था)**

१.	ग्रीष्म र हिउँद गरी दुई प्रकारका ऋतु पाइन्छन् ।

२.	ग्रीष्म गर्मी र सुक्खा तथा हिउँद चिसो र सुक्खा हुन्छ ।

३.	हिउँदको औसत तापक्रम ०°-१०° से. जति र ग्रीष्मको तापक्रम ४०° सेन्टिग्रेट जति हुन्छ ।

४.	यस्तो हावापानीको अवस्थालाई विषम हावापानी भनिन्छ ।

५.	वार्षिक औसत वर्षा २५ से. मि. भन्दा कम हुने तथा वर्षा ग्रीष्ममा आँधीर संवाहनिक क्रियाद्वारा हुन्छ ।

६.	दैनिक तापान्तर धेरै हुने भएकाले हावापानी विशेष प्रकारका हुन्छन् ।

७.	जमिन तात्ने र सेलाउने कारणले हावापानी विशेष भएको हो ।

८.	यस हावापानीको क्षेत्र अर्धोष्ण उच्च चापपेटीमा पर्ने हुनाले यहाँ समुद्रबाट बहने बाफिलो वायुको असर पर्दैन ।

**(ग)	वनस्पति र वन्यजन्तु**

१.	वर्षा कम हुनाले बोटबिरुवाका लागि यो हावापानी उपयुक्त छैन ।

२.	गर्मी र सुक्खा हावापानीको कारणले सिउँडी जातका बोटबिरुवा पाइन्छन् ।

३.	यिनको पात बाक्लो, काँडा भएको हुन्छ ।

४.	जमिनबाट पानी सोस्नका लागि रूखको जरा लामो हुन्छ ।

५	.हायना, सर्प, छेपारो, उँट, कगारु मुसा, बिच्छी आदि जनावरहरू पाइन्छन् ।

६.	उँट पानी नखाइकन धेरै दिनसम्म बाँच्न सक्ने तथा बालुवामा सजिलै हिँड्न सक्ने हुनाले मरुभूमिको जहाज भनेर चिनिन्छ ।

(घ) **आर्थिक क्रियाकलाप**

१. यहाँ बस्ने मानिसहरूको मुख्य आर्थिक क्रियाकलाप पशुपालन हो ।

२. यहाँ उँट, भेडा, बाखा, घोडा, गाई, भैँसी आदि पालन गरिन्छ ।

३. मरुभूमि क्षेत्रमा पानी पाइने ठाउँलाई मरुद्यान भनिन्छ ।

४. मरुद्यानको वरिपरि खेती गरिन्छ । यहाँ उत्पादन हुने मुख्य बालीमा मकै, गहुँ, जौ, कपास, उखु, सुर्ती, सनपाट आदि हुन् ।

५. पश्चिम एसियामा भने प्राकृतिक तेलको कारणले गर्दा उद्योग, कलकारखानाको विकास भएको पाइन्छ ।

(ङ) **जनजीवनमा प्रभाव**

१. सुक्खा र गर्मी हावापानी हुनाले यस हावापानीको क्षेत्र मानव बसोबासका लागि उपयुक्त छैन ।

२. मानिसहरू फिरन्ते जीवन बिताउँछन् ।

३. कालाहारी मरुभूमिका बुसमेन, अस्ट्रेलियाका एबोरिजिन्स तथा अरेबियन मरुभूमिका मुख्य आदिवासीहरू हुन् ।

४. जनघनत्व अत्यन्त कम छ तर पश्चिम एसियामा भने उद्योग, कलकारखानाको तीव्र विकास हुँदै गएको छ ।

५. मरुद्यानका वरिपरि भने बाक्लो बस्ती पाइन्छ ।

६. पानी नपर्ने हुनाले घरहरू पनि मुण्डा प्रकारका छन् ।

## उष्ण मौसमी हावापानी

(क) **हावापानीको वितरण**

यो हावापानी भूमध्य रेखाबाट ५° – ३०° अक्षांशभित्र उत्तर दक्षिण महादेशको पूर्वी भागमा पाइन्छ ।

यसप्रकारको हावापानी हावापानी दक्षिण एसियाका देशहरू नेपाल, भारत, भुटान, बङ्गलादेश, बर्मा, दक्षिण फिलिपिन्स र दक्षिण चिन तथा उत्तरी अस्ट्रेलिया, मेडागास्कर टापु, ब्राजिलको दक्षिण पूर्वी भाग, भेनेजुएला र मध्य अमेरिकामा पाइन्छ । यो हावापानी मध्य अमेरिकाको द्वीप समुद्रमा पाइन्छ ।

**(ख) हावापानीको अवस्था (तापक्रम र वर्षाको अवस्था)**

१. यस हावापानीको क्षेत्रमा ग्रीष्म र हिउँद ऋतु हुन्छन् ।

२. ग्रीष्म गर्मी र आर्द्र तथा हिउँद ठन्डा र सुक्खा हुन्छ । ग्रीष्मको औसत तापक्रम ३०° से. र हिउँदको औसत तापक्रम १५° से. हुन्छ ।

३. ग्रीष्ममा सामुद्रिक वायुको प्रभावले पर्वतीय वर्षा हुन्छ ।

४. वर्षा करिब ५० से. मि. देखि २०० से. मि. सम्म हुन्छ ।

५. ग्रीष्म ऋतुमा हावाको चाँप जमिनमा न्यून भई हावा समुद्रबाट जमिनतिर बहन्छ । यस्ता वायु जल बाफ युक्त हुनाले वर्षा गराउन सकिन्छ । यस्तो वायुलाई मौसमी वायु भनिन्छ ।

६. मौसमी हिउँदमा वायु जमिनको उच्च चापकाट समुद्रतिर वहने हुनाले वर्षा गराउँदैन तर हिउँदमा पश्चिम वायुको प्रभावले सामान्य वर्षा भए पनि भर पर्दो हुँदैन ।

**(ग) वनस्पति र वन्यजन्तु**

- यस हावापानीको क्षेत्रमा उचाईअनुसारको वनस्पति पाइन्छ ।
- विशेष गरेर पतझर वनस्पति धेरै पाइन्छन् ।
- हिउँदमा ठन्डा हुने हुनाले रूखको पात झर्दछ । नरम काठका रूख पाइन्छन् । साल, चिलाउने, सिमल, बाँस, कटुस आदि यहाँ पाइने मुख्य वनस्पति हुन् ।
- यस हावापानीको क्षेत्रमा चितुवा, बाघ, एकसिङे गैंडा, मृग, हरिण, बाँदर तथा विभिन्न प्रकारका चराचुरुङ्गी पाइन्छन् ।

**(घ) आर्थिक क्रियाकलाप**

- यहाँका मानिसहरूको मुख्य आर्थिक क्रियाकलाप कृषि हो ।

- उपयुक्त तापक्रम, प्रर्याप्त वर्षा, उब्जाउ माटो र समथर भूमि भएको हुनाले खेतीपाती प्रशस्त गरिन्छ ।
- धान, गहुँ, मकै, कोदो जस्ता खाद्यान्न बाली र सनपाट, कपास, चिया, कफि, उखु, सुर्ती आदि नगदे बालीको उत्पादन हुन्छ ।
- तटीय क्षेत्रका मानिसहरू माछा मार्ने व्यवसायमा संलग्न हुन्छन् ।
- भारत, चीन जस्ता देशहरूमा उद्योग, कलकारखानाको पनि प्रशस्त विकास भएको पाइन्छ ।

(ङ) **जनजीवनमा प्रभाव**

- यो हावापानी मानव बसोबासका लागि उपयुक्त मानिने हुनाले विश्वको जनसङ्ख्याको लगभग एक तिहाइ मानिस यहाँ बसोवास गर्छन् ।
- हावापानी स्वास्थकर हुनुको साथै कृषि, उद्योग, वाणिज्यको पनि विकास भएको पाइन्छ ।
- यही क्षेत्रमा पूर्वीय सभ्यता र संस्कृतिको जस्तै इन्दु नदी सभ्यता, ह्वाङ्हो सभ्यता विकास भएको थियो ।
- निष्कर्षमा हावापानीले जनजीवनमा ठुलो प्रभाव पारेको छ भन्न सकिन्छ ।

## अभ्यास

१. चित्रमा उष्ण मण्डलमा पाइने हावापानीको प्रदेश अक्षांशसहित लेख्नुहोस् ।

२. भूमध्यरेखीय हावापानी र उष्ण मरुस्थलीय हावापानीको तुलना गर्नुहोस् ।

३. नेपाल कुन हावापानीको क्षेत्रमा पर्छ ? यहाँ पाइने हावापानीको विशेषता लेख्नुहोस् ।

४. भूमध्यरेखीय प्रदेशमा बस्ने मानिसहरूको जीवन स्तर परम्परागत भए पनि पूर्वी द्वीपका मानिसहरूको जीवनशैली विकसित प्रकारको छ, किन ? लेख्नुहोस् ।

५. किन अमेजन बेँसीमा बस्ने मानिसहरूको जीवनस्तर परम्परागत भएको होला ? खोजेर लेख्नुहोस् ।

६. मसाई र हौसाको विवरण दिनुहोस् ।

७. भूमध्यरेखीय हावापानीको क्षेत्रमा हुने आर्थिक क्रियाकलाप लेख्नुहोस् ।

८. ब्राजिल, ओरिनोको नदी र मध्य अफ्रिकामा पाइने घाँसे भूमिलाई के भनिन्छ ? उक्त घाँसे भूमिको विशेषता लेख्नुहोस् ।

९. उष्ण मौसमी हावापानीको क्षेत्रमा जनआवादी बाक्लो हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

**१०. विश्वको रेखाङ्कित नक्सामा उष्ण मरुभूमिहरू देखाउनुहोस् ।**

**११. उष्ण मरुस्थलीय क्षेत्र उर्वर नभएता पनि आधुनिक प्रविधिको सहायताले खेतीपाती उन्नत खेती गर्न थालिएको छ । यस सन्दर्भलाई समावेश गरी नेपालमा कसरी आधुनिक प्रविधि अपनाई कृषिको विकास गर्न सकिन्छ होला ? आफ्नो विचार चार बुँदामा लेख्नुहोस् ।**

**१२. उँटलाई किन मरुभूमिको जहाज भनिएको होला ?**

**१३. उष्ण मरुस्थलीय र उष्ण मौसमी हावापानीको क्षेत्रबिचमा अवस्थिति, हावापानीको अवस्था, वनस्पति तथा आर्थिक क्रियाकलापका आधारमा भिन्नता देखाउनुहोस् ।**

**१४. तपाइँ उष्ण मरुस्थलीय क्षेत्रको भ्रमणमा गएको आधारमा एउटा प्रतिवेदन तयार पार्नुहोस् ।**

## लेखन सिप

**प्रश्न नं ३ को उत्तर**

नेपाल उष्ण मौसमी हावापानीको क्षेत्रअर्न्तगत पर्छ । तथापि नेपालको हावापानी उचाइअनुसार फरक पर्छ । यसरी हेर्दा नेपालमा उष्ण मनसुनी, न्यानो समशीतोष्ण प्रदेशको हावापानी, ठन्डा समशीतोष्ण प्रदेशको हावापानी, लेकाली हावापानी तथा टुन्ड्रा हावापानी पाइन्छ ।

- उचाइअनुसार हावापानीमा विविधता
- ग्रीष्म तथा हिउँद
- ग्रीष्म वर्षा हुने तथा हिउँद सुक्खा हुने
- उचाइअनुसार तापक्रममा पनि फरक पर्ने

यसरी नेपालको हावापानी उत्तरदेखि दक्षिणतिर जाँदा क्रमशः भिन्न हुँदै गएको पाइन्छ ।

**प्रश्न नं ७ को उत्तर**

भूमध्यरेखाको ५° उत्तर र दक्षिण ५° अक्षांशभित्र पाइने हावापानीलाई भूमध्यरेखीय हावापानी भनिन्छ । यस हावापानीको क्षेत्रमा वसोपास गर्ने मानिसहरू निम्नलिखित आर्थिक क्रियाकलापमा संलग्न भएको पाइन्छ :

- यहाँको मुख्य क्रियाकलाप कृषि हो ।
- कृषिअन्तर्गत स्थान्तरित कृषि र व्यावसायिक कृषि दुवै गरिन्छ ।
- इन्डोनेसिया, सिङ्गापुर, मलेसियामा रबर, नरिवल, उखु, मकै, धान, सुर्ती, केरा, कटहर आदि उत्पादन गरिन्छ ।
- यसबाहेक सिकार खेल्ने, माछा मार्ने, कन्दमूल र जडीबुटी सङ्कलन गर्ने काममा मानिस संलग्न हुन्छन् ।

प्रश्न नं १३ को उत्तर यसरी लेख्न सकिन्छ :

उष्ण मरुस्थलीय क्षेत्र भन्नाले २०° देखि ३०° अक्षांशभित्र भूमध्यरेखाबाट उत्तर दक्षिणमा महादेशको पश्चिम भागमा पाइने हानापानीलाई बुक ाउँछ भने नेपाल उष्ण मौसमी हावापानीको क्षेत्रमा अवास्थित छ जुन हावापानी खेतीपातीका लागि उपयुक्त मानिन्छ । उष्ण मरुस्थलीय क्षेत्र उर्वर नभए तापनि आधुनिक प्रविधिको सहायताले खेतीपाती उन्नत खेती गर्न थालिएको छ । नेपालमा आधुनिक प्रविधि अपनाई कृषिको विकास गर्न सकिने उपाय यसप्रकार उल्लेख गर्न सकिन्छ

- माटो जँचाएर हावापानीअनुसार कुन बाली उपयुक्त हुन्छ भनी प्राविधिज्ञसँग सहयोग लिने
- रोग तथा किराको आक्रमणबाट बचाउन कम्पोस्ट, जैविक र आवश्यक मात्रामा रासायनिक मल तथा औषधीको प्रयोग गर्ने
- कृषिमा लगानी बढाउने र सम्भव भएसम्म मेसिनको उपयोग गर्ने
- बजारको मागअनुसारका बालीनालीको खेतीमा प्राथमिकता दिने
- उपयुक्त भण्डारणको व्यवस्था गर्ने

**प्रश्न नं १४ यस्ता प्रश्नको निम्ति निम्नानुसारको नमुना उत्तर लेख्न सकिन्छ :**

| **उष्ण मौसमी हावापानी** | **उष्ण मरुस्थलीय हावापानी** |
|---|---|
| यो हावापानी भूमध्य रेखाबाट ०°–३०° अक्षांशभित्र उत्तर दक्षिण महादेशको पूर्वी भागमा पाइन्छ । | यो हावापानी २०° देखि ३०° अक्षांशभित्र भूमध्य रेखाबाट उत्तर दक्षिणमा महादेशको पश्चिम भागमा पाइन्छ । |
| ग्रीष्म गर्मी र आर्द्र तथा हिउँद ठन्डा र सुक्खा हुन्छ । ग्रीष्मको औसत तापक्रम ३०° से. र हिउँदको औसत तापक्रम १५° से. हुन्छ । | ग्रीष्म गर्मी र सुक्खा तथा हिउँद ठन्डा र सुक्खा हुन्छ । ग्रीष्मको औसत तापक्रम ५०° से. र हिउँदको औसत तापक्रम ०°–१०° से. हुन्छ । |
| हिउँदमा ठन्डा हुने हुनाले रूखको पात झर्दछ । नरम काठका रूखहरू पाइन्छन् । साल, चिलाउने, सिमल, बाँस, कटुस आदि यहाँ पाइने मुख्य वनस्पति हुन् । | वर्षा कम हुनाले बोट बिरुवाका लागि यो हावापानी उपयुक्त छैन् । गर्मी र सुक्खा हावापानीको कारणले सिउँडी जातका बोटबिरुवा पाइन्छन् र यिनीहरूको पात बाक्लो, पातमा काँडा भएको हुन्छ । जमिनबाट पानी सोस्नका लागि रूखका जरा लामा हुन्छन् । |
| यहाँका मानिसको मुख्य आर्थिक क्रियाकलाप कृषि हो । उपयुक्त तापक्रम, प्रर्याप्त वर्षा, उब्जाउ माटो र समथर भूमि भएको हुनाले धान, गहुँ, मकै, कोदो जस्ता खाद्यान्न बाली र सनपाट, कपास, चिया, कफी, उखु, सुर्ती आदि नगदे बालीको उत्पादन हुन्छ । | यहाँ बस्ने मानिसहरूको मुख्य आर्थिक क्रियाकलाप पशुपालन हो । यहाँ उँट, भेडा, बाखा, घोडा, गाई, भैँसी आदि पाल्ने तथा पानी पाइने ठाउँमा मकै, गहुँ, जौ, कपास, उखु, सुर्ती, सनपाट आदिको खेती गरिन्छ । |

**तपाईं कुनै भौगोलिक क्षेत्रको भ्रमणमा गएरप्रतिवेदन लेख्नुहोस्नुपर्‍यो भने तल दिइएको आधारमा लेख्न सकिन्छ ।**

अध्ययन क्षेत्रको परिचय

यो शीर्षकअन्तर्गत तपाईँ कुन ठाउँमा अध्ययन भ्रमणमा लागि जान लाग्नु भएको हो प्रस्टसँग उल्लेख गर्नुपर्छ । त्यो ठाँको भौगोलिक अवस्था, हावापानी, माटो आदिको अवस्था समावेश गर्नुपर्छ ।

अध्ययनको महत्त्व

अध्ययनको महत्त्व के छ किन गर्न लागिएको हो स्पष्टसँग उल्लेख गर्नुपर्छ ।

अध्ययनको उद्देश्य

आफूले के विषयको बारेमा अध्ययन गर्न लागेको हो स्पष्टसँग उल्लेख गर्नुपर्छ ।

तथ्याङ्कको विश्लेषण र व्याख्या

यसअर्न्तगत तथ्याङ्क सङ्कलन, तथ्याङ्कको विश्लेषण र व्याख्या जस्ता कुरा समावेश गर्नुपर्छ ।

निष्कर्ष र सुझाव अध्ययनबाट प्राप्त निष्कर्ष स्पष्टसँग उल्लेख गर्नुपर्छ । आश्यक केही सुझाव भए उल्लेख गर्नुपर्छ ।

पाठ ३

# समशीतोष्ण प्रदेश

## विषयवस्तु

समशीतोष्ण शब्द सम, शीत र उष्ण मिलेर बनेको छ । शाब्दिक रूपमा यो शब्दले धेरै गर्मी र धेरै जाडो हुने नहुने अवस्थालाई जनाउँछ । यो प्रदेश मानिस बस्न उपयुक्त छ । यसलाई अर्धोष्ण ( आधा गर्मी आधा जाडो हुने) प्रदेश पनि भनिन्छ । ३०° – ६०° अक्षांशभित्र दुवै गोलार्द्धमा समशीतोष्ण प्रदेश पर्छ । संसारका ठुला सहरहरू र वस्तीहरू यसै प्रदेशमा फैलिएका छन् । यहाँ उद्योग, व्यापारलगायत पर्यटन व्यवसाय, चलचित्र उद्योगजस्ता व्यवसायहरू फस्टाएका छन् । यहाँ विश्वका ठुला उद्योग, विश्वविद्यालय, आर्थिक एवम् व्यापारिक केन्द्रहरू, चलचित्र उद्याोग, पर्यटकीय क्षेत्रहरू समेत रहेकाले आर्थिक गतिविधि निकै उच्च स्तरको रहेको छ । यहाँका समुद्री किनाराहरूमा माछा मार्ने व्यवसाय ठुलो उद्योगकै रूपमा विकसित भएको छ । समशीतोष्ण हावापानीको क्षेत्रलाई पनि छ क्षेत्रमा विभाजन गर्न सकिन्छ । यस हावापानीको क्षेत्रमा मध्यम प्रकारको हावापानी पाइन्छ । उपयुक्त तापक्रम, पर्याप्त वर्षा, प्राकृतिक स्रोतको उपयोग, रोजगारीका अवसरहरूले गर्दा जनघनत्व बढी छ । संसारका विकसित देशहरू यही क्षेत्रअन्तर्गत पर्छन् । यो क्षेत्रअन्तर्गत पर्ने मुख्य हावापानीका क्षेत्रहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### १. भूमध्य सागरीय हावापानी

**(क) हावापानीको वितरण**

- **यसप्रकारको हावापानी उत्तरी गोलार्द्धमा ३०°-४५° अक्षांशभित्र र दक्षिणी गोलार्द्धमा ३०°-४०° अक्षांशभित्र भूमध्य सागर वरिपरि पाइन्छ ।**
- **यो हावापानी इरान, इराक, टर्की, लेबनान, इजरायल, इटाली, फ्रान्स, स्पेन, क्यालिफोर्निया, मध्य चिली, दक्षिण अफ्रिकाको दक्षिण पश्चिम भाग, अस्ट्रेलियाको दक्षिणी भाग तथा न्युजिल्यान्डको उत्तरी भाग तथा उत्तरी अफ्रिकाको भूमध्य सागर वरिपरि पनि पाइन्छ ।**

(ख) हावापानीको अवस्था

- ग्रीष्म र हिउँद दुईओटा ऋतुहरू हुन्छन् भने ग्रीष्म गर्मी र सुक्खा, हिउँद ठन्डा र आर्द्र हुन्छ ।
- ग्रीष्मको औसत तापक्रम २७° से. र हिउँदको १०° से. जति हुन्छ ।
- ग्रीष्ममा स्थल सतहबाट बहने सुक्खा वायुको प्रभावले गर्दा वर्षा हुँदैन तर हिउँदमा समुद्र सतहबाट वहने वाफिलो पश्चिमी वायुले गर्दा वर्षा हुन्छ ।
- ग्रीष्ममा आकाश स्वच्छ भई पानी पर्दैन हिउँदमा बदली हुने र सूर्यका किरण तेर्सो पर्ने हुँदा ठन्डा हुन्छ र वातावरण पनि रमाइलो हुन्छ ।
- पश्चिमी वायुको प्रभावले ४०-८० से. मि. जति वर्षा हुन्छ । हिउँदमा वर्षा हुने हुनाले यो हावापानीलाई हिउँदे झरीको हावापानी पनि भनिन्छ ।

चापको भिन्नताका कारण अग्लो ठाउँबाट होचो ठाउँतर्फ पानी बगे जस्तै हावा उच्च चापबाट निम्न चाप भएको क्षेत्र तथा केन्द्रतर्फ प्रवाह गर्छ । त्यस्तो हावालाई वायु वा बतास भनिन्छ । त्यो हावा जोडसँग बहन थाल्यो भने त्यसलाई हुरी, हुन्डरी, चक्रवात, आँधी, तुफान आदि भनिन्छ । हावा, बतास र हुरी, हुन्डरी, चक्रवात आदि क्रमश: तिनको गतिका आधारमा दिइएका नाम हुन् ।

स्थायी वायु वा ग्रहका वायु : स्थायी वा ग्रहका वायुको उत्पत्ति खास गरेर पृथ्वीको सतहमा अवस्थित हावाको चापको पेटीअनुसार हुन्छ । यसमा सालैभरि उच्च चाप पेटीबाट न्यून चाप पेटीतर्फ अविच्छिन्न रूपले एकै दिशातर्फ वायु बहन्छ ।

पश्चिमी वायु : यो वायु दुवै गोलार्धको २५° देखि ३५° को उपोष्ण उच्च चापको पेटीबाट उपध्रुवीय न्यून चापको पेटीतर्फ नियमित रूपले चल्छ । यो वायु उत्तर गोलार्धमा दक्षिण पश्चिमबाट उत्तर पूर्वतर्फ र दक्षिण गोलार्धमा उत्तर पश्चिमबाट दक्षिण पूर्वतर्फ बहन्छ । त्यसकारण यसलाई पश्चिमी वायु भनिन्छ ।

ध्रुवीय वायु : ध्रुवीय उच्च चाप क्षेत्रबाट उपध्रुवीय न्यून चाप क्षेत्रतर्फ नियमितरूपले चल्ने वायुलाई ध्रुवीय वायु भनिन्छ हो ।

आवधिक वायु : कुनै निश्चित समयाबधिभित्रमात्र चल्ने वायुलाई आवधिक वायु भनिन्छ । यस्ता आवधिक वायुको मुख्य कारण वार्षिक तथा दैनिक तापक्रममा भएको अन्तरका कारण हुन्छ । यी वायुमा मनसुनी वायु, सामुद्रिक वायु र जमिनको वायु वा स्थलीय वायु पर्छन् ।

आकस्मिक वायु : कुनै निश्चित दिशा र समयबिना अकस्मात् उत्पत्ति भएर बहने वायुलाई आकस्मिक वायु भनिन्छ । यस्तो वायुको समय र दिशा अनिश्चित भए पनि उत्पत्ति स्थल भने निश्चित हुन्छ । त्यही उत्पत्ति स्थलका आधारमा त्यस्ता आकस्मिक वायुलाई दुई समूहमा विभाजन गरिन्छ । भुमरी वा चक्रवात वा आँधी र उल्टो भुमरी वा उल्टो गरी दुई प्रकारका हुन्छन् ।

स्थानीय वायु : पृथ्वीको सतहका जमिनको तापीय परिवर्तका कारण उत्पन्न हुने वायुलाई स्थानीय वायु भनिन्छ । यसमा पर्वतीय वायु, बेँसी वायु जस्ता वायु पर्छन् ।

(ग) वनस्पति र वन्यजन्तु

- ग्रीष्म सुक्खा र गर्मी तथा हिउँद ठन्डा र आर्द्र हुने हुनाले अर्ध सदावहार वनस्पति र झाडीहरू पाइन्छन् ।
- यहाँ पाइने वनस्पतिहरू लामा जारा भएका, बाक्ला बोक्रा भएका, साना र चिप्ला पात भएका, डाँठमा काँडा भएका वनस्पतिहरू पाइन्छन् ।
- ओक, म्यापल, ओखर, ओलिभ, सल्लो आदि मुख्य वनस्पति हुन् ।
- रोडेन्ट, खरायो, मृग तथा लामा पुच्छर भएका र छोटो पखेटा भएका सिगल जस्ता चराचुरुङ्गी पाइन्छन् ।

(घ) आर्थिक क्रियाकलाप

- भूमध्य सागरीय क्षेत्रका मानिहरूको मुख्य आर्थिक क्रियाकलाप कृषि हो ।
- ग्रीष्म सुक्खा हुने हुनाले सिँचाइको माध्यमबाट गहुँ, जौ, मकै तथा फलफूल उत्पादन गरिन्छ ।

- **सुन्तला, कागती, अङ्गुर आदि फलफूल प्रशस्त उत्पादन हुने हुनाले यस हावापानीको क्षेत्रलाई संसारको बगैंचा पनि भनिन्छ ।**
- **उपयुक्त वातावरण र सिँचाइ सुविधा प्रशस्त भएको ठाउँमा धान र उखुको खेती पनि हुन्छ ।**
- **यस क्षेत्रमा पशुपालन, पर्यटन, उद्योग, वाणिज्य व्यापारको प्रशस्त विकास भएको छ । संसारमा उत्पादन हुने वाइनको ६५% वाइन यही क्षेत्रमा उत्पादन हुन्छ ।**

**(ङ) जनजीवनमा प्रभाव**

- **ग्रीष्म गर्मी र सुखा भएता पनि यो हावापानी मानव बसोबासका लागि उपयुक्त छ ।**
- **कृषि उद्योग वाणिज्य व्यापारको राम्रो विकास भएको हुनाले जनघनत्व उच्च छ ।**
- **आधुनिक सभ्यता, संस्कृति र प्रविधिको विकास भएको पाइन्छ ।**
- **प्राचीन सभ्यता र संस्कृतिका लागि पनि यो हावापानीअन्तर्गतका देशहरू प्रसिद्ध छन् ।**
- **यहाँ अन्य हावापानीको प्रदेशबाट मानिसहरू जाने क्रम तीव्र भएको पाइन्छ ।**
- **यस हावापानीको क्षेत्रमा पाइने अधिकांश  घरहरू प्राय: मुन्डा प्रकारका छन् ।**

## २. समशीतोष्ण मौसमी हावापानी

**(क) हावापानीको वितरण**

- यो हावापानी उत्तरी गोलार्द्धमा ३०° -४५° अक्षांशभित्र र दक्षिणी गोलार्द्धमा ३०° - ४०° अक्षांशभित्र महादेशको पूर्वी भागमा पाइन्छ ।
- यो हावापानी मध्य तथा उत्तरी चीन, जापान र कोरियाको दक्षिण भाग, अमेरिकाको दक्षिण पूर्वी भाग, दक्षिण ब्राजिल र अर्जेन्टिनाको उत्तरी भागमा पाइन्छ ।
- चीनमा विस्तृत क्षेत्रमा पाइने हुनाले यसलाई चिनियाँ प्रकारको हावापानी पनि भनिन्छ ।

**(ख) हावापानीको अवस्था**

- यस हावापानीको क्षेत्रमा ग्रीष्म गर्मी र आर्द्र तथा हिउँद ठन्डा र सुक्खा हुन्छ ।

- ग्रीष्मको औसत तापक्रम २५° से. र हिउँदमा ५° से. सम्म पुग्छ । तर ठाउँअनुसार तापक्रम घटिबढी हुन सक्छ ।
- ग्रीष्ममा समुद्रबाट बहने बाफिलो वायुको प्रभावले वर्षा हुन्छ ।
- यहाँको औसत वर्षा ५०-१५० से. मि. जति हुन्छ ।
- मौसमी वायुको प्रभावले ग्रीष्ममा वर्षा हुन्छ ।
- हिउँदमा स्थल सतहबाट बहने सुक्खा वायुले गर्दा वर्षा नगन्य मात्रमा हुन्छ ।

**(ग) प्राकृतिक वनस्पति र वन्यजन्तु**

- प्राकृतिक वनस्पति वर्षाको मात्रामा भर पर्छ तथापी यहाँ मिश्रित वनस्पति पाइन्छ ।
- बढी पानी पर्ने क्षेत्रमा पतझर वनस्पति तथा कम पानी पर्ने क्षेत्रमा कोणधारी वनस्पति र झाडी पाइन्छ । किम्बु, सल्लो, ओक, धुपी आदि मुख्य वनस्पति हुन् ।
- लोखर्के, भालु, स्याल, मृग, ब्वाँसो आदि वन्यजन्तु पाइन्छन् ।
- किम्बुका रूखहरू प्रशस्त पाइने हुनाले रेसम किरा पाल्ने काम हुन्छ ।

**(घ) आर्थिक क्रियाकलाप**

- कृषि यहाँको मुख्य क्रियाकलाप हो ।
- सिमी, चिया, जौ, सुर्ती, कपास, गहुँ, धान, मकै मुख्य खाद्यान्न बाली हुन् ।
- कृषि, वनस्पति र खनिजसँग सम्बन्धित उद्योगको विकास भएको पाइन्छ ।
- तटीय क्षेत्रका मानिसहरू माछा मार्ने व्यवसायमा पनि संलग्न भएको पाइन्छ ।
- रेसम खेती यहाँको अर्को मुख्य आर्थिक क्रियाकलाप हो ।

**(ङ) जनजीवनमा प्रभाव**

- हावापानी मानव बसोबासका लागि उपयुक्त छ त्यसैले यहाँका मानिसको जीवनस्तर उच्च छ ।
- पूर्वाधारका हिसाबले कृषि उद्योगको विकास भएको पाइन्छ ।

- यो क्षेत्र रेसम खेतीका लागि विश्व प्रसिद्ध छ । यहाँको आवादी पनि बाक्लो छ ।
- मानिसहरूको जीवनस्तर पनि तुलनात्मक रूपमा उच्च छ ।

## ३. समशीतोष्ण मुरुस्थलीय हावापानी

### (क) हावापानीको वितरण

- यसप्रकारको हावापानी भूमध्यरेखा देखि ३०° -४५° अक्षांशभित्र महादेशको भित्री तथा पश्चिमी भागमा पाइन्छ ।
- पाटागोनिया मरुभूमि, रकी पर्वतअन्तर्गत उच्च समस्थली, मंगोलिया तथा तुर्कमिनिस्तानमा पनि यसप्रकारको हावापानी पाइन्छ ।

### (ख) हावापानीको अवस्था

- ग्रीष्म र हिउँद दुईओटा ऋतुहरू हुन्छन् ।
- ग्रीष्म गर्मी हुन्छ र हिउँद अत्यन्त ठन्डा हुन्छ ।
- त्यसैले ग्रीष्म र हिउँदको तापान्तर धेरै हुन्छ । ग्रीष्मको औसत तापक्रम २७° से. र हिउँदको ०° से. भन्दा कम हुन्छ ।
- वार्षिक तापन्तर बढी हुनाले हावापानी विषम प्रकारको छ ।
- समुद्रदेखिको दुरी र पहाडको वृष्टि छायामा पर्ने हुनाले यहाँ वर्षा अत्यन्त कम हुन्छ ।
- ग्रीष्ममा चल्ने आँधी र संवाहनिक प्रक्रियाबाट १० देखि २५ से. मि. वर्षा हुन्छ तर हिउँद पूर्णरूपले सुक्खा हुन्छ र वर्षा अत्यन्त थोरै हुन्छ ।

### (ग) प्राकृतिक वनस्पति

हावापानी अनुपयुक्त प्रकारको छ । खस्रा घाँसहरू र पातमा काँडा भएको वनस्पतिहरू मात्र पाइन्छन् । यस्ता वनस्पति पनि कुनै मात्र पाइन्छन् । उँट, स्याल, मरुभूमिमा पाइने मुसाहरू यहाँ पाइने जनावरहरू हुन् ।

### (घ) आर्थिक क्रियाकलाप

- यस हावापानीको क्षेत्र पनि मानव बसोबासका लागि अनुपयुक्त छ ।

- मानिसहरू पशुपालन र कृषिमा निर्भर भएको पाइन्छ । भेडा, बाखा, उँट मुख्य जनावर हुन् ।
- पानी पाइने ठाउँमा खेती गरिन्छ ।
- कपास, जौ, गहुँ मुख्य बालीहरू हुन् ।
- यहाँ उन र छालाको पनि प्रशस्त उत्पादन हुन्छ ।

(ङ) **जनजीवनमा प्रभाव**

- हावापानी विषम प्रकारको छ ।
- यो मानव बसोबास लागि स्वस्थकर पनि छैन ।
- वाणिज्य र व्यापारको खासै विकास हुन सकेको छैन ।
- मानिसहरू फिरन्ते जीवन बिताउँछन् ।
- मानिसहरू आफ्ना पशुहरू लिएर घाँस पाउने ठाउँमा सर्ने गर्छन् ।
- अनुपयुक्त हावापानीको कारणले गर्दा आर्थिक विकास खासै हुन सकेको छैन ।

## ४. ठन्डा समशीतोष्ण सामुद्रिक हावापानी (ब्रिटिस प्रकारको हावापानी)

(क) **हावापानीको वितरण**

- यसप्रकारको हावापानी महादेशको पश्चिमी भागमा पाइन्छ ।
- उत्तरी गोलार्द्धमा ४५° -६०° अक्षांशमा र ४०° -५०° अक्षांशभित्र दक्षिणी गोलार्द्धमा यसप्रकारको हावापानी पाइन्छ ।
- यो हावापानी पश्चिमी युरोप, पश्चिम क्यानडा, दक्षिणी चिली, दक्षिण तास्मिनीया, दक्षिण न्युजिल्यान्डमा यसप्रकारको हावापानी पाइन्छ ।
- यसप्रकारको हावापानी विशेष गरेर पश्चिम युरोपमा पाइने हुनाले पश्चिमी युरोपिय प्रकारको हावापानी भनिन्छ ।

(ख) **हावापानीको अवस्था**

- यस हावापानीको क्षेत्रमा मधुरो हावापानी पाइन्छ ।

- यहाँ ग्रीष्ममा गर्मी पनि हुँदैन र हिउँदमा धेरै ठन्डा पनि हुँदैन ।
- यहाँको ग्रीष्मको औसत तापक्रम १५° से. तथा हिउँदको औसत तापक्रम ५° से. जति हुन्छ ।
- सामुद्रिक धारको प्रभावले गर्दा यस्तो अवस्था सिर्जना भएको हो ।
- समुद्रबाट बहने जलवायु युक्त पश्चिम वायुले गर्दा वर्षभरी नै वर्षा हुन्छ ।
- हिउँदमा आँधी बेहरी सहितको वर्षा बढी हुन्छ ।
- वर्षाको मात्रा पनि पश्चिमबाट पूर्वतिर क्रमशः घट्दै जान्छ ।
- यहाँको औसत वर्षा ७५ से. मि. देखि १५० से. मि. सम्म हुन्छ ।

(ग) **प्राकृतिक वनस्पति र वन्यजन्तु**

- यहाँ मिश्रित प्रकारको वनस्पति पाइन्छ ।
- पहाडी भागमा कोणधारी वनस्पतिहरू पाइन्छन् भने पहाडको फेदी र मैदानी भागमा पतझर वनस्पति पाइन्छ ।
- ब्रिच, म्यापल आदि मुख्य वनस्पतिहरू हुन् ।
- पोसिला घाँसहरू बढी वर्षा हुने ठाउँमा पाइन्छन् ।
- शाकाहारी जनावरहरू यस हावापानीको क्षेत्रमा पाइन्छन् ।
- मृग, खरायो, रोडेन्ट र विभिन्न चराचुरुङ्गीहरू यहाँ पाइन्छन् ।

(घ) **आर्थिक क्रियाकलाप**

- अधिकांश मानिसहरू व्यापार वाणिज्यमा संलग्न हुन्छन् ।
- थोरै मानिसहरू खेतीपाती गर्छन् । यहाँको कृषि आधुनिक प्रकारको छ ।
- यहाँ स्याउ, आलु, जौ, गहुँ आदि प्रशस्त उत्पादन हुन्छ । उच्च पहाडी भागमा भेडा, गाई पालन गरिन्छ भने तटीय क्षेत्रका मानिसहरू माछा मार्ने काममा संलग्न हुन्छन् ।

(ङ) **जनजीवनमा प्रभाव**

- यो हावापानी मध्यम खालको हुनाले मानव बसोबासका लागि उपयुक्त छ ।
- यहाँका मानिसहरू मिहिनेती र परिश्रमी पनि छन् ।
- यस हावापानीको क्षेत्रमा कृषि उद्योग वाणिज्य, कलाकौशल र व्यापारको राम्रो विकास भएको छ ।
- अनुकुल हावापानी र आर्थिक विकासले गर्दा आबादी बाक्लो छ ।
- मानिसहरूको जीवनशैली उच्च र आधुनिक प्रकारको छ ।

## ५. सेन्टलरेन्स वा मञ्चुरिया प्रकारको हावापानी

(क) **हावापानीको वितरण**

- यो हावापानी ४५°-६०° अक्षांशमा उत्तरी गोलार्द्धमा महाद्विपको पूर्वीभागमा मात्र पाइन्छ ।
- तर कदक्षिण गोलार्द्धमा यो अक्षांशभित्र जमिनको उपस्थिती नहुनाले त्यहाँ यो हावापानी पाइँदैन । यो हावापानी उत्तर अमेरिकाको लरेन्स र मन्चुरिया क्षेत्रमा पाइन्छ ।

(ख) **हावापानीको अवस्था**

- यहाँ दुईओटा ॠतुहरू पाइन्छ । ग्रीष्म न्यानो र आर्द्र तथा हिउँद ठन्डा र आर्द्र हुन्छ ।
- ग्रीष्मको औसत तापक्रम २१° से. तथा हिउँदको तापक्रम ०° से. भन्दा कम हुन्छ ।
- आँधी वेहरीले गर्दा वर्षभरि वर्षा हुन्छ । यहाँको औसत वर्षा ५० से. मि. देखि १०० से. मि. हुन्छ । हिउँदमा व्यापक रूपमा हिम पात हुन्छ ।

(ग) **वनस्पति र वन्यजन्तु**

- यस हावापानीको क्षेत्रमा मिश्रित वनस्पति पाइन्छ ।
- बढी उचाइमा कोणधारी वनस्पति र कम उचाइमा पतझर वनस्पति पाइन्छ ।
- म्यापल, ओक, ब्रिच मुख्य वनस्पतिहरू हुन् । घाँसे भूमिहरू पनि कतै कतै पाइन्छन् ।

- भालु, लोखर्के, स्याल, खरायो आदि वन्यजन्तु पाइन्छन् ।

(घ) **आर्थिक क्रियाकलाप**

- यो हावापानी मानव बसोबासका लागि स्वस्थ्यकर छ ।
- मानिस परिश्रमी र प्रगतिशील प्रकारका छन् । जनघनत्व मध्यम खालको छ ।
- सेन्टलरेन्स क्षेत्र मन्चुरियाभन्दा बढी विकसित छ ।
- यहाँको मुख्य आर्थिक क्रियाकलाप उद्योग र व्यापार हो ।
- मन्चुरिया क्षेत्रमा भने खेतीपाती पनि गरिन्छ । गहुँ, जौ, चुकन्दर, आलु प्रशस्त उत्पादन हुन्छ ।
- पशुपालन र माछा मार्ने आर्थिक क्रियाकलाप पनि हुन्छन् ।
- यहाँको मुख्य आर्थिक क्रियाकलाप उद्योग र व्यापार हो ।
- मन्चुरिया क्षेत्रमा भने खेतीपाती पनि गरिन्छ । गहुँ, जौ, चुकन्दर, आलु प्रशस्त उत्पादन हुन्छ ।
- पशुपालन र माछा मार्ने आर्थिक क्रियाकलाप पनि हुन्छन् ।

## ६. समशीतोषण घाँसे भूमि

(क) **हावापानीको वितरण**

- यो हावापानी उत्तरी गोलार्द्धमा ४५° देखि ६०° अक्षांशभित्र र दक्षिणी गोलार्द्धमा ३०° देखि ४०° अक्षांशभित्र महाद्वीपको भित्री भागमा पाइन्छ ।
- यो हावापानी मध्य एसिया, उत्तर अमेरिकाको केन्द्रीय मैदानी भाग, अर्जेन्टिना र दक्षिण अफ्रिका तथा अस्ट्रेलियाको दक्षिणी भागमा पाइन्छ ।

(ख) **हावापानीको अवस्था**

- यो हावापानी पाइने क्षेत्र ग्रीष्ममा धेरै गर्मी र हिउँदमा धेरै जाडो हुन्छ ।
- ग्रीष्मको औसत तापक्रम २७° से. र हिउँदमा ०° से. भन्दा कम हुन्छ ।
- वार्षिक तापान्तर हुनाले हावापानी विषम प्रकारको छ ।

- समुद्रभन्दा टाढा अवस्थित ठाउँमा वर्षा पनि थोरै हुन्छ ।
- यहाँ वर्षा प्रायः गरी ग्रीष्ममा र संवाहनिक क्रियाद्वारा हुन्छ ।
- हिउँदमा भने धेरै हिमपात हुन्छ । यहाँ वार्षिक वर्षा ४० से. मि. देखि ७५ से. मि. सम्म हुन्छ ।

(ग) **वनस्पति र वन्यजन्तु**

- अत्यन्त कम वर्षा हुने हुनाले यो हावापानी घाँसे मैदानका लागि प्रसिद्ध छ ।
- नरम र छोटा प्रकारका घाँसे मैदानका लागि प्रसिद्ध छ । यहाँ नरम र छोटा घाँसहरू पाइन्छन् ।
- तर घाँस अत्यन्त बाक्लो हुन्छ । घाँसे मैदानहरू विस्तृत क्षेत्रमा फैलिएका हुन्छन् ।
- घाँसहरू वसन्त ऋतुमा पाइन्छन् । यहाँ थोरै मात्र रूख पाइन्छन् ।

| महादेश | घाँसे मैदानको नाम |
|---|---|
| एसिया र युरोप | स्टेप्स |
| अफ्रिका | क्याम्पोस, भेल्ड |
| दक्षिण अमेरिका | पम्पास |
| उत्तर अमेरिका | प्रेरिज |
| अस्ट्रेलिया | डाउन्स |

- हरिण, मृग, खरायो, घोडा मर्सुपियल आदि शाकाहरी जनावर पाइन्छन् ।

(घ) **आर्थिक क्रियाकलाप**

- सिँचाइ सुविधा भएको ठाउँमा मात्र खेती गरिन्छ ।
- अधिकांश मानिसहरू पशुपालन र दुधजन्य उद्योगमा संलग्न भएको पाइन्छ ।
- अस्ट्रेलिया र अर्जेन्टिनामा भेडा र गाईपालन फस्टाएको छ ।
- कपास, तेलहन, सुर्ती, मकै, जौ, गहुँ जस्ता बाली उत्पादन गरिन्छ ।
- प्रशस्त मकै र गहुँ उत्पादन हुने हुनाले प्रेरीज क्षेत्रलाई खाद्यान्नको भाडो भनिन्छ ।

- यहाँको हावापानी गहुँ उत्पादनका लागि उपयुक्त मानिन्छ ।

(ङ) **जनजीवनमा प्रभाव**

- विषम हावापानी र हल्का वर्षा हुने हुनाले यस हावापानीको क्षेत्र कम विकसित छ ।
- कृषि, उद्योग, व्यापार जस्ता क्षेत्रहरूको खासै विकास हुन सकेको छैन ।
- यहाँ बस्ने केही मानिस अहिले पनि फिरन्ते जीवन बिताउँछन् ।
- जनघनत्व पनि अत्यन्त कम छ ।
- संयुक्त राज्य अमेरिका र क्यानडामा व्यावसायिक खेती र पशुपालन गरिन्छ ।
- यी देशहरू गहुँका मुख्य उत्पादक र निर्यातकर्ता हुन् ।
- यहाँ खेतीका लागि आधुनिक प्रविधि र सिपको प्रयोग गरिन्छ ।

## ७. ठन्डा समशीतोष्ण हावापानी

(क) **हावापानीको वितरण**

- यो हावापानी ६०°-७०° अक्षांशभित्र उत्तरी गोलार्द्धमा मात्र पाइन्छ ।
- यो हावापानी उत्तरी अमेरिकाको उत्तरी भाग, विशेष गरेर अलस्का, क्यानडा, साइबेरिया तथा स्केन्डिनेभियामा पाइन्छ ।
- साइबेरियामा प्रशस्त पाइने हुनाले यसलाई साइबेरियन प्रकारको हावापानी भनिन्छ ।

(ख) **हावापानीको अवस्था**

- यस हावापानीको क्षेत्रमा दुईओटा ॠतुहरू हुन्छ । ग्रीष्म छोटो र न्यानो तथा हिउँद लामो र ठन्डा हुन्छ ।
- सूर्यको किरण छड्के गरी पर्ने हुनाले यहाँ वर्षैभरि चिसो हुन्छ । ध्रुवीय वायुको प्रभावले चिसो हुन्छ ।
- ग्रीष्म २ वा ३ महिना र औसत तापक्रम १०° से. जति हुन्छ भने हिउँदमा अधिकतम -३५° पुग्छ । हिउँ परेर यहाँका नदी तालहरू जमेर बरफ बन्छन् ।

- तर पश्चिमी वायुको प्रभावले ग्रीष्म हल्का वर्षा हुन्छ । वर्षा २५ से. मि. भन्दा कम हुन्छ ।

(ग) **वनस्पति र वन्यजन्तु**

- यस हावापानीको क्षेत्रमा कोणधारी वनस्पति पाइन्छ ।
- यहाँ पाइने रूखहरू होचो, सियो जस्ता पात भएका र कोणधारी हुन्छन् ।
- धुपी, सल्लो आदि जातका रूख पाइन्छन् ।
- वनस्पति यस्तो हुनुको मुख्य कारण हिउँद पर्ने हुनाले यी रूख नरम जातका हुन्छन् ।

- त्यसैले कागज, सलाई, काठका सामान, खेलकुद सामग्री बनाउन प्रयोग गरिन्छ ।
- साईबेरिया र क्यानडामा पाइने यस्ता वनस्पतिलाई टाइगा भनिन्छ जुन कागज बनाउन प्रयोग गरिन्छ ।
- यहाँ बाक्लो रौँ भएका भालु, लोखर्के, हरिण जस्ता जनावरहरू पाइन्छन् ।

(घ) **आर्थिक क्रियाकलाप**

- यहाँ बस्ने मानिसको मुख्य पेसा काठ काट्ने हो ।
- यो हावापानी मानव बसोबासका लागि खासै उपयुक्त छैन् ।
- केही भागमा आलु, स्याउ, जौ, काउली उत्पादन गरिन्छ ।
- यहाँका मानिसहरू रुख काट्ने, जडीबुटी सङ्कलन गर्ने, सिकार खेल्ने तथा जनावरको रौँको व्यापार गर्ने काममा संलग्न हुने

(ङ) **जनजीवनमा प्रभाव**

- यो हावापानी बसोबासका लागि उपयुक्त छैन ।
- जीविकोपार्जनका लागि कडा परिश्रम गर्नु यहाँ बस्ने मानिसहरूको बाध्यता हो ।
- जनघनत्व कम छ र छरिएको छ । यहाँको माटो पनि खेतीका लागि उपयुक्त छैन ।
- त्यसैले मानिसहरूको जीवनशैली पनि परम्परागत प्रकारको छ ।

- यहाँका मानिस सिकार खेल्ने जनावरलाई पासोमा थाप्ने, जडीबुटी सङ्कलन गर्ने र रूख ढाल्ने जस्ता काममा संलग्न हुन्छन् ।

## अभ्यास

१. **दिएको तालिका पूरा गर्नुहोस् :**

| महादेश | घाँसे मैदानको नाम | विशेषता | आर्थिक महत्त्व |
|---|---|---|---|
| | | | |
| | | | |

२. भूमध्य सागरीय हावापानी समशीतोष्ण मौसमी हावापानीभन्दा कसरी फरक छ ?

३. समशीतोष्ण घाँसे भूमिको हावापानीका विशेषता लेख्नुहोस् ।

४. प्रेरिजलाई किन खाद्यान्नको भण्डार भनिन्छ ?

५. यदि तपाईं पम्पास क्षेत्रमा जानुभयो भने तपाईंले गर्ने चारओटा आर्थिक क्रियाकलाप के के हुन सक्छन् ? लेख्नुहोस् ।

६. भूमध्य सागरीय क्षेत्रका उद्योगहरूको सूची बनाउनुहोस् ।

७. किन भूमध्य सागरीय हावापानीको क्षेत्रलाई संसारको बगैंचा भनिन्छ ?

८. प्रेरिज, पम्पास र डाउन्समा हुने मुख्य आर्थिक क्रियाकलाप के के हुन् ?

९. विश्वका ठुला औद्योगिक र व्यापारिक सहरहरू समशीतोष्ण क्षेत्रमा नै विकास भएका छन्, किन ?

### लेखन सिप

**प्रश्न नं ५ को उत्तरका निम्ति निम्नानुसार गर्न सक्नुहुन्छ :**

समशीतोष्ण धेरै गर्मी र धेरै जाडो हुने नहुने हावापानीको अवस्थालाई जनाउँछ । यसप्रकारको हावापानी ३०$^\circ$ उत्तरी अक्षांशदेखि ६०$^\circ$ अक्षांशसम्म फैलिएको छ । यो हावापानी उत्तरी गोलार्द्धमा

४५० देखि ६०० अक्षांशभित्र र दक्षिणी गोलार्द्धमा ३०० देखि ४०० अक्षांशभित्र महाद्वीपको भित्री भागमा पाइन्छ । यो हावापानी मध्य एसिया, उत्तर अमेरिकाको केन्द्रीय मैदानी भाग, अर्जेन्टिना र दक्षिण अफ्रिका तथा अस्ट्रेलियाको दक्षिणी भागमा पाइन्छ । दक्षिण अमेरिकाको घाँसे मैदानलाई पम्पास भनिन्छ ।

- यहाँ प्रशस्त घाँस पाइने हुलाले व्यावसायिक पशुपालन गर्थे ।
- यहाँको हावापानी गहुँ उत्पादनका लागि उपयुक्त प्रकारको हुनाले गहुँ खेती गर्थे
- यो हावापानी पर्यटकको आकर्षक गन्तब्य हुनाले होटेल व्यवसाय सञ्चालन गर्ने थिए ।
- पशुजन्य उद्योग स्थापना गरेर निर्यात प्रवर्तन गर्थे ।

निष्कर्षमा मैले पम्पास क्षेत्रकम वसोवास गर्ने अवसर पाए माथि समावेश गरिएका आर्थिक क्रियाकलापमा संलग्न हुने थिए ।

**प्रश्न नं ९ को उत्तरका निम्ति निम्नानुसार गर्न सक्नुहुन्छ :**

समशीतोष्ण धेरै गर्मी र धेरै जाडो हुने नहुने हावापानीको अवस्थालाई जनाउँछ । यसप्रकारको हावापानी ३०° उत्तरी अक्षांशदेखि ६०° अक्षांशसम्म फैलिएको छ । यस हावापानीको क्षेत्रअर्न्तगत भूमध्यरेखीय हावापानीलगायतका क्षेत्र पर्छन् । विश्वका ठुला औद्योगिक र व्यापारिक सहर समशीतोष्ण क्षेत्रमा नै विकास हुनाका कारण यसप्रकार उल्लेख गर्न सकिन्छ :

- शीतल हावापानीले बस्न लायक बनाएको छ ।
- मानिसहरू जाँगरिला र मिहिनेती हुन्छन् ।
- यस्ता हावापानीमा मानिसहरू निरोगी हुन्छन् ।
- यस्ता मुलुकमा शिक्षा, कला, विज्ञान, प्रविधिको राम्रो विकास भएको छ ।
- आर्थिक क्रियाकलाप प्रशस्त सञ्चालन हुने हुनाले रोजगारीका अवसर पनि पर्याप्त छन् ।
- यहाँ सामुद्रिक यातायातको सुविधा उपलब्ध छ ।
- स्रोत साधनको उचित परिचालन पनि भएको छ ।

यसरी विश्वको ठुलो जनसङ्ख्या समशीतोष्ण क्षेत्रमा केन्द्रित छ र त्यहाँ ठुला औद्योगिक र व्यापारिक व्यापारिक सहर अवस्थित छन् ।

पाठ ४

# शीत प्रदेश

## विषयवस्तु

**उत्तरमा सुमेरु वृत्त र दक्षिणमा कुमेर वृत्तभन्दा बाहिर सूर्यको किरण सधैँ छड्के पर्ने हुनाले वर्षैभरि जाडो हुन्छ । ६० देखि ९० डिग्री अक्षांशसम्मको यो चिसो प्रदेशलाई शीत प्रदेश भनिन्छ । यहाँ वर्षैभरि जाडो हुन्छ । ध्रुवीय प्रदेशमा वर्षैभरि तापक्रम हिमाङ्कभन्दा ज्यादै तल झर्ने हुनाले जमिनको सतह प्राय : हिउँले ढाकिएको हुन्छ । यहाँ प्राय सुक्खा वायु बहने र धेरै चिसो हुने हुनाले वर्षा हुँदैन । बरु बादल सिधै हिउँमा परिणत भएर हिमपात हुन्छ । उत्तरी ध्रुवको समुद्री भाग र दक्षिणी ध्रुवको अन्टार्कटिका क्षेत्र यो हावापानीका मुख्य क्षेत्र हुन् । यस प्रदेशलाई तिन क्षेत्रमा विभाजन गर्न सकिन्छ :**

### साइबेरियन प्रकारको हावापानीको क्षेत्र

(क) **हावापानीको वितरण**

**साइबेरियन प्रकारको हावापानी सुमेरु र कुमेरु वृत्तको आसपासको क्षेत्रमा पाइन्छ । यो प्रकारको हावापानी उत्तरी गोलार्धको ६०° देखि ७०° अक्षांशमा पाइन्छ । यो हावापानी विशेष गरी उत्तरी रुसको साइबेरिया क्षेत्रमा पाइने हुनाले यसलाई साइबेरियन प्रकारको हावापानी पनि भनिन्छ । यो हावापानी क्यानडाको उत्तरी भागमा पनि पाइन्छ ।**

(ख) **हावापानीको अवस्था**

भूमध्य रेखाभन्दा टाढा पर्ने हुनाले यहाँ सूर्यको किरण छड्के गरी पर्छ । त्यसैले वर्षैभरि अत्यन्त ठन्डा हुन्छ । यस हावापानीको क्षेत्रमा ग्रीष्म र हिउँद दुईओटा ऋतुहरू हुन्छन् । ग्रीष्म छोटो र न्यानो हुन्छ । ग्रीष्म करिब दुई महिनाको हुन्छ । ग्रीष्मको औसत तापक्रम १०° से. भने हिउँद -४५° से. सम्म हुन्छ । अन्टारटिका क्षेत्रमा त वैज्ञानिक अनुसन्धानबाहेक अरू मानवीय गतिविधि हुँदैन । यहाँ ग्रीष्ममा २४ घण्टा नै सूर्यको किरण पर्छ भने हिउँदमा सूर्यको किरण नै पर्दैन । औसत वर्षा अत्यन्त कम हुन्छ । वृष्टि छायामा पर्ने हुनाले वर्षा हिउँको रूपमा हुन्छ ।

**(ग) प्राकृतिक वनस्पति र वन्यजन्तु**

अत्यन्त चिसो हावापानी हुनाले बोटबिरुवाका लागि उपयुक्त छैन । कम उचाइमा केही कोणधारी वनस्पति पाइन्छ । यहाँ काई, झ्याउ, लेउ आदि पाइन्छन् । ग्रीष्ममा छिटो फुल्ने फूल पाइन्छन् । ध्रुवीय भालु, ब्वाँसो, हरिण, चिरु, पेन्गुइन आदि मुख्य जनावर हुन् । यिनीहरूको रौँ बाक्लो हुने हुनाले सजिलै बाँच्न सक्छन् ।

**(घ) आर्थिक क्रियाकलाप**

यस हावापानीको क्षेत्र पूर्ण त हिउँले ढाकिएको हुन्छ । त्यसैले खेतीपाती सम्भव हुँदैन । तल्लो भागतिर कोणधारी वनस्पति पाइन्छन् । सिकार खेल्ने, माछा मार्ने, जनावरलाई पासो थाप्ने जस्ता गतिविधिमा यहाँ बस्ने मानिसहरू संलग्न हुन्छन् । साथै सिलको सिकार गर्छन् । यिनीहरू परम्परागत हतियार बल्छी, धनुकोण, डोरी, चक्कु आदिको सहयोगमा सिकार खेल्छन् ।

**(ङ) जनजीवनमा प्रभाव**

यो हावापानी मानव बसोबासका लागि अनुपयुक्त छ । इस्किमोज, लप्स, इकयुट आदि यहाँको मुख्य बासिन्दा हुन् । इस्किमोज ग्रिनल्यान्ड, लप्स स्केन्डेनेभिया र इन्युट उत्तर क्यानडा र अलस्कामा बसोबास गर्छन् । यिनीहरू परम्परागत हतियार प्रयोग गरेर सिकार खेल्ने, माछा मार्ने र पासो थापेर जनावरलाई पक्रिने जस्ता काम गर्छन् । जनावरहरूको मासु, छाला र रौँका लागि सिकार गर्छन् । छाला र हाडबाट बस्ने ठाउँ बनाउँछन् । जनघनत्व अत्यन्त कम छ । यहाँका मानिसको जीवनशैली परम्परागत छ । यिनीहरू हिउँदमा कडा हिउँबाट बनेको घरमा बस्छन् जसलाई इग्लु भनिन्छ । ग्रीष्ममा सिल र जनावरको छालाबाट बनेको टेन्टमा बस्छन् । जसलाई टुपिक भनिन्छ । यहाँ हरिण र ध्रुवीय कुकुर यातायातको साधनको रूपमा प्रयोग गरिन्छ । तर अहिले यिनीहरूको जीवनशैलीमा परिर्वतन आएको छ । काठका घरमा बस्ने, आधुनिक हतियारहरू प्रयोग गरेर सिकार खेल्ने, रूख ढाल्ने काममा संलग्न भएको पाइन्छ । हिउँमा चिप्लने यातायातको साधन पनि प्रयोग गर्छन् । यसरी यहाँ बस्ने मानिसहरूको जीवनशैलीमा परिवर्तन हुँदै आएको पाइन्छ ।

(ख) **टुन्ड्रा हावापानीको क्षेत्र**

**यस क्षेत्रमा सामान्यतया वर्षैभरि हिउँले ढाकेको हुन्छ । उत्तरी गोलार्धमा ७०° देखि ९०° अक्षांशसम्म टुन्ड्रा हावापानी पाइन्छ । यसलाई ध्रुवीय हावापानी पनि भनिन्छ । यहाँको तापक्रम ग्रिष्ममा माइनस २° देखि ५°सम्म र हिउँदमा माइनस ३५ देखि ४५° सम्म पुग्दछ । ग्रिष्मामा हिउँ पग्लेको समयमा त्यहाँका चट्टानमा काई, लेउजस्ता वनस्पति देखा पर्छन् । जसलाई टुन्ड्रा वनस्पति भनिन्छ । छिटो उम्रेर फुल्ने फूलहरू कहीँकहीँ पाइन्छन् । यस क्षेत्रमा हिउँदमा सूर्यको किरण नै नपर्ने हुँदा हिउँदभरिको एउटै रात हुन्छ । ग्रीष्ममा क्षितिजबाट सूर्य देखापर्ने हुँदा सूर्यको किरण ज्यादै छड्के पर्छ । ग्रिष्म ऋतुभरिको दिन हुन्छ । उक्त किरणले सतह तताउन सक्दैन । ध्रुवीय प्रदेशको भित्री भागमा ज्यादै चिसोका कारण वनस्पति र जीवजन्तु बाँच्न सक्दैनन् ।**

(ग) **ध्रुवीय हावापानीको क्षेत्र**

दक्षिण गोलार्धको अन्टार्कटिका क्षेत्रमा ६६° देखि ९०° सम्म यो हावापानी पाइन्छ । यहाँ वर्षैभरि अत्यन्त चिसो हुन्छ । यहाँको तापक्रम -४५° भन्दा पनि तल झर्छ । यहाँ पेन्गुइन, हिउँ भालु, हिम चितुवा र सिल माछाहरू पाइन्छन् । यहाँ मानव बसोबास छैन । वैज्ञानिक खोज अनुसन्धानका लागि अस्थायी रूपमा मानिस जाने गर्छन् ।

## अभ्यास

१. शीत प्रदेशको हावापानी वर्षैभरि चिसो हुन्छ ? किन ?

२. टुन्ड्रा क्षेत्रलाई अन्टार्कटिकाको हावापानीसँग तुलना गर्नुहोस् ।

३. इन्युट भनेको को हुन् ? तिनीहरू कसरी र काहाँ बस्छन् ?

४. उत्तरी गोलार्द्धको छेउछाउमा बस्ने मानिसहरूको जीवनशैली परम्परागत छ, किन ?

५. तपाईंको समुदाय र ध्रुवीय क्षेत्रमा बस्ने मानिसहरूको जीवनशैली र आर्थिक क्रियाकलापको तुलना गर्नुहोस् ।

६. इन्युट र एस्किमोहरूको पहिलेको अवस्था र अहिलेको अवस्थाबिच फरक छुट्याउनुहोस् ।

७. अन्टारकटीका वैज्ञानिक अध्ययनका लागि महत्वपूर्ण मानिन्छ, किन ?

८. शीत प्रदेशको जीवनशैली र आर्थिक क्रियाकलाप लेख्नुहोस् ।

९. शीत प्रदेशका जीवजन्तुहरू जाडोबाट कसरी जोगिन्छन् ? बुँदागत रूपमा लेख्नुहोस् ।

## लेखन सिप

**प्रश्न नं ९ को उत्तर**

उत्तरमा सुमेरु वृत्त र दक्षिणमा कुमेर वृत्तभन्दा बाहिर सूर्यको किरण सधैं छड्के पर्ने हुनाले वर्षैभरि जाडो हुन्छ । ६० देखि ९० डिग्री अक्षांशसम्मको यो चिसो प्रदेशलाई शीत प्रदेश भनिन्छ वा ध्रुवीय क्षेत्र भनिन्छ । शीत प्रदेशका जीवजन्तु जाडाबाट जोगिने उपाय यसप्रकार उल्लेख गर्न सकिन्छ

- ध्रुवीय प्रदेशका जीवजन्तुहरूको शरीरमा अत्यन्तै बाक्लो र पानीले नभिज्ने हुन्छन् ।
- ती भुवा जस्ता रौँहरूले पानीभित्र पनि न्यानो दिन सक्छ ।
- यहाँ पाइने जनावरहरूको शरीरमा प्रशस्त बोसो हुन्छ ।
- बोसोले शरीरलाई न्यानो राख्न मदत गर्छ ।
- सिल माछा र पेन्गुइन चरा पानी र हिउँ दुवै ठाउँमा बस्न सक्छन् ।

यसरी ध्रुवीय प्रदेशका जनावरहरू जाडाबाट जोगिन्छन् ।

## हावापानी, वनस्पति र वन्यजन्तु

हावापानी र वनस्पतिबिच प्रत्यक्ष सम्बन्ध हुन्छ त्यसैले हावापानीले वनस्पतिको स्वरूप र स्वभाव नियन्त्रण गर्छ । हावापानीअनुरूप वनस्पतिको स्वरूप, आकारप्रकार र विशेषता बनेको हुन्छ । भूमध्यरेखीय हावापानीको क्षेत्रमा वर्षैभरि वर्षा हुन्छ । बिरुवाका जराले अत्यधिक मात्रामा पानी शोषण गर्छ । बिरुवाले पातद्वारा पानीलाई वाष्पीकरण गरेर बाहिर फाल्नका निम्ति उष्ण प्रदेशका बिरुवाका पातहरू ठुला हुने र धेरै सङ्ख्यामा हुने गर्छन् । वर्षैभरि पानी परिरहने हुनाले यी वनस्पतिहरू सदावहार हुन्छन् । अत्यधिक गर्मीबाट जरा र डाँठलाई जोगाउनका निम्ति यहाँका वनस्पतिको टुप्पामा झ्याम्म परेका हुन्छ ।

मरुभूमि क्षेत्रमा भने कम वर्षा हुने हुँदा अत्यन्त सुक्खा हुन्छ । यसकारण त्यहाँ पानीको अभाव हुन्छ । वनस्पतिलाई आवश्यक पर्ने पानी जम्मा गर्न बरिुवाका लामा र धेरै जरा हुन्छन् । यसरी यसरी जम्मा पारेको पानी खेर नजाओस् भन्नाका निम्ति चिप्लो र्‍याल वा दुधजस्ता पदार्थका रूपमा

रूपमा डाँठमा पानी सञ्चय गरेर राख्दछन् । यसै गरी वाष्पीकरणबाट पानी खेर नजाओस् भनेर बिरुवाको पात नहुने तर भुस र काँडाहरू हुने गर्छन् । उच्च पहाडी र ध्रुवीय क्षेत्रमा धेरै चिसो हुने हुने हुनाले हिउँ पर्छ । हिमपातबाट जोगिनका निम्ति कोणधारी वनस्पति सियोजस्ता मसिना पात, लचकदार हाँगा र बाक्ला बोक्रा भएका हुन्छन् । हिउँदको सुक्खा समयमा  पानी जोगाउन मौसमी हावापानीको क्षेत्रमा पाइने पतझर वनस्पतिको  हिउँदमा पात झर्छ र वर्षा हुन थालेपछि पालुवा हाल्छन् । यसरी तापक्रम र वर्षाले वनस्पतिलाई नियन्त्रण गरिरहेका हुन्छ । कतिपय हावापानीको क्षेत्रलाई वनस्पतिका नामबाट पनि नामकरण गरेको पाइन्छ ।

हावापानीको वनस्पतिमा प्रत्यक्ष प्रभाव पर्छ। त्यसैले हावापानीअनुसार प्राकृतिक वनस्पति पनि फरक हुन्छन् । वनस्पति पूर्णत : हावापानीमा भर पर्छ भन्न सकिन्छ । उदाहरणको रूपमा भूमध्यरेखीय क्षेत्रमा गर्मी र ओसिलो हावापानी पाइने हुनाले सदावहार र घना जङ्गल पाइन्छ । यसै गरी पानी कम पर्ने हुनाले मरुस्थलीय क्षेत्रमा बाक्लो पात, काँडा भएका र लामा जरा भएका वनस्पति पाइन्छ । यस्तै उष्ण मनसुन हावापानीको क्षेत्रमा ग्रीष्म गर्मी र आर्द्र तथा हिउँद ठन्डा र सुक्खा हुनाले पतझर प्रकारको वनस्पति पाइन्छ । यसै गरी उचाइ बढ्दै जाँदा हावापानी पनि फरक हुन्छ र त्यहीँअनुसारका बोटबिरुवा पाइन्छन् । बोटबिरुवाको जात, प्रकार, सङ्ख्या र वन्यजन्तुको अवस्था हावापानीले निर्धारण गर्छ ।

## विश्वको प्राकृतिक वनस्पति

विश्वको प्राकृतिक वनस्पतिलाई सामान्यतया विभिन्न  प्रकारमा विभाजन गर्न सकिन्छ, जुन निम्नबमोजिम छ

१. भूमध्यरेखीय क्षेत्रमा पाइने सदावहार वनस्पतिलाई भूमध्यरेखीय वनस्पति भनिन्छ । यसलाई उष्णसदावहार वनस्पति पनि भनिन्छ । यहाँ अग्ला, ठुला पात भएका, टुप्पो झ्याम्म भएका सदावहार वनस्पतिहरू प्रशस्त पाइन्छन् ।

२. भूमध्यरेखीय क्षेत्रको ५ डिग्री देखि २० डिग्री अक्षांशभित्र वर्षा कम हुनाले घाँसका विशाल भूमि पाइन्छ, जसलाई उष्णतृण्भूमिको वनस्पति भनिन्छ ।  यहाँको घाँसहर अगला अग्ला हुन्छन् भने कतै कतै छाता आकारका ठुला ठुला रुखहरू पनि पाइन्छन् । प्रशस्त घाँस पाइने हुनाले विभिन्न प्रकारका जीवजन्तु, सरीसृप तथा चराचुरुङ्गी पनि पाइन्छन् । तयसैले  यस क्षेत्रलाई संसारको चिडियाखाना पनि भनिन्छ ।

३.	मरुभूभि क्षेत्रमा पानी अत्यन्त कम पर्ने हुनाले लामो जरा भएका, बाक्लो पात भएका सिउँडी जातका वनस्पतिहरू पाइन्छन् र यसप्रकारको वनस्पतिलाई उष्ण मरुथलीय वनस्पति भनिन्छ ।

४.	मनसुन तथा ठन्डा सामुद्रिक हावापानीको क्षेत्रमा हिउँदमा पात झर्ने वनस्पति पाइन्छ र यस्तो वनस्पतिलाई पतझर वनस्पति भनिन्छ । यहाँको वनस्पति भने उचाइअनुसार विविधता पाइन्छ अर्थात् उचाइ बढेअनुसार सदावहार, पतझर तथा कोणधारी वनस्पति पाइनु यहाँको वनस्पतिको मुखय विशेषता हो ।

५.	ध्रुबीय क्षेत्रको तल्लो भाग तथा उच्च पर्वतीय क्षेत्रमा मसिना पात भएका तथा त्रिकोण आकारका पनस्पतिहरू पाइन्छन् । यस्ता वनस्पतिलाई कोणधारी वनस्पति भनिन्छ ।

६.	समशीतोष्ण प्रदेशको भित्री भागमा हिउँदमा कम पानी पर्ने हुनाले बाक्लो घाँसेभूमि विस्तृत क्षेत्रमा फैलिएको वनस्पतिलाई समशीतोष्ण घाँसेभूमिको वनस्पति भनिन्छ । यस्ता घाँसेफाँटहर संयुक्त राज्य अमेरिका, क्यानडा, अर्जेन्टिना तथा अस्ट्रेलिया तथा ब्राजिलमा पाइन्छ ।

७.	ध्रुवीय क्षेत्रमा धेर चिसो हुने हुनाले हिउँ पग्लेका समयमा छिटो बढ्न र हुर्कने ससाना फूल, काई तथा लेउहरू पाइन्छन् । यस्ता वनस्पतिलाई टुन्ड्रा भनिन्छ ।

दिइएको तालिकामा हावापानी, वनस्पति र वन्यजन्तुबिचको अन्तर्सम्बन्ध उल्लेख छ :

| जङ्गल | हावापानी | वनस्पति | वन्यजन्तु |
|---|---|---|---|
| उष्ण सदावहार जङ्गल | वर्षैभरि गर्मी र आर्द्र हावापानी हुन्छ । वर्षा २०० से. मि. भन्दा बढी हुन्छ । | सदावहार छाता आकारका ठुला पात भएका, कडा जातका वनस्पति पाइन्छन् । रूखहरूमा हाँगा कम हुन्छ । टिक, रोजबड तथा महोगोनी आदि मुख्य वनस्पति हुन् । | हात्ति, बाघ, गैँडा, भालु, अजिङ्गर, गोही, मयुर, सर्प, बाँदर आदि जनावर पाइन्छ । |
| पतझर वनस्पति | ग्रीष्म आर्द्र र औसत हिउँद ठन्डा र सुक्खा हुन्छ । औसत वार्षिक | रूखहरूको ग्रीष्ममा पात हुन्छ तर हिउँदमा चिसो हुनाले पात झर्छ । वर पिपल बाँस ओक आदि वनस्पति | बाँदर, स्याल, चितुवा, भँगेरा, काग, जुरेली, ढुकुर आदि जनावर र |

| | | | |
|---|---|---|---|
| | वर्षा १०० से. मि. जति हुन्छ । | वनस्पति पाइन्छन् । | र चराहरू पाइन्छ । |
| कोणधारी जङ्गल | हावापानी ठन्डा हुन्छ र वार्षिक औसत वर्षा ५० से.मि. जति हुन्छ । | सदावहार कोणधारी सियो जस्तो पात भएका वनस्पति पाइन्छन् । वनस्पति नरम जातका हुन्छन् । सल्लो, धुपी ग्रोब्रेसल्लो मुख्य वनस्पति हुन् । | हिम चितुवा, भालु, हरिण र विभिन्न चरा पाइन्छन् । |

धरातलीय स्वरूप र हावापानीले मानिसको जनजीवनमा ठुलो प्रभाव पारेको हुन्छ । मानिसको संस्कृति, परम्परा, रहनसहन, धर्म, आर्थिक र सामाजिक गतिविधिमा पनि प्रभाव पारेको पाइन्छ ।

जाडो हावापानीमा बस्ने मानिसहरू सक्रिय हुन्छन्, मिहिनेती र परिश्रमी हुन्छन् भने गर्मी ठाउँमा बस्ने मानिसहरू अल्छी, कम मिहिनेती हुन्छन् । त्यसैले युरोपियनहरू बढी ऊर्जाशील छन् । नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ । यहाँ बस्ने मानिसहरू सक्रिय छन्, स्वस्थ छन् र मिहिनेती छन् । यसो हुनुको मुख्य कारण प्राकृतिक स्वरूप र हावापानीको चुनौतीले हो । त्यसैले शेर्पाहरू विश्व प्रसिद्ध पनि छन् ।

यस्तै गरी ध्रुवीय क्षेत्र र भूमध्यरेखीय क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवनशैली परम्परागत छ । उनीहरू फिरन्ते जीवन बिताउँछन् । प्राकृतिक वस्तुहरूमा भर पर्छन् । यसो हुनुको मुख्य कारण हावापानीको प्रभावले गर्दा हो । अमेजन बेँसीका लाल भारतीय र कङ्गो बेँसीका पिग्मिजहरूलाई पनि उदाहरणको रूपमा लिन सकिन्छ । तिनीहरूको जीवनशैली, रहनसहन र वेशभूषा परम्परागत र आदिम प्रकारको हुनुमा हावापानीले भूमिका खेलेको पाइन्छ । यिनीहरू सिकार खेल्ने, माछा मार्ने तथा कन्दमूल र जडीबुटी सङ्कलन कार्यमा संलग्न हुन्छन् । साथै फिरन्ते जीवन बिताउँछन् ।

समशीतोष्ण प्रदेशमा बसोबास गर्ने मानिसहरू तुलनात्मक रूपमा शिक्षित, सभ्य, प्रगतिशील छन् । अधिकांश विकसित देशहरू यही हावापानीको क्षेत्रमा पर्छन् । आधुनिक सभ्यता, खोज, अनुसन्धान तथा विज्ञान र प्रविधिको विकास यहीँ भएको छ । मानिसहरू सहरमा बस्छन् । उद्योग, व्यापार र सेवा जस्ता पेसामा संलग्न हुन्छन् । पूर्वाधारको विकास यहीँ भएको छ भने उपलब्ध स्रोत

स्रोत र साधनको प्रर्याप्त विकास भएको छ । युरोप, उत्तर अमेरिका र एसियाका केही देशहरूको मानिसहरू यस हावापानीको क्षेत्रमा बसोबास गर्छन् ।

इन्युटहरू क्यानडाको उत्तर भाग र उत्तरी रसियामा बसोबास गर्छन् । यो क्षेत्र विकासको दृष्टिकोणले पछि परेको छ । उनीहरू परम्परागत हातहतियारको प्रयोग गर्छन् । घरेलु हतियारको प्रयोग गर्छन् । लुगाहरू पनि जनावरको छालाबाट बनेको लगाउँछन् । उनीहरू जडीबुटी तथा कन्दमूलहरू सङ्कलन गर्छन् । जाडो महिनामा इग्लु र ग्रीष्ममा सिल, ह्वेल र हरिणको छालाबाट बनेको त्रिपालमा बस्छन् ।

मरुभूमि क्षेत्रमा बस्ने मानिसहरू खुला र पातलो लुगा लगाउँछन् । यसो गर्दा सूर्यको तापबाट जोगिन सक्छ । मरुभूमि क्षेत्रअन्तर्गत साउदी अरबका मानिसहरू इस्लाम धर्म मान्छन् । उनीहरूले मस्जिदमा गएर प्रार्थना गर्नु अनिवार्य मानिन्छ । उनीहरू पनि चन्द्रमा प्रति सकारात्मक देखिन्छन् । यसो हुनुको मुख्य कारण सूर्यको तापले पारेको प्रभावको परिणाम हो ।

## अभ्यास

१. हावापानी र वनस्पतिका प्रदेशहरू देखाउने तालिका बनाउनुहोस् ।

२. हावापानी र वनस्पतिबिचको सम्बन्ध उष्ण प्रदेशको उदाहरण दिई प्रस्ट पार्नुहोस् ।

३. कोणधारी वनस्पतिहरूको हाँगा लचकदार हुन्छ, किन ?

४. इन्युट र इस्किमो जातिहरू कसरी रेड इन्डियन र पिग्मिजभन्दा फरक छन् ? तालिकामा देखाउनुहोस् ।

५. मानवको जनजीवनमा हावापानीको प्रभाव परेको हुन्छ, कसरी ?

६. नेपालको हिमाली, पहाडी र तराई क्षेत्रको जनजीवन फरक पर्नाको कारणहरू उल्लेख गर्नुहोस् ।

## लेखन सिप

प्रश्न नं (१) का निम्ति पछाडिका पाठहरू, एटलस र पाठमा दिइएको नक्सा हेरी तलको तालिकामा दिइए जस्तो गरी लेख्न सकिन्छ :

| हावापानीको प्रदेशको नाम | वनस्पतिका प्रकार | पाइने स्थान | वनस्पतिका विशेषता | हावापानीको विशेषता |
|---|---|---|---|---|
| भूमध्यरेखीय हावापानीको प्रदेश | सदावहार वनस्पति | ब्राजिल, मध्यपश्चिम अफ्रिका, पूर्वीद्वीप समूह | सधैँ हरियो हुने ठुला पात, अग्ला, ठुला, कडा काठ भएका रुखहरू | सधै गर्मी हुने तथा अपराह्नमा मेघ गर्जन सहित भारी वर्षा |

प्रश्न नं (४) का निम्ति र इस्किमो जातिहरू तथा रेड इण्डियन र पिग्मिजबिचको भिन्नता यसप्रकार तालिकामा उल्लेख गर्न सकिन्छ ।

| इन्युट र इस्किमो जाति | रेड इन्डियन र पिग्मिज |
|---|---|
| • हिएको ढिक्काबाट बनेको घर इग्लु वा टुपिकमा बस्ने | • स्याउला तथा खरबाट बनेको घरमा बस्ने |
| • सिल माछा र हिउँ भालुको सिकार गर्ने | • जङ्गली जानवरको सिकार गर्ने |
| • अनुहार मात्र देखाउने गरी शरीर भरी बाक्लो र भूवादार लुगा लगाउने | • अत्यन्त कम लुगा लगाउने । प्राय: नाङ्गो शरीर हुने |
| • प्राय एकै स्थानमा बस्ने | • फिरन्ते जीवन विताउने |
| • अत्यन्त चिसो हावापानीमा बस्ने | • अत्यन्त गर्मी हावापानीमा बस्ने |

पाठ ५

# उत्तर अमेरिका

### परिचय




पृथ्वीमा रहेको जमिनको भागलाई महाद्वीप भनिन्छ र विश्वमा यस्ता महाद्वीपहरू छओटा छन् । यिनै महाद्वीपहरूलाई महादेश भनिन्छ । महादेश भनेको विस्तृत क्षेत्रमा फैलिएको जमिनको भाग भन्ने बुझिन्छ । संसारभरि यसता महादेशहरू चाहिँ सातओटा छन् । एसिया, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका, अन्टार्कटिक, युरोप र अस्ट्रेलिया हुन् । युरोप र एसिया महादेशहरू एउटै महाद्वीपमा पर्छन् जसलाई युरेसिया भनिन्छ । अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका, अस्ट्रेलिया र अन्टार्कटिका महाद्वीपहरू छुट्टाछुट्टै रहेका छन् । एसिया र अफ्रिकालाई स्वेज नहरले छुट्याएको छ भने उत्तर अमेरिका र दक्षिण अमेरिकालाई पनामा नहरले छुट्याएको छ । एसिया सबैभन्दा ठुलो महादेश हो भने अस्ट्रेलिया सबैभन्दा सानो महादेश हो । अन्टार्कटिका दक्षिण ध्रुवमा फैलिएको अत्यन्तै चिसो महाद्वीप हो । यसको सबै भूभागमा भूभागमा सूर्यको किरण वर्षैभरि छड्के पर्ने हुनाले अत्यन्तै चिसो हावापानी पाइन्छ । यहाँको सबै जमिन र समुद्री किनारासमेत हिउँले ढाकेको हुन्छ । एसिया, युरोप र उत्तर अमेरिका उत्तरी गोलार्द्धमा फैलिएका छन् भने अफ्रिका र दक्षिण अमेरिकालाई भूमध्यरेखाले काटेको हुँदा यिनीहरू उत्तरी र दक्षिणी दुवै गोलार्द्धमा फैलिएका छन् । अस्ट्रेलिया पुरै दक्षिणी गोलार्द्धमा पर्छ । यी महाद्वीपहरूको बिचबिचमा महासागर रहेका छन् ।

### उत्तर अमेरिका : प्राकृतिक स्वरूप र वातावरण

#### (क) उत्तर अमेरिकाको परिचय र अवस्थिति

- उत्तर अमेरिका तेस्रो ठुलो महादेश हो र यस महादेशको क्षेत्रफल लगभग २ करोड ४२ लाख २७ हजार वर्ग कि. मि.छ ।
- उत्तरी अमेरिका उत्तरी गोलार्द्धमा पर्छ ।

- पूर्वमा आन्ध्र महासागर र पश्चिमी भागमा प्रशान्त महासागर अवस्थित छ ।
- उत्तर अमेरिका ७° उत्तर देखि ८४° उत्तरी अक्षांश सम्म फैलिएको छ ।
- यस महादेशको उत्तरमा सुमेरु रेखा पर्छ भने कर्कट रेखा दक्षिणी भाग भएर गएको छ ।
- यस महादेशको अधिकांश भूभाग समशीतोष्ण मण्डलमा पर्छ ।
- यस महादेशलाई बेरिङ स्ट्रेटले एसियासँग र पानामा नहरले दक्षिण अमेरिकासँग छुट्याएको छ ।
- यहाँका आदिवासी इन्युट हुन् र उनीहरू बेरिङ स्ट्रेटबाट उत्तर अमेरिका प्रवेश गरेका थिए ।
- यो महादेश क्रिस्टोफर कोलम्बसले पत्ता लगाएका थिए ।
- अमेरिका पत्ता लगाएपछि युरोपियनहरू पूर्वी भागबाट प्रवेश गरेर पश्चिमतिर बसाइँ सर्दै गए ।
- अफ्रिकाबाट कामदारको रूपमा निग्रोहरू ल्याइयो ।
- यसरी उत्तर अमेरिकामा संसारका धेरै जाति, धर्म र संस्कृति मान्ने मानिसहरू यहाँ बसोबास गरेको पाइन्छ ।

### भौतिक वा प्राकृतिक स्वरूप

**भौतिक स्वरूपको आधारमा उत्तर अमेरिकालाई पाँच भागमा विभाजन गर्न सकिन्छ । जसअन्तर्गत पश्चिमी उच्चभूमि, केन्द्रीय मैदानी भाग,क्यानडाको ढाल, पूर्वी उच्चभूमि तथा क्यारेबियन क्षेत्र पर्छन् ।**

**पूर्वी उच्च भूमि**

- पूर्वी उच्च भूमि फ्लोरिडादेखि न्युफाउन्डल्यान्डसम्म फैलिएको छ र यो पुरानो मोडदार पर्वत हो ।
- यो उच्च भूमि ग्रिनल्यान्डको उच्च समस्थल, क्यानेडियन ढाल र अप्लेचियन उच्च भूमि मिलेर बनेको छ ।
- अप्पलेचियन उच्च भूमि सेन्ट लरेन्स भन्दा दक्षिणतिर अवस्थित छ ।

- यो उच्च भूमिको पूर्वी भागमा आन्ध्र महासागरको तटीय मैदानी माग अवस्थित छ ।

**केन्द्रीय मैदानी भाग**

- केन्द्रीय मैदानी भाग मेक्सीको खाडीदेखि हडसनको खाडीसम्म फैलिएको छ ।
- पूर्वी उच्च भूमि र पश्चिमी उच्च भूमिको बिचमा अवस्थित छ ।
- नदी र हिमनदीले बगाएर ल्याएका पदार्थहरूबाट बनेको छ ।
- हड्सनको खाडीको वरिपरिको क्षेत्रलाई क्यानेडियन ढाल भनिन्छ ।
- दक्षिणी भाग मिसिसिपी नदीको बेँसीमा अवस्थित छ ।
- बिच भागमा घाँसे भूमि पाइन्छ जसलाई प्रेरिज भनिन्छ ।
- यो क्षेत्र पशुपालन र खेतीका लागि प्रसिद्ध छ ।

**क्यानेडियन ढाल**

- यो उत्तर अमेरिकाको अर्को महत्त्वपूर्ण भाग मानिन्छ ।
- यो भाग केन्द्रीय मैदानी भागको उत्तरतिर अवस्थित छ ।
- हिउँदमा बाक्लो हिउँ पर्छ भने ग्रीष्ममा छिटो बढ्ने खालका वनस्पति पाइने हुनाले चिरुहरू प्रशस्त पाइन्छन् ।
- यो भाग विभिन्न प्रकारको खनिजहरूका लागि प्रसिद्ध छ ।

**पश्चिमी उच्च भूमि**

- यस महादेशको पश्चिमी भागमा पश्चिमी उच्च भूमि पर्छ ।
- यो उच्च भूमि अलस्कादेखि पानामा सम्म फैलिएको छ र यसलाई रकी पर्वत श्रेणी पनि भनिन्छ जुन ६,४०० कि. मि. लामो छ ।
- यसअन्तर्गत ग्वाटेमाला, होन्डुरस, निकारागुवा, कोस्टारिका तथा पानामाको ज्वालामुखी पर्वत श्रेणी पनि पर्छ ।
- यो उच्च भूमि १,५०० कि. मि. फराकिलो छ ।
- यसअन्तर्गत धेरै पर्वत श्रेणीहरू अवस्थित छन् ।
- पूर्वी भागमा रकी पर्वत श्रेणी पर्छ । उत्तरमा अलस्का श्रेणी र दक्षिणमा तटीय पवर्त श्रेणी तथा विच भागमा क्यासकेड पर्वत श्रेणी पर्छ ।

- यी पर्वत श्रेणीका बिचमा थुप्रै उच्च समस्थलीहरू छन् ।
- कोलोराडो नदीले बनाएको ग्रान्ड क्यानन (१,८२९ मि. गहिरो) यहीँ पर्छ ।
- सारा नेवेदाको पूर्वमा मृत उपत्यका पर्छ । यो उत्तर अमेरिकाको मरुभूमि क्षेत्र पनि हो ।
- यस उच्च भूमिअन्तर्गत थुप्रै पर्वत चुचुराहरू जस्तै म्याकिन्ले, लगुनलगायतका पर्वत श्रेणी छन् ।
- म्याकिन्ले (६,१९० मि.) उत्तर अमेरिकाको सबैभन्दा अग्लो पर्वत हो । यो क्षेत्र भूकम्प र ज्वालामुखी विस्फोटनको मुख्य क्षेत्र हो ।
- यो क्षेत्रको तटीय भाग कलिलो माटाबाट निर्मित छ ।

**क्यारेबियन क्षेत्र**

- उत्तर अमेरिकाको दक्षिणी भागको आन्ध्र महासागरमा अवस्थित द्विप समूह
- यस द्वीप समूहमा ७००० भन्दा बढी टापुहरू
- यहाँको मैदानी भाग कृषिका लागि उपयुक्त

**नदी र ताल**

- मिसिसिपी यहाँको सबैभन्दा महत्त्वपूर्ण नदी हो र यो मेक्सीकोको खाडीमा गएर मिसिन्छ । मिसौरी र अर्कान्सस यसका सहायक नदीहरू हुन् ।
- नेल्सन र म्यानकेन्जाई नदी सुमेरु महासागरमा मिसिन्छन् ।
- युकेन, कोलोराडो, फ्रेसर र कोलोम्बिया नदी प्रशान्त महासागर र सेन्ट लरेन्स संसारकै व्यस्त नदी हो जुन आन्ध्र महासागरमा गएर मिल्छ ।
- नदीहरूले मलिलो मैदान निर्माण गरेको पाइन्छ ।
- उत्तर अमेरिकाका मुख्य तालहरूमा सुपेरियर, हुरन, इरी, ओन्टेरियो, मिचिगन हुन् र यी ताल अवस्थित क्षेत्रलाई ठुलो तालको क्षेत्र भनिन्छ ।
- इरी र आन्टेरियोको बिचमा नायगर झरना अवस्थित छ ।

**हावापानी र वनस्पति**

१. यस महादेशको अक्षांशीय विस्तारले हावापानीमा विभिन्नता पाइन्छ ।

२. यस महादेशको अधिकांश भाग समशीतोष्ण प्रदेशमा पर्छ  तर दक्षिणतिर उष्ण मण्डल र उत्तरतिर शीत मण्डल पनि पर्छ ।

३. महादेशको उत्तरी भागमा वर्षैभरि ठन्डा हुन्छ । यहाँ टुन्ड्रा हावापानी पाइन्छ । क्यानडाको पश्चिमी तटीय भाग र संयुक्त अमेरिकाको उत्तरी भागमा मधुर हावापानी पाइन्छ ।

४. बिचको मैदानी भागमा साशीतोष्ण घाँसेभूमि प्रकारको हावापानी पाइन्छ । ग्रीष्म अत्यन्त गर्मी र हिउँद अत्यन्त ठन्डा हुन्छ ।

५. सेन्ट लरेन्स नदीको वरिपरि वर्षैभरि वर्षा हुन्छ र सेन्ट लरेन्स प्रकारको हावापानी पाइन्छ । क्यालिफोर्नियामा हिउँदमा मात्र वर्षा हुन्छ र मरुस्थलीय हावापानी पाइन्छ ।

६. क्यारिबियन क्षेत्र तथा फ्लोरिडामा उष्ण मौसमी प्रकारको हावापानी पाइन्छ ।

७. दक्षिण पूर्वीभागमा चक्रवातको कारणले ग्रीष्ममा मात्र वर्षा हुन्छ ।

८. दक्षिणी भागमा वर्षैभरि गर्मी र आर्द्र हुन्छ ।

९. प्राकृतिक वनस्पति हावापानी, माटो र प्राकृतिक स्वरूपमा भर पर्छ र यही कारणले वनस्पतिमा विभिन्नता पाइन्छ ।

१०. उत्तरी भागमा टुन्ड्रा वनस्पति र कोणधारी जङ्गल पाइन्छ ।

११. यो भागमा हिउँद अत्यन्त ठन्डा र लामो तथा ग्रीष्म छोटो र मधुरो हावापानी हुन्छ र यहाँ छिटो फुल्ने वनस्पति र कोणधारी जङ्गल पाइन्छ ।

१२. उत्तर अमेरिकाको मध्य भागमा विस्तृत घाँसे मैदान पाइन्छ । यहाँ पाइने घाँसे मैदानलाई पेरीज भनिन्छ र यस क्षेत्रमा कम वर्षा हुने हुनाले बाक्लो र छोटो घाँसहरू मात्र पाइन्छन् ।

१३. सेन्टलरेन्स नदी र संयुक्त राज्य अमेरिकाको दक्षिण पूर्वी भागमा मिश्रित वनस्पति पाइन्छन् । यहाँ मुख्यतया पतझर र कोणधारी वनस्पति पाइन्छन् ।

१४. यसै गरी वेस्ट इन्डिज क्षेत्रमा उष्ण सदावहार वनस्पति पाइन्छन् ।

### उत्तर अमेरिकाको जनजीवन र आर्थिक क्रियाकलाप

उत्तर अमेरिका विविधताले भरिपूर्ण महादेश मानिन्छ । त्यसैले जातजाति तथा संस्कृतिमा विविधता हुनु सामान्य पनि हो । उत्तर अमेरिकामा विभिन्न जातजाति, संस्कृति र परम्परा भएका मानिसहरू बसोबास गर्छन् । संयुक्त राज्य अमेरिकामा करिब १२% मानिसहरू अफ्रिकाबाट आएका

आप्रवासीहरू बसोवास गर्छन् । तिनका पुर्खाहरूलाई कामदारको रूपमा ल्याइएको थियो । यहाँका अधिकांश मानिसहरू भने युरोपबाट सरेर आएका हुन् भने धेरै एसियन मूलमा मानिसहरूको पनि यहाँ बसोबास पाइन्छ । क्यानडा संसारको दोस्रो ठुलो देश हो । यस महादेशको करिब ४१% भूभाग भूभाग क्यानडाले ओगटेको छ । यो देश उत्तरी भागमा अवस्थित छ । युरोपियनहरू त्यहाँ आउनुभन्दा अघि इन्युट जातका मानिसहरू बसोबास गर्थे । उनीहरू क्यानडाको उत्तरी भागमा बसोबास गर्थे । धेरै बिद्वानहरूले बेरिङ स्ट्रेट पार गरेर एसियाबाट क्यानडा प्रवेश गरेको अनुमान गरेका छन् । यिनीहरूको जीवनस्तर प्रारम्भिक खालको छ । परम्परागत जीवनशैली छ । तर पछि बेलायत फ्रान्सबाट मानिसहरू क्यानडा बसाइँ सरे । उनीहरूले आधुनिक शैली भित्र्याए । यसै क्रममा एसिया युरोपबाट थुप्रै मानिसहरू बसाइँ सरेर क्यानडामा बसोबास गर्न थाले । अहिले संसार संसार भरिकै मानिसहरू क्यानडामा बसोबास गरेको पाइन्छ । यस्तै क्यारेबियन क्षेत्रमा अफ्रिकी तथा तथा स्पेनी मूलका साथै अन्य विभिन्न जातिहरूको वसोवास पाइन्छ । यो महादेशमा अधिकांश मानिसहरू इसाई धर्म मान्छन् । यो बाहेक इस्लाम, बुद्ध तथा हिन्दुधर्म मान्ने मानिसहरूको पनि बसोवास रहेको पाइन्छ ।

**उत्तर अमेरिका संसारका सबै देशका मानिसका लागि सपनाको देश भएको छ किनकि यहाँ संसारभरिका मानिसहरूको जाने चाहना हुन्छ । दक्ष जनशक्ति र प्राकृतिक स्रोत साधनको उपयोगले गर्दा क्यानडा र संयुक्त राज्य अमेरिकामा प्रशस्त आर्थिक विकास भएको छ । तसर्थ क्यानडा र संयुक्त राज्य अमेरिकाको आर्थिक सामाजिक जनजीवनले त्यस महादेशको प्रतिनिधित्व गर्छ । उत्तर अमेरिका प्राकृतिक स्रोत साधनले धनी र अनुकूल हावापानी भएका हुनाले संसारमै विकसित र सम्पन्न महादेश मानिन्छ । आर्थिक विकासको दृष्टिकोणबाट हेर्दा यो महादेशले अनुकरणीय प्रगति गरेको पाइन्छ । यहाँ प्राकृतिक स्रोत साधनका साथै मानवीय संसाधनको अधिकतम उपयोग भाएको छ ।**

**कृषि : यो महादेशमा करिब पाँच प्रतिशतभन्दा कम मानिसहरू संयुक्त राज्य अमेरिकाका धेरै जसो मानिसहरू कृषिमा लागे पनि यहाँको कृषि उत्पादनले सिङ्गै उत्तर अमेरिका र युरोप तथा एसियासम्मको खाद्यान्नको आवश्यकता पूरा गर्न सहयोग गरेको छ । यहाँको केन्द्रीय मैदानी भागमा गहुँ तथा मकैको खेती गरिन्छ । यहाँ आधुनिक प्रविधिको प्रयोग गरेर व्यावसायिक कृषि गरिन्छ । आधुनिक किसिमले फलफूल र तरकारी खेती गरिन्छ । संयुक्त राज्य अमेरीकाको दक्षिण पूर्वी भागमा कपास, दक्षिणी भागमा सुर्ती र खाडी क्षेत्रमा उखु खेती प्रशस्त गरिन्छ । यसै गरी**

क्यालिफोर्निया क्षेत्रमा प्रशस्त अङ्गुर, सुन्तला, कागती आदि पनि उत्पादन गरिन्छ । क्यानडाको पूर्वी र पश्चिमी भागमा भने आलु र स्याउ उत्पादन हुन्छ ।

उद्योग : उद्योग उत्तर अमेरिकाको अर्को महत्त्वपूर्ण आर्थिक क्रियाकलाप मानिन्छ ।यहाँ उपलब्ध प्राकृतिक स्रोत साधनको प्रभावकारी उपयोग भएको छ । यहाँ पर्याप्त मात्रामा दक्ष जनशक्ति उपलब्ध भएको र आवश्यक जनशक्ति विदेशबाट समेत आयात गरेर आर्थिक गतिविधिलाई अघि बढाइरहेको पाइन्छ । यहाँ फलामका ठुला ठुला खानीहरू हुनाले त्यसको उपयोग हवाईजहाज, पानीजहाज, कारखानाका मेसिनहरू र गाडीहरू निर्माणका लागि भएको पाइन्छ । यसबाहेक कृषि, फलफूल तथा पशु र काष्ठ उद्योगको पनि विकास भएको पाइन्छ ।

खनिज : उत्तर अमेरिकामा प्रशस्त मात्रामा निकेल, जस्ता, फलाम, सुन, युरेनियम, प्लाटिनम आदि खनिज पदार्थहरू पाइन्छन् । यहाँ पेट्रोल र ग्यासका खानीहरू पनि रहेका छन् ।

मत्स्य व्यवसाय : न्युफाउन्डल्यान्डको समुद्री क्षेत्रमा भारतका लागि प्लेङ्टन नामक पोसिलो आहारा पाइने हुँदा प्रशस्त माछा हुन्छन् । उत्तरी पूर्वको खाडी क्षेत्र र तटीय क्षेत्रमा माछा मार्ने व्यवसाय फस्टाएको छ । यहाँबाट माछा सङ्कलन गर्ने कार्य पनि आधुनिक किसिमले गरिन्छ ।

पशुपालन : उत्तर अमेरिकाको विभिन्न ठाउँमा ठुलो सङ्ख्यामा गाईवस्तु र बङ्गुर पालिन्छ । ती गाईहरू दुध र मासुका लागि अलगअलग पालिन्छन् । दुध दुहुने कार्य मेसिनले गरिन्छ । दुध पाइपको माध्यमबाट जम्मा गरी चिजलगायतका प्रशोधन कारखानामा पुऱ्याइन्छ । मासुलाई प्रशोधन गरी तयारी, अर्ध तयारी र काँचो रूपमा बट्टामा प्याकिङ गरी विश्वबजारमा पुऱ्याइन्छ ।

जनशक्तिको विकास : संयुक्त राज्य अमेरिका र क्यानडाले आफ्नो देशमा जनशक्तिको आपूर्ति गर्नका निम्ति बर्सेनि एसियालगायतका अन्य महादेशहरूबाट हजारौँ व्यक्तिलाई बसोवासको अनुमति (Diversity Visa -DV) प्रदान गर्छ । नेपालबाट मात्र हरेक वर्ष करिब दुईहजार व्यक्ति DV मार्फत अमेरिकामा स्थायी बसोबासका लागि जाने गर्छन् ।

सेवा क्षेत्र : यहाँ कला, साहित्य, खेलकुद, विज्ञान प्रविधिको राम्रो विकास भएको छ । यहाँ विश्वकै उच्च स्तरका अध्ययन र अनुसन्धान हुने गरेका छन् । विज्ञान र अन्तरीक्ष अध्ययन गर्ने सबैभन्दा ठुलो केन्द्र नासा यहीँ रहेको छ । मानिसहरू खाली हात बस्दैनन् । सरकारी र गैरसरकारी कार्यालयमा कर्मचारिको रूपमा काम गर्नेको सङ्ख्या पनि निकै ठुलो रहेको छ । कुनै न कुनै

**काममा व्यस्त भइरहने उनीहरूको संस्कार नै बनिसकेको छ । यस्ता गतिविधिका कारण सेवा क्षेत्रमा पनि ठुलो जनसङ्ख्या रहेको छ । उनीहरू समयलाई अत्यन्त महत्त्व दिन्छन् ।**

**पर्यटन : पर्यटन व्यवसहाय अमेरिकाको अर्को महत्त्वपूर्ण आर्थिक गतिविधि हो । यहाँ प्रशस्त पर्यटकीय स्थानहरूको विकास गरिएको छ । अमेरिकन र क्यानेडियनहरूले सप्ताहको अत्यमा बिदा मनाउनुलाई आफ्नो संस्कृति नै बनाइसकेका छन् ।**

**काठको व्यवसाय : उत्तरी क्यानाडमा काठ काट्ने, ओसार्ने र काठबाट विभिन्न वस्तु उत्पादन गर्ने व्यवसाय निकै उच्च स्तरमा फस्टाएको छ । यहाँ कागज, फर्निचर, निर्माण सामग्रीलगायतका वस्तु काठबाट उत्पादन गरिन्छ ।**

## अभ्यास

१. उत्तर अमेरिकाको भौगोलिक अवस्थाको वर्णन गर्नुहोस् ।

२. उत्तर अमेरिकामा पाइने हावापानीको परिचय दिनुहोस् ।

३. उत्तर अमेरिकामा पाइने वनस्पतिको परिचय दिनुहोस् ।

४. उत्तर अमेरिकाका आर्थिक अवस्था समृद्ध हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।

५. "संयुक्त राज्य अमेरिका र क्यानडाको पश्चिमी क्षेत्रभन्दा पूर्वी क्षेत्र बढी विकसित छ" कारण उल्लेख गर्नुहोस्

६. उत्तर अमेरिकाको आर्थिक क्रियाकलापको सूची बनाउनुहोस् ।

७. उत्तर अमेरिकाको सामाजिक जनजीवनका बारेमा छोटो टिप्पणी लेख्नुहोस् ।

८. उत्तर अमेरिकाको बनाई निम्नलिखित तथ्यहरू उपयुक्त सङ्केतको प्रयोग गरी भर्नुहोस् । ग्रिनल्यान्ड, अलास्का, हड्सन खाडी, कोणधारी जङ्गल क्षेत्र, अपलेचियन पर्वत, प्रेरिज घाँसो भूमि, रकी पर्वत श्रेणी, क्यालिफोर्निया खाडी, क्यालिफोर्निया मरुभूमि, मेक्सिको खाडी, ग्रेट लेक्स

**५. "संयुक्त राज्य अमेरिका र क्यानडाको पश्चिमी क्षेत्र भन्दा पूर्वी क्षेत्र बढी विकसित छ," कारणहरू उल्लेख गर्नुहोस् ।**

उत्तर अमेरिकाको महत्त्वपूर्ण देशको रूपमा संयुक्त राज्य अमेरिका र क्यानडा पर्छन् । तथापि यी देशहरूको पश्चिमी भाग कम विकसित तथा पूर्वी भाग बढी विकसित छ ।

**पश्चिमी क्षेत्रमा कम विकास हुनाका कारण**

- पशिचिमी क्षेत्रमा रकी पर्वत श्रेणी भएकाले यातायातको विकासमा समस्या
- त्यहाँ अमेरिकाको मरुभूमि क्षेत्र पनि अवस्थित
- साँघुरो समुद्रको किनारी भाग र वृष्टि छायामा पर्ने
- प्राकृतिक स्रोत साधनको कमी/उपयोग नभएको
- प्रतिकूल हावापानी र जमिनको स्वरूप
- प्रशान्त महासागरको ठुलो क्षेत्र फैलिएकाले सामुद्रिक व्यापारमा कठिनाइ

**पूर्वी क्षेत्रमा बढी विकास हुनाका कारण**

- उपयुक्त सामुद्रिक हावापानी भएको
- प्रशस्त प्राकृतिक स्रोत साधनको उपलब्धता
- युरोपसगँको ब्यापारीक सम्बन्ध
- एयिसाली मुलुकहरू बजारको रूपमा उपलब्ध हुनु
- फराकिलो सामुद्रिक क्षेत्र भएको
- प्रशस्त खाद्यान्न उपलब्ध हुने
- जनशक्तिको पर्याप्तता भएको
- विकासका पूर्वाधार पर्याप्त मात्रामा उपलब्ध भएको

पाठ ६

# दक्षिण अमेरिका

## परिचय




दक्षिण अमेरिका चौथो ठुलो महादेश हो । संसारको कुल क्षेत्रफलको लगभग १२% र जनसङ्ख्याको करिब ६% भाग यो महादेशले ओगटेको छ । यस महादेशको क्षेत्रफल करिब १ करोड ७८ लाख वर्ग कि. मि. छ । यो महादेश १२° उत्तरी देखि ५५° दक्षिणी अक्षांश र ३५° पश्चिमी देशान्तर देखि ८२° पश्चिमी देशान्तर सम्म फैलिएको छ । यस महादेशको अधिकांश भूभाग दक्षिणी गोलार्द्धमा पर्छ । यस महादेशको धेरै भूभाग उष्ण मण्डलमा पर्छ । यो महादेशमा केही फरक खालका प्राकृतिक अवस्थाहरू पाइन्छ । त्यसैले यस महादेशलाई विविधताको महादेश भनिन्छ । यस महादेशको उत्तरपश्चिम र उत्तरी भागमा क्यारेवियन सागर पर्छ भने आन्ध्र महासागर पूर्व, उत्तर पूर्व र दक्षिण पूर्वमा पर्छ । यसै गरी दक्षिण पश्चिम र पश्चिम भागमा प्रशान्त महासागर पर्छ । पानामा नहरले यस महादेशलाई उत्तर अमेरिकाबाट छुट्याएको छ । यो महादेश उत्तरबाट दक्षिणतिर जाँदा क्रमशः साँघुरो हुँदै गएको छ । त्यसैले यो महादेशको आकार हात्तीको सुँड जस्तो छ ।

### भौगोलिक स्वरूप

यस महादेशलाई भौगोलिक स्वरूपका आधारमा तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ :

१. एन्डिज पर्वत श्रेणी

२. केन्द्रीय मैदानी भाग

३. पूर्वी उच्च भूमि

१. एन्डिज पर्वत श्रेणी वा पश्चिमी उच्चभूमि

हिमालय पर्वतपछि दोस्रो उच्च पर्वत श्रेणीको रूपमा एन्डिजलाई मानिन्छ । यस पर्वत श्रेणीको विकास १ करोड देखि १ करोड ५० लाख वर्षअघि भएको मानिन्छ । यो पनि मोडदार पर्वत हो । यो पर्वत श्रेणी दक्षिण अमेरिकाको पश्चिमी भागमा निर्मित छ । यो संसारकै सबैभन्दा लामो पर्वत श्रेणी हो जुन लगभग ७,२०० कि. मि. लामो छ । एन्डिज पर्वत भेनेजुयलाबाट टेराडेल फ्युगोसम्म फैलिएको छ । उत्तरी भाग अग्लो र दक्षिणी भागको उचाई क्रमशः घट्दै गएको छ भने पश्चिमी भागतिर फर्किएको छ । एन्डिज पर्वतको पश्चिमतिर संसारकै सबैभन्दा सुक्खा मरुभूमि एटाकामा मरुभूमि पर्छ । पूर्व ढालबाट धेरै नदीहरू बग्दै उपत्यकाहरूको निर्माण भएको पाइन्छ । यस महादेशको सबैभन्दा अग्लो पर्वत श्रेणी अकान्कागुआ (६,९६१ मि.) हो । चिम्बोराजो, कोटोपाक्सी आदि अन्य महत्त्वपूर्ण चुचुराहरू हुन् । बोलिभियाको उच्च समस्थली यसै क्षेत्रअन्तर्गत पर्छ । टिटिकाका ताल यहीँ भागमा अवस्थित छ । यहाँ हाम्रो हिमालय पर्वतमा जस्तै छुट्टै जातिका मानिसहरू बसोवास गर्छन् । उनीहरू लामा भन्ने जनावर पाल्दछन्, जुन चौँरी जस्तै जाडो ठाउँमा बाँच्न सक्छ र मालसामान ओसारपसार गर्नका लागि प्रयोग गरिन्छ । यहाँको बसोबास पातलो छ । यस क्षेत्रमा पतझर वनस्पति पाइन्छ । पर्वतारोहण र पदयात्राजस्ता पर्यटकीय आकर्षणका कार्यले आर्थिक विकासमा टेवा पुऱ्याएको छ । यहाँ प्रशस्त ज्वालामुखीको सम्भावना भएकाले भूकम्प गइरहन्छ ।

२. केन्द्रीय मैदानी भाग

केन्द्रीय मैदानी भाग एन्डिज पर्वत र पूर्वी उच्च भूमिको बिचमा फैलिएको छ । यो भाग ओरिनोको, अमेजन र दि ला प्लाटा (पराना-पराग्वे र उरुग्वे) नदी प्रणाली द्वारा सिंचित क्षेत्र मानिन्छ । अमेजन बेँसी र गायनाको उच्च भूमिको बिचमा उत्तरी भागमा ओरिनोको नदी बेँसी पर्छ । यो मलिलो पाँगो माटोबाट निर्मित छ । यो भाग उष्ण प्रदेशीय घाँसे भूमिले ढाकेको छ । जसलाई लानोस भनिन्छ । अमेजन संसारको सबैभन्दा ठुलो नदी हो जुन एन्डिज पर्वतको पूर्वढालबाट उत्पत्ति भएर आन्ध्र महासागरमा गएर मिसिन्छ । अमेजन क्षेत्रले लगभग ५० लाख वर्ग कि. मि. क्षेत्रलाई ओगटेको छ । यहाँ पाइने जङ्गललाई सेल्वाज भनिन्छ । यहाँ पाइने वनस्पतिहरू आर्थिक दुष्टिकोणले महत्वपूर्ण मानिन्छन् । यसै गरी पराना र पराग्वे नदी दक्षिणतिर बग्दछन् । यिनीहरू रिभर प्लेटामा गएर मिसिन्छन् ।

यो नदीले बनाएको उपत्यका र आसपासको क्षेत्रमा विशाल घाँसे मैदान फैलिएको छ । यो मैदानी भागलाई ग्रेनचाको र घाँसे भूमिलाई पम्पास भनिन्छ । यो नदी बैंसीको भाग मलिलो माटोले बनेको छ र यहाँ गहुँ तथा मकै प्रशस्त उत्पादन गरिन्छ । पम्पासको दक्षिण भागमा समशीतोष्ण मरुभूमिको क्षेत्र पाटागोनिया अवस्थित छ ।

३. पूर्वी उच्च भूमि

यो उच्च भूमि पनि गायनाको उच्च भूमि र ब्राजिलको उच्च भूमि मिलेर बनेको छ । गायनाको उच्च भूमि उत्तरी भागमा पर्छ । अर्थात अमेजन बैंसीको उत्तरमा अवस्थित छ । तर उचाइ तुलनात्मक रूपमा कम छ । यो भागमा प्रशस्त वर्षा हुन्छ । यो भाग उष्णसदावहार जङ्गलले घेरिएको छ । विश्वको सबैभन्दा लामो झरना एन्जेल झरना ( ९७९ मि.) यहीँ पर्छ । यसै गरी ब्राजिलको उच्च भूमि पूर्व भागमा पर्छ । यो उच्च भूमि अत्यन्त पुराना चट्टानबाट निर्मित छ । यसको उचाई करिब ३,००० मि. र आन्ध्र महासागरतिर बढी भिरालो छ । यहाँ पनि थुप्रै अन्तरपर्वतीय उच्च समस्थलीहरू छन् ।

नदी र ताल

दक्षिणी अमेरिकाको उत्तरी भागमा ओरिनोको नदी पर्छ । यो नदीसँग विश्व प्रसिद्ध माराकैवो ताल पनि छ । यसै गरी अमेजन नदी अर्को महत्त्वपूर्ण नदी हो । यसले जलमार्ग उपलब्ध गराउन सहयोग गरेको छ । पराना, पराग्वे, उरुग्वे मुख्य नदी हुन् । एन्डिज पर्वतको बिचमा टिटिकाका ताल पर्छ ।

हावापानी

दक्षिण अमेरिकामा अक्षांशीय भिन्नताले गर्दा हावापानीमा पनि भिन्नता पाइन्छ । साथै यसको उत्तरबाट दक्षिणतिर क्रमशः साँघुरिँदै गएको छ । त्यसैले यहाँको मुख्य भाग उष्ण प्रदेशमा अवस्थित छ ।

अमेजन नदी क्षेत्रमा गर्मी र आर्द्र हावापानी पाइन्छ । यहाँ वर्षैभरि वर्षा हुन्छ । तटीय क्षेत्रमा मधुरो हावापानी पाइन्छ । वायुको प्रभाव सामुद्रिक प्रभाव, महासागरीय धार आदिले गर्दा हावापानी मधुरै प्रकारको छ । यद्यपि यस महादेशको अधिकांश भूभागमा न्यानो हावापानी पाइन्छ । एन्डिज पर्वत श्रेणीको उच्च भागमा वर्षैभरि चिसो हुन्छ । दक्षिणतिर पाटागोनिया मरुभूमिमा समशीतोष्ण हावापानी पाइन्छ ।

**वनस्पति**

**हावापानीको भिन्नताले वनस्पतिमा पनि भिन्नता पाइन्छ । अमेजन बेँसी, पेरु, बोलिभियामा गर्मी र आर्द्र हावापानी पाइन्छ । त्यसैले यो भागमा भूमध्यरेखीय सदावहार वनस्पति पाइन्छ । यहाँ कडा जातका रूखहरू पाइन्छन् । जङ्गल पनि अत्यन्त घना छ ।**

**ओरिनोको नदी बेँसीमा र ब्राजिलको उच्च भूमिमा समान प्रकारको हावापानी पाइन्छ । यसप्रकारको हावापानीलाई उष्ण तृणभूमिको हावापानी भनिन्छ । यहाँ पाइने वनस्पतिहरूमा खस्रा र अग्ला घाँसहरू छन् । यो घाँसलाई ओरिनोको नदी बेँसीमा लानोस र ब्राजिलमा क्याम्पोस भनिन्छ । उत्तर पूर्वी ब्राजिलमा वर्षैभरि गर्मी हुन्छ । वर्षा नियमित हुँदैन । यो क्षेत्र सामुद्रिक आँधीको प्रभाव क्षेत्रअन्तर्गत पर्छ । यहाँ खाद्यान्न सङ्कट हुन्छ । मानिसको जीवनस्तर परम्परागत हुनाले जन्मदर धेरै छ ।**

कृषि, पशुपालन, उद्योग, माछा मार्ने र पर्यटन उद्योग दक्षिण अमेरिकाका मुख्य आर्थिक क्रियाकलाप हुन् । यहाँको कृषि आधुनिक प्रकारको छ । विशेषगरी अर्जेन्टिना, ब्राजिलको उच्चभूमि, चिलीमा आधुनिक खेती गरिन्छ । ब्राजिल संसारकै बढी कफी उत्पादन गर्ने देश हो । यसै गरी यहाँको कपास एसियासम्म निर्यात गरिन्छ । अर्जेन्टिनाले गहुँ र मैदा निर्यात गर्छ ।

पशुपालन उष्ण र समशीतोष्ण घाँसे भूमिको क्षेत्रमा विस्तृत रूपमा गरिन्छ । अर्जेन्टिना गाईको मासु निर्यातका लागि विश्व प्रसिद्ध छ । यहाँ गाई हेर्ने गोठालाहरूलाई गाउँछो भनिन्छ । दक्षिण अमेरिकामा उद्योगको त्यति विकास भएको छैन । ब्राजिल मुख्य औद्योगिक देश हो । कृषि जन्य र खनिजजन्य प्रशस्त उद्योगहरू हुन् । अर्जेन्टिनामा खनिज र पशुजन्य उद्योगहरू पाइन्छन् । पेरु र भेनेजुयलामा तेल प्रशोधन गर्ने उद्योगहरू छन् ।

पेट्रोल दक्षिण अमेरिकामा पाइने मुख्य खनिज हो । भेनेजुयलाको माराकैवो ताल क्षेत्रमा पेट्रोल उत्पादन गरिन्छ । यस्तै विभिन्न भागमा सुन, चाँदी, तामा, फलामको धाउलगायतका खानीहरू पाइन्छन् । यसै गरी माछा मार्ने, प्याकिङ गर्ने उद्योगहरू पनि यहाँका देशहरूमा सञ्चालित छन् ।

## सामाजिक जनजीवन र आर्थिक क्रियाकलाप

यस महादेशमा युरोपियनहरूले आक्रमण गर्नु भन्दा अघि १४ औँ देखि १५ औँ शताब्दीसम्म इन्का संस्कृतिको विकास र विस्तार भएको थियो । १५ औँ शताब्दीमा स्पेनिस र पोर्चुगाली उपनिवेशको

स्थापना भएसँगै यो संस्कृति पनि अन्त्य भयो । दक्षिण अमेरिका स्पेन र पोर्चुगलको उपनिवेश बन्यो । धेरै पोर्चुगाली र स्पेनिसहरू दक्षिण अमेरिकामा गएर बस्न थाले । यिनीहरूले त्यहाँको प्राकृतिक स्रोत र अन्य महत्त्वपूर्ण पदार्थहरू आफ्नो देशमा लैजाने थाले । त्यसपछि अफ्रिकाबाट आन्ध्र महासागर हुँदै धेरै अफ्रिकनसहरूलाई दक्षिण अमेरिकामा दासको रूपमा ल्याइयो ।त्यसैले यहाँ यहाँ स्पेनिस पोर्चुगिज र अफ्रिकन्सहरूको बसोबास रहेको पाइन्छ । पछि इटाली, चीन, जापान, भारत, जर्मनीलगायतका देशहरूबाट पनि यहाँ मानिसहरू आएर बस्न थाले ।यहाँ स्पेनिस्, पोर्चुगिज,डच तथा क्वेचालगायत अङ्ग्रेजी भाषा बोल्ने गरीन्छ । यसै गरी यहाँका अधिकांश मानिसहरू क्याथोलिक धर्म मान्छन् भने अन्य धर्महरूमा प्रोटेस्टेन्ट, बौद्ध, हिन्दु, ईस्लामलगायतका धर्महरू मान्ने गर्छन् । दक्षिण अमेरिका प्राकृतिक स्रोत र साधनको दृष्टिकोणबाट धनी छ तर उपयोग भने हुन सकेको छैन । यसो हुनुको मुख्य कारण प्राविधिक ज्ञानको अभाव हो । दक्षिण अमेरिकाको अर्थतन्त्रका मुख्य आधारहरू निम्नानुसार व्याख्या गर्न सकिन्छ :

### १. जङ्गल

जङ्गल यहाँको मुख्य स्रोत र साधन हो । अमेजन बेँसीको जङ्गल संसारको सबैभन्दा ठुलो र घना जङ्गल हो जुन ५० लाख वर्ग कि. मि. फैलिएको छ । यहाँ पाइने घना जङ्गललाई सेल्वास भनिन्छ । यहाँ विभिन्न जातका बोटबिरुवा र जनावर पाइन्छन् । यो जङ्गलले प्रशस्त मात्रामा कडा काठ उपलब्ध गराएको पाइन्छ । भेनिला र रबर जस्ता रूखहरू यहाँ पाइन्छ । यहाँ पाइने कडा काठहरू फर्निचरका लागि प्रयोग गरिन्छ भने यी काठहरू निर्यात गरेर प्रशस्त आय आर्जन गर्छन् ।

### २. खनिज

दक्षिण अमेरिका खनिजका दृष्टिकोणले पनि महत्त्वपूर्ण मानिन्छ । प्राकृतिक तेल र ग्यास भेनेजुयला, इक्वेडर, कोलम्बिया, अर्जेन्टिना र ब्राजिलमा पाइन्छ । भेनेजुयलाको माराकैबो ताल क्षेत्रमा पानीबाट ग्यास र तेल उत्पादन गरिन्छ । यस्तै ब्राजिल सिसा, फलाम, वकसाइट र टिनका लागि प्रसिद्ध छ भने चाँदी, तामा, सिसा जस्ता आदिको खानीहरू पेरुमा प्रशस्त छन् । एन्डिज पर्वतको ढालमा सुन र तामाका खानीहरू छन् । अटाकामा मरुभूमि क्षेत्र सुन खानीका लागि महत्त्वपूर्ण छ भने ब्राजिलमा नै सबैभन्दा धेरै जलविद्युत् उत्पादन गरिन्छ ।

### ३. कृषि

यो महादेशमा करिब एक चौथाइ भागमा खेतीका साथै पशुपालन गरिन्छ । कृषिका लागि अर्जेन्टिना र उरुग्वेको पम्पास क्षेत्र प्रसिद्ध छन् । ब्राजिलको उच्च भूमि, चिली र पूर्वी तटीय क्षेत्रमा खेतीपाती प्रशस्त गरिन्छ । यहाँ संसारकै ठुला कृषि फर्महरू  छन् । अर्जेन्टिना संसारभरि कै गहुँ उत्पादन गर्ने देशमा मुख्य देश मानिन्छ । यहाँ गहुँको उत्पादन पम्पास क्षेत्रमा हुन्छ । मकै दक्षिण अमेरिकाका लगभग सबै देशमा उत्पादन गरिन्छ । ब्राजिल उखु, कोका र कफी उत्पादनका लागि विश्व प्रसिद्ध छ । यो संसारकै सबैभन्दा धेरै कफी उत्पादन गर्ने देश पनि हो ।

### ४. पशुपालन

दक्षिण अमेरिकामा विस्तृत घाँसे भूमि फैलिएको हुनाले पशुपालन मुख्य आर्थिक स्रोत मानिन्छ । गाईवस्तुहरू मासु, दुध र भेडा उनका लागि पालिन्छ । एन्डिज पर्वतमा बसोबास गर्ने मानिसहरू लामा पालन गर्छन् । लामा मासु, उन र यातायातका लागि उपयोगी मानिन्छ ।

### ५. उद्योग

दक्षिण अमेरिकामा उद्योगको खासै विकास भएको पाइँदैन । ब्राजिल, अर्जेन्टिना, भेनेजुयला र चिली मुख्य औद्योगिक राष्ट्रहरू हुन् । ब्राजिलमा वैदेशिक लगानीका केही उद्योगहरू सञ्चालित छन् । यहाँ उखुबाट रक्सी वा अल्कोहल उत्पादन गर्न कपरसुकर कम्पनी स्थापना गरिएको छ र विशेष गाडीको इन्धनको रूपमा उपयोग गरिन्छ । अर्जेन्टिनामा मासु प्याकिङ र तेल प्रशोधन गर्ने केही उद्योगहरू छन् ।

### ६. माछा मार्ने व्यवसाय

दक्षिण अमेरिकाका नदीहरू तथा तटीय क्षेत्रमा माछा मार्ने काम हुन्छ । चिली, इक्वेडर र अर्जेन्टिनामा माछा प्रशोधन र प्याकिङ गर्ने काम गरिन्छ ।

### ७. व्यापार

दक्षिण अमेरिकाबाट कोका, केरा, मासु, चिनी, गहुँ, काठ, तामा, सुन, चाँदी आदिको निर्यात हुन्छ । यहाँ औषधी, औजार र मेसिन रसायनिक पदार्थ र कपडाहरू आयत हुन्छ । यी देशहरूको युरोपका देशहरूसँग मुख्य गरी व्यापार हुन्छ ।

## अभ्यास

१. दक्षिण अमेरिकाको भौगोलिक अवस्थाको वर्णन गर्नुहोस् ।

२. दक्षिण अमेरिकाको हावापानी र प्राकृतिक वनस्पतिको परिचय दिनुहोस् ।

३. दक्षिण अमेरिकाको आर्थिक गतिविधिको वर्णन गर्नुहोस् ।

४. दक्षिण अमेरिकाको आर्थिक अवस्था उत्तर अमेरिकाको भन्दा कमजोर हुनाका कारण के के होलान् ?

५. दक्षिण अमेरिकाको नक्सा कोरी निम्नलिखित तथ्यहरू उपयुक्त सङ्केतको प्रयोग गरी देखाउनुहोस् ।

६. एन्डिज पर्वत श्रेणी, रियो दि जेनेरो, अमेजनको जङ्गल, केपहर्न, अटाकामा मरुभूमि

७. दक्षिण अमेरिकाको प्राकृतिक साधनको उल्लेख गर्नुहोस् ।

पाठ ७

# अफ्रिका महादेश

## परिचय




अफ्रिका विश्वको दोस्रो ठुलो महादेश हो । यसले पृथ्वीको कुल भूभागको १/५ भाग ओगटेको छ । विगतमा यसलाई अन्धकारको महादेश भनिन्थ्यो । किनभने यो महादेश लामो समय सम्म बाहिरी विश्वबाट अलग थियो । साहारा मरुभूमि, विस्तृत क्षेत्रमा फैलिएको उच्च समस्थली र तीव्र गतिमा बग्ने नदीहरूले यस महादेशको खोजी कार्यमा जटिलता थपेको थियो । यस महादेशलाई गर्मी हुने महादेश भनिन्छ । यस महादेशको अधिकांश भाग उष्ण प्रदेशअन्तर्गत पर्छ । यस महादेशको उत्तरतिर कर्कटरेखा, बिच भाग भएर भूमध्यरेखा र दक्षिणी भाग भएर मकर रेखा गएकाछन् । यस महादेशको अधिकांश भाग उच्च समस्थलीले ढाकेको छ । उच्च समस्थली भनेको वरिपरीबाट हेर्दा अग्लो पहाडजस्तो देखिने तर माथि समथर परेको मैदान भएको भूभाग हो । त्यसैले अफ्रिका महादेशका समुद्री किनारहरूमा मैदानी भाग अत्यन्तै कम छ । अफ्रिकाको किनारी भाग छियाछिया नभई नियमित छ । यिनै कारणहरूले गर्दा अफ्रिकाको धेरै जसो किनारी भागमा बन्दरगाह बनाउन मिल्दैन र जहाजहरू अड्याउन पनि मिल्दैन । यहाँका नदीहरूबाट पानीजहाज भित्र छिर्न सक्दैनन् । अफ्रिकालाई मध्य भागबाट भूमध्यरेखाले उत्तरतर्फ कर्कट रेखाले र दक्षिणतर्फ मकर रेखाले काटेको हुँदा यसको करिब करिब सबै भाग उष्ण मण्डलमा पर्छ । यस महादेशको क्षेत्रफल करिब ३ करोड २ लाख वर्ग कि. मि. छ ।

## अवस्थिति

भूमध्यरेखाले यस महादेशलाई लगभग बराबर भागमा बाँडेको छ । यो महादेश ३७° उत्तरी अक्षांश देखि ३५° दक्षिणी अक्षांशसम्म फैलिएको छ । भूमध्येरेखाबाहेक २३° उत्तरमा कर्कट रेखा र

२३° दक्षिणमा मकर रेखा यहीँ अवस्थित छ । अफ्रिकाको पूर्वमा हिन्द महासागर, पश्चिममा आन्ध्र महासागर तथा उत्तरमा भूमध्यसागर पर्छ । जिब्राल्टर स्ट्रेटले युरोपबाट छुट्याइको छ । यसै गरी स्वेजनहरले अफ्रिकालाई एसियाबाट छुट्याएको छ । अफ्रिकाको दक्षिणी भागलाई केप अफ गुड होप भनिन्छ ।

## भौतिक वा प्राकृतिक अवस्था

अफ्रिका महादेशलाई हावापानी, धरातल र वनस्पतिका आधारमा पाँच भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(क) उत्तरी अफ्रिका : अफ्रिकाको उत्तरी क्षेत्रमा भूमध्यसागरीय हावापानीको क्षेत्र अवस्थित छ । यहि भागमा एटलस पर्वत शृङ्खला पर्छ र यो मोडदार पर्वत हो । यो पर्वत करिब २,५०० कि. मि. लामो छ । एटलस पर्वत शृङ्खला अफ्रिकाको उत्तर पश्चिम भागमा पर्छ । यसअन्तर्गत तीनओटा पर्वत श्रेणी पर्छन् । यस पर्वत श्रेणीअन्तर्गतको सबैभन्दा अग्लो सिखर टोवकाल हो, जुन वर्षैभरि हिउँले ढाकिएको हुन्छ । युरोपको प्रत्यक्ष प्रभावले गर्दा उत्तरी अफ्रिकाका मुलुक तुलनात्मक रूपमा विकसित छन् । हिउँदमा वर्षा हुने हुनाले यस क्षेत्रमा फलफूल खेती पनि प्रशस्त गरिन्छ ।

(ख) मरुस्थलीय क्षेत्र : विश्वकै सबैभन्दा ठुलो मरुभूमि सहारा अफ्रिकाको उत्तरी भागमा फैलिएको छ । कूल भूभागको झन्डै ५ खण्डको एक खण्ड ओगटेको यो क्षेत्र ज्यादै सुक्खा क्षेत्र हो । यस महादेशको दक्षिण पश्चिममा कालाहारी मरुभूमि तथा दक्षिण पश्चिम भागमा नामिव मरुभूमि अवस्थित छ । यी सबै मरुभूमिमा कृषियोग्य जमिन नभए पनि पानी उपलब्ध हुने ठाउँहरूमा मानिसहरू खेतीपाती गरेर थोरै खाद्यान्न उब्जाउँछन् र जीविकोपार्जन गर्छन् । मरुभूमि क्षेत्रमा पानी पाइने ठाउँलाई ओएसिस भनिन्छ । यी क्षेत्रका मुलुकहरूमा धेरै जसो भूभाग बालुवाले ढाकेको हुनाले उजाड छ । यहाँ सधैँ खाद्यान्नको अभाव र भोकमरी भइरहन्छ । हावापानी मानव बसोवासका लागि अनुपयुक्त हुनाले जनघनत्व पातलो छ । यस क्षेत्रमा क्याक्टस जातका वनस्पति पाइन्छन् । यहाँ हावापानी अत्यन्तै विषम छ । वर्षैभरि गर्मी भए पनि रातमा तापक्रम तल झर्छ । यहाँ उँटहरूद्वारा सामान ओसारपसार गरिन्छ ।

(ग) उष्ण घाँसे मैदान (सभाना क्षेत्र) : ५° -२०° अक्षांशको बिचको क्षेत्रमा विशाल घाँसेभूमि फैलिएको छ र यही घाँसे मैदानलाई मैदान (सभाना क्षेत्र) भनिन्छ । यहाँ गर्मी र कम वर्षा हुने हुँदा घाँसहरू मात्र उम्रन्छन् र यस्ता घाँसका फाँटहरू बृहत् क्षेत्रमा फैलिएका छन् । यहाँ फाट्टफुट्ट रूपमा छाता आकारका मोटो डाँठ भएका वनस्पति पाइन्छन् । ती

वनस्पतिले आफ्नो मोटो डाँठमा पानी सञ्चय गरेर राख्दछन् । यहाँका मानिसहरू खेतीपाती र पशुपनलन गरेर गुजारा गर्छन् । तर खेतीयोग्य जमिनको अभावले गर्दा यहाँका कतिपय मानिसहरू भोकमरी र कुपोषणबाट ग्रस्त छन् । यहाँका मुख्य आदिवासीहरू मसाई र हौसालाई मानिन्छ । उनीहरू गाईवस्तु पाल्ने तथा खेतीपाती गर्छन् । यिनीहरू पशु चरणका निम्ति नयाँ ठाएको खोजीमा हिँडिरहने गर्छन् । त्यसैले यिनीहरूलाई फिरन्ते पनि भनिन्छ । जोसँग धेरै गाईवस्तु हुन्छ, उही त्यहाँको धनी व्यक्ति हुन्छ । आजकल यहाँ राष्ट्रिय निकुञ्जहरू स्थापना गरेर पर्यटन विकास गरिँदै छ । त्यस क्षेत्रमा हुने बालीको व्यावसायिक उत्पादन गर्न ठुला ठुला फार्म स्थापना भएका छन् । कृषि, पशुपालन र पर्यटन व्यवसायका कारण दिनप्रतिदिन रोजगारीका अवसरहरू वृद्धि हुँदै छन् ।

(घ) कङ्गो बँसी क्षेत्र : अफ्रिका महादेशलाई भूमध्यरेखाले करिब बिचबाट कङ्गो (जायर) नदीको आसपासको क्षेत्र भएर काटेको छ । त्यसैले यस क्षेत्रमा ज्यादै गर्मी र वर्षा पनि धेरै हुन्छ । कङ्गो बेँसी क्षेत्रमा घना जङ्गल विस्तृत क्षेत्रमा फैलिएको छ । भूमध्यरेखीय वर्षा जङ्गलमा विभिन्न प्रकारका जीवजन्तु पाइन्छन् । यहाँ हरेक दिन भारी वर्षा हुने हुनाले माटाको सतह क्षयीकरण हुँदै छ । सतहको माटो बगेर गएपछि चट्टान मात्र बाँकी रहन्छ । यहाँको जङ्गल आर्थिक रूपले उपयोग गर्न सकिएको छैन ।

(ङ) पर्वतीय क्षेत्र : अफ्रिकाको दक्षिण पूर्वी भागमा सामान्य उचाइ भएका पर्वत श्रेणी रहेका छन् । घसान घाँटी अफ्रिकाको मुख्य प्राकृतिक स्वरूपअन्तर्गत पर्छ । पृथ्वीको भित्री हलचल सतहको केही भाग घस्रिएर बनेको घाँटीलाई वा उपत्यकालाई धसान घाँटी भनिन्छ । यो घाँटी लाल सागरबाट उत्पत्ति भएर जाम्बेजी नदीसम्म फैलिएको छ । यो लगभग ५,००० कि. मि. लामो र ३,००० मि. गहिरो छ । यसअन्तर्गत स्वच्छ पानीका ताल मालवी, रुडल्फ र ट्याग्नाइका पर्छन् । त्यसै गरी उत्तर पश्चिम क्षेत्रमा पनि पर्वतीय भाग रहेको छ । यहाँ महादेशकै अग्लो पर्वत माउन्ट किलिमन्जारो रहेको छ । यहाँ कयौँ ताल तलैयाहरू रहेका छन् । भिक्टोरिया ताल यस महादेशको ठुलो र प्रसिद्ध ताल हो । यसै तालबाट निस्केको नाइल नदी उत्तरतर्फको विशाल सहारा मरुभूमि पार गर्दै इजिप्टबाट नदी र तालहरू अफ्रिका महादेशमा थुप्रै नदी र तालहरू छन् । नाइल नदी (६,६५० कि. मि.) संसारको सबैभन्दा लामो नदी हो । जुन मध्य अफ्रिकाबाट उत्तरतिर बग्छ । यो नदीको धेरै भाग मरुभूमिको क्षेत्र हुँदै बग्ने भए पनि यसमा वर्षैभरि पानी हुन्छ र ठुलो क्षेत्रलाई सिञ्चित गरेको छ । अफ्रिकाको अन्य महत्त्वपूर्ण नदीहरूमा जायर (कङ्गो), नाइजर नदी जुन आन्ध्र महासागरमा गएर मिसिन्छन् । लिम्पोपो र जाम्बेजी नदी हिन्द महासागरमा गएर मिसिन्छन् । चरी तथा अन्य केही नदीहरू चाँद तालमा गएर मिसिन्छन् । नामिब

मरुभूमि भएर ओकाभाङ्गो नदी बग्छ । ओरेन्डा र सेनेगल अन्य महत्त्वपूर्ण नदीहरू हुन् । यो महादेशका अधिकांश तालहरू घसान घाँटीको किनारमा वा घसान घाँटीअन्तर्गत पर्छन् । भिक्टोरिया ताल अफ्रिकाको सबैभन्दा ठुलो ताल हो र विश्वको स्वच्छ पानीको दोस्रो ठुलो ताल हो । यसै गरी ट्याग्नाइका, अल्वर्ट र तुर्काना यस महादेशका  अन्य प्रमुख तालहरू हुन् ।

## हावापानी

अफ्रिका महादेशको अधिकांश भाग उष्ण मण्डलअन्तर्गत पर्छ । यहाँ पाइने मुख्य हावापानीलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ  :

१. भूमध्यरेखीय हावापानी

यो हावापानी भूमध्यरेखाको वरिपरि कङ्गो बैंसी, त्रिनीतट, केन्याको तटीय भागमा पाइन्छ । यस हावापानीको क्षेत्रमा वर्षैभरि तापक्रम उच्च हुन्छ र वर्षैभरि वर्षा पनि हुन्छ । प्रत्येक दिन मध्यान्न पछि संवाहनिक वर्षा हुन्छ । यहाँ ऋतु परिवर्तन पनि हुँदैन ।

२. साभाना हावापानी

भूमध्यरेखाको उत्तर र दक्षिणमा यसप्रकारको हावापानी पाइन्छ । सुडानमा यसप्रकारको हावापानी पाइने हुनाले सुडान प्रकारको हावापानी भनिन्छ । यस हावापानीको क्षेत्रमा ग्रीष्म गर्मी र आर्द्र तथा हिउँद न्यानो र सुक्खा हुन्छ । वर्षा ग्रीष्ममा हुन्छ ।

३. उष्ण मरुस्थलीय हावापानी

कालाहारी मरुभूमि, नामिब मरुभूमि र सहारा मरुभूमि क्षेत्रमा यसप्रकारको हावापानी पाइन्छ । यस हावापानीको क्षेत्रमा ग्रीष्म र सुक्खा तथा हिउँद ठन्डा र सुक्खा हुन्छ । वार्षिक वर्षा अत्यन्त कम हुन्छ । यसै गरी दिनमा अत्यन्त गर्मी र राती अत्यन्त ठन्डा हुन्छ ।

४. भूमध्य सागरीय हावापानी

यसप्रकारको हावापानी अफ्रिकाको उत्तर र उत्तर पश्चिमी भागको एटलस पर्वत श्रेणीमा पाइन्छ । यस्तो हावापानीको क्षेत्रमा ग्रीष्म गर्मी र सुक्खा तथा हिउँद मधुर र आर्द्र हुन्छ । पश्चिमी वायुको प्रभावले हिउँदमा वर्षा हुन्छ ।

५. समशीतोष्ण घाँसेभूमि

दक्षिण अफ्रिकाको उच्च समस्थली क्षेत्रमा यसप्रकारको हावापानी पाइन्छ । यस्तो हावापानी भेल्ड घाँसे भूमिमा पाइन्छ । यहाँ ग्रीष्म गर्मी र आर्द्र तथा हिउँद ठन्डा र सुक्खा हुन्छ । सामुद्रिक दुरीको प्रभावले गर्दा हिउँद ठन्डा र सुखा भएको हो ।

**प्राकृतिक वनस्पति र वन्यजन्तु**

**हावापानीले अफ्रिकाको वनस्पति र वन्यजन्तुमा ठुलो प्रभाव पारेको पाइन्छ । यो महादेशमा निम्नानुसारका वनस्पतिहरू पाइन्छन् :**

**उष्ण सदावहार वनस्पति र वन्यजन्तु**

**भूमध्यरेखीय क्षेत्रको कङ्गो बेँसीदेखि केन्यासम्मको भागम सदावहार वनस्पति पाइन्छ । तापक्रम उच्च र प्रशस्त वर्षा हुनाले यहाँ सदावहार वनस्पति पाइन्छ । यहाँ पाइने मुख्य वनस्पतिहरूमा रोजबड, महागोनी, इबोनी, रबर, नरिवल, पाम, कोका आदि हुन् । जङ्गल अत्यन्त घना हुन्छ । चिम्पान्जी, गुरिल्ला, लङ्गुर, गोही, सर्प, अजिङ्गर र विभिन्न प्रकारका विषालु किरा फट्याङ्ग्रा र चराचुरुङ्गी पाइन्छन् ।**

## अफ्रिकाको सामाजिक जनजीवन र आर्थिक क्रियाकलाप

अफ्रिका महादेश थुप्रै जातजातीय समूहको बसोबास क्षेत्र मानिन्छ । ती मानिसहरूको सांस्कृतिक र सामाजिक जीवन पनि भिन्न प्रकारको छ । यहाँ ८०० भन्दा बढी जातीय समूहहरू छन् । यी जातिहरूको भाषा र परम्परा पनि प्रकारको छ ।

हावापानीको विविधताले जीवन शैलीमा पनि भिन्नता पाइन्छ । पिग्मिजहरू कङ्गो क्षेत्रमा बसोबास गर्छन् । यिनीहरूको शारीरिक संरचना होचो हुन्छ र फिरन्ते जीवन बिताउँछन् । यिनीहरू सिकार खेल्छन् । जडीबुटी र कन्दमूल सङ्कलन गरी जीविकोपार्जन गर्छन् । कालाहारी मरुभूमि क्षेत्रमा बुसम्यानहरू बसोबास गर्छन् । यिनीहरू सानो समूहमा बस्छन् । खाद्यान्न सङ्कलनका लागि एक ठाउँबाट अर्को ठाउँमा जान्छन् । केन्या र तान्जनियामा भर्साइहरू बसोबास गर्छन् । यिनको वर्ण कालो हुन्छ र अग्लो कदका हुन्छन् । गाईवस्तु पालेर जीविकोपार्जन गर्छन् । यिनीहरूको बसाइँ निश्चित क्षेत्रमा हुन्छ । यहाँका रैथाने मानिसहरू आदिम प्रकारको जीवन बिताउँछन् । तर युरोप र एसियाबाट बसाइँ सरेर आएका मानिसहरूको जीवन शैली आधुनिक प्रकारको छ ।

यहाँ अरेबियन जातिहरू ७ औँ शताब्दीमा आएर बस्न थालेको अनुमान छ । उनीहरूले अरेबियन भाषा र मुस्लिम धर्मको विकास र विस्तार गरे । यिनीहरूले अफ्रिकाको उत्तरी भागमा आक्रमण गरेर आफ्नै साम्राज्य विस्तार गरे । पछि सन् १६५० तिर युरोपियनहरू व्यापारीको रूपमा अफ्रिका प्रवेश गरे । यिनीहरूले त्यहाँको जमिन आफ्नै नियन्त्रणमा लिए । बिस्तारै अफ्रिकालाई आफ्नै उपनिवेश बनाए र त्यहाँको महत्त्वपूर्ण स्रोत साधनमाथि कब्जा जमाए । पछि अफ्रिकाका देशहरू उपनिवेशबाट मुक्त त भए तर विकास खासै हुन सकेन ।

गरिबी, अशिक्षा, रोग, भोकमरी, खडेरी, युद्ध आदिलाई यस महादेशको विशेषता मानिन्छ । अहिले यो महादेश इबोला र एड्सबाट ग्रस्त छ । हजारौँ महिला र पुरुषहरूले जीवन गुमाएका छन् । ठुलो सङ्ख्यामा यस्ता रोगहरूबाट मानिसहरू पिडित छन् । जसको कारणले एकातिर यहाँ मानवीय स्रोतको अभाव छ भने अर्कोतिर बालबालिकाहरू कुपोषणले ग्रस्त छन् ।

अफ्रिका महादेशको ठुलो भूभागमा प्रशस्त प्राकृतिक स्रोत र साधन छ । यहाँका नाइजर, नाइल, जामबेजी जस्ता नदीहरू जल विद्युत् उत्पादनको सम्भावना भएका नदीहरू हुन् । नाइजर नदी प्राकृतिक तेल, कङ्गो नदी कोवाल्ट र हिरा, युरानियम, तामा, टिन, जस्ता, सुन म्याग्निजका लागि प्रसिद्ध छ । तर यी स्रोत र साधनको प्रभावकारी उपयोग हुन सकेको छैन । उपनिवेश, दक्षजनशक्तिको अभाव, राजनीतिक अस्थिरताले विकासमा वाधा परेको छ । यद्यपि मानिसहरू कृषि, पशुपालन, पर्यटन र माछा मार्ने व्यवसायमा संलग्न रहेको पाइन्छ । जातीय विविधता, सांस्कृतिक भिन्नता र भौगोलिक संरचनाका विविधता यहाँका राम्रा पक्षहरू हुन् । मिश्रका पिरामिड, नाइल नदीको सभ्यता, साभाना क्षेत्रका घाँसे भूमिमा अवस्थित राष्ट्रिय निकुञ्जहरू, सांस्कृतिक र सामाजिक विविधता पर्यटकका लागि मुख्य आकर्षण हुन् ।

### कृषि

प्रतिकूल मौसम सिँचाइ सुविधाको अभाव, अनुपयुक्त जमिन हुँदा हुँदै पनि कृषि यहाँका मानिसहरूको मुख्य पेसा हो । यहाँका मानिसहरू केवल खानेका लागि खाद्यवस्तुहरू उत्पादन गर्न बाध्य छन् । जीविकोपार्जन मुखी कृषि नै यहाँको कृषिको विशेषता हो । यहाँ मुख्य गरेर धान, मकै, गहुँ, कोदो, कपास, चिया, सुर्ती, उखु, कफी र कोकाको उत्पादन गरिन्छ । मकै खेती साभाना क्षेत्रमा गरिन्छ भने गहुँ, धान, कपास खेती नाइल नदीको बैँसीमा गरिन्छ ।

### पशुपालन

अफ्रिका महादेशको हावापानी र वनस्पतिले गर्दा पशुपालन फस्ट्याएको छ । शताब्दीदेखि नै पशुपालन यहाँको मुख्य आर्थिक क्रियाकलापको रूपमा रहेको छ । अहिले पनि यहाँका अधिकांश देशहरूमा पशुपालन गरिन्छ । गाई र भेडा बाखा उष्ण र समशीतोष्ण घाँसे भूमिको क्षेत्रमा पालन गरिन्छ ।

### व्यावसायिक कृषि

व्यावसायिक कृषि भनेको ठुलो मात्रामा बेच्नका लागि बालीहरूको उत्पादन गरिने प्रक्रिया हो । यहाँ यहाँ ठुला र विस्तृत कृषि फार्म पाइन्छन् । त्यस्ता कृषि फार्मलाई इस्टेट भनिन्छ । जहाँ प्रयाप्त वर्षा वर्षा हुन्छ, प्रशस्त कच्चा पदार्थ र श्रमिकहरू पाइन्छन्, ती क्षेत्रमा व्यावसायिक खेती गरिन्छ । यस्तो यस्तो खेती केन्या, ताञ्जिनीया, बोत्स्वाना र दक्षिण अफ्रिकामा गरिन्छ । यस्ता फार्महरू धनी

मानिसहरू या सरकार अथवा बहुराष्ट्रिय कम्पनीहरूबाट सञ्चालित छन् । यस्ता फार्महरूमा केरा, क्यासुल, कफी, कोका आदि उत्पादन गरिन्छ । सुडानमा तरकरी फार्महरू छन् । यी उत्पादनहरू युरोप वा उत्तर अमेरिका निर्यात गरिन्छ । यस्ता उद्योगहरूबाट प्रशस्त वैदेशिक मुद्राहरू आर्जन हुन्छ हुन्छ । यस्ता फार्महरूमा कामदारका लागि सुरक्षा, आवास र खाद्यान्नको राम्रो व्यवस्था हुन्छ ।

**पर्यटन**

अफ्रिका दोस्रो ठुलो महादेश हो । प्राकृतिक स्वरूपको विविधताले यहाँ पर्यटन उद्योगको प्रशस्त सम्भावना छ । यो महादेश प्राकृतिक सौन्दर्य र वन्यजन्तुको दुष्टिकोणले धनी छ । त्यसैले साभाना घाँसे भूमिलाई संसारको चिडियाखाना भनिन्छ । केन्या, ताञ्जिनीया र युगान्डामा धेरै राष्ट्रिय निकुञ्जहरू स्थापना गरिएको छ । केन्यामा मात्रै ४० भन्दा बढी राष्ट्रिय निकुञ्जहरू छन् । यी राष्ट्रिय निकुञ्जहरूले ठुलो सङ्ख्यामा पर्यटकलाई आकर्षण गरेको पाइन्छ । त्यसैले पर्यटन उद्योग वैदेशिक मुद्रा आर्जनको मुख्य स्रोतको रूपमा रहेको पाइन्छ ।

तर पर्यटन विकासका लागि अफ्रिका महादेशमा धेरै समस्या पनि छन् । अफ्रिकाको ठुलो र विस्तृत क्षेत्र राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा आश्रयस्थल सुरक्षित गरिएको छ । यस्ता ठाउँहरूमा मानिसहरूको प्रवेश र गतिविधिमा रोक लगाएको छ । स्थानीय मानिसहरू जो पशुालनका लागि र कृषि कार्यका लागि चरन क्षेत्र र कृषि भूमि गुमाउँदै गएका हुन्छन् । जङ्गली जनावरहरूको अङ्ग, मासु, छाला आदिका लागि चोरी सिकारी हुने अर्को प्रमुख समस्या रहेको छ । अव्यवस्थित जङ्गल यात्राले हल्ला र वायु प्रदूषण सिर्जना रहेको छ । जसले गर्दा जङ्गली जनावरको वासंस्थान सङ्कटमा परेको पाइन्छ । पर्यटकका लागि व्यवस्थित सुविधाको अभावले जनावरको अवलोकन, खाद्यान्न, पानी, यातायात सञ्चार जस्ता पूर्वाधारको पनि खासै विकास हुन सकेको छैन । यी समस्या समाधानका लागि निम्नलिखित उपाय अपनाउनुपर्ने देखिन्छ :

- सरकारले सन्तुलन अपनाएर संरक्षण क्षेत्र, निकुञ्ज र आश्रय स्थल विभाजन गर्नुपर्छ जसले स्थानीय मानिसको जीवनस्तरमा सघाउ पुऱ्याउँछ र स्थानीय बासिन्दा र वन्यजन्तुबिच सम्बन्ध कायम हुन्छ ।
- सर्वसाधारण, चोरी सिकारीले पर्यटन उद्योगमा पार्ने प्रभावबारे सचेत हुनुपर्छ । यस्ता गैरकानुनी गतिविधि रोक्न दक्ष र तालिम प्राप्त जनशक्तिको परिचालन गर्नुपर्छ । सर्वसाधारणले पनि गैरकानुनी गतिविधिबारे सरकारलाई जानकारी गराउनुपर्छ ।
- जङ्गली जनावर र चराचुरुङ्गीलाई प्राकृतिक र शान्त वातावरण सिर्जना गर्नुपर्छ । जङ्गल सफारीलाई व्यवस्थित गरेर नकारात्मक प्रभाव पार्ने गतिविधि नियन्त्रण गर्नुपर्छ ।
- पर्यटकको सहज पहुँच विस्तार गरी भिडभाड र सफाइमा ध्यान दिनुपर्छ ।

**अन्य आर्थिक क्रियाकलाप**

हस्तकला अफ्रिका महादेशको अर्को महत्त्वपूर्ण आर्थिक गतिविधि हो । भूमध्यरेखीय क्षेत्रका कडा काठबाट हस्तकलाका विभिन्न सामग्रीहरू बनाउन सकिन्छ । अधिकांश साना उद्योगहरू कृषिमा आधारित छन् । यसै गरी अफ्रिकामा प्रशस्त सुन, चाँदी, हिरा, तामा र टिन पाइन्छ । यहाँ केही फलाम, स्टील, तामा, आल्मुनियम, तेल प्रशोधन गर्ने उद्योगहरू पनि छन् । दक्षिण अफ्रिका संसारको सबैभन्दा बढी सुन उत्पादन गर्ने देश हो । यो अरू देश भन्दा धनी छ । यसो हुनुको मुख्य कारण प्राकृतिक स्रोतको उपयोग, समुद्धि पहुँच तथा उपयुक्त हावापानीले गर्दा हो ।

## अभ्यास

१. अफ्रिका महादेशको भौगोलिक परिचय दिनुहोस् ।

२. अफ्रिका महादेशको हावापानी र वनस्पतिको अवस्था उल्लेख गर्नुहोस् ।

३. अफ्रिका महादेशको आर्थिक क्रियाकलापको वर्णन गर्नुहोस् ।

४. अफ्रिका महादेश आर्थिक रूपले पछाडि पर्नुका कारण उल्लेख गर्नुहोस् ।

५. अफ्रिकाको सभाना क्षेत्रमा आर्थिक विकासको ठुलो सम्भावना छ, पुष्टि गर्नुहोस् ।

६. अफ्रिकाको नक्सा कोरी निम्नलिखित तथ्यहरू उपयुक्त सङ्केतको प्रयोग गरी देखाउनुहोस् । कङ्गो बेँसी, नाइल नदी, भिक्टोरिया ताल, कायरो, मदागास्कर टापु, किलिमन्जारो पर्वत, कालाहारी मरुभूमि

### लेखन सिप

**प्रश्न नं. (४) का लागि निम्नानुसार लेख्नुहोस् :**

अफ्रिका महादेश विश्वको दोस्रो ठुलो महादेश हो । यो महादेश प्राकृतिक स्रोत साधनले भरिपूर्ण हुदाँहुँदै पनि आर्थिक रूपमा पछाडि परेको छ । आर्थिक रूपले पछाडि पर्नुका कारण निमनअनुसार उल्लेख गर्न सकिन्छ

- पूँजीको अभाव
- दक्ष जनशक्तिको कमी
- गरिबी र अशिक्षा
- अनिकाल र विभिन्न महामारी

- विषम प्रकारको हावापानी
- गृह युद्ध

**प्रश्न नं. (५) का लागि निम्नअनुसार गर्न सक्नुहुन्छ :**

५° -२०° अक्षांशको बिचको क्षेत्रमा विशाल घाँसेभूमि फैलिएको छ र यहि घाँसे मैदानलाई मैदान मैदान (सभाना क्षेत्र) भनिन्छ । यहाँ गर्मी र कम वर्षा हुने हुँदा घाँसहरू मात्र उम्रन्छन् र यस्ता घाँसका फाँटहरू बृहत् क्षेत्रमा फैलिएका छन् । त्यसैले यो क्षेत्रको आर्थिक सम्भावनालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ

(क) निकुञ्जहरू स्थापना गरेर पर्यटन उद्योगको निकास गर्ने

(ख) खनिजको उत्खनन गर्ने

(ग) व्यावसायिक पशुपालनको सम्भावना

(घ) व्यावसायिक कृषि विकासको सम्भावना

निष्कर्षमा यस क्षेत्रमा पर्यटन उद्योग, कृषि, पशुपालन तथा उद्योगको विकासको सम्भावना छ भन्न सकिन्छ ।

पाठ ८

# उत्तर अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र नेपाल

## १. विषयवस्तु

नेपाल एसिया महाद्वीपमा पर्छ । वर्तमान समयमा विश्व सञ्चार माध्यम र यातायातको विकासका कारणले एउटा साझा घरको रूपमा विकास भएको छ । यहाँका बासिन्दा एउटै घरका परिवार जस्तै छन् । विश्वको एउटा कुनामा भएको कुनै घटनाले अर्को कुनामा प्रभाव पार्न थालेको छ । त्यसैले हामीले अध्ययन गरेका महाद्वीपहरू उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महाद्वीपका विभिन्न मुलुकहरूसँग नेपालको सम्बन्ध हुनु स्वाभाविक हो । नेपाल भौगोलिक, सांस्कृतिक एवम् जैविक दृष्टिले ती महादेशहरूसँग धेरै कुराहरूको सामानता बोकेको मुलुक हो । यो सानो भएर पनि विविधतायुक्त मुलुक हो ।

### (क) उत्तर अमेरिका र नेपाल

उत्तर अमेरिका र नेपालबिच वर्षौंदेखिको सम्बन्ध रहेको छ । संयुक्त राज्य अमेरिका र क्यानडाले नेपाललाई विकास निर्माणका कार्यमा थुप्रै सहयोग दिएका छन् । अमेरिकी स्वयम्सेवकले नेपालमा धेरै वर्ष सेवा दिएका छन् । थुप्रै नेपाली विद्यार्थीहरू अमेरिकामा अध्ययन गरिरहेका छन् भने कैयौँले उच्च शिक्षा हासिल गरेर नेपालमा सेवा दिइरहेका छन् । हरेक वर्ष करिब दुई हजारको सङ्ख्यामा डी. भी. कार्यक्रमअन्तर्गत नेपालीहरू अमेरिकामा बसोवासका निम्ति गइरहेका छन् भने कामका लागि जानेको सङ्ख्या पनि धेरै छ । हाल क्यानडामा पनि नेपालीहरू बसोबासका निमित जान थालेका छन् । मध्य अमेरिकी देश हैटीमा नेपाली शान्ति सेनाले शान्ति स्थापनार्थ काम गरिरहेको छ ।

**उत्तर अमेरिका र नेपालबिच समानता**

१. उत्तर अमेरिकामा रकी पर्वत शृङ्खला र नेपालमा हिमालय पर्वत शृङ्खला रहेका छन् ।

२. दुवै ठाउँमा थुप्रै जातजाति, संस्कृति र भाषा भाषिका मानिस बस्छन् ।

३. नेपालको उत्तरतर्फ हिउँले ढाकेको चिसो हिमाली क्षेत्र छ त्यस्तै उत्तर अमेरिकाको उत्तरमा पनि हिउँले ढाकेको चिसो ध्रुवीय क्षेत्र रहेको छ ।

४. उत्तर अमेरिकामा उष्ण समशीतोष्ण र चिसो क्षेत्र छ भने नेपालमा पनि दक्षिणमा उष्ण मध्यभागमा समशीतोष्ण र उत्तरमा चिसो हावापानी पाइन्छ ।

५. नेपाल र उत्तर अमेरिका दुवै देश प्रशस्त हिमनदी छन् ।

**उत्तर अमेरिका र नेपालबिच भिन्नता**

१. उत्तर अमेरिका विकसित छ भने नेपाल विकासोन्मुख देश हो ।

२. रकी पर्वत उत्तर दक्षिण फैलिएका छ भने हिमालय पर्वत पूर्व पश्चिम फैलिएको छ ।

२. उत्तर अमेरिकामा ठुला र विकसित सहर छन् । नेपाल गाउँ नै गाउँले भरिएको छ ।

४. उत्तर अमेरिकामा करिब ५ प्रतिशत मानिस खेतीपातीमा लागेका छन् तर यसले ठुलो मात्रामा खाद्यान्न निर्यात गर्छ । नेपालका अधिकांश मानिसह कृषिमा सङ्लग्न भएता पनि खाद्यान्न आयात गर्नुपर्ने बाध्यता छ ।

५. उत्तर अमेरिकामा प्रेरिजको मैदान अन्नको भण्डार हो भने नेपालमा तराईको मैदान अन्नको भण्डार हो ।

**(ख) नेपाल र दक्षिण अमेरिका**

नेपाल र दक्षिण अमेरिकाबिच उत्तर अमेरिकाजस्तो नजिकको सम्बन्ध छैन तर पनि नेपाल र दक्षिण अमेरिकी मुलुकहरूबिच कुनै न कुनैरूपमा सम्बन्धित छन् । दक्षिण अमेरिकी मुलुक अर्जेन्टिना, ब्राजिल, चिलीलगायतका फुटवलका निम्ति प्रसिद्ध मुलुकहरूका फ्यान नेपालमा प्रशस्त छन् । कैयौँ नेपालीहरू दक्षिण अमेरिकी मुलुकहरूमा काम गर्छन् । कैयौँ दक्षिण अमेरिकी मुलुकका मानिसहरू नेपाल भ्रमण गर्न आउँछन् । उत्तर अमेरिकी मुलुकहरूजस्तो दक्षिण अमेरिकी मुलुकहरू धनी र सम्पन्न छैनन् ।

| समानता | भिननता |
|---|---|
| दक्षिण अमेरिकी मुलुकहरू विकासोन्मुख राष्ट्रहरू हुन् भने नेपाल पनि विकासोन्मुख राष्ट्र हो । | दक्षिण अमेरिकामा ब्राजिल, अर्जेन्टिना, चिलीजस्ता विकासमा अघि बढेका मुलुकहरू छन् भने नेपालका कैयौँ जनता अझै गरिबीको रेखामुनि रहेका छन् । |

| | |
|---|---|
| नेपालमा हिमालय पर्वत श्रेणी र दक्षिण अमेरिकामा एन्डिज पर्वत श्रेणी दुवै भाडदार पर्वतहरू हुन् । | दक्षिण अमेरिकामा रियोदि जेनेरो, ब्युनस आयर्स साओपोलो, ब्रासिलियाजस्ता ठुला सहरहरू विकास भएका छन् तर नेपालमा अझै पिछडिएका गाउँहरूको बाहुल्य छ । |
| ब्राजिल विश्वकै सबैभन्दा धेरै कफी उत्पादन गर्ने मुलुक हो भने नेपालमा पनि कफी खेतीको सम्भावना छ र उत्पादन भइरहेको पनि छ । | त्यहाँ व्यावसायिक रूपमा आधुनिक प्रविधिको प्रयोग गरेर खेती र पशुपालन गरिन्छ भने नेपालमा परम्परागत तरिकाले गरिन्छ । |
| दुवै ठाउँमा गरिबीको अवस्था पाइन्छ । | दक्षिण अमेरिकामा संसारकै सबैभन्दा बढी उचाइमा रहेको ताल टिटिकाका रहेको छ भने संसारकै सबैभन्दा उचाइमा रहेको ताल तिलिचो नेपालमा रहेको छ । |
| दुवै ठाउँमा हावापानीको विविधता छ । | दक्षिण अमेरिका वरिपरि समुद्रले घेरिएको महाद्वीप हो भने नेपाल भूपरिवेष्टित सानो मुलुक हो । |

**(ग) नेपाल र अफ्रिका**

नेपालको अफ्रिकी मुलुकहरूसँगको सम्बन्ध त्यति पुरानो नभए पनि हाल आएर ती मुलुकहरूसँग सम्बन्ध विस्तार हुँदै गइरहेको छ । नेपाल र अफ्रिकी मुलुकहरू दुवै विपन्न मुलुक हुन् । अफ्रिकी पर्यटकहरू नेपाल आउँछन् भने नेपालीहरूले संयुक्त राष्ट्र सङ्घलगायतका विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत अफ्रिकामा काम गरिरहेका छन् । नेपालीहरू सोमालिया, कङ्गो, बुरुन्डी, सुडानलगायतका मुलुकमा गृहयुद्ध अन्त्य गर्न शान्ति सेनाको रूपमा खटिएका छन् ।

| समानता | भिन्नता |
| --- | --- |
| १. अधिकांश अफ्रिकी मुलुकहरू र नेपालको मानव विकास सुचकाङ्क (HDI) उस्तै छ । | १. अफ्रिका खनिजजन्य साधनले सम्पन्न महादेश हो भने नेपाल प्राकृति साधन जस्तै जलस्रोतले सम्पन्न देश हो । |
| २. अफ्रिकामा बुरुन्डी सोमालिया, जायर (कङ्गो) इथियोपिया आदिमा गृहयुद्ध भएकोमा नेपालमा पनि ससस्त्र राजनीतिक विद्रोह भने भएका थिए । | २. अफ्रिकाका केही मुलुकमा गृहयुद्ध र द्वन्द्व भएको थियो भने नेपाल गृहयुद्ध नभएपनि ससस्त्र राजनीतिक विद्रोह भने भएका छन् । |
| ३. दुवै ठाउँमा कृषि र पशुपालन नै मुख्य आर्थिक क्रियाकलाप हो । | ३. अफ्रिकाको अधिकांश भूभाग सुखा छ भने नेपाल तुलनात्मक रूपमा हराभरा मुलुक हो । |
| ४. नेपाल भूपरिवेष्टित मुलुक हो भने अफ्रिकामा पनि थुप्रै मुलुकहरू भूपरिवेष्टित छन् । | ४. . अफ्रिकामा थुप्रै ठाउँ मरुभूमिले ढाकेको छ भने नेपालमा हिउँले ढाकेको छ । |
| ५. अफ्रिका र नेपाल दुवैमा आदिवासी, जनजातिहरूको बसोवास छ । | ५ अफ्रिकामा समान जातिको बाहुल्य छ भने नेपालमा आर्यन र मङ्गोल जातिको समिश्रण छ । |
| ६. अफ्रिकी मुलुक र नेपाल दुवैले उपलब्ध प्राकृतिक स्रोत र साधनको उपयोग गर्न सकेका छैनन् । | ६. अफ्रिकामा पशुपालन प्रतिष्ठा र सोखका लागि पालिन्छ भने नेपालमा पशुपालन धार्मिक मुल्यमान्यता र पेशा व्यावसायको रूपमा गरिन्छ । |

पाठ ९

# भूकम्प

पृथ्वीको सतह अचानक हल्लने वा थर्कने प्राकृतिक प्रक्रियालाई भूकम्प वा भुइँचालो (Earth quake) भनिन्छ । पृथ्वीको सतह दायाँबायाँ भएर हल्लिएमा त्यसलाई क्षितिजीय कम्प (Horizontal quake) भनिन्छ भने तलमाथि हल्लिएमा ठाडो कम्प (Vertical quake) भनिन्छ । ठाडो कम्पभन्दा क्षितिजीय कम्प बढी खतरनाक हुन्छ । क्षितिजीय कम्पमा घरहरू भत्कँदा दायाँबायाँ ढल्ने वा गारोहरू पृथ्वीको गर्भमा घटित हुने एउटा प्राकृतिक प्रक्रिया भूकम्प हो । पृथ्वीको भित्रि भागमा निरन्तर भइरहने हलचलका कारणले बाहिरी भागमा रहेका भौगर्भिक चट्टानका पत्रहरू (Tectonic Plates) एक आपसमा कस्सिन गई वा टाढिन गई वा छुट्टिन गई त्यसभित्र जम्मा हुँदै गएको शक्ति एक्कासी बाहिर निस्कँदा पृथ्वीको सतहमा कम्पन आउँछ र त्यो कम्पनलाई भुकम्प भनिन्छ । भुकम्प सँगै तरङ्ग पैदा हुने र ती तरङ्गहरू निकै टाढा टाढासम्म फैलिन्छन् ।

## भूकम्प कारण

पृथ्वीमा मध्यमण्डलको माथिल्लो भागमा पातलो तह वा प्लेट छन् । करिब १०० किलोमिटरको बाहिरी सतह अर्थात् लिथोस्फेयरमा यस्ता सातओटा ठुला र अरू दर्जनौं ससाना टुक्राका प्लेटहरू छन् । यी प्लेटहरू चलायमान भई एक आपसमा धसिने र घर्षण भइरहने हुन्छन् । परिणामस्वरूप ऊर्जा भण्डारण भई भूकम्प जान्छ । यसका अतिरिक्त ज्वालामुखी, आणविक हतियार विष्फोटलगायतका कारणले पनि भूकम्प जान सक्छ ।

नेपालको भूखण्डमुनि दक्षिणतर्फको इन्डियन प्लेट निरन्तर रूपमा उत्तरतर्फ रहेको तिब्बतियन ( युरेसियन) प्लेटको दक्षिणी भागमा प्रतिवर्ष २ से.मि.को दरले घुसिरहेको अनुमान छ । नेपालको उत्तरमा रहेको करिब ३००० मिटर उचाइ भएको पहाडमुनि करिब १५ देखि २५ कि.मि.मा शक्ति सञ्चय हुने गरेको पाइन्छ । यसरी चट्टान र प्लेटहरूको घुस्ने वा जुध्ने क्रममा केही अवरुद्ध हुँदा सञ्चित भएको शक्ति थेग्न नसकेपछि चट्टानहरू अचानक भाँच्चिन्छन् । ती चट्टान भाँच्चिदा उत्पन्न हुने तरङ्गहरू चारैतिर फैलिन्छन् र नेपालमा भूकम्प जान्छ । दुई प्लेटको परस्पर ठक्करबाट भूकम्प जाने क्रमसँगै हिमालय पर्वत शृङ्खला बनेको वा बनिरहेको र अग्लो हुँदै गइरहेको अनुसन्धानले बताएको छ । पूर्वमा म्यानमारदेखि पश्चिममा अफगानिस्तानसम्म करिब

२५०० कि.मि. लामो हिमालय पर्वत शृङ्खलाको मध्यभागको करिब ८०० कि.मि. खण्ड नेपालमा पर्छ । यसैले नेपाल भूकम्पीय संवेदनशील वा भूकम्पीय जोखिम क्षेत्रका रूपमा रहेको मानिन्छ ।

पृथ्वीको सतहभन्दा ठिक तल मुनी भूकम्पको उत्पति हुने भागलाई उदगमविन्दु (Hypocenter) भनिन्छ । हाइपोसेन्टरबाट ठिक माथि पृथ्वीको सतह जहाँ हलचलको पहिलो झड्का महसुस गरिन्छ त्यस भागलाई केन्द्रबिन्दु (Epicenter) भनिन्छ । कहिलेकाहीँ भूकम्पको पूर्वधक्काको (Foreshocks) महसुस गरिन्छ । यस्ता धक्काहरूले पछि ठुला भूकम्प आउने सङ्केत गरेका हुन्छन् । भूकम्पको ठुलो धक्कालाई मूख्य हलचल (Main shock) भनिन्छ । तत्पश्चात् निरन्तर परकम्पहरू (Aftershocks) जान्छन् । मुख्य भूकम्प भएको ठाउँमा पछि साना भूकम्पहरू निरन्तर जानु परकम्प हुन् । ठुलो भूकम्पको परकम्पहरू हप्ता, महिना र वर्षौंसम्म जारी रहन सक्छन् ।

### भूकम्प कसरी मापन गरिन्छ ?

भूकम्पलाई सिस्मोग्राफ यन्त्रबाट मापन गरिन्छ । यसमा रहेको स्केल जडित ग्राफलाई सिस्मोग्राम भनिन्छ । सिस्मोग्राफको तलको भाग अथवा आधारलाई जमिनमा मिलाएर राखिएको हुन्छ र एउटा भारी तौल झुन्ड्याइएको हुन्छ । भूकम्पले जमिन हल्लाउँदा सिस्मोग्राफको आधार पनि हल्लिन पुग्छ । यसरी त्यहाँ रहेको स्प्रिङले भूकम्पको मापन गर्छ । यस यन्त्रबाट भूकम्पको वेग (Magnitude), उदगमविन्दु (Hypocenter) तथा केन्द्रविन्दु (Epicenter) आदि पत्ता लगाउन सकिन्छ ।

भूकम्पको उद्गम विन्दुमा शक्ति क्षय वा नि:सृत भएको 'रिक्टर' स्केलमा गरिने मापन र स्थान विशेषमा भएको कम्पनको मात्रा र त्यसले पुऱ्याउने असर (Intensity) गरी दुई तरिकाले भूकम्प मापन गरिन्छ । भूकम्पको भौतिक असर त्यसको तीव्रता, म्याग्निच्युड, केन्द्रविन्दुबाट स्थान विशेषको दुरी, भौगर्भिक अवस्था, भौतिक संरचनाको दृढता आदि कुरामा निर्भर हुन्छ । भूकम्पको म्याग्निच्युड १ अङ्कले वृद्धि हुँदा यसको शक्ति ३२ गुणाले वृद्धि हुन्छ भने भूकम्पले ल्याउने कम्पनमा १० गुणाले वृद्धि हुन्छ । अर्थात् ५ रिक्टर स्केलको भूकम्पभन्दा ६ रिक्टर स्केलको भूकम्प ३२ गुणाले शक्तिशाली हुन्छ । यसै गरी ५ रिक्टर स्केलको भूकम्पभन्दा ७ रिक्टर स्केलको भूकम्प १०२४ (३२ x ३२) गुणा शक्तिशाली भई १०० गुणा बढी कम्पन गराउँछ । नेपालमा भूकम्प मापनको पहिलो स्थल (Seismic Station) ललितपुरको फुलचोकी डाँडामा स्थापना गरिएको हो । यो केन्द्रबाट प्राप्त हुने भूकम्पीय आँकडाहरू खानी तथा भूगर्भ विभागअन्तर्गतको राष्ट्रिय भूकम्प

मापन केन्द्रमा रेकर्ड हुन्छन् । नेपालमा हालसम्म यस्ता स्थल २१ओटा र दुईओटा भूकम्प मापन केन्द्र रहेका छन् ।

| नाम | म्यारिनच्युड मान |
|---|---|
| महाभूकम्प | ८ रिक्टर स्केलभन्दा माथि |
| ठुलो भूकम्प | ७ देखि ७.९ रिक्टर स्केलसम्म |
| शक्तिशाली भूकम्प | ६ देखि ६.९ रिक्टर स्केलसम्म |
| मध्यम भूकम्प | ५ देखि ५.९ रिक्टर स्केलसम्म |
| साना भूकम्प | ३ देखि ४.९ रिक्टर स्केलसम्म |

### भूकम्प तथा यसको क्षतिबाट कसरी सुरक्षित हुने त ?

भूकम्पलाई रोक्न सकिँदैन तर यसबाट हुने क्षतिलाई भने कम गर्न सकिन्छ । जनचेतनासँगै निर्माण संहिताको प्रयोग गरी भूकम्पप्रतिरोधी संरचनाहरू निर्माणलगायतका निम्नलिखित सावधानी अपनाउँदा सुरक्षित हुन सकिन्छ :

१. एक दिनका लागि पुग्ने चिउरा तथा चाउचाउ जस्ता सुक्खा खाना, खानेपानीको बोतल, औषधी र आफ्नो परिचयपत्र रहेको झटपट झोला सधैँ तयारी अवस्थामा राख्ने

२. भूकम्पप्रतिरोधी संरचनाको निर्माण गर्ने

३. चर्किएका वा भत्किन लागेका घर एवम् अन्य संरचना भित्र नबस्ने

४. भूकम्पको बेला टेबल, खाट वा डेस्क बेन्चमुनि घुँडा टेकेर गुडुल्किने, ओत लागेर समात्ने र बिस्तारै सुरक्षित खुला ठाउँतिर लाग्ने

५. भूकम्प गएको बेला विद्युत् र ग्यासको स्विच बन्द गर्ने

६. आपत्मा परेकाहरूलाई आवश्यक सहयोग गर्दै उद्धार कार्यमा संलग्न हुने र सूचनाका लागि रेडियोलगायतका सञ्चारका साधनहरू सुन्ने

६. भूकम्प रोकिएपछि आगलागी हुने, पहिरो जाने, ढुङ्गाहरू खस्ने, बाढी आउनेलगायतका जोखिमहरू पनि हुन सक्छन् तसर्थ सावधानी अपनाउने

## अभ्यास

१. भूकम्प भनेको के हो ?

२. 'भूकम्पलाई रोक्न सकिँदैन तर क्षतिको न्यूनीकरण गर्न सकिन्छ ।' यस भनाइलाई उदाहरणसहित पुष्टि पार्नुहोस् ।

३. नेपाल भूकम्पकीय जोखिमको क्षेत्र हुनुको कारण प्रस्तुत गर्नुहोस् ।

४. भूकम्पको उद्गमबिन्दु र केन्द्रबिन्दुबिचका फरक छुट्याउनुहोस् ।

५. भूकम्प कसरी मापन गरिन्छ ? तरिका उल्लेख गर्नुहोस् ।

६. भूकम्प आउनुपूर्व, भूकम्पको बेला र भूकम्प गइसकेपछि अपनाउनुपर्ने सुरक्षात्मक उपाय समेटी चित्रहरूसहितको फ्लिप चार्ट तयार पार्नुहोस् र विद्यालयमा कला प्रर्दशनीको आयोजना गरी प्रस्तुत गर्नुहोस् ।

७. तलको तालिकामा भूकम्पको वर्गीकरणसम्बन्धी जानकारी दिइएको छ । वि.सं. १९९० र २०७२ मा नेपालमा गएका भूकम्पको के के नाम रहने भयो ? ती भूकम्पबाट के कति क्षति भएको थियो ? सूचना सङ्कलन गरी प्रस्तुत गर्नुहोस् ।

पाठ १०


# नक्सा कार्य

**जमिनको निश्चित भागलाई निश्चित नापोका आधारमा सानो बनाई कागजमा उतारियो भने त्यसलाई नक्सा भनिन्छ । कुनै जमिन, वस्तु वा संरचनाको सिधा माथिबाट हेर्दा देखिने आकृति नक्सा हो । नक्सामा लम्बाइ र चौडाइ मात्र देखाउन सकिन्छ । चित्र र नक्सा फरक कुरा हो । चित्रमा उचाइ, लम्बाइ र चौडाइलाई कोणअनुसार देखाउने प्रयास गरिन्छ । चित्रमा हेराइको कोणअनुसार फरक आकृति देखिन्छ । तर नक्सा सधैं एउटै कोण (माथिबाट) हेरिने हुँदा एउटै आकृति देखिन्छ ।**

धरातलको सतह वा त्यहाँ भएका पहाड, मैदान, नदी, जङ्गल आदि देखाइएको नक्सालाई भौतिक नक्सा भनिन्छ । त्यसै गरी मानिसले बनाएका वस्तु, जिल्ला, अञ्चल, सहर, गाउँ आदि देखाउने नक्सा सांस्कृतिक नक्सा हो । केही कुरा जानकारी गराउन बनाइएको नक्सा Themetic नक्सा हो । निश्चित नापो (Scale) का आधारमा कागजमा उतारिएको खाकालाई नक्सा भनिन्छ । नक्सामा उत्तर दिशा अङ्कित हुन्छ । नक्सामा विभिन्न सङ्केत र रङद्वारा विविध तथ्य देखाइएको हुन्छ । नक्सा हेरेर नै हामी वास्तविक कुराको अनुमान गर्ने वा दुरी पत्ता लगाउने गर्छौं ।

नक्सा अध्ययन र निर्माण यस पाठमा हामी नेपालको नक्सा उतार्ने र त्यसमा विभिन्न सङ्केत भर्ने अभ्यास गर्ने छौं । नक्सा उतार्ने अभ्यास गर्न विभिन्न विधिहरूको प्रयोग गर्न सकिन्छ । जस्तैः (क) स्वतन्त्र नक्साङ्कन विधि : तयारी नक्सा हेरी सोहीअनुसार कागजमा नक्सा उतार्ने कार्यलाई स्वतन्त्र नक्साङ्कन विधि भनिन्छ । धेरै पटकको अभ्यासपछि यो कार्य गर्न सकिन्छ । सामाजिक अध्ययन विषयको मुख्य उद्देश्य नै सक्षम, जिम्मेवार र असल नागरिक बनाउने हो । उसलाई नेपालको नक्सा बनाउन सिकाउनुको मुख्य उद्देश्य कमसेकम एक नेपाली नागरिकले आफ्नो राष्ट्रको आकृति दिमागमा राख्न सकोस् । भविष्यमा राष्ट्र निर्माणको जिम्मेवारी उसको हातमा हुने छ । त्यस बखत उसले आफ्नो राष्ट्रको वस्तुस्थिति बुझेर त्यसको उन्नति र प्रगतिका लागि क्रियाशील होस् भन्ने नै हो । त्यसैले नेपालको नक्सा बनाउने कार्यमा यो गारो छ, जस्ताको त्यस्तै नक्सा कोर्न सक्नुपर्छ अन्यथा मिल्दैन भनेर हतोत्साहित नबनी निरन्तर अभ्यास गरेर सिक्नुपर्छ । नेपालको नक्सा उतार्न सामान्यतया निम्ननुसारका न्यूनतम आधार बुझ्नुपर्छ ।

(क) **ट्रेस गर्ने विधि** : नेपालको एउटा रेखाङ्कित नक्सामाथि पातलो कागज राखेर माथिबाट पेन्सिलले कोर्नुहोस् । यो अभ्यास पटकपटक दोहोऱ्याउनुहोस् । नक्सा कोर्दा त्यसको सिमानाका बाङ्गोटिङ्गो आकार र ढल्काइ याद गर्दै जानुहोस् । यसरी पटकपटकको अभ्यासपछि तपाईँले खुला हातले नक्सा बनाउन सक्नुहुने छ। नेपालको रेखाङ्कित नक्सालाई झ्यालको ऐनामा टाँसेर त्यसमाथि सादा कागजको पाना टाँस्दा पनि नक्सा राम्रोसँग देखिन्छ ।





यसै गरी उत्तर अमेरिका, दक्षिण अमेरिका तथा अफ्रिका महादेशको पनि नक्सा कोर्ने अभ्यास गर्नुहोस् :







उत्तर अमेरिका

रूपरेखा नक्सा



(ख) **कार्बन पेपर राखेर छाप्ने विधि** : सादा कागज माथि कार्बन पेपर र त्यसमाथि नक्सा राखेर नक्समा कोर्दै जाँदा सादा कागजमा नक्सा छापिँदै जान्छ ।

(ग) **टेम्प्लेट विधि** : यसका लागि नक्सालाई बाक्लो वा कडा कागज वा प्लास्टिक वा काठको फल्याकमा टाँसेर त्यसलाई नक्साको आकारमा काट्ने । यसलाई टेम्लेट भनिन्छ । सो टेम्प्लेटलाई सादा कागजमा राखी वरिपरि कलमले कोरेमा नक्सा उतार्न सकिन्छ

(घ) **फोटोकपी विधि** : यस विधिअनुसार नक्साको फोटोकपी निकालिन्छ ।

(ङ) **वर्ग विधि** : तयारी कुनै नक्सामा पेन्सिल र रुलरको सहायताले एकै आकारका वर्ग हुने गरी ग्राफ खिच्ने । अर्को सादा कागजमा पनि सोही आकारका ग्राफ खिच्ने । त्यसपछि नक्साको वर्गहरूमा के कस्तो आकारको सिमाना परेको छ सोहीअनुसार सादा कागजको वर्गमा सोही आकार क्रमशः बनाउँदै जाने । यसरी दुरुस्तै नक्सा उतार्न सकिन्छ ।

**GIS विधि** : यो कम्प्युटर सफ्टवेयर हो । जसका सहायताले विभिन्न प्रकारका नक्सा बनाउन र उतार्न एवम् प्रशोधन गर्न समेत सकिन्छ । यसरी उतारिएका नक्सामा आफ्नो आवश्यकताअनुसार विभिन्न भौगोलिक तथ्यहरूलाई सङ्केतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ । नक्सामा सामान्यतया उत्तर दिशा, सङ्केत र नापोको प्रयोग गरिन्छ । जसका सहायताले नक्सा अध्ययन गर्ने व्यक्तिले सोही नक्साको प्रयोग गरेर आफ्नो बाटो पत्ता लगाउने, गन्तव्यमा पुग्ने र विभिन्न स्थान र दुरी पत्ता लगाउने गरिन्छ ।

**नक्सामा सङ्केतको प्रयोग**

नक्सामा वास्तविक वस्तुलाई जस्ताको त्यस्तै हुनाले त्यस्ता कुराहरू सङ्केतका माध्यमबाट देखाउनुपर्छ । नक्साको कुनै छेउ वा खाली ठाउँमा सङ्केत (Index) भनी नक्सामा प्रयोग भएका सङ्केतहरू उल्लेख गरिएको हुन्छ । त्यसै सङ्केतहरूका आधारमा नक्साको अध्ययन गरेर वास्तविक वास्तविक तथ्यहरूका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । रङ्गीन नक्साहरूमा विभिन्न रङलाई सङ्केतको रूपमा प्रयोग गरिन्छ । नक्सामा आकाशे निलो रङ्गले पानीको भाग, हरियो रङ्गले होचो र मैदानी भाग, पहेलो र सुन्तला रङ्गले पहाडी वा उच्च भाग र खैरो वा प्याजी रङ्गले धेरै उच्च पहाडी भागको सङ्केत गर्छन् । सङ्केत र रङ्गको अर्थ बुझ्न नक्साको तल्लो भागमा दिइएको दिइएको सङ्केतलाई ख्याल गर्नुपर्छ । हामीले आफ्नो समुदायको नक्सा वा घरको नक्साा पनि बनाउन सक्छौँ । विवाह वा अन्य सामाजिक कार्यको निमन्त्रणामा कार्यक्रम आयोजना स्थल सहज

थाहा होस् भनेर  नक्साको प्रयोग गरिन्छ । नक्साहरू समावेश गरिएको किताबलाई एटलस भनिन्छ । एटलसबाट विभिन्न प्रकारका नक्साहरू सम्बन्धमा जानकारी प्राप्त गर्न सकिन्छ । भौगोलिक नक्सासम्बन्धी काम गर्ने व्यक्तिलाई कार्टो ग्राफर भनिन्छ भने नक्सासम्बन्धी काम गर्ने विद्यालाई कार्टोग्राफी भनिन्छ ।

## आधुनिक र व्यवहारिक नक्सा प्रविधि

सूचना प्रविधिको विकाससँगै नक्साहरू मोबाइल एप्स र कम्प्युटर सफ्टवेयरमा उपलब्ध हुन्छन् । यस्ता नक्सालाई कागजमा उतारी रहनुपर्दैन । यस्ता नक्साको सहायताले ठाउँ, दुरी, उचाइ, अक्षांश र देशान्तरका विषयमा तत्काल सूचना प्रदान गर्छन् । यस्ता आधुनिक र व्यावहारिक नक्साहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ  ।

(क) **भौगोलिक सूचना प्रणाली (Geographical Information System-GIS):** जिआइएस सफ्टवेयरले स्याटेलाइटबाट प्राप्त सूचनालाई  स्क्यान गरेर GPS बाट प्राप्त सूचना र तथ्याङलाई प्रशोधन गरी  नक्सा तयार पारिने प्रविधिलाई जिआइएस प्रणाली भनिन्छ । यसमा सफ्टवेयरको माध्यमबाट विधि काम हुने गरी नक्सा तयार पार्न सकिन्छ । यस विधिमा नक्सामा तथ्याङ्क र विवरणसमेत लिङ्क गरेर राख्न सकिन्छ । कुनै ठाउँमा क्लिक गर्ने बित्तिकै त्यस ठाउँका बारेमा विभिन्न विवरण समेत देखाउँछ ।

(ख) **विश्व अवस्थिति प्रणाली (Global Posining System- GPS):** आकाशमा रहेको भू उपग्रहको सहायताले पृथ्वीको अक्षांश, देशान्तर र उचाइ थाहा पाउन  सकिन्छ । यसका लागि मोबाइल फोन सेट जस्तै देखिने जिपिएस डिभाइसको प्रयोग गरिन्छ । यसबाट प्राप्त सूचनालाई जिआइएस प्रणालीको प्रयोग गरी नक्सामा देखाउन सकिन्छ ।

(ग) **गुगल अर्थ (Google Earth):** यो कम्प्युटर र मोबाइल फोन सेटमा प्रयोग गर्न मिल्ने गरी तयार पारिएको विश्वका नक्सा हो । जसलाई ठुलो पार्दै हेर्दै गएमा आफ्नै घर पनि देख्न सकिन्छ । यो स्याटेलाइटबाट खिचिएको फोटाहरूलाई  जिआइएस पद्धतिबाट विश्वभरका नक्सासँग लिङ्क गरिन्छ । इन्टरनेटको सुविधा  भएको ठाउँमा हामीले आफूलाई आवशयक पर्ने नक्सा हेर्न सक्छौँ । अरू नक्सामा जस्तो सङ्केतको प्रयोग गरिएको हुँदैन । स्याटेलाइटले पठाएको फोटो नै देखिन्छ । यस विधिबाट  जसमा विश्वको कुनै पनि स्थानको अवस्थिति तुरुन्त हेर्न सकिन्छ ।

(घ) **गुगल म्याप (Google Map):** मोबाइल फोन सेटहरूमा प्रयोग भइरहेको यो नक्सा गुगल अर्थकै परिमार्जित रूप हो । यसलाई मोबाइल फोनको स्क्रिनमा हेरेर तत्काल प्रयोग गर्न सकिने गरी तयार पारिएको हुन्छ । कहीँ बाटो पत्ता नलागेर हराएमा गुगल म्यापको सहयोगले ठाउँ पत्ता लागउन सकिन्छ । हिजोआज आधुनिक सवारी साधन, पानीजहाज, हवाईजहाज, गाडी, रेलमा समेत यस्तै प्रकृतिका नक्साको प्रयोग गर्न थालिएको छ । हाल नेपालमा पठाओ तथा टुटलहरूले पनि गुगल म्यापमार्फत आफ्ना ग्राहकसँग सम्पर्ग गरेर सेवा प्रदान गर्छन् ।

## अभ्यास

१. नक्सा बनाउन तपाईं कुन विधि प्रयोग गर्नुहुन्छ ? उक्त विधि प्रयोग गरेर नेपालको नक्सा बनाउनुहोस् ।

२. स्वतन्त्र विधिबाट नेपालको नक्सा कोर्नुहोस् ।

३. गुगल अर्थ भनेको के हो ? यसले कसरी कुन स्थानको अवस्था थाहा पाउन सकिन्छ ?

४. भौगोलिक सूचना प्रणाली र विश्वव्यापी स्थिति प्रणालीबिच भिन्नता छुट्टयाउनुहोस् ।

५. नक्सा भनेको के हो ? नक्साका तत्त्व के के हुन् ?

६. नक्सामा सङ्केत र चिह्नको महत्त्व लेख्नुहोस् ।

७. भौगोलिक सूचना विधि चर्चा गर्नुहोस् ।

८. विश्वव्यापी स्थिति प्रणालीका फाइदा लेख्नुहोस् ।

९. २० से. मि. x १२ से. मि. आयतमा नेपालको नक्सा कोरी निम्नलिखित तथ्यहरू भर्नुहोस् ।

(क) सिद्धार्थ राजमार्ग

(ख) वीरगन्ज

(ग) अलैँची उत्पादन क्षेत्र

(घ) अपि हिमाल

# हाम्रो विगत

## १. परिचय

यस एकाइमा नेपाल र विश्वको इतिहास सम्बन्धमा चर्चा गरिने छ । यसअन्तर्गत वि.स २००७ साल देखि हालसम्म नेपालमा भएका प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको बारेमा चर्चा गरिने छ । प्रथम र द्वितीय विश्वयुद्धका कारण, परिचय, प्रभाव र नेपालीहरूको भूमिकासम्बन्धी विषयवस्तुसमेत यहाँ रहने छन् । यसका साथै ऐतिहासिक स्थल एवम स्मारकहरूको खोजी पहिचान संरक्षण र संवर्धनसम्बन्धी पाठ समावेश गरिएको छ ।

## सिकाइ उपलब्धि

१. **वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न**

२. **वि.स. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको खोजी गर्न**

३. **प्रथम र दोस्रो विश्वयुद्धका कारण र परिणाम उल्लेख गर्दै यी युद्धमा नेपाल र नेपालीले निर्वाह गरेको भूमिका प्रस्तुत गर्न**

४. **आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी पहिचान, संरक्षण र संवर्धन गर्न**

हाम्रो विगत

१. २००७ सालको क्रान्ति

(क) पृष्ठभूमि र कारण

(ख) दिल्ली सम्झौता

२. प्रजातान्त्रिक व्यवस्थाको एक दशक (२००७- २०१७)

(क) घटनाक्रम

(ख) सामाजिक तथा आर्थिक प्रभाव

(ग) राजनीतिक दलमाथिकोप्रतिबन्ध र पञ्चायती व्यवस्थाको उदय

३. वि. सं. २०१७ देखि हालसम्मको प्रमुख राजनीतिक घटनाहरू र प्रभाव

(क) वि.सं.२०१७–२०४६ सम्म (रानीतिक घटनाक्रम (प्रभाव वि.सं.२०४६–२०६३ सम्म ( रानीतिक घटनाक्रम (प्रभाव)

(ग) वि.सं.२०६३ देखि हालसम्म (राजनीतिक घटनाक्रम (प्रभाव )

४. प्रथम र दोस्रो विश्वयुद्ध

(क) कारण

(ख) परिणाम

(ग) नेपालीको भूमिका

५. आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकको पहिचान, संरक्षण र संवर्धन

पाठ १

# वि. सं. २००७ सालको क्रान्ति र दिल्ली सम्झौता

## परिचय

प्रतापसिंह शाहको देहवासनसँगै नेपालमा राजनीतिक अस्थिरता सुरु भयो । सानै उमेरका हुने तथा नायवीहरूले स्वार्थअनुकूल काम गर्ने हुनाले परिस्थितिलाई नियन्त्रणमा राख्न सकेनन् । त्यसैले शक्ति हत्याउन विभिन्न प्रकारका षड्यन्त्रहरूका तानाबाना बुन्ने काम दरबारमा हुन थाल्यो । यस परिस्थितिलाई राम्रोसँग बुझेको जङ्गबहादुर राणाले विभिन्न षड्यन्त्र, हत्या र गतिविधिमार्फत सत्ता आफ्नै हातमा लिएर राणा शासनको सुरुवात गरे ।

वि. सं. १९०३ असोज २ गतेको कोतको आमसंहारपछि जङ्गबहादुरलाई प्रधान सेनापतिमा नियुक्त गरियो । वि. सं. १९०३ कात्तिक १७ गते भण्डारखाल पर्वपछि प्रधानमन्त्री पनि बनाइयो । त्यसपछि लक्ष्मीदेवीलाई विभिन्न आरोप लगाई देश निकाला गरे । राजा राजेन्द्र पनि छोरा सुरेन्द्रलाई सम्पूर्ण अधिकार दिएर रानीसँगै बनारस गए । जङ्गबहादुरको त्यो कदम विरुद्ध वीरगन्ज अलौ भन्ने ठाउँमा राजेन्द्रले विरोध गरे । यो विद्रोह दमन गर्न जङ्गबहादुर र बमबहादुरको नेतृत्वमा सेना पठाए । जङ्गबहादुरका सेना र राजा पक्षबिच युद्ध भयो । पछि राजा राजेन्द्रलाई भक्तपुरमा कैद गरे । त्यहीँ उनको मृत्यु भयो । अलौ पर्वपछि राजा राजेन्द्रलाई पदच्यूत गरेर सुरेन्द्रलाई राजा घोषणा गरियो । उनले पछि राजा सुरेन्द्रबाट श्री ३ महाराजधिराजको पदवी पनि पाए । सुरेन्द्रले सम्पूर्ण अधिकार उनलाई सुम्पिए । उनले प्रधानमन्त्री हुने मर्यादाक्रम बनाए । उक्त मर्यादाक्रमअनुसार आफू, आफू पछि भाइहरू, उनीहरू पछि आफ्नो छोराहरू प्रधानमन्त्री हुने व्यवस्था मिलाए । यसरी राज्यका ठुला पदहरूमा राणाहरूका लागि सुरक्षित गरिएको हुनाले राणा शासनलाई पारिवारिक शासन भनिन्छ । सर्वसाधारण जनताहरू आधारभूत अधिकारबाट वञ्चित थिए । शक्ति प्राप्त गर्नका लागि विभिन्न प्रकारका षड्यन्त्र गरियो । देशलाई बाह्य सम्पर्कबाट अलग बनाइयो । यसरी राणाहरूले १०४ वर्ष शासन गरे ।

राणाका गतिविधि जनतालाई मन परेको थिएन । त्यसैले बिस्तारै जनतामा चेतना र राजनीतिक जागरण वृद्धि हुँदै गएपछि राणा विरोधी आन्दोलन हुन थाले । आन्दोलनका कार्यक्रम सङ्गठित रूपमा हुन थाले । राणा शासनको विरोध गर्ने उद्देश्यले वि.सं. १९८८ मा 'प्रचण्ड गोरखा' नामक सङ्गठन खोलियो । यो सङ्गठनको उद्देश्य राणा शासन फाल्नु थियो तर सङ्गठनका सदस्यले नै

पोल खोलिदिएपछि यससँग आबद्ध सबै व्यक्तिहरूलाई गिरफ्तार र कठोर सजाय दिइयो । यसका गतिविधिहरू प्रभावकारी हुन नसकेता पनि राणा विराधी आन्दोलनका लागि ऐतिहासिक प्रयास थियो । यस्तै राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्ने उद्देश्यले वि.सं. १९९३ जेठ २० मा टङ्कप्रसाद आचार्यको सभापतित्वमा नेपाल प्रजापरिषद् नाम गरेको राजनीतिक दल गठन गरियो । यो लदको गठनपछि राणा विरोधी गतिविधिमा तीव्रता आयो । राणा सरकारले प्रजापरिषद्को सदस्यलाई प्रलोभनमा पारी प्रजापरिषद्को गोप्य गतिविधि र पदाधिकारीहरूको बारेमा सूचना पायो । यसै क्रममा सदस्यहरूलाई पक्राउ गरी वि.सं. १९९७ माघ महिनामा शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा र दशरथचन्दलाई मृत्युदण्ड दियो । ब्राह्मण भएको नाताले टङ्कप्रसाद आर्चायलाई मृत्युदण्डको सजाय सुनाए तापनि देश निकाला गरियो । त्यसैले उनलाई नेपालको इतिहासमा जिँउदो सहिद भनेर चिनिन्छ । वि.सं. १९९७ सालको घटनापछि पनि राणा विरोधी आन्दोलनले तीव्रता पायो । यसै गरी राणा विरोधी आन्दोलन अघि बढाउन वि.सं. २००३ मा नेपाली राष्ट्रिय काङ्ग्रेस र वि.सं. २००५ सालमा नेपाल प्रजातन्त्र काङ्ग्रेसको स्थापना भयो । वि.सं. २००६ सालमा दुवै दल मिलेर लेपाली काङ्ग्रेसको स्थापना भयो । यसैक्रममा पुष्पलाल श्रेष्ठको नेतृतवमा वि.सं. २००६ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । यी दुई राजनीतिक सङ्गठनको स्थापनापछि राणा विरोधी गतिविधिले तीव्रता पायो । राणा प्रधानमन्त्री पद्म शमशेरले एउटा सार्वजनिक कार्यक्रममा संस्कृत भाषा मृत भाषा भयो भनेर भाषण तीनधारा संस्कृत पाठशालाका विद्यार्थीहरूले वि.सं. २००४ मा 'जयतु संस्कृतम' आन्दोलन चलाए । यस आन्दोलनले पनि जनतामा राणाहरूको अत्याचार र अन्यायको विरोधमा एकजुट हुने प्रेरणा र जागरण ल्याएको थियो । यस शासनलाई २००७ सालको जनक्रान्तिले अन्त्य गरी दियो ।

## २००७ सालको क्रान्तिका कारण

### (क) राजनीतिक कारण

राणाहरूले देशको शासन आफ्नो परिवारभित्र मात्र सीमित राखेका थिए । जनतालाई कुनै अधिकार दिएका थिएनन् । राणा र राणाका मानिसको जस्तोसुकै अन्याय र अत्याचार पनि सहेर बस्नुपर्थ्यो । उनीहरूको विरुद्ध बोलेमा देश निकाला, जेल सजाय वा मृत्युदण्ड दिइन्थ्यो । राणाहरू जनताका छोराछोरीलाई दासजस्तो व्यवहार गर्थे । निरङ्कुश र हुकुमी शासन गर्थे । त्यसैले जनता राणा शासनबाट मुक्त हुन चाहन्थे र राणा विरोधी आन्दोलनमा सहभागी भए ।

### (ख) आर्थिक कारण

सर्वसाधारणको आर्थिक अवस्था अत्यन्त कमजोर थियो भने राणाहरू राज्यका सम्पत्ति दुरुपयोग गरेर भोगविलासमा मस्त थिए । उद्योगधन्दाको विकास हुन सकेको थिएन । रोजगारीका अवसरहरू पनि सर्वसाधारण जनताले पाएनन् । जनता भोक भोकै मरिरहेका थिए । आर्थिक असमानता बढ्दै गएको थियो । यसको परिणाम जनताहरू राणा विरोधी क्रान्तिमा होमिए ।

### (ग) सामाजिक कारण

जङ्गबहादुरले राजपरिवारसँग वैवाहिक सम्बन्ध कायम गरेर सामाजिक रूपमा आफूलाई स्थापित गरे । समाजमा विभिन्न प्रकारको सामाजिक विविधता विद्यमान थिए । तर राणाहरू जन्मिँदै जर्नेल पदहरू प्राप्त गर्थे । जनतालाई रैतीको रूपमा लिइन्थ्यो । ससानो अपराधमा पनि देश निकाला गरिन्थ्यो । यस्तै कारणले गर्दा जनता राणाहरू विरोधी भए र २००७ सालको जनक्रान्ति सम्भव भयो ।

### (घ) परिवारबिच आन्तरिक मतभेद

जङ्गबहादुरले बनाएको रोलक्रम नै राणा शासन अन्त्यको कारण बन्यो । रोलक्रममा चन्द्रशमशेरले राणाहरूलाई ए, बी, सी गरी तीन वर्गमा विभाजन गरे । ठिम्या र मठिया सन्तानहरूबिच झगडा सुरु भयो । वीरशमशेरले जङ्गका सन्तानहरूलाई रोलक्रमबाट नै हटाए । त्यसपछि जङ्ग खलकले देशभित्र र बाहिरबाट विद्रोह मच्याए । जुद्ध शमशेरले सी वर्गका राणाहरूलाई उपत्यका बाहिर धपाए । यसरी पारिवारिक कलहले राणा शासनको अन्त्यका लागि महत्त्वपूर्ण भूमिका खेल्यो ।

### (ङ) जनचेतनामा विस्तार

त्यहीँ बिचमा आर्य समाज र मकै पर्व तथा प्रचण्ड गोर्खा प्रजापरिषद् र नेपाली काँग्रेस जस्ता सङ्गठनहरूले सङ्गठित र असङ्गठित दुवै तरिकाले राणा विरोधी आन्दोलन सुरु गरे । विभिन्न साहित्यकारहरूको साहित्यिक रचनाले पनि मानिसहरूलाई राणाको विरोध गर्न मलजल पुऱ्यायो । यसरी जनतामा आएको चेतनाले राणा शासनको अन्त्य गर्न सघाउ पुऱ्यायो ।

(च) **वैदेशिक कारण**

भारत अङ्ग्रेजको साम्राज्यबाट मुक्त भई सकेको थियो । थुप्रै नेपालीहरू भारतमा निर्वासनमा भएकाले अङ्ग्रेज विरोधी आन्दोलनमा लागे । यस्तै पहिलो र दोस्रो विश्वयुद्धमा संलग्न नेपालीहरूले प्रजातन्त्रको महत्त्व बुझेपछि उनीहरू मुक्ति सेनामा संलग्न सङ्गठित भए । यी सबै घटनाक्रमले राणा शासनको अन्त्यका लागि सहयोग पुग्यो ।

## जनक्रान्तिका मुख्य घटना

नेपाली काँग्रेसले मुजफ्फपुरको वैरगानियाँ भन्ने ठाउँमा वि. सं. २००७ साल असोज ११ र १२ गते सम्मेलन गऱ्यो । उक्त सम्मेलनले राणा शासन विरुद्ध क्रान्ति गर्ने निर्णय गऱ्यो । पछि कात्तिक २१ गते क्रान्तिको घोषणा गऱ्यो । त्यहीँ दिन राजाले राजदरबार त्याग गरे । त्यति बेला ज्ञानेन्द्रलाई राजा घोषणा गर्ने प्रयत्न गरे पनि विविध कारणले सफल हुन सकेन । त्यहीँ बेला वर्माले हातहतियार जहाज चार्टर गरेर पठायो र आन्दोलन वीरगन्ज र विराटनगरबाट चर्काउने निधो गरियो । जनक्रान्तिमा सर्वप्रथम मुक्ति सेनाले वीरगन्ज कब्जा गऱ्यो । तर जनसाधारणको भेलामा भाषण गर्दै गर्दा सेनाको जवानको गोली लागेर थिरबम मल्ल धाइते भए र उपचारको क्रममा उनको मृत्यु भयो ।

**यसै गरी विश्वबन्धु थापा, गिरिजाप्रसाद कोइरालासहितको समूहले विराटनगर कब्जा गऱ्यो । पछि रङ्गेली, उदयपुर, ओखलढुङ्गा, सप्तरी, सिराहा मुक्ति सेनाले आफ्नो नियन्त्रणमा लियो । बालचन्द्र शर्मा र डा. के. आई. सिंहले पश्चिमका धेरै ठाउँहरू नियन्त्रणमा लिए । जनसरकार बनाए । यसरी पूर्वी नेपाल, मध्य नेपाल र पश्चिम नेपालका अधिकांश स्थानहरू मुक्ति सेनाको कब्जामा आए । सर्वसाधारणहरू घरबाहिर आएर राणा विरोधी नारा लगाउन थाले । परिस्थिति जटिल भएपछि भारत सरकारलाई सहयोगका लागि आग्रह गरे । नयाँ राजालाई भारत, बेलायत र अमेरिकाले मान्यता नदिएपछि विजय शमशेर र केशरशमशेरलाई दिल्ली पठाए । तर भारत सरकारको प्रस्ताव अस्वीकार गरेपछि त्यत्तिकै सकियो । फेरि स्थितिप्रतिकूल भएपछि विनय शमशेर, नरेन्द्रमणि दीक्षितलाई वार्ताका लागि दिल्ली पठाए । भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा राणा, राजा र काँग्रेसबिच वार्ता भयो । वि.सं. २००७ फागुन १ गते भारतिय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा मोहन शमशेरका प्रतिनिधिको रूपमा गएका विजय शमशेरको समूह, नेपाली काङ्ग्रेसका प्रतिनिधि र राजा त्रिभुवनबिच दिल्लीमा त्रिपक्षीय सम्झौता भयो र**

**फागुन ४ मा राजा त्रिभुवन नेपाल फर्किए । विमान स्थलमा उनको भव्य स्वागत गरियो अनि त्यसको तीनदिन पछि ७ गते प्रजातन्त्र घोषणा गरे ।**

अन्त्यमा सम्झौता भएको घोषणा गरियो जसलाई दिल्ली सम्झौता पनि भनिन्छ । **सम्झौताका मुख्य बुँदाहरू यसप्रकार थिए :**

(क) राजा त्रिभुवन वैद्यानिक राजा हुने

(ख) संविधान सभाद्वारा नयाँ संविधान घोषणा गर्ने

(ग) १० सदस्यीय मन्त्रिमण्डल बन्ने र राणा र काँग्रेसबाट पाँच पाँच सदस्य हुने

(घ) सबै राजनीतिक बन्दीलाई आममाफी दिइने

(ङ) आन्दोलनकारीले हतियार सरकारलाई बुझाएर आन्दोलन अन्त्य गर्नुपर्ने

**वि. सं. २००७ फागुन ७ गते प्रजातन्त्र स्थापना भएको साथै नयाँ मन्त्रिमण्डल घोषणा गरियो । मन्त्रिमण्डलमा निम्नलिखित सदस्य थिए :**

१. मोहनशमशेर - प्रधानमन्त्री

२. बबरशमशेर - रक्षा मन्त्री

३. चूडाराजशमशेर - वन मन्त्री

४. नृपजङ्ग राना - शिक्षा मन्त्री

५. यज्ञबहादुर बस्नेत - स्वास्थ्य र स्वायत शासन मन्त्री

**काँग्रेसको तर्फबाट**

१. बी. पी. कोइराला - गृहमन्त्री

२. सुवर्णशमशेर - अर्थमन्त्री

३. गणेशमान सिंह - उद्योग तथा वाणिज्य

४. भद्रकाली मिश्र- यातायात

५. भरतमणि शर्मा - खाद्य तथा कृषि मन्त्री

यो सम्झौतापछि नेपाली काँग्रेस जनक्रान्ति रोक्न सहमत भयो तर डा. के. आई. सिंहले असहमति जनाए । उनी मुक्ति सेनाको कमाण्डरको रूपमा भैरहवामा नेतृत्व गरी गरेका थिए । उनले सरकारलाई हातहतियार बुझाउन अस्वीकार गरे । उनी राणा शासनको अन्त्य भएको हेर्न चाहन्थे । पछि उनको विरुद्ध देशद्रोहको अभियोग लगाएर आन्दोलनलाई सामसुम पारियो ।

**जनक्रान्तिका परिणाम**

वि. सं. २००७ को आन्दोलन नेपालको इतिहासको महत्त्वपूर्ण उपलब्धि थियो । राणा शासनको १०४ वर्ष लामो शासन अन्त्य भएर प्रजातन्त्रको स्थापना भएको थियो । उक्त क्रान्तिका मुख्य परिणाम यसप्रकार थिए :

१. प्रजातन्त्रको स्थापना : १०४ वर्ष लामो निरङ्कुश शासन अन्त्य भएर प्रजातान्त्रिक अभ्यासको सुरुवात भयो ।

२. जनचेतना वृद्धि : यो आन्दोलनपछि शिक्षा, स्वास्थ्य, संस्कृति, साहित्य आदि क्षेत्रमा परिवर्तन ल्यायो ।

३. संवैधानिक प्रक्रियाको सुरुवात : यो आन्दोलनपछि एकातिर जनताद्वारा संविधान निर्माण गर्नुपर्ने दृष्टिकोणको विकास भयो भने अर्कोतिर वि. सं. २००७ चैत्र १७ गते नेपाल सरकार अन्तरिम शासन विधान जारी गरियो । यसले कानुनको शासनलाई स्थापित गऱ्यो ।

४. बाह्य विश्वमा परिचित हुने मौका : यो क्रान्तिपछि नेपालले बाह्य विश्वमा परिचित हुने मौका पायो । नेपाल संयुक्त राष्ट्रसङ्घ, असंलग्न परराष्ट्र आन्दोलन जस्ता अन्तर्राष्ट्रिय मञ्चमा प्रवेश गऱ्यो ।

५. जनसहभागिता : यो जनक्रान्तिले जनतालाई राज्यका विभिन्न अङ्गमा सहभागी हुने मौका पनि प्रदान गऱ्यो ।

## अभ्यास

१. दिल्ली सम्झौता भनेको के हो ?

२. किन र कसले दिल्ली सम्झौताको विरोध गरे ?

३. दिल्ली सम्झौतालाई किन त्रिपक्षीय सम्झौता भनिन्छ ?

४. नेपालको पहिलो शिक्षा मन्त्रीको नाम लेख्नुहोस् ।

५. दिल्ली सम्झौतामा कहिले हस्ताक्षर गरियो ?

६. वि. सं. २००७ को जनक्रान्तिका कारण व्याख्या गर्नुहोस् ।

७. वि. सं. २००७ भन्दा अघिका चार घटना र तिनको प्रभाव तालिकामा देखाउनुहोस् ।

८. दिल्ली सम्झौताअनुसार जनताले निर्वाचित गरेकोप्रतिनिधिले संविधान निर्माण गर्न २०७२ भन्दाअघि किन सम्भव भएन ? कारण दिनुहोस् ।

९. वि. सं. २००७ मा प्रजातन्त्र स्थापना भएपछि आएका परिवर्तन बुँदागत रूपमा लेख्नुहोस् ।

१०. दिल्ली सम्झौताले चार बुँदामा विश्लेषण गर्नुहोस् ।

११ दिल्ली सम्झौताका मुख्य सर्त लेख्नुहोस् ।

१२. राजा त्रिभुवनले प्रजातन्त्र स्थापनाका लागि निर्वाह गरेको भूमिका लेख्नुहोस् ।

१३. वि. सं. २००७ को जनक्रान्तिका कारण र परिणामको चर्चा गर्नुहोस् ।

पाठ २

# प्रजातान्त्रिक गतिविधिका एक दशक (२००७–०१७)

## परिचय

नेपालको अन्तरिम शासन विधान २००७

दिल्ली सम्झौताअनुसार राणा र नेपाली काँग्रेसको संयुक्त सरकार बन्यो । मन्त्रिपरिषद्‌को बैठकले वि. सं. २००७ चैत्र १७ गते नेपालको अन्तरिम शासन विधान २००७ पारित गर्‍यो । यो नेपालमा कार्यान्वयन भएको पहिलो लिखित संविधान थियो । उक्त संविधानका मुख्य विशेषता यसप्रकार थिए :

(क) ७ भाग ७३ दफा र १ अनुसूची

(ख) कार्यकारिणी अधिकारमा राजा र मन्त्रिपरिषद् रहने व्यवस्था

(ग) राज्यका निर्देशक सिद्धान्त

(घ) प्रधान न्यायालयको व्यवस्था

(ङ) नागरिक हक अधिकारको व्यवस्था

यसैबिच राणा शासनलाई पुनःस्थापना गर्न बबरशमशेर र रणधीर सुब्बाहरूले खुकुरी दल नामक सङ्गठन स्थापना गरे । यो दलले अराजकता सिर्जना गरेपछि बबरशमशेरलाई हटाएर सिंहशमशेरलाई मन्त्रीमा नियुक्त गरियो । यसै गरी २००८ साल कात्तिक २१ गते दिल्ली सम्झौताको विरोधमा विद्यार्थीले निकालेको जुलुसमा प्रहरीले गोली चलायो । गोली लागेर चिनियाँ काजीको मृत्यु भयो । यही विषयलाई लिएर काँग्रेस र राणाहरूबिच आरोप प्रत्यारोप सुरु भयो । त्यसैले कात्तिक २४ गते काँग्रेसका सबै मन्त्रीहरूले राजीनामा दिएपछि कात्तिक २६ गते मोहनशमशेरले पनि सरकारबाट राजिनामा दिए । यसरी राणा कङ्ग्रेसको संयुक्त मन्त्रिपरिषद् विघट्न भयो ।

## नेपाली काँग्रेसको एकमना सरकार

वि. सं. २००८ मङ्सिर १ गते मातृकाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली काँग्रेसको एकलौटी मन्त्रिपरिषद् गठन भयो । उक्त मन्त्रिमण्डलमा आठ जना सदस्य नेपाली काँग्रेसबाट र छ जना

सदस्य स्वतन्त्र गरी १४ जना सदस्य थिए । उक्त सरकारले निम्नानुसार भूमिका निर्वाह गरेको थियो ।

(क) स्वतन्त्र न्यायालय स्थापना

(ख) लोक सेवा आयोगको स्थापना

(ग) २००९ सालभित्र विधान सभाको निर्वाचन

(घ) जनताका हक अधिकार सुनिश्चित गर्ने

दाजुभाइबिचको झगडा चलिरहँदा काँग्रेसको जनकपुर भएको तेस्रो सम्मेलनले बी. पी. कोइरालालाई अध्यक्षमा छनोट गर्नु, नेपाल प्रजापरिषद् र कम्युनिस्ट पार्टीले संयुक्त सरकार माग गर्नु, डा. के. आई. सिंहको विद्रोह आदि कारणले यो सरकारको पतन भयो । त्यसैले २००९ साल साउन २६ गते मातृकाप्रसाद कोइरालाले प्रधानमन्त्री पदबाट राजिनामा दिए ।

### परामर्शदात्री सरकार

वि. सं. २००९ साउन ३० गते केशरशमशेरको नेतृत्वमा परामर्शदात्री सरकार गठन भयो । यो सरकारमा पाँच जना सदस्य थिए । राजाको प्रत्यक्ष निगरानी र निर्देशनमा काम गर्नुपर्ने व्यवस्था हुनाले यसलाई राजाको प्रत्यक्ष शासन पनि भनिन्छ । त्यति नै बेला नेपाली काँग्रेस टुक्रिएर चारओटा पार्टी बन्यो । बी. पी. को नेतृत्वमा नेपाली काँग्रेस, भद्रकाली मिश्रको नेतृत्वमा जन काँग्रेस, मातृकाको नेतृत्वमा राष्ट्रिय प्रजा पार्टी र बालचन्द्र शर्मा र केदारमान व्यथितको नेतृत्वमा समाजवादी काँग्रेस गरी चारओटा पार्टी खडा भए । तर यो सरकारलाई राजनीतिक दल र भारतले पनि समर्थन गरेन । त्यतिनै बेला पोखरा र तौलिहवामा नेपाली काँग्रेसको नेतृत्वमा किसान विद्रोह पनि भयो । सरकारले यो विद्रोह शान्त गर्न पनि सकेन र वि. सं. २०१० असार २ गते यो सरकार निघटन भयो ।

### राष्ट्रिय प्रजापार्टीको सरकार

वि. सं. २०१० असार २ गते काँग्रेसबाट विभाजित राष्ट्रिय प्रजा पार्टीका अध्यक्ष मातृकाप्रसाद कोइरालाको नेतृत्वमा अर्को सरकार गठन भयो । उक्त मन्त्रिपरिषद्मा पाँच जना सदस्य थिए । भारतीय सेनाको नेपाल प्रवेश, कोसी सम्झौता, डडेलधुरामा किसान विद्रोह र भीमदत्त पन्तको हत्या जस्ता कारणले गर्दा यो सरकार वि. सं. २०११ साल फागुन १९ गते विघटन भयो ।

### महेन्द्रको प्रत्यक्ष शासन र शाही सल्लाहकार सभा

वि. सं. २०१२ वैशाख १ गते गुन्जमान सिंहको नेतृत्वमा पाँच सदस्यीय शाही सल्लाहकार सभाको गठन भयो । यही सरकारको पालामा नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य तथा असंलग्न परराष्ट्र आन्दोलनको संस्थापक सदस्य भयो । तर राजनीतिक दलहरूले विरोध गरेपछि २०१२ साल माघ १२ गते यो सरकारको विघटन भयो ।

### टङ्कप्रसाद आचार्यको सरकार

वि. सं. २०१२ माघ १३ गते प्रजापरिषद्का नेता टङ्कप्रसाद आचार्यको नेतृत्वमा मन्त्रिमण्डल गठन गरियो । यही सरकारको पालामा प्रथम पञ्च वर्षीय योजनाको सुरुवात, कम्युनिस्ट पार्टी माथि लगाएकोप्रतिबन्ध फुकुवा, राष्ट्र बैङ्कको स्थापना, नेपाल चीनबिच मैत्री तथा शान्ति सम्झौता भए । तर खाद्यान्न सङ्कट, चुनावसम्बन्धी अस्पष्ट विचार, पत्रपत्रिकाको प्रकाशनमा रोक लगाउने प्रयास जस्ता कारणले २०१४ साल असार ३१ गते यो सरकार पनि विघटन भयो ।

### डा. के. आई. सिंहको सरकार

जेल आक्रमणपछि डा.के.आई.सिंह तिब्बतमा निर्वासित जीवन बिताइरहेका थिए । देशको साजनीतिक विकृति र यसले सृजित समस्याको समाधान हुन सकेको थिएन । यसै समयमा डा.केआई.सिंहले आफ्नो कार्यबाट आफू ज्यादै दु :खी र ग्लानी भएको, देशको अवस्था देखी दु :खी भएको, राजासँग माफी माग्न चाहेको र राजासँगै मिलेर देशको सेवागर्ने तीव्र इच्छा रहेको भनी राजा महेन्द्रलाई पत्र लेखे । राजाले पनि उनलाई आममाफी दिने घोषणा गरे । उनलाई नेपाल बोलाइयो । यसै क्रममा वि. सं. २०१४ साउन ११ गते डा. के. आई. सिंहको नेतृत्वमा ११ सदस्यीय मन्त्रिमण्डल गठन गरियो । त्यस बखत उनी संयुक्त प्रजातन्त्र पार्टीका अध्यक्ष थिए । यो सरकारले भ्रष्टचारीमाथि कारबाही गर्ने, कालोबजारी रोक्ने जस्ता राम्रो काम गरे । तर पनि बी. पी. कोइराला, डिल्लीरमण रेग्मी, टङ्कप्रसाद आचार्यहरूले उनको सरकारलाई असहयोग गरे । आम निर्वाचनको मिति घोषणा गर्न नसकेको कारणले २०१४ साल कात्तिक २९ गते यो सरकार पनि विघटन भयो ।

### प्रत्यक्ष शासन

डा. के. आई. सिंहको सरकार विघटन भएपछि राजा महेन्द्रले फेरि प्रत्यक्ष शासन सुरुवात गरे । राजाको उक्त कदमपछि राजनीतिक दलहरूले प्रजातान्त्रिक मोर्चा गठन गरे । उक्त मोर्चाले २०१४

साल मङ्सिरबाट ६ महिना भित्र निर्वाचन हुनुपर्ने माग राखेर भद्र अवज्ञा आन्दोलन सुरु गऱ्यो । वि. वि. सं. २०१४ मङ्सिर २१ गते राजनीतिक सम्मेलन गरेर २०१५ साल फागुन ७ गते निर्वाचन गर्ने मिति घोषणा भएपछि उक्त आन्दोलन अन्त्य भयो । यसै गरी भगवतीप्रसाद सिंहको नेतृत्वमा संविधान मस्यौदा आयोगको गठन भयो ।

## सुवर्णशमशेरको काम चलाउ सरकार

संसद्का लागि आम चुनाव घोषणा गरेपछि वि. सं. २०१५ जेठ २ गते सुवर्णशमशेरको नेतृत्वमा छ सदस्यीय काम चलाउ सरकार गठन गरियो । उक्त सरकारलाई संविधान बनाउने, आम निर्वाचन गराउने र शान्ति सुव्यवस्था कायम गर्ने जिम्मेवारी दिइएको थियो । त्यहीअनुसार २०१५ साल फागुन १ गते नेपाल अधिराज्यको संविधान २०१५ जारी भयो । फागुन ७ गते संसद्को चुनाव भयो । संविधानअनुसार नेपाललाई १०९ओटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । नेपाली काँग्रेसले ७५ सिट, प्रजापरिषद्ले १९ सिट, संयुक्त प्रजातन्त्र पार्टीले ५ सिट, नेपाल कम्युनिस्ट पार्टीले ४ सिट, नेपाल प्रजापरिषद्का दुई पार्टीले तीन सिट र स्वतन्त्र सदस्यहरूले चार सिट जिते । नेपाली काँग्रेसका सांसद सदस्यहरूले बी. पी. कोइरालालाई नेता र सुवर्णशमशेरलाई उपनेता चुने । निर्वाचन घोषणा भएपछि वि. सं. २०१६ जेठ १३ गते बी. पी. कोइरालाको नेतृत्वमा नेपाली काँग्रेसको एकलौटी सरकार बन्यो ।

## प्रथम जननिर्वाचित सरकार

वि. सं. २०१५ फागुन ७ गते भएको निर्वाचनको परिणाम फागुन २८ गते प्रकाशित भयो । निर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाई मत पायो भने राष्ट्रवादी गोर्खा परिषद् १९ सिटसहित दोस्रो ठुलो दल बन्यो । वि. सं. २०१६ जेठ १३ गते बी. पी. कोइरालाको नेतृत्वमा ११ सदस्यीय सरकार बन्यो । उक्त सरकारमा निम्नानुसार पद विभाजन गरिएको थियो :

| | |
|---|---|
| विश्वेश्वरप्रसाद कोइराला | प्रधानमन्त्री र रक्षा |
| सुवर्णशमशेर | उपप्रधानमन्त्री अर्थ र योजना |
| गणेशमान सिंह | मन्त्री, यातायात, सञ्चार, भूमिसुधार र सिँचाइ |
| सूर्यप्रसाद उपाध्याय | मन्त्री, गृह र न्याय |

| | |
|---|---|
| राम नारायण मिश्र | मन्त्री, उद्योग र वाणिज्य |
| काशिनाथ गौतम | मन्त्री, स्वास्थ्य र स्थानीय विकास |
| पर्शुनारायण चौधरी | मन्त्री, शिक्षा |
| शिवराज पन्त | मन्त्री, कृषि तथा खाद्य र वन |
| सूर्यनाथ दास यादव | मन्त्री, संसदीय व्यवस्था |
| प्रेमराज आङ्दोम्बे | मन्त्री, ग्राम विकास |
| डा. तुल्सी गिरी | मन्त्री, परराष्ट्र |
| ललित चन्द | सहायक मन्त्री, निर्माण र वहन |
| द्वारिकादेवी ठकुरानी | सहायक मन्त्री, स्वास्थ्य र स्थानीय |
| मीनबहादुर गुरुङ | सहायक मन्त्री, रक्षा |
| जमानसिंह गुरुङ | सहायक मन्त्री, सञ्चार |
| नेत्रबहादुर मल्ल | सहायक मन्त्री, खाद्य, कृषि र वन |
| योगेन्द्रमान शेरचन | सहायक मन्त्री, ग्राम विकास |
| शिवप्रताप शाह | सहायक मन्त्री, अर्थ र आयकर |
| विकाससिंह राई | सहायक मन्त्री, गृह |

तर यसरी निर्वाचित सरकारलाई वि. सं. २०१७ पुस १ गतेको शाही घोषणाबाट अपदस्त गरी अन्त्य गरियो ।

## वि. सं. २००७ देखि २०१७ सम्मका मुख्य घटनाक्रम

| मिति | घटना |
|---|---|
| २००७ साल चैत्र १७ गते | अन्तरिम शासन विधान पारित |
| २००८ साल कात्तिक २४ गते | काँग्रेस मन्त्रीहरूको राजीनामा |
| २००८ साल मङ्सिर १ गते | मातृका कोइरालाको एकमना सरकार |
| २००९ साल साउन ३० गते | परामर्शदात्री सरकार गठन |
| २०१० साल असार २ गते | परामर्शदात्री सरकारको विघटन |
| २०१० साल असार २ गते | राष्ट्रिय प्रजा पार्टीका अध्यक्ष मातृका कोइरालाको नेतृत्वमा सरकार गठन |
| २०११ साल फागुन १९ गते | मातृका सरकार विघटन |
| २०१२ साल वैशाख १ गते | शाही सल्लाहकार सभा गठन |
| २०१२ साल माघ १२ गते | शाही सल्लाहकार सभा विघटन |
| २०१२ साल माघ १३ गते | टङ्कप्रसाद आचार्यको नेतृत्वमा सरकार गठन (प्रजा परिषद्को सरकार) |
| २०१४ साल असार ३१ गते | प्रजापरिषद्को सरकार विघटन |
| २०१४ साल साउन ११ गते | डा. के. आई. सिंहको नेतृत्वमा सरकार गठन |
| २०१४ साल कात्तिक २९ गते | डा. के. आई. सिंह सरकार विघटन |

| | |
|---|---|
| २०१४ साल मङ्सिर २१ गते | राजनीतिक सम्मेलन आयोजना |
| २०१५ साल जेठ २ गते | सुवर्णशमशेरको काम चलाउ सरकार गठन |
| २०१५ साल फागुन १ गते | संविधान जारी |
| २०१५ साल फागुन ७ गते | प्रथम संसदीय निर्वाचन |
| २०१६ साल जेठ १३ गते | पहिलो निर्वाचित सरकार गठन |
| २०१७ साल पुस १ गते | पहिलो जननिर्वाचित सरकार विघटन |

**वि.सं. २००७ देखि २०१७ सम्मका प्रमुख सामाजिक र आर्थिक उपलब्धि**

**प्रमुख साामाजिक उपलब्धि**

- **देशभर विद्यालय खुले र शिक्षाको व्यापक प्रचार भयो ।**
- **नेपालमा हवाई सेवाको सुरुवात भयो ।**
- **हेटौँडा काठमाडौँ रोप वे, त्रिभुवन राजपथको निर्माणको सुरुवात भयो ।**
- **वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो ।**
- **विभिन्न राष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध कायम भयो ।**
- **टेलिफोन तथा आकाशवाणी सेवाको सुरुवात भयो ।**
- **निजामती सेवा ऐन २०१३ जारी भइ लागु भयो ।**
- **नेपालका वनहरूको राष्ट्रियकरण गरियो ।**
- **नेपाल १४ डिसेम्बर १९५५ (२०१२) मा संयुक्त राष्ट्रसङ्घको र २०१३ आश्विनमा विश्व हुलाक सङ्घको सदस्य बन्यो ।**

**प्रमुख आर्थिक उपलब्धि**

- **वि.सं.२००८ बजेट प्रस्तुत गर्न थालियो ।**
- **वि.सं. २०१३मा प्रथम योजना लागु भयो ।**
- **वि.सं.२०१३ वैसाख १४ गते नेपाल राष्ट्र बैङ्कको स्थापना गरियो ।**
- **नयाँ कर निति, कृषिमा आधुनिकीकरणको सुरुवात र व्यापार विविधिकरणको सुरुवात भयो ।**
- **वि.सं. २०१६ विर्ता उन्मुलन ऐन जारी गरियो ।**
- **मुद्राको प्रचलनमा एकरूपता कायम गरियो ।**
-

## अभ्यास

१. आन्तरिक शासन विधान २००७ का मुख्य विशेषता लेख्नुहोस् ।

२. टङ्कप्रसाद आचार्य र मातृकाप्रसाद कोइरालाको सरकारमा भएका असल काम र तिनको प्रभाव बताउनुहोस् ।

३. "वि. सं. २००७ देखि २०१७ सम्म विदेशीहरूको स्वार्थले सरकार परिवर्तन भयो" यस भनाइप्रति तपाईंको सहमति वा असहमति के छ ? लेख्नुहोस् ।

४. "कोसी सम्झौता"प्रति तपाईंको धारणा चार वाक्यमा लेख्नुहोस् ।

५. २००७ साल देखि २०१७ सालसम्म बनेका सरकारमा सबैभन्दा उत्कृष्ट काम कसको पालामा भयो ? तपाईंको धारणा चार बुँदामा लेख्नुहोस् ।

६ राजनीतिक अस्थिरताका कारण विश्लेषण गरी त्यसको प्रभाव उल्लेख गर्नुहोस् ।

७. उल्लिखित घटनाहरूको विश्लेषण गरी कुनै राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार पार्नुहोस् ।

पाठ ३

# प्रजातन्त्रको अन्त्य र दलहरूमाथि प्रतिबन्ध

## परिचय

वि. सं. २०१५ सालको पहिलो निर्वाचनमा जनताले बडो उत्साहका साथ मतदान गरे र बी. पी. कोइराला नेपालको प्रधानमन्त्री भए । तर बी. पी. कोइरालाको प्रसिद्धी राजा महेन्द्रलाई भने मन परेन । उनी अत्यन्त महत्त्वाकाङ्क्षी राजा थिए । त्यसै हुनाले नेपाल अधिराज्यको संविधान २०१५ को धारा ५५ को प्रयोग गरेर जननिर्वाचित सरकार अपदस्त गरे । संसदीय व्यवस्था विघटन मात्र गरेनन् त्यति बेलाका प्रधानमन्त्रीलाई नै कैद गरेर आफ्नो मनोकाङ्क्षा पूरा गर्न लागे । उनले मन्त्री, राजनीतिक दलका नेताहरूलाई कैद गरेर शासन सत्ता आफ्नो हातमा लिए । जनताको हित, स्वार्थ, पीडाको सम्बोधन गर्न नसकेको आरोप लगाउँर राजनीतिक दलमाथिप्रतिबन्ध लगाए । उनले सरकारले जनताका समस्या समाधान गर्न नसकेको, शान्ति, सुव्यवस्था बिग्रेको, राष्ट्रिय एकता कमजोर भएको, वैदेशिक हस्तक्षेप बढेको, भ्रष्टाचार बढेको, दलका नेता तथा कार्यकर्ताहरू व्यक्तिगत स्वार्थ पूरा गर्न लागिपरेका जस्ता आरोप लगाएर प्रथम निर्वाचित सरकार अपदस्त गरे । त्यसैले राजाको यो कदमलाई बल पूर्वक शासन आफ्नै हातमा लिने प्रयास मानिन्छ र इतिहासको कालो दिनको रूपमा चित्रण गरिन्छ । राजाले यी सबै गतिविधि नेपाल अधिराज्यको संविधान २०१५ को धारा ५५ लाई आधार मानेर गरे । उक्त संविधानको धारा ५५ सङ्कटकालीन अधिकारको व्यवस्था समावेश थियो । उक्त धारामा “ श्री ५ को स्वविवेकमा कुनै गम्भीर सङ्कट विद्यमान भई जसबाट नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षा वा आर्थिक जीवन युद्ध वा बाहिरी आक्रमण वा आन्तरिक उपद्रवले संतृप्त छ भन्ने लागेको छ भने मौसुफबाट मौसुफकै स्वविवेकमा देहायबमोजिम गर्ने गरी घोषणा गर्न सकिबक्सने छ । यस संविधानको उपबन्धको प्रचलनलाई पूर्ण वा आंशिक मात्रामा निलम्बन गर्ने व्यवस्थालगायत घोषणाको उद्देश्य कार्यान्वन गर्नका लागि मौसुफबाट आवश्यक वा वाञ्छनीय सम्झिबक्सेको प्रासाङ्गिक र अप्रासाङ्गिक व्यवस्थाहरू यस्तो जुनसुकै घोषणामा रहन सक्ने छन् :

(क) घोषणामा तोकिएसम्म मौसुफको कार्य मौसुफबाट स्वविवेकमा गरिबक्सने गरी

(ख) संसद् वा अन्य सरकारी निकाय वा अधिकारीमा निहित वा तिनीहरूद्वारा प्रयोग हुने सबै वा कुनै अधिकार मौसुफले ग्रहण गरिबक्सने गरी

यही धारा प्रयोग गरेर तरुणदलको कार्यक्रममा सहभागी प्रधानमन्त्रीलगायत अन्य उच्च अधिकारीहरूलाई कैद गरी पञ्चायती व्यवस्थाको सूत्रपात भयो । जुन निरङ्कुश व्यवस्था फाल्न नेपाली जनताले ३० वर्ष कुर्नुपऱ्यो ।

**२००७ देखि २०१७ साल सम्मका उपलब्धि**

**यो समय राजनीतिक अस्थिरता भए तापनि केही महत्त्वपूर्ण सुधारका प्रयासहरू भए । परिवर्तन भए । यो समयको सामाजिक र आर्थिक उपलब्धि यसप्रकार उल्लेख गर्न सकिन्छ :**

**सामाजिक उपलब्धि**

१. सम्पूर्ण वन राष्ट्रियकरण गरियो ।

२. निजामती सेवा ऐन वि. सं. २०१३ सालमा जारी गरियो ।

३. सर्वसाधारणले विद्यालय जाने अवसर पाए र अङ्ग्रेजी माध्यमका विद्यालय खुले ।

४. यातायातको विकासका लागि राजमार्ग निर्माणको काम सुरु भयो ।

५. आन्तरिक र बाह्य उडान सेवा सुरु भयो ।

६. काठमाडौँ नगरपालिकाको निर्वाचन भयो ।

७. छिमेकी तथा अन्य देशहरूसँग मैत्री सम्बन्ध स्थापना भयो ।

८. काठमाडौँ-हेटौँडा रोप मार्गको विस्तार भयो ।

९. २०११ साल वैशाख १२ गते कोसी सम्झौता र २०१६ साल मङ्सिर १९ गते गण्डक सम्झौता भयो ।

१०. १४ डिसेम्बर १९५५ मा नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गऱ्यो ।

११. संस्कृति उत्थानका लागि सांस्कृतिक परिषद् स्थापना भयो ।

१२. टेलिफोन र टेलिग्राम सेवाको सुरुवात भयो ।

१३. त्रिभुवन विश्वविद्यालय, कानुन क्याम्पस स्थापना भयो ।

**आर्थिक उपलब्धि**

- भूमि अधिकारको घोषणा
- वि. सं. २००८ बाट बजेटको सुरुवात
- बिर्ता उन्मुलन ऐन जारी
- वि. सं. २०१२ असोज २२ गतेबाट पञ्चवर्षीय योजनाको सुरुवात
- कृषिको आधुनीकिकरण र व्यापार विविधीकरणमा जोड
- वि. सं. २०१३ वैशाख १४ गते राष्ट्र बैङ्कको स्थापना
- नयाँ कर प्रणालीको सुरुवात
- मुद्राको प्रयोगमा एकरूपता

## अभ्यास

१. नेपालमा पहिलो आम निर्वाचन कहिले भयो ? पूरा मिति लेख्नुहोस् ।

२. मातृकाप्रसाद कोइरालाको सरकारमा भएको एउटा उपलब्धि लेख्नुहोस् ।

३. नेपालको पहिलो शिक्षा मन्त्री को थिए ?

४. पुस १ गतेलाई किन कालो दिन भनिन्छ ?

५. सुवर्णशमशेरको सरकारका उपलब्धि लेख्नुहोस् ।

६. डा. के. आई. सिंहको सरकार किन असफल भयो ?

७ "राजा महेन्द्र महत्त्वाकाङ्क्षी राजा थिए" आफ्नो विचार लेख्नुहोस् ।

८. २००७ साल देखि २०१७ सालसम्मका उपलब्धि र तिनको प्रभाव तालिकामा देखाउनुहोस् ।

९ तलको तालिका पूरा गर्नुहोस् :

| प्रधानमन्त्री | उपलब्धि | प्रभाव |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

१०. राजनीतिक दलमाथिप्रतिबन्ध लगाउनाका कारण के के ? लेख्नुहोस् ।

११. विकास निर्माणमा गति तीव्र हुन नसक्नुमा के कारण थिए ? बुँदागत रूपमा लेख्नुहोस् ।

१२. बिर्ता उन्मुलन विधेयकमा कस्ता प्रावधान थिए ?

१३. २००७ देखि २०१७ सम्मका सामाजिक उपलब्धि र तिनले पारेको प्रभाव विश्लेषण गर्नुहोस् ।

पाठ ४

# वि.सं. २०१७ देखि २०४६ सम्म राजनीतिक घटनाक्रम

## परिचय

वि. सं. २०१७ पुस १ गतेको घटनापछि राजा महेन्द्रले आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरे । २०१७ साल पुस २२ गते पञ्चायती व्यवस्था स्थापना भएको घोषणा गरे । उनले पञ्चायत मन्त्रालय स्थापना गरी पञ्चायत निर्देशन विभाग र पञ्चायत विकास विभाग खडा गरे । यी कामको मुख्य उद्देश्य पञ्चायती व्यवस्थालाई दह्रो बनाउनु थियो । यसै गरी २०१८ वैशाख १ गते नेपाललाई १४ अञ्चल ७५ जिल्लामा पनि विभाजित गरे । २०१८ सालमा नै बुद्धिजीवीको भेला गराएर पञ्चायतको अवधारणालाई अझ बलियो बनाए । यही पञ्चायती व्यवस्थालाई टिकाउनका लागि विभिन्न राजनीतिक घटनाक्रम रचिए । पञ्चायत विरोधीलाई दबाउने प्रयत्न भए ।

## जनकपुर काण्ड

२०१८ साल माघ ९ गतेबाट राजा महेन्द्रले पूर्वी नेपालको देश दौडाहा सुरु गरे । पूर्वको भ्रमण सकेर जानकी मन्दिरको दर्शन गरेर रङ्गभूमितिर फर्किँदै गर्दा नेपाली काँग्रेसका कार्यकर्ता दुर्गानन्द झाले राजा चढेको गाडीमा ग्रिनेट प्रहार गरे । गाडीलाई सामान्य क्षति भए पनि राजालाई भने केही भएन । यसै काण्डलाई जनकपुर काण्ड भनिन्छ । यसैभन्दा अघि नै अरविन्दकुमार ठाकुर र दलसिंह थापालाई बमसहित पाइयो । उनी भागेर भारत गए । तर जनकपुरमा नेपाली काँग्रेसका कार्यकर्तालाई प्रहरीले दमन गरेको थाहा पाएपछि उनले आत्मसमर्पण गरे । उनलाई जनकपुरबाट काठमाडौँ ल्याइयो । २०२० साल माघ १५ गते उनलाई मृत्युदण्ड दिइयो भने दलसिंह थापा र अरविन्दकुमार ठाकुरलाई जन्म कैद गरियो । उनीहरू प्रजातन्त्रको स्थापना भए पछि कैद मुक्त भए ।

## नयाँ संविधान घोषणा

देशमा पञ्चायती व्यवस्था सुरु गरेको दुई वर्षपछि वि. सं. २०१९ साल पुस १ गते नेपालको पञ्चायती संविधान जारी गरियो । उक्त संविधानमा नेपाललाई राजतन्त्रात्मक हिन्दु राज्यको रूपमा रूपमा नै घोषणा गरियो । गाउँ पञ्चायतदेखि राष्ट्रिय पञ्चायत सम्मको व्यवस्था गरियो । संवैधानिक निकायको व्यवस्था गरियो । यो संविधान २०२३ साल माघ १४ गते संविधानलाई पहिलो पहिलो पटक संशोधन गरियो । उक्त संशोधनमार्फत पञ्चायती व्यवस्थालाई दह्रो बनाउने तथा

मन्त्री परिषद्को अध्यक्ष, उपाध्यक्षको व्यवस्था अन्त्य गऱ्यो । त्यतिमात्र होइन, यही संशोधनले गाउँफर्क राष्ट्रिय अभियानलाई स्थापना गरेर पञ्चायतको प्रवर्धन गर्ने प्रयत्न गरियो । यसै गरी २०३२ साल मङ्सिर २६ गते दोस्रो पटक संशोधन गरी राष्ट्रिय पञ्चायतको सदस्य सङ्ख्या वृद्धि गरियो । २०३७ साल पुस १ गते तेस्रो संशोधनले आवधिक निर्वाचनको व्यवस्था गऱ्यो ।

### गाउँ फर्क राष्ट्रिय अभियान

पञ्चायती व्यवस्थालाई अझ सुदृढ बनाउने उद्देश्यले वि. सं. २०२४ असोज १३ गते गाउँफर्क राष्ट्रिय अभियान सुरु गरियो । यो अभियान सोही वर्षको पुस १ गतेबाट कार्यान्वयन गरियो । यसको उद्देश्य पञ्चायतका गतिविधि गाउँ गाउँमा पुऱ्याउने थियो । पछि यसलाई पञ्चायती व्यवस्थाको अभिन्न अङ्ग बनाइयो । पञ्चायती संविधानको दोस्रो संशोधनलाई गाउँ फर्क अभियानलाई संवैधानिक अङ्ग बनाइयो भने तेस्रो संशोधनबाट यसलाई हटाइयो ।

### झापा विद्रोह र सुखानी हत्याकाण्ड

वि. सं. २०२८ सालदेखि २०३० सालसम्म झापा जिल्लामा युवा कम्युनिस्टहरूको नेतृत्वमा चलेको सशस्त्र आन्दोलनलाई नै झापा विद्रोह भनिन्छ । भारतमा चारु मजुमहारले किसानहरूको हक हितको आन्दोलन चलाएपछि त्यसको प्रभाव झापाका युवा कम्युनिस्टहरूमा परेको थियो । यो आन्दोलनको नेतृत्व सुरुमा राधा कृष्ण मैनाली र पछि खड्गप्रसाद ओली तथा चन्द्रप्रकाश मैनालीले गरेका थिए । यही झापा विद्रोहमा पञ्चायती शासकले राम नाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठ लाई गिरफ्तार गरे । वि. सं. २०२९ साल फागुन २१ गते झापाबाट इलाम लैजाने बहानामा झापाको सुखानी जङ्गलमा लगेर गोली हानी हत्या गरियो । यसै घटनालाई सुखानी काण्ड भनिन्छ । झापा विद्रोहले नेपालको राजनीतिमा अहिले सम्म पनि प्रभाव परेको देख्न सकिन्छ ।

### विमान अपहरण र सिंहदरबारमा आगलागी

पञ्चायतको सुरुवातमा सबै राजनीतिक दलमाथिकोप्रतिबन्धले तत्कालीन राजनीतिक दलका कार्यकर्तालाई दबाउने, गिरफ्तार गर्ने गतिविधि तीव्र भयो । यो व्यवस्था अप्रजातान्त्रिक हुनाले अन्त्य अन्त्य गर्नका लागि नेपाली काँग्रेसले फेरि सशस्त्र विद्रोह गर्ने दृष्टिकोणसहित कार्यकर्तालाई प्रशिक्षित प्रशिक्षित गऱ्यो । यही क्रममा क्रान्तिका लागि पैसा सङ्कलन गर्न र पञ्चायतलाई दबाब दिन २०३० साल जेठ २५ गते विमान अपहरण भयो । विराटनगरबाट काठमाडौँ उडेको विमानमा नेपाल

नेपाल राष्ट्र बैङ्कको ३० लाख रुपियाँ थियो । त्यहीँ ३० लाख भारतीय मुद्रा लिन विमानलाई विहारको फारवेसगन्जमा जबरजस्ती अवतरण गरेरपछि नेपाल फिर्ता पठाइयो । यस घटनामा दुर्गा सुवेदी, वसन्त भट्टराई, सुशील कोइरालाहरू संलग्न थिए । यसले पञ्चायती शासकमाथि ठुलो झड्का दियो । यसै गरी सोही वर्ष असार २५ गते सिंहदरबारमा आगो लाग्यो । सिंहदरबार राणा प्रधानमन्त्री चन्द्रशमशेरले निर्माण गर्न लगाउँका थिए । उक्त आगलागीको कारण अहिले सम्म थाहा थाहा हुन सकेको छैन । यद्यपि सिंहदरबार आगलागीबाट केही महत्त्वपूर्ण दस्तावेजहरू जले । यही घटनाको कारण तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले राजिनामा दिए ।

### टिम्बुरबोटे काण्ड

नेपाली काँग्रेसका युवा कार्यकर्ता पनि क्रान्तिका लागि सङ्गठित हुँदै गएका थिए । जसबाट मात्र पञ्चायत व्यवस्था अन्त्य गरेर प्रजातन्त्र पुनःस्थापना गर्न सकिन्छ भन्ने धारणा थियो । त्यसैले २०३१ पुस १ गते नेपाली काँग्रेसका कार्यकर्ताले ओखलढुङ्गा कब्जा गर्ने गोप्य योजना बनाए । त्यसका लागि सोलखुम्बुको तिङ्ला गाउँको टिम्बुरबोटे जङ्गलको गुफामा आफ्नै आश्रय स्थल बनाए । स्थानीय सरकार गठन गर्दै अघि बढ्दै थिए । यसै क्रममा टिम्बुरबोटेमा सरकारी पक्षले १३ जना स्वतन्त्रता सेनानीको हत्या गऱ्यो । यसै काण्डलाई टिम्बुरबोटे काण्ड भनिन्छ । यस काण्डमा पक्राउ परेका क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई नक्खु कारागारमा राखियो र २०३३ सालमा गोली हानि हत्या गरियो । अहिले टिम्बुरबोटेमा सहिद पार्क निर्माण गरिएको छ ।

### विकासका लागि राजनीति

वि. सं. २०१९ मा जारी गरिएको संविधानलाई २०३१ साल मङ्सिर २६ गते संशोधन गरेर विकासका लागि राजनीति भन्ने कुरा थपियो । यही संशोधनले गाउँ फर्क राष्ट्रिय अभियानलाई संवैधानिक निकाय बनायो । राष्ट्रिय मेलमिलापको नीति भारतमा लामो समयदेखि निर्वासित जीवन बिताइरहेका विश्वेश्वरप्रसाद कोइराला २०३३ साल पुस १६ गते नेपाल फर्किए । प्रजातन्त्रको पुनःस्थापनाका लागि देशभित्र नै बसेर राजतन्त्र र क्रान्तिकारीबिच मध्यस्थता गरेर अघि बढ्ने उद्घोष गरे । यही घटनालाई नेपालको इतिहासमा राष्ट्रिय मेलमिलापको नीति बुझिन्छ ।

### रत्नकुमार बान्तवाको हत्या

पञ्चायती शासक राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको धरपकड र हत्या गरेर व्यवस्था टिकाउन चाहन्थे । यही क्रममा २०३५ साल चैत्र २७ गते तत्कालीन मालेका नेता रत्नकुमार

बान्तवाको देउमाई नदीको किनारामा हत्या गरियो । यसै गरेर पञ्चायती शासकले सरोज कोइराला, कोइराला, जयगोविन्द शाह, ऋषि देवकोटा (आजाद), योगेन्द्रमान शेरचेन जस्ता थुप्रै नेताहरूको हत्या गरे ।

## जनमत सङ्ग्रह

राजनीतिक दलमाथिकोप्रतिवन्धले गर्दा राजनीतिक र बौद्धिक क्षेत्रमा व्यापक असन्तोष बढ्दै गयो । यसै गरेर सर्वसाधारण जनता पनि विभिन्न बहानामा पञ्चायतबाट शोषित र पीडित भए । देशमा अराजकता बढ्दै गयो । यही क्रममा २०३५ साल चैत्र २४ गते पाकिस्तानको सैनिक शासक जियाउल हकले प्रजातान्त्रिक नेता जुल्फिकर अलि भुट्टोलाई मृत्यु दण्ड दियो । यही घटनालाई लिएर नेपाली विद्यार्थीहरू विरोध पत्र लिएर पाकिस्तानी दूतावासमा जाँदा प्रहरीले अवरोध गऱ्यो । प्रहरी र विद्यार्थीबिच भिडन्त भयो । यही घटनाले विद्यार्थीहरू आन्दोलित भए र राष्ट्रव्यापी आन्दोलनको सुरुवात भयो । पञ्चायतको अस्तित्वमाथि नै प्रश्न चिह्न उठ्यो । यो आन्दोलन राजनीतिक दल, शिक्षक, पत्रकार, वकिल, डाक्टर, इन्जिनियर, कलाकार आदि सबैले समर्थन गरे । २०३६ साल जेठ ९ गते यो आन्दोलनले राष्ट्रिय रूप धारणा गऱ्यो । देशभरि नारा जुलुस भयो । आन्दोलनलाई दबाउन प्रयास गरे पनि सम्भव नभए पछि २०३६ साल जेठ १० गते जनमत सङ्ग्रह गर्ने घोषणा भयो पञ्चायतलाई समसामयिक सुधार गर्ने वा बहुदलीय शासन व्यवस्था कायम गर्ने विकल्प सहित जनमत सङ्ग्रह घोषणा गरियो ।

वि. सं. २०३६ साल जेठ १६ गते भगवतीप्रसाद सिंहको अध्यक्षतामा राष्ट्रिय चुनाव आयोग गठन गरियो । उक्त आयोगले २०३७ साल वैशाख २० गते जनमत सङ्ग्रह गर्ने निर्णय गऱ्यो । कुल मतदातामध्ये २४,२३,४५२ ले पहेँलो अर्थात् सुधारिएको पञ्चायती व्यवस्था र २०,०७,९६५ ले निलो अर्थात् प्रजातन्त्रको पक्षमा मतदान गरे । उक्त मतको नतिजाअनुसार पुनः सुधारिएको पञ्चायती व्यवस्था कायम भयो । यो चुनावमा पञ्चायतको पक्षमा ५४.७९% र बहुदलको पक्षमा ४५.२१% मत खसेको थियो ।

यस चुनावलाई बी. पी. कोइराला, के. आई. सिंह, गणेशमान सिंह, मनमोहन अधिकारीलगायतले सुनियोजित षड्यन्त्र भनेर आरोप लगाए । १८ वर्षदेखि २१ वर्षका युवाहरू मतदानमा सहभागी नहुनु, बहुदलवादीबिच एकता नहुनु, पञ्चायतले आफ्नै शक्तिको दुरुपयोग गर्नु जस्ता कारणले गर्दा गर्दा जनमत सङ्ग्रहको परिमाण बहुदलको पक्षमा आउन सकेन । जनमत सङ्ग्रहपछि संविधान

संशोधन गरेर आवधिक निर्वाचन र वालिग मताधिकारको व्यवस्था गरियो । यस लगतै भएको राष्ट्रिय पञ्चायतको निर्वाचनपछि सूर्यबहादुर थापा नेपालको प्रधानमन्त्रीमा नियुक्त भए ।

### पिस्कर हत्याकाण्ड

सिन्धुपाल्चोकको पिस्कर भन्ने ठाउँका धामी समुदायका मानिसहरू सांस्कृतिक पर्व माघे सङ्क्रान्ति मनाइरहेका थिए । त्यहाँ राजनीतिक गतिविधि हुने सुराकीको आधारमा प्रहरीले अन्धाधुन्ध गोली चलाएर पाँच जना सर्वसाधारणको हत्या गऱ्यो । यस घटनलाई पिस्कर हत्याकाण्ड भनिन्छ । उक्त घटना २०४० साल माघ १ गते घटेको थियो । यही घटना राष्ट्रिय पञ्चायतले अविश्वास प्रस्ताव ल्याएर सूर्यबहादुर थापाको सरकार विघटन गऱ्यो । लोकेन्द्रबहादुर चन्द नेपालको प्रधानमन्त्री नियुक्त भए ।

### सत्याग्रह र वम काण्ड

२०४२ साल जेठ १० गते नेपाली अहिंसात्मक भद्र अवज्ञा आन्दोलनको सुरुवात गऱ्यो । यो कार्यक्रमको उद्देश्य पञ्चायतलाई नैतिक दबाब दिनु थियो । कार्यक्रम देशभरि नै सञ्चालन गरियो । तर यही समयमा रामराजाप्रसाद सिंहको जनवादी मोर्चाले देशका विभिन्न ठाउँमा २०४२ साल असार ६ गते वम विस्फोटन गराइयो । उनीहरूको माग गणतन्त्रको स्थापना थियो । पञ्चायती शासकले नयाँ कानुन बनाएर रामराजाप्रसाद सिंह, लक्ष्मण सिंह, खेमराज भट्ट मायालुलाई मृत्युदण्ड दिने घोषणा गऱ्यो । यता परिस्थिति अनुकूल नभएपछि नेपाली काँग्रेसले पनि सत्याग्रह स्थगन गऱ्यो ।

### २०४६ सालको जनआन्दोलन

यसै क्रममा गणेशमान सिंहको नेतृत्वमा प्रजातन्त्रको पुनःस्थापना गर्ने उद्देश्यले नेपाली काँग्रेस र संयुक्त बाम मोर्चाले आन्दोलन घोषणा गरे । २०४६ साल फागुन ७ गते बाट सुरु भएको आन्दोलन ४९ दिनसम्म चल्यो । यो आन्दोलनलाई पहिलो जनआन्दोलन पनि भनिन्छ ।

### उक्त जनआन्दोलनका कारण

(क) पञ्चायतको गैरप्रजातान्त्रिक चरित्र

(ख) मानव अधिकार र मौलिक हकबाट मानिसहरू वञ्चित हुनु

(ग) भ्रष्टाचारी, कालाबजारीमा व्यापक वृद्धि

(घ) पञ्चायती व्यवस्था सुधार ल्याउन असफल हुनु

(ङ) पञ्चायत इतर नेता कार्यकर्ता माथि दमन गर्नु

त्यसैले मानिसहरूलाई यस्तो परिस्थितिबाट मुक्त गर्न आन्दोलनभन्दा बाहेक अरू विकल्प थिएन । त्यसैले नेपाली काँग्रेस र संयुक्त बाम मोर्चाले संयुक्त रूपमा आन्दोलन गर्ने निर्णय गरे ।

२०४६ साल माघ ५ गते देखि ७ गते नेपाली काँग्रेसले सम्मेलन भयो । उक्त सम्मेलन गणेशमान सिंहको घरमा नै आयोजना गरिएको थियो । उक्त सम्मेलन वामपन्थी दलहरूका साथै विदेशी पाहुनाहरूको पनि सहभागिता थियो । यही सम्मेलनमा भारतीय नेताहरूले पनि नेपालमा प्रजातन्त्रको पुर्नवहालका लागि साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

यसरी नेपाली काँग्रेस र संयुक्त बाम मोर्चाले संयुक्त जनआन्दोलन सुरु गरे । २०४६ साल फागुन ७ गतेबाट सुरु भएको आन्दोलनले गणेशमान सिंहलाई आन्दोलनको कमान्डर घोषणा गऱ्यो । विद्यार्थीहरूले यो आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेले । क्रमशः चिकित्सक, इन्जिनियर, कर्मचारी, शिक्षक, प्राध्यापक आदि पनि आन्दोलनमा सहभागी भए र ऐक्यबद्धता प्रस्तुत गर्नुहोस् । सुरुमा आन्दोलन काठमाडौं केन्द्रित भए पनि पछि देशभरि यसको प्रभाव पर्दै गयो । कर नतिर्ने, बन्द, हडताल, सत्याग्रह जस्ता गतिविधि तीव्र हुँदै गएपछि प्रहरी दमन बढ्यो । काठमाडौँ, पाटन, कीर्तिपुर, विराटनगर, पोखरा, नेपालगन्ज, धनकुटा, दमक आदि ठाउँमा प्रहरी विद्यार्थीहरूबिच भिडन्त भयो । आम सञ्चारका साधनहरूले पनि आन्दोलनको पक्षमा समाचार प्रसारण गरेर आन्दोलन अघि बढाउन ठुलो सहयोग गरे । सयौं राजनीतिक नेता र कार्यकर्ताहरू थुनिए, घाइते भए र शाहदत प्राप्त गरे । यसरी पञ्चायतले आन्दोलनलाई दबाउन नसकेपछि मरिचमान सिंहको सरकार विघटन भयो । लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री नियुक्त गरियो । तर आन्दोलन अझ सशक्त भयो ।

यसै क्रममा चैत्र २४ गते उपत्यकामा ब्लाक आउट कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमको कार्यक्रमको सफलताले पञ्चायती पक्षधरहरू डराए । चैत्र २६ गते गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, राधाकृष्ण मैनाली र सहान प्रधानलाई राजदरबारमा बोलाइयो । वार्ताद्वारा राजा राजनीतिक दलमाथिकोप्रतिवन्ध हटाउन तयार भएपछि राती ११:१५ मा राजाले रेडियो नेपाल र नेपाल टेलिभिजनबाट आफ्नै वक्तव्य प्रसारण गरे । उक्त वक्तव्यमा २०१९ को

संविधानबाट दलमाथिकोप्रतिवन्धको व्यवस्था हटाउने भनियो । आन्दोलनकारी दलहरूले आन्दोलन अन्त्य भएको घोषणा गरेर प्रजातन्त्रको पुन: स्थापना भयो ।

**२०४६ सालको जनआन्दोलनका परिमाण**

१. निरङ्कुश पञ्चायती व्यवस्था अन्त्य भएर प्रजातन्त्रको पुन: स्थापना भयो ।

२ विभिन्न दल सम्मिलित अन्तरिम सरकार गठन भयो ।

३. नेपालको संविधान २०४७ जारी गरियो ।

४. राजतन्त्र संवैधानिक राजतन्त्रमा परिणत भयो ।

५. संसदीय निर्वाचन मार्फत जनताले आफ्नै प्रतिनिधि छान्ने मौका पाए ।

२०१७ सालदेखि २०४६ सम्मका घटनाक्रम

| मिति | घटना |
|---|---|
| २०१७ साल पुस २२ गते | पञ्चायती व्यवस्थाको सुरुवात |
| २०१८ साल वैशाख १ गते | ७५ जिल्ला १४ अञ्चलमा विभाजन |
| २०१८ साल माघ ९ गते | जनकपुर काण्ड |
| २०१९ साल पुस १ गते | नेपालको संविधान २०१९ जारी |
| २०२० साल माघ १५ गते | दुर्गानन्द झालाई फाँसी दिएको |
| २०२३ साल माघ ४ गते | २०१९ को संविधानको पहिलो संशोधन |
| २०२८ | झापा विद्रोह |
| २०२९ साल फागनु २१ गते | सुखानी हत्या काण्ड |
| २०३० साल जेठ २५ गते | विमान अपहरण |
| २०३० साल असार २५ गते | सिंदरबार आगलागी |

| | |
|---|---|
| २०३१ साल पुस १ गते | टिम्बुरबोटे काण्ड |
| २०३२ साल मङ्सिर २६ गते | पञ्चायती संविधानको दोस्रो संशोधन |
| २०३३ साल पुस १६ गते | बी. पी. कोइरालाको स्वदेश फिर्ता |
| २०३५ साल चैत्र २७ गते | रत्नकुमार बान्तवाको हत्या |
| २०३६ साल ज्येष्ठ १० गते | जनमत सङ्ग्रहको घोषणा |
| २०३७ साल वैशाख २० गते | जनमत सङ्ग्रहको निर्वाचन |
| २०३७ पुस १ गते | २०१९ को संविधानको तेस्रो संशोधन |
| २०४० साल माघ १ गते | पिस्कर काण्ड |
| २०४२ साल जेठ १० गते | सत्याग्रह |
| २०४६ साल माघ ५-७ गते | नेपाली काँग्रेसको महाधिवेशन |
| २०४६ साल फागुन ७ गते | पहिलो जनआन्दोलन सुरु |
| २०४६ साल चैत्र २६ गते | जनआन्दोलन अन्त्य र प्रजातन्त्रको पुन:स्थापना |

**२०१७ देखि हालसम्मको घटनाहरूले देशको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा पारेको प्रभाव**

**नेपालमा तीस वर्षे निरङ्कुश पञ्चायती व्यवस्थाको विरुद्ध धेरै आन्दोलन भए । यी सबै आन्दोलनका केही सकारात्मक तथा नकारात्मक प्रभाव थिए । वि. सं २०१७ साल देखि वि. सं २०४६ सालसम्मका घटनाको यसप्रकार उल्लेख गर्न सकिन्छ :**

**सकारात्मक प्रभाव**

**(क) राजनीतिक व्यवस्थामा परिवर्तन भएको छ ।**

**(ख) जनताहरूमा राजनीतिक चेतना बढ्यो ।**

(ग) आर्थिक अवसरहरू वृद्धि भएको छ ।

(घ) अरु राष्ट्रहरूसँगको सम्बन्ध विस्तार भयो ।

(ङ) आफ्नो अधिकारका लागि आवाज उठाउने प्रवृत्ति बढ्यो ।

नकारात्मक प्रभाव

(क) पञ्चायत विरोधी आन्दोलनका क्रममा धेरै ठुलो धनजनको क्षति भयो ।

(ख) आर्थिक विकासमा बाधाहरू आए ।

(ग) देश विकासमा धेरै नै पछाडि धकेलियो ।

(घ) थुप्रै व्यक्तिले ज्यान गुमाउनुपर्‍यो ।

## अभ्यास

१. अन्तरिम सरकार भनेको के हो ?

२. निरङ्कुशता भनेको के हो ? यस व्यवस्थाका बेफाइदा लेख्नुहोस् ।

३. जनमत सङ्ग्रह भनेको के हो ? नेपाली जनमत सङ्ग्रहको पृष्ठभूमि उल्लेख गर्नुहोस् ।

४. बहुदलीय व्यवस्थाका सवल तथा दुर्बल पक्ष उल्लेख गर्नुहोस् ।

५. वि.स. २०१७ देखि २०४६ सममका मुख्य घटनाहरू र तिनको प्रभाव लेख्नुहोस् ।

पाठ ५

# पञ्चायती व्यवस्थाको उदय र अन्त्यका कारण

**२०१७ साल पुस १ गते तत्कालीन संविधानको धारा ४५ लाई आधार मानेर राजाको निर्वाचित मन्त्रिमण्डल, र संसद् विघटन भयो । उनले त्यहीँ वर्ष पुस २२ गते बाट दलविहीन पञ्चायती व्यवस्थाको सूत्रपात गरे । पञ्चायती व्यवस्था अन्त्य गर्न ३० वर्ष लाग्यो र वि. सं. २०४६ चैत्र २६ गते विधिवत् अन्त्य भयो । पञ्चायती व्यवस्थाको उदय हुनुमा राजाको महत्त्वाकाङ्क्षाले मुख्य भूमिका खेल्यो । राजा शक्तिशाली बन्न चाहन्थे । दिल्ली सम्झौताअनुसार जननिर्वाचित संसद्ले संविधान बनाउनुपर्थ्यो तर यो काम पनि हुन सकेन । राजा जसरी भए पनि शक्ति आफ्नै हातमा लिएर शासन गर्न चाहन्थे । जनता पनि राजनीतिक परिवर्तनको बारेमा सचेत थिएनन् । राजनीतिक दलहरूमा पनि परिपक्वताको अभाव देखियो । एउटा दलको सरकार बन्दा अर्कोले विरोध गर्ने परिपाटी यसैको परिणाम थियो । त्यस्तै दलहरू पनि भरखरै खुलेका हुनाले प्रजातान्त्रिक सरकार पनि थिएन । संसदीय व्यवस्था नयाँ व्यवस्था थियो । समाजमा अशिक्षा, गरिबी, राजनीतिक चेतनाको अभाव विदेशी हस्तक्षेप जस्ता समस्या थिए । त्यसै कारणले पनि पञ्चायतको उदय हुन महत्त्वपूर्ण भूमिका खेल्यो ।**

त्यसैले पञ्चायती व्यवस्था निरङ्कुश तथा एकात्मक शासन व्यवस्थामा आधारित थियो । यो व्यवस्थामा तल्लो निकायमाथिको आदेश मान्ने मात्र थिए । मनिसको मौलिक हक, मानवअधिकार जस्ता विषयहरू पूर्ण बन्देज थिए । त्यसैले पञ्चायतका गतिविधिबाट मानिस दिक्क थिए किनकि त्यति वेला चेतनाको स्तर राम्रो थियो । भ्रष्टाचार व्याप्त थियो । मानिसहरू शक्ति आर्जन गर्ने दौडमा लागेका थिए । सर्वसाधारणको अवस्था कमजोर थियो । विकास निर्माणका कामहरू खासै हुन सकेनन् । त्यहीँ भएर संयुक्त जनआन्दोलनमार्फत राजनीतिक दलहरूले यो व्यवस्था अन्त्य गर्ने उद्घोष गरे । २०४६ साल फागुन ७ गतेबाट सुरु भएको आन्दोलन चैत्र २६ गतेको शाही घोषणाबाट प्रजातन्त्रको पुन:स्थापनासँगै अन्त्य भयो । नेपालीमा उल्लासको वातावरण छायो ।

## अभ्यास

१. पञ्चायत भनेको के हो ?

२. पञ्चायती व्यवस्था अन्त्य भएपछि आएको एउटा परिवर्तन लेख्नुहोस् ।

३. किन पञ्चायती व्यवस्था अन्त्य भयो ?

४. पञ्चायती व्यवस्थामा घटेको एउटा घटना र त्यसको असर लेख्नुहोस् ।

५. पञ्चायत प्रणाली उदय हुनाका कारण समावेश गरी वक्तव्यको नमुना तयार पार्नुहोस् ।

६ पञ्चायतका राम्रा पक्ष र नराम्रा पक्षहरू विभिन्न स्रोतबाट खोजेर तालिकामा देखाउनुहोस् ।

७ सहिदको वलिदानीबाट प्राप्त प्रजातन्त्रलाई संस्थागत गर्न के गर्नुपर्ला ? आफ्नो विचार लेख्नुहोस् ।

८. २००७ सालमा प्राप्त प्रजातन्त्र विभिन्न समस्या र सङ्कट बाट गुज्रेको थियो, कसरी ? व्याख्या गर्नुहोस् ।

९. पञ्चायतको उदय र अन्त्य हुने कारणको चर्चा गर्नुहोस् ।

पाठ ६

# २०४६ पछिका घटनाक्रम

भाइबहिनीहरू, आज हामी २०४६ सालपछि घटेका घटनाबारे चर्चा गर्छौं । २०४६ फागुन ७ गतेबाट शुरु भएको जनआन्दोलन चैत्र महिनामा अन्त्य भयो । २०४६ चैत्र २६ गते राती ११ बजेर १५ मिनेट जाँदा राजाले दलमाथिको प्रतिबन्ध हटाएर, बहुदलीय व्यवस्था पुनःस्थापना गरेको घोषणा गरे । त्यसपछि २०४७ साल वैशाख ३ गते नेपाली काँग्रेसका कार्यवाहक सभापतिको नेतृत्वमा अन्तरिम सरकार बन्यो । उक्त सरकार नेपाली काँग्रेसको तर्फबाट चार जना, संयुक्त बाम मोर्चाको तर्फबाट तीन जना, स्वतन्त्र दुई जना र राजा समर्थक दुई जना गरी जम्मा ११ जनाको मन्त्रिमण्डल बन्यो । यो सरकारले जम्मा दुईओटा कार्य गर्नुपर्ने कार्य भार तोकियो । जसअन्तर्गत संविधान सुझाव सुधार आयोगमार्फत संविधान जारी गर्ने र आम निर्वाचन गराउने काम भयो ।

### नयाँ संविधान जारी

कृष्णप्रसाद भट्टराईको नेतृत्वको सरकारले २०४७ साल जेठ १६ गते १० संसदीय संविधान सुझाव आयोग घोषणा गर्‍यो । उक्त आयोगको अध्यक्षमा विश्वनाथप्रसाद उपाध्यायलाई तोकियो । यो संविधानको मस्यौदा राजा समक्ष पेस गरेपछि वि. सं. २०४७ साल कात्तिक २७ गते नेपालको संविधान २०४७ जारी गरियो । उक्त संविधानमा संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, वालिग मताधिकार, स्वतन्त्र न्यायपालिका, कानुनी शासन, संवैधानिक निकायको व्यवस्था, मौलिक हक र सार्वभौम सत्ता नेपाली जनतामा रहने व्यवस्था थियो ।

### प्रजातन्त्र पुनःस्थापनापछिको आम निर्वाचन

संविधान जारी भएपछि २०४८ साल वैशाख २९ गते पहिलो आम निर्वाचन घोषणा गरियो । नेपाललाई २०५ निर्वाचन क्षेत्रमा विभाजन गरियो । उक्त निर्वाचनमा १०५ सिटसहित नेपाली काँग्रेस सबैभन्दा ठुलो दल मात्र भएन स्पष्ट बहुमत सहितको सरकार बनाउने मौका पनि पायो । तत्कालीन ने.क.पा. (एमाले) ९४ सिटसहित दोस्रो ठुलो दल र प्रमुख प्रतिपक्षी दल भयो । २०४८ साल जेठ १३ गते नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बन्यो । प्रतिपक्षी दलको नेता मनमोहन अधिकारी चुनिए । त्यसपछि २०४९ सालमा स्थानीय निर्वाचन भयो । उक्त निर्वाचनमा नेपाली काँग्रेसले धेरै ठाउँमा विजय प्राप्त गर्‍यो ।

## २०५१ को मध्यावधि निर्वाचन

यही क्रममा नेपाली काँग्रेसमा स्पष्ट दुईओटा गुटहरू देखा पऱ्यो । ती गुटलाई ७४ र ३६ से भनियो । ७४ गुटको नेतृत्व गिरिजाप्रसाद कोइराला र ३६ से गुटको नेतृत्व कृष्णप्रसाद भट्टराईले गर्थे । चरम गुट बन्दी भएपछि गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरेर मध्यावधि निर्वाचन घोषणा गरे । त्यहीँ घोषणाअनुसार वि. सं. २०५१ साल कात्तिक २९ गते मध्यावधि निर्वाचन भयो । उक्त निर्वाचनमा कुनै पनि दलले बहुमत प्राप्त गर्न सकेन । उक्त ने.क.पा. (एमाले) सबैभन्दा ठुलो दल भयो । वि. सं. २०५१ साल मङ्सिर १३ गते मनमोहन अधिकारीको नेतृत्वमा पहिलो बामपन्थी सरकार बन्यो । त्यति बेला एमालेले ८८ सिट, काँग्रेसले ८३ सिट, राप्रपाले २० सिट प्राप्त गरे । मनमोहन अधिकारीले नौ महिना शासन गरे । तर काँग्रेसले अविश्वासको प्रस्ताव संसद्मा दर्ता गऱ्यो । २०५२ साल जेठ ३० गते प्रतिनिधि सभा विघटन गरे । २०५२ साल भदौ १२ गतेको सर्वोच्चको निर्णयले प्रतिनिधि सभा पुनःस्थापना गऱ्यो । त्यहीँ वर्ष भदौ २० गते काँग्रेसका नेता शेरबहादुर देउवाले मनमोहन अधिकारीउपर अविश्वासको प्रस्ताव पेस गरे । वि. सं. २०५२ भदौ २५ गते अविश्वासको प्रस्ताव पारित भएपछि उक्त सरकार ढल्यो । वि. सं. २०५२ भदौ २६ गते शेरबहादुर देउवाको नेतृत्वमा सरकार बन्यो । फेरि २०५३ साल फागुन २७ गते अर्को अविश्वास प्रस्तावमार्फत शेरबहादुर देउवाको सरकार ढल्यो र लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकार बन्यो । फेरि २०५४ साल असोज १८ गते अर्को अविश्वासको प्रस्ताव ल्याएर चन्द सरकार ढल्यो । फेरि २०५४ साल असोज २० गते काँग्रेसको सहयोगमा सूर्यबहादुर थापाको नेतृत्वमा सरकार बन्यो । उनले प्रतिनिधि सभा विघटन गर्न र निर्वाचन मिति तोक्न सिफारिस गरे । तरप्रतिनिधि सभाको विशेष बैठकले चैत्र २०, २०५४ सालमा गिरिजा नेतृत्वमा अल्पमतको सरकार बन्यो । उक्त सरकारमा पहिला तत्कालीन माले र पछि तत्कालीन एमाले सरकारमा सम्मिलित भयो ।

## माओवादी जनयुद्ध

२०५२ साल फागुन १ गतेबाट माओवादीले सशस्त्र विद्रोहको सुरुवात गऱ्यो । माओवादी जनयुद्धले ग्रामीण जनजीवनमा प्रभाव पार्न थाल्यो ।

## नारायणहिटी दरबार काण्ड

२०५८ साल जेठ १९ गते नारायणहिटी दरबारमा भएको हत्याकाण्डले तत्कालीन राजा वीरेन्द्रको वंशनास भयो । उक्त हत्याकाण्डपछि ज्ञानेन्द्र शाह राजा भए । ज्ञानेन्द्रको सत्तारोहण वि. सं. २०५९ साल असोज १८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई असक्षमको बिल्ला भिराएर शासन सत्ता आफ्नै हातमा लिए । त्यसपछि २०४७ को संविधानको धारा १२७ प्रयोग गरेर २०५९ साल असोज २५ गते लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाए । २०६० साल जेठ २१ गते सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाए । २०५६ सालको संसद् विघटन भई सकेको र नेपाली काँग्रेस विभाजित भएको अवस्थामा उनलाई चलखेल गर्न केही सजिलो पनि भएको थियो । तर राजनीतिक दलहरूले विरोध गरेपछि पुनः शेरबहादुर देउवाको सरकार बन्यो । २०६१ साल माघ १९ गते पुनः देउवाको सरकार अपदस्त गरेर सम्पूर्ण शासन सत्ता व्यवस्था आफ्नै हातमा लिए । उनको यो कदमको राजनीतिक दलहरूले कडा आलोचना गरे । त्यसैले २०६२ साल मङ्सिर ७ गते राति राजनीतिक दल र माओवादीले भारतको दिल्लीमा १२ बुँदे सम्झौता गरेर दोस्रो जनआन्दोलन गर्ने निर्णय गरे ।

## दोस्रो जनआन्दोलन

ज्ञानेन्द्रको गतिविधिबाट सशंकित राजनीतिक दलहरूले एकातिर सात राजनीतिक दलको समूह बनाए । अर्कोतिर ज्ञानेन्द्रले डा. तुलसी गिरी र कीर्तिनिधि विष्टलाई अघि सारेर सत्ता स्वार्थ पूरा गर्ने प्रयत्न गरे । यही बिचमा सातदल र तत्कालीन विद्रोही माओवादीले वि. सं. २०६२ चैत्र २४ गतेबाट दोस्रो जनआन्दोलन सुरु गरे । उक्त आन्दोलनको नेतृत्व नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले गरेका थिए । चैत्र २४ गते, २७ गते शान्तिपूर्ण आन्दोलन गरे । आम हड्तालको आयोजना गरियो । आन्दोलनको अघिल्लो दिन व्यापक धरपकड गरियो । राजाको अस्तित्त्व रहने कि नरहने कुराको बहस सुरु भयो । यो आन्दोलन १९ दिनसम्म चल्यो र वैशाख ११, २०६३ सालमा राजाले सम्पूर्ण अधिकार फिर्ता गरेको घोषणासँगै आन्दोलन अन्त्य भयो । यो आन्दोलनले संसद्को पुनःस्थापना मात्र गरेन देशको र राजनीतिक बाटो नै परिवर्तन गरिदियो । दोस्रो जनआन्दोलन सुरु हुनुका कारण यसप्रकार थिए :

- राजा ज्ञानेन्द्रको महत्त्वाकाङ्क्षा
- सात राजनीतिक दल र माओवादीबिचको १२ बुँदे सम्झौता
- अधिकारप्रतिको चेतना

- तत्कालीन सरकारको अप्रजातान्त्रिक गतिविधि

उक्त आन्दोलनपछि २०६३ वैशाख १५ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बन्यो ।

**वि. सं. २०४६ देखि २०६२ साल सम्मका मुख्य घटना**

| मिति | घटना |
|---|---|
| २०४७ साल वैशाख १३ गते | कृष्णप्रसाद भट्टाराईको सरकार गठन |
| २०४७ साल जेठ १६ गते | संविधान सुझाव सुधार आयोग |
| २०४७ साल कात्तिक २३ गते | नेपालको संविधान २०४७ जारी |
| २०४८ साल वैशाख २९ गते | प्रथम आम निर्वाचन |
| २०५१ साल कात्तिक २९ गते | मध्यावधि निर्वाचन |
| २०५१ साल मङ्सिर १३ गते | मनमोहन अधिकारीको नेतृत्वमा सरकार |
| २०५२ साल फागुन ११ गते | माओवादी सशस्त्र सङ्घर्षको सुरुवात |
| २०५६ साल वैशाख २० गते र ३ गते | संसदीय निर्वाचन |
| २०५८ साल जेठ १९ गते | नारायणहिटी दरबार काण्ड |
| २०५९ साल असोज १८ गते | शेरबहादुर देउवाको सरकार अपदस्त |
| २०६१ साल माघ १९ गते | दोस्रो पटक शेरबहादुर देउवाको सरकार अपदस्त |
| २०६२ साल मङ्सिर ७ गते | सात राजनीतिक दल र माओवादीबिच १२ बुँदे सम्झौता |
| २०६२ साल चैत्र २४ गते | दोस्रो जनआन्दोलनको सुरुवात |
| २०६३ साल वैशाख ११ गते | लोकतन्त्रको स्थापना |

## अभ्यास

१. अन्तरिम संविधान भनेको के हो ?

२. ज्ञानेन्द्रले किन शेरबहादुर देउवाको सरकार अपदस्त गरे ?

३. दोस्रो जनआन्दोलनका दुईओटा कारण लेख्नुहोस् ।

४. पहिलो जनआन्दोलनका दुईओटा कारण लेख्नुहोस् ।

५. पहिलो र दोस्रो जनआन्दोलनबिच तुलना गर्नुहोस् ।

६. २०४७ सालमा बनेको अन्तरिम सरकारको मुख्य दायित्व के थियो ?

७. २०५१ सालको निर्वाचनलाई किन मध्यावधि निर्वाचन भनिन्छ ?

८. वि. सं. २०४६ देखि २०६२/६३ सम्म आएका राजनीतिक परिवर्तन र तिनको प्रभाव विश्लेषण गर्नुहोस् ।

९. जनआन्दोलन ०६२/६३ का कारण र परिणाम उल्लेख गर्नुहोस् ।

१०. जनआन्दोलन २०४६ र जनआन्दोलन २०६२/०६३ बिच तुलना गर्नुहोस् ।

११. २०४६ साल देखि २०६२/६३ सम्मका प्रमुख राजनीतिक घटनालाई समय रेखामा देखाउनुहोस् ।

१२. आन्दोलनबाट प्राप्त उपलब्धिलाई रक्षा गर्न र देशको आर्थिक प्रगतिका लागि गर्नुपर्ने उपाय चर्चा गर्नुहोस् ।

१३. उद्देश्य, उपलब्धि, कारण र समयावधि आदिको आधारमा तुलना गर्नुहोस् ।

### सामुदायिक कार्य

२०६२/६३ सालको जनआन्दोलनमा सहभागी भएका तपाइँको समुदायका राजनीतिक दलका नेतालाई उहाँहरूको योगदानका सम्बन्धमा प्रश्न सोध्नुहोस् । प्राप्त तथ्य र सूचनाका आधारमा एक प्रतिवेदन लेख्नुहोस् ।

# २०६२/०६३ पछिका राजनीतिक घटनाक्रम

वि. सं. २०६२ वैशाख ११ गतेको घोषणापछि संसद् पुनःस्थापना मात्र भएन देशको राजनीतिक बाटो नै मोडियो । २०६३ साल वैशाख १५ गते पुनःस्थापना भएको संसद्को पहिलो बैठक बस्यो र गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री नियुक्त गऱ्यो । वि. सं. २०६३ साल जेठ ४ गते पुनर्स्थापितप्रतिनिधि सभाका बैठकले केही ऐतिहासिक निर्णय गऱ्यो । मुख्य घोषणा यसप्रकार थिए :

**व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधि सभाद्वारा प्रयोग गरिने**

(क) नेपाल राज्यको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने । श्री ५ को सरकारलाई अब उप्रान्त नेपाल सरकार भनिने

(ख) शाही नेपाली सेनाको नाम नेपाली सेना रहने

(ग) राजपरिवारको आय र सम्पत्तिमाथि कर लगाइने

(घ) प्रधान सेनापति नियुक्ति मन्त्रिपरिषद्ले गर्ने

(ङ) राजाले गरेका गतिविधिमा संसद् र अदालतमा प्रश्न उठाउन पाइने

(च) अस्तित्त्वमा रहेको राष्ट्रिय गीत परिवर्तन गरी वैकल्पिक व्यवस्था गर्ने

(छ) नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा

यसरी उक्तप्रतिनिधि सभाले संविधान सभाको निर्वाचन गर्न माओवादीसँग वार्ता गर्न र अन्तरिम संविधान निर्माण गर्ने निर्णय एकमतले गऱ्यो । यसै क्रममा सात राजनीतिक दल र माओवादीबिच २०६३ साल असार २ गते सात बुँदे सम्झौता भयो । यसैअनुरूप २०६३ साल मङ्सिर ५ गते नेपाल सरकार र माओवादीबिच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भयो ।

यही सम्झौताले १० वर्ष लामो जन युद्ध अन्त्य गरेर शान्ति स्थापनाको ढोका खुला गरिदियो । सात राजनीतिक दल र माओवादीको सहमतिमा २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी गरियो । यो संविधान सहमतिको दस्तावेज थियो ।

संविधानअनुसार वि. सं. २०६४ साल चैत्र २८ गते संविधान सभाको पहिलो चुनाव भयो । उक्त चुनावमा नेपाललाई २४० निर्वाचन क्षेत्रमा विभाजन गरियो भने ३३५ सदस्यहरू समानुपातिक र २६ जना सदस्य मन्त्रिपरिषद्ले नियुक्त गर्ने व्यवस्था भयो । उक्त निर्वाचनमा ५४ओटा दलहरूले भाग लिएका थिए । २४० सिटमा नौ राजनीतिक दलसहित दुई जना स्वतन्त्र उम्मेदवारले विजय प्राप्त गरे । १२० सिट माओवादी सबैभन्दा ठुलो दल, ३७ सिटसहित काँग्रेस दोस्रो र ३३ सिटसहित तत्कालीन एमाले तेस्रो ठुलो दल भए । संविधान सभाको पहिलो बैठक २०६५ साल जेठ १५ गते बस्यो र नेपाललाई सङ्घीय गणतन्त्रात्मक देश घोषणा गऱ्यो । यसरी २४० वर्ष लामो एकात्मक शासन मात्र अन्त्य भएन राजतन्त्र नै अन्त्य भयो । जनताको इच्छा र चाहनाअनुसार नारायणहिटी छोडेर तत्कालीन राजाले राजनीतिक दलको निर्णयलाई शिरोपर गरे । २०६५ साल साउन ६ गते संविधान सभाले डा. राम्बरण यादवलाई राष्ट्रपति चयन गऱ्यो । यसै गरेर २०६५ साल साउन ३१ गते पुष्पकमल दाहाल प्रधानमन्त्री चयन भए । तर देशको राजनीतिक व्यवस्थामा खासै सुधार आएन । त्यहीँ बिचमा सरकार गठन र विघटनका कार्य भइरहे । पुष्प कमल दाहाल (प्रचण्ड) पछि माधवकुमार नेपाल (२०६६ साल जेठ ११ गते), झलनाथ खनाल (२०६७ साल माघ २३ गते) र डा. बाबुराम भट्टराई (२०६८ भाद्र १२ गते) क्रमशः नेपालको प्रधानमन्त्री भए ।

तर वि. सं. २०६९ साल जेठ १४ गते पहिलो संविधान सभा संविधान जारी नगरिकन विघटन गरियो । सुरुमा दुई वर्ष र पछि ६/६ महिना गर्दै संविधान सभाको मिति लम्बाइयो । चार वर्षमा राजनीतिक दलहरूले कुनै सहमति कायम गर्न नसकेपछि संविधान निर्माण विना नै संविधान सभा विघटन हुनु दुखदायी घटना थियो । पहिलो संविधान सभाले संविधान घोषणा गर्न नसक्नुमा निम्नलिखित कारण थिए :

(क) विभिन्न मुद्दामा राजनीतिक दलहरूबिच सहमति नजुट्नु

(ख) राजनीतिक दलमा बुझाइ, विश्वास, परिपक्वता, अनुभव र जवाफदेहीको अभाव

(ग) राजनीतिक दलहरू सरकार गठन र विघटनमा प्रक्रियामा लाग्नु

(घ) संविधान निर्माणमा जनताले दबाब दिन नसक्नु

(ङ) मित्र राष्ट्रहरूले संविधान निर्माण गर्न आफ्नैतर्फबाट लबिङ गर्नु

(च) राजनीतिक दल र कार्यकर्ताहरूले आन्दोलनको मर्म नबुझ्नु

(छ) विदेशी चलखेल

बाबुराम भट्टराईले आफ्नै पदबाट राजीनामा दिएपछि दोस्रो निर्वाचन गर्न २०६९ साल चैत्र १ गते तत्कालीन प्रधान न्यायाधीशको नेतृत्वमा पूर्व प्रशासक सम्मिलित १० सदस्यीय सरकार घोषणा गरियो । यो सरकारले २०७० साल मङ्सिर ४ गते संविधान सभाको दोस्रो निर्वाचन सम्पन्न गऱ्यो । उक्त निर्वाचनपछि नेपाली काँग्रेस र तत्कालीन एमाले पहिलो र दोस्रो ठुलो दल बने । २०७० साल माघ २७ गते सुशिल कोइराला प्रधानमन्त्रीमा नियुक्त भए र एमाले पनि काँग्रेसको सरकामा सहभागी भयो ।

यसरी राजनीतिक दलहरूबिच लामो समयको वार्ता र छलफलपछि २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गरियो । यही वर्ष भूकम्प आए तापनि राजनीतिक दलहरूले एकता प्रदर्शन गर्दै संविधान जारी भयो । तसर्थ देश निर्माणमा राजनीतिक एकता आपसी विश्वास आवश्यक पर्ने कुरालाई राजनीतिक दलहरूले आत्मसाथ गरे । यही विश्वासको भरमा २०७२ साल असोज ३ गते संविधान सभाले भव्य समारोहका बिच संविधान घोषणा गरे । उक्त घोषणा नेपाली जनताको अपूर्व साथ सहयोग र समर्थन रह्यो । यसरी ६५ वर्षअघिदेखिको सपना पूरा भयो ।

संविधान घोषणा भएपछि छिमेकी भारतले लगाएको आर्थिक नाकाबन्दीले नकारात्मक प्रभाव पाऱ्यो । यही बिचमा २०७२ साल असोज २४ गते तत्कालीन एमालेका अध्यक्ष के. पी. शर्मा ओलीको नेतृत्वमा संयुक्त सरकार बन्यो ।

संविधानको प्रवाधानअनुसार २०७२ साल कात्तिक ११ गते विद्यादेवी भण्डारी पहिलो महिला राष्ट्रपति राष्ट्रपति र नन्दबहादुर पुनलाई उपराष्ट्रपति निर्वाचित गरियो । संविधान सभा व्यवस्थापिका संसद्मा संसद्मा परिवर्तन भयो किनकि संविधान सभाले आफ्नै काम पूरा गऱ्यो । त्यसपछि २०७३ साल साउन १९ गते माओवादी अध्यक्ष प्रचण्ड पुनः दोस्रो पटक प्रधानमन्त्रीमा नियुक्त भए । २०७४ साल साल वैशाख ३१ गते स्थानीय तहको पहिलो पटक निर्वाचन भयो । त्यसपछि २०७४ साल जेठ २३ गते शेरबहादुर देउवा प्रधानमन्त्री भए । दोस्रो र तेस्रो चरणको निर्वाचन जेठ १४ र असोज २ गते २०७४ सालमा सम्पन्न भयो । यसै गरी सङ्घीय र प्रदेश संसद्को २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र २०७४ साल मङ्सिर २१ गते दोस्रो चरणको निर्वाचन भयो । पहिलो चरणमा हिमाली र पहाडी ३५ जिल्लाहरूमा दोस्रो चरण बाँकी ४२ जिल्लामा निर्वाचन भयो । यसै गरी २०७४ साल मङ्सिर २४ गते राष्ट्रिय सभाको निर्वाचन भयो । २०७४ साल फागुन ३ गते के. पी. शर्मा ओली मुलुकको ४१ औँ प्रधानमन्त्रीको रूपमा नियुक्त भए भने २०७४ साल फागुन २६ गते कृष्णबहादुर महरा सङ्घीयप्रतिनिधि सभाको सभामुखमा निर्वाचित भए । यसै गरी २०७४ साल

फागुन ३० गते गणेश तिम्सिना राष्ट्रिय सभाको अध्यक्ष निर्वाचित भए । यसरी नै वि. सं. २०७४ साल फागुन २९ गते विद्या देवी भण्डारी पुनः राष्ट्रपति र चैत्र ४ गते नन्दबहादुर पुनः उपराष्ट्रपतिमा निर्वाचित भए ।

यसै गरी २०७९ वैशाख ३१ गते स्थानीय तहको निर्वाचन भयो । यो नेपालको संविधान र सङ्घीयता लागु भए पछिको दोस्रो निर्वाचन थियो । वि. सं. २०७९ मङ्सिर ४ गते संसद्को निर्वाचन सम्पन्न भयो । यो निर्वाचन पछि नेपाली काँग्रेस सबैभन्दा ठुलो दल भयो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) दोस्रो ठुलो दल भयो । ने.क.पा. माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी तथा जनमत पार्टी राष्ट्रिय पार्टी भए । वि. सं. २०७९ पुस १० गते ने.क.पा. माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) नेपालको प्रधानमन्त्री नियुक्त भए । यस्तै वि. सं. २०७९ फागुन २५ गते भएको राष्ट्रपतिको निर्वाचनमा रामचन्द्र पौड्याल सङ्घीय नेपालको दोस्रो कार्यकालमा निर्वाचित भए ।

**राजनीतिक घटनाक्रम**

| मिति | घटनाक्रम |
|---|---|
| २०६३ साल जेठ ४ गते | प्रतिनिधि सभाको ऐतिहासिक घोषणा |
| २०६३ साल मङ्सिर ५ गते | विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर |
| २०६३ साल माघ १ गते | अन्तरिम संविधान जारी |
| २०६४ साल चैत्र २८ गते | संविधान सभाका पहिलो निर्वाचन |
| २०६५ साल जेठ १५ गते | नेपाललाई गणतन्त्र घोषणा गरियो |
| २०६५ साल साउन ६ गते | रामवरण यादव प्रथम राष्ट्रपतिको रूपमा निर्वाचित |
| २०६५ साल साउन ३१ गते | पुष्पकमल दाहाल प्रधानमन्त्रीमा नियुक्त |
| २०६६ साल जेठ ११ गते | माधव नेपाल प्रधानमन्त्रीमा नियुक्त |

| | |
|---|---|
| २०६७ साल माघ २३ गते | झलनाथ खनालको नेतृत्वमा सरकार गठन |
| २०६८ साल भदौ १२ गते | बाबुराम भट्टराईको सरकार निर्माण |
| २०६९ साल जेठ १४ गते | पहिलो संविधान सभा विघटन |
| २०६९ साल चैत्र १ गते | खिलराज रेग्मीको सरकार गठन |
| २०७० साल मङ्सिर ४ गते | संविधानसभाको दोस्रो निर्वाचन |
| २०७० साल माघ २७ गते | सुशील कोइरालाको सरकार गठन |
| २०७२ साल वैशाख १२ र २९ गते | महाभूकम्प धनजनको ठुलो क्षति |
| २०७२ साल असोज ३ गते | नेपालको संविधान जारी |
| २०७२ साल असोज २४ गते | के. पी. शर्मा ओलीको सरकार गठन |
| २०७२ साल कात्तिक ११ गते | विद्यादेवी भण्डारी राष्ट्रपतिमा निर्वाचित |
| २०७३ साल साउन १९ गते | पुष्पकमल दाहालको नेतृत्वमा सरकार गठन |
| २०७४ साल वैशाख ३१ गते | पहिलो चरणको स्थानीय निर्वाचन |
| २०७४ साल जेठ २३ गते | शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन |
| २०७४ साल असार १४ गते | दोस्रो चरणको स्थानीय निर्वाचन |
| २०७४ साल असोज २ गते | तेस्रो चरणको स्थानीय निर्वाचन |
| २०७४ साल मङ्सिर १४ गते | ३५ जिल्लामा पहिलो चरणको सङ्घीय संसद् र प्रदेशको सभाको निर्वाचन |
| २०७४ साल मङ्सिर २१ गते | सङ्घीय संसद् र प्रदेश सभाको ४२ जिल्लामा निर्वाचन |

| | |
|---|---|
| २०७४ साल माघ २४ गते | राष्ट्रिय सभाको निर्वाचन |
| २०७४ साल फागुन ३ गते | के.पी. शर्मा ओलीको नेतृत्वमा कम्युनिस्ट सरकार गठन |
| २०७४ साल फागनु २९ गते | विद्या देवी भण्डारी राष्ट्रपतिमा पुन निर्वाचित |
| २०७४ साल चैत्र ४ गते | नन्दबहादुर पुन उपराष्ट्रपतिमा पुनः निर्वाचित |
| २०७९ साल वैशाख ३० गते | स्थानीय तहको निर्वाचन |
| २०७९ साल मङ्सिर ४ गते | प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन |
| २०७९ साल पुस १० गते | पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री नियुक्त |
| २०७९ साल फागुन २५ गते | रामचन्द्र पौड्याल राष्ट्रपतिमा निर्वाचित |

## अभ्यास

१. प्रतिनिधि सभाको ऐतिहासिक घोषणा भनेको के हो ?

२. दोस्रो जनआन्दोलनपछि आएको सामाजिक परिवर्तन के हो ?

३. विस्तृत शान्ति सम्झौतामा कहिले हस्ताक्षर भयो ?

४. विस्तृत शान्ति सम्झौतामा राजनीतिक प्रभाव के थियो ?

५. संविधान सभा भनेको के हो ?

६. संविधान सभाले नेपालको संविधान कहिले घोषणा गऱ्यो ? पूरा मिति लेख्नुहोस् ।

७. संविधान घोषणा भएपछि राजनीतिक स्थिरता सिर्जना भयो भन्ने भनाइसँग तपाईं कतिको सहमत हुनुहुन्छ ? आफ्नो धारणा लेख्नुहोस् ।

८. संविधान घोषणापछि बनेका चारओटा सरकार र तिनका उपलब्धि तालिकामा देखाउनुहोस् ।

९. २०६२/६३ पछिका मुख्य घटनालाई समय रेखामा देखाउनुहोस् ।

१०. नेपाललाई गणतन्त्रात्मक राज्य घोषणा गर्नुका कारण लेख्नुहोस् ।

११ दोस्रो जनआन्दोलनका कारण र परिमाणहरूको समीक्षा गर्नुहोस् ।

१२ २०६२/६३ गठिन संविधान सभाले संविधान घोषणा गर्न नसक्नुका कारण बताउनुहोस् ।

१३. २०६२/६३ पछि विकसित घटनाक्रमको विश्लेषण गर्नुहोस् ।

१४. दोस्रो जनआन्दोलन २०६२/६३ पछि राजनीतिक अवस्था अस्तव्यस्त भयो । कसरी ? कारण र असर लेख्नुहोस् ।

१५. किन खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन भयो ? उक्त सरकारका प्रमुख उपलब्धि लेख्नुहोस् ।

## परियोजना कार्य

दोस्रो जनआन्दोलनका कारणबारे राजनीतिज्ञसँग भेटघाट गरेर सोध । साथै विभिन्न पत्रपत्रिका तथा पुस्तकको सहयोगबाट अवाश्यक तथ्याङ्कहरू सङ्कलन गरेर निम्नलिखित शीर्षकमा प्रतिवेदन लेद्यनुहोस् ।

(क) शीर्षक (ख) परिचय (ग) उद्देश्य

(घ) विधि (ङ) पत्ता लागेका कुरा (च) निष्कर्ष र सुझाव

पाठ ८

# २०६२/०६३ जनआन्दोलनपछिको आर्थिक सामाजिक प्रभाव

वि. सं. २०६२ मङ्सिर ७ गते सात राजनीतिक दल र तत्कालीन ने. (क) पा. माओवादीबिच १२ बुँदे सम्झौता भयो । त्यहीँ सम्झौताअनुसार २०६२ साल चैत्र २४ गतेबाट दोस्रो जनआन्दोलन सुरु भयो । उक्त आन्दोलन १९ दिन सम्म चल्यो । दुई दर्जनभन्दा बढी नेपाली सहिद भए । हजारौँ घाइते भए । २०६३ साल वैशाख ११ गतेपछि प्रजातान्त्रिक हक अधिकार जनतमा फिर्ता भयो, संसद् पुनःस्थापना भयो । त्यसपछि थुप्रै राजनीतिक घटनाक्रम विकसित भए । यसै सन्दर्भमा सामाजिक र आर्थिक क्षेत्रमा पनि थुप्रै प्रभाव देखिए ।

## सामाजिक प्रभाव

१. सामावेशी समानुपातिकप्रतिनिधित्वको व्यवस्था : यो जनआन्दोलनपछि समावेशी समानुपातिक प्रणाली अपनाइयो । यसले पिछडिएको जाति, वर्ग, समुदाय, भाषा भाषि सबैलाई राष्ट्रको मूलधारमा ल्याउन सहयोग पुऱ्यायो । राज्यका विभिन्न अङ्गमा मानिसहरूको सहभागिता वृद्धि भयो ।

२. सकारात्मक विभेदको सुरुवात : यो जनआन्दोलन पछि महिला दलित, पिछडा वर्ग, मधेसी, शारीरिक रूपमा भिन्न मानिसहरूलाई निश्चित प्रतिशतको आधारमा राज्यको विभिन्न क्षेत्रमा सहभागी गराउने प्रणालीको विकास भयो । राज्यले प्रदान गर्ने र रोजगारी सेवा लगायतका क्षेत्रमा आरक्षणको व्यवस्था गरियो । जुन महत्त्वपूर्ण सामाजिक प्रभाव मान्न सकिन ।

३. विभेदको अन्त्य : दोस्रो जनआन्दोलनपछि  भाषा, धर्म, क्षेत्र, जाति, पेसा आदिका आधारमा गरिने विभेदहरू अन्त्य भए । राज्यका माथिल्ला निकायमा महिला, दलित, जनजातिको पहुँचमा वृद्धि भयो ।

४. जीवनस्तरमा सुधार : दोस्रो जनआन्दोलनको सफलतासँगै विकास निर्माणका गतिविधिहरू तीव्र रूपमा अघि बढे । दशकौँदेखि द्वन्द्व अन्त्य भएर शान्ति स्थापना भयो । शिक्षा, रोजगारी, स्वास्थ्य, सञ्चार, यातायात आदि पूर्वाधारको विकासले मानिसको जीवन आरामदायी र सहज भयो ।

५. जनचेतनामा वृद्धि : मानिसको चेतनाको स्तर पनि बढ्यो । साक्षरता दरमा वृद्धि भयो । सामाजिक राजनीतिक चेतनामा पनि व्यापक वृद्धि भयो । मानिसहरूले कुशासन भ्रष्टाचार विरुद्ध आवाज उठाउन थाले ।

६. सामाजिक कुप्रथाको अन्त्य : दोस्रो जनआन्दोलनपछि समाजमा व्याप्त कुप्रथाको अन्त्य भयो । मानिसहरू विकास र समृद्धिका लागि एक भए । सहयोग, सहकार्य र मित्रताले गर्दा सामाजिक कुप्रथा अन्त्य भयो ।

### आर्थिक प्रभाव

१. गरिबी निवारण : दोस्रो जनआन्दोलन पछि गरिबी निवारणमा ठुलो सफलता प्राप्त भयो । आर्थिक वृद्धि र विकासका लागि प्राथमिकता दिइयो । विकास निर्माणका कामहरू भए । विप्रेषण, वैदेशिक लगानी र स्थानीय स्रोत साधनसँग सम्बन्धित आयोगनाले गरिबी घटाउन सघाउ पुऱ्यायो ।

२. आर्थिक वृद्धिदरमा वृद्धि : यो जनआन्दोलनपछि देश आर्थिक समृद्धिको चरणमा प्रवेश गऱ्यो । आवधिक योजना शान्ति सुव्यवस्था आदिको प्रभावकारिताले गर्दा आर्थिक वृद्धि दरमा वृद्धि भयो ।

३. वैदेशिक लगानीमा वृद्धि : द्वन्द्वको अन्त्य शान्ति सुव्यवस्थाले गर्दा वैदेशिक लगानीमा वृद्धि भएको छ । धेरै बहुराष्ट्रिय कम्पनीहरू नेपालमा लगानी गर्न इच्छुक देखिएका छन् । गैर आवसीय नेपालीहरूको लगानीमा वृद्धि भएको छ । विप्पा र अरू सम्झौताले नेपाली निर्यात व्यापार लगायतका ढोकाहरू खुला गरिदिएको छ । नेपालको भारतसँगको निर्भरता पनि क्रमशः घट्दै गएको छ ।

४. रोजगारीका अवसरमा वृद्धि : देशभित्र र बाहिर थुप्रै रोजगारीका अवसरहरू खुला भएका छन् । निजी क्षेत्रहरू विद्यालय, कलेज, बैङ्क अहिले प्रशस्त रोजगारी उपलब्ध गराएका छन् । स्वरोजगारसम्बन्धी कार्यक्रम सरकारले पनि सञ्चालन गर्दै आएको छ ।

यसरी दोस्रो जनआन्दोलनपछि सामाजिक र आर्थिक रूपमा हामी समृद्धि उन्मुख भएका छौँ भन्न सकिन्छ ।

## अभ्यास

१. राजनीतिक परिवर्तन भनेको के हो ?

२. दोस्रो जनआन्दोलनको मुख्य उपलब्धि के थियो ?

३. दोस्रो जनआन्दोलनपछिको आर्थिक सामाजिक प्रभाव तालिकामा देखाउनुहोस् ।

४. तपाईंको समुदायमा आएका सकारात्मक परिवर्तनको सूची बनाउनुहोस् ।

.५. जन चाहना र इच्छाअनुसारको राजनीतिक परिवर्तनले मात्र आर्थिक सामाजिक परिवर्तन ल्याउन सक्छ । तर्कका आधारमा पुष्टि गर्नुहोस् ।

६. वि. सं. २००७ देखि २०१७ सम्म र वि. सं. २०६२/६३ पछि आएका सामाजिक र आर्थिक प्रभाव तुलना गर्नुहोस् ।

७. आफ्नो परिवारमा विगत १० वर्षमा आएको आर्थिक परिवर्तन प्रस्तुत गर्नुहोस् ।

८. दोस्रो जनआन्दोलनपछिको आर्थिक र सामाजिक प्रभाव छलफल गर्नुहोस्, निष्कर्षलाई बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

### परियोजना कार्य

वि. सं. २०४६ पछि तपाईंको समुदायमा सामाजिक र आर्थिक परिवर्तन आए ? आफ्नो समुदाय र लब्धप्रतिष्ठित व्यक्तिहरूसँग सोधेर आफ्नो विचारसहित प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ९

# प्रथम विश्वयुद्ध र कारण

## परिचय

विश्वमा धेरै मानिसहरूको नरसंहार भएको र विश्वका राष्ट्रहरू विभिन्न गुटमा विभक्त भई मानव सभ्यतामाथिको कलङ्कपूर्ण युद्धलाई नै विश्व युद्ध भनिन्छ । अठारौँ शताब्दीको मध्यदेखि बेलायतमा औद्योगिक उत्पादन, यातायात र कृषिमा व्यापक यान्त्रीकरण भयो । जसले गर्दा उत्पादनमा अत्याधिक वृद्धि भयो । बेलायत पछि अन्य राष्ट्रहरू जस्तै जर्मन, इटाली, फ्रान्स, अमेरिका, जापान लगायतका देशहरूमा पनि औद्योगिकरणको प्रभाव पर्न गयो । बढी उत्पादन भएको वस्तुलाई बिक्री गर्नका लागि विश्व बजारमा आआफ्नै पकड विस्तार गर्नु सबैलाई आवश्यक थियो । तसर्थ विश्व बजारमा आफ्नै पकड कायम राख्न जर्मनी र बेलायतले उपनिवेशवाद, साम्राज्यवाद, उग्रराष्ट्रवादको हतियार प्रयोग गर्न थाले । बेलायत र जर्मनीले सैनिक शक्ति विस्तार गर्न थाले । जर्मनीको नेतृत्वमा अस्ट्रिया, हङ्गेरी, टर्की आदि केन्द्रीय शक्तिको रूपमा सङ्गठित भए । यसै गरी बेलायत, फ्रान्स, सर्विया, जापान आदि मित्र राष्ट्रको रूपमा सङ्गठित भए । इटाली र अमेरिका सन् १९१५ पनि मित्र राष्ट्रको रूपमा सङ्गठित भए । शक्तिशाली राष्ट्रहरूले आफ्नै सुरक्षाका लागि त्यस्तै हातहतियार जम्मा गर्ने र सेनाको सङ्ख्या जगेडा गर्ने क्रम होडबाजीकै रूपमा चल्यो । जल, थल, हवाई शैन्य शक्ति र आधुनिक हातहतियारको निर्माण होबाजी कै रूपमा चल्न थाल्यो ।

## कारण

**प्रथम विश्वयुद्धका प्रमुख कारण निम्नानुसार थिए :**

१. **सन्धिहरू:** जर्मनीको एकीकरणको समयमा अटोभान विस्मार्क जर्मनीका चान्सलर भए । उनले उनले फ्रान्सका दुईओटा प्रान्त एल्सेस र लोरेन एकीकरण गरेर साम्राज्यवादी नीति अपनाए । यसले यी दुईओटा देशबिच शत्रुतापूर्ण सम्बन्ध विकास गऱ्यो । फ्रान्सले यी दुईओटा दुईओटा प्रान्त गुमाउनाले अपमानित महसुस गऱ्यो । त्यसै गरी विस्मार्क पनि ती दुईओटा प्रान्त लिनका लागि फ्रान्सको आक्रमणबाट र फ्रान्सलाई एक्ल्याउन विस्मार्कले १८७९ मा अस्ट्रिया हङ्गेरीसँग गुप्त सन्धि गऱ्यो । पछि विस्मार्कको पतनसँगै फ्रान्सले पनि १८९४ र १९०४ मा रुस र बेलायतसँग गुप्त सन्धि गऱ्यो । जसलाई त्रिगुट भनियो । यसरी युरोपका

शक्तिहरू विपक्षीय सन्धि र त्रिगुट गरेर दुईओटा गुटमा विभाजित भए । यिनै दुईओटा राष्ट्रहरू एक अर्काप्रति सशङ्कित थिए । त्यसले घृणा र ईर्ष्याको कारण शक्ति सञ्चयको आन्तरिक होड चल्यो । जसले बिस्तारै विश्वयुद्धको रूप लिन थाल्यो ।

२. **उग्रराष्ट्रवाद** : आफ्नै जाति, भाषा, संस्कृति र राष्ट्रप्रति बढी गर्व गर्नु र त्यसलाई अरूप्रति प्रभाव पार्न कोसिस गर्नु नै उग्र राष्ट्रवाद हो । यस्तो कामले क्षणिक फाइदा वा मित्र राष्ट्रमा वैमनस्य बढ्न जान्छ । युरोप र एसियाका राष्ट्रहरूमा यस्तो चरित्रले प्रथम विश्वयुद्धअघि व्यापक विकास भएको थियो । जसले प्रथम विश्वयुद्ध सुरु हुन सहयोग पुऱ्यायो ।

३. **साम्राज्यवाद** : साम्राज्यवादी भावनाले युरोपका देशहरू बिचको सम्बन्धमा दरार पैदा गऱ्यो । सन् १८७० पछि साम्राज्य स्थापना गर्ने होडमा पछि परेका जर्मनी र इटाली पनि सामेल भए । यसरी युरोप तथा एसियाका राष्ट्रहरू बिचको प्रतिद्वन्द्विता र उपनिवेश स्थापनाको होडबाजीले सेनाको सङ्ख्यामा वृद्धि तथा जल सेना बढाउनतिर लागे । बेलायत र जर्मनीबिच वैमनस्यताप्रतिद्वन्द्विताको स्थिति देखा पऱ्यो । जर्मनीले टर्कीका सुल्तानसँग मित्रता कायम गरेर बर्लिनदेखि बगदाहसम्म रेलमार्ग निर्माणको योजना अघि साऱ्यो । जसले बेलायतको भारतीय साम्राज्यमा खतरा हुन सक्थ्यो । अन्त्यमा राष्ट्रहरूबिचको यही वैमनस्यताले प्रथम विश्वयुद्धको सुरुवात भयो ।

४. **सैन्यवाद** : उग्र राष्ट्रियता र साम्राज्यवादको होडबाजीले सैनिकवादलाई प्रत्यक्ष प्रभाव पाऱ्यो । सैनिक शक्ति नै युद्धको मुख्य कारण पनि हो । शक्ति सम्पन्न राष्ट्रले आफ्नै सैनिक रक्षाका लागि मात्र नगरेर अर्को राष्ट्रमाथि कब्जा गर्न र आक्रमण गर्न पनि सैन्य शक्तिको प्रयोग गर्छ । फ्रान्सको स्थल सेना र बेलायतका जलसेना संसारभरि नै प्रसिद्ध थियो । जर्मनीले पनि स्थल, जल र वायु सेनाको सङ्ख्यामा अत्यधिक वृद्धि गऱ्यो र युरोपको वातावरण भयावह बन्न पुग्यो । प्रत्येक देशले सेनाको सङ्ख्या वृद्धिलाई गौरवको रूपमा व्याख्या गर्नुहोस् । यसरी सैनिकवादले प्रथम विश्वयुद्धको सुरुवातका लागि अहम् भूमिका खेल्यो ।

५. **विलियम द्वितीयको चरित्र** : जर्मन सम्राट् कैजर विलियम द्वितीय अहङ्कारी र घमन्डी थिए । उनी जर्मनीलाई सर्वशक्तिमान बनाउन चाहन्थे । त्यसैले जर्मनीले विश्व प्रभुता वा सर्वनाश भन्ने नीति लिएपछि जर्मनी युरोपमा एक्लो हुँदै गयो । अन्तर्राष्ट्रिय क्षेत्रमा सम्झौता

सम्झौता गर्न उनी तयार थिएनन् । उनी बेलायतमाथि हावी हुन चाहन्थे उनको यस्तो नीतिले बेलायत र जर्मनीबिचको सम्बन्ध बिग्रेर गयो । अन्ततः प्रथम विश्व युद्धको सुरुवात भयो ।

६. **पत्रपत्रिका :** राष्ट्र राष्ट्रबिचको राम्रो सम्बन्धलाई भाड्ने काम त्यति बेलाका पत्रपत्रिकाले गरे । एक राष्ट्रले अर्को राष्ट्रलाई आक्रमण गर्न लागेको, सैनिक विस्तार गरेको, सुराकी गरेको जस्ता काल्पनिक कुराहरू गरेर भड्काउने काममा पत्रपत्रिकाले ठुलो भूमिका खेले । गलत समाचार प्रसारण गरेर युद्धको वातावरण सिर्जना गर्ने काम पत्रपत्रिकाले गरे । जसले गर्दा प्रथम विश्वयुद्ध हुने आधार तयार पाऱ्यो ।

७. **बाल्कन सङ्कट :** प्रथम विश्वयुद्ध अघि बाल्कन क्षेत्रका देशहरू टर्कीको उपनिवेशको रूपमा रहेका थिए । बाल्कन क्षेत्रमा ग्रिस, साइबेरिया, बुल्गेरिया, मोन्टेनेग्रो, अल्बानिया, मेसोडोनिया जस्ता देशहरू थिए । टर्कीलाई अटोभान साम्राज्य भनिन्छ । टर्कीले ती देशका इसाई जनता माथि शोषण गरेको थियो । त्यसैले ती देशहरू अटोभान साम्राज्यबाट मुक्त हुन चाहन्थे । चारओटा बाल्कन क्षेत्रका देशहरू ग्रिस, बुल्गेरिया, सर्बिया, मोन्टेनेग्रोले बाल्कन लिग स्थापना गरे । टर्की विरुद्ध आन्दोलन गर्ने सहमति गरे । सन् १९१२ मा बाल्कन लिगले टर्कीमाथि आक्रमण गऱ्यो । उनीहरूले टर्कीलाई सजिलै पराजित गरे । बेलायतको लन्डनमा भएको सम्मेलनले ती देशहरूलाई टर्कीबाट स्वतन्त्र भएको घोषणा गऱ्यो । अल्बानिया नयाँ देशको रूपमा स्थापित भयो । बाँकी टर्कीको भूभाग बाल्कन देशहरूले बाँडेर लिए । तर टर्कीबाट लिएको भूभाग बाँडफाँट गर्दा बुल्गेरिया असन्तुष्ट भयो । त्यसैले बुल्गेरियाले सन् १९१३ मा सर्बियामाथि आक्रमण गऱ्यो । यसलाई दोस्रो बाल्कन युद्ध भनिन्छ । बाल्कन लिगका अरू सदस्यले सर्बियालाई समर्थन गरेकाले बुल्गेरिया युद्धमा हाऱ्यो । फेरि सर्बिया ठुलो देशको रूपमा स्थापित भयो । यसरी बाल्कन क्षेत्रमा आएको सङ्कटले प्रथम विश्वयुद्ध सुरु गर्न महत्त्वपूर्ण भूमिका खेल्यो ।

८. **बोस्नियाँ र हर्जगोभिनाको समस्या :** बाल्कन क्षेत्रका दुईओटा प्रान्त टर्कीको क्षेत्र भित्र पर्दथे । सन् १८७८ को वर्लिन काँग्रेसले ती पुस्तहरू अस्ट्रिया-हङ्गेरीलाई शासन गर्न दिने निर्णय गऱ्यो तर पछि यी दुई प्रान्त अस्ट्रिया-हङ्गेरीले एकीकरण गरियो । सर्बिया भने बोस्नियाँ हर्जगोभिनालाई आफूतिर मिलाउन चाहन्थ्यो । तर बोस्नियाँ हर्जगोभिनाका जनताहरू चिन्तित थिए र सर्बियासँग एकीकरण गर्न चाहन्थे । उनीहरूको भाषा संस्कृति पनि

पनि सर्वियासँग मिल्थ्यो । त्यसैले उनीहरूले एकातिर सर्वियाको सहयोग स्वीकार गरे भने अर्कोतिर युनिटी अफ डेथ अथवा ब्लाक ट्यान्ड सोसाइटीमार्फत अस्ट्रिया-हङ्गेरी विरुद्ध गुप्त गुप्त सङ्गठन बनाए । सर्वियाले उनीहरूलाई समर्थन गरेको हुनाले सर्विया र अस्ट्रिया-हङ्गेरीबिच शत्रुतापूर्ण सम्बन्ध विकास भयो । परिणामतः पहिलो विश्वयुद्धको सुरुवात भयो ।

## तत्कालीन कारण

अस्ट्रियन राजकुमार आर्क ड्युक फ्रान्सिस र उनकी पत्नी सोफी चोटेकको प्रथम विश्वयुद्धको तत्कालीन कारण बन्यो । सन् १९१४ जुन २८ का दिन बोस्नियाँको राजधानी सरयेमो भ्रमणमा गएका थिए । उक्त दिन बोस्नियाँ निवासी सर्व जातिको क्रान्तिकारी गाभ्रिलो प्रिन्सेपले गोली हानी उनीहरूको हत्या गरिदिए । यो हत्या ब्लाक ह्यान्ड सोसाइटीले गराएको थियो । हत्यापछि अस्ट्रियाले सर्वियाका राजा पिटरलाई तीनओटा सर्त सहित पत्र लेख्यो र ४८ घण्टामा उत्तर दिनुपर्ने दबाब पनि थियो । अस्ट्रिया-हङ्गेरीका केही सर्तहरू स्वीकार गरे पनि केही सर्तहरू भने सर्वियाले अस्वीकार गऱ्यो । २५ जुलाईमा जवाफ पठायो । उक्त जवाफबाट क्रुद्ध बनेको अस्ट्रिया २८ जुलाई १९१४ मा सर्विया विरूद्ध युद्ध घोषणा गरेर विश्व युद्ध सुरु भयो ।

यो झगडामा रुसले सर्वियाको पक्ष लियो भने जर्मनीले अस्ट्रियाको पक्ष लियो । बेलायत, फ्रान्स, इटाली, बेल्जियम, चीन, जापान, अमेरिका राष्ट्रको पक्षबाट युद्धमा सहभागी भए । उक्त जर्मनी, अस्ट्रिया, बुल्गेरिया, टर्की आदि धुरी राष्ट्रका तर्फबाट युद्धमा सहभागी भए । १९ सेप्टेम्बर १९१८ मा बुल्गेरियाले राष्ट्रहरूको सामु आत्मसमर्पण गऱ्यो । त्यसपछि क्रमशः टर्की र अस्ट्रियाले अक्टोबर र नोभेम्बर महिनामा आत्मसमर्पण गरे । त्यसपछि जर्मनी एक्लियो । ९ नोभेम्बर १९१८ मा जर्मन सम्राट् कैजर विलियम द्वितीयले सिंहासन त्याग गरे पछि ११ नोभेम्बरमा जर्मनीले युद्ध विराममा हस्ताक्षर गऱ्यो ।

यसरी यस युद्धमा मित्रराष्ट्रहरूले विजय प्राप्त भएपछि फ्रान्सको पेरिसमा शान्ति सम्मेलन भएको थियो । विजेता राष्ट्रहरूले पराजित राष्ट्रहरूसँग विभिन्न पाँचओटा कठोर सन्धि गरेका थिए । ती सन्धिहरूमा जर्मनीसँग भर्सेलिज सन्धि, अस्ट्रियासँग सेन्ट जर्मेन सन्धि, बुल्गेरियासँग न्युली सन्धि, टर्कीसँग सर्भेस सन्धि र हङ्गेरीसँग ट्रेनोन सन्धि गरिएको थियो ।

| मिति | घटना |
|---|---|
| जुलाई २८, १९१४ | अस्ट्रिया हङ्गेरीका सम्राट् फ्रान्ज जोसेफले सर्विया विरुद्ध युद्धको घोषणा र बेलग्रेडमा बमवर्षा |
| २९ जुलाई, १९१४ | रसिया सरकारले आफ्नै सेनालाई सर्वियाको रक्षा गर्न आदेश दियो |
| ३० जुलाई, १९१४ | रसियन सम्राट् निकोलस द्वितीयलाई सेना फिर्ता लैजान जर्मनीले दबाब दिएको |
| १ अगस्ट, १९१४ | जर्मनीले रसिया विरुद्ध युद्धको घोषणा र फ्रान्सले रसियालाई सहयोग गर्न आफ्नै सेनालाई आदेश दियो |
| ३ अगस्ट, १९१४ | जर्मनीद्वारा फ्रान्स विरुद्ध युद्धको घोषणा । जर्मन सेना बेल्जियम हुँदै फ्रान्स प्रवेश । बेलायतले जर्मनीलाई सेना फिर्ता लैजान दबाब |
| ४ अगस्ट, १९१४ | बेल्जियमबाट जर्मन सेना फिर्ता नभएपछि बेलायतले जर्मनी विरुद्ध युद्धको घोषणा |
| १२ अगस्ट, १९१४ | बेलायत र फ्रान्सले अस्ट्रिया-हङ्गेरी विरुद्ध युद्धको घोषणा |
| २० अक्टोबर, १९१४ | यप्रेज युद्ध र ठुलो सङ्ख्यामा सेनाको मृत्यु |
| २४ मई, १९१४ | बेलायतले बुल्गेरिया विरुद्ध युद्धको घोषणा |
| २७ अगस्ट, १९१६ | इटलीले जर्मनी विरुद्ध युद्धको घोषणा |
| ६ अप्रिल, १९१७ | अमेरिकाले जर्मन विरुद्ध युद्ध घोषणा |
| ७ अगस्ट, १९१८ | जर्मन सेनाले युद्ध हार्नु |
| ९ नोभेम्बर, १९१८ | जर्मन सम्राट् कैजर विलियम द्वितीय हल्यान्ड भागे |
| २८ जुन, १९१९ | पेरिस शान्ति सम्झौता, भर्सेलिज सन्धि र युद्ध अन्त्य |

## अभ्यास

१. त्रिगुट र मित्र राष्ट्रमा कुन कुन देश थिए ?

२. अटोमान साम्राज्य भनेको के हो ?

३. पहिलो विश्वयुद्ध अघि युरोपको कुन देशलाई युरोपको बिरामी भनिन्थ्यो र किन ?

४. बाल्कन लिग के हो ? किन बन्यो ?

५. पहिलो विश्वयुद्धको तत्कालीन कारण के थियो ?

६. पहिलो विश्वयुद्ध कहिले सुरु भयो र कहिले अन्त्य भयो ?

७. गुटबन्दीले कसरी प्रथम विश्वयुद्ध सुरु भयो ?

८. राष्ट्रवाद र उग्र राष्ट्रवादबिच भिन्नता छुट्याउनुहोस् ।

९. कैजर विलियम द्वितीयको चरित्रले कसरी पहिलो विश्वयुद्ध सुरु भयो ?

१०. कसरी प्रथम विश्वयुद्ध सुरु भयो ?

११. यदि तपाईं सर्वियाको राजा भएको भए प्रथम विश्व युद्ध रोक्न के भूमिका खेल्नुहुन्थ्यो ?

१२. प्रथम विश्वयुद्धको मुख्य घटनाहरूलाई समय रेखामा देखाउनुहोस् ।

१३. प्रथम विश्वयुद्ध भनेको के हो ? यो सुरु हुनाका कुनै छओटा कारणको विवरण दिनुहोस् ।

१४. "प्रथम विश्वयुद्ध वदलाको भावनाबाट प्रेरित थियो" कसरी ? व्याख्या गर्नुहोस् ।

१५. अस्ट्रिया-हङ्गेरीले चाहेको भए यो युद्ध रोकिन सक्थ्यो कसरी ? यो युद्ध सुरु हुनुमा जर्मनी पनि उत्तिकै दोषी छ भन्ने कुरा पुष्टि गर्नुहोस् ।

### *परियोजना कार्य*

**दिइएको तालिका पूरा गर्नुहोस् :**

| क्र. सं. | व्यक्ति | देश |
|---|---|---|
| १. | | |
| २. | | |

पाठ १०

# प्रथम विश्वयुद्धका परिणाम

## परिचय

मानव जीवनको इतिहासमा यो घटना अत्यन्त त्रासदी पूर्ण थियो । यो युद्ध करिब ४ वर्ष १५ हप्ता चलेको थियो । यसको प्रभाव विश्वका अधिकांश देशमा परेको थियो । संसारका करिब ६ करोड ५० लाख सैनिकले भाग लिएको यस युद्धमा १ करोड ३० लाख सर्वसाधारणले ज्यान गुमाए । अङ्गभङ्ग र अपाङ्ग पनि ठुलो सङ्ख्यामा भए । २ करोडभन्द बढी मानिसहरू त घाइते भए । यस युद्धमा ५८ हजार ५ सय करोड खर्च भएको थियो । यस युद्धको परिणाम र असर यसप्रकार व्याख्या गर्न सकिन्छ :

१. **भर्सेलिजको सन्धि :** २८ जुन १९१९ मा त्रिपक्षीय सन्धि र त्रिगुटबिच फ्रान्सको भर्सेलिज दरबारमा सन्धि भयो र यही सन्धिपछि प्रथम विश्वयुद्धको विधिबाट अन्त्य भयो । यस सन्धिमा जर्मनीलाई अपमानजनक व्यवहार गरियो । जसले नकारात्मक प्रभाव पाऱ्यो । उक्त सन्धिका मुख्य सर्तहरू यसप्रकार थिए :

(क) **युद्ध अपराध :** यो सन्धिको धारा २३१ मा जर्मनीलाई युद्ध अपराधी र युद्धको सम्पूर्ण दायित्व जर्मनीले लिनुपर्ने कुरा उल्लेख थियो ।

(ख) **जर्मनीले आफ्नै क्षेत्र गुमायो :** जर्मनीले एल्सेस र लोरेन फ्रान्सलाई, युरपेन मालमेडी बेल्जियमलाई, उत्तर सेल्सर्वग डेनमार्कलाई र डान्जिङ पोलिस कोटिडर पोल्यान्डलाई दिनुपऱ्यो । जर्मनीका सबै उपनिवेश राष्ट्रहरूलाई दिनुपऱ्यो । सार क्षेत्र भने राष्ट्रसङ्घअन्तर्गत राखियो ।

(ग) **निशस्त्रीकरण :** राइनल्यान्डको आफ्नै सिमानाभन्दा १० कि. मि. टाढा जर्मन सेना राख्नुपर्ने र यो १५ वर्षका लागि मित्र राष्ट्रको अधीनमा राखियो । जर्मनीले १ लाख मात्र सेना राख्न पाउने तर नयाँ सेना भर्ना र हातहतियार उत्पादनमा पूर्णतः रोक लगाइयो । यस्तै गरेर छओटा पनडुब्बी राख्न पाउने तर पनडुब्बी, ट्याङ्कर र हवाईजहाजको कारखाना खोल्न नपाउने व्यवस्था गरियो ।

(घ) **युद्धको क्षतिपूर्ति :** जर्मनीले ६६० मिलीयन (६६ करोड) पाउन्ड स्टरलिङ युद्धको क्षतिपूर्ति बापत मित्र राष्ट्रलाई तिर्नुपर्ने भयो । कोइला उत्पादन हुने मुख्य क्षेत्र सार

१५ वर्षका लागि दिइयो । यसरी जर्मनीलाई अपमानजनक व्यवहार गरेपछि जर्मनी बदला लिन चाहन्थ्यो । यही क्रममा जर्मनीमा हिटलरको उदय भयो । उनले भर्सेलिज भर्सेलिज सन्धिका सर्त विपरीत सैन्य क्षमता विस्तार गरे । युद्धको क्षतिपूर्ति लिन अस्वीकार

गरे । यसरी भर्सेलिज सन्धि नै दोस्रो विश्वयुद्धको कारण पनि बन्यो ।

२. **राजतन्त्रको अन्त्य र गणतन्त्रको उदय :** यस युद्धको कारणले युरोपको निरङ्कुश राजतन्त्रको अन्त्य भयो र कतिपय देशहरूमा गणतन्त्र स्थापना भयो । जर्मनी, रुस, अस्ट्रिया, बुल्गेरिया र टर्कीको राजतन्त्र गणतन्त्रात्मक शासन व्यवस्था सुरु भयो । हङ्गेरी, अस्ट्रियाबाट छुट्टियो । रुसमा बोल्सेभिक क्रान्ति भयो । त्यहाँको सन् १९१७ मा जार शासन अन्त्य भएर साम्यवादी सरकार गठन भयो ।

३. **नयाँ देशहरूको उदय :** प्रथम विश्वयुद्धपछि विश्वको नक्सा नै परिवर्तन भयो । चेकोस्लोभाकिया, फिनल्यान्ड, युगोस्लाभिया, अल्बानिया आदि नयाँ देशहरूको उदय भयो ।

४. **अधिनायकवादको उदय :** प्रथम विश्वयुद्धपछि निरङ्कुश राजतन्त्र अन्त्य भए गणतन्त्र स्थापना भयो । तर यसै कारणले अधिनायकवाद स्थापना भयो । प्रथम विश्व युद्धपछि जर्मनीमा हिट्लर, इटालीमा मुसोलिनी, स्पेनमा फ्रान्सिस्को फ्रान्को जस्ता अधिनायकको उदय भयो ।

५. **विश्वव्यापी आर्थिक सङ्कट :** पहिलो विश्वयुद्धले अनगिन्ती उद्योग धन्दाको क्षति भयो । कारखाना, मेसिन, पुल, रेलमार्ग र भवनहरू भत्किए । यसले उत्पादन घट्यो । बेरोजगारीमा वृद्धि भयो । यही युद्धले गर्दा सन् १९३० मा विश्वव्यापी आर्थिक सङ्कट उत्पन्न भयो ।

६. **राष्ट्रसङ्घको स्थापना :** प्रथम विश्वयुद्धले राजनीतिक, सामाजिक, आर्थिक सैनिक वैज्ञानिक क्षेत्रमा प्रत्यक्ष असर पार्‍यो । त्यसैले सुरक्षाका लागि जनवरी १०, १९२० मा राष्ट्रसङ्घको स्थापना भयो । यसका विचारलाई कार्यान्वयन गर्न विभिन्न अङ्ग स्थापना भए ।

### सामाजिक परिवर्तन

**युद्धताका अधिकांश युरोपका देशहरूमा अनिवार्य सैन्य सेना थियो । जब पुरुषहरू युद्धमा सहभागी भए, महिलाहरू कार्यालय र कलकारखानामा काम गर्न थाले । उनीहरूले विश्वासका साथ काम गरे र आफ्नै अधिकारप्रति सचेत पनि भए । पछि महिला अधिकारसम्बन्धी आन्दोलन यहीबाट सुरु**

**भयो । महिलाहरूले मतदान गर्ने अधिकार पाए । धेरै युरोपका देशहरू धर्म निरपेक्ष घोषणा गरिए । कारखाना कानुन र ट्रेड युनियनहरू पनि खोले ।**

**यसरी युद्धका असरलाई नरसंहारकारी, धनजनको ठुलो क्षति भएको, पूर्वाधार नष्ट भएको, पराजित राष्ट्रहरूले क्षतिपूर्ति दिनुपर्ने जस्ता नकारात्मक असर एकातिर देखा परे । तर अर्कोतिर यही युद्धको कारणले निरङ्कुश राजतन्त्र अन्त्य हुनु, प्रजातन्त्रको स्थापना हुनु, श्रमिक वर्गको महत्त्व बढ्नु, औषधी विज्ञान, यातायात र सञ्चार क्षेत्रमा आमूल परिवर्तन हुनु, वैज्ञानिक अविष्कारमा वृद्धि, राष्ट्रसङ्घको स्थापना जस्ता सकारात्मक असर पनि देखा परे ।**

## प्रथम विश्वयुद्धमा नेपालको भूमिका

**प्रथम विश्वयुद्धको बेला चन्द्रशमशेर नेपालका प्रधानमन्त्री थिए । नेपाल उक्त युद्धमा बेलायतको पक्षमा थियो । बबरशमशेरको नेतृत्वमा ७५०० सेना पठाएको थियो । पद्मशमशेर, केशरशमशेर, तेजशमशेरको नेतृत्वमा अरू सेनाहरू पनि पठाइयो । यसै गरी गोर्खा भर्ती केन्द्रका ठुलो सङ्ख्यामा नेपालीहरू उक्त युद्धमा सहभागी भएका थिए । त्यहींबेला युद्धमा सहयोगका लागि नेपालले अङ्ग्रेजलाई दशलाख पाउन्ड सहयोग स्वरूप उपलब्ध गराएको थियो ।**

नेपाली सेनाले आफ्नै पराक्रम र सुरता देखाएर युद्धमा बेलायतलाई जिताउन अहम् भूमिका निर्वाह गरे । त्यसैले शत्रुहरूले पनि नेपालीको मुक्त कण्ठले प्रशंसा गरेका छन् । जर्मन सम्राट् केजर विलियम द्वितीयले त "म मेरा सेनालाई विश्वका जुनसुकै सेनासँग लड्न पठाउन सक्छु तर गोर्खाली सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कन्छ" भनेका थिए । धेरै नेपाली सैनिकहरू भिक्टोरिया क्रस र मिलिटरी क्रस जस्ता पदमबाट सम्मानित भए । बेलायत सरकारलाई सहयोग गरेबापत वार्षिक रूपमा १० लाख रुपियाँ पनि प्रदान गऱ्यो । चन्द्रशमशेरलाई बेलायती सेनाको प्रमुख पद द्वारा विभूषित गरियो । यसरी विश्वयुद्धमा नेपालको भूमिका बेलायतका पक्षमा रहेको पाइन्छ ।

१. अधिनायकवाद भनेको के हो ?

२. भर्सेलिज सन्धि भनेको के हो ? यसमा कहिले हस्ताक्षर गरियो ?

३. राष्ट्रसङ्घको स्थापनाको एउटा उद्देश्य लेख्नुहोस् ।

४. कैजर विलियम द्वितीयको उद्गारवाट के बुझिन्छ ?

५. नेपाललाई बेलायतको पक्षमा लाग्दा के फाइदा भयो ?

६. भर्सेलिज सन्धिअनुसार जर्मनीमाथि कस्तो निशस्त्रीकरणको नीति अपनायो ?

७. प्रथम विश्वयुद्धमा नेपाल र नेपाली सैनिकको भूमिका लेख्नुहोस् ।

८. प्रथम विश्वयुद्धका कुनै चारओटा घटना र घटनासँग सम्बन्धित मितिलाई समय रेखामा देखाउनुहोस् ।

९. प्रथम विश्वयुद्धका परिणाम व्याख्या गर्नुहोस् ।

१०. 'बदलाको भावनाले समस्या समाधान हुँदैन' आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।

११. भर्सेलिजको सन्धि कसरी दोस्रो विश्वयुद्धको कारण बन्यो ?

१२. प्रथम विश्वयुद्धको परिणम चर्चा गर्नुहोस् ।

पाठ ११

# द्वितीय विश्वयुद्ध

भर्सेलिज सन्धि शान्तिका लागि नभएर युद्ध विरामका लागि भयो । राष्ट्र सङ्घ (The League of Nations) को १० जनवरी, १९२० मा स्थापना भयो । शक्ति राष्ट्रहरू उपनिवेश र साम्राज्य विस्तारको होडमा लाग्नुले आपसी वैमनस्य बद्‍दै गयो । खासगरी हिटलर र मुसोलिनीको नीति २१ वर्षपछि अर्को विश्वयुद्ध सुरु भयो ।

दोस्रो विश्वयुद्धपछि युरोपका देशहरू दुई गुटमा विभाजित भए । फ्रान्सको नेतृत्वमा पोल्यान्ड, चेकोस्लोभाकिया, युगोस्लाभिया र रुमानियाको गुटको गठन भयो । पछि अमेरिका र रुस पनि यही गुटमा सामिल भए । त्यस्तै गरी यस गुटको विरुद्धमा जर्मनी, इटाली, जापान, रुस सहभागी अर्को गुट बन्यो । यसलाई धुरी राष्ट्र भनियो । पछि रुस गुटमा लाग्यो ।

प्रथम विश्वयुद्धपछि भर्सेलिज सन्धिअनुसार पोल्यान्डलाई डान्जीङ्ग बन्दरगाह जाने बाटो दिएकामा हिटरले बन्द गरिदिए । अमेरिकाले राष्ट्रसङ्घको सदस्यता नलिएर एटम बमको उत्पादनतिर लाग्यो । जर्मनी, जापान र इटालीले सैन्यशक्ति विस्तारमा ध्यान दिए । सन् १९३२ मा बेलायत, फ्रान्स, अमेरिका, इटालीले जर्मनीसँग मिली पञ्चपक्षीय सन्धि गरे । समानताको आधारमा जर्मनीलाई सैन्यशक्ति वृद्धि गर्ने अनुमति दिए । जसले हातहतियारको उत्पादन वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्यो ।

सन् १९३२ मा इटालीले सन् १९३५ मा इथियोपिया माथि आक्रमण गर्दा अन्य राष्ट्रहरूले कुनैप्रतिक्रिया व्यक्त गरेनन् । सन् १९३३ मा जापान र सन् १९३७ मा इटालीले राष्ट्र सङ्घको औपचारिक रूपमा यसले जर्मनको महत्त्वाकाङ्क्षा अझ बढ्यो । जसले गर्दा राष्ट्रसङ्घ पनि असफल सावित भयो । फलतः फेरि विश्वका जनता युद्धको भार खेप्न बाध्य भए । द्वितीय विश्वयुद्धका कारण निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. **भर्सेलिज सन्धिको उल्लङ्घन :** प्रथम विश्वयुद्धको अन्त्यमा मित्र राष्ट्र र जर्मनीबिच फ्रान्सको फ्रान्सको भर्सेलिज दरबारमा एउटा सन्धिमा हस्ताक्षर गरियो । चक्कुको धारमा बसेर पराजित पराजित जर्मनीले यो सन्धि स्वीकार गरेको थियो । यो जबरजस्ती गरेर सन्धि भएको थयो । त्यसैले जर्मनीका लागि अपमानजन पनि थियो । जर्मनलाई प्रथम विश्वयुद्धको सुरुवात गर्ने कामको जिम्मेवारी लिन बाध्य पारिएको थियो । जर्मनको अधिकांश भूभाग मित्रराष्ट्रले लिएका

लिएका थिए । सेना १ लाख मात्र राख्नुपर्ने ६६ करोड पाउन्ड क्षतिपूर्ति बापत तिर्नुपर्ने जस्ता कठिन प्रावधान उक्त सन्धिमा थियो । यस्तो अपमानजनक व्यवहार जर्मनीले बिर्सन सक्दैनथ्यो । जर्मनीहरू प्रतिशोध लिन चाहन्थे । त्यहीँ कारणले हिटलरले भर्सेलिज सन्धि उल्लङ्घन गर्दा जर्मन नागरिकले उनलाई समर्थन गरे । हिटलर एकपछि अर्को गर्दै सन्धि उल्लङ्घन गर्दै शक्ति आफ्नै हातमा लिन सफल भए । तसर्थ सुरुको अधिकारको फिर्ता लिन लिन उनीहरू तयार भए । जसले दोस्रो विश्वयुद्ध सुरु हुन सघाउ पुऱ्यायो ।

२. **राष्ट्रसङ्घको असफलता** : सन् १९२० को जनवरी १० मा विश्वलाई युद्धबाट मुक्त गर्ने उद्देश्यले राष्ट्रसङ्घको स्थापना भयो । राष्ट्रसङ्घ अमेरिकी राष्ट्रपति विल्ड्रो विल्सनको विचारअनुसार स्थापना भएको थियो । जर्मनीका गतिविधिलाई महत्त्व नदिएर यसको प्रभाव रोक्न सघाउ पुग्ने नीतिलाई नै नवीकरणको नीति भनिन्छ । भर्सेलिजको सन्धिपछि फ्रान्सले जर्मनीप्रति कठोर नीति अपनायो भने इङ्ग्ल्यान्डले उदार नीति अपनायो । इङ्ग्ल्यान्डले यसो गर्नुको मुख्य कारण जर्मनीलाई शक्तिशाली बनाउनु हो । रुसको विस्तारवादी नीतिबाट पश्चिम युरोपलाई जोगाउनु थियो । हिटलरको साम्यवादी विरोधी मोर्चालाई पनि सर्मथन गरे । यसरी इङ्ग्ल्यान्ड र फ्रान्सले लिएको यस्तो नीतिलाई हुनुका कारणको नीति भनिन्छ । तर अमेरिकाले राष्ट्र सङ्घको सदस्यता लिएन । अमेरिकाको यो नीतिले राष्ट्रसङ्घ कमजोर भयो । साथै राष्ट्रसङ्घका स्थायी सदस्य राष्ट्रहरूले नै राष्ट्र सङ्घको सिद्धान्त उल्लङ्घन गर्न थाले । जापानले मन्चुरिया माथि सन् १९३३ मा आक्रमण गऱ्यो । त्यही वर्ष राष्ट्रसङ्घको सदस्यता त्याग्यो । सन् १९३३ मा जर्मनीले राष्ट्रसङ्घको सदस्यता त्याग्यो र जर्मनीले सन् १९३८ मा अस्ट्रिया र १९३९ मा चेकोलोभाकिया माथि आक्रमण गऱ्यो । रसियाले फिनल्यान्डमाथि आक्रमण गऱ्यो । यस्तो अवस्थामा राष्ट्रसङ्घले युद्ध रोक्न पनि सकेन र कुनै प्रतिक्रिया लिन सकेन । यसरी राष्ट्रसङ्घ आफ्नै उद्देश्यमा असफल हुनाले दोस्रो विश्वयुद्ध सुरु भयो ।

३. **अधिनायकवादको उदय** : प्रथम विश्वयुद्ध पछि जर्मनीमा हिटलर, इटालीमा मुसोलिनी र स्पेनमा फ्रान्स्सीको फ्रान्कोको उदय भयो । उनीहरूले जसको शक्ति उस्को भक्ति भन्ने आन्तरिक नीति बनाए । उनीहरूले सैन्यवादमा प्राथमिकता दिए र हातहतियारको उत्पादनमार्फत अरू देशहरूलाई चुनौती दिए । उनीहरूले उग्रराष्ट्रवादको नारालाई प्राथमिकता दिए । हिटलरले संविधान निलम्बन गरेर सम्पूर्ण शक्ति आफ्नै हातमा लिए ।

अनिवार्य सेनामा भर्ना हुने व्यवस्था गरे । यस्ता गतिविधिहरूले देशहरू बिच वैमानस्यता बढायो र दोस्रो विश्वयुद्ध सुरु भयो ।

४. **देशहरू गुट निर्माणमा लाग्नु :** रुसमा साम्यवादी सरकारको गठनसँगै कम्युनिस्टहरूको प्रभाव विस्तार भयो । यही प्रभावलाई रोक्न जापान र जर्मनीले १९३६ मा एन्टी कोमर्न्टन प्याक्टमा सन्धि गरे । पछि १९३७ मा इटाली पनि उक्त सन्धिमा संलग्न भएपछि यसलाई रोम बर्लिन टोकियो घुरी भनियो । जापान यो सन्धिमार्फत चीनमा साम्यवादीहरूको प्रभावलाई दबाउन चाहन्थ्यो । यस सन्धिपछि यसका सदस्य राष्ट्रहरू आफ्नै साम्राज्य विस्तारमा लागे । सुरुमा अमेरिका, फ्रान्स र बेलायतले खासै वास्ता गरेनन् किनकि उनीहरू पनि साम्यवादीहरूको प्रभाव रोक्न सघाउ पुगोस् भन्ने चाहन्थे । उक्त राष्टहरूले आफ्नै स्वार्थअनुसार काम गर्न थाले जुन विश्व शान्तिका लागि धम्की नै थियो । यसै क्रममा फ्रान्स, रुमानिया, बेलायत र अमेरिका लगायतले अर्को समूह बनाए । पछि रसियाको प्रवेशले दोस्रो विश्वयुद्ध सुरु भयो ।

५. **साम्यवादको डर र तुष्टिकरणको नीति :** सन् १९१७ मा भएको अक्टोबर क्रान्तिले रुसमा साम्यवादी सरकारको गठन भयो । लेनिनले नेतृत्व गरेको कम्युनिस्ट पार्टीले जार शासन अन्त्य गरेर आफ्नै सरकारको स्थापना गर्‍यो । रुसले कम्युनिस्ट विचारधारामा आधारित शासनबाट छोटो समयमा नै महत्त्वपूर्ण प्रगति गर्न सक्यो । यसको प्रभाव पूर्वी युरोप र एसियामा बढ्दै गएको थियो । बेलायतले जर्मनीको गठबन्धनले रुसको प्रभावलाई रोक्छ भन्ने ध्येयले खासै महत्त्व दिएन । फ्रान्सले पनि यस्तै नीति लियो । जसको कारण दोस्रो विश्वयुद्ध सुरु हुने वातावरण तयार भयो ।

६. **स्पेनको गृहयुद्ध :** सन् १९३६ मा स्पेनमा गृहयुद्ध सुरु भयो । यो युद्ध रिपब्लिकन र कन्जरभेटिभबिचको थियो । त्यसैले सैन्य शासक फ्रान्कोले आन्दोलन दबाउन सेना परिचालन गरे । इटाली र जर्मनीले उनलाई साथ दिए । उनीहरूले आफ्नै सैन्य क्षमता र हातहतियारको परीक्षण गर्ने सुनौलो अवसर पाए । त्यसको परिणाम फ्रान्सकोले विजय प्राप्त गरे । उनी पनि विरुद्धको गठबन्धनमा सहभागी भए । यो पनि दोस्रो विश्वयुद्ध सुरु हुनको कारण बन्यो ।

७. **आर्थिक सङ्कट :** प्रथम विश्वयुद्धपछि विश्वमा ठुलो आर्थिक सङ्कट सुरु भयो । मानिसहरू बेरोजगारी, मुद्रास्फीति, खाद्यान्न अभाव जस्ता समस्याबाट पीडित भए । यसले

सर्वसाधारणमा असन्तुष्टि र निराश बनायो । कृषि उत्पादन घट्यो र गरिबी बढ्यो । उद्योग कलकारखाना बन्द भए । तर यही बेला सेनाको सङ्ख्यामा वृद्धि र हातहतियार उत्पादनमा जोड दिनाले युवाहरूले रोजगारी मात्र पाएनन् विश्वयुद्ध सुरु हुने वातावरण पनि बन्यो ।

### तत्कालीन कारण

सन् १९३९ मा हिटलरले पोल्यान्डसँग पोलिस कोरीडर र डान्जोङ फिर्ता गर्न माग गऱ्यो । जुन भर्सेलिज सन्धिअनुसार पोल्यान्डलाई दिइएको थियो । यी ठाउँहरू बाल्टिक सागरसम्म पुग्न जर्मनीलाई आवश्यक थियो । तर पोल्यान्डले अस्वीकार गऱ्यो । त्यहीँ समयमा नाजी सोभियत प्याक्टमार्फत जर्मनी र रुसले एउटा सन्धिमा हस्ताक्षर गरे । उक्त सन्धिअनुसार दुवै देशले पोल्यान्डमाथि संयुक्त रूपमा आक्रमण गर्ने र आधा आधा बाँडेर लिने सम्झौता थियो । त्यसैले सन् १९३९ को सेप्टेम्बर १ मा जर्मनीले स्थल र वायु सेना मार्फत अकस्मात पोल्यान्डमा आक्रमण गरे । यस्तो युद्धलाई बिजुली युद्ध भनिन्थ्यो । फ्रान्स र बेलायतले युद्ध रोक्न आग्रह गर्दा जर्मनीले अस्वीकार गऱ्यो । त्यसपछि बेलायत र फ्रान्सले सेप्टेम्बर ३ तारिखमा संयुक्त रूपमा जर्मनी विरुद्ध युद्धको घोषणा गरे र दोस्रो विश्वयुद्ध सुरु भयो ।

### मुख्य घटना

| मिति | घटना |
|---|---|
| सन् १९३९ सेप्टेम्बर १ | जर्मनीले पोल्यान्डमाथि आक्रमण |
| सन् १९३९ सेप्टेम्बर ३ | बेलायत र फ्रान्सले जर्मनी विरुद्ध युद्धको घोषणा |
| सन् १९४० अप्रिल ९ | जर्मनीले डेनमार्क र नर्वेमाथि आक्रमण |
| सन् १९४० मे १० | जर्मनीले बेल्जियम, नेदरल्यान्ड र लक्जम्वर्गमाथि आक्रमण |
| सन् १९४० मे १७ | जर्मनीले फ्रान्समा आक्रमण |
| सन् १९४० जनु १० | इटालीले बेलायत र फ्रान्सविरुद्ध युद्धको घोषणा |
| सन् १९४० जुलाई १० | बेलायत युद्धमा सहभागी भयो । |
| सन् १९४० अक्टोबर २८ | इटालीले ग्रिसमाथि आक्रमण |

| | |
|---|---|
| सन् १९४१ अप्रिल ६ | जर्मनीले ग्रिस र युगोस्लाभियामाथि आक्रमण |
| सन् १९४१ अप्रिल २१ | ग्रिसले आत्मसमर्पण |
| सन् १९४१ जुन २२ | जर्मनीले रसिया माथि आक्रमण |
| सन् १९४१ सेप्टेम्बर १ | इटालीले इजिप्टमा आक्रमण |
| सन् १९४१ डिसेम्बर ७ | जापानले पर्ल हार्वरमा आक्रमण |
| सन् १९४१ डिसेम्बर ८ | गठबन्धनले युद्धको घोषणा |
| सन् १९४२ फरवरी २७ | जाभामा सामुद्रिक युद्ध |
| सन् १९४२ मे ४ | कोरल युद्ध |
| सन् १९४२ जनु ४ | मिडवेको युद्ध |
| सन् १९४३ सेप्टेम्बर ३ | इटालीको आत्मासमर्पण |
| सन् १९४४ अगस्ट २५ | पेरिस स्वतन्त्र बनाउनु |
| सन् १९४५ जनवरी १७ | रसियाले वार्सामा आक्रमण |
| सन् १९४५ अप्रिल १२ | ट्रयुम्यान राष्ट्रपतिमा निर्वाचित |
| सन् १९४५ अप्रिल २८ | मुसोलिनीको हत्या |
| सन् १९४५ अप्रिल ३० | हिटलरको हत्या |
| सन् १९४५ मे ७ | जर्मनीद्वारा आत्मसमर्पण |
| सन् १९४५ अगस्ट ६ | हिरोसिमा एटम बम प्रहार |
| सन् १९४५ अगस्ट ९ | नागासाकीमा एटम बम प्रहार |
| सन् १९४५ सेप्टेम्बर १२ | जापानद्वारा आत्मसमर्पण र द्वितीय विश्वयुद्धको अन्त्य |

### *क्रियाकलाप*

१. मित्रराष्ट्रको तर्फबाट युद्धमा सहभागी इटाली र जापान दोस्रो विश्वयुद्धमा किन धुरी राष्ट्रबाट युद्धमा सहभागी भएका होलान् ? खोजी गरेर लेख्नुहोस् ।

२. तटस्थताको नीतिले दोस्रो विश्वयुद्धको सुरुवात भयो, कसरी ?

३. एउटा पत्रकारले अल्वर्ट आइन्सटाइनलाई तेस्रो विश्वयुद्धमा कस्ता हातहतियार प्रयोग होलान् भनेर सोधेछन् । उनले तेस्रो विश्वयुद्धको बारे म भन्न सक्दिनँ तर चौथो विश्वयुद्ध भएमा ढुङ्गाका हातहतियार प्रयोग हुने छन् भनेर उत्तर दिएछन् । यो भनाइको तात्पर्य के होला ? लेख्नुहोस् ।

## अभ्यास

१. तुष्टीकरणको नीति भनेको के हो ?

२. द्वितीय विश्वयुद्ध कहिले सुरु भयो र अन्त्य भयो ?

३. साम्यवाद र साम्राज्यवादबिच भिन्नता देखाउनुहोस् ।

४. एन्टी कोमर्न्टन प्याक्ट भनेको के हो ?

५. रोम बर्लिन टोकियो धुरी भनेको के हो ?

६. दोस्रो विश्वयुद्धको तत्कालीन कारण के थियो ?

७. किन र कहिले अमेरिका दोस्रो विश्वयुद्धमा सहभागी भयो ?

८. पर्ल हार्वर घटना के हो ?

९. "यदि मर्सेलिजको सन्धि निष्पक्ष भएको भए दोस्रो विश्वयुद्ध हुने नै थिएन" यो भनाइ पुष्टि गर्नुहोस् ।

१०. आर्थिक सङ्कटले कसरी दोस्रो विश्वयुद्ध सुरु हुन सहयोग पुऱ्यायो ?

११. द्वितीय विश्वयुद्ध हिटलरको कारणबाट भएको थियो, कसरी ?

१२. "अधिनायकवादको कारण दोस्रो विश्वयुद्ध सुरु भएको थियो" तर्कसहित पुष्टि गर्नुहोस् ।

१३. जर्मनी दोस्रो विश्वयुद्ध सुरु हुनुमा दोषी जस्तो लाग्छ । तर के अरू राष्ट्रहरू चाहिँ दोषी थिएनन् त ? पुष्टि गर्नुहोस् ।

१४. कसरी बेलायत, रुस र फ्रान्स दोस्रो विश्वयुद्ध सुरु हुनमा दोषी भए ? बुँदागत रूपमा व्याख्या गर्नुहोस् ।

## सामुदायिक कार्य

नेपाल अङ्ग्रेज युद्धमा एक अर्काका शत्रु थिए । तर पहिलो र दोस्रो विश्वयुद्धमा नेपालका मित्र हुन पुगे । नेपालले जापान, जर्मनी, इटाली विरुद्ध युद्ध लडे पनि नेपालका मित्र राष्ट्रहरू हुन् । तसर्थ कोही पनि अजात शत्रु हुँदैन भन्ने आधारमा तपाईंको टोल छिमेकमा घटेका घटनाहरूलाई आधार मानेरप्रतिवेदन तयार पार्नुहोस् ।

पाठ १२

# दोस्रो विश्वयुद्धको परिणाम र नेपालको भूमिका

द्वितीय विश्वयुद्ध पहिलो विश्वयुद्धभन्दा बढी ध्वंसात्मक थियो । एसिया, युरोप र अफ्रिकामा यो युद्धको प्रभाव परेको थियो । यस युद्धमा आधुनिक र सुविधायुक्त हातहतियार मात्र प्रयोग भएन परमाणु बमको कारणले हजारौँ मानिसहरूले ज्यान गुमाए । त्यसैले विश्वमा कल्पना नै गर्न नसक्ने गरेर धन जनको क्षति भयो । जब सेप्टेम्बर १, १९३९ मा जर्मनीले पोल्यान्डमाथि आक्रमण गऱ्यो तब द्वितीय विश्वयुद्ध सुरु भयो । सुरुमा जर्मनीले सफलता प्राप्त गर्दै गयो । यसले मित्र राष्ट्रका भूभाग आफ्नै नियन्त्रणमा लिन सफल भयो । फ्रान्स, चेकोस्लोभाकिया, पोल्यान्ड, डेनमार्क, नर्वे, बेल्जियम, नेदरल्यान्डलाई पराजित गऱ्यो । अर्कोतिर जापानले पूर्वी एसिया र दक्षिण पूर्वी एसिया आफ्नै नियन्त्रणमा राखेर भारत सम्म पुग्यो । अमेरिकाले जापानलाई आफ्नै साम्राज्य विस्तारलाई रोक्न अनुरोध गऱ्यो तर जापानको नौँ सेनाले उल्टो ७ डिसेम्बर १९४२ मा पर्ल हार्वरमा आक्रमण गऱ्यो । दोस्रो विश्वयुद्धमा अमेरिका मित्र राष्ट्रका तर्फबाट युद्धमा सहभागी भयो । अमेरिका युद्धमा सहभागी भए पछि युद्धले अर्कै मोड लियो । जर्मन क्रमशः पराजित हुँदै गयो । सन् १९४५ अप्रिल ३० मा हिटलरले आफ्नै प्रेमिकासहित आत्महत्या गरे । सेप्टेम्बर ८, १९४३ मा इटालीले आत्मसर्मपण गऱ्यो । तर जापान एक्लै युद्धमा सहभागी भइरह्यो । आत्मसमर्पण गर्न अस्वीकार गरेपछि अगस्ट ६ र ९ तारिख १९४५ मा हिरोसिमा र नागासाकीमा परमाणु बम खसालियो । त्यसपछि सन् १९४५ सेप्टेम्बर १२ मा जापानले आत्मसमर्पण गरेसँगै दोस्रो विश्वयुद्ध अन्त्य भयो । यसरी हेरौँ दोस्रो विश्व युद्ध छ वर्षपछि अन्त्य भयो । तसर्थ दोस्रो विश्वयुद्धमा परिणाम यसप्रकार उल्लेख गर्न सकिन्छ :

**१. धनजनको क्षति**

द्वितीय विश्वयुद्ध ध्वंसात्मक थियो । रसायनिक हातहतियार र परमाणु बमसहित अन्य आधुनिक हातहतियारको प्रयोग भएको थियो । युद्ध विशेषज्ञकाअनुसार करिब २ करोड २० लाख मानिसको मृत्यु भएको थियो । ३ करोड ४० लाख घाइते भए । १ हजार १ सय खरब डलर खर्च भयो । जर्मनी, फ्रान्स र पोल्यान्डको खर्च अनुमान नै गर्न सकिएको छैन । यस युद्धले व्यावसायिक भवन, कालकारखाना मात्र नष्ट गरेन, ठुलो सङ्ख्यामा पूर्वाधार पनि नष्ट भए । मानिसहरू घरबारविहीन भए, केटाकेटी टुहुरा भए । तसर्थ ठुलो धनजनको क्षति भएको भएको थियो भन्न सकिन्छ ।

## २. ध्रुवीकरण र शीतयुद्ध

रुस शक्तिशाली रूपमा स्थापित भएपछि साम्यवादको प्रभाव र शक्तिलाई कम गर्न पश्चिममा राष्ट्रहरूले नाटो (North Atlantic Treaty Organization) स्थापना गरे । सन् १९४९ मा स्थापना भएको यो सङ्गठनमा पश्चिमका १२ओटा राष्ट्रहरू सम्मिलित थिए । यसलाईप्रतिउत्तर सन् १९५५ रुसले ८ राष्ट्रवादी राष्ट्र सम्मिलित अर्को वार्सा नाम गरेको सङ्गठन निर्माण गऱ्यो । यस्तै गरेर सन् १९४५ मा दक्षिण पूर्वी एसियाका देशहरूले सिटो गठबन्धन निर्माण गरे । यसै क्रममा विश्व पुँजीवाद र साम्यवाद गरी दुई ध्रुवमा ध्रुवीकरण भयो । यी गुटबिच प्रत्यक्ष युद्ध नभए पनि क्रियाप्रतिक्रियाको गतिविधि बढ्दै गयो । अन्ततः यी दुई गुटबिच शीत युद्ध प्रारम्भ भयो । यो अवस्था सन् १९४६ देखि सोभियत सङ्घको पतन नभए सम्म चल्यो ।

## ३. आर्थिक पुनःनिर्माण

युद्धबाट क्षतिग्रस्त पूर्वी युरोपका अमेरिका समर्थक राष्ट्रहरूको पुर्ननिर्माणका लागि मार्सल योजना ल्याइयो । यो योजना तत्कालीन अमेरिकी विदेश मन्त्री जर्ज मार्सलले तयार पार्नुहोसे्का थिए । यस्तै गरी रुसका विदेश मन्त्री मोलोतोभले COMECON (Council for Mutual Econo Mic Assistance) मार्फत सोभियत सङ्घ समर्थक देशहरूको पुनःनिर्माणका लागि अर्को योजना तयार पारे । यसलाई मोलोतोभ योजना भनिन्छ । यी दुवै योजनाको उद्देश्य आआफ्नै प्रभाव विस्तार गर्ने थियो ।

## ४. उपनिवेशको अन्त्य र राष्ट्रिय आन्दोलनको सुरुवात

द्वितीय विश्वयुद्धले युरोपका अधिकांश साम्राज्यवादी देशहरूलाई कमजोर बनायो । तिनीहरू शक्तिहीन भए । त्यसैले आफ्नै उपनिवेशलाई नियन्त्रण गर्न सकेनन् । उपनिवेश विरुद्ध राष्ट्रिय आन्दोलनको लहर विश्वव्यापी रूपमा नै फैलियो । अफ्रिका र एसियाका देशहरू भारत, पाकिस्तान, श्रीलङ्का, मलेसिया, इजिप्ट आदि उपनिवेशबाट मुक्त भए । यस्तै भियतनाम, कम्बोडिया, लाओस, फ्रान्सको कब्जाबाट मुक्त भए । यसरी विश्वव्यापी रूपमा राष्ट्रिय आन्दोलन भयो र उपनिवेश अन्त्य भयो ।

## ५. संयुक्त राष्ट्रसङ्घको स्थापना

संयुक्त राष्ट्रसङ्घ दोस्रो विश्वयुद्धको परिणाम थियो । मानव जगत्लाई युद्धको त्रासदीबाट रोकेर विश्वव्यापी शान्ति कायम गर्न यसको स्थापना भएको थियो । त्यसैले मित्र राष्ट्र सम्मिलित गठबन्धनले सन् १९४१ मा बेलायतको लन्डनमा एउटा बैठक आयोजना गरेर एउटा घोषणा गरे । उक्त घोषणामा अन्तर्राष्ट्रिय शान्ति र युद्ध रोक्न अपिल गरियो । यस्तै बेलायतका प्रधानमन्त्री र अमेरिकाका राष्ट्रपति क्रमशः विस्टन चर्चिल, रुजबेल्टले आन्ध्र महासागरमा युद्धपोतमाथि बसेर अर्को सम्झौता गरे । यसलाई एटलान्टिक चार्टर भनिन्छ । यसै क्रममा २५ अप्रिल देखि २६ जुन १९४५ सम्म अमेरिकाको सन फ्रान्सिस्कोमा भएको सम्मेलनले संयुक्त राष्ट्रसङ्घको घोषणा पत्र बनायो र उक्त घोषणा पत्रमा ५१ राष्ट्रकाप्रतिनिधिले हस्ताक्षर गरेपछि अक्टोबर २४, १९४५ मा विधिवत रूपमा संयुक्त राष्ट्रसङ्घ स्थापना भयो । संयुक्त राष्ट्रसङ्घ विश्व शान्ति स्थापना गर्ने, राष्ट्रहरू बिच मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने, समस्या समाधानका लागि सहयोग प्रवर्धन गर्ने र मानव अधिकारको प्रवर्धन र सम्मान गर्ने जस्ता उद्देश्यबाट प्रेरित थियो ।

यसै क्रममा तेस्रो विश्वका देशहरूले कुनै पनि शक्ति राष्ट्रसङ्घमा सहभागी नहुने उद्देश्यले असंलग्न राष्ट्रको आन्दोलनको सुरुवात गरे । यो सङ्गठन सन् १९६१ मा बेलग्रेडमा स्थापना गरियो । भारतका जवहरलाल नेहरू, इन्डोनेसियाका सुकार्नो, युगोस्लाभियाको ब्रज टिटो, इजिप्टका नासेर र घानाका क्वामे सम्मिलित थिए । यसलाई पाँच जनाको सुरुवातको रूपमा बुझ्ने गरिन्छ । यिनीहरूले मध्यमार्गी दुष्टिकोण र दुवै शक्ति समूहसँग सम दुरी कायम गर्न प्रयत्न गरे । सन् २०१२ सम्ममा यो समूहमा १२० राष्ट्रहरू सदस्य छन् । शीत युद्धको बेला कुनै समूहसँग संलग्न नभएर तटस्थ बसेका देशहरूलाई तेस्रो विश्व भनिन्छ ।

### नेपालको भूमिका

द्वितीय विश्वयुद्धको समयमा जुद्धशमशेर नेपालका प्रधानमन्त्री थिए । उनले प्रत्येक रेजिमेन्ट १६ हजार सेना थप्ने र बेलायतलाई सहयोग गर्ने घोषणा गरे । यस्तै बहादुरशमशेरको नेतृत्वमा ८,००० ८,००० सेना भारत पठाइयो । युद्धको समयमा १ लाख नेपालीहरू बेलायती सेनामा भर्ती भएका थिए । यसरी जम्मा २ लाख ५० हजार नेपालीहरू द्वितीय विश्वयुद्धमा बेलायतको तर्फबाट सहभागी सहभागी थिए । तीमध्ये ७,५४४ जना मारिए वा बेपता भए । २३,६५५ जना अपाङ्ग र घाइते भए । । नेपाली सेनालेबहादुरीका साथ युद्ध लडेकालेबहादुर गोर्खालीको रूपमा प्रसिद्धी कमाए । नेपालीहरू

म्यान्मार, इजिप्ट, सुडान, इथोपिया, इटाली, सिरिया, इरान, इराक, सिङ्गापुर र मलेसियामा युद्ध लडेका थिए । केही नेपालीहरू भिक्टोरिया क्रस र मिलीटरी क्रसबाट सम्मानित भए । जुद्धशमशेरलाई मानार्थ जनरलको रूपमा सम्मानित गरियो । युद्धमा सघाए बापत नेपाललाई ३ करोड ३३ लाख नगद प्रदान गऱ्यो । यसै गरी प्रत्येक वर्ष १० लाख नेपाली रुपियाँ दिने भयो । तिनै सेनापछि नेपाल आएर जनमुक्ति सेनामा भर्ना भए । परिणामतः राणा शासनको अन्त्यका लागि सघाउ पुग्यो ।

**भिक्टोरिया क्रस प्राप्त गर्ने नेपाली**

भिक्टोरिया सेनाको उच्च पदवी मानिन्छ । जुन बेलायती युद्धमा बहादुरी देखाएबापत प्रदान गरिन्छ । रानी भिक्टोरिया सन् १८५६ बाट यो पदवी प्रदान गर्न सुरु गरेकी थिइन् । १३ जना नेपालीले भिक्टोरिया क्रस र अरू धेरै नेपालीहरूले मिलिटरी क्रस प्राप्त गरेका छन् । भिक्टोरिया क्रस प्राप्त गर्ने नेपालीहरूको विवरण यसप्रकार छ :

| क्र. सं. | नाम | स्थान | मिति |
|---|---|---|---|
| १. | राइफलम्यान कुलवीर थापा | फ्रान्स | २५/२६ सेप्टेम्बर, १९१५ |
| २. | सुवेदार लालबहादुर थापा | ट्युनिसिया | ५/६ अप्रिल, १९४३ |
| ३. | हवल्दार गजे घले | बर्मा | २७ मे, १९४३ |
| ४. | राइफलम्यान तुलबहादुर गुरुङ | बर्मा | २३ जुन, १९४४ |
| ५. | नायक अगमसिंह राई | बर्मा | २६ जुन, १९४४ |
| ६. | राइफलम्यान गन्जु लामा | बर्मा | १२ जुन, १९४४ |
| ७. | राइफलम्यान थमन गुरुङ | इटाली | १० नोभेम्बर, १९४४ |
| ८. | राइफलम्यान भानुभक्त गुरुङ | बर्मा | ५ मार्च, १९४५ |
| ९. | राइफलम्यान लच्छिमान गुरुङ | बर्मा | १२/१३ मे १९४५ |

| | | | |
|---|---|---|---|
| १०. | लेस नायक रामबहादुर लिम्बू | बोर्नियो | २१ नोभेम्बर, १९६५ |
| ११. | राइफलम्यान करणबहादुर राना | प्यालेस्टाइन | १० अप्रिल, १९१८ |
| १२. | सुवेदार नेत्रबहादुर थापा | बर्मा | २५/२६ जुन, १९४४ |

*क्रियाकलाप*

१. दोस्रो विश्वयुद्धमा मुख्य घटना भएका स्थान र देश पत्ता लगाउनुहोस् ।

२. 'राणा र बेलायतबिच सुमधुर सम्बन्ध थियो । नेपालमा राणा नभएको भए नेपाल विश्वयुद्धमा सहभागी हुने थिएन ।' यो भनाइ विश्लेषण गर्नुहोस् ।

## अभ्यास

१. शीत युद्ध भन्नाले के बुझिन्छ ?

२. एटलान्टिक चार्टर भनेको के हो ?

३. हिटलरले किन आत्महत्या गरे ? तर्क दिनुहोस् ।

४. पर्लहार्वर घटना जापानका लागि प्रत्युपादक किन भयो ?

५. छलफल र सहमति युद्धभन्दा फाइदाजनक हुन्छ, किन ? यस भनाइलाई पुष्टि गर्नुहोस् ।

६. दोस्रो विश्वयुद्धपछि केही देशले किन तटस्थ सङ्गठन बनाए ?

७. नाजी, सोभियत प्याक्टको विपरीत जर्मनी र रुस किन एकअर्का विरुद्ध युद्धमा सहभागी भए ?

८. जापानी सहर हिरोसिमा नागासाकी युद्धभन्दा पनि पारमाणविक हतियारले नष्ट भयो । आफ्ना विचार राख्नुहोस् ।

९. संयुक्त राष्ट्रसङ्घ किन स्थापना भयो ? स्थापनाका उद्देश्य के थिए ?

१०. द्वितीय विश्वयुद्धका परिणामको व्याख्या गर्नुहोस् ।

११. प्रथम र द्वितीय विश्वयुद्धबिच तुलना गर्नुहोस् ।

१२. राजनीतिमा कुनै देश सधैँ शत्रु र मित्र हुँदैन भन्ने कुरालाई दोस्रो विश्वयुद्धको घटनाद्वारा पुष्टि गर्नुहोस् ।

पाठ १३

# ऐतिहासिक स्थलको खोजी, पहिचान, संरक्षण र संवर्द्धन

सामाजिक अध्ययन विषय मानविकी, इतिहास, भूगोल समाज विज्ञानका अरू विषयको एकत्रित विषय हो । त्यसैले हामीले समाज ऐतिहासिक जस्ता विषयमा आधारित सिप र ज्ञान आर्जन गर्छौं । यसै कुरालाई दृष्टिगत गर्दै कक्षा १० का विद्यार्थीले ऐतिहासिक स्थल/धार्मिक स्थल लुम्बिनी भ्रमण गरेर सूचना सङ्कलन गरे । उक्त सूचनाको आधारमा विद्यार्थीहरूले तयार पार्नुहोसे्कोप्रतिवेदनको नमुना प्रस्तुत गरिएको छ :

**लुम्बिनी ऐतिहासिक र धार्मिक स्थल**

**हामी श्री कुरुले तेनपा मा. वि. गढीगाउँका विद्यार्थी कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले असोज ४ गते देखि ६ गते सम्म लुम्बिनी क्षेत्रको भ्रमण गऱ्यौं । हाम्रो टोलीमा सामाजिक अध्ययन शिक्षक, ३० जना विद्यार्थी, प्र. अ. र अरू दुई जना शिक्षकहरू सम्मिलित हुनुहुन्थ्यो । लुम्बिनी लुम्बिनी प्रदेशमा पर्छ । लुम्बिनीलाई ऐतिहासिक र धार्मिक स्थलको रूपमा मानिन्छ । जुन सन् १९९७ मा युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गऱ्यो । यो क्षेत्र शान्तिका दूत भगवान बुद्धको जन्मस्थल, मायादेवी मन्दिर, पुस्करिणी तलाउ तथा अन्य ऐतिहासिक धार्मिक स्थलको सङ्गमस्थल मानिन्छ । हाम्रो भ्रमण सामाजिक अध्ययन विषयको पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्ने थियो ।**

**उद्देश्य**

**हामीसँग उपलब्ध स्रोत साधन र समयको आधारमा शैक्षिक भ्रमणको निम्नलिखित उद्देश्य थिए :((**

**क) लुम्बिनीको ऐतिहासिक महत्त्व थाहा पाउनु**

(ख) लुम्बिनी क्षेत्रमा अवस्थित ऐतिहासिक स्मारकहरूको पहिचान र अवस्था थाहा पाउनु

(ग) लुम्बिनी क्षेत्रको संरक्षण र संवर्द्धनका उपाय पत्ता लगाउनु

**अध्ययन विधि**

**हामीले सूचना सङ्कलन गर्ने क्रममा प्राथमिक तथा द्वितीय विधिहरूको प्रयोग गरेर आवश्यक तथ्याङ्क सङ्कलन गऱ्यौं ।**

**१. प्राथमिक विधि : हामीले प्रश्नावली, अवलोकन, अन्तर्वार्ता जस्ता विधिहरू प्राथमिक तथ्याङ्कको सङ्कलनका लागि प्रयोग गऱ्यौं ।**

२. **द्वितीय स्रोत : यसअन्तर्गत पत्रपत्रिका, पुस्तक, इन्टरनेट, इतिहासकार आदिबाट प्राप्त विवरणहरूको आधारमा पनि सूचना सङ्कलन गऱ्यौँ ।**

**पत्ता लागेका कुराहरू (प्राप्त विवरण)**

१. लुम्बिनी हिमालय पर्वतको दक्षिणी भागमा अवस्थित छ । यो लुम्बिनी प्रदेशअन्तर्गत रूपन्देही जिल्लामा पर्छ ।

२. यसै स्थानमा इसापूर्व ५६३ मा राजा शुद्धोदन र रानी मायावतीको सन्तानका रूपमा गौतम बुद्धको जन्म भएको थियो ।

३. बौद्ध धर्मग्रन्थअनुसार मायादेवी माइती घर देवदह जाँदा बाटामा गौतम बुद्धको जन्म भएको थियो ।

४. इसापूर्व २४९ मा सम्राट् अशोकले लुम्बिनीको भ्रमण गरेका थिए । त्यहीँ भ्रमणको क्रममा उनले स्तम्भ निर्माण गर्न लगाई "इदह बुद्ध जाते" अर्थात् यहाँ गौतम बुद्धको जन्म भएको हो भनेर शिलालेख राख्न लगाउँर उक्त शिलालेखका अक्षरहरू ब्राह्मी लिपिमा लेखिएका हुन् ।

५. गौतम बुद्धको जन्मस्थल भएकाले संसारका बौद्धमार्गीहरू यहाँ घुम्न आउने प्रसिद्ध धार्मिक स्थल मानिन्छ ।

६. यहाँ थुप्रै स्तूप र मन्दिरहरू बनाइएका थिए तर मर्मत सम्भार र संरक्षणको अभाबमा तिनीहरू हराएका छन् ।

७. जर्मन पुरातत्त्वविद्को सहयोगमा यो ठाएको उत्खनन् गरेर अशोक स्तम्भ पाइएको हो भन्ने प्रमाण पाइन्छन् ।

८. सन् १९९७ मा लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरियो ।

९. सन् १९६७ मा संयुक्त राष्ट्रसङ्घका तत्कालीन महा सचिव उथान्तले लुम्बिनी भ्रमण गरे र यसको संरक्षण गर्न सहयोग गर्ने बताएपछि लुम्बिनीको चर्चा परिचर्चा सुरु भयो ।

१०. सन् १९७० मा नेपाल लगायत विश्वका १३ ओटा देशहरूले लुम्बिनी विकास समिति बनाएर बनाएर लुम्बिनीमा गुरु योजना सुरु भयो । यही गुरु योजनाअन्तर्गत विभिन्न देशहरूले विहार, विहार, गुम्बा, सडक निर्माण पुस्तकालय आदि निर्माण गर्न थाले ।

११. लुम्बिनीको महत्वलाई ख्याल गरेर गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमान स्थल पनि भैरहवामा निर्माणाधीन छ ।

१२. मायादेवीको मन्दिर पुनः निर्माण गरी सर्वसाधारणलाई वि. सं. २०६० साल जेठ २ गतेबाट खुला गरिएको छ । उक्त मन्दिर नजिकै पुस्करिणी पोखरी पनि छ । उक्त पोखरीमा मायादेवीले बुद्ध जन्मिनुअघि स्नान गरेकी र बुद्ध जन्मेपछि उनलाई स्नान पनि यही पोखरीमा गराइएको विश्वास गरिन्छ ।

१३. सन् २०११ लाई लुम्बिनी भ्रमण वर्षको रूपमा मनाएर लुम्बिनीमा अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गरिएको छ ।

१४. प्रत्येक वर्ष वैशाख पूर्णिमाको दिनमा ठुलो सङ्ख्यामा पर्यटकहरू यहाँ घुम्न आउँछन् ।

### सुझाव

**लुम्बिनी राष्ट्रिय पहिचानको चिह्न मात्र होइन धार्मिक स्थल र पर्यटकीय गन्तव्य पनि हो । हरेक वर्ष ठुलो सङ्ख्यामा आन्तरिक र बाह्य पर्यटकहरू यहाँ घुम्न आउँछन् । त्यसैले यसको संरक्षण गर्नु, संवर्द्धन गर्नु र जर्गेना गर्नु हाम्रो कर्तव्य पनि हो । त्यसैले यसको संरक्षण र संवर्धन गर्न निम्नलिखित उपाय अपनाउनुपर्छ :**

(क) लुम्बिनी गौतम बुद्धको जन्मस्थल हो भनेर व्यापक प्रचार प्रसार गर्ने

(ख) पुराना पुरातात्त्विक महत्त्वका सम्पदाको पुरानै ढाँचामा पुनः निर्माण गर्ने

(ग) यस क्षेत्रमा बौद्ध धर्म र यसका विविध पक्षहरूको जानकारी गराउने अन्तर्राष्ट्रिय सभा सम्मेलन आयोजना गर्ने

(घ) यस क्षेत्रमा घुम्न आउने मानिसहरूको आवागमनलाई व्यवस्थापन गर्ने

(ङ) वातावरण संरक्षण, पुरातात्त्विक महत्त्वका वस्तुको संरक्षण तथा सुरक्षामा विशेष ध्यान दिनुपर्ने

(च) अन्य ऐतिहासिक वस्तुहरूको खोजी कार्य गरी संरक्षण गर्ने

(छ) यस्ता सम्पदाहरूको संरक्षणमा स्थानीय सामुदायलाई सहभागी गराउन कार्यक्रम तयार गर्ने

## निष्कर्ष

**लुम्बिनी पर्यटकीय र आर्थिक दृष्टिकोणले महत्त्वपूर्ण सम्पदा हो । ऐतिहासिक ताल, तलाउ, गुम्बा, मन्दिर, स्तम्भ, विहार आदि हाम्रो सभ्यताको महत्त्वपूर्ण विधि मात्र होइनन् राष्ट्रिय पहिचानका स्रोतहरू पनि हुन् । त्यसैले यो नेपाललाई विश्वमा चिनाउने महत्त्वपूर्ण स्रोत हो । यसलाई संरक्षण गरी भावी पुस्तालाई जस्ताको तस्तै हस्तान्तरण गर्न सक्नु हाम्रो कर्तव्य हो । यसर्थ सबै नेपालीले यसलाई संरक्षण गर्न हातमा हात मिलाएर लाग्नुपर्छ ।**

## अभ्यास

१. ऐतिहासिक वा पुरातात्त्विक सम्पदाको किन संरक्षण गर्नुपर्छ ?

२. ऐतिहासिक स्थलहरूको पर्यटकीय र आर्थिक महत्त्व चर्चा गर्नुहोस् ।

३. . तपाईँले कुनै ऐतिहासिक स्थलको भ्रमण गर्नु भएको होला । उक्त भ्रमणका उद्देश्य र पत्ता लागेका कुरा उल्लेख गर्नुहोस् ।

४. ऐतिहासिक स्थलहरूको संरक्षणका लागि योजनाको नमुना तयार पार्नुहोस् ।

५. आफ्नो जिल्ला वा प्रदेश भित्रका ऐतिहासिक/धार्मिक स्थलहरू खोजी गरेर तिनको महत्त्व, वर्तमान अवस्था र संरक्षणका लागि गर्नुपर्ने कार्य समावेश गरेप्रतिवेदन तयार पार्नुहोस्र स्थानीय निकाय वा प्रदेशको सामाजिक मन्त्रालयमा पनि पठाउनुहोस् ।

*एकाइ ८*

# आर्थिक क्रियाकलाप

पाठ १

## योजना

राष्ट्रले कुनै निश्चित अवधिमा के कस्ता आर्थिक विकासका कार्य गर्ने भन्ने विषयमा तर्जुमा गरिने क्रमबद्ध बृहत् कार्यक्रमलाई नै आर्थिक योजना भनिन्छ । मुलुकको आर्थिक तथा सामाजिक विकासका लागि सीमित साधनलाई अधिकतम प्रयोग गरेर निश्चित अवधिमा निर्दिष्ट उद्देश्य हासिल गर्ने रणनीतिलाई योजना भनिन्छ ।

केन्द्रीय योजना एकाइद्वारा निश्चित समयका लागि निर्धारित राष्ट्रिय आर्थिक लक्ष्य प्राप्त गर्ने उद्देश्यले योजना तर्जुमा गरिन्छ । योजनाको माध्यमबाट निर्धारित लक्ष्य हासिल गर्नका लागि प्राकृतिक मानवीय तथा अन्य भौतिक स्रोत र साधनको प्रभावकारी ढङ्गले सदुपयोग गरेर देशबासीको जीवनस्तर उठाउनुपर्छ । त्यसैले निश्चित उद्देश्य तथा लक्ष्य हासिल गर्नका लागि तयार पारिएको विस्तृत कार्यक्रम नै योजना हो । अर्थात केन्द्रीय प्रशासनले निश्चित उद्देश्य प्राप्तिका लागि स्रोत साधनको प्राप्ति र तिनीहरूको बाँडफाँट र उपयोगसम्बन्धी नीति नै योजना हो ।

योजनाबद्ध विकासको इतिहास विश्वको सन्दर्भमा पनि त्यति लामो छैन । सन् १९२८ तत्कालीन सोभियत सङ्घले योजनाबद्ध विकासको सुरुवात गरेको थियो । त्यसपछि अरू देशले पनि अपनाउँदै गए ।

नेपालको सन्दर्भमा २०१३ साल असोज २६ गतेबाट योजनाबद्ध विकासको थालनी भएको थियो । वि. सं. २०१४ मा योजना मण्डल ऐनमार्फत योजना मण्डलको स्थापना गरियो । वि. सं. २०१७ तत्कालीन राजा महेन्द्रले आफ्नै अध्यक्षतामा राष्ट्रिय योजना परिषद् निर्माण गरे । पछि यसैलाई राष्ट्रिय योजना आयोगमा रूपान्तरण गरियो । नेपालको सन्दर्भमा राष्ट्रिय योजना आयोग सबैभन्दा उच्च तहको संस्था हो जसले योजनाको दूर दृष्टि, आवधिक योजना र नीतिहरू विकास गर्छ । यसले आवश्यक पर्ने स्रोतहरू पहिचान गर्ने, वित्तीयकोषको पहिचान गर्ने र आर्थिक सामाजिक विकासका लागि बजेट बाँडफाँट गर्छ । यो विकास योजना नीति र रणनीतिको सुपरीवेक्षण र मूल्याङ्कन गर्ने केन्द्रीय निकाय हो ।

**आर्थिक योजनाको महत्त्व**

१. स्थिर आर्थिक विकास गर्ने

२. गरिबी, बेरोजगारी र असमानता अन्त्य गर्ने

३. पूर्वाधारको विकास गर्ने

४. वर्तमान र भविष्यको आवश्यकताको आधारमा स्रोत साधनको बाँडफाँट गर्ने

५. सन्तुलित क्षेत्रीय विकास गर्ने

**जनक्रान्तिका मुख्य घटना**

पृष्ठभूमि : सङ्घ प्रदेश र स्थानीय निकायको निर्वाचन सम्पन भएर देश राजनीतिक स्थिरतामा प्रवेश गरेको छ । राजनीतिक स्थिरताको आधारमा राष्ट्रिय लक्ष्य निर्धारण गर्नुपर्छ । आय वृद्धि गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि. सं. २०७९ बाट अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि. सं. २०८७ सम्म दिगो विकासको लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तरको भएको मुलुकमा स्तरोन्नति हुने गरेर दीर्घकालीन सोच तयार पारिएको छ । सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्नेतर्फ दीर्घकालीन सोच लक्षित छ । आन्तरिक तथा बाह्य स्रोत साधन तथा अर्थतन्त्रका सहयोगी क्षेत्रहरू परिचालन गरेर रूपान्तरणको कार्यक्रममा लगानी केन्द्रित गर्दै दीर्घकालीन सोचले लिएको लक्ष्य, उद्देश्य हासिल गरिने छ ।

**सोच** : समाजवाद उन्मुख स्वाधीन, राष्ट्रिय अर्थतन्त्र र समृद्ध नेपाली

**लक्ष्य** : लोक कल्याणकारी राज्य मार्फत मध्यम आय भएको मुलुकमा पुग्ने

**उद्देश्य** : उत्पादनशील, रोजगारी उन्मुख र न्यायपूर्ण वितरण सहित उच्च आर्थिक वृद्धिद्वारा गरिबी न्यूनीकरण गर्दै सामाजिक रूपान्तरण गर्नु

**परिमाणात्मक लक्ष्य** : चौधौँ योजनाका प्रमुख आर्थिक सामाजिक लक्ष्यहरू निम्नबमोजिम कायम गरिएको छन् :

**जनक्रान्तिका परिणाम**

वि. सं. २००७ को आन्दोलन नेपालको इतिहासको महत्त्वपूर्ण उपलब्धि थियो । राणा शासनको १०४ वर्ष लामो शासन अन्त्य भएर प्रजातन्त्रका स्थापना भएको थियो । उक्त क्रान्तिका मुख्य परिणामहरू यसप्रकार थिए :

१. **प्रजातन्त्रको स्थापना :** १०४ वर्ष लामो निरङ्कुश शासन अन्त्य भएर प्रजातान्त्रिक अभ्यासको सुरुवात भयो ।

२. **जनचेचना वृद्धि :** यो आन्दोलनपछि शिक्षा, स्वास्थ्य, संस्कृति, साहित्य आदि क्षेत्रमा परिवर्तन ल्यायो ।

३. **संवैधानिक प्रक्रियाको सुरुवात :** यो आन्दोलनपछि एकातिर जनताद्वारा संविधान निर्माण गर्नुपर्ने दृष्टिकोणको विकास भयो भने अर्कोतिर २००७ साल चैत्र १७ गते नेपाल सरकार अन्तरिम शासन विधान जारी गरियो । यसले कानुनको शासनलाई स्थापित गऱ्यो ।

४. **बाह्य विश्वमा परिचीत हुने मौका:** यो क्रान्तिपछि नेपालले बाह्य विश्वमा परिचित हुने मौका पायो । नेपाल संयुक्त राष्ट्रसङ्घ, असंलग्न परराष्ट्र आन्दोलन जस्ता अन्तर्राष्ट्रिय मञ्चमा प्रवेश गऱ्यो ।

५. **जनसहभागिता :** यो जनक्रान्तिले जनतालाई राज्यका विभिन्न अङ्गमा सहभागी हुने मौका पनि प्रदान गऱ्यो ।

**रणनीति**

१. कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तारमार्फत उत्पादन वृद्धि गर्ने

२. ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार ग्रामीण, सहरी तथा निदेशीय आबद्धताका लागि पूर्वाधार निर्माण गर्ने

३. सामाजिक विकास, सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च र दिगो सुधार गर्ने

४. आर्थिक, सामाजिक एवम् शासकीय सुधार, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त तथा स्वच्छ पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवर्धन गर्दै समग्र सुशासन प्रवर्धन गर्ने

५. लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान र प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने

### चुनौती

१. द्रुततर आर्थिक वृद्धि र त्यसको न्यायपूर्ण वितरणमार्फत शीघ्र गरिबी निवारण गर्नु

२. मानव विकासका पक्षमा उल्लेख्य वृद्धि गर्ने र समग्र अर्थतन्त्रलाई समृद्धि एवम् दिगो आर्थिक सामाजिक विकासको पथमा लैजानु

३. आर्थिक वृद्धिसँगै आयको विवरणमा आउन सक्ने असमानतालाई घटाई नेपाललाई सामाजिक न्यायमा आधारित समतामूलक तथा लोक कल्याणकारी राज्यको रूपमा स्थापित गर्नु

४. साधन आर्थिक क्षेत्रको विस्तारमार्फत रोजगारीका अवसर सिर्जना गरेर जनसाङ्ख्यिकी लाभांशको अधिकतम उपयोग गर्नु र स्वदेशमा नै प्रर्याप्त कामका अवसरहरू सिर्जना गर्नु

५. विर्वाहमुखी कृषिलाई रूपान्तरण गरेरप्रतिस्पर्धात्मक एवम् व्यवसायमुखी बनाउँदै यसलाई मुलुकको औद्योगिक विकासमा आबद्ध गर्नु

६. ऊर्जा सङ्कट हराउने, प्रकोपसम्बन्धी सम्भाव्य जोखिमहरूको न्यूनीकरण गर्दै आर्थिक सामाजिक विकासका सबै प्रयासहरूलाई जलवायु परिवर्तन अनुकूल बनाउनु

७. पूर्वाधारको निर्माण तथा विकास र आबद्धतासँगै ग्रामीण एवम् सहरी विकासलाई अन्तरसम्बन्धित तुल्याई यसलाई आर्थिक वृद्धिको स्रोतको रूपमा स्थापित गर्नु

८. विकास कार्यक्रमलाई एकीकृत गर्ने कार्यसँगै निक्षेपणसम्बन्धी कार्यलाई प्रभावकारी बनाई जनताको अति नजिकको शासकीय तहसम्म सार्वजनिक सेवाको प्रवाह र वितरणलाई निश्चितता प्रदान गर्न सार्वजनिक वित्तीय व्यवस्थापनलगायत अन्य शासकीय सुधारसम्बन्धी कार्य गर्नु

९. प्रादेशिक र स्थानीय तहसम्म विकास व्यवस्थापनको ममता बढाउँदै सर्वेत्तम जवाफदेही, स्वच्छ र प्रभावकारी विकास प्रशासन कायम गर्नु

१०. राज्यको पुनःसंरचनाको कार्य छिटो सम्पन्न गर्दै प्रादेशिक एवम् स्थानीय विकासको नेतृत्व तथा सम्भव भए सम्म छिटो निर्वाचित जनप्रतिनिधिहरूबाट नै गराउने चुनौती सँगसँगै केन्द्रीय योजना कार्यान्वयन प्रणालीलाई पनि सुदृढ गराउनु

**अवसर**

१. संविधानको घोषणासँगै राजनीतिक समस्या समाधान भएर देश आर्थिक तथा सामाजिक विकासको चरणमा प्रवेश गरेको छ ।

२. जमिन, वन, खानी, जलस्रोत, जैविक विविधता एवम् प्राकृतिक स्रोतहरूको उपयोगबाट समृद्धि हासिल गर्न सक्ने सम्भावना छन् ।

३. आर्थिक रूपले सक्रिय जनसङ्ख्याको अनुपात बद्दै गएकाले आर्थिक सामाजिक विकासलाई छिटो छरितो गर्न स्वस्थ र शिक्षित जनशक्ति विकास हुँदै गएको छ ।

४. लामो समयसम्म शिवले अनुभव गर्न नसक्ने जानसंखकियक नाम प्राहत हुँदै छ ।

५. उपयोग नभएका र हुन नसकेका भौतिक पूर्वाधारको उपयोगको अवसर

६. आर्थिक सामाजिक क्षेत्रको लगानीकोप्रतिफल लिन सकिने अवस्था

७. आर्थिक रूपमा सक्रिय जनसङ्ख्या सहकारी र सामुदायिक प्रणालीमा आबद्ध भएको अवस्था

८. सहकारी र निजी दुवै क्षेत्रको प्रवर्धन गर्ने सरकारी नीति

९. गैरआवसीय नेपालीहरू लगानीका लागि आकर्षित भएको

१०. वैदेशिक रोजगारीबाट प्राप्त सिप क्षमताको परिचालन गर्न सकिने

*क्रियाकलाप*

१. केन्द्रमा योजना कसरी तयार पारिन्छ ? जान्ने बुझ्नेसँग सोधेर प्राप्त विषयलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. योजना छनोटमा समावेशिताबारे खोजी गरेर लेख्नुहोस् ।

## अभ्यास

१. आर्थिक योजनाको परिभाषा दिनुहोस् ।

२. योजनाका निर्माणका उद्देश्य लेख्नुहोस् ।

३. योजनबद्ध विकासको थालनी नेपालमा कहिलेबाट भयो ?

४. वर्तमान योजनाको लक्ष्य लेख्नुहोस् ।

५. वर्तमान योजनाका विशेषता लेख्नुहोस् ।

६. योजनाको महत्त्व र आवश्यकता लेख्नुहोस् ।

७. योजना निर्माणका चुनौती लेख्नुहोस् ।

८. नेपालका आर्थिक योजनाले उद्देश्य हासिल गर्न नसक्नुका कारण लेख्नुहोस् ।

९. वर्तमान योजनाका प्राथमिकता लेख्नुहोस् ।

२. नेपालमा योजना कार्यान्वयनका चुनौती समावेश गरेर राष्ट्रिय योजना आयोगको उपाध्यक्षलाई चिठी लेख्नुहोस् ।

### *सामुदायिक कार्य*

**तपाईंको समुदायमा योजना कसरी तयार गरिन्छ ? प्रतिवेदन लेख्नुहोस् ।**

पाठ २

# पर्यटन उद्योग

पर्यटनको अर्थ चारैतिर घुमफिर गर्ने भनेर परिभाषित गरेको पाइन्छ । तसर्थ शब्दिक रूपमा आफ्नै वासस्थान छोडेर कतै गएर घुम्ने कार्यलाई पर्यटन मान्न सकिन्छ । पर्यटन शब्द अङ्ग्रेजी Tourism बाट आएको हो । Tourism फ्रेन्च शब्द tourisme बाट विकास भएको हो । पर्यटन शब्द सन् १९३० प्रचलित भएको हो । यसरी हेर्दा देशभित्र वा बाहिर छोटो अवधिका लागि भ्रमण गर्ने प्रक्रियालाई पर्यटन भनिन्छ । पर्यटकलाई सुविधा उपलब्ध गराउने व्यवस्थित व्यवसायलाई पर्यटन उद्योग भनिन्छ । यसअन्तर्गत होटल, रेस्टुरेन्ट, पद्यात्रा, मनोरञ्जन जस्ता विषय समावेश भएका हुन्छन् । पर्यटकलाई सुविधा उपलब्ध गराउन स्थापित व्यवस्थीत संस्था पनि यसअन्तर्गत पर्छन् । पर्यटकले घुम्ने भौगोलिक क्षेत्रको आधारमा पर्यटनको आन्तरिक र बाह्य गरी दुईओटा स्वरूप हुन्छ । यस्तै उद्देश्यको आधारमा विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । आन्तरिक पर्यटक भनेको ती हुन् जो देशको एक भागबाट अर्को भागमा विभिन्न उद्देश्यका लागि घुम्छन् । यदि काठमाडौँबाट इलाम घुम्न कोही जान्छ भने त्यो आन्तरिक पर्यटक हो । यसै गरेर नेपालबाट अरू देश र अरू देशबाट नेपाल घुम्न मानिस आउँछन् भने त्यो बाह्य पर्यटक हो । नेपालमा बाह्य पर्यटकको सङ्ख्यामा व्यापक वृद्धि हुँदै गएको छ । मानिसहरू पर्यटकको रूपमा घुम्न जाने कारण यसप्रकार उल्लेख गर्न सकिन्छ :

- बिदा मनाउन
- अरू ठाउँका मानिसहरूको जीवन शैली हेर्न अवलोकन गर्न
- सरकारी वा कार्यालयको कामका लागि
- पद्यात्रा, पर्वतारोहण वा व्यापारिक गतिविधिका लागि
- जाडो छल्न
- ऐतिहासिक, धार्मिक स्थल घुम्न वा अवलोकन वा दर्शन गर्न

**पर्यटन उद्योगको महत्त्व**

पर्यटन कुनै पनि राष्ट्रको विकासको पूर्वाधार मानिन्छ  किनभने विश्वको कैयौँ मुलुकहरूको आर्थिक उन्नतिको आधार नै पर्यटक व्यवसाय हो । सन् २००८ मा मात्र फ्रान्समा सात करोड त्रियानब्बे लाख मानिस घुम्न गएका थिए । सन् २०१८ को तथ्याङ्क हेर्ने हो भने ८ करोड ९० लाख

मानिसहरू फ्रान्स, ३ करोड ६० लाख बेलायत, ३ करोड ८० लाख थाइल्यान्ड घुम्न गएको देखिन्छ। देखिन्छ। नेपालमा पनि करिब ११ लाख मानिसहरू घुम्न आएको तथ्याङ्कले देखाउँछ। यसरी हेर्दा पर्यटन उद्योगको महत्त्व अझ बढ्दै गएको छ र यसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### (क) आर्थिक महत्त्व

१. **वैदेशिक मुद्रा आर्जन गर्न :** पर्यटन उद्योगमार्फत विदेशी मुद्रा आर्जन गरेर व्यापार सन्तुलन कायम गर्न सहयोग पुग्छ।

२. **प्रतिव्यक्ति आय र कुलग्राहस्थमा वृद्धि :** पर्यटन उद्योगको विकासले राष्ट्रिय आम्दानीमा वृद्धि भएर देशको आर्थिक अवस्थामा सुधार ल्याउन सघाउ पुग्छ। नेपालको सन्दर्भमा कुल ग्राईस्थ उत्पादनमा २.२% योगदान दिएको छ।

३. **स्थानीय विकासमा सहयोगी :** पर्यटकका लागि गरिने पूर्वाधारको विकासले स्थानीय स्तरमा विकास गर्न योगदान दिन्छ जसले गर्दा देशको समग्र विकास हुन्छ।

४. **सरकार र स्थानीय बासिन्दाबिच आर्थिक लाभ :** पर्यटकका लागि होटल, लज, बार, सङ्ग्रहालय र राष्ट्रिय निकुञ्ज आदिको विस्तारले मानिसले सरकारलाई राजस्व बुझाउने हुनाले आम्दानी बढ्छ। बजार विस्तारले स्थानीय वस्तुको व्यापार विस्तार हुन्छ।

५. **क्षेत्रीय विकासको वाहक :** पर्यटकको विकासका लागि विकास निर्माण कार्यमा विकता आउँछ जसले गर्दा देशको चौतर्फी विकासमा सघाउ पुग्छ।

६. **रोजगारीको माध्यम :** पर्यटन उद्योगले ठुलो सङ्ख्यामा मानिसहरूलाई रोजगारी उपलब्ध गराउँछ। पर्यटक उद्योगले ट्राभल ऐजेन्सी, होटल, लज, पथ प्रर्दशक आदि क्षेत्रमा मानिसहरूले रोजगारी पाउँछन्। त्यसैले यसलाई रोजगारी सिर्जना गर्ने माध्यमको रूपमा लिइन्छ।

७. **पूर्वाधारको विकास :** पर्यटकका लागि यातायात सञ्चार स्वास्थ्य सेवा जस्ता सेवाहरू आवश्यक पर्छ। यी सेवाको विकास भए मात्र पर्यटन उद्योगको विकास हुने हुनाले पूर्वाधारको विकासमा पर्यटक उद्योगको महत्त्वपूर्ण योगदान हुन्छ।

### (ख) सामाजिक महत्त्व

सामाजिक सन्तुलन, सद्भाव र भाइचाराको सम्बन्ध र संस्कृतिको आदान प्रदानमा पर्यटन उद्योगले सहयोग पुऱ्याउँछ । देशको कला संस्कृतिको संरक्षण हुन्छ, घरेलु तथा साना उद्योगहरूको प्रवर्धन पनि हुन्छ ।

### (ग) शैक्षिक महत्त्व

पर्यटकबाट हामीले नयाँ ज्ञान गुनका कुराहरू सिक्न सक्छौँ । पर्यटनबाट समाजका मानिसका चालचलन, रीतिरिवाजबारे थाहा पाउन सकिन्छ । त्यसैले युनेस्कोले पर्यटनलाई शिक्षाको आधारभूत उपकरण मानेको छ ।

### (घ) राजनीतिक महत्त्व

पर्यटन उद्योगबाट एउटा देशका राजनेता वा सरकारका मन्त्रीहरू अर्को देशमा घुम्न जाँदा आपसी सद्भाव सहयोग आदान प्रदान हुन्छ । साथै पर्यटकीय स्थलको प्रचार प्रसार पनि हुन्छ । त्यसैले पर्यटन उद्योगको राजनीतिक महत्त्व छ ।

### (ङ) वातावरणीय महत्त्व

पर्यटनको वातावरणसँग अन्तर्सम्बन्ध छ । वातावरणीय महत्त्वका विषय अवलोकन गर्न पर्यटक आउनाले वातावरण संरक्षणमा योगदान पुग्छ ।

**नेपालमा पर्यटन उद्योगको सम्भावना**

नेपाल भौगोलिक रूपमा विविधतायुक्त देश मानिन्छ । यो प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । यहाँ संसारको सबैभन्दा अग्लो शिखर सगरमाथा, मधुर हावापानी, भौगोलिक र वातावरणीय विविधता छ । जातीय र सांस्कृतिक विविधता, कला र कौशलले नेपालको आकर्षण बढाइरहेका छन् । त्यसैले संसारबाट धेरै मानिसहरू यस्ता वस्तु अवलोकन गर्न आउँछन् । त्यसैले नेपालमा त्यस्ता धेरै सम्भावना छन् जसलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

१. **ग्रेट हिमालयन ट्रेल :** कञ्चनजङ्घादेखि सैपालसम्मको क्षेत्रलाई ग्रेट हिमालयन ट्रेल वा पदमार्ग भनिन्छ । यसअन्तर्गत कञ्चनजङ्घा संरक्षण क्षेत्र, मकालु राष्ट्रिय निकुञ्ज, सगरमाथा सगरमाथा राष्ट्रिय निकुञ्ज पर्छन् । गोसाइँकुन्ड, लाङटाङ, गौरी शङ्कर क्षेत्र मध्य क्षेत्रअन्तर्गत पर्छन् । मनाङ, मुस्ताङ, मुगु, डोल्पा देखि दार्चुलाको उत्तरी भेकसम्म ग्रेट

हिमालयन पदमार्ग पर्छ । हिमाली क्षेत्रको दृश्वालोकनका साथै हिमाली क्षेत्रमा पाइने वन्यजन्तु, वनस्पति र त्यस भेगमा बसोबास गर्ने मानिसहरूको जीवन शैली अवलोकन गर्न सकिन्छ । ८३ दिन लामो उक्त पदमार्गको व्यापक प्रचार प्रसार भएमा नेपालको पर्यटन विकासमा कोसे ढुङ्गा सावित हुन सक्छ । नेपाल पर्यटन बोर्डले पनि मुख्य पर्यटकीय गन्तव्यको रूपमा सिफारिस गरेको छ ।

२. **उच्च पर्वत शृङ्खला :** प्रत्येक वर्ष सगरमाथाको आरोहण र अवलोकन गर्न ठुलो सङ्ख्यामा विदेशी पर्यटकहरू नेपाल आउँछन् । कतिपयले पर्वतीय उडानमार्फत अवलोकन गर्छन् । नेपालमा यस्ता शिखर ८,००० मि. भन्दा अग्ला १४ ओटा छन् र तिनीहरूले पनि पर्यटकको सम्भावनालाई जोड दिएको छ ।

३. **साहसिक पर्यटन :** नेपाल साहसिक पर्यटनका लागि उपयुक्त छ । नेपालमा धेरै तीव्र वेगमा बग्ने नदीहरू छन् । यी नदीहरू र्‍याफ्टिङका लागि उपयुक्त मानिन्छन् । त्यस्तै बन्जी जम्प, पदयात्रा, पर्वतारोहण, क्यानोइङ्ग, साइक्लिङ, रक क्लाइम्बिङ, प्याराग्लाइडिङ आदि सञ्चालन गर्न सक्ने सम्भावना प्रशस्त छ ।

४. **धार्मिक र ऐतिहासिक स्थलहरू :** नेपाल धार्मिक र ऐतिहासिक स्थलका लागि विश्व प्रसिद्ध छ । लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ, पाथिभारा, गोसाइँकुण्ड, जानकी मन्दिर, स्वर्गद्वारी जस्ता थुप्रै धार्मिक स्थलहरू नेपालमा छन् । ऐतिहासिक स्थलहरू पाटन, भक्तपुर, वसन्तपुर, गोर्खा दरबार तथा अन्य कला र संस्कृतिले भरिपूर्ण ठाउँहरू छन् । यस्ता धार्मिक तथा ऐतिहासिक स्थलहरूले पर्यटकको आकर्षण वृद्धि गर्न सक्छन् ।

५. **प्राकृतिक वनस्पति र वन्यजन्तुहरू :** नेपाल हावापानी र भौगोलिक विविधताले भरिपूर्ण देश मानिन्छ । यहाँ राष्ट्रिय निकुञ्ज आरक्षण र संरक्षण क्षेत्रहरू छन् । यहाँ धेरै लोपोन्मुख जनावरहरू, चराचुरुङ्गी प्रशस्त पाइन्छन् । वनस्पतिमा पनि दक्षिणदेखि उत्तरतिर जाँदा ठुलो विविधता पाइन्छ । यिनै कुराहरूको अवलोकनमा पनि पर्यटकको आकर्षण बढाउन सकिन्छ ।

६. **भौगोलिक र हावापानीमा विविधता :** नेपालको उत्तर दक्षिणको चौडाइ लगभग १९३ कि. मि. मि. छ तर यहाँको हावापानीमा ठुलो विविधता छ । भौगोलिक रूपमा हिमाल, नदीबेँसी,

उपत्यका तराई देख्न सकिन्छ । हावापानी पनि उचाइअनुसार विविधतापूर्ण हुनाले पर्यटकको आकर्षण वृद्धि गर्न सकिन्छ ।

### पर्यटन उद्योगको समस्या र समाधान

| समस्या | समाधान |
|---|---|
| १. यातायात तथा सञ्चारको अभाव | यातायात सञ्चारको विकासमा जोड |
| २. ऐतिहासिक र सांस्कृतिक स्थलहरूको संरक्षणको अभाव | ऐतिहासिक धार्मिक स्थलको संरक्षणमा जोड |
| ३. मनोरञ्जनका साधनहरूको अभाव | वैकल्पिक मनोरञ्जनको साधनमा जोड |
| ४. व्यवस्थित पर्यटकीय केन्द्रहरू नहुनु | पर्यटकीय केन्द्रहरूलाई व्यवस्थित र सूचना केन्द्रको स्थापना |
| ५. पर्यटकीय वस्तुको अभाव | पर्यटकीय वस्तुको उत्पादनमा जोड |
| ६. प्रचार प्रसार प्रर्याप्त नहुनु | हाम्रो पर्यटकीय गन्तव्यको प्रचार प्रसारमा जोड |
| ७. होटल लज आदिको प्रर्याप्त सुविधा नहुनु | सुविधा सम्पन्न होटल लज निर्माण |
| ८. सरसफाइ पर्याप्त नहुनु | सरसफाइमा जोड |

### वर्तमान योजनामा पर्यटन

पन्धौँ योजनाले पर्यटन विकासका लागि नेपाललाई विश्वकै उत्कृष्ट पर्यटकीय स्थलको रूपमा विकास गर्ने, दीर्घकालीन सोच राखेको छ । यस योजनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पर्यटन प्रवर्धनमार्फत पर्यटकको संस्था र राष्ट्रिय अर्थतन्त्रमा वृद्धि गर्ने, थप पर्यटकीय गन्तव्यको विकास गर्ने गर्ने र ग्रामीण पर्यटन मार्फत रोजगारीको अवसरको सिर्जना गर्ने यस योजनाको लक्ष्य छ । यसका

साथै पर्यटन प्रवर्धन गर्न अन्य मुलुकमा प्रचार प्रसार गर्ने रणनीति लिएको छ । पर्यटन उद्योगको दिगो विकासमा जोड दिएको छ ।

## नेपाल भ्रमण वर्ष २०२०

नेपाल सरकारले नेपाल भ्रमण २०२० को लोगो सार्वजनिक गरेको थियो । उक्त लोगो उद्धव रिमालले बनाएका हुन् । यो भ्रमण वर्षमा २० लाख पर्यटकहरू नेपाल भित्र्याउने लक्ष्य राखेको छ । उक्त भ्रमण वर्षको नारा Experience नेपाल भन्ने छ । कोभिड-१९ का कारण हाललाई पर्यटन वर्ष २०२० स्थगित गरिएको छ ।

### *क्रियाकलाप*

१. नेपालको पर्यटन विकासमा पर्यटकको भूमिका उल्लेख गर्नुहोस् ।

२. तपाईंको स्थानीय स्तरमा भएका पर्यटकीय स्थलको विशेषताहरू कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. दिइएको तालिकालाई वृत्त चित्रमा देखाउनुहोस् :

| उद्देश्यका आधारमा पर्यटकको सङ्ख्या | देशअनुसारको सङ्ख्या |
|---|---|
| मनोरञ्जन - ५०.१०% | भारत - १४ % |
| पदयात्रा र पर्वतारोहण - १२.३ % | चीन - १२ % |
| व्यापार - ३.१ % | श्रीलङ्का - ८ % |
| सरकारी गतिविधि - ४.१ % | अमेरिका - ८ % |
| धार्मिक - १२.६ % | बेलायत - ६ % |
| सेमिनार - १.७ % | जर्मनी - २ % |
| अन्य - १६.२ % | अस्ट्रेलिया - ३ % |
| | फ्रान्स - ३ % |
| | जापान - ३ % |
| | अन्य - ४१ % |

## अभ्यास

१. पर्यटक को हुन् ?

२. पर्यटन उद्योग भन्नाले के बुझिन्छ ?

३. आन्तरिक र बाह्य पर्यटनबिच भिन्नता देखाउनुहोस् ।

४. पर्यटन उद्योगको महत्त्व उल्लेख गर्नुहोस् ।

५. ग्रेट हिमालयन ट्रेल र यसबाट प्राप्त हुने मनोरञ्जन समेटेर समाचारको नमुना तयार पार्नुहोस् ।

६. साहसिक पर्यटनअन्तर्गत नेपालमा के कस्ता गतिविधिहरू सञ्चालन गर्न सकिन्छ ? लेख्नुहोस् ।

७. "नेपालमा धार्मिक पर्यटकको सम्भावना" विषयमा आफ्नो विचार लेख्नुहोस् ।

८. नेपालमा पर्यटकको सङ्ख्या वृद्धि गर्न के गर्नुपर्ला ? लेख्नुहोस् ।

पाठ ३

# जलस्रोत : आर्थिक समृद्धिको आधार

## परिचय

ऊर्जा भनेको भौतिक वा रसायनिक पदार्थको प्रयोगबाट उत्पादन हुने शक्ति हो । ऊर्जा कोइला, ग्यास, पेट्रोल, जलस्रोत र परमाणुबाट ऊर्जा उत्पादन गरिन्छ । नेपालको सन्दर्भमा ऊर्जाको दुईओटा स्रोत परम्परागत र आधुनिक स्रोत । दाउरा, जनावरको मलमूत्र, कृषि जन्य अवशेष आदि पर्छन् ।

## नेपालमा जलस्रोतको विकास

नेपाल जलसम्पदामा धनी मानिन्छ । नेपालमा जलस्रोतका सतही र भूमिगत स्रोतहरू छन् । नेपालमा पनि जलस्रोतको अपार स्रोत छ । यहाँका अधिकांश नदीहरू हिमशृङ्खलाबाट उत्पत्ति भएका नदीहरू छन् । ती नदीहरूमा वर्षैभरि पानी हुन्छ । कोसी, गण्डकी, कर्णाली यस श्रेणीका नदीहरूअन्तर्गत पर्छन् । यस्ता नदीलाई प्रथम श्रेणीका वा स्थायी स्तरका नदी भनिन्छ । यसरी भिरालो जमिन र स्थायी जल प्रवाह हुनाले प्रशस्त जलविद्युत् उत्पादन गर्न सकिन्छ । हामीले जलविद्युत्, सिँचाइ, खानेपानी जस्ता गतिविधि सञ्चालन गर्न सकिन्छ । नेपालका नदीहरूबाट ८३,००० मेघावाट विद्युत् उत्पादन गर्न सकिन्छ तर प्राविधिक वा आर्थिक दृष्टिकोणबाट ४४,३७० मेघावाट उत्पादन गर्न सकिन्छ ।

## जलविद्युत् उत्पादनको सम्भावना

| क्र. सं. | नदीहरू | सैद्धान्तिक सम्भावना | प्राविधिक/आर्थिक संभावना |
|---|---|---|---|
| १. | कोसी | २२,३५० मेघावाट | १०,८६० मेघावाट |
| २. | गण्डकी | २०,६५० मेघावाट | ५,२७० मेघावाट |
| ३. | कर्णाली र महाकाली | ३६,००० मेघावाट | २७,३६० मेघावाट |
| ४. | अन्य | ४,००० मेघावाट | ८८० मेघावाट |
| | जम्मा | ८३,००० मेघावाट | ४४,३७० मेघावाट |

*स्रोत : विद्युत् विकास विभाग*

**जलविद्युत् उत्पादनका फाइदा**

- पेट्रोलको परनिर्भरता घटाएर व्यापार सन्तुलनमा सहयोग
- उद्योग कलकारखानाको सञ्चालन र विस्तार
- वातावरण संरक्षण र वनजङ्गलको जगेर्ना
- विद्युत्को निर्यात गरेर विदेशी मुद्रा आर्जन
- विद्युत् विकासले यातायात सञ्चारको विकास र रोजगारी उपलब्ध गराउन सहयोग
- कृषिको व्यवसायीकरण र आधुनिकीकरणमा सहयोग

**जलविद्युत्को वर्तमान अवस्था**

नेपालमा जलविद्युत्को ठुलो भण्डारण भए पनि यसको उचित प्रयोग गर्न सकिएको छैन । सम्भाव्यताभन्दा जल विद्युत्को उत्पादन अत्यन्त नगण्य छ । नेपालको कुल सम्भाव्यता ८३,००० मेघावाट छ भने प्राविधिक आर्थिक हिसाबले ४४,३७० मेघावाट उत्पादन गर्न सकिन्छ । आर्थिक वर्ष २०७६/७७ को अन्त्य सम्म १२६९ मेघावाट विद्युत् राष्ट्रिय प्रसारणमा जोडिने छ । अहिले १,०१५ मेघावाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा छ । यसरी हेर्दा बिस्तारै नेपाल विद्युत् उत्पादनमा आत्मनिर्भर हुँदै आएको छ । वि. सं. १९६५ बाटविद्युत् उत्पादन सुरु भएको हो । नेपालमा अहिले पनि घरपरिवार क्षेत्रले ऊर्जा उपयोगको ठुलो हिस्सा ओगटेको छ भने दोस्रो क्षेत्रमा व्यावसायिक क्षेत्र छ । कुल जनसङ्ख्याको ५६% मानिसले विद्युत्को उपयोग गर्न पाएका छन् । अगामी पञ्चवर्षीय योजनामा यसलाई ७६% भन्दा माथि लैजाने योजना छ । नेपालमा जल विद्युत्को विकास हुन नसक्नुमा निम्नलिखित कारण जिम्मेवार छन् :

- पुँजीको अभाव
- यातायात र सञ्चारको विकास नहुनु
- राजनीतिक अस्थिरता र दीर्घकालीन सोचको अभाव
- जलविद्युत् आयोजनामा नातावाद र कृपावाद
- स्थानीय मानिसहरूको अवरोध
- ऊर्जा विकासको दीर्घकालीन रणनीति नहुनु

**ऊर्जा सङ्कट टार्ने उपाय**

- दीर्घकालीन रणनीति तयार पार्नुपर्ने
- विप्रेषण र राष्ट्रिय पुँजीलाई जलस्रोतको विकासमा उपयोग
- यातायात र सञ्चारको विकासमा जोड
- राजनीतिक हस्तक्षेपको प्रतिबद्धता
- स्थानीय मानिसहरूको उपयुक्त मागको समयमा नै सम्बोधन

*क्रियाकलाप*

१. गैरआवासीय नेपालीहरूलाई जलविद्युत्को उत्पादन र विकासमा लगानी गर्न आग्रह गर्दै चिठी लेख्नुहोस् ।

२. 'ऊर्जा सङ्कटको उपयुक्त समाधान विद्युत् उत्पादन वृद्धि हो' भन्ने विषयमा वादविवाद प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

## अभ्यास

१. ऊर्जाका कुनै दुईओटा स्रोत लेख्नुहोस् ।

२. आर्थिक र प्राविधिक रूपमा नेपालमा कति जलविद्युत् उत्पादन गर्न सकिने अनुमान छ ?

३. बहुउद्देशीय आयोजना भन्नाले के बुझिन्छ ?

४. आधुनिक र परम्परागत ऊर्जाका स्रोतबारे छलफल गर्नुहोस् ।

५. जलविद्युत् उत्पादनबाट नेपाल कसरी लाभान्वित होला ?

६. "नेपालमा जलविद्युत् उत्पादनको ठुलो सम्भावना छ ।" पुष्टि गर्नुहोस् ।

७. पाठमा दिएको तथ्याङ्कलाई स्तम्भ चित्रमा प्रस्तुत गर्नुहोस् ।

८. नेपालले कसरी जलविद्युत् निर्यात गरेर वैदेशिक मुद्रा आर्जन गर्न सक्ला ? तपाईंको विचार लेख्नुहोस् ।

९. किन नेपालले क्षमताअनुसार विद्युत् उत्पादन गर्न सकेन ? कारण उल्लेख गरी समाधानका उपाय लेख्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको स्थानीय स्तरमा सञ्चालित कुनै जलविद्युत् उत्पादन केन्द्रको भ्रमण गरेर तथ्याङ्क सङ्कलन गर्नुहोस् । प्राप्त विवरणको आधारमा प्रतिवेदन लेख्नुहोस् ।

पाठ ४

# वैदेशिक रोजगारी

## परिचय

देशभन्दा बाहिर रोजगारीका अवसर प्राप्त हुने अवस्थालाई वैदेशिक रोजगारी भनिन्छ । त्यसैले देश बाहिर रोजगारीका अवसर उपलब्ध हुन्छन् भने त्यो नै वैदेशिक रोजगारी हो । नेपालको इतिहासलाई हेर्ने हो भने वैदेशिक रोजगारी करिब २०० वर्ष अघिबाट सुरु भएको हो तर प्रजातन्त्रको पुनर्स्थापनापछि यो सङ्ख्या ह्वातै बढेको पाइन्छ । देशभित्र रोजगारीका अवसरहरूको अभाव, असुरक्षा आदिले ठुलो सङ्ख्यामा युवाहरू देशबाहिर जाने अवस्था सिर्जना भएको छ । परराष्ट्र सम्बन्धको विस्तारसँगै वैदेशिक रोजगरीको प्रवृत्तिमा पनि व्यापक परिवर्तन आएको पाइन्छ । अहिले शिक्षा र रोजगारी दुवैका लागि युवाहरू विदेश जाने गरेको पाइन्छ । तर वैदेशिक रोजगारी दीर्घकालीन समाधान भने अवश्य होइन । यो आम्दानीको स्थायी स्रोत पनि होइन् । त्यसैले वैदेशिक रोजगारीका सबल र दुर्बल दुवै पक्षहरू छन् ।

वैदेशिक रोजगारीले आम्दानीमा वृद्धि गरेर गरिबी निवारणमा सहयोग पुऱ्याउँछ । लगभग ५६% परिवारका कोही न कोही सदस्य वैदेशिक रोजगारीमा गएको तथ्याङ्क छ । अहिलेसम्म करिब ४३ लाख युवाहरू वैदेशिक रोजगारीमा गएको तथ्याङ्क छ । वैदेशिक रोजगारीले कुल ग्रार्हस्थ उत्पादनको २८% योगदान दिएको पाइन्छ । विदेशी प्रविधि र सिप सिकेर उद्घमशीलताको विकास मात्र भएको छैन व्यक्तिको क्षमतामा पनि विकास भएको छ । अन्तरदेशीय संस्कृतिको हस्तान्तरणको साथै आपसी सम्बन्ध पनि सुदृढ भएको छ । नेपालको आफ्नै अन्तर्राष्ट्रिय पहिचानमा पनि वृद्धि भएको छ । तर यसले देश विकासमा श्रमशक्ति अभाव सिर्जना गरेको छ । विकासको गति ढिला भएको छ । सामाजिक सम्बन्धमा पनि नकारात्मक असर परेको छ । सामाजिक मूल्य मान्यतामा ह्रास आउनुका साथै तनावग्रस्त भएर आत्माहत्या गर्ने घटना पनि समाजमा सुन्न पाइन्छ । सामाजिक एकतामा खलल पुगेको छ । यसरी वैदेशिक रोजगारमा गएका युवाहरू ठगिने, भनेअनुसार काम नपाउने समस्या पनि विद्यमान छ ।

### वैदेशिक रोजगारीका मुख्य समस्या

अन्तर्राष्ट्रिय बजारको मागअनुसारको योग्यता, क्षमता, दक्षता भएको कामादारहरूको आपूर्ति पनि गर्न सकिएको छैन । रोजगारसम्बन्धी शिक्षा र सूचना पनि प्रवाह हुन सकेको छैन । एकातिर नेपाली

नेपाली कामदारहरू न्यून ज्यालामा काम गर्न बाध्य छन् भने अर्कोतिर संस्थागत रूपमा ठगिने अवस्था पनि कायमै छ । एउटा काम भनेर अर्को काममा लगाउने, कम पारिश्रमिक दिने, घरेलु कामदारको रूपमा जाने महिला विभिन्न प्रकारबाट शोषित हुने अवस्था छ । विदेशमा रहेका कामदारको बारेमा सूचना प्रभावकारी नहुने, सम्बन्धित देशमा दूतावास नहुनु तथा यसले उपभोग र र आयातमा व्यापक वृद्धि गरेको छ । यसलाई हामीले मर्यादित र सम्मानपूर्ण बनाउन सकेका छैनौँ । वैदेशिक **रोजगारलाई मर्यादित र सुरक्षित बनाउन भएका प्रयास**

- बैङ्क तथा वित्तीय संस्थाबाट ऋण प्रवाह
- सहुलियतपूर्ण व्याजदर
- विना धितो ऋण दिने व्यवस्था
- लक्षितवर्गलाई सुविधा युक्त ऋण
- दुई लाखसम्म ऋण सीमा
- स्थानीय सिप र कच्चा पदार्थको प्रयोगमा जोड
- समयमै व्याज र सेवा तिरे व्याजमा ६०% मिनाहा

वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको पूर्वतयारी नेपाली कामदारहरू फोहोरी, डरलाग्दो र कठिन काम गर्न वाध्य छन् । तीमध्ये कतिले तोकेको सुविधा नै पाउँदैनन् । कतिले अकालमा नै ज्यान गुमाउँछन् । त्यसैले वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि अनिवार्य रूपमा निम्नलिखित सुझाव पालन गरेमा यो सुरक्षित र भर पर्दो हुन्छ :

- श्रम मन्त्रालय, श्रम विभाग वा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्धन बोर्डमा सम्पर्क गरेर रोजगारीको बारेमा थाहा पाउने
- शारीरिक मानसिक रूपमा तयार हुने
- आवश्यक सिप र प्रविधि जान्ने
- सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट राहदानी लिने
- विश्वसनीय भर पर्दो वैदेशिक रोजगार कम्पनीमा समपर्क राख्ने
- कामको विशेषता, सुविधा, तलबबारे जानकारी लिने

- सरकारले मान्यता दिएको स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गर्ने
- बिमा गर्ने (आवधिक)
- वैदेशिक रोजगारीमा जानुभन्दा अघि अभिमुखीकरण तालिम लिने
- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृत लिएर मात्र जाने
- दलालदेखि सतर्क रहने
- नेपाली दूतावास वा अन्य निकायको सम्पर्कमा रहने

नेपाली युवाहरू विश्वका ११०ओटा देशहरूमा रोजगारीका लागि जान सक्छन् । १८ वर्ष पूरा भएको पुरुष र २४ वर्ष पूरा भएको महिला जान पाउँछन् ।

**नेपाल सरकारद्वारा जारी वैदेशिक रोजगारको एक महत्त्वपूर्ण जानकारी**

**वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिले थाहा पाउनुपर्ने कुरा**

(क) **उमेर र विवरण**

१८ वर्ष पूरा भएको अवस्थामा मात्र वैदेशिक रोजगारीको प्रक्रिया अवलम्बन गर्नुपर्छ ।

रोजगारीमा जानेक्रममा झुटा विवरण वा कागजात पेस गर्नुहुँदैन ।

(ख) **संस्थागत पहल**

वैदेशिक रोजगारको निमित्त अनुमति प्राप्त गरेका एजेन्सीहरूसँग मात्र वैदेशिक रोजगारीमा जानेसम्बन्धी कारोबार गर्नुपर्छ ।

संस्थासँग व्यक्तिगत तवरले जानेगरी काम कारबाही गर्न हुँदैन ।

व्यक्तिगत रूपमा वैदेशिक रोजगारीमा जान चाहनेले वैदेशिक रोजगार विभागको स्वीकृति प्राप्त गर्नुपर्छ ।

(ग) **आवश्यक प्रमाणहरू सुरक्षित राख्नुपर्ने**

वैदेशिक रोजगारको निमित्त जानेक्रममा वैदेशिक रोजगार एजेन्सीलाई रकम बुझाएपछि रसिद लिई सुरक्षित राख्नुपर्छ ।

वैदेशिक रोजगारीको निमित्त एकमुष्ट वा किस्तामा रकम बुझाएको भएमा कुन किस्ता बापत् कति रकम बुझाएको हो सो समेतको निस्सा लिनुपर्छ । बुझाएको रकम र प्राप्त रसिदमा रकम फरक परे, नपरेको यकिन गरी गरी वास्तविक तिरेको रकम जनाएको रसिद लिनुपर्छ । रसिदमा सम्बन्धित एजेन्सीको छाप भए नभएको र बुझिलिनेको दस्तखत भए नभएको जाँची लिनुपर्छ ।

राहदानी, भिसा, श्रम स्वीकृति, करारपत्र, तालिमहरूको प्रमाणपत्र, रकम बुझाएको रसिदहरू, बिमा, स्वास्थ्य परीक्षण आदिको कागजात आफूसँग सुरक्षित राखी त्यसको फोटोकपी घर परिवारका व्यक्तिहरू वा भर पर्दो अभिभावकलाई छोड्नुपर्छ ।

**(घ) तालिम तथा सुरक्षा**

वैदेशिक रोजगारीमा जाने कामका लागि सिपमूलक तालिम आवश्यक भए त्यस्तो तालिम लिएको हुनुपर्ने र मान्यता प्राप्त संस्थाबाट अभिमुखीकरण तालिम हासिल गर्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाने क्रममा गर्नुपर्ने बिमा तथा कल्याणकारी कोषमा अनिवार्य रूपमा रकम जम्मा गर्नुपर्छ ।

एजेन्सी वा कोही कसैबाट वैदेशिक रोजगारीसम्बन्धी विषयमा गलत वा ठगी गर्न लागेको शङ्का लागेमा वा त्यसो भए गरेमा वैदेशिक रोजगार विभाग वा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरीमा तुरुन्त खबर गर्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिले अनुमति लिएको अवस्थामा बाहेक अन्य मुलुकको मार्ग प्रयोग गरी वैदेशिक रोजगारीमा जान हुँदैन ।

वैदेशिक रोजगारीको निमित्त विदेश प्रस्थान गर्नुपूर्व वैदेशिक रोजगार विभागबाट राहदानीमा श्रम स्वीकृतिको स्टिकर लगाएको हुनुपर्छ ।

**(ङ) पूर्व तयारीको अवलम्बन**

वैदेशिक रोजगारीमा जाने नेपालीले अनुमतिको अवधिपचात् नियमानुसार म्याद थप नगरी अवैधानिक रूपमा विदेशमा बस्न वा काम गर्न हुँदैन ।

वैदेशिक रोजगारीको क्रममा भउको सम्झौताअनुसारको अवधिभित्र करा भङ्ग नभएसम्म उक्त कार्य छाडी अन्यत्र काम गर्न वा बिना स्वीकृति काम छाडी अन्यत्र जान हुँदैन ।

(च) **क्षतिपूर्ति**

कुनै कारणले विदेशबाट असमयमा फर्कनुपरेमा वैदेशिक रोजगार विभाग र पठाउने एजेन्सीमा फिर्ता आएको १५ दिन भित्रमा जानकारी गराउनुपर्छ ।

(छ) **विदेशमा सम्पर्क र समन्वय**

नियमअनुसार वैदेशिक रोजगारीमा गएपछि उक्त मुलुकमा रहेको नेपाली दूतावास वा नियोग वा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले तोकेको सम्बद्ध संस्थामा सम्पर्क कायम गरी आफू आएको जानकारी गराउनुपर्नेछ । वैदेशिक रोजगारको क्रममा समस्या आएको अवस्थामा उक्त निकायमा जानकारी गराउनुपर्ने छ ।

(ज) वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा जानु हुँदैन ।

(झ) वैदेशिक रोजगारमा जानुपूर्व अभिमुखीकरण तालिम लिनुपर्छ र जान लागेको देश, आफूले गर्ने काम र पाउने पारिश्रमिकबारे राम्ररी जानकारी लिई जानुपर्छ ।

(ञ) स्वास्थ्य परीक्षण, जीवन बिमा, दुर्घटना बिमा विदेशमा काम गर्न जानुपूर्व अनिवार्य रूपमा गर्नुपर्छ ।

*क्रियाकलाप*

१. वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि गर्नुपर्ने तयारीबारे स्थानीय युवाहरूसँग छलफल गर्नुहोस् ।

२. वैदेशिक रोजगारीमा जाँदा के कस्ता समस्या आई पर्छन् ? वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिसँग सोधेर लेख र प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. वैदेशिक रोजगारी भनेको के हो ?

२. वैदेशिक रोजगारी नेपालको सन्दर्भमा किन महत्त्वपूर्ण छ ?

३. वैदेशिक रोजगारी किन चुनौतीपूर्ण छ ? छलफल गर्नुहोस् र लेख्नुहोस् ।

४. वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिका पूर्व तयारी उल्लेख गर्नुहोस् ।

५. वैदेशिक रोजगारीलाई कसरी अझ व्यवस्थित गर्न सकिएला ?

६. वैदेशिक रोजगारीका समस्या र समाधानका उपाय लेख्नुहोस् ।

७. वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न सरकारले गरेका गतिविधि समावेश गरेर साथीलाई चिठी लेख्नुहोस् ।

८. वैदेशिक रोजगारीका सकारात्मक नकारात्मक प्रभाव चर्चा गर्नुहोस् ।

९. वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न सरकार, रोजगार व्यवसायी र व्यक्तिको भूमिका लेख्नुहोस् ।

## सामुदायिक कार्य

वैदेशिक रोजगारीबाट फर्केका स्थानीयसँग समस्या, सकारात्मक र नकारात्मक प्रभावबारे सोधेर प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ५

# वित्तीय साक्षरता

वित्त भन्नाले मुद्रा वा मौद्रिक स्रोत भन्ने बुझिन्छ । अर्थात् आर्थिक गतिविधिसँग सम्बन्धित मौद्रिक कारोबारलाई वित्त भनिन्छ । वित्तीय साक्षरतालाई सामान्यतया बचत, लगानी र कर्जाको विभिन्न पद्धतिका विषयमा जानकारी दिने शिक्षाको रूपमा बुझिन्छ । कतिपयले वित्तीय स्रोत साधनलाई आफ्नै भलाइका लागि प्रभावकारी रूपमा प्रयोग गर्न हासिल गर्ने ज्ञान तथा सिपको रूपमा पहिचान गर्ने विषयसँग सम्बन्धित छ । तसर्थ वित्तीय साक्षरताले वित्तीय प्रणालीमा विश्वासको अभिवृद्धि गर्छ र सहभागीतामा वृद्धि गर्न मद्दत पुग्छ ।

नेपालमा आज सबै स्तरका मानिसहरूलाई वित्तीय साक्षरता आवश्यक देखिएको छ । उच्च शिक्षा हासिल गरेका मानिसहरूमा समेत वित्तीय कारोबारको ज्ञानको अभाव छ । त्यसैले वित्तीय शिक्षाको अभाबमा उचित निर्णय लिन नसक्दा वित्तीय सङ्कट उत्पन्न भएको पाइन्छ । त्यसैले नेपालको सन्दर्भमा विद्यालय तहदेखि नै वित्तीय सारक्षरतासम्बन्धी कार्यक्रमा सञ्चालन गर्दै आएको छ । त्यसैले वित्तीय साक्षरताको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- बैङ्क खाता, बचत आदि विषयमा जानकारी दिन
- वित्तीय सुरक्षामार्फत पैसाको सही सदुपयोग गर्न
- वित्तीय परियोजनाका सकारात्मक पक्ष बारे बुझाउन
- वित्तीय सेवाको पहुँच विस्तार गर्न
- विप्रेषणको सही सदुपयोग गर्न
- घरायसी बजेटमा सन्तुलन कायम गर्न

**नेपालको वित्तीय प्रणाली :** नेपालको सन्दर्भमा वित्तीय इतिहास त्यति लामो छैन । त्यसैले व्यवस्थित व्यवस्थित वित्तीय प्रणालीको सुरुवात नेपाल बैङ्क लिमिटेडको स्थापनासँगै भएको हो । वि. सं. २०१३ वैशाख १४ गते नेपाल राष्ट्र बैङ्क स्थापना भएपछि अझ व्यवस्थित भयो । यसै क्रममा वि. वि. सं. २०१६ औद्योगिक विकास निगम, वि. सं. २०२२ राष्ट्रिय वाणिज्य बैङ्क र २०२४ सालमा विदेशी बैङ्कको संयुक्त लगानीमा नेपाल अरब बैङ्क (हाल नविल बैङ्क) स्थापनासँगै बैङ्किङ विकासको गतिले नयाँ मोड लियो । हाल नपालको वित्तीय प्रणालीमा केन्द्रीय बैङ्क, वाणिज्य बैङ्क,

बैङ्क, विकास बैङ्क, वित्त कम्पनी, लघुवित्त कम्पनी, सहकारी र लघुवित्तको कारोबार गर्ने सहकारी संस्थाहरू छन् । नेपालकै बैंकिङ क्षेत्रलाई क, ख, ग र घ गरेर चार वर्गमा विभाजन गरिएको छ ।

**वित्तीय संस्थाहरूको महत्त्व**

- निक्षेप स्वीकार गर्ने
- ऋण उपलब्ध गराउने
- विदेशी मुद्राको सही गर्ने
- मुद्राको हस्तान्तरण गर्ने
- बैङ्क सुरक्षण
- सरकारी ऋणपत्रको कारोबार गर्ने
- अन्य सुविधाहरू उपलब्ध गराउने

**बैङ्क खाता**

**बैङ्क खाता एक प्रकारको कारोबार विवरण हो । सर्वसाधारण व्यक्ति वा संस्थाको रकम जम्मा गर्न बैङ्क तथा वित्तीय संस्थाले सम्बन्धित व्यक्ति वा संस्थाको नाममा खाता खोलिदिने र उनीहरूको नाममा रकम झिक्न र राख्न पाइने गरी दर्ता गरिदिने विवरण नै बैङ्क खाता हो । खातामा पैसा जम्मा गर्दा भौचर भरेर गरिन्छ । पहिला खातावालको कारोबार पास बुकमा भरिन्थ्यो भने अहिले कम्प्युटरबाट कारोबारको विवरण खातावालालाई उपलब्ध गराउँछन् । यसबाट आफ्नै कारोबार, खातामा रहेको रकम, आर्जित व्याज आदिबारे जानकारी प्राप्त हुन्छ । बैङ्कले ग्राहकलाई चेक वा ए. टी. एम. कार्ड दिन्छ र त्यसैमार्फत आवश्यकताअनुसार पैसा निकाल्न सकिन्छ ।**

**बैङ्क खाता खोल्न आवश्यक कागजात**

**बैङ्क खाता खोल्न नागरिकताको प्रमाणपत्र, फोटो, बैङ्कले उपलब्ध गराएको आवेदन फाराम, न्यूनतम रकम र दस्तखत आवश्यक पर्छ । उमेर नपुगेका व्यक्तिको खाता खोल्नुपर्‍यो भने अभिभावकको नागरिकता, फोटो, आवेदन फारम र दस्तखत चाहिन्छ । यसको साथै ग्राहकको**

पहिचान पूर्णरूपमा झल्किने पारिवारिक विवरण, बाबु बाजेको नाम जस्ता विवरण दिनुपर्छ । बैङ्क खाता विभिन्न प्रकारका हुन्छन् तर चल्तीमा रहेका खाता यसप्रकार छन् :

१. चल्ती खाता

आफूले चाहेको समयमा चाहेको जति रकम एकै दिनमा जतिपटक राख्न र झिक्न सकिने खातालाई चल्ती खाता भनिन्छ । यस्तो खातामा रहेको निक्षेपको व्याज पाइँदैन । यस्तो खाता व्यावसायिक र कार्यालय प्रयोजनका लागि उपयुक्त मानिन्छ । यस्तो खाताबाट जति पटक रकम झिक्ने र राख्ने सुविधा, कारोबारको विवरण पाइने, व्यवसायीलाई उपयुक्त, बैङ्कले दिने सबै सुविधा पाइने जस्ता विशेषता हुन्छन् । यस्तो खाता सजिलो र भर पर्दो हुन्छ । काम छिटो हुने, अनलाइनबाट पनि सुविधा लिन सकिने, बैङ्कको जुनसुकै शाखाबाट कारोबार गर्न सकिने फाइदा हुन्छन् ।

२. बचत खाता

रकम जति पटक राख्न पनि सकिने तर निश्चित सिमाभित्र रहेर रकम झिक्न सकिने खातालाई बचत खाता भनिन्छ । सानो रकम जम्मा गर्दै जाने र आवश्यक परेको बेला रकम निकाल्न सकिन्छ । यस्तो खाता सर्वसाधारण तथा कर्मचारीले प्रयोग गर्छन् । नारी बचत खाता, युवा बचत, बाल बचत, शिक्षा बचत जस्ता खाताहरू बैङ्कले ल्याएको पाइन्छ । यस्तो खातामा न्यून व्याज पाइन्छ । ए. टी. एम., चेकको सुविधा पाइने, व्याज पाइने र कारोबारको विवरण पाइने यस्ता खाताका विशेषता हुन् । आवश्यक परेको बेला जति पनि रकम निक्षेप गर्न मिल्ने तर धेरै रकम भए पूर्व सूचना दिएर निकाल्न सकिने, विदेशबाट पठाएको रकम सजिलै जम्मा गर्न सकिने फाइदा हुन्छन् ।

३. मुद्धति खाता

निश्चित प्रतिशत व्याज प्रदान गर्ने गरी तोकिएको समयपश्चात् मात्र पैसा झिक्न पाइने गरेर खोलिएको खातालाई मुद्धति खाता भनिन्छ । यस्तो खातामा निश्चित अवधिका लागि पैसा राखिन्छ । अवधि पूरा भएपछि पैसा निकाल्न पाइन्छ । आफूलाई पैसाको आवश्यकता परेमा मुद्धति खातामा भएको रकमलाई धितो राखेर ऋण लिन पनि पाइन्छ ।

## ग्राहक पहिचान (के. वाई. सी)

ग्राहक पहिचान (Know your customer (KYC) भनेको बैङ्कले आफ्नै ग्राहकको सम्पूर्ण विवरण राख्ने एक किसिमको फारम हो । के. वाई. सी. नियमअनुसार बैङ्कहरूले आफ्नै ग्राहकको सम्पूर्ण जानकारी राख्नुपर्छ । बैङ्क खाता खोल्दा अनिवार्य KYC फारम भर्नुपर्छ । KYC फाराममा आफ्नै फोटो, परिचय पत्र, ठेगाना र पारिवारिक विवरण पूर्ण रूपमा खुलाउनुपर्छ । बचत खाता खोल्न नागरिकता, फोटो, आवासको प्रमाण (जस्तैः धारा, टेलिफोनको रसिद) आवश्यक पर्छ । यसरी बैङ्कले ग्राहकबाट धेरै सूचना वा जानकारीले ग्राहक बैङ्कको सम्बन्ध सुधार हुन्छ । बैङ्कले आवश्यक पर्दा सजिलै ग्राहकसँग सम्पर्क गर्न सक्छ ।

### विद्युतीय बैङ्किङ

सञ्चारका साधनहरूको विकास र विस्तारले बैङ्कहरूको कारोबारलाई सहज र सरल बनाएको छ । बैङ्क तथा वित्तीय संस्थाहरूले विद्युतीय उपकरण र इन्टेरनेटमार्फत सेवा प्रदान गरिरहेका छन् । यसरी विद्युतीय उपकरण मार्फत गरिने कारोबारलाई विद्युतीय बैङ्किङ भनिन्छ । विद्युतीय बैकिङ्ग सेवाले बैङ्कको कारोबार र सेवालाई सहज, सरल र छिटो बनाएको छ । इन्टरनेट बैङ्कमार्फत खातावालाले खाताको रकम सजिलै चेक गर्न सक्छ, भुक्तानी हस्तान्तरण गर्न सक्छ । मोवाइल एप्स, इन्टरनेट र एटीएम द्वारा हुने बैकिङ्ग कारोबार नै विद्युतीय बैङ्किङ हो ।

### ए. टी. एम.

ए. टी. एम. को पूरा रूप अटोमेटेड टेलर मेसिन हो । यो विद्युतीय उपकरण हो । कुनै पनि बैङ्क वा वित्तीय संस्थामा खाता खोलेपछि बैङ्कले खातावाललाई एउटा कम्प्युटर चिप्स सहितको कार्ड उपलब्ध गराउँछ । त्यहीँ कार्ड ए. टी. एम. कार्ड हो । उक्त कार्डलाई मेसिनमा छिराएपछि खातावालाको नाम र खाता नं को साथै पिन कोड माग्छ । पिन बैङ्कले उपलब्ध गराएको हुन्छ तर खातावालाले परिवर्तन गर्न सक्छ । त्यसपछि आफूलाई आवश्यक पर्ने रकमको बटनमा थिचेपछि पैसाका साथै विवरण पनि आउँछ । कामकाजी र कार्यालयमा काम गर्ने मानिसलाई यो सजिलो भए पनि केही जटिलता भने छन् । नेपालका अधिकांश बैङ्कहरूले ए. टी. एम. कार्ड जारी गरेर खातावाललालाई बैङ्कको पहुँच बढाउन सहयोग गरेका छन् । यो डेबिट कार्ड हो । यसबाट तपाईंको खातामा रकम छ भने मात्र झिक्न मिल्छ । डेभिड कार्ड, भिसा कार्ड वा मास्टर कार्डको सुविधा भएमा वस्तु तथा सेवा खरिद पनि गर्न सकिन्छ ।

## क्रेडिट कार्ड

**बैङ्क तथा वित्तीय संस्थाहरूले आफ्नै विश्वासिला ग्राहकहरूलाई खातामा पैसा नभए पनि वस्तु तथा सेवा खरिद गर्न सहज होस् भनेर विद्युतीय कार्ड उपलब्ध गराउँछन् । तर आफ्नो खातामा भएको पैसा भिसा क्रेडिक कार्डबाट झिक्न पाइन्छ । उक्त कार्डलाई क्रेडिट कार्ड भनिन्छ । अनि खातामा पैसा भएपछि उक्त रकम बैङ्कले लिन्छ । यस्तो अवस्थामा बैङ्कले निश्चित रकम दिन पनि सक्छ । यसरी क्रेडिट कार्डबाट निश्चित रकम मात्र खर्च गर्ने सुविधा हुन्छ ।**

## एस. एम. एस. बैङ्किङ

**एस. एम. एस. बैङ्किङ मोबाइल बैङ्किङ हो । मोबाइलबाट ग्राहक र बैङ्कबिच सूचना आदान प्रदान गर्नु उपयोग गरिन्छ । पैसा निक्षेप गर्दा र पैसा झिकेपछि मोबाइलमा समाचार आउँछ । यसरी यस सेवाबाट कसले पैसा बैङ्कमा जम्मा गऱ्यो वा कसले पैसा निकाल्यो भन्ने थाहा हुन्छ । साथै आफ्नै खातामा भएको रकम पनि थाहा पाउन सकिन्छ । नेपालमा सन् २००४ बाट कुमारी बैङ्कले सुरु गरेको सेवा अहिले सबै बैङ्कहरूमा विस्तारित भएको छ ।**

## बचत र यसबाट हुने फाइदा

**हामीले आफूले कमाएको पैसा केही खर्च गर्छौं भने केही बचाएर राख्छौं । यसरी बचाएर राखेको पैसालाई बचत भनिन्छ । हातमा पैसा भयो भने खर्च हुन्छ । त्यसैले खर्च हुनबाट रोक्न बैङ्क तथा वित्तीय संस्थामा खाता खोलेर राख्ने गरिन्छ । यसरी बचत गर्ने चारओटा स्रोत छन् :**

१. **औपचारिक बैङ्क वा वित्तीय संस्था :** केन्द्रीय बैङ्कबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त सङ्घसंस्था खाता खोलेर बचत गर्न सकिन्छ ।

२. **अर्ध औपचारिक वित्तीय संस्था :** आमा समूह, वन समूह, उपभोका समूहमार्फत पनि बचत गर्न सकिन्छ ।

३. **अनौपचारिक निकायहरू :** साहु, माहजन, ढुकुटी, साथीभाइ, इष्टमित्र, घर जग्गा गहना आदिमा लगानी गरेर तर यस्तो बचत बढी जोखिम युक्त हुन्छ ।

४. **खुत्रुके बचत :** सानो काठ, फलाम, माटोको भाँडोमा घरमै सानो रकम जम्मा गरेर पनि बचत **गर्न सकिन्छ ।**

## बचत गर्दा हुने फाइदा

- पुँजी निर्माणमा सघाउ
- लगानी सिर्जना हुने
- उद्यमशीलताको विकास हुने
- व्याज प्राप्त गर्न सकिने

यसरी वित्तीय प्रणालीमार्फत आर्थिक कारोबार गर्नाले आय आर्जन हुन्छ । आर्थिक विकासमा सजिलो हुन्छ । हामीले कम खर्च गरेर सकेसम्म बढी बचत गर्नुपर्छ ।

### *क्रियाकलाप*

१. साथीभाइसँग बैङ्क खाता खोल्ने प्रक्रियामा छलफल गर्नुहोस् ।

२. बैङ्कबाट ए. टी. एम. कार्ड प्राप्त गर्ने तरिका थाहा पाउनुहोस् र समुदायका मानिसहरूलाई ए.टी.एम. कार्डमार्फत कारोबारका लागि प्रेरित गर्नुहोस् ।

## अभ्यास

१. वित्तीय साक्षरता भनेको के हो ?

२. कुन बैङ्क खाता खोल्नु उपयुक्त होला र किन ?

३. ए. टी. एम. कार्डको फाइदा लेख्नुहोस् ।

४. एस. एम. एस. बैङ्किङ सुविधा भनेको के हो ?

५. विभिन्न प्रकारका बैङ्क खाताको विवरण दिनुहोस् ।

६. बैङ्क खाता हुँदा हुने फाइदा लेख्नुहोस् ।

७. बचतका फाइदा लेख्नुहोस् ।

८. ए. टी. एम. का फाइदा र बेफाइदा बताउनुहोस् ।

९. वित्तीय साक्षरता र यसको महत्त्व लेख ।

१०. वित्तीय शिक्षालाई प्रभावकारी बनाउन के गर्नुपर्ला ? उपाय बताउनुहोस् ।

### सामुदायिक कार्य

तपाईंको अभिभावकहरूले कुन बैङ्कमा खाता खोल्नुभएको छ ? सोधेर खाता खोल्ने प्रक्रियाबारे लेख्नुहोस् ।

पाठ ६

# नेपालमा वित्तीय प्रणाली र अवधारणा

पुँजी बजार भन्नाले त्यस्तो बजार हो जहाँ दीर्घकालीन रूपमा पुँजीको परिचालन हुन्छ । पुँजी बजारमा पुँजीको निर्माण माग र आपूर्ति हुन्छ । पुँजी बजारमासेयर, स्टक, बोण्ड, डिबेञ्चर, सरकारी ऋणपत्र, बचत पत्र आदिको निष्कासन, खरिद र बिक्री विनिमय हुन्छ । यसले छरिएर रहेका ससानो बचतलाई एकीकृत गरेर प्राप्त रकमलाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्न मद्दत गर्छ । यो लामो समयसम्म रकम परिचालन गर्ने दीर्घकालीन वित्त बजार हो ।

वित्तीय प्रणालीअन्तर्गत सफा नोट, बैङ्क ऋण, विप्रेषण, विदेशी विनिमय, धितो पत्र आदिको चर्चा गरिन्छ :

१. **सफा नोट :** लेनदेन र कारोबारका लागि नोट आवश्यकता पर्छ । विश्वका अधिकांश देशहरूमा कागजी नोट प्रचलनमा छ । यी विश्वका व्यवस्था राज्यले गर्छ । नोट निष्कासनको जिम्मेवारी कानुनले नै केन्द्रीय बैङ्कलाई दिएको हुन्छ । एउटा सभ्य नागरिकको कर्तव्य राज्यले व्यवस्था गरेको नोटको तथा सिक्काको सुरक्षा गर्नु, जतन गरी प्रयोग गर्नु तथा नोटलाई सफा राख्नु पनि हो । यस्तो बानीले राज्य र व्यक्ति दुवैलाई फाइदा हुन्छ । जसरी हामी नयाँ नोटका लागि मरिहत्ते गर्छौं त्यसै गरेर अरू मानिस पनि नयाँ नोट पाए भने खुसी हुन्छन् । यसबाट नोटको आयु पनि बढ्छ । जसले नोट घुल्याउने कार्यमा हुने खर्चको बचत भएर राज्यको साधनको बचत हुन्छ । त्यसैले सफा नोट मात्र चलनचल्तीमा ल्याउन नेपाल राष्ट्र बैङ्कले २०६७/६८ को आर्थिक वर्षबाट सफा नोट नीति ल्याएको छ । यस नीतिको उद्देश्य सफा र गुणस्तरीय नोट चलनचल्तीमा ल्याउने, पुराना च्यातिएका नोट चलनचल्तीबाट हराउँदै जानु हो । राज्यको ठुलो धनराशि बचाउन, राष्ट्रिय गौरवका कुराहरू नोटमा अङ्कित हुने हुनाले हाम्रो सभ्यता र संस्कारको जोगेर्ना गर्न पनि सफा नोटको प्रयोग गर्नुपर्छ । त्यसैले नोट पट्याउने, कोर्ने, भिजाउने जस्ता काम गर्‍यो भने नोटको आयु कम हुन्छ । हामीले कागजी नोट भन्दा पनि सिक्काको प्रयोगमा जोड दिनुपर्छ ।

**नेपाली नोटको प्रयोग गर्दा अपनाउनुपर्ने सावाधानी सम्बन्धमा नेपाल राष्ट्र बैङ्क, मुद्रा व्यवस्थापन विभागको अनुरोध**

- नोटको जतन गर्नका लागि अनिवार्य रूपमा मनि ब्याग प्रयोग गर्ने बानी बसालौं ।
- नोटमा जथाभावी केरमेट नगरौं ।
- समान दरका नयाँ अथवा सुकिला नोटको प्रयोग गर्ने बानी बसालौं ।
- नयाँ नोट छपाइ गर्न ठुलो मात्रामा सम्पति खर्चिनुपर्ने भएकाले नोटको जतन गरी देशको सम्पत्ति जोगाऔं ।
- नोटलाई माटो, धमीरा, आगो र पानीबाट जोगाऔं ।
- नोटलाई गाड्ने, धेरै समयसम्म पोको पारेर राख्ने गर्नाले नोट सड्ने डर हुने हुँदा यस्तो कार्यलाई निरुत्साहित गरौं ।
- नोटको हिफाजत गर्ने कुरा आफूले पनि मनन गरौं र अरुलाई पनि सिकाऔं ।
- नोटका कारोबार गर्दा फोहोर गर्ने प्रवृत्तिलाई त्यागौं ।
- पूजा आजा गर्दा अथवा कुनै काम गर्दा मैलिएका हातहरूले सकेसम्म नोट नछोऔं ।
- टाँचा वा स्टिच लगाउँदा नोट च्यातिने र निकाल्न गाह्रो हुने तथा नोटको आयु घट्ने हुँदा, यस्तो कार्यलाई निरुत्साहित गरौं ।
- कारोबारको क्रममा शङ्कास्पद नोटहरू पाइएमा नजिकैको नेपाल राष्ट बैङ्कको कार्यालय वा अन्य बैङ्क तथा वित्तीय संस्थामा लगि दाखिला गरौं ।
- नोटलाई मठमन्दिर वा पूजा पाठ आदि धार्मिक कार्यमा प्रयोग गर्दा नोटमा रङ, अबिर, पानी, दुध, रगत आदि नपारौं, बरु दान पेटिकामा हाल्ने वा सम्बन्धित धार्मिक अनुष्ठानको रसिद काटी चन्दा प्रदान गर्ने चलन चलाऔं ।

२. **विप्रेषण :** सामान्य अर्थमा एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने कार्यलाई विप्रेषण भनिन्छ । नेपालमा विदेशबाट प्राप्त आम्दानीलाई विप्रेषण भनिन्छ । झन्डै चालिस लाख नेपालीहरू देश बाहिर छन् र विप्रेषणको कुल ग्रार्हस्थ उत्पादनमा योगदान लगभग २८ प्रतिशतभन्दा बढी छ । करिब ५६ प्रतिशत जनताको घरमा विप्रेषण प्राप्त हुन्छ ।

त्यसैले यो घरायसी खर्चका लागि चाहिने आम्दानीको स्रोत भएको छ । बैङ्क तथा रेमिट्यान्स कम्पनीबाट प्राप्त हुने यस्तो व्यवसाय विस्तारमा लगानी सङ्कलन भएको छ ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालन भएका छन् । तर यसरी प्राप्त रकम उत्पादनशील काममा उपयोग हुने भने सकेको छैन । अधिकांश ग्रामीण युवाहरू यो कमाईलाई राष्ट्र निर्माणमा लगाउन सकिने चेतनाको अभाव छ । एउटा अध्ययनले कुल विप्रेषणको ७८.९ प्रतिशत उपभोगमा, ७.१ प्रतिशत ऋण तिर्न, ४.५ प्रतिशत बालबाच्चाको शिक्षा, ४.५ प्रतिशत घर जग्गामा, २.४ प्रतिशत पुँजी निर्माण र २.६ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च हुने देखाएको छ । यस्तो पैसा बैङ्क, वित्तीय संस्थाबाट पठाउनुपर्छ । यसरी पठाउँदा यो विश्वासिलो र भर पर्दो हुन्छ । अनौपचारिक स्रोत व्यक्ति वा व्यापारी वा एजेन्टबाट पठाइन्छ पठाइन्छ भने त्यो पठाउने कार्यलाई हुन्डी भनिन्छ । यो गैरकानुनी कार्य हो । त्यसैले एकातिर एकातिर संस्थागत माध्यम प्रयोग गर्नुपर्छ अर्कोतिर यसलाई उत्पादनशील क्षेत्रमा लगानी गरेर गरेर फाइदा प्राप्त गर्न सकिन्छ ।

३. **बैङ्क कर्जा :** कुनै पनि उद्यम व्यवसाय गर्नुका लागि वित्तीय स्रोतको व्यवस्था गर्नुपर्छ । गाई, गाई, भैँसी पाल्न, रिक्सा किन्न, सानो ठुलो व्यापार व्यवसाय वा उद्योग धन्दाका लागि सर्व प्रथम पैसा नै चाहिन्छ । पैसा हामीसँग नहुन सक्छ । पहिला पहिला यस्तो पैसा साहु महाजनले उपलब्ध गराउँथे । चर्को व्याज असुल्ने तथा ऋणको घरखेत, वस्तुभाउ नै हडपेर शोषण गर्थे । तर अहिलेको विकसित समाजमा बैङ्क तथा वित्तीय संस्थाहरूले ऋण उपलब्ध उपलब्ध गराउँछन् । यस्ता संस्थाहरू कानुनबमोजिम स्थापना भएका हुन्छन् । नाजायज फाइदा लिन खोजे कानुनको सहयोग लिन सक्छौँ । कर्जा वा ऋण भनेको निश्चित अवधिपछि अवधिपछि व्याजसहित साँवा पनि फिर्ता गर्ने सर्तमा लिएको पैसा हो । आफ्नै रकम प्रयोग गर्न पहिले बचत गरेर मात्र सकिन्छ भने ऋणले दायित्व सिर्जना गर्छ र बिस्तारै तिर्दै जान सकिन्छ । यस्तै कर्जा व्यापार व्यवसाय गर्न, घरायसी टिकाउ वस्तु किन्न आपत्विपत्मा खर्च खर्च गर्न, सामाजिक कार्य गर्न, छोराछोरी पढाउन पनि लिन सकिन्छ । कर्जा लिँदा केही कुरामा हामीले ध्यान दिनुपर्छ । तिर्न सक्ने क्षमता भन्दा बढी कर्जा लिनु हुँदैन । औपचारिक संस्थाहरूबाट कर्जा लिनुपर्छ । कर्जाको साँवा व्याज किस्ता रकमबारे पहिले नै जानकार हुनुपर्छ । उपभोगका लागि नभएर आम्दानी गर्नको लागि ऋण लिनुपर्छ । ऋण लिनुपूर्व परिवारका सदस्यहरूसँग सरसल्लाह गर्ने, यदि नतिरेमा तपाइँले राखेको धितोबाट असुल उपर उपर गर्ने हुनाले ऋण लिन पूर्व सोच्नुपर्छ र तपाइँको आम्दानीअनुसार किस्ता तिर्न पुग्ने गरी गरी किस्ता रकम निर्धारण गर्नुपर्छ । बैङ्कबाट लिएको ऋण समयमा तिर्न नसकेको तपाइँको तपाइँको प्रतिष्ठामा प्रभाव पर्ने हुनाले ख्याल गर्नुपर्छ ।

४. **विदेशी विनिमय** : विदेशी विनिमयले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात विदेशी धितोपत्र र विदेशी मुद्रामा हुने वा हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेको मौद्रिक उपकरणलाई जनाउँछ । नेपाल बाहेक अरू देशको मुद्रालाई विदेशी मुद्रा भनिन्छ । यसलाई विदेशी विनिमय पनि भनिन्छ । हरेक देशका लागि मुद्रा महत्त्वपूर्ण हुन्छ । विदेशी मुद्रा धेरै सञ्चित भयो भने त्यसले देशलाई फाइदा हुन्छ । यसले देशको अर्थतन्त्रलाई बलियो बनाउँछ । हामीले अरू देशबाट वस्तु तथा सेवा आयात गर्दा विदेशी मुद्रामा भुक्तानी गर्नुपर्छ । यदि विदेशी मुद्राको अभाव भयो भने भुक्तानी गर्न कठिनाइ हुन्छ । यसो भएमा मुलुकको अर्थ तन्त्रमा सङ्कट उत्पन्न हुन्छ ।

हामीले विदेशी मुद्रा विभिन्न स्रोतबाट पाउँछौँ । स्वदेशी वस्तु तथा सेवाको निर्यात, पर्यटकको आगमन, विदेशी सरकार र सङ्घसंस्थाले सहयोग गर्दा र नेपाली कामदारले विदेश गएर काम गरेबापत हामीले विदेशी मुद्रा आर्जन गर्न सक्छौँ । अहिले विदेशी मुद्राको मुख्य स्रोत भनेको वैदेशिक रोजगार हो । निर्यातबाट हामीले कम मुद्रा आर्जन गर्छौँ ।

नेपालमा भित्रिएको विदेशी मुद्राको वित्तीयको जिम्मा र सोको व्यवस्थापन नेपाल राष्ट्र बैङ्कले गर्छ । विदेशी मुद्रा राज्यको सम्पत्ति हो । यसको दुरुपयोग गर्नु हुँदैन । विदेशी मुद्राको खर्च सरकारले तोकेबमोजिम गर्नुपर्छ । यसो नगरे कानुनअनुसार कारबाही हुन्छ । नेपाली मुद्राको अन्य मुद्रासँग साँट्ने दरलाई विनिमय दर भनिन्छ । भारतीय रुपियाँसँग नेपाली मुद्राको विनिमय दर स्थिर छ । अरू देशको विनिमय दरलाई स्वतन्त्र छोडिएको हुनाले तलमाथि भई रहन्छ । हामीले बढी वस्तु तथा सेवाको आयात गर्छौं त्यसैले विदेशी मुद्राको माग बढी छ । त्यसैले नेपाली मुद्रा कमजोर भएर अरू देशको मुद्रा प्राप्त गर्न धेरै नेपाली मुद्रा खर्च गर्नुपर्छ । राष्ट्र बैङ्कको स्वीकृती नलिई विदेशी मुद्राको कारोबार गर्न पाइँदैन । वाणिज्य बैङ्क, वित्तीय संस्था, मनी चेन्जर कम्पनी, होटल, ट्राभल्स/ट्रेकिङ, टुर एजेन्सीले विदेशी मुद्राको कारोबार गर्न स्वीकृती लिएका छन् । यस्ता स्वीकृत संस्थाबाट कारोबार गर्नुपर्छ । कारोबार गरेपछि रसिद लिन भुल्नु हुँदैन ।

५. **सेयर** : सामान्य अर्थमा सरकार वा कुनै कम्पनीले आफूलाई चाहिने रकम सङ्कलन गर्न जारी गरेको वित्तीय औजारलाई धितोपत्र भनिन्छ । यसअन्तर्गत सरकारी ऋणपत्र, डिबेन्चर, सेयर, बन्ड आदि पर्छन् । सेयर भनेको कुल पुँजीलाई सानो सानो अंशमा विभाजन गरेर सर्व साधारणलाई जारी गरिने अंश हो । जुन सामान्यतया रू. १०० को अङ्कित मूल्य कायम गर्ने

गर्ने चलन छ । सेयर खरिद गर्ने मानिसलाई रकमको भुक्तानीको प्रत्याभूमि बापत दिइने निस्सा वा कागजलाई सेयर प्रमाणपत्र भनिन्छ । सेयर खरिद कर्ता उक्त कम्पनीका मालिक हुन् । सेयरको अवधि कम्पनीको आयु जस्तै अविच्छिन्न हुन्छ । तर लगानी कर्तालाई बिचैमा रकम चाहिएमा सेयर बजारमार्फत बेचेर रकम प्राप्त गर्न सकिन्छ ।

सङ्गठित संस्थाले आफ्नै व्यवसाय विस्तार गर्न, वस्तु उत्पादन गर्न, अचल सम्पत्ति खरिद गर्न, अनुसन्धान विकास विज्ञापनका लागि चाहिने पुँजी सङ्कलन गर्न सेयर लगायतका धितोपत्र निष्कासन गर्छन् । यसबाट लगानी कर्ताले लगानीको अवसर पाउँछन् । धितोपत्रको माध्यमबाट छरिएर रहेको बचत उद्योग धन्दामा वा अन्य काममा परिचालन गर्न सकिन्छ ।

खास गरी कम्पनीको सेयर अग्राधिकार र साधारण गरी दुई प्रकारका हुन्छन् । अग्राधिकार सेयरमा लाभांश पाउने दर निश्चित गरिएको हुन्छ । यस्ता सेयरलाई तोकिएको लाभांश वितरण गरेर बाँकी रकम सम्बन्धित कम्पनीको विकास र विस्तारका लागि सञ्चय गरिन्छ । साधारण सेयर धनीले अग्राधिकार सेयर धनीले लाभांश पाए मात्र पाउँछन् । यस्ता सेयर धनीलाई सञ्चालन समितिमा चयन गर्न मतदान गर्न उम्मेदवार हुने अधिकार हुन्छ । कम्पनी खारेज भएमा ऋणपत्र धनी र अग्राधिकार सेयर धनीलाई भुक्तानी गरेरपछि मात्र साधारण सेयर धनीले पाउँछन् । साधारण सेयरमा जोखिम बढी हुन्छ । सेयर प्रमाणपत्र धितो राखेर वा सेयर बजारमा सेयर बेचेर नगदको गर्जो टार्न सकिन्छ । सेयरमा लगानी गर्दा कम्पनीका संस्थापकहरूको स्थिति, कम्पनीको वित्तीय अवस्था, व्यवस्थापन समूह जस्ता कुराहरूलाई ध्यान दिनुपर्छ ।

**सेयरका लागि निवेदन दिँदा निम्नलिखित कुराहरू ख्याल राख्नुपर्छ :**

- एक व्यक्तिले एकभन्दा बढी दरखास्त नदिने
- दरखास्तवाला प्रमाणित गरेको नागरिकताको प्रमाणपत्र
- नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र
- पारिवारिक विवरण
- अर्धकट्टी सुरक्षित राख्ने
- बैङ्क खाता, डिम्याट खाता/बैङ्क वित्तीय संस्थाको खाता नम्बर, हालसालै खिचेको फोटो

*वित्तीय साक्षरतासम्बन्धी जानकारीका लागि नेपाल राष्ट्र बैंक wwww.nrb.org.np मा विद्यार्थीसँग राष्ट्र बैंक र वित्तीय सक्षरता नामक पुस्तिका अध्ययन गर्न सकिने छ ।*

### क्रियाकलाप

१. सफा नोटबारे मान्छेहरूमा सचेतना कम पाइन्छ । सफा नोटसम्बन्धी चेतना जगाउने कार्यक्रमको ढाँचा तयार पार्नुहोस् ।

२. आजको विनियमय दरको सूचना सङ्कलन गरेर विद्यालयको सूचना पेटीमा टाँस्नुहोस् ।

## अभ्यास

१. विप्रेषण भनेको के हो ?

२. सेयरका प्रकार के के हुन् ?

३. सफा नोट नभए आउने एउटा समस्या लेख्होस् ।

४. धितोपत्र र बैङ्क ऋणमा के भिन्नता छ ?

५. सेयरका चारओटा फाइदा लेख्नुहोस् ।

६. विप्रेषण प्राप्त गर्ने स्रोत लेख्नुहोस् ।

७. हुन्डी किन गैरकानुनी मानिन्छ ?

८. विदेशी विनिमयबारे विवरण दिनुहोस् ।

९. सेयरका लागि आवेदन दिन के सामग्री चाहिन्छ ?

१०. बैङ्क ऋणका फाइदा र बेफाइदा लेख्नुहोस् ।

११. सेयरका प्रकार र यसको महत्त्व चर्चा गर्नुहोस् ।

१२. विप्रेषणको सही प्रयोग गर्न योजना बनाउनुहोस् ।

### सामुदायिक कार्य

नजिकको बैङ्क वा वित्तीय संस्थाको अवलोकन गरेर त्यहाँ हुने गतिविधिको आधारमा प्रतिवेदन लेख्नुहोस् ।

पाठ ७

# सहकारी

सामान्यतया सहकार्य भनेको मिलेर गरिने कामलाई जनाउँछ । एकका लागि सबै र सबैका लागि एक भन्ने भावनाबाट प्रेरित भई व्यक्ति, समाज र राष्ट्रको हितका लागि गरिने, आर्थिक हित र सामाजिक समुन्नतिको प्रयास नै सहकारी हो ।

हेनरी काल्भर्टले "सहकारी सङ्गठनको त्यो रूप हो जसमा व्यक्तिहरू स्वेच्छाले आफ्नै हितको कुराको सुधारका लागि मिलीजुली काम गर्छन्" भनेको छन् ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले यसरी परिभाषित गरेको छ । सीमित साधन भएका व्यक्तिहरू प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यावसायिक सङ्गठनको माध्यम द्वारा आवश्यक पुँजी लगाएर व्यवसायको लाभ तथा जोखिमको उचित हिस्सा स्वीकार गरेर साझा आर्थिक साध्य प्राप्त गर्न भेला हुन्छन् । त्यसैले समान, इच्छा, आकाङ्क्षा र अवस्था भएका व्यक्तिहरूबाट आपसी आर्थिक तथा सामाजिक उत्थानका लागि गरिएको ऐक्यबद्ध प्रयास नै सहकारी हो ।

प्राचीनकाल देखि नै नेपालमा गुठी, धर्म भकारी मङ्काखलः, पर्भ आदि नामबाट सहयकार्यको सुरुवात भएको पाइन्छ । वि. सं. २०१० मा योजना, विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना भएको थियो । वि. सं. २०१३ मा तत्कालीन सरकारको आदेशमा चितवन जिल्लामा बखान ऋण संस्था स्थापना भएको थियो । राप्तीदुन विकास परियोजनाअन्तर्गत तत्कालीन अवस्थामा बाढी पीडित कृषकलाई पुनर्वास गराउन र ऋणको व्यवस्था गरेर राहत उपलब्ध गराउने उद्देश्यले चितवनमा सहकारी स्थापना गरिएको थियो । त्यसैबाट शिक्षा लिएर सरकारले देशभरि सहकारी खोल्ने निर्णय गर्‍यो । वि. सं. २०१६ मा सहकारी संस्था ऐन जारी गरियो । वि. सं. २०१८ मा सहकारी नियम र वि. सं. २०२० मा सहकारी बैङ्कको स्थापना भयो । तर व्यवस्थित रूपमा अघि बढ्न सकेन । वि. सं. २०४८ मा सहकारी ऐन जारी गरियो । वि. सं. २०४८ पश्चात् सहकारी संस्था खोल्ने लहर नै आयो । वि. सं. २०१० देखि अपनाएको सहकारी अवधारणा अहिले ३३ ओटा डिभिजन कार्यालय र ६९ ओटा जिल्लामा काम गरिरहेको छ । देशभरि करिब ३३ हजार प्रारम्भिक सहकारी, तीन सय जति सहकारी सङ्घ र २० ओटा विषयगत सङ्घ र सहकारी गरी जम्मा २९,००० जति सहकारी दर्ता भएका छन् । यसै गरी करिब ६० हजार भन्दा बढीले सहकारीमा रोजगारी पाएका छन् ।

## सहकारीका सिद्धान्त

सहकारी स्वतन्त्रदायी, प्रजातान्त्रिक, समानता न्याय र ऐक्यबद्धता तथा स्वावलम्बनमा आधारित हुन्छन् । सहकारीका संस्थापकहरू इमानदारी, खुलापन, सामाजिक दायित्व, अरुको चासो राख्ने नैतिक मूल्यमा विश्वास गर्छन् । यसका मूल्य र मान्यतालाई कार्यरूपमा उतार्न निम्नलिखित सिद्धान्तको आधारमा सहकारी स्थापना भएका हुन्छन् :

१. **स्वैच्छिक तथा खुला सदस्य** : स्वैच्छिक सङ्गठन हुनाले सदस्यता स्वैच्छिक हुन्छ । संस्थाको सेवा उपभोग गर्न र जिम्मेवारी वहन गर्न विना भेदभाव सबै व्यक्तिले पाउँछन् । यसको सदस्यता खुला हुन्छ ।

२. **सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण** : सदस्यहरूबाटै प्रजातान्त्रिक पद्वतीद्वारा कार्य समिति र उपसमिति निर्माण हुन्छन् ।

३. **सदस्यहरूको आर्थिक सहभागिता** : सहकारी संस्थाको चलअचल सम्पत्ति कोषकै सदस्यहरूको योगदानबाट बनेको हुन्छ । सहकारी सदस्यहरूको आधारमा सदस्यको आर्थिक सहभागिता हुन्छ ।

४. **स्वायत्तता र स्वतन्त्रता** : सहकारीले आफूलाई आवश्यक पर्ने नीतिहरू आफैँले तयार पार्न सक्छन् । त्यस्तो नियम ऐनसँग बाझिनु भने हुँदैन ।

५. **शिक्षा र तालिम** : आफ्नै मातहतका सञ्चालक, समिति, उपसमिति, कर्मचारी तथा सदस्यहरूलाई शिक्षा र तालिम दिनुपर्छ । अवलोकन भ्रमण गराएर पनि शिक्षा प्रदान गर्न सकिन्छ ।

६. **सहकारीबिच पारस्परिक सहयोग** : व्यक्ति-व्यक्ति मिलेर सहकारी गठन हुन्छ । प्रारम्भिक सहकारी मिलेर जिल्लामा जिल्ला सहकारी सङ्घ र केन्द्रमा महासङ्घ गठन हुन्छ । सहकारीहरूबिच पारस्पारिक सहयोगबाट सहकारीका कार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्छ ।

७. **समुदायप्रति चासो** : साधारण सभाद्वारा वार्षिक कार्यक्रमको योजना पास गरिन्छ । समुदायको हित हुने गरेर सहकारीले काम गर्नुपर्छ ।

**सहकारी संस्था खोल्न आवश्यक प्रावधान**

- युवाहरूको हकमा १५ जना र महानगर उपमहानगरमा १०० जना नेपाली नागरिकको सहभागिता हुनुपर्ने
- सहकारी दर्ताको आवेदन
- सहकारी संस्थाको प्रस्तावित विनियम
- सेयर सङ्ख्या र सेयर रकमको विवरण
- सदस्यहरूको नागरिकता, फोटो र हस्ताक्षर

**सहकारीका स्वरूप**

सहकारी संस्थाका विभिन्न स्वरूपहरू हुन्छन् । यसअन्तर्गत उपभोक्ता सहकारी संस्था, बचत तथा ऋण सहकारी संस्था, उत्पादक सहकारी संस्था, बजार सहकारी संस्था, कृषि सहकारी संस्था, आवास सहकारी संस्था, औद्योगिक सहकारी संस्था तथा बहुउद्देश्यीय सहकारी संस्थाहरू पाइन्छन् ।

**सहकारी संस्थाको महत्त्व**

- सहकारीले उत्पादन र रोजगारी सिर्जना गर्छ ।
- समाजमा छरिएर रहेको पुँजी सङ्कलन गरेर वृहत लगानीमा मद्दत गर्छ ।
- सिप र क्षमताको विकास गरेर आर्थिक उपार्जनमा सघाउँछ ।
- कुल ग्रार्हस्थ उत्पादनमा योगदान पुऱ्याउँछ ।
- बचत गर्ने बानीको विकास हुन्छ ।
- आर्थिक विकासका लागि समन्वय र सहकार्यको संस्कृतिको विकास हुन्छ ।
- आर्थिक विकासमा सहयोग पुग्छ ।
- ग्रामीण क्षेत्रको वासिन्दालाई ऋण तथा बजार सुविधा प्राप्त हुन्छ ।
- स्थानीय करणलाई प्रवर्धन गर्छ ।

**सहकारीको आवश्यकता**

- साना तथा मझौला उद्योगहरूलाई पुँजी उपलब्ध गराउन
- कृषकलाई मितव्ययी बनाउन
- ग्रामीण समुदायलाई उत्पादनमुलक गतिविधिमा संलग्न गराउन
- स्थानीय क्षेत्रमा लगानी गर्ने वातावरण बनाउन
- आवश्यकता पहिचान गर्न
- गरिबी निवारण तथा रोजगारीका अवसरहरू उपलब्ध गराउन

**सहकारीका समस्या**

- सहकारीहरूको उत्पादनमूलक क्षेत्रमा कम सहभागी र वित्तीय क्षेत्रमा बढी सहभागिता
- परिवार केन्द्रित गतिविधि
- बैङ्किङ कारोबार गर्ने सहकारी र बैङ्कबिच स्पष्ट कानुनको अभाव
- बैङ्किङ कारोबारले तरलता अभावको चुनौती
- सर्वसाधारणमाथि ठगी
- कमजोर अनुगमन
- पारदर्शिताको अभाव
- सहकारी ऐन नियम समय सापेक्ष परिवर्तन नहुनु
- आम जनतामा सहकारीको उपयोग महत्त्वबारे ज्ञान कम हुनु
- वित्तीय जवाफदेहीको अभाव

**सहकारी क्षेत्रलाई प्रभावकारी बनाउने उपाय**

- विपन्न र पिछडिएका वर्गहरूलाई सहकारीसम्बन्धी चेतना जगाउने
- सहकारीले सरकार र निजी क्षेत्रबिचको पुलको काम गर्नुपर्ने
- स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित सहकारी उद्योगको स्थापनामा जोड

- सहकारीका गतिविधिको अनुगमन र मूल्याङ्कन संयन्त्रको विकास
- ऐन नियममा समय सापेक्ष परिमार्जन
- वित्तीय कारोबार गर्ने सहकारीले प्रभावकारी अनुगमन गर्नुपर्ने
- कार्य क्षेत्रभन्दा बाहिरको लगानीमा दुरुत्साहन गर्ने

**क्रियाकलाप**

१. तपाईंको स्थानीय स्तरमा सञ्चालित सहकारीले गर्ने गतिविधिबारे कक्षामा छलफल गर्नुहोस् ।

२. सहकारी स्थापनाका प्रक्रियाबारे वकिललाई कक्षामा आमन्त्रण गरेर छलफल गर्नुहोस् ।

## अभ्यास

१. सहकारीका सिद्धान्तको चर्चा गर्नुहोस् ।

२. सहकारी स्थापनाका लागि आवश्यक सामग्रीको सूची बनाउनुहोस् ।

३. नेपालको सन्दर्भमा सहकारीको महत्त्व लेख्नुहोस् ।

४. सहकारीको विकासक्रमको चर्चा गर्नुहोस् ।

५. सहकारीले स्थानीय उत्पादन प्रवर्धन गर्न के भूमिका खेलेका छन् ?

६. सहकारीका प्रकारहरू लेखी तपाईंको छिमेकमा सञ्चालित सहकारीको विशेषता लेख्नुहोस् ।

७. सहकारीबाट फाइदा प्राप्त गरेको कुनै एउटा मानिसको कथा तयार पार्नुहोस् ।

८. सहकारीको समस्या र सामाधानका उपायबारे कुनै राष्ट्रिय पत्रिकालाई लेख तयार पार्नुहोस् ।

९. सहकारीलाई व्यवस्थित गर्न राज्य, सहकारी विभाग र समुदायको भूमिका लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको स्थानीय स्तरमा सञ्चालित सहकारीले गरेका काम, वर्तमान अवस्था र समस्याबारे खोजेरप्रतिवेदन लेख्नुहोस् ।

पाठ ८

# बिमा

बिमा जोखिम व्यवस्थापनको एक महत्त्वपूर्ण औजार हो । बिमीतले आफ्नै जीवन, सम्पत्ति वा दायित्मा पर्न सक्ने जोखिमको आर्थिक भार विमकलाई हस्तान्तरण गर्ने प्रक्रिया नै बिमा हो । त्यसैले हाम्रो जीवनमा विभिन्न प्रकारका जोखिम आउन सक्छन् । त्यसैले अनिश्चित जोखिम हस्तान्तरण गरेर क्षतिपूर्ति प्राप्त गर्ने उपयुक्त माध्यम भनेको बिमा हो । बिमामा दुई पक्ष सम्झौता भएको हुन्छ । बिमा गर्ने व्यक्ति (विमित) र बिमा गरिदिने व्यक्ति विमक हुन्छ । यी दुई पक्षबिचको सम्झौताको आधारमा बिमा कम्पनीले नोक्सानी बराबरको क्षतिपूर्ति दिन्छ । बिमा शब्द चाहिँ फारसी भाषाबाट आएको हो जसको अर्थ जिम्मेवारी लिनु हुन्छ । बिमा सरकारी ऐनअनुसार स्थापना भएर नियामक कम्पनीको रेखदेखमा सञ्चालन हुन्छ । त्यसैले यी कम्पनीहरू आधाकारिक, भर पर्दा र विश्वासिला हुन्छन् । बिमाका विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- क्षतिको सङ्ग्रह
- आकस्मिक क्षतिको भुक्तानी
- जोखिम हस्तान्तरण
- घाटाको परिपूर्ति

## नेपालमा बिमाको इतिहास

वि. सं. २००४ असोज ८ गते नेपाल माल चलानी तथा वित्त कम्पनी लिमिटेड स्थापना भएपछि बिमाको प्रचलन सुरु भएको हो । बिमा प्रणालीलाई व्यवस्थित गर्ने उद्देश्यले वि. सं. २०२५ पुस १ गते राष्ट्रिय बिमा संस्थान स्थापना भयो । यसले जीवन र निर्जीवन दुवै प्रकारको बिमा गर्छ । बिमा ऐन २०५९ अनुसार बिमा समितिको स्थापना भयो । बिमा समितिले बिमा व्यवसायले व्यवस्थित, नियन्त्रण र विकास गर्न सहयोग पुऱ्याउँछ । हाल नेपालमा २५ बिमा कम्पनी कार्यरत छन् । ती मध्ये १६ ओटा निर्जीवन र नौओटा जीवन बिमासँग सम्बन्धित छन् ।

राष्ट्रिय बिमा संस्थान राज्यद्वारा स्थापना गरिएको बिमा कम्पनी हो । यसले नेपालमा बिमाको विकास, विस्तार र प्रवर्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेका छ । यसले जीवन बिमाको ५०% र

निर्जीवन बिमाको २५% हिस्सा ओगटेको छ । बिमासम्बन्धी सेवा सुविधा उपलब्ध गराउन सम्पर्क कार्यालय र शाखा कार्यालयहरू देशको विभिन्न भागमा स्थापना गरिएको छ ।

## बिमाका प्रकार

### जीवन बिमा

मानिसको जीवनसँग सम्बन्धित जोखिम विरुद्ध गरिने बिमालाई जीवन बिमा भनिन्छ । जीवन बिमाले विपत्ति परेको बेला आर्थिक रूपले सुरक्षा प्रदान गर्छ । त्यसैले व्यक्ति वा निजको परिवारको आर्थिक सुरक्षाका लागि गरिन्छ । बिमा निश्चित अवधिका लागि गरिन्छ । तोकिएको अवधि पूरा भएपछि बिमालेखमा तोकिएको रकम र बोनस बापतको अतिरिक्त रकम प्राप्त हुन्छ । त्यसैले जीवन बिमा अनिवार्य बचत एवम् आश्रितको भलाईको व्यवस्था हुने उपाय पनि हो ।

### जीवन बिमालाई निम्नलिखित प्रकारमा विभाजन गर्न सकिन्छ :

१. **आजीवन बिमा**

बिमा निश्चित अवधिका लागि गरिन्छ । आजीवन बिमा गर्दा विमितले निर्धारित अवधिसम्म बिमा शुल्क भुक्तानी गर्दै जान्छ । यदि विमितको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले एकमुष्ट रकम प्राप्त गर्छ । यस्तो योजनामा बिमा अवधि सकिएपछि विमितले शुल्क तिर्नुपर्दैन । मृत्यु नभएसम्म रकम पनि फिर्ता पाउँदैन । बिमा अवधि अगावै विमितको मृत्यु भए इच्चाएको व्यक्तिले एकमुष्ट रकम पाउँछ । यस्तो योजनामा बिमा शुल्क सस्तो पर्छ ।

२. **सावधिक जीवन बिमा**

निश्चित अवधिसम्ममा तोकेर गरिने बिमालाई सावधिक जीवन बिमा भनिन्छ । यस्तो बिमामा विमित आफैँले एकमुष्ट रकम बिमा अवधि सकिएपछि प्राप्त गर्छ । तर त्यहीँ अवधिभित्र मृत्यु भएमा इच्छाएको व्यक्तिले एकमुष्ट रकम पाउँछ । यो योजनाअनुसार विमितले तोकिएको अवधिसम्म बिमा शुल्क बुझाउनुपर्छ ।

३. **म्यादी जीवन बिमा**

सीमित अवधिका लागि गरिने बिमालाई म्यादी जीवन बिमा भनिन्छ । यस्तो विमितले बिमा अवधिसम्ममा बिमा शुल्क भुक्तानी गर्छ । बिमा अवधिभित्र विमितको मृत्यु भएमा बिमाङ्क र बोनस प्राप्त गर्छ । तर बिमा अवधिभित्र मृत्यु नभए रकम फिर्ता हुँदैन । नेपालमा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि यस्तो बिमा गरेको पाइन्छ ।

### निर्जीवन बिमा

यस्तो बिमा सम्पत्तिको हानि, नोक्सानी र दायित्वको जोखिमबाट मुक्त हुनका लागि गरिने करार हो । यसमा विमित कम्पनी वा व्यक्तिले बिमा गरिसकेपछि हानि नोक्सानी र जोखिमबाट मुक्ति पाउँछ । तर बिमा अवधि भित्र हानि नोक्सानी नभएमा कम्पनीले कुनै रकम तिर्नुपर्दैन । खास गरेर घर, गाडी, कलकारखाना हानी नोक्सानी भएमा सोको क्षति पूर्तिका लागि यस्तो बिमा गरिन्छ । यसअन्तर्गत दुर्घटना, औषधी उपचार खर्च, तेस्रो पक्षको, चोरी, भूकम्प आदिबाट हुने नोक्सानीको क्षतिपूर्ति र राहत पाउन गरिन्छ ।

### कृषि बिमा तथा पशु बिमा

नेपाल कृषि प्रधान देश हो । कृषि व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउनका लागि बिमा आवश्यक छ । नेपालमा बिमा समितिको २०६९ सालबाट कृषि बिमा सुरु गरेको हो । कृषि क्षेत्रको प्रिमीयरको ७५% सरकाले अनुदान दिने र २५% किसान आफैँले हाल्नुपर्छ । यदि कृषि बालीहरू बाढी, पहिरो, असिना आदिले नष्ट गरेको खण्डमा बिमा कम्पनीले क्षतिपूर्ति बापतको रकम उपलब्ध गराउँछ । यस्तो बालीको बिमा उत्पादन लागत र समानुपातिक उत्पादनको आधारमा बिमा गरिन्छ । बालीको हकमा ९०% र पशुको हकमा पूर्ण क्षति भए ९०% र अर्घक्षति भए ५०% बिमा पाइन्छ । पशु बिमाको अवधि एक वर्षभन्दा बढी र कृषि बिमाको अवधि भने १० वर्ष हुन्छ ।

| जीवन बिमा | निर्जीवन बिमा |
|---|---|
| १. मानिसको जीवनको बिमा गरिन्छ । | सम्पत्तिको बिमा गरिन्छ । |
| २. विमितको मृत्युबापतको जोखिमका लागि बिमा गरिन्छ । | सम्पत्तिमा हुने हानी, नोक्सानी बापतको जोखिम विरुद्ध बिमा गरिन्छ । |
| ३. निश्चित अवधि पूरा गरेपछि वा विमितको मृत्यु भएपछि मात्र अवधि पूरा हुन्छ । | यस्तो बिमा छोटो अवधिको गरिन्छ । अवधि पूरा भए पछि पुनर्बिमा गर्नुपर्छ । |
| ४. बिमा रकम बढी हुन्छ । | बिमा रकम कम हुन्छ । |

**बिमा गर्नुभन्दा अघि ध्यान दिनुपर्ने कुरा**

१. उपयुक्त बिमा पोलिसी छनोट गर्ने

२. बिमा गर्नुका उद्देश्य स्पष्ट हुने

३. लाभ प्राप्त गर्ने बारे स्पष्ट उल्लेख गर्ने

४. वास्तविक सूचना प्रदान गर्ने

५. बिमा कम्पनीबाट मात्र बिमा गर्ने

६. रकम तिरेको रसिद लिने

७. बिमाको बारेमा परिवारलाई जानकारी दिने

८. प्रिमियरको किस्ता तिर्ने मिति थाहा पाउने

९. बिमासम्बन्धी रसिद र कागजात सुरक्षित राख्ने

**बचत र यसबाट हुने फाइदा**

- अनिर्वाय बचत हुने
- हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति
- सुरक्षित भविष्य
- बोनस पाइने
- बिमा अवधिपछि एकमुष्ट रकम पाइने
- बिमाङ्कबाट अरू काम गर्न सकिने
- चाहिएमा ऋण पनि लिन सकिने

*क्रियाकलाप*

१. तपाईंको परिवारको सदस्यले बिमा गर्नुभएको होला ? प्रिमियमबापत कति रकम तिर्नुपर्छ ? बिमाको रकम कति हो ? कति अवधिका लागि बिमा गरिएको हो ? बिमा कम्पनीले के सुविधा उपलब्ध गराउँछ। कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको उमेर बिमा गर्न उपयुक्त छ ? कक्षामा छलफल गर्नुहोस्।

३. यदि कसैले बिमासम्बन्धी जानकारी लिन खोजेमा के जानकारी दिनुहुन्छ ? कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. बिमा भनेको के हो ?

२. जीवन बिमा भनेको के हो ?

३. निर्जीवन बिमा भनेको के हो ?

४. बिमाका फाइदा लेख्नुहोस् ।

५. बिमा गर्दा के कुरामा ध्यान दिनुपर्ला ?

६. निर्जीवन बिमा किन अवश्यक छ ? नेपालको सन्दर्भमा महत्त्व लेख्नुहोस् ।

७. जीवन र निर्जीवन बिमाबिच तुलना गर्नुहोस् ।

पाठ ९

# राजस्व र कर

राज्यले आम्दानी प्राप्त गर्ने विभिन्न स्रोत हुन्छन् । यसरी राज्यले प्राप्त गर्ने आम्दानीलाई राजस्व भनिन्छ । राजस्व र कर राजस्व र गैरकर राजस्वबाट प्राप्त गर्छ । कर राजस्वअन्तर्गत प्रत्यक्ष, अप्रत्यक्ष कर पर्छन् । यसरी राज्यले आन्तरिक स्रोतबाट कानुनबमोजिम प्राप्त गरेको आम्दानीलाई राजस्व भनिन्छ । कर राजस्वअन्तर्गत पैठारी महसुल, अन्तःशुल्क फिर्ता, निकासी महसुल, निकासी सेवा शुल्क, भन्सार जस्तै वैदेशिक व्यापारमा आधारित वस्तुगत कर, वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत कर, आय कर, घर जग्गा वा सम्पत्तिमा लाग्ने कर पर्छन् । गैरकर राजस्वअन्तर्गत दस्तुर, शुल्क, दण्ड, जरिवाना, जफत, सरकारी सम्पत्ति सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय, लाभांश, ब्याज, रोयल्टी दान, उपहार आदि पर्छन् ।

## कर राजस्व र यसका प्रकार

**कानुनबमोजिम सरकारले जनताबाट प्राप्त गर्ने नयाँ कानुनबमोजिम जनताले सरकारलाई अनिवार्य रूपमा बुझाउनुपर्ने राजस्वलाई नै कर भनिन्छ । यस्ता करहरूमा आयकर, अन्तःशुल्क, बिक्री कर, सम्पत्ति कर, व्याज कर आदि हुन् । कर राजस्व बुझाएबापत करदाताले प्रत्यक्ष रूपमा कुनै लाभ प्राप्त गर्दैन । कर तिर्नुपर्ने भार र प्रभावको आधारमा करलाई प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई भागमा विभाजन गर्न सकिन्छ :**

**१. प्रत्यक्ष कर**

**कर तिर्ने भार तथा करको प्रभाव एउटै व्यक्तिमा पर्छ भने त्यस्तो करलाई प्रत्यक्ष कर भनिन्छ । कुनै व्यक्ति वा संस्थाले आफ्नै सम्पत्ति, आय र नाफाअनुसार तिर्नुपर्ने करहरू जुन करको भार अरू माथि सार्न सकिँदैन । आय कर, परिणामिक कर, उद्योग पेसा व्यवसायसम्बन्धी कर, सम्पत्ति कर, घर जग्गा कर, व्याज कर, घर जग्गा रजिस्ट्रेसन कर, सवारी साधन कर यसअन्तर्गत पर्छन् । यो करको भार सार्न नसकिने, निश्चितता, लचकदार, उत्पादन मूलक तथा मुद्रास्फीति नियन्त्रण गर्न सघाउने विशेषता हुन्छन् । यस्तो कर समतामा आधारित हुने, मितव्ययी, निश्चितता, लचकदार र प्रगतिशील हुने जस्ता फाइदा र कर तिर्न असुविधा हुने, कर छल्ने सम्भावना, सीमित क्षेत्र जस्ता बेफाइदा हुन्छन् ।**

२. अप्रत्यक्ष कर

करको भार एक जनामा रकरको प्रभाव अर्को व्यक्तिमा वा पक्षमा पर्छ भने त्यस्तो करलाई अप्रत्यक्ष कर भनिन्छ । कुनै पनि वस्तु तथा सेवाको उत्पादन, बिक्री वितरणमा कानुनबमोजिम तिनुपर्ने कर, यस्तो कर एकपक्षले सरकारी कोषमा दाखिला गर्छ तर त्यसको प्रभाव उक्त वस्तु तथा सेवा उपभोग गर्ने व्यक्तिमा पर्छ भने त्यसलाई अप्रत्यक्ष कर भनिन्छ । अन्तःशुल्क, भन्सार महसुल, मूल्य अभिवृद्ध कर, सवारी साधन कर, होटल कर, हवाई उडान कर यस्ता करका उदाहरण हुन् । करको भार सार्न मिल्ने, वृहत क्षेत्र, कर छल्न कठिनाई, सुविधाजनक मुद्रास्फीति बढाउने र अनिश्चित अप्रत्यक्ष करका विशेषता हुन् ।

यस्तो कर तिर्न सहज, व्यापक क्षेत्र, छल्न नसकिने, लचकदार, समतामा आधारित हुने, हानिकारक उपभोगमा नियन्त्रण जस्ता फाइदा र अप्रगतिशील, अनिश्चित, अमितव्ययी, अनुत्पादक, उद्योगको विकासमा असहयोगी जस्ता बेफाइदा हुन्छन् ।

## नेपालमा विद्यमान कर प्रणाली (प्रमुख कर)

१. आयकर

व्यक्तिले आय आर्जन गरे बापत प्रत्यक्ष प्रतिफलको आशा नगरी प्रचलित कानुनबमोजिम राज्यलाई गर्नुपर्ने अनिवार्य योगदान नै आयकर हो । व्यवसाय, रोजगारी, लगानी जस्ता आर्थिक क्रियाकलापमा संलग्न भएर सो बापत प्राप्त सम्पूर्ण आयमा व्यवसाय, लगानी, रोजगारीमा खर्च गरी बाँकी खुद लाभ वा मुनाफामा यो कर लगाइन्छ । यो प्रत्यक्ष कर हो । यो नतिरेमा दण्डनीय हुन्छ । यसले आय र सम्पत्तिको पुनर्वितरण गरेर सामाजिक न्याय सिर्जना गर्छ । आयकर ऐन २०५८अनुसार व्यवसाय, रोजगारी, लगानी, नाफामा यो कर लगाइन्छ । तर नाफा नकमाउने उद्देश्यले स्थापना भएका सङ्घसंस्थाहरू, गैरव्यावसायिक खेलकुद संस्थाहरू, निर्वाचन आयोगमा दर्ता भएका दलहरूमा यो कर लाग्दैन । यस्तै स्थानीय निकायले विभिन्न आठ प्रकारका कर लगाउन सक्ने व्यवस्था पनि गरेको छ ।

२. मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर वस्तु तथा सेवाको बिक्रीमा लाग्ने अप्रत्यक्ष कर हो । वस्तु तथा सेवाको उत्पादन देखि पैठारी र उपभोगसम्म यो कर लाग्दछ । जर्मनीका बिल हेल्म साइसन्सले पत्ता लगाएको यो कर सन् १९५४ मा फ्रान्सले सुरु गरेको थियो । नेपालमा वि. सं. २०५४ देखि यो कर लागु गरिएको छ । यो कर लगाउनुको मुख्य उद्देश्य आर्थिक विकासका लागि राजस्व सङ्कलन वृद्धि, राजस्व परिचालन प्रभावकारी बनाउन, कर प्रणाली वैज्ञानिक र पारदर्शी बनाउनु तथा कर विजक वा बिल दिनुपर्छ । मूल्य अभिवृद्धि भनेको खरिद मूल्य र बिक्री मूल्यबिचको भिन्नता हो । त्यसैले सबै मानिसहरू करमा अनिवार्य दर्ता हुनुपर्छ । यसअन्तर्गत कर छुटको व्यवस्था पनि छ । हामीले पनि वस्तु तथा सेवाको खरिद गरेपछि सबै मानिस करमा अनिवार्य दर्ता हुनुपर्छ । यसअन्तर्गत कर छुटको व्यवस्था पनि छ । हामीले पनि वस्तु तथा सेवाको खरिद गरेपछि अनिवार्य बिल लिने बानी बसाल्नुपर्छ ।

३. अन्तःशुल्क

अन्तःशुल्क पनि अप्रत्यक्ष कर हो । यो स्वदेशमा उत्पादित तथा आयतित वस्तुमा लगाइन्छ । ऐतिहासिक रूपमा हेर्दा यो कर सामाजिक रूपमा र स्वास्थ्यका दृष्टिले हानि पुऱ्याउने वस्तुहरूमा लगाइन्छ । यसको उद्देश्य पनि त्यस्ता वस्तुको उपभोगमा कटौती होस् भन्ने नै हो । मदिरा, स्प्रिट, खुदो, बियर, चुरोटको अन्तःशुल्क लाग्ने व्यवस्था छ । विलासिताका वस्तुहरूको उत्पादन र उपभोगलाई व्यवस्थित गर्न र सामाजिक न्याय, शान्ति र अनुशासन कायम गर्न अन्तःशुल्क लगाइन्छ । नेपालमा निम्नलिखित वस्तुमा अन्तःशुल्क लाग्छ :

- मदिरा, वाइन, बियर र तयारी फलफूलको जुस
- चुरोट, बिँडी, जर्दा, खैनी, गुट्का, सिगार, नस आदि
- हपानिल थिनर ५७.०६ - ८०% अल्कोहल मुक्त पदार्थ
- चाउचाउ, पास्ता, म्याकोरोनी
- सिमेन्ट, टायल, मार्वल, पेन्ट्स, फलामे डन्डी र प्लास्टिक
- मासु, तयारी माछा, कुकुर बिरालाको खाना

- सवारी साधनहरू
- टी. भी. को पाटपुर्जा

**तर नेपालमा अन्तःशुल्कबाट न्यून कर सङ्कलन हुने, अन्तःशुल्कको दरमा परिवर्तन, प्रविधिको प्रयोग कम, दक्ष जनशक्तिको आभावले आशातीत सफलता प्राप्त गर्न सकिएको छैन । अन्तःशुल्क सरकारी राजस्वको परम्परागत स्रोतको रूपमा लिइन्छ । सुरुमा देशभित्र उत्पादित वस्तुमा मात्र यो कर उठाउने हुनाले अन्तःशुल्क भनिएको हो । नेपालमा सर्वप्रथम वि. सं. १९१० को मुलुकी ऐनबमोजिम बन्दोवस्त अडड्ढामार्फत मदिरा, अफिम, हाड, जडीबुटी, खानी आदिको ठेक्का पट्टाको माध्यमबाट कर उठाइन्थ्यो । यसरी विगतदेखि वर्तमान सम्म अन्तःशुल्क राजस्वको महत्त्वपूर्ण स्रोतको रूपमा रहेको छ ।**

### भन्सार र भन्सार महसुल

भन्सारसम्बन्धी कानुनअनुसार प्रशासकीय र भन्सार महसुलकर शुल्क एवम् दस्तुर सङ्कलन गर्ने सरकारी सेवा नै भन्सार हो । विदेशबाट आयातीत वस्तु तथा सेवा र विदेशमा निर्यात गरिने वस्तु तथा सेवामा भन्सार विन्दुमा कानुनबमोजिम लिइने करलाई भन्सार महसुल भनिन्छ । त्यसैले यस्ता भन्सार कार्यालयहरू सीमावर्ती क्षेत्रमा स्थापना गरिएको हुन्छ । नेपालमा उत्तरी सीमावर्ती क्षेत्रमा ९ ओटा, दक्षिणी सीमावर्ती क्षेत्रमा २० ओटा र हवाई स्थलतर्फ त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा गरी जम्मा ३० भन्सार कार्यालय छन् । केही सीमावर्ती क्षेत्रमा छोटी भन्सार पनि स्थापना गरिएको छ । यी कार्यालयले पनि निश्चित सीमाको आधारमा भन्सार सङ्कलन गर्छन् ।

***क्रियाकलाप***

१. स्थानीय निकायले सङ्कलन गर्ने करको बारे खोजी गर र प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको परिवारको सदस्यले तिरेको कर के कस्तो काममा खर्च हुन्छ ? राजनीतिज्ञसँग सोधेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. कर राजस्व र गैरकर राजस्वबिच भिन्नता खोजेर देखाउनुहोस् ।

## अभ्यास

१. राजस्व भन्नाले के बुझिन्छ ?

२. कर भनेको के हो ?

३. आय कर भन्नाले के बुझिन्छ ?

४. कर राजस्व र गैरकर राजस्वबिच भिन्नता देखाउनुहोस् ।

५. नेपालमा प्रचलित कर प्रणालीको चर्चा गर्नुहोस् ।

६. करका विशेषता र प्रकारका चर्चा गर्नुहोस् ।

७. प्रत्यक्ष करका फाइदा र बेफाइदा लेख्नुहोस् ।

८. अप्रत्यक्ष करको परिचय दिँदै फाइदा र बेफाइदा तालिकामा देखाउनुहोस् ।

९. आयकरका विशेषताहरू उल्लेख गर्नुहोस् ।

१०. तपाइँ यदि स्थानीय निकायको प्रमुख भएको भए कुन वस्तुहरूमा कर लगाउनुहुन्थ्यो र कुनमा लगाउनुहुन्थ्यो होला ? तालिकामा देखाउनुहोस् ।

११. "अन्तःशुल्क राजस्वको मुख्य स्रोत हो" यो भनाइलाई पुष्टि गर्नुहोस् ।

१२. भन्सार महसुल भनेको के हो ? यसको महत्त्व उल्लेख गर्नुहोस् ।

# हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

## १. परिचय

यस एकाइमा संयुक्त राष्ट्र सङ्घ र अङ्ग, यसका विशिष्टीकृत संस्थाहरूको परिचय र तिनका कार्य, संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका, संयुक्त राष्ट्र सङ्घका गतिविधिहरू, समसामयिक घटना र तिनको प्रभाव, विश्वव्यापीकरण र स्थानीयकरणको परिचय र यसको प्रभावसम्बन्धी विषयवस्तु समावेश गरिएको छ । यी विषयवस्तुसँग सम्बन्धित क्रियाकलापमा आधारित अभ्यास र उक्त अभ्याससँग सम्बन्धित पृष्ठपोषण यस एकाइमा समावेश गरिएको छ ।

## २. सिकाइ उपलब्धि

१. नेपालको परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्तसँग परिचित हुन

२. संयुक्त राष्टसङ्घ र यसका अङ्गका कार्य उल्लेख गर्न

३. संयुक्त राष्टसङ्घका विशिष्टीकृत संस्थाहरूसँग नेपालको सम्बन्ध र सहयोग खोजी गर्न

४. स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा र महत्त्व प्रस्तुत गर्न

५ सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको उपयोग गर्न र सुरक्षात्मक उपाय अवलम्बन गर्न

६. विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा पारेको प्रभाव खोजी गर्न

पाठ १

# नेपालको परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्त

नेपालको परराष्ट्र नीति परराष्ट्र नीतिलाई आन्तरिक वा राष्ट्रिय नीतिकै एक विस्तारित रूप मानिन्छ । परराष्ट्र नीतिको उद्देश्य भनेको कुनै पनि देशले अर्को देशसग कस्तो व्यवहार गर्ने भन्ने हो । राष्ट्रिय हितको संरक्षण, संवर्धन र प्रवर्धन गर्नुपरराष्ट्र नीतिको मूल सार हो । सक्रिय एवम् प्रभावकारी कूटनीतिद्वारा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्न छिमेकीलगायत सबै मित्रराष्ट्रबाट अधिकतम सद्भाव, समर्थन र सहयोग प्राप्त गर्न परराष्ट्र नीति आवश्यक हुन्छ । परराष्ट्र नीतिले मुलुकको स्वतन्त्र अस्तित्व, अन्तर्राष्ट्रिय छवि र वैदेशिक सम्बन्ध प्रवर्द्धन गर्न योगदान दिएको हुन्छ । संवेदनशील र महत्त्वपूर्ण विषय भएकाले यसको सञ्चालनका लागि उच्च कुटनीतिक दक्षता, मनोबल र व्यावहारिक कार्यकुशलता आवश्यक पर्छ । राष्ट्रिय हित तथा सुरक्षालाई केन्द्रबिन्दुमा राख्दै अन्तर्राष्ट्रिय जगतमा नेपालकोप्रतिष्ठा र राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने दिशामा परराष्ट्र नीति परीक्षित हुन्छ । गुण र दोषका आधारमा अन्र्तार्ष्ट्रिय मुद्दामा स्वतन्त्र धारणा बनाउने तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई न्यायपूर्ण निष्पक्ष उत्तर दायी र सहयोगात्मक बनाउने बनाउने दिशामा नेपालको परराष्ट्र नीति केन्द्रित छ । विश्वका अधिकांश मुलुकसँग नेपालको दौत्य सम्बन्ध कायम भएको छ । छिमेकी मित्रराष्ट्र, दक्षिण एसियाली मुलुक, प्रमुख शक्ति राष्ट्, विकास साझेदारलगायत सबै राष्ट्रहरूसँग नेपालको सम्बन्ध मैत्रीपूर्ण एवम् सहयोगात्मक रहँदै आएको छ । उच्चस्तरीय भ्रमण आदानप्रदान, द्विपक्षीय संयुक्त वा क्षेत्रीय सम्मेलन र अन्तरसरकारी तथा परामर्श संयन्त्रका माध्यमबाट आपसी मित्रतालाई सुदृढ गर्ने एवम् सहयोग र सरकारलाई संस्थागत संस्थागत गर्ने कार्य भएका छन । नेपाल अधिकांश अन्तर्राष्ट्रिय संस्थाको सदस्य रहेको छ र महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि सम्झा ताहरूको पक्ष राष्ट्र बनेको छ । अन्तर्राष्ट्रिय क्षेत्रीय तथा उपक्षेत्रीय मञ्चमा नेपालको प्रभावकारी उपस्थिति रहेको छ । विश्वशान्ति र सुरक्षा कायम गर्ने संयुक्त राष्ट्रसङ्घको प्रयासमा नेपालले विगत छ दशकदेखि निरन्तर सहयोग पुर्याउँदै आएको छ । नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता स्वाधीनता, स्वाधीनता, स्वाभिमान र नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षा आर्थिक समुन्नति र समृद्धिलाई राष्ट्रिय हितको आधारभूत विषयको रूपमा परिभाषित गरेको छ । संविधानले राष्ट्रिय हितको र क्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने मार्गदर्शन गरेको

छ । संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने र विगतमा भएका सन्धि हरूको पुनरवलोकन गर्दै समानता र पारस्पारीक हितको आधारमा सन्धि सम्झौता गर्न संविधानले नीतिगत मार्गदर्शन गरेको छ । पञ्चशीलका सिद्धान्त पञ्चशील एक कूटनीतिक नियमहरूको सङ्ग्रह हो । विभिन्न देशहरूको पारस्परिक सम्बन्ध यही नीतिद्वारा निर्देशित गरिएको हुन्छ । कुटनीतिक मामिलामा एक देशले अर्को देशसँग सम्बन्ध स्थापित स्थापित गर्दा यसै मान्यतालाई आधार मानिन्छ । पछिल्लो समय पञ्चशीलको सिद्धान्त विदेश नीतिको आम सिद्धान्तजस्तै बन्दै छ । नेपालले पनि छिमेकी तथा विश्व समुदायसँग कुटनीतिक सम्बन्ध स्थापित गर्दा पञ्चशीलकै सिद्धान्तलाई आधार बनाउँदै आएको छ । पञ्चशीलका सिद्धान्तका सिद्धान्तका आधारमा मात्र नेपालले विश्वका देशहरूसँग दौत्य सम्बन्ध र विभिन्न सन्धि सम्झौताहरू सम्झौताहरू गर्ने गर्छ । यसलाई आधार मानेर नै नेपालको परराष्ट्र नीति तय गरिएको छ । असंलग्न असंलग्न परराष्ट्र नीति पनि पञ्चशीलकै सिद्धान्तको एक अङ्ग हो, जसले विश्वका कुनै पनि शैन्य वा राजनीतिक गठबन्धनमा आफूलाई सामेल नगर्ने उद्घोष गर्छ । पञ्चशीलको सिद्धान्त परराष्ट्र नीतिमा पाँच नीतिहरूको सङ्ग्रह हो, जसले कुनै पनि देशको कुटनीतिक मामिला सञ्चालनमा मार्गनिर्देश गर्छ । पञ्चशीलको सिद्धान्तमा निम्नअनुसारका बुँदा पर्छन् :

१. पञ्चशीलको सिद्धान्तको पहिलो मान्यता हो हरेक देशको सार्वभौमसत्ताको सम्मान गर्छ ।
२. पञ्चशीलको सिद्धान्तले कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने कुरालाई स्वीकार गर्दैन
३. कुनै पनि एक देशले अर्को देशको अस्तित्वलाई स्वीकार गर्छ ।
४. अनाक्रमण पञ्चशीलको चौथो मान्यता हो ।
५. हरेक देशबिच समानताका आधारमा सम्बन्ध स्थापित गर्ने कुराको वकालत गर्छ ।

**पञ्चशीलका सिद्धान्तका महत्त्व**

१. पञ्चशीलका सिद्धान्तले सहअस्तित्वलाई स्विकार गर्ने हुँदा विश्व शान्ति स्थापना गर्न सहयोग गर्छ ।
२. देशहरूबिच निर्माण हुने शत्रुतापूर्ण सम्बन्धको अन्त्य गरी एक आपसमा सहयोग तथा सहकार्यको वातावरण निर्माण गर्छ ।

३. कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षप नगर्ने हुनाले सबै दशेको स्वाभिमान तथा सर्वभौम सत्ताको संरक्षण हुन्छ ।

४. प्रत्येक देशको भौगोलिक अखण्डताको संरक्षणमा सहयोग पुग्छ ।

५. विश्व भाइचाराको विकास गर्न सहयोग गर्छ ।

६. कुनै पनि देशको सार्वभौम अधिकारको प्रयोगमा सहजता निर्माण गर्छ ।

७. अन्तर्राष्ट्रिय सम्बन्ध तनाव रहित वातावरणमा सञ्चालन गर्न सहयोग पुग्छ ।

## अभ्यास

१. परराष्ट्र नीति भनेको के हो ?

२. NAM को पूरा रूप लेख्नुहोस् ।

३. नेपालले विश्वका कतिओटा देशसँग कुटनीतिक सम्बन्ध कायम गरेको छ ?

४. नेपालको परराष्ट्र नीतिको प्रमुख आधार के हो ?

५. पञ्चशीलका सिद्धान्त कसले विकास गरेको हुन् ?

६. नेपलाको परराष्ट्र नीतिको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

७ . नेपालको परराष्ट्र नीतिका प्रमुख आधार के के हुन् ?

८. पञ्चशीलका सिद्धान्त के के हुन् ? सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

९. पञ्चशीलका सिद्धान्त नेपालका लागि किन महत्वपूर्ण छन् ?

१०. नेपालले अन्तर्राष्ट्रिय सम्बन्धबाट के के फाइदा लिन सक्छ ?

पाठ २

# संयुक्त राष्ट्रसङ्घ र यसका अङ्ग

**संयुक्त राष्ट्रसङ्घ सबैभन्दा ठुलो अन्तर्राष्ट्रिय संस्था हो जुन २४ अक्टोबर १९४५ मा स्थापना भयो । युद्धको अन्त्य गरेर शान्ति स्थापना गर्न मध्यस्थ गर्ने उद्देश्यले राष्ट्रसँगको उत्तराधिकारीको रूपमा यो संस्थाको स्थापना भएको पाइन्छ । यो संस्था यसका सदस्य राष्ट्रहरूले दिने वित्तीय सहयोगबाट सञ्चालित छ । विश्वका १९३ ओटा राष्ट्रहरू भएको सदस्य राष्ट्र हुन् । संयुक्त राष्ट्रसङ्घको स्थापनाका मुख्य उद्देश्य यसप्रकार छन् :**

- मानव जीवनलाई युद्धको प्रकोपबाट जोगाउनु
- समस्या समाधानका लागि अन्तर्राष्ट्रिय सहयोगमा जोड
- आर्थिक विकास, सामाजिक प्रगति र मानव अधिकार प्रवर्धन गर्ने
- देशहरूबिच मित्रतापूर्ण सम्बन्ध कायम गर्ने

**संयुक्त राष्ट्रसङ्घ ऐतिहासिक विकासक्रम**

दोस्रो विश्वयुद्धको सुरुवातसँगै युद्ध रोक्नुपर्ने र विश्वव्यापी शान्ति स्थापना गर्नुपर्ने आवाज व्यापक रूपमा उठ्दै गएको थियो । त्यतिबेलाको नेतृत्वले युद्ध रोक्न विभिन्न प्रयास पनि गरे । १२ जुन १९४१ मा मित्र राष्ट्रहरूको समूहले शान्ति र सहयोग स्थापना गर्ने विषयलाई जोड दिँदै लन्डनमा सम्मेलन आयोजना गरे । उक्त सम्मेलनले शान्ति स्थापनामा जोड दिँदै लन्डन घोषणा जारी गऱ्यो । यसै गरी १४ अगस्ट १९४१ मा अमेरिकी राष्ट्रपति फ्रान्कलिन डी. रुजबेल्ट र बेलायती प्रधानमन्त्री विस्टन चर्चिलले आन्ध्र महासागरमा युद्धतोपमाथि बसेर एउटा सम्झौतामा हस्ताक्षर गरे । यस सम्झौतालाई एटलान्टिक चार्टर भनिन्छ । उक्त सम्झौताको मुख्य ध्येय पनि युद्धको अन्त्य अन्त्य गरेर शान्ति स्थापना गर्नु थियो । यही क्रममा जनवरी १, १९४१ मा २६ देशकाप्रतिनिधिहरू वासिङ्टनमा भेला भएर एट्लान्टिक चार्टरको आडमा अर्को सम्झौता गरे । त्यो सम्झौतामा आफ्नै आफ्नै पूर्ण स्रोत र साधनको उपयोग गरेर धुरी राष्ट्रलाई रोक्ने उद्देश्य थियो । यसलाई वासिङ्टन घोषणा भनिन्छ । उक्त घोषणामा तत्कालीन अमेरिकी राष्ट्रपति रुजबेल्टले संयुक्त राष्ट्रसङ्घ शब्दको शब्दको प्रयोग गरेका थिए । यही क्रममा जनवरी ३०, १९४३ को मस्को घोषणा, डिसेम्बर १, १९४३ १९४३ को तेहरान घोषणा, सन् १९४४ को डम्बर्टन ओक्स घोषणा र सन् १९४५ को माल्टा घोषणाले विश्वव्यापी सङ्गठन निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

२६ जुन, १९४५ मा अमेरिकाको सन फ्रान्ससिस्कोमा आयोजित सम्मेलनले संयुक्तराष्ट्र सङ्घको घोषणापत्र तयार गऱ्यो । उक्त सम्मेलनमा ५० देशकाप्रतिनिधिले हस्ताक्षर गरे । पछि पोल्यान्डले पनि उक्त सम्झौतामा हस्ताक्षर गऱ्यो । यसरी ती देशहरूले वडा पत्रलाई अनुमोदन गरेपछि अक्टोबर २४, १९४५ मा विधिवत् रूपमा संयुक्त राष्ट्र सङ्घको स्थापना भयो । उक्त दिनलाई संयुक्त राष्ट्रसङ्घ दिवसको रूपमा मनाउने गरिन्छ ।

अङ्ग्रेजी, फ्रेन्च, रसियन, चाइनिज र स्पेनिस भाषाहरूलाई स्थापनाकालदेखि नै अरेबियन भाषालाई सन् १९७३ बाट संयुक्त राष्ट्रसङ्घको आधिकारिक भाषाको रूपमा प्रयोग हुँदै आएको छ ।

संयुक्त राष्ट्रसङ्घको वडापत्रमा १९ भाग र १११ धाराहरू छन् । संयुक्त राष्ट्रसङ्घको वडापत्रको धारा ४ मा सदस्य हुनका लागि आवश्यक सर्त उल्लेख गरिएको छ, जुन यसप्रकार छन् :

(क) शान्ति प्रिय राष्ट्र हुनुपर्ने

(ख) संयुक्त राष्ट्रसङ्घको वडापत्रको प्रावधानलाई स्वीकार गर्नुपर्ने

(ग) सुरक्षा परिषद्को पाँच स्थायीसहित नौ सदस्य राष्ट्रले अनुमोदन गरेको हुनुपर्ने

(घ) महासभाद्वारा दुई तिहाई सदस्यले अनुमोदन गर्नुपर्ने

**संयुक्त राष्ट्रसङ्घका अङ्ग**

संयुक्त राष्ट्रसङ्घको वडापत्रको धारा ७ मा मुख्य अङ्ग समावेश गरिएको छ । यी सबै २४ अक्टोबर, १९४५ मा नै स्थापना भएका थिए ।

**मुख्य अङ्ग**

१. महासभा (अध्याय ४ धारा २२)

२. सुरक्षा परिषद् (अध्याय ५ धारा २३-३२)

३. आर्थिक तथा सामाजिक परिषद् (अध्याय १० धारा ६१-७२)

४. जिम्मा जमानी परिषद् (अध्याय १३ धारा ८६-९१)

५. अन्तर्राष्ट्रिय न्यायालय (अध्याय १४ धारा ९२-९६)

६. सचिवालय (अध्याय १५ धारा ९७-१०१)

## १. महासभा

महासभा संयुक्त राष्ट्रसङ्घको सर्वोच्च अङ्ग र व्यवस्थापिका हो । महासभाको अधिवेशनमा पाँच जनाप्रतिनिधि र पाँच जना सहायक प्रतिनिधि, सल्लाहकार, विशेषज्ञ पठाउन पाउँछन् । महासभामा सहभागी देशलाई एक मतको अधिकारबाट सुरु हुन्छ । महासभा प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबारबाट सुरु हुन्छ । महासभाले प्रत्येक वर्ष एक जना अध्यक्ष र २१ जना उपाध्यक्षहरू चुन्छ । यिनीहरूको कार्यकाल एक वर्षको हुन्छ । महासभाको कामलाई व्यवस्थित गर्न निम्नानुसार सातओटा समिति हुन्छन् :

- राजनीतिक तथा सुरक्षा मामिलासम्बन्धी समिति
- विशेष राजनीतिक समिति
- आर्थिक तथा वित्तीय मामिलासम्बन्धी समिति
- सामाजिक, मानविकी र सांस्कृतिक मामिलासम्बन्धी समिति
- जिम्मा जमानी क्षेत्र विषयको समिति
- प्रशासकीय तथा आय व्ययसम्बन्धी समिति
- वैद्यानिक मामिलासम्बन्धी समिति

महत्त्वपूर्ण विषयहरू महासभाको दुई तिहाइ बहुमतले र सामान्य विषयहरू साधारण बहुमतले पारित गरिन्छ ।

**महासभाका कार्य**

१. आर्थिक, सामाजिक, मानवीय र सांस्कृतिक क्षेत्रहरूमा सदस्य राष्ट्रबिच सहयोग विस्तार गर्नु, अन्तर्राष्ट्रिय शान्ति कायम गर्नु

२. शान्ति सुरक्षाका सम्बन्धमा सुरक्षा परिषद् तथा सदस्य राष्ट्रहरूलाई सिफारिस गर्नु

३. विवादको शान्तिपूर्ण समाधानको उपाय सिफारिस गर्नु

४. सदस्यता प्रदान गर्नु

५. वार्षिक बजेट पास गर्नु

६. सुरक्षा परिषद्को सिफारिसमा महासचिवको नियुक्ति

७.	आर्थिक तथा सामाजिक परिषद्का सदस्यको नियुक्ति

८.	अन्तर्राष्ट्रिय न्यायलयका न्यायाधीश निर्वाचित गर्नु

## २. सुरक्षा परिषद्

सुरक्षा परिषद् संयुक्त राष्ट्रसङ्घको महत्त्वपूर्ण र शक्तिशाली अङ्ग हो । यसअन्तर्गत पाँचओटा स्थायी र १० ओटा अस्थायी राष्ट्रहरू गरेर १५ जना सदस्य हुन्छन् । बेलायत, चीन, रुस, फ्रान्स र अमेरिका स्थायी सदस्य राष्ट्र हुन् । अस्थायी सदस्यहरू दुई वर्षका लागि महासभाबाट निर्वाचित हुन्छन् । अस्थायी सदस्यमध्ये पाँच जना अफ्रो एसियाबाट, दुई जना ल्याटिन अमेरिकाबाट, पश्चिम युरोप र अन्यबाट दुई जना, पूर्वी युरोपबाट एक जना भौगोलिक विवरणको आधारमा निर्वाचित हुन्छन् ।

यस परिषद्का स्थायी सदस्यलाई विशेषाधिकार हुन्छ । कुनै पनि निर्णयलाई निषेध गर्न सक्ने यस अधिकारलाई भिटो भनिन्छ । भिटो भन्नाले सुरक्षा परिषद्का स्थायी सदस्यले महत्त्वपूर्ण विषयको छलफलमा खसालेको नकारात्मक मतलाई बुझिन्छ । यसको बैठक १५ दिनमा एक पटक बस्छ । बैठक अध्यक्षता वर्णानुक्रमअनुसार हुने व्यवस्था छ ।

**सुरक्षा परिषद्का कार्य**

- अन्तर्राष्ट्रिय विवादको शान्तिपूर्ण समाधान खोज्ने
- यसले नयाँ सदस्यका लागि सिफारिस गर्ने
- शान्ति स्थापनाका लागि शान्ति सेवाको परिचालन गर्ने
- महासचिव र अन्तर्राष्ट्रिय न्यायलयको नियुक्तिका लागि सिफारिस
- वार्षिक र विशेष प्रतिवेदन महासभामा पेस गर्ने

## ३. आर्थिक तथा सामाजिक परिषद्

संयुक्त राष्ट्रसङ्घको अर्को महत्त्वपूर्ण अङ्गको रूपमा यसलाई लिने गरिन्छ । यसअन्तर्गत ५४ ५४ ओटा राष्ट्रहरू सदस्य हुन्छन् । उनीहरू भौगोलिक वितरणअनुसार चुनिन्छन् । अफ्रिकाबाट १४, एसियाबाट ११, ल्याटिन अमेरिकबाट १०, पश्चिम युरोप, क्यानडा, अस्ट्रेलिया र न्यूजिल्यान्डबाट १३, पूर्वी युरोपबाट छ सदस्य निर्वाचित हुन्छन् । यी सदस्यको

निर्वाचन तीन वर्षका लागि महासभाबाट हुन्छ । तर प्रत्येक वर्ष एक तिहाइ सदस्यको पदावधि सकिने हुनाले पुनर्निर्वाचित हुने व्यवस्था छ । यसअन्तर्गत पाँचओटा क्षेत्रीय आयोग, छओटा कार्यकारी आयोग र छओटा स्थायी समिति छन् । यस परिषद्को अधिवेशन वर्षमा दुईपटक न्युयोर्क र जेनेभामा बस्छ । यो परिषद्ले साधारण बहुमतले निर्णय गरेर महासभामाप्रतिवेदन पेस गर्छ ।

**यस परिषद्का मुख्य कार्य**

- आर्थिक सामाजिक सहयोगसम्बन्धी अनुसन्धान गर्नु
- अनुसन्धान प्रतिवेदन महासभा र अन्य निकायमा प्रस्तुत गर्नु
- आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक र स्वास्थ्यसँग सम्बन्धित सन्धिहरूको मस्यौदा तयार परेर महासभामा प्रस्तुत गर्नु
- मानवअधिकार र मौलिक अधिकार प्रवर्धन गर्नु
- महासभाले सुम्पेका अन्य कार्य गर्नु

### ४. जिम्मा जमानी परिषद्

जिम्मा जमानी परिषद् अर्को महत्त्वपूर्ण अङ्ग हो । जुन महासभाको नियन्त्रणमा रहेर काम गर्छ । यस परिषद्को मुख्य सिद्धान्त विश्वका पिछडिएको एवम् विकसित मुलुकहरूको उन्नति र विकासमा सहयोग गर्नु र उपनिवेशबाट मुक्त देशहरूलाई सहयोग गर्नु जस्ता गतिविधिमा संलग्न हुन्छ । यस परिषद्मा पाँच जना सदस्य हुन्छन् । तर अहिले यो परिषद् मृत प्रायः अवस्थामा छ । त्यसैले नोभेम्बर १, १९९४ बाट यसलाई निलम्बन गरिएको छ ।

**कार्य**

अन्तर्राष्ट्रिय विवादको समाधान

संयुक्त राष्ट्रसङ्घको कानुनी सल्लाहकार

कानुन तथा अन्य सन्धि सम्झौताको विवेचना

## ५. अन्तर्राष्ट्रिय न्यायलय

अन्तर्राष्ट्रिय न्यायालयलाई संयुक्त राष्ट्रसङ्घको न्यायिक अङ्ग भनिन्छ । यसको प्रधान कार्यालय नेदरल्यान्डको हेगमा छ । यस न्यायालयमा १५ जना सदस्य हुन्छन् । एक देशबाट एकभन्दा बढी सदस्य नपर्ने गरी न्यायाधीश बन्न योग्यता पुगेका व्यक्तिलाई नौ वर्षका लागि नियुक्ति गरिन्छ । विद्यमान प्रचलनअनुसार पाँचओटा स्थायी सदस्य राष्ट्रबाट पाँच जना न्यायाधीश निर्वाचित हुने व्यवस्था छ । न्यायलयले तीन वर्षका लागि एक जना अध्यक्ष र एक जना उपाध्यक्ष निर्वाचन गर्छ । फ्रेन्च र अङ्ग्रेजीन्यायलयका औपचारिक भाषा रहेका छन् । यसका तीनओटा क्षेत्राधिकार रहेका छन् । ऐच्छिक, अनिवार्य र परामर्श मुख्य हुन् ।

## ६. सचिवालय

सचिवालय संयुक्त राष्ट्रसङ्घको अर्को महत्त्वपूर्ण अङ्ग हो । यसको प्रमुख महासचिव हुन्छन् । महासचिवको नियुक्ति सुरक्षा परिषद्को सिफारिस महासभाले पाँच वर्षका लागि गर्छ । यसका साथै अन्य कर्मचारीहरू पनि यसैअन्तर्गत पर्छन् । महासचिव साना र तटस्थ देशहरूबाट नियुक्त गरिन्छ । वर्तमान महासचिव पोर्चुगलका एन्टोनियो गुटेरिज जनवरी १, २०१७ मा नियुक्त भएका हुन् । सचिवालयका मुख्य कार्य यसप्रकार छन् :

- विवादको शान्तिपूर्ण समाधानको मध्यस्थता गर्नु
- सामान्य प्रशासन सञ्चालन गर्नु
- वार्षिक बजेट तयार पार्नु
- विश्वव्यापी महत्त्वका विषयमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्नु
- संयुक्त राष्ट्रसङ्घका गतिविधि सदस्य राष्ट्रहरूलाई जानकारी गराउनु
- महासभाले पारित गरेका निर्णयहरूको अभिलेख राख्नु

## अभ्यास

१. एटलान्टिक चार्टर भनेको के हो ?

२. संयुक्त राष्ट्रसङ्घको स्थापना कहिले भयो ?

३. संयुक्त राष्ट्रसङ्घको महासचिव तटस्थ र साना देशबाट किन नियुक्त गरिएको होला ?

४. निषेधाधिकार भनेको के हो ?

५. सुरक्षा परिषद्का पाँचओटा सदस्यको नाम लेख्नुहोस् ।

६. संयुक्त राष्ट्रसङ्घको वर्तमान महासचिवको नाम लेख्नुहोस् ।

७. संयुक्त राष्ट्रसङ्घको स्थापनाको ऐतिहासिक विवरण उल्लेख गर्नुहोस् ।

८ "संयुक्त राष्ट्रसङ्घको महत्त्व अहिले पनि यथावत छ" आफ्नो विचार लेख्नुहोस् ।

९. महासभाका बैठकको निर्णय समावेश गरेर समाचारको नमुना बनाउनुहोस् ।

१०. संयुक्त राष्ट्रसङ्घको कामको आलोचनात्मक विवेचना गर्नुहोस् ।

११ के संयुक्त राष्ट्रसङ्घ आफ्नो उद्देश्यमा सफल भएको छ ? आफ्नो विचार लेख्नुहोस् ।

१२ साना तथा तटस्थ राष्ट्रको हक अधिकारका लागि संयुक्त राष्ट्रसङ्घको खेल्ने भूमिका लेख्नुहोस् ।

१३ विश्व शान्तिमा संयुक्त राष्ट्रसङ्घको भूमिका व्याख्या गर्नुहोस् ।

# संयुक्त राष्ट्रसङ्घको विशिष्टीकरण संस्था

**संयुक्त राष्ट्रसङ्घको विशेष सन्धिको आधिकारमा अन्तर्राष्ट्रिय अन्तरसरकारी सङ्गठनहरूलाई विशिष्टीकृत संस्था भनिन्छ । संयुक्त राष्ट्रसङ्घको धारा ५७ मा आर्थिक, शैक्षिक, सामाजिक, स्वास्थ्य तथा अन्य विशिष्ट क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय सङ्गठनहरू संयुक्त राष्ट्रसङ्घ सम्बन्धित हुने व्यवस्था उल्लेख गरिएको छ । यी संस्थाहरू संयुक्त राष्ट्रसङ्घ सम्बन्धित भए पनि स्वतन्त्र सङ्गठनको हैसियतमा काम गर्छन् । यस्ता १६ ओटा संस्थाहरू विशिष्टीकृत संस्थाको रूपमा कार्यरत छन् :**

**१. अन्तर्राष्ट्रिय श्रम सङ्गठन**

स्थापना मिति - अप्रिल ११, १९१९

मुख्यालय - जेनेभा, स्विट्जरल्यान्ड

क्रियाकलाप - अन्तर्राष्ट्रिय श्रमिक अधिकार प्रवर्धन गर्ने

- बाँधा प्रथा अन्त्य गर्ने

- सामूहिक सौदाबाजी र अवसर तथा सुविधामा समानता

**२. कृषि तथा खाद्य सङ्गठन**

स्थापना - अक्टोबर १६, १९४५

मुख्यालय - रोम, इटाली

क्रियाकलाप - भोकमरी विरुद्ध लड्ने

- विकासका लागि अविकसित र विकसित देशबिच सम्झौतामा मध्यस्थता

**३. विश्व स्वास्थ्य सङ्गठन**

स्थापना - अप्रिल ७, १९४८

मुख्यालय - जेनेभा, स्विट्जरल्यान्ड

क्रियाकलाप - विश्वका देशहरूबिच स्वास्थ्यसम्बन्धी समस्यामाथि सहयोग पुऱ्याउने । यसको उद्देश्य नै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने हो ।

४. **संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को)**

स्थापना - ५ नोभेम्बर, १९४६

मुख्यालय - पेरिस, फ्रान्स

क्रियाकलाप - यसले सांस्कृतिक सम्पदाको संरक्षणको क्षेत्रमा काम गर्छ । साथै दिगो शान्ति र सुरक्षाका लागि शिक्षा, संस्कृति, विज्ञान र सञ्चारको विकासमा जोड दिन्छ । नेपाल सन् १९६६ मा यसको सदस्य छ ।

५. **अन्तर्राष्ट्रिय मुद्राकोष**

स्थापना - २७ डिसेम्बर, १९४५

मुख्यालाय - वासिङ्टन डी. सी., अमेरिका

क्रियाकलाप - सदस्य राष्ट्रहरूको आर्थिक वृद्धिका लागि अल्पकालीन वित्तीय तथा सहयोग उपलब्ध गराउँछ । भुक्तानी सन्तुलनका लागि सहयोग गर्छ । नेपालले सन् १९६१ बाट यसको सदस्यता लिएको हो ।

६. **अन्तर्राष्ट्रिय कृषि विकास कोष**

स्थापना - ३० नोभेम्बर, १९७७

मुख्यालय - रोम, इटाली

क्रियाकलाप - ग्रामीण गरिबी निवारणमा प्राथमिकता दिन्छ । गरिबी निवारणका लागि गरिब देशका गतिविधिमा सङ्गठन छ । यसले भोकमरी, कुपोषण, उत्पादकत्व र आम्दानी वृद्धि, गुणस्तरीय जीवन जस्ता पक्षहरूमा जोड दिन्छ ।

७. **विश्व बैङ्क समूह**

स्थापना - २७ डिसेम्बर १९४५

मुख्यालय - वासिङ्टन डि. सी., अमेरिका

क्रियाकलाप - यसले गरिबी निवारण र जीवनस्तर वृद्धि गर्न न्यून व्याजदरमा ऋण उपलब्ध गराउने, बिना व्याजदर ऋण तथा विकसित राष्ट्रहरूको शिक्षा, स्वास्थ्य, पूर्वाधारको विकासमा अनुदान दिन्छ । नेपाल सन् १९६१ देखि यसको सदस्य छ ।

## ८. अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठन

स्थापना - १७ मार्च, १९५८

मुख्यालय - लन्डन, बेलायत

गतिविधि - यसले सामुद्रिक गतिविधिसम्बन्धी नियम, ढाँचा, सुरक्षाका उपाय, कानुनी विषयवस्तु र प्राविधिक सहयोग र सुरक्षामा सहयोग गर्छ ।

## ९. विश्व मौसम विज्ञान सङ्गठन

स्थापना - २३ मार्च, १९५०

मुख्यालय - जेनेभा, स्विट्जरल्यान्ड

गतिविधि - मौसमसँगसम्बन्धी तथ्याङ्क आदान प्रदान गर्ने काम गर्छ । नेपाल सन् १९६६ देखि यसको सदस्य छ ।

## १०. विश्व बौद्धिक सम्पत्ति सङ्गठन

स्थापना - जुलाई १४, १९६७

मुख्यालय - जेनेभा, स्विट्जरल्यान्ड

गतिविधि - बौद्धिक सम्पत्तिको संरक्षणमा जोड दिन्छ । बौद्धिक सम्पत्ति संरक्षणका लागि विभिन्न २३ ओटा सन्धिमार्फत काम गर्छ ।

## ११. अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्घ

स्थापना - ४ अप्रिल, १९४७

मुख्यालय - मोन्ट्रियल, क्यानडा

गतिविधि - हवाई उड्डयनसम्बन्धी नियम, हवाई दुर्घटनाको जाँचसम्बन्धी कार्य गर्छ ।

## १२. अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ

स्थापना - १७ मे, १८६५

मुख्यालय - जेनेभा, स्विट्जरल्यान्ड

गतिविधि - दूरसञ्चारको विकास र विस्तारका लागि काम गर्छ । नेपाल सन् १९५७ देखि यसको सदस्य छ ।

## १३. संयुक्त राष्ट्रसङ्घीय औद्योगिक विकास सङ्गठन

स्थापना - १ जनवरी, १९६७

मुख्यालय - भियना, अस्ट्रेलिया

गतिविधि - यसले गरिबी निवारण, दिगो वातावरणीय अवस्था जस्ता विषयलाई औद्योगिक विकासमार्फत जोड दिन्छ ।

## १४. अन्तर्राष्ट्रिय हुलाक सङ्घ

स्थापना - ९ अक्टोबर, १८७४

मुख्यालय - वर्न, स्विट्जरल्यान्ड

गतिविधि - हुलाक सेवाको विकास र विस्तारमा जोड दिन्छ ।

## १५. विश्व पर्यटन सङ्गठन

स्थापना - २ जनवरी १९७५

मुख्यालय - मड्रिड, स्पेन

गतिविधि - दिगो, विश्वव्यापी, जिम्मेवार पर्यटनको विकासमा जोड दिन्छ ।

# संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम र कोष

## १. संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम

गतिविधि : यो कार्यक्रम १७० देशमा सञ्चालित छ । यसले गरिबी निवारण असमानता अन्त्य गरी प्राकृतिक स्रोत साधनका प्रयोगमा जोड दिन्छ । दिगो विकास लक्ष्य प्राप्त गर्न पनि पनि देशलाई सहयोग गर्छ ।

२. **संयुक्त राष्ट्रसङ्घीय बालकोष** : आमा र बच्चाका लागि दीर्घकालीन, मानवीय र विकासको सहयोग जोड दिन्छ ।

३. **संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्च आयोग**

गतिविधि : शरणार्थीलाई सहयोग गर्ने तथा सुरक्षित रूपमा घर फर्काउने कार्यमा सहयोग ।

४. **विश्व खाद्य कार्यक्रम**

गतिविधि : भोकमरी र कुपोषण अन्त्य गर्ने मुख्य उद्देश्य हो । यसले ७५ देशमा कामका लागि  खाद्यान्नमार्फत आफ्नै गतिविधि अघि बढाउँछ ।

५. **संयुक्त राष्ट्रसङ्घीय लागु पदार्थ र अपराधसम्बन्धी कार्यालय** : यसले लागु पदार्थ, अपराध र आतङ्कवाद विरुद्ध लड्न सहयोग उपलब्ध गराउँछ ।

६. **संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष**

यसले महिला र युवालाई स्वास्थ्यसम्बन्धी सहयोग गर्छ ।

७. **संयुक्त राष्ट्रसङ्घीय व्यापार विकास सम्मेलन**

अन्तर्राष्ट्रिय व्यापार प्रवर्धनमा सहयोग गर्छ ।

८. **संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम**

वातावरण संरक्षणका लागि प्राकृतिक स्रोतको प्रभावकारी उपयोगबारे शिक्षा वा सहयोग उपलब्ध गराउँछ ।

९. **संयुक्त राष्ट्रसङ्घीय प्यालेस्टायनसम्बन्धी राहत तथा सहयोग कार्यक्रम**

यसले प्यालेस्टायनका शरणार्थीहरूको शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा सहयोग गर्छ ।

१०. **संयुक्त राष्ट्रसङ्घीय महिला कार्यक्रम**

यसले लैङ्गिक समानता र महिला सशक्तीकरणमा जोड दिन्छ ।

११. **संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रम**

प्रयाप्त बसोबास र वातावरणको दिगो विकासमा जोड ।

१२. अन्य निकाय

**(क) संयुक्त राष्ट्रसङ्घीय एच. आई. भी./एड्स कार्यक्रम**

यसले एच. आई. भी./एड्स को रोकथाममा सहयोग गर्छ ।

**(ख) संयुक्त राष्ट्रियसङ्घीय प्राकृतिक विपत्ती कार्यालय**

प्राकृतिक विपत्ति रोकथामका लागि समन्वय गर्छ ।

**(ग) संयुक्त राष्ट्रसंघिय परियोजना कार्यालय**

यसले शान्ति स्थापना, मानवीय र विकास परियोजनालाई सहयोग गर्छ ।

## सम्बन्धित सङ्घसंस्था

**१. अन्तर्राष्ट्रिय आणविक ऊर्जा नियोग**

विश्वमा शान्ति कायम राख्न आणविक हातहतियार र सैनिक शक्तिको प्रयोगबाट रोक्ने कार्य गर्छ ।

**२. विश्व व्यापार सङ्गठन**

व्यापारसँग सम्बन्धित विषयमा सम्झौता गर्ने र व्यापार प्रवर्धन गर्ने

**३. आणविक परीक्षण प्रतिबन्ध सन्धिसम्बन्धी आयोग**

आणविक परीक्षण प्रतिबन्ध सन्धि प्रवर्धन गर्ने

**४. अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठन**

बसाइँसराइसम्बन्धी काम गर्ने

## अभ्यास

१. विशिष्टीकृत संस्था भन्नाले के बुझिन्छ ?

२. विशिष्टीकृत संस्थाहरूले आर्थिक स्रोत कहाँबाट प्राप्त गर्छन् ?

३. संयुक्त राष्ट्रसङ्घीय विशिष्टीकृत संस्थाले नेपालमा गरेका गतिविधिको सूची बनाउनुहोस् ।

४. संयुक्त राष्ट्रसङ्घीय विशिष्टीकृत संस्थाका गतिविधिलाई अझ प्रभावकारी बनाउने उपाय बनाउनुहोस् ।

५. तपाईँको विचारमा कुन विशिष्टीकृत संस्था महत्त्वपूर्ण होला ? तर्कद्वारा पुष्टि गर्नुहोस् ।

६. युनेस्कोको पूरा रूप लेखी यसका कार्य लेख्नुहोस् ।

## सामुदायिक कार्य

आफ्नो समुदायमा संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम सञ्चालित होलान् ? तिनको बारेमाप्रतिवेदन लेख्नुहोस् ।

पाठ ४

# संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका

## परिचय

**संयुक्त राष्ट्रसङ्घ अन्तरसरकारी संस्थाको रूपमा २४ अक्टोबर १९४५ मा स्थापना भएको हो । यसको स्थापनाको उद्देश्य अन्तर्राष्ट्रिय सहयोग प्रवर्धन गर्ने हो । संयुक्त राष्ट्रसङ्घमा १९३ राष्ट्रहरू सदस्य छन् । नेपालले राणाकालमा नै संयुक्त राष्ट्रसङ्घको सदस्यताका लागि प्रयास गरेको थियो । बेलायती दूतावासअन्तर्गत सन् १९४७ मा सदस्यताका लागि आवेदन दिएका थियो । उक्त आवेदन १३ फरवरी १९४९ मा पेस गरियो । उक्त आवेदन चीनका प्रतिनिधिले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा प्रस्तुत गर्नुहोस् । सुरक्षा परिषद्का पाँच सदस्य मध्ये रुसले नेपाललाई सदस्यता दिने विषयमा निशेधाधिकार उपयोग गरेपछि सदस्यता प्राप्त गर्न सकेन ।**

**पछि सन् १९५५ डिसेम्बर १४ का दिन नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरे । त्यसपछि नेपाल लगातार संयुक्त राष्ट्रसङ्घका गतिविधिमा संलग्न भयो । विश्व शान्ति प्रक्रियामा लागिरहेको छ । नेपाल संयुक्त राष्ट्रसङ्घको शान्ति प्रक्रियामा सन् १९५८ बाट सहभागी भएको हो ।**

## संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका

### १. शान्ति सेनामा सहभागिता

संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरेपछि नेपाल निरन्तर शान्ति प्रक्रियामा सहभागी भइरहेको छ । नेपाल सन् १९५८ मा पर्यवेक्षकको रूपमा सहभागी भयो । सन् १९७८ मा संयुक्त राष्ट्र सङ्घीय अन्तरिम फोर्समा सहभागी भएर लेवनानमा नेपाली सेनालाई शान्ति सेनाको रूपमा नेपालले पठायो । हाल नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, हाइटी, लाइबेरिया, चादँ, सुडान, बुरुडीलगायतका देशहरूमा शान्ति सेनाको रूपमा कार्यरत छन् । विश्वका १४ओटा देशहरू शान्ति सेनामा सहभागी छन् । यीमध्ये नेपाल चौथो योगदान कर्ता मानिन्छ । शान्ति सेनाले शान्ति सुव्यवस्था कायम गर्ने, अत्यावश्यक सामग्री आपूर्ति गर्ने, द्वन्द्व समाधानमा भूमिका खेल्ने जस्ता जिम्मेवारी वहन गर्छ ।

## २. संयुक्त राष्ट्रसङ्घअन्तर्गतप्रतिनिधित्व

नेपाल संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को सदस्यको रूपमा दुई कार्यकाल सन् १९६९/७० र सन् १९८८/८९ मा निर्वाचित भयो । यसै गरी नेपालका प्रतिनिधि कुलचन्द्र गौतम उपमहासचिव पदमा नियुक्ति भए । नेपाल संयुक्त राष्ट्रसङ्घको उपाध्यक्ष पदमा सन् १९५८, १९६८, १९७०, १९७४, १९७५, १९८३, १९८४, १९८८ र २००१ मा निर्वाचित भयो । नेपालले युनिसेफको कार्यकारी समितिको उपाध्यक्षको रूपमा पनि काम गरी सकेको छ । नेपालका प्रतिनिधिले महासभाका सातओटा समितिमध्ये पाँचौं समितिको अध्यक्षता गर्ने अवसर पायो । नेपाल युनेस्कोको कार्यकारी समितिको सदस्यमा पनि निर्वाचित भयो ।

## ३. न्यायको पक्षमा वकालत

सन् १९५६ मा सोभियत सेनाले हङ्गेरी माथिको हस्तक्षेप विरुद्धको कडा विरोध गऱ्यो । सन् १९५६ मा बसेको संयुक्त राष्ट्रसङ्घको राजनीतिक समितिको बैठकमा नेपालले दक्षिण अफ्रिकाको रङ्गभेद नीति विरुद्ध आवाज उठायो । नेपालले रङ्गभेद नीतिसम्बन्धी विशेष समितिको सदस्य भएर पनि काम गऱ्यो । सन् १९५६ मा इजिप्टमा भएको आक्रमण विरुद्ध नेपालले आवाज उठायो । नेपालले अरबमाथि इजारायलको आक्रमण विरुद्ध पनि आवाज उठायो । यसै गरी भूपरिवेष्टित देशहरूको अधिकारका विषयमा पनि नेपालले निरन्तर आवाज उठाउँदै आएको छ ।

## ४. निशस्त्रीकरणलाई समर्थन

आणविक हातहतियारको परिक्षण र प्रयोग विरुद्धको महासन्धिमा नेपालले हस्ताक्षर गरेको छ । साथै निशस्त्रीकरणका पक्षमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ ।

## ५. असंलग्नता

नेपालको विदेशी नीति पञ्चशीलमा आधारित छ । पञ्चशीलअन्तर्गत अहस्तक्षेप, अहिंसा, अनाक्रमण, शान्तिपूर्ण सहअस्तित्त्व, क्षेत्रीय अखण्डता र सम्प्रभुसत्ताको सम्मान पर्छन् । नेपाल असंलग्न राष्ट्रहरूको सक्रिय सदस्य हुनाले कुनै एउटा पक्षतिर नलाग्ने रणनीति अपनाएको छ ।

## ६. संयुक्त राष्ट्रसङ्घमा सक्रियता

नेपालले संयुक्त राष्ट्रसङ्घले पारित गरेका प्रस्ताव, सन्धि, घोषणा तथा प्रतिबद्धतामा हस्ताक्षर गरेर आफू शान्ति र संयुक्त राष्ट्रसङ्घप्रति प्रतिबद्ध भएको जनाएको छ । नेपाल साम्राज्यवाद, नव उपनिवेश र उपनिवेशका विपक्षमा छ । नेपालको संविधान संयुक्त राष्ट्रसङ्घीय बडापत्रबाट निर्देशित छ । बुद्ध जयन्तीलाई संयुक्त राष्ट्रसङ्घद्वारा अन्तर्राष्ट्रिय शान्ति दिवसको रूपमा मनाउने गरिन्छ ।

संयुक्त राष्ट्रसङ्घले नेपालको शान्ति प्रक्रिया र प्रजातन्त्रको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको छ । संयुक्त राष्ट्र सङ्घीय मिसनको रूपमा अनमिनले नेपालको शान्ति प्रक्रियामा योगदान पुऱ्यायो । यसै गरी राष्ट्रसङ्घका महासचिवहरूले समय समयमा गरेको नेपाल भ्रमणले पनि नेपाल र राष्ट्रसङ्घबिचको सम्बन्धलाई पुष्टि गर्छ ।

## अभ्यास

१. नेपाल कहिले संयुक्त राष्ट्रसङ्घको सदस्य भयो ?

२. शान्ति सेना भनेको के हो ?

३. नेपाली शान्ति सेना कार्यरत चारओटा देशको नाम लेख्नुहोस् ।

४. संयुक्त राष्ट्रसङ्घले नेपालको शान्ति प्रक्रियामा गरेको सहयोग चर्चा गर्नुहोस् ।

५. के नेपालले संयुक्त राष्ट्रसङ्घमा निर्वाह गरेको भूमिकाप्रति तपाईं सन्तुष्ट हुनुहुन्छ ? आफ्नो विचार लेख्नुहोस् ।

६. नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गर्न गरेको प्रयास लेख्नुहोस् ।

७. भूपरिवेष्टित देशको अधिकारको विषय राष्ट्रसङ्घका गतिविधिहरू प्रभावकारी छन् कि छैनन् ? आफ्नो विचार लेख्नुहोस् ।

### सामुदायिक कार्य

शान्ति सेना पठाउनु ठिक हो वा होइन ? स्थानीय राजनीतिक दलका प्रतिनिधिको प्रतिक्रियाको आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ५

# नेपालमा संयुक्त राष्ट्रसङ्घका गतिविधि

## परिचय

संयुक्त राष्ट्रसङ्घले नेपालको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपालको मानवीय, आर्थिक, सामाजिक, भौतिक तथा सुशासनको क्षेत्रमा यसको योगदान महत्त्वपूर्ण छ । संयुक्त राष्ट्रसङ्घले नेपालको विकासमा गरेका योगदान निम्नानुसार चर्चा गर्न सकिन्छ :

### १. संयुक्त राष्ट्रसङ्घीय कृषि विकास सङ्गठन

यो संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्था हो र गरिबी निवारणमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ । नेपाल सन् १९७८ मा यसको सदस्य भएको छ । यस संस्थाले आर्थिक तथा प्राविधिक सहयोग मार्फत कृषि विकासमा योगदान दिएको छ । गरिब, भूमिहीन र जनजातिलाई सशक्तीकरणमा सहयोग गरेको छ । खाद्य सुरक्षा कार्यक्रम पनि सञ्चालन गरेको छ ।

### २. अन्तर्राष्ट्रिय श्रम सङ्गठन

नेपालले सन् १९६६ बाट यसको सदस्यता पाएको हो । यसले श्रम प्रशासन लागु गर्ने, बालश्रम र बँधुवा श्रमिकलाई स्वतन्त्र बनाउने तथा श्रमिकको कार्यस्थलसम्बन्धी सुधारकार्यमा सहयोग गर्दै आएको छ ।

### ३. संयुक्त राष्ट्रसङ्घमा महिला

सन् २०१२ देखि यस संस्थाले नेपालमा काम गर्दै आएको छ । यसले विशेष गरी लैङ्गिक समानता र महिला सशक्तीकरणको क्षेत्रमा काम गर्छ । यसले महिला हिंसा, शान्ति सुरक्षा, नेतृत्व क्षमता, आर्थिक सशक्तीकरण जस्ता क्षेत्रमा सहयोग उपलब्ध गराउँछ ।

### ४. संयुक्त राष्ट्रसङ्घीय पुँजी विकास कोष

यसले तेस्रो विश्वका देशहरूमा पुँजी विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसले विकेन्द्रीकरण, सहभागितामूलक विकास, प्राकृतिक स्रोतको व्यवस्थापन सहयोग गर्छ । स्थानीय निकायको संस्थागत क्षमता वृद्धि गरी स्थानीय स्तरमा सेवा प्रवाहमा सहयोग गर्दै आएको छ ।

## ५. संयुक्त राष्ट्रसङ्घीय बालकोष

बाल अधिकारसम्बन्धी महासन्धिको आधारमा बाल अधिकारको वकालत गर्छ । नेपालमा युनिसेफले सन् १९६४ देखि कार्यक्रम गर्दै आएको छ । नेपाल यस संस्थाको प्राथमिकता क्षेत्रमा पर्छ । यस संस्थाले स्थानीय र गैरसरकारी संस्थासँग समन्वय गरेर बाल अधिकार, बाल स्याहार, स्वास्थ्य, वातावरण शिक्षा र एच. आई. भी./एड्स सँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्छ ।

## ६. विश्व स्वास्थ्य सङ्गठन

नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य क्षेत्रमा प्राविधिक सहयोग उपलब्ध गराउनुको साथै औषधी उपचारसम्बन्धी अनुसन्धानमा सहयोग गर्छ । स्वास्थ्य सेवा प्रवर्धन गर्नुका साथै प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्छ ।

## ७. संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रम

मानव बसोबास र दिगो सहरीकरणमा सहयोग गर्दै आएको यो संस्थाले नेपालमा विभिन्न क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको छ । फोहोर बस्तीमा बस्ने मानिसहरूको अवस्था सुधार ल्याउनु यो कार्यक्रमको मुख्य उद्देश्य हो । यसले सहभागिता मूलक सहरी योजना वातावरणीय दृष्टिले उपयुक्त पूर्वाधार तथा सुदृढ मानव वस्ति वित्त प्रणालीमा सहयोग गर्छ ।

## ८. संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष

यो संस्था सन् १९७१ देखि नेपालमा काम गर्दै आएको छ । यसले जनगणना, स्वास्थ्य, घर परिवार, महिला शशक्तिकरण र महिला हिंसा विरुद्ध कार्यक्रम सञ्चालन गर्छ ।

## ९. एच. आई. भी./एड्ससम्बन्धी संयुक्त राष्ट्र सङ्घीय कार्यक्रम

यो संस्थाले एच. आई. भी. रोकथामका लागि शून्य एच. आई. भी. सक्रमण, शून्य विभेद र शून्य एच. आई. भी. हुने मृत्यु भन्ने नाराका साथ काम गरिरहेको छ ।

### १०. संयुक्त राष्ट्र सङ्घीय स्वयमं सेवक कार्यक्रम

स्वेच्छिक सेवामार्फत विकास र शान्तिमा योगदान दिएको छ । यसले सन् १९७४ देखि नेपालमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसअन्तर्गत संयुक्त राष्ट्र सङ्घमा स्वयम् सेवकहरू सेवा प्रदान गर्छन् ।

### ११. विश्व खाद्य कार्यक्रम

यो सबैभन्दा ठुलो मानवीय सहायता गर्ने संस्था हो । यसले भोकमरी र खाद्य सुरक्षाको क्षेत्रमा काम गर्छ । यो कामका लागि खाद्यान्नमार्फत नेपालमा सहयोग गरिरहेको रहेको छ । यसले भुटानी शरणार्थीलाई खाद्यान्न सहयोग गरिरहेको छ । यसले दीर्घकालीन खाद्य नीति र सुरक्षा तथा खाद्यान्नमार्फत विकास निर्माणमा सहयोग गरेको छ ।

### १२. संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम

यो संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी विकास सञ्जाल मानिन्छ । यसले पनि गरिबी निवारण, प्रजातन्त्र र सुशासन, ऊर्जा, वातावरण, जलवायु र विपत व्यवस्थापनका क्षेत्रमा काम गर्दै आएको छ ।

## अभ्यास

१. नेपालको कुन क्षेत्रमा संयुक्त राष्ट्रसङ्घ सम्बन्धित निकायले सहयोग उपलब्ध गराएका छन् ?

२. संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्च आयोगले नेपाल के काम गरिरहेको छ ?

३. युनिसेफले गरेको एउटा महत्त्वपूर्ण काम लेख्नुहोस् ।

४. संयुक्त राष्ट्र सङ्घीय कार्यक्रमको सूची बनाउनुहोस् ।

५. मानव बसोबाससम्बन्धी कार्यक्रमका गतिविधि उल्लेख गर्नुहोस् ।

६. संयुक्त राष्ट्र सङ्घीय कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला ? लेख्नुहोस् ।

७. नेपालमा कार्यरत संस्थाहरूको गतिविधि पारदर्शी बनाउन के गर्नुपर्ला ? लेख्नुहोस् ।

८. विश्व स्वास्थ्य सङ्गठनको नेपाल प्रतिनिधिलाई स्वास्थ्य सेवा प्रभावकारी बनाउने उपायसहित चिठी लेख्नुहोस् ।

## सामुदायिक कार्य

संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम सञ्चालन गर्ने कुनै एउटा संस्थाको भ्रमण गरेर निम्नलिखित शीर्षकमा प्रतिवेदन लेख्नुहोस् ।

(क) कार्यक्रमको परिचय

(ख) उद्देश्य र गतिविधि

(ग) उक्त कार्यक्रमका फाइदा

(घ) निष्कर्ष

पाठ ६

# समसामयिक घटना र तिनको असर

## परिचय

**वर्तमानमा विश्व वा हाम्रो समाज वरिपरि घटेका सामाजिक, आर्थिक, राजनीतिक वा समाजसँग सम्बन्धित घटनालाई समसामयिक घटना भनिन्छ । यस्ता घटनामध्ये कतिपय घटना अपेक्षित हुन्छन् भने कति अनपेक्षित पनि हुन्छन् । केही घटनाको लामो समयसम्म प्रभाव पर्छ भने कुनै घटनाले यस्तो प्रभाव पार्दैनन् । त्यसैले विश्वमा घटेका यस्ता घटनाको जानकारी लिनु आवश्यक हुन्छ । यहाँ त्यस्तै घटना र विषयवस्तुको विवरण दिइएको छ :**

### १. जलवायु परिवर्तन

यो विश्वव्यापी वा क्षेत्रीय रूपमा जलवायुको ढाँचामा आएको परिवर्तन हो । यसलाई विश्वव्यापी तापक्रमको वृद्धिसँग जोडेर हेर्ने गरिन्छ । मानवीय गतिविधि र वन जङ्गलको विनासले वायु मण्डलमा कार्बनडाई अक्साइडको भागमा वृद्धि हुन्छ । विश्वव्यापी रूपमा तापक्रम वृद्धि हुन्छ । वायु मण्डलमा ग्यासको असन्तुलनले सौर्य विकीरणलाई वायु मण्डलभन्दा बाहिर जानबाट रोक्छ । ओजन तह पातलिँदै सौर्य किरण सिधै पृथ्वीमा आई पुग्ने अवस्था सिर्जना हुन्छ । यसरी पृथ्वीमा तापक्रम बढ्नाले समुद्र सतहमा वृद्धि हुने, अम्लीय वर्षा हुने, हिउँका ढिक्काहरू पग्लने, जङ्गलमा आगो लाग्ने, बाढी पहिरो आउने तथा समुद्र नजिकका टापु डुब्ने खतरा हुन्छ । त्यसैले हामी वातावरण संरक्षण, वन विनाश रोक्न तथा कार्बनडाई अक्साइड उत्सर्जन गर्ने गतिविधिमा नियन्त्रण गरेर जलवायु परिवर्तनको प्रभावबाट बँच्न सक्छौँ ।

हातहतियारको उपयोग र उत्पादनमा नियन्त्रण गर्ने प्रक्रियालाई निशस्त्रीकरण भनिन्छ । परम्परागत हात हतियारमा नियन्त्रण, आणविक बम र जैविक हातहतियारको उत्पादन र प्रयोगमा नियन्त्रण गर्ने कुरासँग सम्बन्धित छ । यसले हानिकारक हातहतियारको उत्पादन प्रयोग र वितरणको नियन्त्रणमा जोड दिन्छ । विभिन्न प्रकारका जैविक र अजैविक हातहतियारको उत्पादनले विश्वका जनतालाई सशङ्कित र ग्रस्त बनाएको छ । यस्ता हातहतियारको उत्पादन र ओसारपोसारले मानव जीवनमाथि नै सङ्कट सिर्जना गरेको छ । सामान्यतया दुई बिलियन कानुनी रूपमा र एक बिलियन बराबरको हातहतियार

गैरकानुनी व्यापार हुने गरेको छ । केही हतियारहरू लामो समयसम्म सक्रिय रहने हुँदा मानव जीवन र जीवजन्तुमा खतरा सिर्जना गर्न सक्छन् । त्यसले यस परिस्थितिलाई दृष्टिगत दृष्टिगत गरेर संयुक्त राष्ट्रसङ्घले यस्ता हातहतियारको उत्पादन र ओसारपोसारमा प्रतिबन्ध प्रतिबन्ध पनि लगाएको छ । त्यसैले हामीले पनि संयुक्त रूपमा निशस्त्रीकरणका लागि हातमा हात मिलाउनुपर्छ ।

३. **महामारी**

मानव स्वास्थ्यमा गम्भीर असर पार्ने खालका रोगहरूलाई जो छिटो सर्न र ठुलो सङ्ख्यामा मानव स्वास्थ्यमा असर पार्छन् । इबोला, जिका भाइरस, सार्स, बर्डफ्लु, स्वाइन फ्लु, सिकलसेल, कोभिड-१९, ऐनेभिया यस्ता प्रकारका रोग हुन् । यस्ता रोगहरूले महामारीको रूपमा विश्वलाई नकारात्मक प्रभाव पारेका छन् । ब्राजिलबाट फैलिएको जिका भाइरसले ४२ भन्दा बढी देशका जनतालाई आतङ्कित पारेको थियो । यस्ता रोगलाई मानव स्वास्थ्यमा नकारात्मक असरमात्र पार्दैनन्, ग्रसित पनि बनाउँछन् । तसर्थ हामी हाम्रा खानपान, आनिबानी र जीवन शैलीमा परिवर्तन गरेर यस्ता महामारीबाट जोगिन सक्छौँ । पछिल्लो समय कोभिड-१९ को महामारीले विश्व आक्रान्त बनेको छ ।

४. **बारुदी सुरुङ**

जमिन वा समुद्रमुनी ओछ्याइएका विस्फोटक पदार्थलाई बारुदी सुरुङ भनिन्छ । यस्ता पदार्थहरू चाप वा धातुको सम्पर्कको कारणले अनायस विस्फोटन हुन सक्छन् । जसले गर्दा निर्दोष मानिसहरू, महिला, बालबालिकाले ज्यान गुमाउनुपर्ने हुन्छ । यस्ता विस्फोटक पदार्थ आधुनिक प्रविधि नियन्त्रित हुने हुनाले धनजनको ठुलो क्षति हुन सक्छ । यसबाट समाजमा नकारात्मक पभाव पर्छ । त्यसैले संयुक्त राष्ट्रसङ्घीय निकाय यस्ता बारुदी सुरुङको विस्फोटन गराउन सक्रिय रहेको पाइन्छ । हामीले पनि यस्ता विषयमा सचेत हुनु आवश्यक छ ।

५. **परमाणु ऊर्जा**

परमाणु ऊर्जा र यसको उत्पादन अर्को जटिल समस्या हो । यसको विकास र उत्पादन जटिल मुद्दाको रूपमा स्थापित छ । सामान्यतया विद्युत् वा ऊर्जा उत्पादन गर्न प्रयोग गरिन्छ । तर इरान, उत्तरकोरिया जस्ता देशहरूले आफ्नै सामर्थ्यको रूपमा परमाणु ऊर्जाको

ऊर्जाको विकास गरेको पाइन्छ । परमाणुको प्रयोग पहिलो पटक सन् १९४५ मा अमेरिकाले जापानको हिरोसिमा र नागासाकी सहरमा गरेको थियो । परमाणु ऊर्जा नियोग मार्फत संयुक्त राष्ट्रसङ्घले यसको उत्पादनमा नियन्त्रण गर्न प्रयत्न गरेको पाइन्छ ।

**६. जनसङ्ख्या वृद्धि**

जनसङ्ख्या वृद्धि भन्नाले व्यक्तिहरूको सङ्ख्यामा हुने वृद्धि हो । संसार अद्वितीय जनसङ्ख्याको ढाँचामा आधारित भएर अघि बढ्दै छ । स्वास्थ्य सेवाको सुविधा र विस्तारको परिणाम मृत्युदर उल्लेखनीय रूपले घटेको छ । ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै जानु, औसत जीवन आयुमा बढोत्तरी भएको छ । यस्तै ज्येष्ठ नागरिकको सङ्ख्यामा वृद्धि हुनुलाई सामाजिक समस्याको रूपमा नलिई सामाजिक सुरक्षाको रूपमा हेर्ने संयुक्त राष्ट्रसङ्घले आग्रह गरेको थियो । यस्तै बाल मृत्युदरमा आएको कमीले पनि जनसङ्ख्या वृद्धि एउटा जल्दो बल्दो समसामयिक विषय भएको छ भन्न सकिन्छ ।

**७. दिगो विकास**

दिगो विकास भनेको त्यस्तो विकास हो जुन विकासले हालको पुस्ताको आवश्यकता पूरा गरी भावी पुस्ताका लागि वातावरणीय स्रोत यथास्थितिमा राखिदिन्छ । दिगो विकासका लागि प्राकृतिक स्रोत उपयोगको आवश्यकता, प्राकृतिक स्रोतको सीमितता र महत्त्व पुष्टि पार्छ । त्यसैले यो दीर्घकालीन विकासको सोच पनि हो । सहस्राब्दी विकास लक्ष्य पूरा भएसँगै संयुक्त राष्ट्रसङ्घले अर्को १५ वर्षका लागि दिगो विकास लक्ष्य जारी गऱ्यो । प्रजातन्त्र, सुशासन र कानुनको शासनलाई दिगो विकासको महत्त्वपूर्ण तत्त्वको रूपमा लिएको छ । यदि दिगो विकासको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्ने हो भने वातावरण प्रदूषण र प्राकृतिक विपत्तिबाट हामी मुक्त हुन्छौं । त्यसैले दिगो विकासका अवधारणाअनुसार हामीले हाम्रो गतिविधि र विकास निर्माणलाई अघि लैजानुपर्छ । जसले गर्दा उपलब्ध स्रोत र साधनहरू भावी पुस्ताका लागि जगेर्ना गर्न सक्छौं ।

**८. आतङ्कवाद**

आतङ्कवाद शब्दबाट फ्रेन्च शब्दबाट आएको हो । त्यसैले आतङ्कवाद कुनै व्यक्ति वा सङ्गठनले अमानवीय कार्य र हिंसा, हत्या गरी समाज वा देशलाई आतङ्क पार्ने गतिविधि हो । डर, जबरजस्ती, त्रास, हातहतियारको प्रयोगमार्फत राजनीतिक, धार्मिक, सामाजिक र

आर्थिक लक्ष्य प्राप्त गर्न अवैध शक्ति वा धम्की प्रयोग गर्ने व्यक्ति वा समूह आतङ्कवादी वा वा आतङ्कवादी सङ्गठन हुन् । वम विस्फोट, अपहरण, हत्या जस्ता गतिविधिहरूले विश्वलाई नै कष्ठ बनाएको छ। त्यसैले यो विश्वका लागि ठुलो चुनौती पनि हो। संसारभरी संसारभरी थुप्रै आतङ्कवादी सङ्गठनहरू छन् । न्युयोर्कको आक्रमण, बेलायतको आक्रमण, पेरिसको आक्रमण र हाम्रै छिमेकी मुलुक भारतको बम्बईमा ताज होटलको आक्रमणलाई आतङ्कवादी आक्रमणको रूपमा लिन सकिन्छ । यस्ता आक्रमण निर्दोष मानिसहरूले ठुलो सङ्ख्यामा ज्यान गुमाइरहेका छन्। यसको अन्त्य गर्न थुप्रै प्रयास भएका छन्। यद्यपि अन्त्य अन्त्य हुन भने सकेको छैन । त्यसैले यस्ता क्रियाकलापबाट समाज र राष्ट्रलाई जोगाउन हामी पनि चनाखो हुनुपर्छ।

## अभ्यास

१. समसामयिक विषय भनेको के हो ?

२. आतङ्कवाद के हो ?

३. निशस्त्रीकरणको एउटा प्रयास लेख्नुहोस्।

४. परमाणु शक्ति भनेको के हो ?

५. नेपालको सन्दर्भमा समसामयिक गतिविधिको चर्चा गर्नुहोस्।

६. आतङ्कवाद अन्त्य गर्ने उपाय उल्लेख गर्नुहोस्।

.७. ओजन तहको पातलिँदै जाँदा पर्ने प्रभाव लेख्नुहोस्।

८. नेपालमा वातावरण संरक्षणका लागि भएका प्रयासहरूको सूची बनाउनुहोस्।

९ विस्फोटक पदार्थको प्रयोगबाट पर्ने नकारात्मक प्रभाव समावेश गरेर सम्पादकीयको नमुना तयार पार्नुहोस्।

पाठ ७

# विश्वव्यापीकरण र स्थानीयकरण

विश्वव्यापीकरण भनेको वस्तु तथा सेवाको स्वतन्त्र स्थानान्तरण हो जहाँ विश्व एकअर्कामा अन्तर्सम्बन्धित र परस्परतामा जोडिएको हुन्छ । त्यसैले यो विश्व अर्थतन्त्र र संस्कृति तथा राजनीतिलाई एकअर्कामा जोड्ने प्रक्रिया हो । विश्वका देशहरूको सिमाना हराउँदै गएर विश्व एउटा सानो गाउँमा रूपान्तरित हुँदै गएको छ । विश्वव्यापीकरण सीमाहीन विश्व हो । तसर्थ विश्वव्यापीकरण भनेको भमण्डलीयकरण पनि हो ।

विश्वव्यापीकरण १९ औँ शताब्दीपछि परिभाषित शब्द हो जुन आर्थिक विकासबाट वा आर्थिक सन्दर्भमा उत्पत्ति भएको थियो । पछिल्लो समयमा यसले आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा पनि प्रवेश पायो । जस्तै नेपालमा बसेकी श्रीमतीले जापानमा बस्ने श्रीमान्लाई घर खर्चका लागि पैसा पठाइदिनु भन्दा पाँच मिनेटमा नै आई. एम. ई. मार्फत प्राप्त गर्न सकिन्छ । यो विश्वव्यापीकरणको कारणले सम्भव भएको हो । हामी विश्वको एक कुनामा बसेर अर्को महादेश वा देशको खबर, घटना वा अवस्था प्रत्यक्ष देख्न वा अप्रत्यक्ष रूपमा सुन्न र देख्न सक्छौँ । यसो हुनुको मुख्य कारण विश्वव्यापीकरणको नीतिले गर्दा नै हो । यसरी वस्तु, सेवा, पुँजी र सूचनाको राष्ट्रिय सीमापारसम्म परिचालन हुने कुरा विश्वव्यापीकरण वा भूमण्डीकरण हो ।

विशेष गरेर सोभियत सङ्घको विघटन र जर्मनीको पर्खाल भत्किएपछि विकास भएको दृष्टिकोणले संसारलाई ठुलो प्रभाव पाऱ्यो । प्रजातन्त्रीकरण, निजीकरण, स्वतन्त्रता, मानव अधिकार, बजारीकरण जस्ता विकसित अवधारणा विकसित देशमा उत्पत्ति भएर विकासोन्मुख र कम विकसित देशमा विस्तार भए । विकसित देशको आर्थिक विकासप्रतिको दृष्टिकोण र धारणालाई विकसित र विकासोन्मुख देशहरूले अपनाउन बाध्य भए । जुन कुरा विश्वव्यापीकरणको परिणाम थियो । तिनै अवधारणा र दृष्टिकोणको प्रभाव संस्कृति, मूल्य, मान्यता व्यापक रूपमा पऱ्यो ।

विश्वव्यापीकरणको प्रक्रियालाई केही माध्यमले स्थानान्तरणका लागि महत्त्वपूर्ण भूमिका खेले । विदेशी सहयोग, आम सञ्चारका माध्यम, बहुराष्ट्रिय कम्पनीहरू, विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, पर्यटक, प्रविधि, शिक्षा, मानव अधिकार कुटनीतिमार्फत यसलाई फैलाउने काम भयो । त्यसैले यसको प्रभाव विकासोन्मुख राष्ट्रहरूमा बढी परेको पाइन्छ । ती राष्ट्रहरू पश्चिममा विकसित देशका सर्त मानेर उनीहरूबाट ऋण अनुदान आदि लिन बाध्य छन् ।

त्यति मात्र हैन, त्यस्ता सङ्घसंस्थाहरू शासन प्रणालीमा पनि क्रमशः हावी हुँदै गएका छन् । अर्कोतिर विकासोन्मुख देशको बजार विस्तार, प्रविधिमा तीव्र विकास र स्रोत साधनको परिचालनमा परिचालनमा पनि सघाउ पुगेको छ । तसर्थ विश्वव्यापीकरणले एकातिर अवसर सिर्जना गरेको छ अर्कोतिर परनिर्भरता बनाएको छ । प्यालेस्टाइन विश्व प्रणाली सिद्धान्तको माध्यमबाट कसरी शोषण शोषण भएको छ भनेर व्याख्या नै गरेको छ ।

**विश्वव्यापीकरण सकारात्मक र नकारात्मक प्रभाव**

| सकारात्मक प्रभाव | नकारात्मक प्रभाव |
|---|---|
| १. विकसित देशहरूलाई वैदेशिक सम्बन्ध विस्तार गर्न, गरिबी निवारण गर्न र व्यापार असन्तुलन घटाउन सघाउ पुगेको छ । | विज्ञान प्रविधिको विकासले कम विकसित देशहरूलाई तुलानात्मक रूपमा कम लाभ प्राप्त भएको छ । |
| २. विकसित र कम विकसित देशहरूले वैदेशिक सहयोगमार्फत गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधा पाएका छन् । | स्थानीय संस्कृति, परम्परा, मूल्य मान्यता ह्रास आई बिनासुझबुझ विदेशी संस्कृति र परम्पराको नक्कल गर्ने प्रवृत्ति बढेको छ । |
| ३. आम सञ्चारका माध्यमबाट सूचना र ज्ञानको विस्तारमा सहयोग पुगेको छ । | आर्थिक निर्भरता वृद्धि हुनुको साथै राष्ट्रियता र राष्ट्रिय एकता कमजोर भएर विकासोन्मुख देशहरू अझ कमजोर हुने अवस्था सिर्जना भएको छ । |
| ४. व्यापार विविधिकरण, भुक्तानी सन्तुलन, पुँजीको प्रवाह वैदेशिक लगानीमा वृद्धि, श्रमिक कार्यक्षमता वृद्धि तथा स्वतन्त्र | ४. बौद्धिक पलायनले विकसोन्मुख देशमा दक्ष जनशक्तिको अभावले विकास निर्माणमा नकारात्मक प्रभाव पारेको छ । |

| | | |
|---|---|---|
| | व्यापारको विकासमा टेवा पुगेका छ । | |
| ५. | व्यापारमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाले कम मूल्यमा गुणस्तरीय वस्तुको पँहुचमा वृद्धि भएको छ । | वस्तुको प्रसार सँगै लागु पदार्थ, सङ्क्रमक रोग, सामाजिक विचलन जस्ता समस्या पनि देखा परेका छन् । |
| ६. | राष्ट्र राष्ट्रबिचको असमझदारी अन्त्य भएको छ । | धनी र गरिवबिचको दुरी व्यापक विस्तार भएको छ । |
| ७. | विकसित देशमा उपलब्ध सेवा र सुविधाले विकासोन्मुख देशका मानिसहरूको जीवनस्तरमा वृद्धि भएको छ । | विकसित देशहरूले कमजोर र विकासोन्मुख देशमाथि आफ्नै दृष्टिकोण र धारणा जबरजस्त रूपमा लागु गर्न दबाब दिने अवस्था सिर्जना भएको छ । |

### स्थानीयकरण

नेपाली शब्दकोशमा स्थानीयकरण भनेको शासन प्रशासनमा हुने विकेन्द्रीकरण भनिएको छ । स्थानीयकरण भनेको कुनै पनि सेवा वा उत्पादनलाई निश्चित ठाउँमा सीमित पार्ने कुरा बुझिन्छ । स्थानीयकरणले निश्चित ठाउँ विशेषलाई प्राथामिकता दिन्छ । यसले स्थानीय भाषा, संस्कृति, सामाजिक प्रचलन मूल्य मान्यता आदिको संरक्षण र संवर्द्धन गर्ने कुरालाई प्राथमिकता दिन्छ । स्थानीय मानिसको ज्ञान, सिप, प्रविधिको पहिचान र संरक्षणमा जोड दिन्छ । त्यसैले अवधारणा सूचना प्रविधिको पहुँच स्थानीय समुदायसम्म पुऱ्याएर ज्ञानमा आधारित समाजको विकासमा जोड दिन्छ । नवीनतम प्रविधिलाई स्थानीय सिप र प्रविधिमा जोडेर त्यसैका आधारमा हाम्रा परम्परागत मूल्य मान्यताको विकास गर्ने दृष्टिकोण राख्छ ।

यही धारणालाई दृष्टिगत गरेर सङ्घीय प्रणाली अपनाएको छ । जसले स्थानीयकरण, स्थानीय पहिचानमा आधारित भएर शासन गर्न जोड दिन्छ । सङ्घीयताले शासनमा नागरिकको सहभागिता, स्थानीय क्षेत्रको आर्थिक र सामाजिक विकासलाई जोड दिन्छ । त्यसैले यो मौलिकपनाका संरक्षण गर्ने अवधारणामा आएको पाइन्छ । मौलिक पनाको संरक्षणबाट विविधतापूर्ण समाजमा एकता कायम

कायम गर्न सकिने धारणा यसले अघि सार्दा संयुक्त राष्ट्रसङ्घले पनि सहस्राब्दी विकास लक्ष्यमा स्थानीयकरणलाई जोड दिएको थियो । त्यहीँ धारणालाई दिगो विकास लक्ष्यले पनि आत्मसात गरेको गरेको छ । यद्यपि स्थानीयकरणका केही सकारात्मक र केही नकारात्मक पक्ष भने अवश्य छन् जसलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

| **सकारात्मक पक्ष** | **नकारात्मक पक्ष** |
| --- | --- |
| १. पिछडिएको क्षेत्रको विकासमा जोड दिन्छ । | वस्तु तथा सेवाको प्रवाहमा अवरोध सिर्जना हुन्छ । |
| २. जनता केन्द्रित विकासको अवधारणामा आधारित छ । | सीमित र सानो क्षेत्रको विकासमा जोड |
| ३. बाहिरी विश्वको हस्तक्षेप विरुद्ध आवाज उठाउँछ र राष्ट्रियतालाई जोड दिन्छ । | सांस्कृतिक र सामाजिक कटुता सिर्जना गर्छ । |
| ४. स्थानीय वस्तुको उत्पादन र उपभोगमा जोड दिन्छ । | बाह्य संस्कृति र अर्थतन्त्रबाट अलग गराउँछ । |
| ५. स्थानीय संस्कृति परम्पराको संरक्षण गर्न जोड दिन्छ । | वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय प्रवाह हुनबाट रोक्छ । |
| ६. श्रमिकको अन्तर्राष्ट्रिय प्रवाहलाई निरुत्साहित गर्छ । | समग्र राष्ट्रभन्दा पनि निश्चित भौगोलिक क्षेत्रको विकासमा जोड दिन्छ । |

**विश्वव्यापीकरण र स्थानीयकरणको भिन्नता**

| विश्वव्यापीकरण | स्थानीयकरण |
|---|---|
| १. सिमानाविहीन विश्वमा जोड दिन्छ । | स्थानीय विचार र दृष्टिकोणमा जोड दिन्छ । |
| २. न्यून मूल्यमा अन्तर्राष्ट्रिय वस्तु तथा सेवाको प्रवाह हुन्छ । | यसले स्थानीय वस्तु तथा सेवाको प्रवाहमा जोड दिन्छ । |
| ३. दक्ष जनशक्तिले अन्तर्राष्ट्रिय बजार पाउँछन् । | दक्षजनशक्तिले अन्तर्राष्ट्रिय पहिचान पाउँदैनन् । |
| ४. स्थानीय संस्कृति परम्परा मूल्य मान्यता विस्थापित हुन्छन् । | स्थानीय मूल्य मान्यताको संरक्षण हुन्छ । |
| ५. विकसित देशको अविकसित देश माथि हावी हुन्छन् । | यसअन्तर्गत आत्मनिर्भरता हुन्छ । |

*क्रियाकलाप*

स्थानीय उत्पादन प्रवर्धन गर्न आयोजित भेलाबाट तिमीले के अपेक्षा गऱ्यौ ? राष्ट्रिय पत्रिकाको लेखको नमुना तयार पार्नुहोस् ।

## अभ्यास

१. भूमण्डलीकरण भनेको के हो ?

२. भूमण्डलीकरणका दुईओटा विशेषता लेख्नुहोस् ।

३. स्थानीयकरण भनेको के हो ?

४. विश्वव्यापीकरणको सवल पक्षको सूची बनाउनुहोस् ।

५. विश्वव्यापीकरणको नकारात्मक प्रभाव लेख्नुहोस् ।

६. विश्वव्यापीकरणको आर्थिक विशेषता के हुन्छ ?

७. स्थानीयकरण र विश्वव्यापीकरणबिच भिन्नता देखाउनुहोस् ।

८. स्थानीयकरण सवल पक्ष के के हुन् ?


९. सङ्घीयताले स्थानीयकरणलाई प्राथमिकता दिन्छ, कसरी ? पुष्टि गर्नुहोस् ।

## सामुदायिक कार्य

स्थानीय समुदायको भ्रमण गरेर त्यहाँ भएका स्थानीय सिप र ज्ञानलाई कसरी संरक्षण गर्न सकिन्छ ? खोजी गरेर लेख्नुहोस् ।

पाठ ७

# सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जाल



सूचना प्रविधि भन्नाले ध्वनि, तस्बिर, अक्षर तथा अङ्कको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू, कम्प्युटर तथा दूरसञ्चार प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण, सङ्ग्रह वा प्रवाह गर्ने भन्ने बुझिन्छ । आजको युगमा सूचना तथा सञ्चार सञ्चार प्रविधिले मानव जीवनमा ठुलो भूमिका निर्वाह गरेको छ । विश्वव्यापी रूपमा सूचना प्रविधिलाई संसारका धेरै देशहरूको आफ्नै आर्थिक विकासको एक प्रमुख तत्त्वको रूपमा विकास गरेका छन । सूचना प्रविधिलाई कम्प्युटर तथा संचार प्रविधिको रूपमा परिभाषित गर्न सकिन्छ ।सूचना प्रविधिले स्वयम् सेवा सुविधा प्रदान गरेको छ । सूचना प्रविधिले मानव जीवनको सबै क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

सामाजिक प्रगति र प्रविधिमा जोडदार विकासको कारणले मानव जीवनको हरेक पक्षमा सूचनाको सूचनाको भूमिकालाई अत्यन्तै बढाएको छ । यसले रोजगारीमा कम्प्युटर आधारित सूचना प्रणालीको प्रणालीको अध्ययन, डिजाइन, विकास, अनुप्रयोग, कार्यान्वयन, समर्थन वा व्यवस्थापनमा सहयोग गर्छ । सूचना प्रविधिहरूको सहयोगले इमेलहरू, आवाज र भिडियो कलहरू छिटो, सस्तो र सहज भएको छ । वस्तु तथा सेवा खरिद सजिलो र अधिक सुविधाजनकबाट गर्न सकिन्छ । मानव संसाधनद्वारा गरिएका काम अब कम्प्युटर प्रणालीहरूद्वारा गरिन्छ । सूचना र सञ्चार प्रविधिमा भएको तीव्र विकासले गदा आधुनिक विश्व नै एक गाउँ (Global Village) मा रूपान्तरण भएको छ । हालका वर्षहरूमा दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहँदै आएको छ । विश्वव्यापी रूपमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले सामाजिक अन्तरक्रिया (Social Interaction) तथा सार्वजनिक सेवा तथा सूचना प्रवाहमा आधारभूत पिरवर्तन आएको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत प्राप्त प्राप्त हुने अन्य लाभका अतिरिक्त, यो प्रविधिको माध्यमबाट सुशासनको प्रत्याभसत गर्नुका साथै बढी पारदर्शी एवम् प्रभावकारी सार्वजानिक व्यवस्थापनका लागि यथेष्ठ पूर्वाधार निर्माण गर्न सहज हुने अपेक्षा गरिएको छ । साथै सूचना प्रविधि र सूचना प्रविधिमा आधारित विभिन्न सेवालगायत

अन्य उद्योग एवम् सेवाजन्य व्यवसायको वृद्धिद्वारा बृहत्तर राष्ट्रिय लक्ष्य हासिल गर्नमा समेत यो प्रविधि सहायक हुने देखिएको छ । सामानिक सञ्जाल सामाजिक सञ्जाल कम्प्युटरमा आधारित एउटा यस्तो प्रविधि हो जसले विचार, भावना र सूचना प्रवाहमा मद्दत गर्छ । यो सञ्जालले शब्द, श्रव्य, श्रव्यदृश्य (भिडियो) र ग्राफिक्सको रूपमा, भर्चुअल नेटवर्कमार्फत विश्वका विभिन्न स्थानमा रहेका मानिसहरूलाई जोड्छ, एक ठाउँमा ल्याउँछ । सामाजिक सञ्जालको व्यापकता विशाल छ । अनेक नामका धेरैओटा यस्ता सञ्जालका प्रयोगकर्ता विश्वभर पाँच अर्बभन्दा धेरै छन् । सामाजिक सञ्जालका कूल प्रयोगकर्तामध्ये अधिकांश युवा छन् भन्ने कुरा अध्ययनले देखाएका छन् । सामाजिक सामाजिक सञ्जालमा राखिने सामग्री मूलतः त्यो सञ्जाल प्रयोगकर्ताको इच्छाअनुसारका हुन्छन् । निश्चत कानुनी सर्तका अधीनमा रहेर जोसुकैले जस्तोसुकै सामग्री यस्ताप्लेटफर्म मा राख्न सक्छ । अपराध वा हिंसालाई प्रोत्साहन गर्ने, अरूलाई दुख दिने वा अपमान गर्ने, निजी मामिलामा दखल दिने, सम्बन्धित देशका कानुनको उलङ्घन गर्ने जस्ता सामग्री कुनै पनि सामाजिक सञ्जालमा राख्न राख्न बन्देज गरिएको हुन्छ । यदि कसैले त्यस्ताप्रतिबन्धित सामग्री राखेमा वा त्यस्तो व्यवहार गरेमा गरेमा कानुनबमोजिम कारबाही हुन्छ । इन्टरनेटमा दर्जनौं सामाजिक सञ्जाल सञ्चालनमा छन् । प्रयोगकर्ताको सङ्ख्याका हिसाबले फेसबुक, युट्युब, वाट्सयाप, इन्स्टाग्राम, विच्याट, टिकटक, मेसेन्जर, सिना वाइबो आदि ठुला सामाजिक सञ्जाल हुन् । यीमध्ये सबैभन्दा ठुलो सञ्जाल फेसबुकका प्रयोगकर्ता झन्डै तीन अर्व छन् । खास गरी युवाहरूमा अत्यन्तै लोकप्रिय देखिने युट्युब युट्युब दोस्रो ठुलो सामाजिक नेटवर्क हो । संसारभरका साढे दुई अर्वभन्दा धेरै मानिसले युट्युब चलाउँछन् । थोरैले मात्र प्रयोग गर्छन् । जस्तो देखिने टेलिग्राम नामको सामाजिक सञ्जालमा समेत समेत ३० करोड मानिस जोडिएका छन् । इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग (Use of Internet and Social Media) आजको विज्ञान र प्रविधिको युगमा इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग अपरिहार्य भइसकेको सन्दर्भमा यसको सुरक्षित प्रयोगका बारेमा पनि जानकारी राख्नुपर्छ ।

**इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्छ :**

१. व्यक्तिगत सूचना गोप्य राख्ने, सामाजिक सञ्जालमा नराख्ने

२. सामाजिक सञ्जाल ह्याक हुने जोखिम कम गर्न प्राइभेसी र सेक्युरिटी सेटिङ मिलाउने

३. असल र विश्वासिलो व्यक्तिहरूसँग मात्र मित्रता गर्ने

४. राम्ररी सोचविचार गरेर मात्र कुनै स्टाटस वा कमेन्ट गर्ने

५. कसैले तपाईंका बारेमा केही पोस्ट गर्दा अप्ठ्यारो लाग्छ भने तुरुन्त उसलाई जानकारी गराउने

६. कसैले तपाईंलाई निराश बनाउन प्रयास गर्दै छ वा धम्की दिँदै छ भने उसलाई साथीको लिस्टबाट हटाउने, ब्लक गर्ने

७. नराम्रो भाषा वा विषयवस्तुले पछि आफैँलाई हानि पुऱ्याउने भएकाले सामाजिक सञ्जालमा राम्रोप्रतिष्ठा प्राप्त गर्ने प्रयत्न गर्ने

८. कुनै शङ्कास्पद सन्देश वा इमेल आएमा त्यो हानिकारक हुन सक्छ, त्यसलाई नखोल्ने, कम्प्युटरमा एन्टिभाइसर, इन्टरनेट सेक्युरिटी आदि इन्स्टल गरेर बेलाबेलामा scan गर्दै कम्प्युटरलाई सुरक्षित राख्ने

१०. सामाजिक सञ्जालमा भएको आफ्नै व्यक्तिगत खातामा बलियो पासवर्ड राख्ने

## इन्टरनेट र सामाजिक सञ्जालको प्रयोगमा अभिभावक र शिक्षकको भूमिका

सुरक्षित इन्टरनेट र सामाजिक सञ्जालको प्रयोगमा अभिभावक र शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ । यस प्रविधिको सुरक्षित प्रयोगका बारेमा अभिभावक र शिक्षकले बालबालिकालाई सिकाउने र आफूले पनि सोही तरिका पालना गर्ने गर्नुपर्छ । बालबालिकाले यसका कतिपय कुराहरू खेल्दाखेल्दै वा साथीहरूमार्फत पनि सिकेका हुन्छन् तर उनीहरूले के के गर्छन् वा चलाउँछन् भनेर जानकारी राख्ने र उनीहरूलाई इन्टरनेट र सामाजिक सञ्जाल प्रयोग गर्दा हुन सक्ने जोखिम र सुरक्षित हुने उपायका बारेमा अभिभावक र शिक्षकले जानकारी गराउनुपर्छ । यससम्बन्धी अभिभावक र शिक्षकलाई आवश्यक पर्ने जानकारी पनि इन्टरनेटमा पाइन्छन् । अभिभावक र शिक्षकले इन्टरनेट र सामाजिक सञ्जाल प्रयोग गर्दा बालबालिकामा आएका परिवर्तन पनि नियाल्नुपर्छ । इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग गर्दा उनीहरू उत्पीडनमा पनि परेका हुन सक्छन् । इन्टरनेट र सामाजिक सञ्जालको अनावश्यक प्रयोग गर्ने वा अचानक प्रयोग गर्नै छोड्ने, सामाजिक जमघटमा कम रुचि देखाउने, पढाइ र खेलकुदमा मन नलगाउने, विद्यालय जान अरुचि देखाउने आदि लक्षणहरू देखिएमा बालबालिकासँग बसेर कुराकानी गर्नुपर्छ । बालबालिकासँग इन्टरनेट र सामाजिक सञ्जालको सुरक्षित प्रयोगका बारेमा उनीहरूकै अगाडि इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग गर्दै सिकाउँदै गर्दा उनीहरूले छिटो सिक्न सक्छन् ।

## अभ्यास

१. सूचना प्रविधि भनेको के हो ?

२. सामाजिक सञ्जाल भनेको के हो ?

३. सामाजिक सञ्जालका कुनै दुई उदाहरण उल्लेख गर्नुहोस् ।

४. सामाजिक सञ्जालका कुनै दुई प्रभाव लेख्नुहोस् ।

५. सूचना प्रविधिले वर्तमान समाजमा पारेका प्रभाव लेख्नुहोस् ।

६. सूचना प्रविधिले मानव समाजमा पारेका प्रभावहरूको अध्ययन गरी बुदाँगत रूपमा टिपोट गर्नुहोस् ।

७. इन्टरनेट र सामाजिक सञ्जालको उत्तरदायी प्रयोग किन महत्त्वपूर्ण छ ? बुँदागत रूपमा लेख्नुहोस् ।

८. सामाजिक सञ्जाललाई सुरक्षित तरिकाले प्रयोग गर्न कस्ता कुरामा ध्यान दिनुपर्छ ?

९. इन्टरनेट र सामाजिक सञ्जालको प्रयोगमा अभिभावक र शिक्षकको भूमिका शीर्षकमा लेख तयार पार्नुहोस् ।

*एकाइ १०*

# जनसङ्ख्या र यसको व्यवस्थापन

## एकाइ परिचय

यस एकाइअन्तर्गत  नेपालको जनसङ्ख्याको बनोट तथा वितरणको सङ्क्षेपमा चर्चा गरिन्छ । यसबाहेक पारिवारिक योजनाको अवधारणा र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध व्यक्ति गर्ने विषयहरू अध्ययन गरिन्छ । यस एकाइमा जनसङ्ख्या र वातावरणबिचको सम्बन्ध तथा जनसङ्ख्याको व्यवस्थापनका विषयको बारेमा ज्ञान आजृन गर्न सकिने छ। विश्वको जनसङ्ख्याको वितरण, जनसङ्खयाको प्रवृत्ति पहिचान गर्न र वृद्धिदरको नेपालसँग तुलना गर्न विषयहरू अध्ययन गरिने छ।

(क) नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न

(ख) पारिवारिक योजनाको अवधारणा र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध उल्लेख गर्न

(ग) जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध पहिचान गर्न

(घ) विश्वमा जनसङ्ख्याको अवस्था र वृद्धिदरको प्रवृत्ति पहिचान गर्न र वृद्धिदरको नेपालसँग तुलना गर्न ।

पाठ १

# नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर

## जनसङ्ख्याको परिचय

जनसङ्ख्या जन र सङ्ख्या दुई शब्द मिलेर बन्छ । शाब्दिक रूपमा जन भन्नाले मानिस र सङ्ख्याले अर्थ कति जना भन्ने बुझिन्छ । यसरी हेर्दा जनसङ्ख्याले गणना गर्दा आउने मानिसको सङ्ख्यालाई बुझाउँछ । अर्थात् कुनै निश्चित भौगोलिक क्षेत्रमा निश्चित समयमा स्थायी रूपले बसोबास गरिरहेका सम्पूर्ण मानिसहरूको सङ्ख्यालाई जनसङ्ख्या भनिन्छ । जनसङ्ख्या गतिशील र परिवर्तनशील हुन्छ । यो स्थिर नभई समयसँग परिवर्तन भइरहने हुनाले मानिसहरूको गणना कुनै एक निश्चित भौगोलिक क्षेत्र र समयका आधारमा गरिएको हो । अर्थात् कुनै ठाएको जनसङ्ख्या भनेको उक्त ठाउँमा निश्चित अवधिमा बसोबास गर्ने सबै उमेर समूह, जातजाति, भाषा, क्षेत्र, लिङ्ग, धर्म, पेसाका मानिसहरूको कुल सङ्ख्यालाई जनाउँछ । नेपालको जनसङ्ख्या भनेको नेपाल अधिराज्यभरि बसोबास गर्ने सम्पूर्ण मानिसहरूको सङ्ख्या नै हो ।

## नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर

कुनै पनि ठाएको जनसङ्ख्या जन्म, मृत्यु र बसाईंसराईंका कारणले निरन्तर परिवर्तन भइरहन्छ । जनसङ्ख्या निरन्तर परिवर्तन भइरहने हुनाले जनसङ्ख्याको आकार निश्चित हुँदैन । त्यसैले कुनै निश्चित समय अवधि तोकेर मात्र जनसङ्ख्याको आकार बताउन सकिन्छ । कुनै एक निश्चित भौगोलिक क्षेत्रमा निश्चित समयमा बसोबास गर्ने बालबालिका, युवायुवती, वृद्धवृद्धाहरूको कुल सङ्ख्या नै जनसङ्ख्याको आकार हो । निष्कर्षमा कुनै पनि ठाएको निश्चित समयको जनसङ्ख्या नै त्यस ठाउँको जनसङ्ख्याको आकार हो भन्न सकिन्छ । । वि.सं. २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजाअनुसार नेपालको कुल जनसङ्ख्या २,९१,९२,४८० रहेको छ र त्यो समयमा उक्त जनसङ्ख्यालाई नेपालको जनसङ्ख्याको आकार मानिन्छ ।

जन्म, मृत्यु र बसाईंसराईंले जनसङ्ख्याको आकारमा परिवर्तन आउँछ । यसरी जन्म, मृत्यु र बसाईंसराईंले कुनै निश्चित स्थानको जनसङ्ख्याको आकारका आउने परिवर्तन वा वृद्धिलाई नै जनसङ्ख्या वृद्धि भनिन्छ । प्रतिसय सङ्ख्यामाप्रतिवर्ष वृद्धि हुने सङ्ख्यालाई नै जनसङ्ख्या वृद्धिदर भनिन्छ । नेपालमा वि.सं.२०६८ सालको जनगणनाअनुसार वार्षिक जनसङ्ख्या वृद्धिदर १.३५

प्रतिशत थियो भने २०७८ को जनगणनाअनुसार जनसङ्ख्या वृद्धिदर वार्षिक ०.९३ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ ।

नेपालमा जनगणना लिने कार्य वि.सं. १९६८ सालबाट सुरु भएको हो । त्यसपछि प्रत्येक १०-१० वर्षमा जनगणना लिने कार्य गरिँदै आइरहेको छ । सबभन्दा पछिल्लो पटक वि.सं. २०७८ सालमा बाह्रौँ जनगणना सम्पन्न भयो । विभिन्न जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार, वृद्धिदर र जनसङ्ख्या दोब्बर हुन लाग्ने समयलाई निम्नअनुसार देखाउन सकिन्छ :

नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर वि.सं. १९६८-२०७८

| क्र.सं. | जनगणना वर्ष | जनसङ्ख्या | जनसङ्ख्या वृद्धिदर % | जनसङ्ख्या दोब्बर हुन लाग्ने समय |
|---|---|---|---|---|
| १. | वि.सं. १९६८ (सन् १९११) | ५६,३८,७४९ | - | - |
| २. | वि.सं. १९७८ (सन् १९२०) | ५५,७३,७८८ | -०.१३ - | - |
| ३. | वि.सं. १९८८ (सन् १९३०) | ५५,३२,५७४ | -०.०७ | - |
| ४. | वि.सं. १९९८ (सन् १९४१) | ६२,८३,६४९ | १.१६ | ६० वर्ष |
| ५. | वि.सं. २००९/११ (सन् १९५२/५४) | ८२,५६,६२५ | २.२८ | ३१ वर्ष |
| ६. | वि.सं. २०१८ (सन् १९६१) | ९४,१२,९९६ | १.६४ | ४३ वर्ष |
| ७. | वि.सं. २०२८ (सन् १९७१) | १,१५,५५,९८३ | २.०५ | ३४ वर्ष |
| ८. | वि.सं. २०३८ (सन् १९८१) | १,५०,२२,८३९ | २.६२ | २७ वर्ष |
| ९. | वि.सं. २०४८ (सन् १९९१) | १,८४,९१,०९७ | २.०८ | ३४ वर्ष |
| १०. | वि.सं. २०५८ (सन् २००१) | २,३१,५१,४२३ | २.२५ | ३१ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| ११. | वि.सं. २०६८ (सन् २०११) | २,६४,९४,५०४ | १.३५ | ५२ वर्ष |
| १२. | वि.सं. २०७८ (सन् २०२१) | २,९१,९२,४८० | ०.९३ | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

नेपालमा पहिलोपटक जनगणनाको वि.सं. १९६८ मा लिइएको थियो । उक्त जनगणनामा नेपालको जनसङ्ख्या ५६,३८,७४९ रहेको थियो भने त्यसपछि वि.सं. १९८७ को जनगणनासम्म नेपालको जनसङ्ख्या घटेको देखिन्छ भने जनसङ्ख्या वृद्धिदर ऋणात्मक देखिन्छ । वि.सं. १९८७ मा नेपालको जनसङ्ख्या घट्नुका मुख्य कारणहरूमा अवैज्ञानिक जनगणना विधि, विश्वव्यापी रूपमा फैलिएको इन्फ्लुएन्जा (Influenza) को महामारी आदिलाई मान्न सकिन्छ । त्यस्तै प्रथम विश्वयुद्धमा कतिपय गोरखा सैनिकहरू मारिएर गणना हुनबाट छुट्नु आदि मुख्य कारण हुन् । वि.सं. २००९/११ बाट नेपालमा वैज्ञानिक ढङ्गले जनगणना गर्ने काम सुरु भएको हुनाले उक्त जनगणनालाई नेपालको पहिलो वैज्ञानिक जनगणना भनिन्छ । उक्त जनगणनामा नेपालको जनसङ्ख्या ८२,५६,६२५ र वार्षिक वृद्धिदर २.२८ प्रतिशत रहेको थियो । उक्त समयमा जनसङ्ख्या वृद्धि हुनाको कारण नेपाली गोर्खाली सैनिकहरू घर फर्कनु र प्रवासी नेपालीको आगमनमा वृद्धि हुनु हो । वि.सं. २०५८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार २,३१,५१,४२३ र वृद्धिदर २.२५ प्रतिशत रहेको छ । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार २,६४,९४,५०४ र जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेको छ । वि.सं. १९६८ मा ५६,३८,७४९ रहेको नेपालको कुल जनसङ्ख्या ठिक सय वर्षपछि वि.सं. २०६८ मा ५ गुणाले बढ्न गई २,६४,९४,५०४ भएको देखिन्छ । त्यस्तै राष्ट्रिय जनगणना वि.सं. २०७८ को प्रारम्भिक नतिजाअनुसार नयाँ नक्साको सम्पूर्ण भूभागसमेत समेटेर गणना गरिएको छ । जसअनुसार नेपालको जनसङ्ख्या २,९३,६४,५७८ पुगेको छ । जुन दश वर्षअघि (२०६८ साल) को जनसङ्ख्याको तुलनामा २८७००७४ ले बढी हो । १० वर्षमा नेपालको जनसङ्ख्या १०.१८ प्रतिशतले बढेको छ । विगत १० वर्षको सरदर वार्षिक वृद्धिदर ०.९३ प्रतिशत देखिन्छ । जुन अघिल्लो जनगणनामा १.३५ प्रतिशत देखिन्छ । यसरी हेर्दा जनसङ्ख्या वृद्धिदर घट्दै गएको देखिन्छ । जनसङ्ख्या वृद्धिदर घट्नुका प्रमुख कारणहरूमा जन्मदरमा ह्रास आउनु, स्वास्थ्य सेवामा सुधार भई मृत्युदरमा कमी आउनुलाई मान्न सकिन्छ । यस बाहेक परिवार नियोजनका

साधनहरूको प्रयोग, विवाहको औसत उमेरमा वृद्धि, शिक्षा र चेतनाको स्तरमा वृद्धि आदिलाई मान्न सकिन्छ ।

## अभ्यास

(क) जनसङ्ख्या भनेको के हो ?

(ख) जनसङ्ख्याको आकार भन्नाले के बुझिन्छ ?

(ग) वि.सं. १९६८ देखि वि.सं. २०७८ सम्मको जनसङ्ख्याको अवस्था हेर्दा नेपालमा दिनप्रतिदिन जनसङ्ख्या बढ्दै गएको देखिन्छ । यसरी जनसङ्ख्या वृद्धि हुनाका कारण के के होलान् ।

(घ) बिगतदेखिको जनसङ्ख्याको अवस्था हेर्दा जनसङ्ख्या वृद्धिदर घट्दै गएको देखिन्छ, कारण खोजी गरेर लेख्नुहोस् ।

पाठ २

# नेपालको जनसङ्ख्याको बनोट

उमेर, लिङ्ग, मातृभाषा, धर्म, पेसा, जातजाति, शैक्षिक स्थिति आदिका आधारमा वर्गीकरण गरिएको मानिसहरूको सङ्ख्यालाई जनसङ्ख्याको बनोट भनिन्छ । जनसङ्ख्या अध्ययनमा जनसङ्ख्याको बनोट महत्वपूर्ण पक्ष मानिन्छ । जनसङ्ख्याको बनोटको अध्ययनबाट कुनै पनि देशको जनसङ्ख्याको संरचना कस्तो छ भन्ने जानकारी प्राप्त हुन्छ । जनसङ्ख्याको बनोटको अध्ययनबाट कुनै पनि देशको कुल जनसङ्ख्यामा महिला, पुरुष, बालबालिका, युवायुवती, ज्येष्ठ नागरिकको सङ्ख्या कति कति रहेको छ भन्ने थाहा पाउन सरिन्छ । यसै गरी जाति, धर्म, भाषा र पेसाको आदिको आधारमा जनसङ्ख्याको बनोट कस्तो छ भन्ने पनि थाहा पाउन सकिन्छ । जनसङ्ख्याको बनोटको आधारमा आर्थिक रूपमा सक्रिय र निस्क्रिय जनसङ्ख्याको बारेमा पनि थाहा हुन्छ । सरकारलाई जनसङ्ख्या बनोटको अवस्थाको आधारमा देशको आर्थिक विकासमा योगदान पु-याउन सक्ने जनसङ्ख्या कति छन् भनी पत्ता लगाउन पनि सजिलो हुन्छ । यसबाट देश विकासका लागि निति, कार्यक्रम तथा योजना निर्माणमा सहयोग पुग्दछ । कुनै निश्चित समुदाय वा समाजको वास्तविक अवस्थाको पनि पहिचान हुन्छ । भौगोलिक क्षेत्रको अवस्था र सम्भावनाबारे जानकारी लिन सकिन्छ । जनसङ्ख्याको बनोटको आधारमा देशको कुल जनसङ्ख्यालाई लिङ्गअनुसार, जातजाति, पेसाअनुसार, धर्मअनुसार, उमेरअनुसार, मातृभाषाअनुसार, शैक्षिक स्थितिअनुसार र धर्मअनुसार जनसङ्ख्याको वर्गीकरण गर्न सकिन्छ ।

### लिङ्गअनुसार जनसङ्ख्याको बनोट

देशको जनसङ्ख्यालाई पुरुष तथा महिलाको आधारमा गरिएको वर्गीकरणलाई लिङ्गअनुसार जनसङ्ख्याको बनोट भनिन्छ । महिला र पुरुषको आधारमा बेग्ला बेग्लै जनसङ्ख्या गणना गर्दा कुनै पनि ठाउँ/क्षेत्र वा देशको लिङ्गअनुसारको जनसङ्ख्याको बनोट पत्ता लगाउन सकिन्छ । लिङ्गको आधारमा नेपालको जनसङ्ख्यालाई वि.सं.२०६८ तथा वि.सं.२०७८को जनगणनाअनुसार तालिकामा देखाइएको छ ।

लिङ्गअनुसार जनसङ्ख्याको बनोट

| जनगणना वर्ष | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| वि.सं. २०६८ (सन् २०११) | १,२८,४९,०४१ | ४८.४९ | १,३६,४५,४६३ | ५१.५० | २,६४,९४,५०४ |
| वि.सं. २०७८ (सन् २०२१) | १,४२,५३,५५१ | ४८.९८ | १,४९,११,०२७ | ५१.२ | २,९१,६४,५७८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

माथिको तालिकामा लिङ्गअनुसार जनसङ्ख्याको बनोट गरिएको छ। जसअनुसार वि.सं.२०६८ को जनगणनाअनुसार पुरुषको सङ्ख्या १,२८,४९,०४१ र महिलाको सङ्ख्या १,३६,४५,४६३ थियो। वि.सं. २०७८ को जनगणनाअनुसार पुरुषको सङ्ख्या १,४२,५३,५५१ र महिलाको सङ्ख्या १,४९,११,०२७ रहेको देखिन्छ। वि.सं.२०६८ को जनगणनाअनुसार पुरुषको भन्दा महिलाको सङ्ख्या ७,९६,४२२ ले बढी थियो भने २०७८ को जनगणनाअनुसार पुरुषको भन्दा महिलाको सङ्ख्या ६,५७,४७६ ले बढी रहेको देखिन्छ। विगत १० वर्षको लिङ्गअनुसार जनसङ्ख्याको बनोट तुलना गर्दा वि.सं.२०६८ मा ४८.४९ प्रतिशत भएको पुरुषको सङ्ख्या वि.सं. २०७८ मा ४८.९८ प्रतिशत पुगेको छ। त्यस्तै वि.सं.२०६८ मा ५१.५० प्रतिशत भएको महिलाको सङ्ख्या वि.सं. २०७८ मा ५१.०२ रहेको देखिन्छ।

जातजातिअनुसार जनसङ्ख्याको बनोट

नेपाललाई बहुजातीय मुलुक मानिन्छ र यहाँ विभिन्न जातजातिका मानिसहरूको बसोबास भएको पाइन्छ। नेपालमा वि.सं. २०४८ को जनगणनाबाट तथ्याङ्कगत रूपमा कुन जातजाति कहाँ र कति बस्छन् भनेर अभिलेख राख्ने कामको सुरुआत गरिएको हो।

तालिका २ : राष्ट्रिय जनगणना २०६८ र २०७८ मा कुल जनसंख्याको १ प्रतिशतभन्दा बढी जनसंख्या भएका जात/जातिहरू

| राष्ट्रिय जनगणना २०७८ | | | राष्ट्रिय जनगणना २०६८ | | |
|---|---|---|---|---|---|
| जात/जाति | जनसंख्या | प्रतिशत | जात/जाति | जनसंख्या | प्रतिशत |
| क्षेत्री | ४७९६९९५ | १६.४५ | क्षेत्री | ४३९८०५३ | १६.६० |
| ब्राह्मण-पहाड | ३२९२३७३ | ११.२९ | ब्राह्मण-पहाड | ३२२६९०३ | १२.१८ |
| मगर | २०१३४९८ | ६.९० | मगर | १८८७७३३ | ७.१२ |
| थारू | १८०७१२४ | ६.२० | थारू | १७३७४७० | ६.५६ |
| तामाङ | १६३९८६६ | ५.६२ | तामाङ | १५३९८३० | ५.८१ |
| विश्वकर्मा | १४७००१० | ५.०४ | कामी | १२५८५५४ | ४.७५ |
| मुसलमान | १४१८६७७ | ४.८६ | मुसलमान | ११६४२५५ | ४.३९ |
| नेवाः (नेवार) | १३४१३६३ | ४.६० | नेवार | १३२१९३३ | ४.९९ |
| यादव | १२२८५८१ | ४.२१ | यादव | १०५४४५८ | ३.९८ |
| राई | ६४०६७४ | २.२० | राई | ६२०००४ | २.३४ |
| परियार | ५६५९३२ | १.९४ | दमाइ/ढोली | ४७२८६२ | १.७८ |
| गुरूङ | ५४३७९० | १.८६ | गुरूङ | ५२२६४१ | १.९७ |
| ठकुरी | ४९४४७० | १.७० | ठकुरी | ४२५६२३ | १.६१ |
| मिजार | ४५२२२९ | १.५५ | सार्की | ३७४८१६ | १.४१ |
| तेली | ४३१३४७ | १.४८ | तेली | ३६९६८८ | १.४० |
| याक्थुङ/लिम्बु | ४१४७०४ | १.४२ | लिम्बु | ३८७३०० | १.४६ |
| चमार/हरिजन/राम | ३९३२५५ | १.३५ | चमार/हरिजन/राम | ३३५८९३ | १.२७ |
| कोइरी/कुसवाहा | ३५५७०७ | १.२२ | कोइरी/कुसवाहा | ३०६३९३ | १.१६ |

## धर्मअनुसार जनसङ्ख्याको बनोट

नेपाल एक बहुधार्मिक मुलुक हो । यहाँ विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गर्छन् भन्ने कुरा विभिन्न तथ्याङ्कहरूले पुष्टि गर्नुहोस्का छन् । हाम्रो देशमा धार्मिक विविधता भए तापनि विभिन्न धर्म मान्ने मानिसहरूबिच धार्मिक सद्भाव र सहिष्णुता रहेको पाइन्छ । त्यस्तै नेपालीहरू सबै धर्मका धार्मिक क्रियाकलापमा संलग्न हुने प्रवृत्तिको विकास भएको पाइन्छ ।

तालिका ९ : राष्ट्रिय जनगणना २०७८ र २०६८ मा व्यक्तिहरूले अपनाएका धर्महरू

| राष्ट्रिय जनगणना २०७८ | | | राष्ट्रिय जनगणना २०६८ | | |
|---|---|---|---|---|---|
| धर्म | जनसंख्या | प्रतिशत | धर्म | जनसंख्या | प्रतिशत |
| हिन्दु | २३६७७७४४ | ८१.१९ | हिन्दु | २१५५१४९२ | ८१.३४ |
| बौद्ध | २३९३५४९ | ८.२१ | बौद्ध | २३९६०९९ | ९.०४ |
| इस्लाम | १४८३०६६ | ५.०९ | इस्लाम | ११६२३७० | ४.३९ |
| किरात | ९२४२०४ | ३.१७ | किरात | ८०७१६९ | ३.०५ |
| क्रिश्चियन | ५१२३१३ | १.७६ | क्रिश्चियन | ३७५६९९ | १.४२ |
| प्रकृति | १०२०४८ | ०.३५ | प्रकृति | १२१९८२ | ०.४६ |
| बोन | ६७२२३ | ०.२३ | बोन | १३००६ | ०.०५ |
| जैन | २३९८ | ०.०१ | जैन | ३२१४ | ०.०१ |
| बहाई | ५३७ | ०.०० | बहाई | १२८३ | ०.०० |
| सिख | १४९६ | ०.०१ | सिख | ६०९ | ०.०० |
| | | | नखुलेको | ६१५८१ | ०.२३ |
| जम्मा | २९१६४५७८ | १०० | जम्मा | २६४९४५०४ | १०० |

## उमेरअनुसार जनसङ्ख्याको बनोट

उमेरअनुसार जनसङ्ख्याको बनोट भन्नाले उमेर समूहअनुसार गरिएको जनसङ्ख्याको वर्गीकरण अर्थात् प्रतिशत भन्ने बुझिन्छ । जनसङ्ख्याको उमेरअनुसार जनसङ्ख्याको बनोटलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ। जनसङ्ख्याको उमेर समूहलाई एक/एक वर्ष, पाँच/पाँच वर्ष र दश/दस वर्ष वा मुख्य उमेर समूह (१५ वर्ष मुनि), (१५ देखि ५९ वर्ष) र ६० वर्षभन्दा माथि) को आधारमा वर्गीकरण गरेको पाइन्छ । सामान्यतया हाम्रो देशमा भने उमेरअनुसार जनसङ्ख्याको बनोटलाई १५ वर्षमुनिका बालबालिकाको जनसङ्ख्या, १५ वर्षदेखि ५९ वर्षको जनसङ्ख्या र ६० वर्ष माथिको जनसङ्ख्याको अवस्थामा वर्गीकरण गर्ने गरिन्छ । यस अन्तर्गत पनि साधारणतया १५ देखि ५९ वर्षका उमेर समूहका जनसङ्ख्यालाई सक्षम र क्रियाशील जनशक्ति भनिन्छ । १५ वर्ष मुनिका र ६० वर्ष माथिका जनसङ्ख्यालाई आश्रित जनसङ्ख्या भनिन्छ । उमेरअनुसारको जनसङ्ख्याको तथ्याङ्कको आधारमा विद्यार्थी भर्ना प्रतिशत निकाल्न मदत पुग्छ । यहाँ उमेर समूहअनुसार जनसङ्ख्याको बनोटलाई देखाइएको छ ।

विभिन्न उमेर समूहअनुसार जनसङ्ख्याको बनोट प्रतिशतमा (२०३८-२०७८)

| उमेर समूह | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|
| १५ वर्षमुनि | ४१.४ | ४२.४ | ३९.३५ | ३४.९१ | २७.८३ |
| १५-५९ | ५२.९ | ५१.८ | ५४.१५ | ५६.९५ | ६१.९६ |
| ६० वर्ष र सोभन्दा माथि | ५.७ | ५.८ | ६.५० | ८.१४ | १०.२१ |
| कुल | १००.०० | १००.०० | १००.०० | १००.०० | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

माथिको तालिकामा वि.सं. २०३८ देखि वि.सं. २०६८ सम्मका मुख्य तीन उमेर समूहअनुसार जनसङ्ख्याको बनोट प्रस्तुत गरिएको छ । सबै जनगणनाको तथ्याङ्कलाई हेर्दा सक्रिय जनसङ्ख्याको प्रतिशत बढी देख्न सकिन्छ । ६० वर्षभन्दा माथिको जनसङ्ख्याको प्रतिशत हरेक जनगणनामा बढ्दै गएको तथ्याङ्कबाट देखिएको छ । त्यस्तै १५ वर्षमुनिको जनसङ्ख्या पनि पछिल्लो जनगणनामा बढ्दै गएको छ । यसबाट के भन्न सकिन्छ भने पछिल्ला वर्षहरूमा मानिसमा बढ्दै गएको सचेतना, स्वास्थ्य शिक्षाको प्रचार प्रसार र स्वास्थ्य सुविधामा भएको वृद्धिका कारणले हो ।

पेसाअनुसार जनसङ्ख्याको बनोट

पेसाअनुसार जनसङ्ख्याको बनोट संरचनाले कति प्रतिशत जनसङ्ख्या कुन पेसामा संलग्न छ भन्ने कुरालाई देखाउँछ । यसबाट देशको जनसङ्ख्या कस्ता प्रकारका आर्थिक क्रियाकलापमा संलग्न रहेका छन् भन्ने कुरा प्रष्ट पार्छ । यस तथ्याङ्को आधारमा सरकारलाई आर्थिक विकासका योजना बनाउन सहयोग पुग्छ । यहाँ वि.सं. २०५८ र २०७८ को जनगणनाअनुसार पेसागत रूपमा जनसङ्ख्याको बनोटलाई प्रस्तुत गरिएको छ ।

पेसाअनुसार जनसङ्ख्याको बनोट (२०५८ – २०७८)

| पेसा | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|
| कृषि | ६५.७० | ६०.४३ | ५०.६ |
| गैर कृषिक्षेत्र | ३४.३० | ३९.५७ | ४९.४ |
| जम्मा | १०० | १०० | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

माथिको तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने वि.सं. २०५८ को तुलनामा २०६८ को जनगणनाअनुसार कृषि पेसा अँगाल्ने मानिसहरूको सङ्ख्या घटिरहेका छन् । त्यसै गरी कृषिबाहेक अन्य पेसा व्यवसायमा लाग्नेहरूको सङ्ख्या बढीरहेको छ । वि.सं. २०५८ को तथ्याङ्कअनुसार कृषि पेसामा लाग्नेहरू ६५.७० छन् भने २०६८ मा आउँदा घटेर ६०.४३ पुगेको देखिन्छ । त्यस्तै गैरकृषि क्षेत्रमा वि.सं. २०५८ मा ३४.३० रहेकोमा २०६८ मा बढेर ३९.५७ पुगेको देखिन्छ । वि.सं २०७८को जनगणनामा कृषि पेसामा संलग्न सङ्ख्या ५०.६% तथा गैरकृषि क्षेत्रमा ४९.४% सहेको छ । यसबाट के भन्न सकिन्छ भने नेपालमा दिनप्रतिदिन शिक्षित जनसङ्ख्या बढ्दै गएको छ । व्यावसायिक तथा सिपमूलक तालिम लिनेहरूको सङ्ख्यामा पनि वृद्धि हुँदै गएको छ । यसले जनताहरूको जीवनस्तर उकास्नका लागि मदत गर्छ । त्यस्तै देशको आर्थिक विकासमा पनि थप टेवा पु¥याउँछ ।

### शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको बनोट

शिक्षा मानव समाजको विकासको एउटा मुख्य सुचक र आधारशिला पनि हो । शिक्षाको विकासबाट नै देशको आर्थिक तथा सामाजिक विकास गर्न सकिन्छ । शैक्षिक स्तरअनुसार जनसङ्ख्याको बनोटबाट देशमा कति व्यक्तिहरू साक्षर छन् र कति व्यक्ति निरक्षर छन् भन्ने कुरा थाहा पाउन सकिन्छ । यही तथ्याङ्कको आधारमा सरकारलाई आर्थिक विकासका लागि निति तथा योजना बनाउन मदत पुग्छ । नेपालमा वि.सं. २००९/११ को जनगणनादेखि साक्षरतासम्बन्धी तथ्याङ्क सङ्कलन गर्न थालिएको हो । ६ वर्षभन्दा माथिकालाई साक्षरमा गणना गरिएको थियो ।

वि.सं. २०६८ को जनगणनाले पाँच वर्षभन्दा माथिकालाई साक्षरतामा गणना गरेको थियो । यहाँ तालिकामा वि.सं. २०५८ देखि २०७८ सम्मको साक्षरता प्रतिशतलाई देखाइएको छ ।

५ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याको साक्षरता प्रतिशत (वि.सं. २०५८–२०७८)

| जनगणना वर्ष | पुरुष | महिला | कुल |
|---|---|---|---|
| वि.सं. २०५८ | ६५.५ | ४२.८ | ५४.१ |
| वि.सं. २०६८ | ७५.१ | ५७.४ | ६५.९ |
| वि.सं. २०७८ | ८३.६ | ६९.४ | ७६.२ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८*

माथिको तालिकाबाट वि.सं. २०५८ को जनगणनादेखि क्रमश : साक्षरता प्रतिशत बढ्दै गएको देखिन्छ । वि.सं. २०५८ को जनगणनामा ५४.१ प्रतिशत रहेको कुल तथ्याङ्क २०६८ मा बढेर ६५.९ पुगेको छ । वि. सं २०७८ को जनगणनाअनुसार पुरुष साक्षरताको तुलनामा महिलाको साक्षरता प्रतिशत कम देखिए तापनि क्रमस : बढ्दै गएको तथ्याङ्कबाट देख्न सकिन्छ ।

## अभ्यास

१. जनसङ्ख्याको बनोट भनेको के हो ?

२. देशको कुल जनसङ्ख्यालाई जनसङ्ख्याको बनोटको आधारमा कति भागमा वर्गीकरण गरिएको छ ? उल्लेख गर्नुहोस् ।

२. लिङ्गअनुसार जनसङ्ख्याको बनोट भनेको के हो ? नेपालमा लिङ्गअनुसार जनसङ्ख्याको बनोट कस्तो छ ?

३. शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको बनोट भन्नाले के बुझिन्छ ? शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको बनोटबाट राष्ट्रलाई के फाइदा हुन्छ ?

४. वि.सं. २०५८ को जनगणनामा गैरकृषि पेसामा लाग्न मानिसहरूको सङ्ख्या बढ्दै गएका देखिन्छ ? यसो हुनाका कारण के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् ।

५. तपाईंको समुदायमा विभिन्न पेसामा संलग्न व्यक्तिको विवरण तयार गर्नुहोस् ।

६. नेपालका धर्मअनुसारको जनसङ्ख्या वितरणलाई तालिकामा देखाउनुहोस् ।

# जनसङ्ख्याको वितरण

भौगोलिक क्षेत्र, प्रदेश र जिल्लाको आधारमा जनसङ्ख्याको अवस्था कहाँ, कस्तो र कति छ भनेर उल्लेख गरिनुलाई जनसङ्ख्याको वितरण भनिन्छ । जनसङ्ख्याको वितरण भौगोलिक परिवर्तनअनुसार फरक फरक रहेको हुन्छ । जनसङ्ख्याको वितरणको तथ्याङ्कबाट सरकारलाई क्षेत्र तथा ठाएको स्थितिअनुसार योजना र कार्यक्रम बनाउन सहयोग मिल्दछ । नेपालको धरातलीय स्वरूप, हावापानी, माटो, प्राकृतिक स्रोत र साधन आदिमा विविधतायुक्त हुनाले जनसङ्ख्याको वितरण पनि असमान रहेको पाइन्छ । जुन ठाउँमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, रोजगारी लगायत अन्य सेवा सुविधा वा पूर्वाधारको बढी विकास भएको छ, त्यहाँ जनसङ्ख्याको चाप पनि बढी भएको पाइन्छ । त्यस्तै गरी जुन ठाउँमा सेवा सुविधाहरू कम छ, जनसङ्ख्याको चाप पनि कम भएको पाइन्छ । जनसङ्ख्याको वितरणको विश्लेषण भौगोलिक क्षेत्र, जिल्लागत, प्रदेशगत तथा ग्रामीण र सहरी क्षेत्रअनुसार गर्न सकिन्छ ।

### भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण

नेपाललाई धरातलीय स्वरूपको आधारमा हिमाल, पहाड तथा तराई क्षेत्रमा विभाजन गरिएको छ । यी भौगोलिक क्षेत्रहरूमा धरातलीय स्वरूप, हावापानी र उचाइ आदि आधारमा विविधता रहेको पाइन्छ । भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण तल तालिकामा देखाइएको छ ।

भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या ( प्रतिशतमा)

| क्षेत्र | जनसङ्ख्या(%) (२०६८) | जनसङ्ख्या(%) (२०७८) |
|---|---|---|
| हिमाल | ६.७३ | ६.०८ |
| पहाड | ४३.०१ | ४०.३१ |
| तराई | ५०.२७ | ५३.६१ |
| कुल | १०० | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

माथिको तालिकाबाट तराई क्षेत्रको जनसङ्ख्या प्रतिशत विगत वि.सं. २०६८ को तुलनामा २०७८ मा वृद्धि भएको देखिएको छ । तराई क्षेत्रको जनसङ्ख्या वि.सं. २०६८ मा कुल जनसङ्ख्याको ५०.२७ प्रतिशत रहेकामा २०७८ मा वृद्धि भई ५३.६१ प्रतिशत पुगेको छ । त्यस्तै हिमाली क्षेत्रमा कुल जनसङ्ख्याको ६.७३ प्रतिशत अंश रहेकोमा २०७८ मा केही कम भई ६.०८ प्रतिशत रहेको देखिन्छ । पहाडी क्षेत्रमा भने वि.सं. २०६८ मा ४३.०१ रहेकामा २०७८ मा घटेर ४०.३१ भएको देखिन्छ ।

प्रदेशअनुसार जनसङ्ख्याको वितरण

प्रदेशको विभाजन नेपालको संविधान जारी पछि विकसित प्रशासनिक ढाँचा हो । जसअनुसार देशलाई सात प्रदेशमा विभाजन गरिएको छ । प्रदेशअनुसार जनसङ्ख्याको वितरणले ती प्रदेशहरूमा रहेको जनसङ्ख्याको चापलाई देखाउँछ । प्रदेशअनुसार जनसङ्ख्याको वितरण प्रत्यक्ष रूपमा धरातलीय स्वरूप, हावापानी, स्रोत साधनको उपलब्धता आदिसँग सम्बन्धित रहेको देखिन्छ । प्रदेशअनुसार जनसङ्ख्या प्रतिशत निम्नअनुसार दिइएको छ :

| प्रदेश | जनसङ्ख्या प्रतिशत (२०६८) | जनसङ्ख्या प्रतिशत (२०७८) |
|---|---|---|
| कोसी प्रदेश | १७.१२ | १७.०१ |
| मधेस प्रदेश | २०.४० | २०.९७ |
| बागमती प्रदेश | २०.८७ | २०.९७ |
| गण्डकी प्रदेश | ९.०७ | ८.४६ |
| लुम्बिनी प्रदेश | १६.९८ | १७.५६ |
| कर्णाली प्रदेश | ५.९३ | ५.७९ |
| सुदूरपश्चिम प्रदेश | ९.६३ | ९.२४ |
| कुल | १००.०० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

राष्ट्रिय जनसङ्ख्या, २०७८ को नतिजाअनुसार प्रदेशगत रूपमा जनसङ्ख्याको वितरण हेर्दा सबैभन्दा धेरै जनसङ्ख्या बागमती प्रदेशमा र सबैभन्दा कम जनसङ्ख्या कर्णाली प्रदेशमा रहेको छ । बागमती प्रदेशमा २०.९७ र कर्णाली प्रदेशमा ५.७९ प्रतिशत जनसङ्ख्या रहेको छ । मधेस प्रदेश जनसङ्ख्याको आधारमा दोस्रो ठुलो रहेको छ र यहाँ २०.९७ प्रतिशत जनसङ्ख्या छ । यहाँ

२०६८ को जनगणनामा २०.४० प्रतिशत जनसङ्ख्या थियो । २०७८ मा जनसङ्ख्याको आकारको हिसाबले तेस्रो, चौँथो, पाँचौं र छैंटौं क्रमशः लुम्बिनी कोसी, सुदूरपश्चिम प्रदेश र गण्डकी प्रदेश रहेका छन् । २०६८ सालको जनगणनाको तुलनामा मधेस प्रदेश र लुम्बिनी प्रदेशबाहेक सबै प्रदेशको कुल जनसङ्ख्या घटेको देखिन्छ ।

जिल्लाअनुसार जनसङ्ख्याको वितरण

नेपालको वर्तमान संरचनाअनुसार ७७ ओटा जिल्ला रहेका छन् । नेपालमा जिल्लाअनुसार जनसङ्ख्या वितरणमा समानता छैन । कुनै जिल्लाको जनसङ्ख्या ज्यादै थोरै छ भने कुनै जिल्लाको जनसङ्ख्या ज्यादै धेरै छ । जिल्लाअनुसारको जनसङ्ख्या हेर्दा काठमाडौं जिल्लामा सबैभन्दा बढी जनसङ्ख्या रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या मनाङ जिल्लामा रहेको छ । यहाँ सबैभन्दा बढी जनसङ्ख्या भएका पाँच जिल्ला र सबैभन्दा कम जनसङ्ख्या भएका पाँच जिल्लाको जनसङ्ख्याको वितरण दिइएको छ ।

सबैभन्दा धेरै जनसङ्ख्या भएका पाँच जिल्ला (२०६८ र २०७८)

| जिल्ला | कुल जनसङ्ख्या (२०६८) | प्रतिशत | जिल्ला | कुल जनसङ्ख्या (२०७८) | प्रतिशत |
|---|---|---|---|---|---|
| काठमाडौं | १७,४४,२४० | ६.५८ | काठमाडौं | २०,४१,५८७ | ७.०० |
| मोरङ | ९,६५,३७० | ३.६४ | मोरङ | ११,४८,१५६ | ३.९४ |
| रूपन्देही | ८,८०,१९६ | ३.३२ | रूपन्देही | ११,२१,९५७ | ३.८ |
| झापा | ८,१२,६५० | ३.०७ | झापा | ९,९८,०५४ | ३.४२ |
| कैलाली | ७,७५,७९० | २.९३ | सुनसरी | ९,२६,९६२ | ३.१८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

माथिको तालिकामा वि.सं. २०६८ र २०७८ सालको जनगणनाअनुसार सबैभन्दा बढी जनसङ्ख्या भएका पाँचओटा जिल्लाको जनसङ्ख्या देखाइएको छ । २०६८ को जनगणनाअनुसार सबैभन्दा बढी जनसङ्ख्या भएको जिल्ला काठमाडौं हो । जनसङ्ख्याको आधारमा दोस्रो जिल्ला मोरङ हो ।

त्यसै गरी तेस्रो, चौथो र पाँचौंमा क्रमश: रूपन्देही, झापा र कैलाली रहेका छन् । त्यस्तै गरी २०७८ को जनगणनाको नतिजाअनुसार पनि सबैभन्दा बढी जनसङ्ख्या भएको जिल्ला काठमाडौँ नै रहेको छ । त्यसपछि जनसङ्ख्याका आधारमा दोस्रो ठुलो जिल्ला मोरङ नै रहेको छ । त्यस्तै गरी तेस्रो, चौथोमा पनि क्रमश: रूपन्देही र झापा नै रहेका छन् भने जनसङ्ख्याका आधारमा पाँचौं ठुलो जिल्ला भने सुनसरी रहेको देखिन्छ ।

सबैभन्दा थोरै जनसङ्ख्या भएका पाँच जिल्ला (२०६८ र २०७८)

| जिल्ला | कुल जनसङ्ख्या (२०६८) | प्रतिशत | जिल्ला | कुल जनसङ्ख्या (२०७८) | प्रतिशत |
|---|---|---|---|---|---|
| मनाङ | ६,५३८ | ०.०२ | मनाङ | ५६५८ | ०.०२ |
| मुस्ताङ | १३,४५२ | ०.०५ | मुस्ताङ | १४४५२ | ०.०५ |
| डोल्पा | ३६,७०० | ०.१४ | डोल्पा | ४२७७४ | ०.१५ |
| रसुवा | ४३,३०० | ०.१६ | रसुवा | ४६६८९ | ०.१६ |
| हुम्ला | ५०,८५८ | ०.१९ | हुम्ला | ५५३९४ | ०.१९ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

२०६८ सालको जनगणनाअनुसारमा सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला मनाङ देखिन्छ । जनसङ्ख्या कम भएको दोस्रो जिल्ला मुस्ताङ हो । त्यसै गरी डोल्पा, रसुवा, हुम्ला क्रमश: कम जनसङ्ख्या हुने तेस्रो, चौथो र पाचौँ स्थानमा रहेका जिल्ला हुन् । त्यस्तै गरी २०७८ को जनगणनाको प्रारम्भिक नतिजाअनुसार पनि सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला मनाङ नै रहेको छ । त्यसपछि जनसङ्ख्याका आधारमा दोस्रो सानो जिल्ला मुस्ताङ नै रहेको छ । त्यस्तै गरी तेस्रो, चौथोमा पनि क्रमश: डोल्पा र रसुवा नै रहेका छन् भने जनसङ्ख्याका आधारमा पाँचौं सानो जिल्ला भने हुम्ला रहेको देखिन्छ ।

ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण

वि.सं. २०७२ पछि भएको राज्यको पुनर्संरचनाअनुसार हाल देशमा ७५३ स्थानीय तहमध्ये २९३ओटा नगरपालिका र ४६० गाउँपालिका रहेका छन् । राष्ट्रिय जनसङ्ख्या, २०७८ प्रारम्भिक नतिजाअनुसार नेपाल सरकारबाट घोषित २९३ ओटा नगरपालिकामा रहेको जनसङ्ख्यालाई सहरी क्षेत्रको जनसङ्ख्या मानिएको छ । त्यस्तै ४६० गाउँपालिकामा रहेको जनसङ्ख्यालाई ग्रामीण जनसङ्ख्या भनिएको छ । वि.सं. २०६८ को जनगणनामा ५८ ओटा मात्र नगरपालिका रहेकाले सोहीअनुसार सहरी जनसङ्ख्याको विश्लेषण गरिएको छ । जनगणना २०६८ र २०७८ अनुसार ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्याको वितरण निम्नअनुसार प्रस्तुत गरिएको छ :

नेपालमा ग्रामीण तथा सहरी क्षेत्रअनुसार जनसङ्ख्या ( प्रतिशत) वितरण (२०६८ र २०७८)

| क्षेत्र | (२०६८) सङ्घीय संरचनापछि समायोजित जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या (२०७८) | प्रतिशत |
|---|---|---|---|---|
| सहरी | १,६७,४०,७३२ | ६३.१९ | १,९२,९१,०३१ | ६६.०८ |
| ग्रामीण | ९७,५३,७७२ | ३६.८१ | ९९,०१,४४९ | ३३.९२ |
| कुल | २,६४,९४,५०४ | १००.०० | २९१९२४८० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

देश सङ्घीय संरचना प्रवेश गरेपछि स्थानीय तहलाई सहरी र ग्रामीण क्षेत्रअनुसार वर्गीकरण गरी २०६८ सालको जनसङ्ख्यालाई समायोजन गर्दा सहरी जनसङ्ख्या ६३.१९ प्रतिशत र ग्रामीण जनसङ्ख्या ३६.८१ प्रतिशत पुगेको छ । त्यस्तै गरी २०७८ को जनगणनाअनुसार सहरी जनसङ्ख्या ६६.०८ प्रतिशत र ग्रामीण जनसङ्ख्या ३३.९२ प्रतिशत पुगेको छ ।

*क्रियाकलाप*

१. प्रदेशअनुसार जनसङ्ख्या वितरणको अवस्था अध्ययनको आधारमा स्तम्भ चित्रमा देखाउनुहोस् ।

२. वि.सं. २०६८ को जनगणनाभन्दा वि.सं. २०७८ को जनगणनामा सहरी जनसङ्ख्याको प्रतिशत बढ्दै जानुका कारणहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको प्रतिशतलाई स्तम्भचित्र वा चक्रचित्रमा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. जनसङ्ख्याको वितरण भनेको के हो ?

२. देशको कुल जनसङ्ख्यालाई जनसङ्ख्याको वितरणको आधारमा कति भागमा वर्गीकरण गरिएको छ ? उल्लेख गर्नुहोस् ।

३. भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण भन्नाले के बुझिन्छ ? भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरणको के महत्व रहेको छ ?

४. भौगोलिक क्षेत्रअनुसार र प्रदेशअनुसार जनसङ्ख्याको वितरण हेर्दा समान नहुनाका कारण के के होलान् ? चर्चा गर्नुहोस् ।

पाठ ४

# पारिवारिक योजना र गुणस्तरीय जीवन

## पारिवारिक योजनाको परिचय

पारिवारिक योजना र गुणस्तरीय जीवन जनसङ्ख्या शिक्षाका मुख्य विषयहरू मानिन्छ । जनसङ्ख्या शिक्षाको मुख्य उद्देश्य योजनाबद्ध रूपमा पारिवारिक जीवन सञ्चालन गर्न उत्प्रेरित गरी हरेक नागरिकको जीवन गुणस्तरीय बनाउनुपनि हो । पारिवारिक योजना भनेको भावी पारिवारिक जीवनलाई स्वस्थ र व्यवस्थित बनाइराख्नका लागि अपनाइने एउटा रणनीति हो ।

आय र विविध स्रोतहरूको उचित व्यवस्थापन तथा परिचालन गरेर परिवारका सदस्यलाई सुखी जीवनयापन गराउने योजनालाई पारिवारिक योजना भनिन्छ । पारिवारिक योजनामार्फत परिवारका सदस्यबिचको सुमधुर सम्बन्ध, उपलब्ध स्रोत साधन र जनसङ्ख्याबिच सन्तुलन कायम गर्न प्रयत्न गरिन्छ र जसले गर्दा स्वस्थ, सुखी र गुणस्तरीय जीवन यापनमा सहयोग पुग्छ । पारिवारिक योजनालाई गर्भ नियन्त्रण र परिवार नियोजनका स्थायी तथा अस्थायी साधनको प्रयोगलाई मान्ने गरिएको पाइन्छ तर पारिवारिक योजनाअन्तर्गत अरु विभिन्न कार्यपनि पर्छन् । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- घर परिवार सञ्चालनका लागि आर्थिक स्रोतहरू जुटाउने
- उपलब्ध स्रोत तथा साधनको प्रभावकारी परिचालन गर्ने
- परिवार नियोजनका स्थायी तथा अस्थायी साधन तथा प्रविधिको प्रयोग
- आफ्नो हैसियतअनुसार बच्चा जन्माउने र उचित जन्मान्तर कायम गर्ने
- सामाजिक परिवेशमा समायोजन गर्ने
- परिवारको आकार उचित बनाउने
- बालबच्चाको हेरचाह तथा शिक्षाको व्यवस्थापन

पारिवारिक योजनाको महत्त्व

मानिसको जीवनको सुरुआत विभिन्न चरणबाट अघि बढेको हुन्छ । हाम्रो जीवनको सुरुआत आमाको गर्भको भ्रूण अवस्थाबाट बिस्तारै विकसित भई क्रमस : शिशु, बालक, किशोर, युवा, प्रौढ

अवस्था, वृद्ध अवस्था हुँदै मृत्युसम्म पुगेर समाप्त हुन्छ । मानव जीवनका यी विभिन्न चरणहरूमा आवश्यकता पर्ने विभिन्न कुराहरूको उपयुक्त व्यवस्थापन कसरी गर्ने भन्ने कुराको ज्ञान सबैमा हुनु आवश्यक छ । यिनै ज्ञान, सिप र क्षमताको उचित उपयोग गरेर हाम्रो पारिवारिक जीवनलाई सुखमय बनाउने कार्यको थादनि गर्नुपर्छ । यसरी पारिवारिक जीवनमा प्रवेश गर्नुपहिला नै सही किसिमको योजना बनाई सोहीअनुरूप पारिवारिक जीवन सञ्चालन गर्नुपर्छ जुन कुरा पारिवारिक योजना हो । पारिवारिक योजनाले परिवारलाई सुख समृद्धि प्राप्त हुनुका साथै समाज विकासमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ । त्यसेले पारिवारिक योजनाका महत्वलाई यसप्रकार यसप्रकार उल्लेख गर्न सकिन्छ ।

१. परिवारका सदस्यहरूबिचमा सुमधुर सम्बन्ध कायम गर्ने

२. परिवारका सङ्ख्या तथा आर्थिक स्रोतहरूबिच समन्वय कायम गर्न मदत गर्ने

३. अनावश्यक खर्च घटाउन, मितव्ययी बन्न र उद्यमशील बन्न प्रेरणा प्रदान गर्ने

४. स्तनपानलाई प्रोत्साहन दिई आमा तथा शिशुको स्वास्थ्य सुरक्षा गर्ने

५. व्यक्ति तथा परिवारको स्वास्थ्य तथा जीवनस्तर उकास्ने

६. सुखी र आरामदायी परिवार बनाउनमा सहयोग पुऱ्याई गुणस्तरीय जीवनयापनमा मदत पुऱ्याउने

७. आवश्यकताअनुसार मात्र बच्चा जन्माउन र उचित जन्मान्तर कायम राख्न प्रेरणा प्रदान गर्ने

८. जनसङ्ख्या वृद्धि नियन्त्रणका लागि अनुकूल वातावरण सिर्जना गर्ने

९. स्तरयुक्त परिवार योजनासम्बन्धी सेवा तथा सुविधा उपलब्ध गराउने

१०. नवदम्पत्ती तथा आमाबाबुलाई आफ्नो दायित्व सफल र प्रभावकारी ढङ्गले निर्वाह गर्न सक्ने बनाउने

**गुणस्तरीय जीवन**

सेवा सुविधा तथा सुख शान्तिको जीवनलाई नै गुणस्तरीय जीवन भनिन्छ । त्यसैले यो पारिवारिक आवश्यकता पूरा भएको अवस्था हो । शिक्षा, स्वास्थ्य, दीर्घजीवन, रोजगारी जस्ता कुराहरू

गुणस्तरीय जीवनसँग सम्बन्धित कुरा हुन् । जीवन निर्वाहका लागि प्रयाप्त आम्दानी, उपयुक्त वातावरण, सुरक्षा, कुपोषणबाट बच्ने तथा आधारभूत कुरा पनि आवश्यक पर्छ । गुणस्तरीय जीवन कायम गर्ने मुख्य उपाय यसप्रकार छन् :

**१. स्वास्थ्य सेवाको उपलब्धता**

स्वास्थ्य सेवा गुणस्तरीय जीवनयापनको मुख्य आवश्यकता हो । त्यसैले व्यक्तिगत तथा पारिवारिक स्वास्थ्यको अवस्थामा सुधार गर्नुपर्छ । व्यक्ति र परिवारका सदस्य स्वस्थ भएमा समाज तथा देशका लागि योगदान दिन सक्छन् । त्यसैले स्वास्थ्य सेवाको उपलब्धताले गुणस्तरीय जीवन कायम गर्न सघाउँछ । स्वस्थ्य रहनका लागि स्वास्थ्यसम्बन्धी जानकारी, सरसफाई, विभिन्न रोग विरुद्ध खोप तथा उपचार र स्वास्थ्य परीक्षण कुराहरूमा ध्यान दिनुपर्छ ।

**२. शिक्षा**

शिक्षा भनेको ज्ञानको मुहान हो । शिक्षाले मानिसलाई विवेकशील र जवाफदेही बनाउँछ । शिक्षाले समाज, परिवार, राष्ट्रप्रति हेर्ने सकारात्मक दृष्टिकोणले गर्दा मानिसले रोजगारीका अवसर प्राप्त गर्छन् । रोजगारीले आम्दानी बढ्छ । आम्दानी बढेपछि आधारभूत आवश्यकता सजिलै पूरा गर्न सकिन्छ । जसको कारणले गुणस्तरीय जीवनयापन गर्न सकिन्छ ।

**३. सन्तुलित र पोषणयुक्त भोजन**

हामीले खाने खानेकुरा सन्तुलित वा पोषणयुक्त भएमा गुणस्तरीय जीवन कायम गर्न सकिन्छ । सन्तुलित खानाबाट हामीले प्रर्याप्त पोषण प्राप्त गर्छौं । जसले व्यक्तिको मानसिक, शारीरिक, बौद्धिक विकासमा मद्दत पुग्छ । यदि खाना सन्तुलित भएन भने प्रर्याप्त पोषण तत्त्व पाइँदैन । हामी कुपोषणले ग्रस्त हुन्छौं । त्यसैले सन्तुलित र पोषणयुक्त खानाले हामी गुणस्तरीय जीवनयापन गर्न सक्छौं ।

**४. रोजगारी**

रोजगारी भनेको आय आर्जन गर्ने काम हो । आय आर्जन गर्ने कामले परिवारको आम्दानी बढ्छ । आम्दानी बढ्यो भने आवश्यकता पूरा गर्न सकिन्छ । यसरी परिवारका सदस्यको आम्दानीले परिवार सुखी र समृद्ध हुन्छ । जसले गर्दा गुणस्तरीय जीवनयापन गर्न सघाउँछ ।

## ५. सानो परिवार

सानो परिवार सुखी परिवार हुन्छ । त्यसैले परिवारको आकार जति सानो भयो त्यति नै त्यो परिवार गुणस्तरीय हुन्छ । परिवारका आधारभूत आवश्यकताहरू सजिलै पूर्ति हुन्छन् । यसरी परिवारको आकार सानो हुँदा जनसङ्ख्याको व्यवस्थापन भइ गुणस्तरीय जीवनयापन गर्न सकिन्छ ।

## ६. प्रजनन तथा यौन शिक्षा

प्रजनन बच्चा जन्माउने क्षमतासँग सम्बन्धित छ । त्यसैले प्रजनन स्वास्थ्यले प्रजननसम्बन्धी सङ्क्रमण र यौन शिक्षाले यौनजन्य सङ्क्रमणबारे थाहा पाउन सकिन्छ । जसले गर्दा सुखी जीवनयापनमा सहयोग पुग्छ । त्यसै गरी मानसिक तनाव नियन्त्रण हुन्छ । हामीले पारिवारिक जीवन निर्वाह गर्ने ज्ञान सिप पनि हाँसिल गर्न सक्छौँ । यी सबै कुराको ज्ञानले गुणस्तरीय जीवनयापनमा सघाउ पुऱ्याउँछ ।

## ७. आवास र सञ्चारको सुविधा

गुणस्तरीय जीवनयापनका लागि उपयुक्त बसोबास हुनुपर्छ । बसोबास भन्नाले बस्ने घरको वातावरण पनि हो । आवासको उपयुक्त अवस्था भएमा गुणस्तरीय जीवनयापन गर्न सकिन्छ । त्यसै गरी सञ्चारको अवस्था पनि अर्को उपाय हो । मानिसले आवश्यक परेको बेला सञ्चार सम्बन्ध स्थापना गर्ने अवस्था हुनुपर्छ । फोहोरको उचित व्यवस्थापन, वातावरणीय सन्तुलन कायम गर्ने र सिपको क्षमता विकास गर्ने उपाय मार्फत पनि गुणस्तरीय जीवन निर्वाह गर्न सकिन्छ ।

### *क्रियाकलाप*

**१. तपाईंले आफ्नो परिवार र आफ्नो समुदायका जनताको जीवन गुणस्तरीय बनाउन के कस्ता ठोस कदम र रचनात्मक कार्य गर्न सक्नुहुन्छ ? सूची बनाउनुहोस् ।**

**२. सहरमा व्यस्त जीवन बिताइरहनुभएकी तपाईंको दिदीलाई पारीवारिक योजना बनाई आफ्नो जीवनलाई गुणस्तरीय बनाउन सल्लाह सुझाव दिँदै चिठी लेख्नुहोस् ।**

**३. आफ्नो समुदायमा पारिवारिक योजनाको महत्व सम्बन्धमा जनचेतना जगाउनका लागि पोस्टर तयार गर्नुहोस् ।**

## अभ्यास

**१. पारीवारिक योजनाको परिचय दिई यसका महत्त्व उल्लेख गर्नुहोस् ।**

**२. पारिवारिक योजनाअन्तर्गत गर्नुपर्ने कार्यको सूची बनाउनुहोस् ।**

३. गुणस्तरीय जीवनका मुख्य आयाम के के हुन् ?

४. शिक्षा र रोजगारीले गुणस्तरीय जीवनयापनका लागि खेल्ने भूमिकाबारे लेख्नुहोस् ।

५. तपाईंको परिवारको आकार गुणस्तरीय जीवनका लागि उपयुक्त छ कि छैन ? लेख्नुहोस् ।

६. गुणस्तरीय जीवनयापनमा प्रजनन स्वास्थ्य र यौन शिक्षाको महत्त्व लेख्नुहोस् ।

पाठ ५

# जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध

जनसङ्ख्या र वातावरण एकअर्कामा अन्तरसम्बन्धित छन् । वातावरणको विनाश कि विकास दुवै मानिसकै हातमा रहेको हुन्छ । जनसङ्ख्या भनेको कुनै पनि ठाउँमा बसोबास गर्ने मानिसको जम्मा सङ्ख्या हो । त्यस्तै पृथ्वीको चारैतिर फैलिएको हावा, पानी वा अन्य पक्ष जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हाम्रो वरपरको अवस्थालाई प्रभाव पार्छ, त्यसैलाई नै वातावरण भनिन्छ । वातावरण एक बृहत् पक्ष हो । मानिस वातावरणको एउटा अङ्ग हो । जसले वातावरणमा भएका विभिन्न तत्त्वको आधारमा विकास निर्माण कार्य सञ्चालन गर्छ । मानिसका लागि आवश्यक पर्ने स्वच्छ हावा, शुद्ध पानी, खाना आदि वातावरणबाट प्राप्त हुन्छ र उक्त वातारणमा मानिस सजिलै हुर्कन, बढ्न र आफ्ना आवश्यकताहरू पूरा गर्न सक्छ । ल हेर्नुस् त कुनै पनि ठाउँमा बसोबास गर्ने जनसङ्ख्याले चाहने हो भने र प्रयत्न गर्ने हो भने त्यो ठाएको वातावरण संरक्षण गर्ने, नाङ्गो जमिनमा वृक्षरोपण गर्ने र स्वच्छ सफा र हराभरा बनाउन सक्छ । फेरी त्यही जनसङ्ख्याको लापर्वाहिले गर्दा वायु प्रदूषण, ध्वनि प्रदूषण, जलसम्पदा प्रदूषण हुन्छ । यसरी वातावरण प्रदूषण बढ्दै जाँदा सम्पूर्ण जीव जगत्मा विभिन्न किसिमका समस्याहरू पनि उत्पन्न हुन्छन् ।

उद्योगधन्दा कलकारखानाको कारणले वातावरण प्रदूषण भएको देखिन्छ । वनजङ्गल जथाभावी काटेर नाङ्गो जमिन देखिएको छ । फेरि खोला नदीमा बाढी पहिरो गएको देखिन्छ । वातावरण परिवर्तनका मुख्य तीन कारण भनेका जनसङ्ख्या वृद्धि, प्राकृतिक स्रोतको बढी प्रयोग र सहरीकरण हुन् । प्राकृतिक वातावरणमा परिवर्तन आउनुमा यी तीन तत्त्व नै बढी जिम्मेवार देखिन्छन् । जनसङ्ख्या बढ्दै जाँदा त्यसको प्रत्यक्ष भार र असर वातावरणमा पर्छ । मानिसले पृथ्वीमा भएको पानी, जमिन, वनजङ्गल आदिको उचित मात्र होइन कि बढी मात्रा र जथाभावी प्रयोग पनि गर्न थाल्छ । त्यसबाट हावापानी दूषित हुन्छन् । वातावरणमा प्रदूषण बढ्दै जान्छ । जथाभावी वनजङ्गल फँडानी हुन्छ । उब्जाउ योग्य जमिनको गलत प्रयोगले उर्वराशक्ति नष्ट हुँदै जान्छ । बाढी पहिरो, भूक्षय जस्ता वातावरणीय समस्या बढ्दै जान्छन् । त्यति मात्र नभएर रोग तथा महामारी पनि फैलँदै जान्छ । जसबाट प्राणी जगतलाई बाँच्न कठिन हुन्छ । त्यसैले जुनसुकै देशमा पनि वातावरण र जनसङ्ख्याबिचमा सन्तुलन कायम हुनु आवश्यक छ ।

वातावरणीय समस्या समाधानका लागि विभिन्न उपाय अपनाउन सकिन्छ :

- वातावरणको विनास मानिसले नै गरेका कारणले वातावरणको संरक्षणमा पनि मानिस नै सचेत हुनुपर्छ ।
- जनसङ्ख्या व्यवस्थापनमा विशेष ध्यान दिइनुपर्छ ।
- वातावरण विनाश तथा उच्च प्रदूषणबाट पुग्ने असरको बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- वायु प्रदूषण नियन्त्रणका लागि वनजङ्गल फँडानी नगर्ने र खाली जमिनमा वृक्षरोपण गर्ने
- उद्योगधन्दा कलकारखानाहरू मानव बस्तीबाट टाढा राख्ने
- व्यवस्थित सहरीकरणको विकास गर्ने
- खाली जमिनमा वृक्षरोपण गर्ने, खोला, नदी जस्ता जल सम्पदामा जथाभावी फोहोर फाल्ने

## सामुदायिक स्वास्थ्य सेवा

समुदायका लागि समुदायकै व्यक्तिद्वारा समुदायमा विद्यमान स्वास्थ्य समस्या पहिचान गरी त्यसको समाधान गर्न र व्यक्तिगत तथा वातावरणीय स्वास्थ्यमा सुधार ल्याउन गरिने क्रियाकलाप नै सामुदायिक स्वास्थ्य हो । सामुदायिक स्वास्थ्य सुधार व्यक्ति, परिवार, समुदाय र राष्ट्रको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ । स्वास्थ्य सेवालाई जनताको घरदैलोसम्म पुऱ्याउन सकेमात्र सामुदायिक स्वास्थ्यमा सुधार हुने सक्छ । त्यसैले यही अपेक्षाअनुरूप विश्व स्वास्थ्य सङ्गठनले प्राथमिक स्वास्थ्य सेवाको अवधारणालाई अगाडि ल्याएको हो । नेपालले पनि उक्त कार्यक्रमलाई मनन गरेर राष्ट्रिय कार्यक्रममा स्वास्थ्य नीतिकै रूपमा अबलम्बन गरेको छ । सुरु सुरुमा सामुदायिक स्वास्थ्य शिक्षामा केबल सरसफाइलाई मात्र जोड दिइन्थ्यो । बिस्तारै यसको कार्य क्षेत्रमा विस्तार भई निरोधात्मक, उपचारात्मक, सम्वर्धनात्मक र पुन: स्थापनात्मक स्वास्थ्य सेवालाई समेट्न थालेको पाइन्छ ।

## सामुदायिक स्वास्थ्य सेवाको महत्त्व

जबसम्म व्यक्ति, परिवार, समाज र राष्ट्रको सामूहिक प्रयासबिना सामुदायिक स्वास्थ्यमा सुधार ल्याउन कठिन छ । त्यसैले हाल राज्य,स्वास्थ्य विज्ञ र चिकित्सिकको ध्यान पनि यसै तर्फ बढी केन्द्रित भएको छ । समुदायमा स्वस्थ वातावरण सिर्जना गर्नका लागि सामुदायिक स्वास्थ्य सेवा

महत्वपूर्ण मानिन्छ । समुदायको वातावरण स्वस्थ भएन भने त्यहाँ विभिन्न किसिमका महामारी तथा रोग लाग्न सक्छन् । त्यसैले समुदायको वातावारण सफा राख्नुपर्छ । त्यसका लागि कुनै व्यक्तिको प्रयासबाट मात्र सम्भव नहुने हुनाले समुदायमा नै जनचेतना विकास गरेर वातावरण सफा गर्ने अभियान चलाउनुपर्छ । यो कार्य सामुदायिक स्वास्थ्यको माध्यमबाट सम्भव हुन्छ । देश विकासका लागि स्वस्थ जनशक्तिको आवश्यकता पर्छ । आफू स्वस्थ बन्नका लागि व्यक्तिले सामुदायिक स्वास्थ्यको मर्म बुझेर सोहीबमोजिमको व्यवहार अपनाउनुपर्छ । यस किसिमको भावना सामुदायिक स्वास्थ्यको अध्ययनबाट मात्रै विकसित गर्न सकिन्छ । सामुदायिक स्वास्थ्यको अध्ययनबाट व्यक्तिमा आफ्नो स्वास्थ्यप्रति सचेतना अपनाई देशको कुना कुनासम्म पनि स्वास्थ्य सेवा पुर्‍याउन सक्षम हुन्छ । उसमा योजना बनाई जनताको घरदैलामा स्वास्थ्य सेवा पुर्‍याउन सक्ने ज्ञान र सिप प्राप्त हुन्छ । सामुदायिक स्वास्थ्यको अध्ययनबाट समुदायको स्वास्थ्य सम्बन्धि समस्या व्यक्तिको एकल प्रयासले मात्र सुल्झाउन नसकिने कुरा व्यक्तिले राम्रोसँग बुझ्छ । समुदायको सक्रियतामा उक्त समस्या समाधान हुन सक्यो भने समुदायका समाजसेवी पनि यस्ता कार्यमा लाग्न प्रेरित हुन्छन् । समुदायका समाजसेवी तथा सदस्य मिलेर स्वास्थ्य सिविर चलाउने, क्लिनिक सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्ने, प्रौढ कक्षाको सञ्चालन, वृद्धाश्रम खोल्ने आदि कार्य गरेको पाइन्छ ।

### *क्रियाकलाप*

१. तपाईंको समुदायको वातावरण संरक्षणका लागि समुदायका मानिसले गरेका कार्य खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको समुदायमा वा विद्यालय नजिकै नि:शुल्क स्वास्थ्य सिविर सञ्चालन हुने स्वास्थ्य सिविरको अवलोकन गरी रिपोर्ट बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. समुदायमा वा विद्यालयमा सामुदायिक स्वास्थ्य सेवाका लागि योजना बनाएर सामुदायिक स्वास्थ्य सेवा शिविर सञ्चालन गर्नुहोस् ।

## अभ्यास

१. जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्धको व्याख्या गर्नुहोस् ।

२. जनसङ्ख्या वृद्धिका कारणले कसरी वातावरण प्रदूषण हुन्छ ? कारण प्रस्तुत गर्नुहोस् ।

३. वातावरण संरक्षणका उपाय उल्लेख गर्नुहोस् ।

पाठ ६

# समुदाय र स्वास्थ्य सेवा

समुदायका व्यक्तिहरूले समुदायका लागि समुदायमा रहेका स्वास्थ्य समस्या पहिचान गरी तिनको समाधान गर्न, व्यक्तिगत तथा वातावरणीय स्वास्थ्यमा सुधार ल्याउन गरिने क्रियाकलापलाई सामुदायिक स्वास्थ्य भनिन्छ। यसको मूलभूत उद्देश्य समुदायको स्वास्थ्यस्तर माथि उकास्नु हो। व्यक्तिले आफ्नो स्वास्थ्य सुधार गर्न व्यक्तिगत प्रयासबाट मात्र सम्भव नहुने हुनाले सामुदायिक स्वास्थ्यको अवधारणा अगाडि ल्याइएको हो। त्यसैले समुदायको स्वास्थ्य सुधार गर्न व्यक्ति, परिवार, समुदाय एवम् राष्ट्र सबैको संयुक्त प्रयास हुनुपर्छ।

सामुदायिक स्वास्थ्यका क्षेत्र

- समुदायमा वितरण हुने खाद्य पदार्थको निरीक्षण
- सरुवा एवम् महामारीको नियन्त्रण र रोकथाम
- दुर्घटना तथा चोटपटकको रोकथाम
- कुपोषणको रोकथाम
- स्वास्थ्य शिक्षा तथा खोप कार्यक्रम
- वातावरणीय स्वास्थ तथा सरसफाइ
- विपत् व्यवस्थापनको तयारी

सामुदायिक स्वास्थ्य सेवाको महत्त्व

व्यक्तिले आफ्नो स्वास्थ्य लाभ गर्ने व्यक्तिगत प्रयासबाट मात्र सम्भव नहुन सक्छ। यस तथ्यलाई अङ्गीकार गरी सामुदायिक स्वास्थ्यको अवधारणा आएको हो। जबसम्म व्यक्ति, परिवार, समाज र राष्ट्रको सामूहिक प्रयास हुँदैन तबसम्म सामुदायिक स्वास्थ्यमा सुधार हुन कठिन हुन्छ। त्यसैले हाल स्वास्थ्य विज्ञ र चिकित्सकको ध्यान पनि यसैतर्फ बढी केन्द्रित भएको देखिन्छ। समुदायमा स्वस्थ वातावरण सिर्जना गर्नका लागि सामुदायिक स्वास्थ्य सेवा महत्त्वपूर्ण मानिन्छ। समुदायको याताबरण स्वस्थ भएन भने त्यहाँ विभिन्न किसिमका महामारी तया रोग लाग्न सक्छन्। सामुदायिक स्वास्थ्य सेवाले समुदायको वातावरण सफा राख्न सहयोग पुऱ्याउँछ। त्यसका लाग

समुदायमा नै जनचेतना विकास गरेर वातावरण सफा गर्ने अभियान चलाउनुपर्छ । देश विकासका लागि स्वस्थ जनशक्तिको आवश्यकता पर्छ । आफू स्वस्थ बन्नका लागि व्यक्तिले सामुदायिक स्वास्थ्यको मर्म बुझेर सोहीबमोजिमको व्यवहार अपनाउनुपर्छ । यस किसिमको भावना सामुदायिक स्वास्थ्यको अध्ययनबाट मात्रै विकसित गर्न सकिन्छ । सामुदायिक स्वास्थ्यको अध्ययनबाट व्यक्तिमा आफ्नो स्वास्थ्यप्रति सचेतना अपनाई देशको कुना कुनासम्म पनि स्वास्थ्य सेवा पुऱ्याउन सक्षम हुन्छ । यसले योजना बनाई जनताको घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउन सहयोग पुऱ्याउँछ । सामुदायिक स्वास्थ्यको अध्ययनबाट समुदायको स्वास्थ्यसम्बन्धी समस्या व्यक्तिको एकल प्रयासले मात्र सुल्झाउन नसकिने कुरा व्यक्तिले राम्रोसँग बुझ्छ । समुदायको सक्रियतामा उक्त सामुदायिक स्वास्थ्य समस्या समाधानमा सहयोग पुऱ्याउँछ । समुदायका समाजसेवी तथा सदस्य मिलेर स्वास्थ्य शिविर चलाउने, क्लिनिक सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्ने लगायतका कार्यमा सहयोग पुऱ्याउँछ ।

सामुदायिक स्वास्थ्य समस्या समाधानमा व्यक्ति, परिवार र समुदायको भूमिका

(क) व्यक्तिको भूमिका

- सन्तुलित भोजन गर्ने, सुर्ती सेवन, मदिरा सेवनजस्ता बानी हटाउने तथा अरूलाई पनि हटाउन सल्लाह सुझाव दिने
- नियमित शारीरिक व्यायाम गर्ने, खेलकुदमा संलग्न हुने
- समय समयमा स्वास्थ्य परीक्षण गराउने, स्वास्थ्यसम्बन्धी आफूले जानेका कुरा अरूलाई सिकाउने र अरूले जानेका कुरा आफूले सिक्ने

(ख) परिवारको भूमिका

- परिवार पहिलो पाठशाला भएकाले परिवारको खानपिनमा सुधार ल्याउने, बालबच्चालाई स्वास्थ्यसम्बन्धी राम्रो बानीबेहोरा सिकाउने
- स्वास्थ्य शिक्षाबारे परिवार एवम् समुदायमा जनचेतना बढाउने
- सामुदायिक स्वास्थ्यमा महिला सहभागिता बढाउन घरपरिवारबाट महिलालाई अनुकूल वातावरण तयार गरिदिने

- गाउँ, घर, बस्ती, टोलको सरसफाइ गर्न परिवारका सबै सदस्य क्रियाशील हुने, सहयोग गर्ने

(ग) समुदायको भूमिका

- व्यक्ति र परिवारले गर्न नसक्ने काम समुदाय मिलेर गर्ने, जस्तै : खानेपानी आपूर्ति, ढलनिकास, सार्वजनिक सरसफाइ, वृद्धाश्रम, खेलकुद मैदान, पार्क, सार्वजनिक चर्पी आदिको निर्माण गर्ने
- फोहोरमैला व्यवस्थापनमा सहयोगी एवम् समन्वयात्मक भूमिका निर्वाह गर्ने, द्वन्द्व, झगडा नगर्ने,
- सामुदायिक अस्पतालको स्थापना गर्ने

नेपालको समुदायमा देखिएका प्रमुख सामुदायिक स्वास्थ्य समस्या

भौगोलिक कठिनाइ, जनचेतनाको अभाव, औषधीको अभाव, स्वास्थ्यकर्मीको अभाव आदि जस्ता कारणले नेपालको सामुदायिक स्वास्थ्य विभिन्न समस्याबाट ग्रसित छ। हिमाल, पहाड, तराई सबैमा स्वास्थ्य समस्या छन्। सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी सामुदायिक स्वास्थ्य समस्या देखिएका छन्। समग्रमा नेपालका प्रमुख सामुदायिक स्वास्थ्य समस्याहरू निम्नलिखित छन् :

- विविधखालका सरुवा रागको प्रकोप हुनु
- शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर उच्च हुनु
- सन्तुलित भोजनबारे जानकारी नहुनु
- कुपोषण बढ्दै जानु
- जीवनशैली अस्वस्थकर हुनु
- स्वास्थ्य सेवाको कमी हुनु
- स्वास्थ्य शिक्षाको कमी हुनु
- ग्रामीण बस्तीहरूमा स्वास्थ्यसम्बन्धी दक्ष जनशक्तिको अभाव हुनु
- धूमपान, मद्यपान एवम् लागूपदार्थ सेवन गर्नेको सया बढ्दै जानु
- समग्र स्वास्थ्य सेवा महँगो हुनु, गरिबको पहुँचमा सर्वसुलभ हुन नसक्नु

- झाडापखाला, हैजा, आउँ, जुका आदिको प्रकोप हुनु
- शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर उच्च हुनु
- सन्तुलित भोजनबारे जानकारी नहुनु
- कुपोषण बढ्दै जानु
- जीवनशैली अस्वस्थकर हुनु
- स्वास्थ्य सेवाको कमी हुनु
- स्वास्थ्य शिक्षाको कमी हुनु
- ग्रामीण बस्तीहरूमा स्वास्थ्यसम्बन्धी दक्ष जनशक्तिको अभाव हुनु
- धूमपान, मद्यपान एवम् लागूपदार्थको सेवन गर्नेको सङ्ख्या बढ्दै जानु
- समग्र स्वास्थ्य सेवा महँगो हुनु, गरिबको पहुँचमा सर्वसुलभ हुन नसक्नु

सामुदायिक स्वास्थ्य सेवाको महत्त्व

जबसम्म व्यक्ति, परिवार, समाज र राष्ट्रको सामूहिक बिना सामुदायिक स्वास्थ्यमा सुधार ल्याउन कठिन छ । त्यसैले हाल राज्य,स्वास्थ्य विज्ञ र चिकित्सकको ध्यान पनि यसैतर्फ बढी केन्द्रित भएको छ । समुदायमा स्वस्थ वातावरण सिर्जना गर्नका लागि सामुदायिक स्वास्थ्य सेवा महत्त्वपूर्ण मानिन्छ । समुदायको वातावरण स्वस्थ भएन भने त्यहाँ विभिन्न किसिमका महामारी तथा रोग लाग्न सक्छन् । त्यसैले समुदायको वातावारण सफा राख्नुपर्छ । त्यसका लागि कुनै व्यक्तिको प्रयासबाट मात्र सम्भव नहुने हुनाले समुदायमा नै जनचेतना विकास गरेर वातावरण सफा गर्ने अभियान चलाउनुपर्छ । यो कार्य सामुदायिक स्वास्थ्यको माध्यमबाट सम्भव हुन्छ । देश विकासका लागि स्वस्थ जनशक्तिको आवश्यकता पर्छ । आफू स्वस्थ बन्नका लागि व्यक्तिले सामुदायिक स्वास्थ्यको मर्म बुझेर सोहिबमोजिमको व्यवहार अपनाउनुपर्छ । यस किसिमको भावना सामुदायिक स्वास्थ्यको अध्ययनबाट मात्रै विकसित गर्न सकिन्छ । सामुदायिक स्वास्थ्यको अध्ययनबाट व्यक्तिमा आफ्नो स्वास्थ्यप्रति सचेतना अपनाई देशको कुना कुनासम्म पनि स्वास्थ्य सेवा पुऱ्याउन सक्षम हुन्छ । उसमा योजना बनाई जनताको घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउन सक्ने ज्ञान र सिप प्राप्त हुन्छ । सामुदायिक स्वास्थ्यको अध्ययनबाट समुदायको स्वास्थ्यसम्बन्धी समस्या व्यक्तिको एकल प्रयासले मात्र सुल्झाउन नसकिने कुरा व्यक्तिले राम्रोसँग बुझ्छ । समुदायको सक्रियतामा उक्त समस्या समाधान हुन सक्यो भने समुदायका समाजसेवी पनि यस्ता

कार्यमा लाग्न प्रेरित हुन्छन् । समुदायका समाजसेवी तथा सदस्य मिलेर स्वास्थ्य सिविर चलाउने, क्लिनिक सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्ने, प्रौढ कक्षाको सञ्चालन, वृद्धाश्रम खोल्ने आदि कार्य गरेको पाइन्छ ।

समुदायका लागि समुदायकै व्यक्तिद्वारा समुदायमा विद्यमान स्वास्थ्य समस्या पहिचान गरी त्यसको समाधान गर्न र व्यक्तिगत तथा वातावरणीय स्वास्थ्यमा सुधार ल्याउन गरिने क्रियाकलाप नै सामुदायिक स्वास्थ्य हो । सामुदायिक स्वास्थ्य सुधार व्यक्ति, परिवार, समुदाय र राष्ट्रको संयुक्त प्रयास बाट मात्र सम्भव हुन्छ । स्वास्थ्य सेवालाई जनताको घरदैलोसम्म पुर्‍याउन सकेमात्र सामुदायिक स्वास्थ्यमा सुधार हुने  सक्छ । त्यसैले यही अपेक्षाअनुरूप विश्व स्वास्थ्य सङ्गठनले प्राथमिक स्वास्थ्य सेवाको अवधारणालाई अगाडि ल्याएको हो । नेपालले पनि उक्त कार्यक्रमलाई मनन गरेर राष्ट्रिय कार्यक्रममा स्वास्थ्य नीतिकै रूपमा अबलम्बन गरेको छ । सुरु सुरुमा सामुदायिक स्वास्थ्य शिक्षामा केबल सरसफाइलाई मात्र जोड दिइन्थ्यो । तर बिस्तारै यसको कार्य क्षेत्रमा विस्तार भई निरोधात्मक, उपचारात्मक, सम्वर्धनात्मक र पुनः स्थापनात्मक स्वास्थ्य सेवालाई समेट्न थालेको पाइन्छ ।

*क्रियाकलाप*

१. तपाईंको समुदाय वा विद्यालय नजिकै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुन सक्छ । उक्त स्वास्थ्य शिविरको अवलोकन गरी प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको समुदायमा सञ्चालित विभिन्न सामुदायिक स्वास्थ्य गतिविधिमा तपाईं सहभागी हुँदाको अनुभवलाई समेटी मनोवाद तयार पार्नुहोस् ।

३. कक्षामा सबै विद्यार्थी मिलेर आफ्नो समुदाय वा विद्यालयमा सामुदायिक स्वास्थ्य सेवाका लागि योजना बनाउनुहोस् र सामुदायिक स्वास्थ्य सेवा सञ्चालनका लागि सम्बन्धित निकायमा पहल गर्नुहोस् ।

## अभ्यास

१. सामुदायिक स्वास्थ्य परिचय दिएर यसको महत्त्व उल्लेख गर्नुहोस् ।

२. स्वास्थ्य समस्या समाधानका लागि सामुदायिक स्वास्थ्यले निर्वाह गर्न भूमिकाको चर्चा गर्नुहोस् ।